संग्रह–१२

# बुद्धकालीन ब्राह्मण

आचार्य

**भिक्षु अमृतानन्द**

Dhamma.Digital

भारु. १२/- नेरु. १५/-

Downloaded from http://www.dhamma.digital

प्रकाशकः
"आनन्दकुटी विहारगुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी, स्वयम्भू,
काठमाडौं, नेपाल ।
फो. नं. १४४२०

( सर्वाधिकार सुरक्षित )

बुद्धाब्दः २५२१

प्रथमावृत्ति १०००

मुद्रकः
नेपाल प्रेस
काठमाडौं, नेपाल ।

Downloaded from http://www.dhamma.digital

श्री ५ महाराजाधिराजका प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

## श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेको सन्देश

बौद्ध पाली वाङ्मयमा उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालका विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्ममा पनि गहिरो श्रद्धा राख्छन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र हुन् ।

Downloaded from http://www.dhamma.digital

## यसमा—

PREFACE

प्रकाशकीय

भूमिका

प्राक्कथन

मूल-ग्रन्थ

सहायक ग्रन्थहरू

संकेत शब्दको अर्थ

त्रिपिटक-सूची

विषय-सूची

"बुद्धकालीन ब्राह्मण" भाग–२

नामावली

शब्दावली

गाथा-सूची

Downloaded from http://www.dhamma.digital

Collection No. 12

# Buddhakalina Brahmana

## ( PART II )

Bhikshu Amritananda

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
N E P A L.
1977

Downloaded from http://www.dhamma.digital

**Namo Tassa Bhagavato Arahato Sammasambuddhassa.**

# PREFACE

With a view to making Pali Tripitaka literature available in Nepali, the national language of the land where Buddha was born, "The Brahmins of the Buddha's Times Vol I", the first of its series, was published on 25 Chaitra 2028 B. S. The contents of the valume are based on the findings of the search limited to original Pali. The search is focussed on the classified characters of the Buddha's times. During the last five years, the first phase of this venture, ten valumes have been published.

Now I have set my aim at the compilation of the available informations which could be a sequel or sequels to the volumes so far published. Accordingly this book is the second volume of "The Brahmins of the Buddha's Times." The third volume, which concludes the search about the Brahmins, is in press.

Downloaded from http://www.dhamma.digital

The present volume deals with fourteen characters. The information of which is drawn up from the original Pali. For the convenience of readers the names have been arranged in alphabetical ( Deva Nagari Script ) order and included in it are from 'अ' to 'न'. The third volume will be a collection of charcters, the initial letters of which fall between 'प' to 'ह'. The fourteen characters dealt with in the volume are depicted in 26 discourses. Of the twenty-six discourses one is from Dighanikaya, 8 from Majjhima-nikaya, 10 from Anguttaranikaya, 4 from Sanyuttanikaya and 3 from Suttanipata.

The names of the above mentioned discourses are as follows—

1. AJITA MANAVA

| | | Page[1]: | | Page[2]: |
|---|---|---|---|---|
| 1. | Sn. | 424: | Ajitamanavapuccha | R. 11 |

2. ASSALAYANA MANAVA

| | | | | |
|---|---|---|---|---|
| 2. | M. II. | 403: | Assalayanasuttan | R. II. 147 |

3. UDAYI BRAHMANA

| | | | | |
|---|---|---|---|---|
| 3. | A. II | 45: | Udayasuttan | R. II. 43 |

1. References given here are to the pages of Pali Text, Nagari Edition of Nalanda, India.
2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

Downloaded from http://www.dhamma.digital

4. KASIBHARADVAJA BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 4. | S. I. | 171: | Kasibharadvajasuttan | R. I. | 172 |
| | Sn. | 280 | | R. | 12 |

5. KUTADANTA BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 5. | D. I. | 109: | Kutadantasuttan | R. I. | 127 |

6. GANAKA MOGGALLANA BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 6. | M. III. | 61: | Ganakamoggallanasuttan | R. III. | 1 |

7. GOPAKA MOGGALLANA BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 7. | M. III. | 68: | Gopakamoggallanasuttan | R. III. | 7 |

8. GHOTAMUKHA BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 8. | M. II. | 414: | Ghotamukhasuttan | R. II. | 157 |

9. JANUSSONI BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 9. | S. IV. | 6: | Janussonibrahmanasuttan | R. V. | 4 |
| 10. | A. IV. | 303: | Brahmanapaccorohani-suttan | R. V. | 249 |
| 11. | A. IV. | 290: | Pathamapaccorohani-suttan | R. V | 233 |
| 12. | A. I. | 153: | Janussonisuttan | R. I. | 166 |
| 13. | A. II. | 184: | Abhayasuttan | R. II. | 172 |
| 14. | A. I. | 54: | Adhikaranasuttan | R. I. | 56 |
| 15. | A. IV. | 321: | Janussonisuttan | R. V. | 269 |
| 16. | A. III. | 75: | Khattiyasuttan | R. IV. | 54 |

Downloaded from http://www.dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| 17. | A III. | 194: | Methunasuttan | R. IV. | 54 |
| 18. | S. II. | 65: | Janussonisuttan | R. II. | 76 |
| 19. | M. I. | 226: | Culahatthipadopama-suttan | R. I. | 175 |
| 20. | M I. | 23: | Bhayabheravasuttan | R. I. | 16 |
| 21. | A. I. | 146: | Nibbutasuttan | R. I. | 158 |

10. TISSAMETTEYYA MANAVA

| | | | | | |
|---|---|---|---|---|---|
| 22. | Sn. | 425: | Tissametteyyamanavapuccha | R. | 189 |

11. DEVAHITA BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 23. | S. I. | 174: | Devahitasuttan | R. I. | 174 |

12. DHANANJANI BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 24. | M. II. | 449: | Dhananjanisuttan | R. II. | 184 |

13. NAGARAVINDEYYAKA BRAHMANA

| | | | | | |
|---|---|---|---|---|---|
| 25. | M. III. | 394: | Nagaravindeyyasuttan | R. III. | 290 |

14. NANDA MANAVA

| | | | | | |
|---|---|---|---|---|---|
| 26. | Sn. | 431: | Nandamanavapuccha | R. | 196 |

The names of the characters are as found in Pali. The translation is given at the beginning of the story or discourses within brackets. For the convenience of readers, the meaning of special terms in the discourses is given at the footnotes as and when mentioned in the

Downloaded from http://www.dhamma.digital

Commentary. Any other available findings and references elsewhere about the characters are incorporated into their introduction. The order of the thirteen discourses about Janussoni Brahmana has been decided upon according to my own choice and understanding.

'It takes all sorts to make up a world' says a proverb. It is true in regard to this compilation. As I have my attention focussed on the collection and compilation so has the lecturer Mr. Batu Krishna's cooperation been available without any break. I should thank myself for it. Without his help in proof-reading and making language conform to standard I could not have prepared this valume bv myself.

I am equally grateful for the cooperations extended by Venerable Kumara Kassapa in the preliminary writing of list of names and to Venerable Mahanama for the preliminary sorting of those names. Thanks are due to Mr. Krishna Bahadur Manandhar for the English rendering of the preface and to Lecturer Batuk Krishna 'Bhushan' for his writing a learned introduction. I must thank Mr. Khadga Bahadur Upasak for his unceasing daily labour in taking the proofs to and from the printer and for the publication of this book to Mr. Tirtha Narayan Manandhar, member-secretary, Anandakuti Trust,

Downloaded from http://www.dhamma.digital

and all the other members of it. Last but not least I owe thanks to Mr. Radheshyam Saraf for his generous contribution of 20 reams of paper for getting out this valume.

**Bhikshu Amritanada**

Ananda Kuti,
Kathmandu, Nepal.
2, November 1977

Dhamma.Digital

List of Abbreviation :

D = Dighanikaya.
M = Majjhimanikaya.
A = Anguttaranikaya.
S = Sanyuttanikaya.
Sn. = Suttanipata.

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरज्यूले दिनरात नभनी अरू कुनै कामको वास्ता नराखी लेखिरहनुभएको यस संसारलाई उपयोगी हुने "बुद्धकालीन" ग्रन्थहरूको प्रथमभागका दशवटा ग्रन्थहरू प्रकाशित गरी पाठकवर्गहरूका सामुन्ने राखिसकेका छौं । यस क्रममा अब दोश्रो अध्यायको काम शुरु भई प्रस्तुत "बुद्धकालीन ब्राह्मण" द्वितीय भाग प्रकाशनार्थ यसै आनन्दकुटी विहारगुठीलाई दिनुभएकोमा वहाँ आचार्य महास्थविर प्रति कृतज्ञता ज्ञापन गर्दै यो ग्रन्थ पनि प्रकाश गरिरहेका छौं । वहाँको यस अथक प्रयासलाई जति धन्यवाद अर्पित गरे तापनि थोरै नै हुन्छ । वहाँको यस्तो कलाकृतिद्वारा हामीहरूलाई मात्र होइन राष्ट्रलाई समेत अवश्य पनि लाभदायक सिद्ध हुने छ भन्ने कुरामा पूर्ण विश्वस्त हुन सकिन्छ ।

यसपछिको अर्को तेश्रो भाग पनि चाँडैनै प्रकाशमा आउने अवस्थामा पुगिसकेको कुरोको जानकारी दिन पाएकोमा खुशी लाग्नु स्वाभाविकै हो ।

यस ग्रन्थ प्रकाशनार्थ उदारतापूर्वक २० रीम कागज प्रदान गर्नु भएका श्री राधेश्याम सराफज्यूलाई यस गुठीको तरफबाट हार्दिक

Downloaded from http://www.dhamma.digital

धन्यवाद ज्ञापन गरेका छौं। आनन्दकुटी विहार गुठीबाट प्रकाशित भएका ग्रन्थहरूमध्ये यो बाह्रौं संग्रह हो।

भवतु सब्बमङ्गलं

तीर्थनारायण मानन्धर
सदस्य-सचिव
"आनन्दकुटी विहारगुठी"
फो. नं. १४४२०

२०३४ कार्तिक १५

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# भूमिका—

वेद, कुरान, बाइबल, आवेस्ता र त्रिपिटक आदि धार्मिक ग्रन्थहरूलाई आधुनिकताको कसीमा दाँज्ने हो भने न्यूनतम मूल्यभन्दा बढी केही नपाउने समाजको संख्या बढी देखिइसकेको छ र यो समाजले समाजलाई झुक्किने बाटो हिंडाउने सिवाय अरू केही गरेको छैन भन्ने धारणारूपी स्रोत एकातिर पैदागराइदिएको छ भने अर्कोतिर शिक्षितहरूको धारणा पनि मुख्यतया आदर्शवादको नारारूपी जालमा समाजलाई जेली आफ्नो दुनु सोज्याउने काम मात्र भएको छ भन्ने धारणाको प्रवाह बग्न थालेको छ। वास्तवमा सत्यता खोज्ने हो भने—हामी पनि केही समय यतादेखि बहकिंदै आइरहेकाछौं भन्ने कुरालाई इतिहासले सँगाली सकेको छ। यसरी परेको छापलाई मेटाउने काममा 'होष्टेमा हैंसे गर्न' प्रस्तुत संग्रह तम्सिएको देखिन्छ।

हुनत विश्वका कुनै पनि धार्मिक ग्रन्थहरूको वास्तविक मर्म के हो? यसबारे आजसम्म हामी अनभिज्ञनै छौं भनेपनि हुन्छ। यसको खोजी अज बाँकीनै छ र यसकोनिमित्त समय आउँदै छ। अहिले त हामी परंपरागतरूपमा मात्रै यस्ता ग्रन्थहरूसंग परिचित छौं र जसबाट लिनुपर्ने सद्गुण पनि बिर्सिनथालेका छौं भन्दा बढी आपत्ती के आउला र!

Downloaded from http://www.dhamma.digital

जेहोस् कुनैपनि प्राचीन ग्रन्थहरूको सिंहावलोकन गर्दा यतातिर राजनीतिबाट टाढा देखिंदैनन् भने उतातिर कार्यरूपमा परिणत भएको होस् अथवा नहोस् सामाजिक हितका कुराहरूले भने बढी मान्यता पाएका भए पनि आर्थिक दृष्टिकोणले हेर्दा विभिन्न योजनाहरू त देखिन्छन् तर शोषणको अन्त भने कतै भएको देखिंदैन, छ भने केवल सिद्धान्तमा मात्र । अज ठाडो शब्दमा भन्ने हो भने बाटो नदेखाइएको होइन देखाइएको छ तर त्यो बाटोमा आइपर्ने समस्यालाई समाधान गर्न सक्ने शक्ति भने राम्ररी प्रदान गरिएको अनुभव हुँदैन । यसै प्रसंगमा विभिन्न धार्मिक ग्रन्थहरूका पानाहरूलाई यत्रतत्र पल्टाउँदा पनि राजनैतिक दुर्गन्ध नआउने होइन आउँछ तर यसलाई विवेक र कर्तव्य-रूपी पाइलासार्नु पर्छ अनि मात्र वास्तविकताको सीमानामा पुग्न सफल होइन्छ ।

उपरोक्त सबैप्रकारका कुराहरूलाई विश्लेषण गरेर प्रकारान्तरले समाजलाई देखाइदिने सूक्ष्मदर्शक यन्त्रको रूपमा धार्मिक ग्रन्थहरू विभिन्न समयमा प्रादुर्भाव भएका हुन् भन्ने निष्कर्षमा भने पुग्न सकिन्छ । यतिमात्र होइन समाजलाई सहि बाटोको निर्देशन दिन जति साहित्यिक ग्रन्थहरू सफल भएका छन् त्यसभन्दा धेरै प्रतिशत बढी धार्मिक ग्रन्थ-हरूले सफलता प्राप्तगर्दै आएका कुरा तत्कालीन समयको जनरुचीलाई आधार बनाएर हेर्दा थाहापाउन सकिन्छ । किनभने—परम्परागत अन्धविश्वासकै आधारमा पनि धार्मिक ग्रन्थहरूले बहुमत प्राप्तगर्न सकेका छन् तर साहित्यिक ग्रन्थहरूले शिक्षित समुदाय बाहेक अरूलाई ओगट्न नसक्ने कुरामा अहिलेसम्म कसैको दुइमत भएको देखिंदैन ।

Downloaded from http://www.dhamma.digital

यसैले नै पूर्ववर्ती विद्वान्हरूले समाजलाई लठ्याउन धार्मिक ग्रन्थरूपी स्वादिलो औषधी प्रयोग गरेको हुनुपर्छ भन्ने कुरालाई मनोविज्ञानको आधारस्तम्भमाथि चढेर हेर्दा टड्कारै देख्न सकिन्छ र जे जति प्रादुर्भाव भएका प्राचीन ग्रन्थहरू छन् ती सबै समाज-उत्थानकै परिपूर्तिकोनिमित्त भएका हुन् भन्ने कुरालाई पनि सजिलैसँग अड्कल गर्न सकिन्छ। अज यसरी पनि अड्कल् काट्न सकिन्छ कि जसरी राजनीतिमा कल झगडाको स्वर सुनिएको छ त्यसरीनै धार्मिक सम्बन्धमा पनि नसुनिएको होइन तर धर्ममा भएको कल झगडामाथि इन्साफ गर्दा संशोधन र परिशोधनको लागि मात्र झगडाको बीजारोपण भएको हो न कि शक्तिसम्पन्न शोषक बन्नकी लागि। अजै वास्तविकतातिर हेरेर निशंकपूर्वक भन्ने हो भने यिनीहरूले तत्कालीन समाजलाई शोषणरूपी जालबाट उम्काउने उपायहरू तयार पारी धर्मपुटित शोषण रहित बाटोमा समाजलाई हिंडाउन बढी प्रयास गरेका छन् भन्ने कुरालाई बिर्सन नसक्नेगरी विवेकीहरूलाई संस्मरण गराइदिएको छ र न त मेट्न सकिने खालको इतिहासनै देखिएको छ।

यसै मध्येको धार्मिक ग्रन्थ त्रिपिटकरूपी बगैंचाका सुवासित फूलका थुंगाहरूमध्ये टिपिएका केही फूलका थुंगाहरू यहाँ यौटै गुच्छाकोरूपमा तत्कालीन शैली अनुरूप नेपालीमा रूपान्तर गरी राखिएका छन्। जसलाई 'बुद्धकालीन ब्राह्मण' भाग २ ले चिनारी गराइएको छ। यसरी चिनारी गराइदिने व्यक्ति हुनुहुन्छ परिश्रमी आचार्य भिक्षु अमृतानन्द महास्थविर। जसको निरन्तर प्रयासको फल स्वरूप नेपाली साहित्यमा

Downloaded from http://www.dhamma.digital

बुद्धकालीन ग्रन्थहरूले आफ्नै विशेषता राखिसकेका छन् र जसको संख्या ११ पुगिसकेको छ ।

जसरी मूलपालि (मागधि) बाट छानी नेपालीमा रूपान्तर गरी 'बुद्धकालीन ब्राह्मण' भाग १ मा अग्रस्थान प्राप्त गरेका ३१ जना लब्ध प्रतिष्ठित विभिन्न विषयका ज्ञाता ब्राह्मणहरूले विभिन्न कारणहरू-लाई अँगालेर बुद्धको छत्रछायाँबाट इहलोक र परलोकमा समेत सन्तुष्टिलिन पाएका थिए त्यसरीनै प्रस्तुत 'बुद्धकालीन ब्राह्मण' भाग २ ले चाहिं—दीघनिकायबाट १, सुत्तनिपातबाट ३, संयुत्त-निकायबाट ४, मज्झिमनिकायबाट ८ र अङ्गुत्तरनिकायबाट १० गरी जम्मा २६ सूत्रबाट प्रादुर्भाव भएका १४ जनाभन्दा बढी विभिन्न विषयका विद्वान् ब्राह्मणहरूलाई यहाँ चिनाउने प्रयास भएको छ—

जसमा अरहत् प्राप्तगर्नेहरूमध्ये—एक हजार शिष्यहरूसँगै अर्हत् हुने, विभिन्न जन्मजन्मान्तरका कुरा संस्मरण गर्न सक्ने योग्यता भएका तथा बावरी ब्राह्मणका चेला अजित माणव, तिष्यमेत्तेय्य र नन्द; बुद्ध धर्ममा उपासकत्व ग्रहण गर्ने १६ वर्षीय विद्वान् अस्सलायन माणव, गणितका धुरन्धर विद्वान् गणकमोग्गल्लान, बुद्धलाई तातोपानी दिई वहाँको वायुरोग निकोपारिदिने देवहित ब्राह्मण र कोशलका राजा प्रसेनजित्का पुरोहित जाणुस्सोणि यी सात पात्रहरूले श्रावस्ती-वासी ब्राह्मणहरूको प्रतिनिधित्व गरेका छन् भने राजगृहतिरबाट अर्हत् प्राप्तगर्ने धनाढ्य कृषक कसीभारद्वाज, पहिला शोषक प्रवृत्तिलाई

Downloaded from http://www.dhamma.digital

टेवादिने र पछि ब्रह्मलोक पुगेका धनञ्जानी ब्राह्मण देखिएका छन् । यस्तै राजा अजातशत्रुका सेनापति तथा प्रश्नोत्तरद्वारा बुद्ध धर्मको सार खोज्ने बुद्ध निर्वाणपछिका गोपक मोग्गल्लान र स्रोतापत्तिफलमा प्रतिष्ठित भएका कूटदन्त ब्राह्मण मगध राज्यबाट अघिसरेका छन् भने अङ्गदेशबाट नास्तिकवादका प्रकाण्ड विद्वान् तथा बुद्ध धर्ममा उपासकत्व ग्रहण गरी एक्लै स्वर्गपुग्ने बुद्धनिर्वाणपछिका आयुष्मान् उदेनद्वारा प्रशिक्षित घोटमुख ब्राह्मण र कोशलदेशबाट बुद्ध धर्ममा उपासकत्व ग्रहण गर्ने नगरविन्देय्यक ब्राह्मणहरू र बुद्धसँग प्रश्नोत्तर गर्ने उदायी ब्राह्मण देखिएका छन् ।

उक्त चौध पात्र (शीर्षकमा मात्र चौध हो तर "नगरविन्देय्यक ब्राह्मणहरू" भन्नाले चौधभन्दा पनि बढी देखिन्छन्) हरूले खासगरेर पाँच देशको प्रतिनिधित्व गरेको प्रस्तुत संग्रहलाई समालोचनात्मक ढंगले हेर्ने हो भने—यहाँ सामाजिक चेतनाको अभिवृद्धिमा सघाउ पुऱ्याउनुको साथ साथै शोषण प्रथाको चरमसिमानातिर पनि औंल्याइएको एकातिर पाइन्छ भने अर्कोतिर विभिन्न विषयका विद्वानहरूको संगमको साथै आस्तिक र नास्तिकवादको अन्तरद्वन्दको परिणाममा आस्तिकवादको विजयध्वनि मात्र नसुनिने होइन बुद्धको उपदेशरूपी जादूमा परेपछि नलट्ठिने कोही नभएको दृश्य केही अपवादलाई छोडेर भन्न सकिने कुराको पूर्णज्ञान गराउन यो सफल भएको छ र बुद्धदर्शनरूपी वसन्त वाटिकाको निर्माण मात्र होइन यसभित्र धार्मिक अभियान सँगसँगै— राजनीति, सामाजिक जागरण, आर्थिक मान्यता, मनोवैज्ञानिक सत्यता, दानफलको महत्व, निर्लोभीपनको उपादेयता, उपदेशको चातुर्यता, स्वर्ग र नरकको

Downloaded from http://www.dhamma.digital

संस्मरणता, पूर्वजन्म र परजन्मको परिपोषणता, हिंसाको प्रतिकूलता, अहिंसाको फलभागिता, ज्ञान र विज्ञानको सामञ्जस्यता, सुख र दुःखको प्रारुपताको साथै विश्लेषणता, राग, द्वेष र मोह आदिको पराकाष्टा तथा यिनीहरूको निराकरणता, सत्यता, शान्तिप्रियता आदि अनेकौं प्रकारका सुगन्धित फूलहरू एकातिर फुलेका छन् भने अर्कोतिर अभिमानता, दुर्जनता, परद्रोहता, स्वार्थ लोलुपता जस्ता दुर्गन्ध युक्त फूलहरूको उच्छेदन गर्ने मालीहरू खडा भएका छन्। जसलाई प्रस्तुत संग्रहले विस्तृतरूपमा देखाउने प्रयासगर्न खोजेको छ। यसैको वास्तविक ज्ञानको लागि प्रस्तुत संग्रहमा संग्रहित विभिन्न पात्ररूपी फूलका थुंगाहरूको सुवासलिंदै जाँदा—

"मनं वत भो अनस्साम, मनं वत भो पनस्साम..." मा पुग्दछौं। अर्थात्—अघि हामीहरू अश्रमण भएर पनि श्रमण, अब्राह्मण भएर पनि ब्राह्मण, अरहन्त नभएर पनि अरहन्त भन्दथ्यौं। तर बुद्धको उपदेशले नै इहलोक तथा परलोकको इच्छा पूर्तिगर्ने बाहेक अरू कुनैबाट यो सम्भव छैन भनेर जाणुस्सोणि वार्तामा ब्राह्मणहरूले गरेको बिचारको आधारमै के परिलक्षित हुन्छ भने—उनीहरूले ग्रहण गरेको तत्कालीन धर्ममा मलिनता र बुद्ध धर्ममा विशेष आलोक पैदाभएको आभाष मिल्दछ। यसको साथसाथै यो ठान्नु पनि अप्रासंगिक हुँदैन होला किनकि बुद्ध धर्मनै यस्तो धर्म हो अन्य धर्मको कारणले सताइएकाहरूलाई सुखदिलाउन सम्बन्धित धर्ममा पनि हस्तक्षेप नगरी आफ्नै पनको मध्यम मार्गको मार्ग स्वयं बुद्धलेनै निर्माण गरेको कुरा 'दुइ अन्तहरू' उपशीर्षकद्वारा जाणुस्सोणिले गरेका 'के सबैछन् र के सबै छैनन् ?' यीनै दुइ

Downloaded from http://www.dhamma.digital

प्रश्नको उत्तरमा—'सबै छन् भन्नु पनि एक अन्त हो र सबै छैनन् भन्नु पनि अर्को अन्त हो' भन्ने उत्तरको साथासाथै 'यी दुवै अन्तमा नलागी मध्यममार्गद्वारा तथागतले उपदेश दिन्छ' भनेर दुःख उत्पत्ति र त्यसको निराकरणको उपायमात्र जाणुस्सोणि ब्राह्मणलाई बताइदिनु भएको होइन, हो भने बरु समाजलाई नवचेतनाको राजमार्गमा हिंडाउने प्रयासमा समेत विशेष परिश्रम गरिएको अभिव्यञ्जित हुन्छ। साथै यसले अन्य धर्मको खास मौलिक विरोध नगरी केवल संशोधनतिर बढी ढल्किएको अनुमानलाई 'अजित माणव' को पूर्वजन्म सम्बन्धी कुरालाई यहाँ उद्धृत गर्दा पूर्वजन्मको विश्वासमा बढी सघाउ पुऱ्याइदिएको छ। जसको जन्मजन्मान्तर हुनाको कारणनै पद्मोत्तर बुद्धलाई बत्ती दान गर्नहुन आएको छ। जसको फल साठीहजार वर्षसम्म देवलोकमा, एक-हजार पटकसम्म चक्रवर्ती राजा, छत्तीश पटकसम्म देवेन्द्र र सातसय पटकसम्म पृथ्वीको राज्यभोग गरी यस जन्ममा पनि अर्हत्व प्राप्तगरेको कुरोले घतलाग्दो बनाएको छ र दानको महत्वलाई सर्वश्रेष्ट गराएको छ।

यस्तैगरी विश्लेषणात्मक ढँगले हेर्दै जाँने हो भने 'अजित माणव' बाट नै बुद्ध धर्मरूपी दहिलो घच्घच्याउन सकिन्छ भन्ने कुरालाई—

'केनस्सु निवुतो लोको, केनस्सु नप्पकासति' भन्ने गाथाले सार्थकपारिदिएको छ।

अर्थात्—लोकलाई केले ढाकेको छ र के कारणले गर्दा प्रकाश हुन्न ?

Downloaded from http://www.dhamma.digital

उक्त पङ्क्तिरूपी पर्वतलाई सेरोफेरो मारेर हेर्ने हो भने पनि अविद्यारूपी अन्धकारले ढाकेको संसारमा ठूलो माछाले सानु माछा खाने सिद्धान्त लागु भएको छ । यस्तो ठाउँमा सर्वसाधारण मानिसहरूले उन्नति गर्ने मौकानै पाउँदैनन् र अधिकाररूपी प्रकाशबाट वञ्चित भइरहनु परेको कुराको संकेतको साथसाथै जो तृष्णारूपी जालमा सदाको लागि जेलिइरहन्छ त्यसवेलासम्म नत त्यस्ताले स्वच्छ ज्ञाननै प्राप्तगर्न सक्तछ न त परोपकाररूपी फलको स्वादै थाहापाएको हुन्छ । त्यस्ताले दुःखको खाडलभन्दा बाहिर अरू केही देख्न सकेको हुँदैन, न त देख्न नै सक्तछ । यसभन्दा ठूलो जीवनलाई घेर्ने अर्को भयङ्करता के हुन सक्तछ ? भन्ने प्रश्नको उत्तरलाई सरलभन्दा सरलरूपमा सम्झाई निराकरण गर्नको-निमित्त नै बुद्ध अभियानको झ्यालो पिटिएको आवाजमात्र सुनिएको होइन यसको सन्दर्भमा उक्त जिज्ञासालाई पूरागर्ने विभिन्न उपायका मार्गहरू पनि तंतयार पारिएका छन् । जसबाट हेर्दैजाँदा चतुरार्यसत्य र आर्यअष्टाङ्गिक मार्ग नै सर्वप्रथम भेटिन्छन् । जसमा प्राणीहिंसा, चोरी, झूटोबोली, कठोर वचन, अब्रह्मचर्य आदि शीलस्कन्धका छब्बीस विषय-रूपी मूर्तिको दर्शन र ध्यानबाटै पञ्चनीवरण अर्थात् - अभिध्या, व्यापाद, थीनमिद्ध, उद्धच्चकुक्कुच्च र विचिकित्साको ज्ञान हुन्छ । साथसाथै प्रथमादि ध्यान सम्बन्धी कुराहरूलाई पारगर्ने बित्तिकै पूर्वानुस्मृतिको अनुस्मरण हुन्छ । जसबाट च्युतिउत्पत्ति र आस्रवक्षय ज्ञानको दिग्दर्शन हुन्छ । जसलाई तथागत चिह्नको रूपमा पनि परिचय गर्न सकिन्छ । यसरीनै जाणुस्सोणि ब्राह्मण बुद्धसँग गरेको प्रश्नको आधारमा पनि राम्ररी चिन्न सकिने मात्र होइन मनन र कार्यरूपमा परिणत गर्न समेत

Downloaded from http://www.dhamma.digital

निकै उत्साह दिएको छ ।

'भिन्न रुचिर्हिलोकः' भन्ने उक्ति अनुसार संसारमा सबैको यौटै विचार नहुने कुरालाई जसरी यहाँ दार्शनिक ढंगले दर्शाइएको छ त्यसरीनै सरलतापूर्वक मानिसले 'आफूमात्र मोज गरुँ' भन्ने भावना लिनुहुन्न र परोपकारकै लागि आफ्नो जीवनलाई माध्यम बनाउनु पर्दछ भन्ने कुरालाई पनि राम्ररी प्रष्टयाइदिएको छ र यो पनि प्रष्ट गरेको छ कि तृष्णाको वशीभूत भएर नै आफ्नो स्वार्थसिद्ध गर्न आवश्यक परे आदर्शवादी नाराको समेत आडलिन्छन् भन्ने विषयहरू झल्कने सामग्री पनि यहाँबाट निकै जम्मागर्न सकिन्छ भन्ने कुरालाई घोटमुख ब्राह्मण र उदेनको छलफलको प्रसंगमा निस्केका —

(१) आफूलाई तापदिने र तापदिने काममै प्रवृत्त हुन्छ ।

(२) आफू र अरूलाई तापदिने काम र त्यसमै प्रवृत्त हुन्छ ।

(३) आफू र अरूलाई ताप नदिने काममा प्रवृत्त हुन्छ ।

आदि वाक्यद्वारा नै यस धर्मको गहिराइमा पुग्नसक्ने क्षमता संचय गर्न सकिएको छ ।

यस्तै सामाजिक पक्षतिर चक्कर लगाउँदा पनि सामाजिक हित र भलाइकोनिमित्त प्रस्तुत संग्रह निकै अगाडि बढ्न खोजेको छ जुन कुरालाई ब्राह्मण, क्षत्री वैश्य र शूद्र यी चारै वर्णलाई समानरूपमा हेरिएको मात्र होइन समान व्यवहार समेत गरिएको छ भन्ने कुरा अस्सलायन माणवको चरित्र चित्रणलाई पृष्टभूमि बनाएर खोजी गर्दा प्रत्यक्षरूपमा देख्न सकिन्छ र जातिपाति, ठूलो सानो, गरीब र धनीमा

Downloaded from http://www.dhamma.digital

हुने सामाजिक भेदभावना भइरहेको कुरा आजदेखिको होइन परापूर्व-कालदेखिनै चल्दै आइरहेको परम्परा हो। यसैको निराकरणको सूत्रपात बुद्ध धर्मबाटै भएको हो भनेर प्रस्तुत संग्रहले दावीगर्न खोजेको छ। यस शंकाको समाधान गर्ने धेरै उपायहरू देखिएका छन्। जसको छानबीन गर्दा यसबाट पनि केही प्रमाणहरू पाइन्छन्। जस्तै बुद्धले गरेको समान व्यवहारको विद्रोहको लागि विभिन्न ब्राह्मण समुदायले तीनै वेदमा पारंगत १६ वर्षे विद्वान् **अश्वलायनको** नेतृत्वमा विरोध प्रदर्शन गर्न बनाएको योजनालाई स्वयं अश्वलायन माणवले नै 'बुद्ध जस्ता धर्मवादीसँग कसैको केही लाग्दैन' भन्ने प्रत्युत्तरले विरोधीहरूमा मलिनता ल्याइदिएको छ।

हुन पनि हो आर्य दास हुन सक्तछ, दास आर्य हुन सक्तछ। अर्थात् अब्राह्मण पनि ब्राह्मणत्वमा पुग्न सक्तछ भन्ने कुरालाई यहाँ दर्शाइएको छ र यो पनि देखाइएको छ कि सद्‌वृत्तमा रहने कुनै जातिले पनि स्वर्गसम्म पुग्ने अधिकार राख्न सक्तछ र असद् वृत्तमा रहने जतिसुकै विद्वान् ब्राह्मण भए पनि नरकगामी बन्नु पर्दछ भन्ने कुरो पनि यहाँ देखाइएको छ। साथै दुराचरणमा लागेपछि आफ्नो अमोघ शक्ति पनि विफल हुन्छ भन्ने कुरालाई **असित देवल** ऋषिको प्रसंगमा ७ जना ऋषिहरूले दिएको श्रापले केही लछारपाटो लाउन नसकेकोबाट के प्रष्ट हुन्छ भने जसको आचरण शुद्ध छ त्यो नै श्रेष्ट हुन्छ जातले मात्र श्रेष्ट हुने कुरोलाई यस संग्रहले मान्यता दिएको देखिंदैन। यसो हुनाको खास कारण केहो भने—जसले कुटिलतालाई प्रमूख साधन बनाएर तपस्याको दुरुपयोग गर्छ त्यस्ता तामसी तपस्वीहरूको तपस्याले केही

Downloaded from http://www.dhamma.digital

लछार्न नसक्ने कुराको संकेत यस संग्रहले मात्र गरेको होइन गीताले समेत प्रष्टशब्दमा भनिदिएको छ । जस्तै—

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदा हृतम् ।।

(गी. १७ अ. १९ श्लोक)

अथात् अर्कालाई बिगार्न वा आफूलाई दुःखदिन जब तप गरिन्छ त्यसप्रकारको तपस्यालाई तामस तप भन्दछन् ।

यसबाट के परिलक्षित हुन्छ भने काम, क्रोध, लोभ र मोहको आधारलाई चटक्कै छाडेर सबैमा मैत्री भावना राख्नु पर्दछ । यसको साथसाथै समाज नशुद्री राजनैतिक वातावरण शुद्रिन्न राजनैतिक वातावरण न शुद्रिई समाज शुद्रिन सक्तैन भन्ने कुरालाई अन्योन्याभाव सम्बन्धद्वारा आभ्यन्तरिक रूपमा देखाइएको छ र यसको पृष्टभूमि धर्मको आडमा तयार भएको छ । यस कुरालाई पुष्टयाइ गर्न कर्मचारी-वर्गको भ्रष्टाचारलाई प्रमूख लक्ष बनाउँदै उनीहरूले राजालाई समेत छकाई देशलाई नै धोकादिनु पर्ने भएपनि पछि नहटी आफ्नो स्वार्थ पूर्तिमा मात्र लट्ठिएका भ्रष्ट कर्मचारीहरूको राम्रो संकेत यहाँबाट पाइएको मात्र होइन कर कमगर्ने, कृषिउदद्योगमा प्रोत्साहित पार्ने, व्यापारी तथा कर्मचारीहरूलाई हौसल्याउने जस्ता लक्षहरू पनि देखापरेका छन् भने अर्कोतिर जसरी भएपनि धनमात्र थुपार्नमै मस्त

Downloaded from http://www.dhamma.digital

रहने वर्गको निर्देश गरेको कुरालाई पनि 'घोटमुख ब्राह्मण' को समागमको आधारमा प्रष्टयाइएको छ ।

यसरी हेर्दैजाँदा यस संग्रहले—सद्आचरण, सदकर्तव्य, सद्वचन, सत्संगत, सत्दान, सद्धर्म, सन्नियम आदि माथि विशेष जोड दिएको छ र बुद्ध-उपदेशको चातुर्यभन्दा माथि प्रस्तुत चरित्रहरू कोही उक्लन नसकेको कुरालाई पनि अङ्कित गरेको छ । यस कुरालाई जति विद्वान् भएपनि बुद्धको विद्वत्ताको अगाडि नतमस्तक हुनुपर्ने कुरालाई १३ पटकसम्म बुद्धसँग भेटेर विभिन्न प्रश्नोत्तर गर्ने विभिन्न विषयका विद्वान् जाणुस्सोणिको मुखबाट "मैले हासिल गरेको विद्याभन्दा तपाइको विद्या प्रन्ध्रभाग बढी रहेछ" भन्ने भनाइलाई राम्ररी केलाएर हेर्दा वास्तविकताको नजिकै पुग्न निकै सजिलो पर्दछ ।

'धर्म' को परिभाषा गर्दा हुन आउने कर्तव्यको विकास र प्रतिपालन गर्ने समाजनै हो र यसबाट अलगिगई काम गर्दा कुनै कुराको पनि प्रगति हुन्न भन्ने भनाइलाई अन्यसिद्धान्तहरूले मात्र स्वीकारेका छैनन् यहाँ पनि सकारिएको छ । तर यस सम्बन्धी शोचाइ र कार्य प्रतिपादन गर्ने प्रणालीमा भने अवश्य मौलिक भिन्नता देखाएको छ र यसैलाई सामाजिक धर्मकोरूपमा प्रवर्धन गर्दै लैजाने लक्ष प्रस्तुत संग्रहका कतिपय पात्रहरूले राखेका छन् । हुनत समाजभित्र विभिन्न विचारका वर्गहरू नपाइने होइनन्, पाइन्छन् तैपनि सबै वर्गको इच्छापूर्तिको साथसाथै धार्मिक चेतनाद्वारा समाजकै हितकोनिमित्त नयाँबाटो निर्माण गर्न तम्सिएको अनुभव पनि यहाँबाट भएको छ । यसैलाई लिएर नै

Downloaded from http://www.dhamma.digital

हिंसामय यज्ञको भने प्रसस्त विरोध दर्शाइएको छ र हुनलागेको हिंसामय यज्ञमा विभिन्न उपदेशरूपी उपायहरू प्रयोग गरी राम्रैसँग रोक लगाइएको छ। जुन कुरा कूटदन्त ब्राह्मणको प्रसंगलाई आधार मानेर हेर्दा, यता देख्न पाइन्छ भने उता अहिंसामय यज्ञको प्रसस्त सन्मान गरिएको छ र अज छ दानको महत्व र यसबाट हुने फल प्राप्तिको चर्चा सहित सबैलाई दान शील बन्ने विशद प्रेरणा। अर्को टिप्पोट नगरि नहुने कुरो के छ भने—यहाँ दिइने दान र सर्वसाधारणलाई गर्ने दान-फलमा भने आकाश पातालको फरक जस्तै फरक देखिएको छ र प्रकारान्तरले यस्तो भावना फैलाइदिएको छ कि माथि उल्लेख भए अनुसार दानलिने पात्र बुद्धभन्दा अर्को तत्कालीन समयमा पाउनै मुश्किल परेको छ भन्ने कुरालाई तातोपानी दानदिई बुद्धको बायुरोगलाई शान्त पार्ने देवहित ब्राह्मण तथा पूर्वजन्ममा बत्ती दान गरी प्रत्येक जन्ममा असंख्य आनन्द लुट्ने अजित माणवको इतिवृत्तले देखाएको मात्र होइन यसलाई नै प्रमुखस्थान दिंदै भनेको छ कि—

पुब्बेनिवासं यो वेदी, सग्गापायं च पस्सति,
अथो जातिक्खयं पत्तो, अभिञ्ञा वोसितो मुनि,
एत्थ दज्जा देय्यधम्मं, एत्थदिन्नं महप्फलं।

अर्थात्—जो पूर्वजन्मका कुराहरू जान्दछ र स्वर्ग नरक पनि देख्न सक्तछ, जो जन्ममरणबाट मुक्त तथा सर्वज्ञ अवसान प्राप्त मुनि हो त्यस्तालाई दानदिदा महत्फल प्राप्त गर्न सकिन्छ।

Downloaded from http://www.dhamma.digital

भनाइको सारांश यो हो कि यसरी दानदिने व्यक्तिहरूले नै सर्वप्रथम सजिलैसँग इहलोक र परलोकको रसिलो दानफलको स्वाद चाख्न पाउँदछन् । यसैको प्रसंगमा टिपोटद्वारा अर्को कुरो पनि याद-दिलाउनु आवश्यक हुन आएको छ जसरी राम र कृष्णले आफैंलाई सर्वेसर्वा बताएका छन् त्यसरीनै बुद्धनै सर्वेसर्वा भएको कुरालाई यस संग्रहले पनि स्वीकारेको छ । एक हिसाबले कुरा सत्य हुन आएको छ, किनभने जसले जुन सिद्धान्तको जन्मदिन्छ उसको गुरु त्यहीनै हुन्छ अर्को हुन सक्तैन । न त त्यसको वास्तविक मर्मज्ञ नै अर्को बन्न सक्तछ शिवाय संस्थापक । त्यसैले यहाँ बुद्धले आफैंलाई बुद्ध धर्मकोनिमित्त सर्वेसर्वा घोषित गर्नु कुनै अनौठो होइन । आधुनिक विचारको परिवेशमा बसेर हेर्दा पनि ।

सत्यबोल्नु, अरूलाई दुःख नदिनु, परोपकार गर्नु साँचो झूटो जे भएपनि मन नपर्ने बोलि नबोल्नु आदि जस्ता कुराहरू नथाहापाउने कोही छैन । तैपनि मानिस आफ्नो स्वार्थसिद्धिकोनिमित्त जघन्य अपराध समेत गर्न छोड्दैन किन ? यो प्रश्नचिह्न परापूर्वकालदेखि आजसम्म पनि मेटिन सकेको मात्र होइन उल्टै झन् द्रुततर गतिले बढ्दैछ र यसैलाई सकभर मेट्ने प्रयासकोनिमित्त अनेकौं साधनहरू लिएर प्रस्तुत संग्रह हरितालको रूपमा देखापरेको छ भन्ने कुरा सारिपुत्र तथा धनञ्जानीको बीचमा चलेको वार्ताको प्रसंगले देखाइदिएको छ र अज छर्लङ्ग्याउँदै कुमार्गबाट सुमार्गमा त्यस खालका व्यक्तिहरूलाई ल्याउन सक्दो प्रयास गरेको छ । साथै यसरी पनि संकेत गरेको छ कि परापूर्वकालदेखि चलि-आएको उक्त प्रकारको स्वार्थको अन्त केवल नारामा मात्र व्यावहारिकता

Downloaded from http://www.dhamma.digital

देखिदैन र प्रयोगमै ल्याउनु पर्दछ भन्ने कुराको श्रीगणेश गर्ने साधन जुटाउने तरखरमा संलग्न भएको चहलपहल पनि यहाँ देख्न पाइन्छ। यस्तै अर्को रमाइलो कुरो के अध्ययन गर्न पाइन्छ भने—पापी भनौं वा अकर्तव्यपरायणी भनौं यस्तामा लाग्नेहरू सोजै नरकमा पर्दछन् भनेर संग्रहले आफ्नो मत अनुसार अन्यधर्ममा झैं कोटेरै भनेको छ तर थाहा-पाउँदा पाउँदै पनि मानिसहरू बढीभन्दा बढी पापकर्मतिरै प्रवृत्त भएका देखिन्छन् र काम, क्रोध, लोभ र मोहको लोलुपतामा झन् झ्याम्मिएका छन् र जानाजान नरकमै जाकिएका छन्। यसैको निराकरण र यस प्रवृत्तिमा लाग्नेहरूलाई सतर्कगराउनकोनिमित्त प्रस्तुत संग्रह चौकिदारको रूपमा देखापरी सन्मार्गतिर औंल्याउँदै भन्दछ कि—

नरकयोनिभन्दा तिरश्चीन, त्यसभन्दा प्रेत; प्रेतभन्दा मनुष्य, यसभन्दामाथि चातुर्महाराजिक, यसभन्दा पनि त्रयस्त्रिंशदेवता; त्रयस्त्रिंशदेवताभन्दा यामा, यसभन्दा तुषित; तुषितभन्दा पनि निर्माणरति, यसभन्दा पनि राम्रो परनिर्मित वशवर्ति र यसभन्दा झन राम्रो ब्रह्मलोक योनि श्रेष्ट छ जुन योनिमार्ग रुचाउँछौ त्यतैतिर जाने काम गर भनेर भन्दाभन्दै पनि किन धेरैजसो मानिसहरू नरकयोनि नै रुचाउँछन्। यसमा कम आश्चर्य छैन भनेर आश्चर्यता प्रकट गरेको पनि यसमै समावेश भएको छ।

यस्तै यस्ता कुराहरूले गुम्फित प्रस्तुत संग्रहरूपी मालामा निस्वार्थपूर्वक परोपकारी बनी समाजमा शान्ति स्थापना गराउने

Downloaded from http://www.dhamma.digital

चेष्टाको साथसाथै यस जन्म र परजन्ममा पनि मानिसमात्र नभनौं यावत्प्राणी मात्रले सुखपाउन् भन्ने कुराको कामना निर्भिकतापूर्वक यहाँ गरिएको छ । यसैले नै सर्वप्रथम सुखप्राप्तिकोनिमित्त राग, द्वेष र मोह युक्त विचार त्यागनकोनिमित्त प्रत्येकलाई अपिल गरेको पाइन्छ र काय, वाक्, चित्तलाई सदुपयोगमा लगाउन उत्तिकै उत्साह दिइएको कुरा पनि **नगरविन्देय्यक ब्राह्मणहरूको प्रसंगमा** पढ्न र मनन गर्न पाइन्छ ।

फेरि तत्कालीन वर्गको मनोवृत्तिलाई औंल्याउँदै—ज्ञान र धनसम्पत्तिको इच्छा जारीराख्ने ब्राह्मणवर्गहरू थिए भने—उता धन-सम्पत्तिको साथै सैनिक संगठनमा दक्षता, बिद्वान् र राज्यप्राप्तिको कामनामा तल्लीन रहने क्षत्रीवर्गहरू थिए । त्यस्तै सुखसम्पत्ति, शीलप्रज्ञ, कार्यसफलताको इच्छा राख्ने गृहपतिहरू पनि कम महत्वाकांक्षी थिएनन् र उता सुन्दर पुरुष, योग्यपुत्र, राम्रा कपडा र गहना तथा सपत्नी रहित हुने अभिलाषा राख्ने स्त्रीहरूको जुन इच्छा यहाँ देखाइएको छ यस्तो व्यवस्थालाई केही कुरालाई छोडेर आजको समाजले पनि साँचीराखेकै छ भन्न सकिन्छ । यसैको प्रसंगमा मनोवैज्ञानिकतातिरै जाने हो भने पनि बुद्धका उपदेशहरू कम मनोवैज्ञानिक छैनन् किनकि उपदेश गराइएको ढाँचा, मानिसको मनको भावना, देश र काल अनुसारको व्यवहार आदि-बाटै राम्ररी गहिरिएर अध्ययन गरिदिने हो भने प्रत्यक्ष हुन्छ ।

जुनसुकै कुराको स्थापना समयदेखिनै एकदमै जनप्रिय हुनसक्तछ भन्ने कुरालाई कसैले पनि मान्न सक्तैन र त्यसलाई जनप्रिय बनाउनको-निमित्त कठिन परिश्रम गर्नुपर्ने कुरातिर पनि औंल्याइएको छ र साथसाथै

Downloaded from http://www.dhamma.digital

नयाँ बुद्ध धर्मको स्थापनाकालमा पनि उक्त घटना नघटेको होइन घटेको थियो भन्ने कुरालाई—ब्राह्मण, क्षत्री, गृहपति, श्रमण आदि विद्वान्‌हरूले बुद्धसँग बुद्धधर्म सम्बन्धी विषय अनुरूप बहसगरी जित्ने इच्छा राखेका कुरा ठाउँठाउँमा भेटिन्छन् तर मनोवैज्ञानिक ढँगले 'बहस गर्ने सर्वज्ञ बुद्धसँग पराजित भई बुद्धधर्म नै स्वीकार गर्नपरेको कुराहरू टड्कारै देखिएका छन् र माथि भनेजस्तै परत्र सुधार्नकोनिमित्त पनि—काय, वाक्, चित्त र कर्म ठीक नहुने, थीनमिद्ध, व्यापन्नचित्त, अभिध्यालु (लोभी) अनिस्थिरता, उपशंकालु, आत्मप्रशंसक, परनिन्दक र प्रज्ञाहीनता आदि सोह्रप्रकारका व्यक्तिहरूले परत्र सुधार्न सक्तैनन् परत्र सुधार्नै हो भने उक्त स्वभाव छाड्नुपर्छ भनेर सल्लाह दिंदै बुद्धधर्मको बाटोतिर डोन्याउन प्रवलता देखाएको कुरा—प्रतीत्यसमुत्पादयुक्त मध्यममार्गको उपदेशद्वारा बुद्ध दर्शनबाट प्रभावित भएका जाणुस्सोणिको वार्तालापबाट अवबोध भएको छ। यतिमात्र होइन शीलसम्पन्न बन्नसक्ने प्रत्येक मानिस महापुरुष समेत बन्नसक्तछ भन्ने कुरालाई तिष्यमेत्तेय्यको सन्दर्भमा सम्झाएको छ र मध्यममार्गको आधारलाई लिएर हिड्ने प्रेरणा समेत दिइएको कुरालाई निम्नगाथाले पनि संकेत गरेको छ। जस्तै—

सो उभन्त मभिञ्ञाय, मज्झे मन्तानलिप्पति,
तं ब्रूमि महापुरुसोति, सो इध सिब्बिनिमच्चगा'ति।

अर्थात्—प्रज्ञाद्वारा दुवै अन्तलाई (शाश्वत र उच्छेद) बुझी जो ज्ञानी दुवैको बीचमा अल्झिदैन त्यसैलाई म महापुरुष भन्दछु।

Downloaded from http://www.dhamma.digital

यसरी प्रस्तुत संग्रहका पात्रहरूले आफ्नो शक्तिले भेटेसम्म बुद्ध धर्मकोनिमित्त जीवन अर्पण गरेका मात्र होइनन् बडो रोचक ढंगले ठाउँठाउँमा मानिसहरूलाई आमोद प्रमोद गराउनु पर्दछ भन्ने भनाइलाई पनि नबिर्सेको कुंरा यत्रतत्र पाइन्छ र अर्कोतिर कसैले बिर्सिन नसकेको प्रकृतिचित्रण पनि निकै रोचक छ। जस्तै गाउँ, शहर, जंगल, ऋतु तथा बुद्ध भिक्षाटन् जाँदा प्रकृतिले गरेको सहयोग र रोपाइको दृश्यावलोकन आदि। यसभन्दा पनि रमाइलो र सारगर्भित कुरा केछ भने सर्वसाधारण खेतीसँग बुद्धले तुलना गरेको धार्मिक खेतीको छलफल भनौं वा प्रश्नोत्तर भनौं यो **कसिभारद्वाजसँग** मात्र होइन हामीसँग गरको अनुभव हुन्छ। यसलाई—श्रद्धा, तप, प्रज्ञा, लज्जा, चित्त र स्मृतिलाई खेतीको साधन हलोसँग दाँजिएको छ भने अर्कोतिर क्रमिकरूपमा सिकिने गणित विद्या-सँग—शील र इन्द्रियसंयम, बुद्ध नियममा जाग्रतता र विनयता, आवश्यक भोजन, पञ्चनीवरण, रूपावचरध्यान आदि विभिन्न संयमसँग दाँजिएको छ। यसै प्रसंगमा जतिसुकै ठूलो महापुरुष भएपनि नुनको सोजो गर्नुपर्छ भन्ने कुरालाई प्रस्तुत संग्रहले संगालेको छ भन्ने कुरा कसैको भोजन ग्रहण गरिसक्नेवित्तिकै उपदेशविना बुद्ध वा अन्य भिक्षुहरू त्यसै उठेर गएको पाइँदैन र कुनै कुनै सद्उपायहरू समाजलाई सिकाएरै गएको अनुभव हुन्छ। यसैको साथसाथै संसारमा (त्यसवेलाको संसारको) के भइरहेछ भन्ने कुरामा पनि बुद्ध जस्ता महापुरुषहरूको ध्यान बराबर गइरहेको र त्यस्ताको उद्धार गर्ने काममा पनि संलग्न भएको कुरा पनि बिर्सिने खालको छैन भने अर्कोतिर यौटा समाजबाट प्रतिष्ठा पाएको व्यक्ति सम्बन्धित समाजको अगाडि कुनैसँग बाहिरीरूपमा नझुक्ने

Downloaded from http://www.dhamma.digital

कुराको वर्णन पनि बडो घतलाग्दो किसिमबाट भएको पाइन्छ। जसको परम्परागत साङ्लो आजसम्म पनि चुँडिएको छैन जसले गर्दा आफ्नो व्यक्तित्वमा आघात पर्ने मात्र होइन दानापानी नै समेत हरिने सम्भावनालाई यहाँ अंकित गर्न खोजेको छ। जसको सार कूटदन्त र जाणुस्सोणिसँग सम्बन्धित सोणदण्डको चरित्रबाट झिक्न सकिन्छ।

बुद्धधर्ममा प्रवेश गर्ने बित्तिकै इहलोक र परलोकमा निश्चितरूपमा सुख पाइन्छ भनेर बुद्धधर्मले न त भनेको छ न त बुद्धधर्म नै त्यति सस्तो र सजिलो हो। खास गरेर यस संग्रहले कतातिर औंल्याएको छ भने—जसको जस्तो बुद्धि र काम छ त्यसले त्यस्तै फल पाउँछ भन्ने कुरालाई सार्थक पार्दै सबै भिक्षुहरू निर्वाणगामिनी हुन नसक्ने विषयमा राम्ररी व्याख्या गरिएको छ। बुद्धधर्मले केवल निर्वाणको वा अन्य पथबाट हिंड्ने बाटो मात्र देखाउन सक्छ हिंडाइदिन भने सक्तैन भनेर यसमा देखाइएको छ। त्यस्तै ध्यान सम्बन्धी कुराहरूमा पनि।

उक्त कुराहरूकै प्रसंगमा यस संग्रहको सार खोज्दै जाँदा जाँदै शरीर, वाक्, कर्म र मन यी चारतत्वलाई शीलसंयमी भई ठीक ठाउँमा प्रयोग गर्नुपर्दछ भन्ने निश्चयमा पुगिन्छ र यसो गर्नसके स्वर्ग र नसके नरक पुगिन्छ भन्ने कुरामा गएर अडेको छ तथा गच्छे अनुसार गर्नसक्ने अन्य विभिन्न मार्गको मार्गहरू पनि देखाउँदा देखाउँदै अन्त्यमा निर्वाणको बाटो देखाएर विश्राम लिएको छ।

अन्त्यमा—

पालि (मागधि) वाङ्मयबाट नेपालीमा रूपान्तर गरिएको

Downloaded from http://www.dhamma.digital

प्रस्तुत संग्रहलाई विशेषरूपमा परिचय गराउने कामलाई सपरिश्रम छानबीन तथा खोजी गरी बुद्धकालीन विभिन्न वर्गका पात्रहरूको संग्रह गरी प्रत्येक नेपाली समक्ष पुऱ्याइदिनकोनिमित्त अविच्छिन्नरूपमा परिश्रम गरिरहनु हुने अनुवादक आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले प्रत्येक पात्रको परिचय र आवश्यक ठाउँहरूमा पादटिप्पणी समेत राखिदिनु भएकोले पाठक वा अनुसन्धान गर्नेहरूकोनिमित्त ठूलो मद्दत भएको छ । यसको साथसाथै भाषा निकै सरल भएर पनि तत्कालीन शैलीमै रूपान्तर भएको हुँदा झन् सुनमा सुगन्ध थपिएको अनुभव हुन्छ । किनभने आधुनिक शैलीमै नेपालीमा अनुवाद भइदिएको भए तत्कालीन भाषाशैली कुनप्रकारको थियो होला भनेर खोजी गर्नुपर्ने अर्को धोको बाँकी नै रहने थियो । अब त्यो पनि रहेको छैन । सायद यसैलाई लक्ष गरेर नै अनुवादकज्यूले अनुवाद गर्नुभएको हो भनेर प्रष्टसँग भन्नसकिन्छ । यसै विषयलाई लिएर मैले पनि यसभन्दा अघिका बुद्धकालीन विभिन्न संग्रहहरूको भूमिकाहरूमा पनि लेखिसकेको छु ।

— वटुकृष्ण "भूषण"
विजयेश्वरी, काठमाडौं ।
११ । ७ । २०३४

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# प्राक्कथन

"पालि त्रिपिटक साहित्यका कुराहरू बुद्धजन्मभूमी नेपालको राष्ट्रभाषा नेपालीमा पनि उपलब्ध गराउनपाए बेशहुने थियो" भन्ने एक मात्र अभिप्रायले प्रेरित भई मूलपालिबाट मात्र खोजीगरी बुद्धकालका पात्रहरूको वर्गीकरणगरे अनुसार विक्रम सम्बत् २०२८ चैत्र २५ गते सर्वप्रथम 'बुद्धकालीन ब्राह्मण' नामक पहिलो पुस्तकको पहिलो भाग प्रकाशित भएको थियो । पहिलो चरणको त्यस कार्यकालको पाँचवर्षभित्र जम्मा दशवटा ग्रन्थहरू प्रकाशित भएका छन् ।

अब उप्रान्त, बुद्धकालीन ब्राह्मण आदि प्रकाशित भइसकेका प्रत्येक पहिलो भागका दोश्रा र तेश्रा भाग गरी, उपलब्ध हुने विषयवस्तु अनुसार संग्रह गर्ने लक्ष राखेको छु । यस अनुसार प्रस्तुत पुस्तक 'बुद्धकालीन ब्राह्मण' दोश्रो भाग हो र तेश्रो भाग प्रेसमा पठाइसकेको छु । तेश्रो भागबाट बुद्धकालीन ब्राह्मणको संग्रह सम्बन्धी कार्य समाप्ति हुने छ ।

× × ×

Downloaded from http://www.dhamma.digital

यस पुस्तकमा जम्मा चौध पात्रहरूका कुराहरू समावेश भएका छन्। यी कुराहरू सबै मूलपालिबाट संग्रह गरेको छु। पाठकवर्गहरूको सुविधाको लागि अकारादि क्रमले नामहरू राखिदिएको छु। जस अनुसार यस संग्रहमा 'अ' देखि 'न' सम्मका नामहरू संग्रह भएका छन्। तेश्रो भागमा चाहिं 'प' देखि 'ह्' सम्मका नामहरूको संग्रह रहनेछ। यस संग्रहमा संग्रहित भएका चौदह (१४) पात्रहरूको सम्बन्धमा जम्मा छब्बीस (२६) सूत्रहरूले सुसज्जित पारेका छन्। यी २६ सूत्रहरूमा दीघनिकायबाट-१, मज्झिमनिकायबाट-८, अङ्गुत्तरनिकाय-बाट-१०, संयुत्तनिकायबाट-४ तथा सुत्तनिपातबाट-३ छन्। यिनीहरूको विवरण यसप्रकार छन्—

| | | |
|---|---|---|
| | **१. अजित माणव** | पृष्ठ[1] |
| १. | सुत्त. नि. पृ. ४२४: अजितमाणवपुच्छा | ११ |
| | **२. अस्सलायन माणव** | |
| २. | म. नि. II. पृ. ४०३: अस्सलायनसुत्तं | १८ |
| | **३. उदायी ब्राह्मण** | |
| ३. | अं. नि--४ पृ. ४५: उदायीसुत्तं | ४१ |
| | **४. कसिभारद्वाज ब्राह्मण** | |
| ४. | सं. नि. I. पृ. १७१: कसिभारद्वाजसुत्तं | ५६ |
| | सुत्त. नि. पृ. २८०: कसिभारद्वाजसुत्तं | |

१. यसै पुस्तकको पृष्ठ।

Downloaded from http://www.dhamma.digital

### ५. कूटदन्त ब्राह्मण

| | | | |
|---|---|---|---|
| ५. | दी. नि. I. पृ. | १०९: कूटदन्तसुत्तं | ८३ |

### ६. गणकमोग्गल्लान ब्राह्मण

| | | | |
|---|---|---|---|
| ६. | म. नि. III. पृ. | ६१: गणकमोग्गल्लानसुत्तं | १६५ |

### ७. गोपकमोग्गल्लान ब्राह्मण

| | | | |
|---|---|---|---|
| ७. | म. नि. III. पृ. | ६८: गोपकमोग्गल्लानसुत्तं | १८१ |

### ८. घोटमुख ब्राह्मण

| | | | |
|---|---|---|---|
| ८. | म. नि. II. पृ. | ४१४: घोटमुखसुत्तं | २०८ |

### ९. जाणुस्सोणि ब्राह्मण

| | | | |
|---|---|---|---|
| ९. | स. नि. IV. पृ. | ६: जाणुस्सोणि ब्राह्मणसुत्तं | २६० |
| १०. | अं. नि–१० पृ | ३०३: ब्राह्मणपच्चोरोहणीसुत्तं | २६५ |
| ११. | अं. नि–१० पृ. | २९०: पठमपच्चोरोहणीसुत्तं | २७० |
| १२. | अं. नि–३ पृ. | १५३: जाणुस्सोणिसुत्तं | २७५ |
| १३. | अं. नि–४ पृ. | १८४: अभयसुत्तं | २८६ |
| १४. | अं. नि–२ पृ. | ५४: अधिकरणसुत्तं | २९१ |
| १५. | अं. नि–१० पृ. | ३२१: जाणुस्सोणिसुत्तं | २९६ |
| १६. | अं. नि–६ पृ. | ७५: खत्तियसुत्तं | ३०८ |
| १७. | अं. नि–७ पृ. | १९४: मेथुनसुत्तं | ३१२ |
| १८. | सं. नि. II. पृ. | ६५: जाणुस्सोणिसुत्तं | ३१९ |
| १९. | म. नि. I. पृ. | २२६: चूलहत्थिपदोपमसुत्तं | ३२२ |
| २०. | म. नि. I. पृ. | २३: भयभेरवसुत्तं | ३४३ |
| २१. | अं. नि–३ पृ. | १४६: निब्बुतसुत्तं | ३८१ |


Downloaded from http://www.dhamma.digital

### १०. तिस्समेत्तेय्य माणव

२२. सुत्त. नि. पृ. ४२५: तिस्समेत्तेय्यमाणवपुच्छा ३८६

### ११. देवहित ब्राह्मण

२३. सं. नि. I. पृ. १७४: देवहितसुत्तं

### १२. धनञ्जानि ब्राह्मण

२४. म. नि. II. पृ. ४४९: धनञ्जानिसुत्तं ३९८

### १३. नगरविन्देय्यक ब्राह्मणहरू

२५. म. नि. III. पृ. ३९४: नगरविन्देय्यकसुत्तं ४२४

### १४. नन्द माणव

२६. सुत्त. नि. पृ. ४३१: नन्दमाणवपुच्छा ४३३

Dhamma.Digital

× × ×

यहाँका पात्रहरूको नाम पालि अनुरूपनै राखिदिएको छु। त्यसको रूपान्तर कथाको शुरुमा अथवा सूत्रको शुरुमा कोष्ठभित्र दिएको छु। पाठकहरूको सुविधाको लागि सूत्रमा उल्लेख भएका केही विशेष शब्दहरूको स्पष्टिकरणहरू अर्थकथामा उल्लेख भए अनुसार सम्बन्धित ठाउँहरूमा पादटिप्पणीहरू लेखिदिएको छु। यसको अलावा प्रत्येक पात्रको परिचयमा चाहिं सम्बन्धित पात्रहरूको विषयमा अरू कुनै ग्रन्थहरूमा उल्लेख भएका र यथासंभव खोजीगरी पाएका कारणहरूलाई पनि समावेश गरिदिएको छु।

Downloaded from http://www.dhamma.digital

जाणुस्सोणि ब्राह्मण सम्बन्धी भेटिएका जुन तेह्र सूत्रहरू छन् तिनीहरू भने आफूले चिन्तन तथा मनन गरे अनुसार क्रमबद्ध तरिकाले राखिदिएको हुँ ।

दुइ हातले मात्र रोटी पकाउन सकिन्छ भन्ने उक्ति झैं यी संग्रहहरू संकलन गरी पुस्तकको रूपमा तयार पार्ने काममा पनि त्यस्तै नै सिद्ध भएको छ भन्नुमा कतिपनि अतिशयोक्ति हुने छैन । जस्तै मैले निरन्तररूपले यी संग्रहहरू तयार पार्ने काममा दत्तचित्त भई समय लगाएको छु त्यस्तैगरी प्रा. श्री वटुकृष्ण 'भूषण' ज्यूले पनि निरन्तररूपले सहयोग दिदै आउनु भएको छ । मेरो लागि यो ठूलो सौभाग्यको कुरा हो । यदि वहाँबाट भाषासंशोधन तथा प्रूफ हेरिदिने काममा समेत निरन्तर सहयोग नपाएकोभए कदाचित म एक्लैले यी ग्रन्थहरू पाठक-वर्गहरूको सन्मुख प्रस्तुत गर्न सक्नेथिइन होला ।

प्रस्तुत पुस्तक तयारपार्ने काममा अघि जस्तै आयुष्मान कुमार कश्यपले नामावली आदिको प्रारम्भिक लेखाइको काम र आयुष्मान् महानामद्वारा त्यसको प्रारम्भिक वर्गिकरणको काम गरिदिनु भएकोमा वहाँहरू प्रति धन्यवाद ज्ञापन गरेको छु । नेपालीमा लेखेको प्राक्कथनको अंग्रेजीमा रूपान्तर गरी प्रिफेस लेखिदिनु भएकोमा श्री कृष्णबहादुर मानन्धरज्यू र विद्वतापूर्वक भूमिका लेखिदिनु भएकोमा प्रा. श्री वटुकृष्ण 'भूषण' ज्यूलाई पनि धन्यवाद नदिई रहन सक्दिन । दिनहुँ झैं प्रेसबाट प्रूफ ल्याउने र लैजाने काम गरिदिएकोमा श्री खड्गबहादुर उपासकलाई तथा यो पुस्तक पनि प्रकाशित गरिदिएकोमा आनन्दकुटी विहार गुठीका

Downloaded from http://www.dhamma.digital

सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर सहित गुठीका सबै सदस्यहरू-लाई पनि धन्यवाद ज्ञापन गरेको छु। अन्तमा श्री राधेश्याम सराफज्यू-लाई पनि हार्दिक धन्यवाद दिएको छु जसले उदारतापूर्वक यस ग्रन्थको लागि २० रीम कागज प्रदान गर्नु भएको छ।

'चिरं तिट्ठतु सद्धम्मो'

—भिक्षु अमृतानन्द

आनन्द कुटी,
काठमाडौं, नेपाल।
२०३४ कार्तिक १७, बुधबार
फोन : १४४२०

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## मूल ग्रन्थहरू—

दीघनिकाय

मज्झिमनिकाय

अङ्गुत्तरनिकाय

संयुत्तनिकाय

सुत्तनिपात

---

## सहायक ग्रन्थहरू—

दीघनिकायट्ठकथा वा सुमङ्गलविलासिनी ।

मज्झिमनिकायट्ठकथा वा पपञ्चसूदनी ।

अङ्गुत्तरनिकायट्ठकथा वा मनोरथपूरणी ।

संयुत्तनिकायट्ठकथा वा सारत्थपकासिनी ।

सुत्तनिपातट्ठकथा वा परमत्थजोतिका ।

अपदानपालि ।

अपदानट्ठकथा ।

थेरागाथापालि ।

थेरगाथट्ठकथा ।

Downloaded from http://www.dhamma.digital

विसुद्धिमग्गो ।

पटिसम्भिदामग्गट्ठकथा ।

हिन्दी मज्झिम निकाय ।

हिन्दी दीघनिकाय ।

हिन्दी सुत्तनिपात ।

उदानट्ठकथा ।

समन्तपासादिका ।

जातकट्ठकथा ।

महावग्गपालि ।

अभिधम्मट्ठसङ्गहो ।

महानिद्देसपालि ।

बुद्धवंसपालि ।

बुद्धकालीन ब्राह्मण भाग–१

बुद्धकालीन परिव्राजकहरू भाग–१

बुद्धकालीन राजपरिवार भाग–१

Downloaded from http://www.dhamma.digital

# संकेत-शब्दको अर्थ—

अप. दा. पा. = अपदानपालि ।

अप. दा. अ. क. = अपदानट्ठकथा ।

अभि. ध. सं. = अभिधम्मट्ठसङ्गहो ।

अं. नि. = अङ्गुत्तरनिकाय ।

अं. अ. क.<br>
अं. नि. अ. क. } = अङ्गुत्तरनिकायट्ठकथा ।

उदा. अ. क. = उदानअट्ठकथा ।

जा. अ. क. = जातकट्ठकथा ।

दी. नि. = दीघनिकायो ।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा ।

पटि. म. पा. = पटिसम्भिदामग्गो ।

पटि. म. अ. क. = पटिसम्भिदाट्ठकथा ।

पपं. सू. = पपञ्चसूदनी ।

बु. वं. पा. = बुद्धवंसपालि ।

बु. भा. भू. = बुद्धकालीन भारतीय भूगोल ।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मण ।

बु. प. = बुद्धकालीन परिव्राजकहरू ।

बु. रा. = बुद्धकालीन राजपरिवार ।

Downloaded from http://www.dhamma.digital

बु. श्रावि. = बुद्धकालीन श्राविका चरित ।

बु. श्रा. = बुद्धकालीन श्रावक चरित ।

बु. म. = बुद्धकालीन महिलाहरू ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु. प्रे. = बुद्धकालीन प्रेतकथा ।

भा. = भाग ।

म. नि. = मज्झिमनिकायो ।

म. नि. अ. क. = मज्झिमनिकायट्ठकथा ।

मनो. र. पू. = मनोरथपूरणी ।

महा. व. पा. = महावग्गपालि ।

महा. नि. पा. = महानिद्देसपालि ।

विसु. म. = विसुद्धिमग्गो ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

थेर गा. पा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथट्ठकथा ।

सम. पा. = समन्तपासादिका ।

सुत्त. नि. पा. = सुत्तनिपातपालि ।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा ।

सं. नि. = संयुत्तनिकायो ।

सं. नि. अ. क. = संयुत्तनिकायट्ठकथा ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

हि. म. नि. = हिन्दी मज्झिमनिकाय ।

Downloaded from http://www.dhamma.digital

हि. सुत्त. नि. = हिन्दी सुत्तनिपात ।

हि. दी. नि. = हिन्दी दीघनिकाय ।

हि. विसु. म. = हिन्दी विशुद्धिमग्ग ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# त्रि-पिटक-सूची

**सुत्तपिटक :**

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

**विनयपिटक :**

१–पाराजिकपालि } सुत्तविभङ्ग
२–पाचित्तियपालि }
३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि }
५–परिवारपालि

**अभिधम्मपिटक :**

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

Downloaded from http://www.dhamma.digital

# विषय - सूची


| | विषयः | पृष्टः | पृष्टः |
|---|---|---|---|
| १. | अजित माणव | १–१५ | |
| | परिचय | | १ |
| | अतीतकथा | | १ |
| | वर्तमानकथा | | २ |
| १– | यो लोक केले ढाकेको छ ? | | ११ |
| २. | अस्सलायन माणव | १६–३७ | |
| | परिचय | | १६ |
| १– | चारैवर्णको शुद्धि | | १८ |
| | ब्राह्मणवादको खण्डन | | २१ |
| | असित देवल ऋषिका कुरा | | ३२ |
| ३. | उदायी ब्राह्मण | ३८–४३ | |
| | परिचय | | ३८ |
| १– | बुद्ध, हिंसायुक्त यज्ञको वर्णन गर्नुहुन्न | | ४१ |
| ४. | कसिभारद्वाज ब्राह्मण | ४४–८० | |
| | परिचय | | ४४ |


Downloaded from http://www.dhamma.digital

| विषयः | पृष्ठः | पृष्ठः |
|---|---|---|
| कसिभारद्वाजको रोपाइँ | | ४४ |
| बुद्धको दिनचर्या | | ४७ |
| (भोजन पहिलेको चर्या, भोजनपछिको चर्या, पूर्वयामिक चर्या, मध्ययामिक चर्या, पश्चिमयामिक चर्या) | | |
| १– खेती गरेर खाऊ | | ५६ |
| ५. कूटदन्त ब्राह्मण | ८१–१६३ | |
| परिचय | | ८१ |
| १– अहिंसामय यज्ञ | | ८३ |
| हिंसामय महायज्ञको तयारी | | ८५ |
| कल्याण कीर्ति शब्द | | ८६ |
| ब्राह्मणहरूद्वारा कूटदन्तको वर्णन | | ९८ |
| कूटदन्त ब्राह्मणद्वारा बुद्धको वर्णन | | १०३ |
| कूटदन्त ब्राह्मण बुद्धकहाँ गए | | ११७ |
| महाविजित राजाको कथा | | ११८ |
| चार अनुमतिपक्ष यज्ञ-परिष्कार | | १२३ |
| राजाका आठ अङ्ग पनि यज्ञ-परिष्कार | | १२५ |
| पुरोहितका चार अङ्ग पनि यज्ञ-परिष्कार | | १२७ |
| तीन विधि | | १२८ |
| दश ठाउँमा चित्त खिन्न पार्नुहुन्न | | १२९ |

Downloaded from http://www.dhamma.digital

| विषयः | पृष्ठः | पृष्ठः |
|---|---|---|
| राजाको चित्तलाई सोह्रप्रकारले हर्षित पारे | | १३२ |
| घिउ तेलद्वारा यज्ञको समाप्ति | | १३८ |
| ब्राह्मणहरूद्वारा अनुमोदन | | १४३ |
| महत्फलतर यज्ञहरू | | १४४ |
| (दानमय-यज्ञ, शरणमय-यज्ञ, शिक्षापद-यज्ञ, तथागत उत्पन्न, शीलमय-यज्ञ, समाधिमय-यज्ञ, प्रज्ञामय-यज्ञ) | | |
| कूटवन्त ब्राह्मणको उपासकत्व ग्रहण | | १६० |
| ६. गणकमोग्गल्लान ब्राह्मण | १६४–१७७ | |
| परिचय | | १६४ |
| १– बुद्धधर्ममा क्रमानुकूल शिक्षा | | १६५ |
| क्रमिक-शिक्षा | | १६६ |
| (इन्द्रियसंयम, भोजनमा मात्राज्ञता, जाग्रतता, स्मृतिसम्प्रजन्यता, पञ्चनीवरण, रूपावचरध्यान) | | |
| तथागत मार्गदेशक हुनुहुन्छ | | १७२ |
| राजगृह जाने बाटो | | १७३ |
| गणकमोग्गल्लानको प्रसन्नता | | १७५ |
| ७. गोपकमोग्गल्लान ब्राह्मण | १७८–२०५ | |
| परिचय | | १७८ |
| गोपक नामका व्यक्तिहरू | | १८० |

Downloaded from http://www.dhamma.digital

| विषयः | पृष्टः | पृष्टः |
|---|---|---|
| १– अनुत्पन्न मार्गलाई उत्पादन गर्ने बुद्ध | | १८१ |
| वर्षकार ब्राह्मण आनन्दसँग | | १८४ |
| परिनिर्वाणपछिको प्रतिशरणनै धर्म हो | | १८५ |
| दश-प्रसादनीय धर्महरू | | १९१ |
| तथागतद्वारा वर्णित ध्यान | | १९९ |
| ८. घोटमुख ब्राह्मण | २०६–२४७ | |
| परिचय | | २०६ |
| १– आयुष्मान् उदेनको धर्मोपदेश | | २०८ |
| चारप्रकारका पुद्गलहरू | | २१० |
| दुइप्रकारका परिषद् | | २१३ |
| आफूलाई तापदिने पुद्गल | | २१६ |
| अर्कालाई तापदिने पुद्गल | | २१९ |
| आफूलाई र अर्कालाई तापदिने पुद्गल | | २१९ |
| आफूलाई र अर्कालाई ताप नदिने पुद्गल (तथागत उत्पन्न, प्रव्रजित हुन्छ, शीलस्कन्ध, सन्तुष्टिता, इन्द्रियसंवर, सम्प्रजन्यकारी, पञ्चनीवरण, प्रथमादिध्यान, पूर्वानुस्मृति, च्युति-उत्पत्ति-ज्ञान, आस्रवक्षय-ज्ञान) | | २२० |
| घोटमुख ब्राह्मणको शरणागमन | | २४४ |
| जति टाढा भएपनि बुद्धकहाँ जाने थिएँ | | २४४ |
| घोटमुख ब्राह्मणले दानशाला बनाइदिए | | २४६ |

Downloaded from http://www.dhamma.digital

| विषयः | पृष्ठः | पृष्ठः |
|---|---|---|
| ६. जाणुस्सोणि ब्राह्मण | २४६–३८३ | |
| परिचय | | २४९ |
| जानुस्सोणि ब्राह्मणको गमनलीला | | २५१ |
| जानुस्सोणि ब्राह्मणको बुद्धसँग सत्संगत | | २५३ |
| जानुस्सोणि ब्राह्मणको बुद्धवन्दना | | २५६ |
| जाणुस्सोणि नामहरू | | २५८ |
| १– ब्रह्मरथ | | २६० |
| २– ब्राह्मणहरूको प्रत्यावरोहणी | | २६५ |
| ३– आर्यप्रत्यावरोहणी | | २७० |
| ४– त्रिविद्या | | २७५ |
| (प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान, चतुर्थध्यान, प्रथमविद्या, द्वितीयविद्या, तृतीयविद्या) | | |
| ५– मृत्यु देखेर नडराउने कुनै छैन | | २८६ |
| ६– सुगति दुर्गति जानाको कारण के हो ? | | २९१ |
| ७– श्राद्धको फल पितृहरूले पाउँन सक्छन् के ? | | २९६ |
| ८– कस्को के इच्छा हुन्छ ? | | ३०८ |
| (क्षत्री-इच्छा, ब्राह्मण-इच्छा, गृहपति-इच्छा, स्त्री-इच्छा, चोर-इच्छा, श्रमण-इच्छा) | | |
| ९– सप्त-मैथुन | | ३१२ |
| १०– दुइ अन्तहरू | | ३१९ |

Downloaded from http://www.dhamma.digital

| विषयः | पृष्ठः | पृष्ठः |
|---|---|---|
| ११– सानो हात्तीको पाइला | | ३२५ |
| श्रमण गौतममा चार चिह्नहरू | | ३२६ |
| जाणुस्सोणि ब्राह्मणको नमस्कार | | ३३१ |
| हात्ती पाइलाका उपमाहरू (तथागत उत्पन्न, शीलस्कन्ध, पञ्चनीवरण, प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान, चतुर्थ-ध्यान, पूर्वानुस्मरण, दिव्यचक्षु, आस्रवक्षय) | | ३३२ |
| १२– अरण्य वनखण्डमा भय-भैरव हुन्छ | | ३४३ |
| बोधिसत्वको आत्मकथा | | ३४८ |
| बोधिसत्व भय-भैरवबाट टाढा छ | | ३६३ |
| उत्तरोत्तर बोधिसत्वको समापत्ति (रूपावचरध्यान, पूर्वानुस्मरण-ज्ञान, च्युति-उत्पत्ति-ज्ञान, आस्रवक्षय-ज्ञान) | | ३६६ |
| अरण्यविहार गर्नुमा दुइकारण | | ३७९ |
| १३– कसरी सांदृष्टिक निर्वाण हुन्छ ? | | ३८१ |
| १०. तिस्समेत्तेय्य माणव | ३८४–३८७ | |
| परिचय | | ३८४ |
| १– तिस्समेत्तेय्य माणवको प्रश्न | | ३८६ |
| ११. देवहित ब्राह्मण | ३८८–३९५ | |
| परिचय | | ३८८ |
| १– तातोपानी-दान | | ३८९ |


Downloaded from http://www.dhamma.digital

| विषयः | पृष्ठः | पृष्ठः |
|---|---|---|
| १२. धनञ्जानि ब्राह्मण | ३९६–४२२ | |
| परिचय | | ३९६ |
| १– धनञ्जानि ब्राह्मणसँग सारिपुत्र | | ३९८ |
| अधर्मचारी नर्कबाट मुक्त हुन सक्तैन | | ४०२ |
| अधर्मचारी र धर्मचारीमध्ये कुन उत्तम | | ४०८ |
| बिरामी धनञ्जानिकहाँ सारिपुत्र | | ४१४ |
| ब्रह्मयानको उपदेश | | ४१७ |
| धनञ्जानि ब्राह्मण ब्रह्मलोकमा उत्पन्न भए | | ४२१ |
| १३. नगरविन्दय्यक ब्राह्मणहरू | ४२३–४३० | |
| परिचय | | ४२३ |
| १– कस्ता श्रमण ब्राह्मणहरूको सत्कारगर्नु पर्दैन ? | | ४२४ |
| कस्ता श्रमण ब्राह्मणहरूको सत्कारगर्नु पर्छ ? | | ४२७ |
| १४. नन्द माणव | ४३१–४४४ | |
| परिचय | | ४३१ |
| १– नन्द माणवको प्रश्न | | ४३२ |
| नामावली | | ४४५ |
| शब्दावली | | ४६४ |
| गाथा-सूची | | ५४१ |


Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन ब्राह्मण

[ भाग-२ ]

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# १. अजित माणव

## प रि च य

### अतीत कथा

अपदानपालि अनुसार पद्मोत्तर बुद्धको[1] पालामा यी अजित माणव त्रिदण्डधारी तपस्वी भई हिमाल प्रदेशमा बसेकाथिए र मधु, तेल तथा प्रदीपद्वारा यिनले पद्मोत्तर बुद्धलाई पूजा गरेकाथिए[2] ।

यिनको प्रदीपपूजालाई स्वीकारगरी पद्मोत्तर बुद्धले त्यसको फल प्रकाश पार्नुहुँदै यस्तो भन्नुभयो –

"जसले मलाई यो प्रदीपदान गर्‍यो उ भविष्यको साठीहजार कल्पसम्म देवलोकमा अभिरमण गर्नेछ । हजार पटकसम्म चक्रवर्ती राजा

---

१. दीपंकर बुद्धदेखि लिएर दशौं बुद्ध हुन् । बु. वं. पा. पृ. ३३७: पदुमुत्तरबुद्धवंसो ।

२. "तिदण्डके गहेत्वान, अब्भोकासे ठपेसहं ।

पदीपं पज्जलित्वान, अट्ठक्खत्तुं अवन्दहं ।।"

अप. दा. पा. I. पृ. ४२१: अजितत्थेर अपदानं, गा. नं. ४९०

Downloaded from http://www.dhamma.digital

हुनेछ। छत्तीस पटकसम्म देवेन्द्र हुनेछ र सातशय पटकसम्म पृथ्वीको राजाभई राज्य चलाउने छ...[१]। अनि एकलाख कल्पपछि **ओक्काक** कुलमा गौतम गोत्र नामक शास्ता लोकमा उत्पन्न हुनुहुनेछ र जसको धर्ममा दीक्षित भई आस्रव क्षीणगरी, **शाक्यसिंह गौतम** सम्यक् सम्बुद्धलाई रिझाउने छ र उसको नाम **अजित** रहनेछ[२]।"

यसरी **पद्मोत्तर बुद्धबाट** भविष्यवाणी पाएका यी **अजित माणव** संसारमा घुम्दैफिर्दै एकान्नब्बे कल्पमा **विपश्वी बुद्धलाई** पनि यिनले आफ्नै हातले कपित्थफल (= Wood aple) दानदिएका थिए भन्ने कुरा **थेरगाथा अट्ठकथाले** उल्लेख गरेको छ[३]।

## वर्तमान कथा

त्यसपछि पनि अनेक कुशल कर्महरू गरी अनेक देवलोकहरूमा संचरण गरी यस भद्रकल्पमा **शाक्यमुनि गौतमबुद्ध** उत्पन्न हुनुभन्दा अगावै **श्रावस्तीमा महाकोशल राजाको** अग्रासनिक ब्राह्मणको पुत्र-

---

१. "सट्ठिकप्पसहस्सानि, देवलोके रमिस्सति।
सहस्सक्खत्तुं राजा च, चक्कवत्ती भविस्सति॥
"छत्तिसक्खत्तुं देविन्दो, देवरज्जं करिस्सति।
पथवियं सत्तसतं, विपुलं रज्जं करिस्सति॥..." अप. दा. पा. I. पृ. ४२२: अजितत्थेर अपदानं, गा. नं. ४९९, ५००

२. अप. दा. पा. I. पृ. ४२२: अजितत्थेर अपदानं, गा. नं. ५०६–०८

३. थेर. गा. अ. क. I. पृ. ७३: अजितत्थेरस्स गाथावण्णना।

Downloaded from http://www.dhamma.digital

भई उनी जन्मे । उनको नाम अजित थियो । त्यसबखत तीन महापुरुष-लक्षणहरूले युक्त भएका, तीनै वेदमा पारंगत बावरी[1] भन्ने ब्राह्मण श्रावस्तीबाट निस्केर तापस भेष लिई प्रव्रजित भई गोदावरीको तीरमा कपित्थतीर्थाराममा बसेका थिए । अजित माणव बावरीको भाञ्जा[2] थिए र पछि उनी बावरीकहाँ गई प्रव्रजित भए[3] । अजित माणवका एकहजार शिष्यहरू पनि थिए[4] ।

उपरोक्त आराममा बसिरहेको वेलामा एकदिन अर्थकामी एक देवताको कुरा सुनेर अजित सहित[5] सबै सोह्र शिष्यहरूलाई बोलाई बावरी ब्राह्मणले यस्तो भने—

"हे शिष्य हो ! लोकमा बुद्ध उत्पन्न भए भनी भन्दछन् । हो होइन बुझेर आओ[6] ।

बावरी ब्राह्मणले बुद्धसंग सोध्ने प्रश्नहरू पनि अजित माणव-लाई सिकाएका थिए । यी सबै कुराहरू बावरी ब्राह्मणको कुरामा[7] विस्तृतरूपले उल्लेख भएका छन् । बावरी ब्राह्मणले यस्तो पनि सोचेका

---

१. बावरी ब्राह्मणका कुराहरू बु. ब्रा. भा–३ मा उल्लेख भएका छन् ।
२. अं. अ. क. I. पृ. १८४: मोघराजकथा ।
३. थेर. गा. अ. क. I. पृ. ७३: अजितत्थेरस्सगाथावण्णना ।
४. सुत्त. नि. अ. क. पृ. ४६८: अजितसुत्तवण्णना ।
५. थेर. गा. अ. क. I. पृ. ७२: अजितत्थेरस्सगाथावण्णना ।
६. अं. अ. क. I. पृ. १८३: मोघराज कथा ।
७. बु. ब्रा. भा–३ मा ।

Downloaded from http://www.dhamma.digital

थिए कि—"यी ब्राह्मण माणवहरू सबै विद्वान् छन् । बुद्धको उपदेश सुनेपछि यिनीहरू मकहाँ फर्केर आउलान् वा नआउलान् भन्नसकिन्न ।" यति सोचेर आफ्ना भाञ्जा अजित माणवलाई बोलाई बावरी ब्राह्मणले यस्तो भने—

"अरूहरू फर्केर आए पनि नआए पनि तिमी चाहिं फर्केर आई अवश्य पनि मलाई समाचार भन्न आउनुपर्छ[१] ।"

अनि बावरी ब्राह्मणलाई अभिवादन गरी बावरीको जेठो शिष्यहुने अजित माणव अरू साथी शिष्यहरूका साथ उत्तराभिमुख भई अलक देशको राजधानी प्रतिष्ठान नगर, महिष्मती, उज्जैन, गोनद्धपुर, वेदिस, वनसह्वय, कौशम्बी तथा साकेत हुँदै श्रावस्ती पुगे[२] । त्यस समय बुद्ध भगवान् श्रावस्तीमा नभई राजगृहस्थित पाषाणक चैत्यमा हुनुहुन्थ्यो । अनि अजित माणवहरू पनि सेतव्य, कपिलवस्तु, कुशीनगर, पावा, भोगनगर र वैशाली भई क्रमशः मगध राजधानी राजगृहमा पुगी पाषाणक चैत्यमा पुगे[३] ।

त्यहाँ पुगेपछि बुद्धको शरीरमा महापुरुषलक्षणहरू देखेर अजित माणवले बावरी ब्राह्मणले सिकाए बमोजिम बुद्धसँग मनले प्रश्नहरू सोधे । अनि बुद्धबाट प्रश्नहरूको उत्तर सुनिसकेपछि अजित माणव हर्षले गद् गद् भए र उनीहरू सबैले बुद्धको चरणकमलमा शीरले ढोगे ।

---

१. अं. अ. क. I. पृ. १८४: मोघराजकथा ।

२. सुत्त. नि. पा. पृ. ४२२: वत्थुगाथा, पारायणवग्गो ।

३. सुत्त. नि. पा. पृ. ४२२: वत्थुगाथा, पारायणवग्गो ।

Downloaded from http://www.dhamma.digital

यस विषयका जम्मै कुराहरू **बावरी** ब्राह्मणको कुरामा उल्लेख भएका छन् ।

**अजित माणवले** मनले सोधेका प्रश्नहरूका उत्तरहरू दिइसक्नु भएपछि **बुद्ध भगवान्ले** अरू पनि केही सोध्न चाहन्छौ भने सोध भनी उनीहरूलाई भन्नुभयो । अनि सर्वप्रथम **अजित माणवले** बुद्धसँग प्रश्न सोधे । जुन कुरा अगाडि अनुदित मूल सूत्रमा छ ।

प्रश्नका उत्तरहरू सुनिसकेपछि, उपदेशको अन्तमा **अजित माणव** आफ्ना एकहजार (१०००) शिष्यहरूका साथ अरहत्वमा प्रतिष्ठित भए भनी **सुत्तनिपातट्ठकथाले**[१] उल्लेख गरेको छ ।

**थेरगाथा अट्ठकथामा** चाहिं प्रश्नका उत्तरहरू सुनिसकेपछि प्रसन्नतापूर्वक **अजित माणव** भगवान्कहाँ प्रव्रजित भई कर्मस्थान (=ध्यान) ग्रहण गरी, विपश्यना ध्यान अभिवृद्धिगरी अरहत् भएको कुरा उल्लेख भएको छ[२] ।

अरहत्वमा प्रतिष्ठित भइसकेपछि जब **अजित माणवले** भगवान्सँग भिक्षुत्वकोनिमित्त प्रार्थना गरे तब भगवान्ले हात पसारी— "आऊ भिक्षु" भनी भन्नुभयो र तदनन्तर **अजित माणव** सहित उनका सबै एकहजार शिष्यहरूका चर्म, वल्कल तथा जटाहरू सबै अन्तर्धान भए र शीरमा दुइ औंला जति मात्र केश बाँकीरहे । अनि ऋद्धिमय पात्र-

१. पृ. ४६८: अजितसुत्तवण्णना ।

२. थेर. गा. अ. क. I. पृ. ७३: अजितत्थेरस्सगाथावण्णना ।

Downloaded from http://www.dhamma.digital

चीवर धारी भिक्षुहरू भई उनीहरू सबै भगवान्को अगाडि दुइहातजोरी नमस्कार गरी बसे[१]।

अरहत् भइसकेर भिक्षुजीवन बिताई बसिरहनु भएका आयुष्मान् अजितले आफ्नो प्रीतिवाक्य प्रकटगर्दै थेरगाथापालिमा यस्तो भन्नु भएको छ—

"मरणे मे भयं नत्थि, निकन्ति[२] नत्थि जीविते।
सन्देहं निक्खिपिस्सामि, सम्पजानो पटिस्सतो[३]'ति[४] ॥"

अर्थ—

"मरणमा मलाई भयछैन, जीवनमा अनुराग छैन, छाड्नुपर्ने यो देहलाई स्मृतियुक्त भई छाड्ने छु।"

आफ्नो पूर्व चरित्रको अनुस्मरण गर्नुहुँदै वहाँले अपदानपालिमा यस्तो उल्लेख गर्नुभएको छ—

१. "तुसिताहं चवित्वान, ओक्कमिं मातुकुच्छियं[५]।
जायमानस्स सन्तस्स, आलोको विपुलो अहु ॥

१. सुत्त. नि. अ. क. पृ. ४६८: अजितसुत्तवण्णना।
२. स्याम र रोमनमा: 'निकत्ती'।
३. सिंहल, स्याम र रोमनमा: 'पतिस्सतो'।
४. थेर. गा. पा. पृ. २३८: अजितत्थेरगाथा।
५. स्याममा: 'मातुकुच्छिया'।

Downloaded from http://www.dhamma.digital

२. "अगारा अभिनिक्खम्म, पब्बजिं अनगारियं ।
बावरिं उपसङ्कम्म, सिस्सत्तं अज्झुपागमिं ॥

३. "हिमवन्ते वसन्तोहं, अस्सोसिं लोकनायकं ।
उत्तमत्थं गवेसन्तो, उपगच्छिं विनायकं ॥

४. "दन्तो बुद्धो दमेतावी[१], ओघतिण्णो निरूपधि ।
निब्बानं कथयी बुद्धो, सब्बदुक्खप्पमोचनं ॥

५. "तं मे आगमनं सिद्धं, तोसितोहं महामुनिं ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥

६. "सतसहस्सितो कप्पे, यं दीपमददिं तदा ।
दुग्गतिं नाभिजानामि, दीपदानस्सिदं फलं ॥

७. "किलेसा झापिता मय्हं, भवा सब्बे समूहता ।
नागोव बन्धनं छेत्वा, विहरामि अनासवो ॥

८. "स्वागतं वत मे आसि, मम बुद्धस्स सन्तिके ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥

९. "पटिसम्भिदा चतस्सो, विमोक्खा पि च अट्ठमे ।
छलभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं'ति[२] ॥"

---

१. स्याममा: 'दमेतापि' ।

२. अप. दा. पा. I. पृ. ४२३: अजितत्थेर अपदानं गा. नं. ५११ देखि ५१९

Downloaded from http://www.dhamma.digital

**अर्थ—**

१–"तुषित लोकबाट च्युतभई मातृकोखमा उत्पन्न भएँ, मातृकोखबाट जन्मिदा महत् आलोक निस्केको थियो ।

२–"घरबाट निस्केर अनगारिय तथा प्रव्रजित भई बावरी ब्राह्मणकहाँ गई उनको शिष्य भएँ ।

३–"हिमवन्तमा[१] बसिरहेको मैले लोकनायकको बारेमा कुरा सुनें अनि उत्तमार्थको खोज गर्दै विनायककहाँ म गएँ ।

४–"सबै इन्द्रियहरूलाई दमन गरी दान्त हुनुभएका, संसाररूपी बाढीबाट उत्तीर्ण हुनुभएका बुद्धले मलाई सबै दुःखबाट प्रमुक्त भएको निर्वाणको कुरा बताउनुभयो ।

५–"महामुनिलाई मैले रिझाएँ, मेरो आगमन सफल भयो, तीन विद्यालाई प्राप्तगरें र बुद्धशासनलाई पालन गरें ।

६–"यहाँदेखि एकलाख कल्प अघि जुन प्रदीप मैले दानदिएको थिएँ, त्यस पुण्यकर्मको प्रभावद्वारा मैले दुर्गति भनेको जानिन—सोही प्रदीपदानको यो फल हो ।

७–"मेरा सबै क्लेशहरू भस्मभइसकेका छन्, सबै भवतृष्णाहरू

१. सुत्त. नि. पा. पृ. ४१९: वत्थुगाथामा चाहिं गोदावरीको तीरमा बसिरहेको कुरा उल्लेख भएको छ। तर यहाँ अपदानपालिमा चाहिं हिमवन्तमा भन्ने उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

**नाश भइसकेका छन्, अब म बन्धन चुँडाली बस्ने हात्ती (=नाग[१]) जस्तै अनास्रवी भई विहार गर्दछु ।**

**८–"मेरा बुद्धका अगाडि मेरो स्वागत नै छ, तीन विद्या[२] प्राप्तगरी मैले बुद्धशासन पूरागरेको छु ।**

**९–"चार-प्रतिसम्भिदा[३], आठ-विमोक्ष[४], तथा छ-अभिज्ञाहरू[५] समेत प्राप्तगरी मैले बुद्धशासनलाई पूरागरेको छु ।"**

---

१. क-कस्तालाई 'नाग' भनिन्छ भन्ने सम्बन्धमा अं. नि–६ पृ. ५९: नागसुत्तं, धम्मिकवग्गमा हेर्नू ।

२. पूर्वेनिवासानुस्मृति, दिव्यचक्षु र आस्रवक्षय ज्ञानहरूलाई 'तीन-विद्या' भनिन्छ । यस सम्बन्धका कुराहरू तल जाणुस्सौणि ब्राह्मणको कथामा उल्लेख भएका छन् ।

३. १. अर्थ-प्रतिसम्भिदा, २. धर्म-प्रतिसम्भिदा, ३. निरुक्ति-प्रतिसम्भिदा, तथा ४. प्रतिभान-प्रतिसम्भिदा । यी चार प्रतिसम्भिदालाई 'चार-प्रतिसम्भिदा' भनिएको हो । विसु. म. पृ. ३२९: परिच्छेद–१४; हेर लेखकको बु. म. भा–१, पृ. २०९ को पादटिप्पणीमा ।

४. 'आठ-विमोक्ष' भनेका के के हुन् भन्ने सम्बन्धका कुराहरू लेखकको बु. प. भा–१, पृ. ४४८ मा हेर्नू ।

५. (१) ऋद्धिविधज्ञान, (२) दिव्यश्रोतज्ञान, (३) दिव्यचक्षुज्ञान, (४) चेतोपरियज्ञान, (५) पूर्वेनिवासानुस्मृतिज्ञान तथा (६) आस्रवक्षयज्ञानलाई 'छ अभिज्ञाहरू' भनिएको हो । पटि. म. अ. क. पृ. ९६: सच्छिकातब्बनिद्देसवण्णना–७; हेर लेखकको बु. प. भा–१, पृ. ५९२–९४ मा पनि ।

Downloaded from http://www.dhamma.digital

यसरी बावरी ब्राह्मणका शिष्य अजित माणव बुद्धधर्ममा दीक्षित भई आफ्ना एकहजार शिष्यहरूकासाथ अरहत् भए ।

अजित नाम भएका व्यक्तिहरू पालिसाहित्यमा कति छन् भन्ने कुरा बु. प. भा–१, पृ. १०० मा उल्लेख गरिसकेको छु ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–यो लोक केले ढाकेको छ ?

(अजित—)

१. "केनस्सु निवुतो लोको, (इच्चायस्मा अजितो) केनस्सु नप्पकासति ।
किस्साभिलेपनं ब्रूसि, किंसु तस्स महब्भयं[१] ॥"

अर्थ—

१–"केले लोकलाई ढाकेको छ ?
के कारणले प्रकाश हुन्न ?
केलाई अभिलेप भन्नुहुन्छ ?
त्यसको महाभय के हो ?"

(बुद्ध—)

२. "अविज्जाय निवुतो लोको, (अजिताति भगवा) पमादा नप्पकासति ।
जप्पाभिलेपनं ब्रूमि, दुक्खमस्स महब्भयं ॥"

---

१. सुत्त. नि. पृ. ४२४: अजितमाणवपुच्छा, अ. क. ४६७

Downloaded from http://www.dhamma.digital

**अर्थ—**

**२–"लोकलाई अविद्याले ढाकेको छ,**
**मात्सर्यता र प्रमादले गर्दा प्रकाश हुन्न[१] ।**
**तृष्णालाई अभिलेप (=मल) भन्दछु,**
**दुःख नै उसको महाभय हो ।।"**

**(अजित—)**

३. "सवन्ति सब्बधि सोता, (इच्चायस्मा अजितो) सोतानं किं निवारणं ।
सोतानं संवरं ब्रूहि, केन सोता पिधिय्यरे[२] ।।"

**अर्थ—**

**३–"जतातत‍ै स्रोतधारहरू[३] बध्दैछन्,**
**स्रोतधारलाई केले निवारण गर्नसकिन्छ ?**
**स्रोतधार बन्दगर्ने उपाय बताउनुहोस्,**
**केले स्रोतधार बन्द हुन्छ ?"**

---

१. मात्सर्यता आदिले गर्दा दानादि कुशलकार्यमा बाधा पुऱ्याउँछ तथा प्रमादले शीलादि गुणधर्ममा बाधा पुऱ्याउँछ । त्यसैले 'प्रकाश हुन्न' भनी भनिएको हो । सुत्त. नि. अ. क. पृ. ४६७: अजितसुत्तवण्णना ।

२. स्याम र रोमनमाः 'पिथिय्यरे'; सिंहलमाः 'पिथीय्यरे' ।

३. सबै रूपादि आयतनहरूमा तृष्णादि स्रोतहरू बघ्दछन् । यस्तै स्रोतलाई यहाँ स्रोत भनिएको हो । सुत्त. नि. अ. क. पृ. ४६७: अजितसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(बुद्ध—)

४. "यानि सोतानि लोकस्मिं, (अजिताति भगवा) सति तेसं निवारणं[१] ।
सोतानं संवरं ब्रूमि, पञ्ञायेते पिधिय्यरे ॥"

**अर्थ—**

**४–"लोकमा जति स्रोतधारहरू छन्, त्यस्को निवारण नै स्मृति हो । यो स्रोतहरू स्मृति र प्रज्ञाद्वारा बन्दहुन्छन् भनी भन्दछु[२] ।"**

(अजित—)

५. "पञ्ञा चेव सति[३] यं च[३], (इच्चायस्मा अजितो) नामरूपं च मारिस ।
एतं मे पुट्ठो पब्रूहि, कत्थेतं उपरुज्झति ॥"

**अर्थ—**

**५–"हे मारिष ! जुन प्रज्ञा र स्मृति हुन् तथा जुन् नामरूपहरू हुन्—यिनीहरू कहाँ निरुद्ध हुन्छन् अर्थात् कहाँ अन्त हुन्छन् ? यो मैले सोधेको प्रश्नको उत्तर दिनुहोस् ।"**

---

१. सिंहलमा: 'निव्वारणा' ।

२. रूपादि विषयहरूमा जुन तृष्णादि स्रोतहरू हुन्छन्—ती सबै अनित्यादि प्रतिवेधज्ञानद्वारा मार्गप्रज्ञाले निवारण हुन्छ अर्थात् बन्दहुन्छ। सुत्त. नि. अ. क. पृ. ४६८: अजितसुत्तवण्णना ।

३-३. सिंहलमा: 'सति चेव'; स्याम र रोमनमा: 'सति च' ।

Downloaded from http://www.dhamma.digital

(बुद्ध—)

६. "यमेतं पञ्हं अपुच्छि, अजित तं वदामि ते।
यत्थ नामं च रूपं च, असेसं उपरुज्झति।
विञ्ञाणस्स निरोधेन, एत्थेतं उपरुज्झति॥"

**अर्थ—**

**६–"हे अजित ! जो तिमीले 'नाम-रूप[१] कहाँ निश्शेषरूपले निरुद्ध हुन्छ ?' भनी प्रश्न सोध्यौ त्यस्को म उत्तर दिन्छु—जब विज्ञानको निरुद्ध हुन्छ तब त्यो त्यहीं निरुद्ध हुन्छ।"**

---

१. माथि गा. नं. ५ को प्रश्न सोधाइमा 'प्रज्ञा र स्मृति' भन्ने उल्लेख भएको छ। तर बुद्धले दिनु भएको उत्तरमा 'प्रज्ञा र स्मृति' को उल्लेख किन नभएको होला ? भन्ने सम्बन्धमा अट्ठकथाले "त्यहाँ गा. नं. ५ मा उल्लेख भएको 'प्रज्ञा र स्मृतिद्वारा' 'नाम' लाई लक्ष गरिएको हुँदा उत्तरमा बुद्धले 'नाम र रूप' मात्र प्रयोग गर्नुभएको हो" भनी उल्लेख गरेको छ। सुत्त. नि. अ. क. पृ. ४६८: अजित-सुत्तवण्णना।

बौद्ध दार्शनिक भाषामा—वेदना, संज्ञा, संस्कार तथा विज्ञान-स्कन्धलाई 'नाम' र रूपस्कन्धलाई (= अचेतन तत्वलाई) 'रूप' भनिएको हो भनी सबै ठाउँहरूमा बुझ्न सक्नुपर्छ। 'रूप' भन्नाले आँखाले देखिने रूप-वर्णलाई मात्र भनिएको होइन। त्यस्तै-भरी 'नाम' भन्नाले कसैको नामलाई 'नाम' भनिएको होइन भन्ने कुरा पनि बुझ्न सक्नुपर्छ।

Downloaded from http://www.dhamma.digital

(अजित—)

७. "ये च सङ्खात धम्मासे, ये च सेखा[1] पुथू इध ।
तेसं मे निपको इरियं, पुट्ठो पब्रूहि मारिस ॥"

**अर्थ—**

**७–"जो संख्यात धर्म (=अरहत्), हो जो शैक्ष (=सिकीरहने, आर्य) हो, जो अरू पृथक्जन (=साधारण मानिस) हुन्—तिनीहरूको चर्याको सम्बन्धमा म सोध्दछु; पण्डितहुनु भएका तपाइले बताउनुहोस् ।"**

(बुद्ध—)

८. "कामेसु नाभिगिज्झेय्य, मनसानाविलो सिया ।
कुसलो सब्बधम्मानं, सतो भिक्खु परिब्बजे'ति ॥"

**अर्थ—**

**८–"कामविषयमा लोभ नगर्नु, मनमा मलिनता नराख्नु, सबै धर्ममा कुशल हुनु—यही हो स्मृतिमान् भिक्षुको चर्या ।"**

---

१. सं. नि. II. पृ. ४१: भूतसुत्तं, निदानसंयुत्तंमा पनि यो गाथा उल्लेख भएको छ । त्यहाँ 'सेक्खा' उल्लेख भएको छ । त्यहाँ भगवान् बुद्धले आयुष्मान् सारिपुत्रलाई यो गाथाको अर्थ बताउनु भएको छ ।

Downloaded from http://www.dhamma.digital

# २. अस्सलायन माणव

## परिचय

**अस्सलायन** (=अश्वलायन) गोत्रको आधारमा नामकरण गरिएका एक सोह्लवर्षीय ब्राह्मणलाई यहाँ अनुदित मूल सूत्रमा "**अस्सलायन माणव**" भनिएको हो। यिनी विद्वान् तथा तीनै वेदमा पारङ्गत थिए। बुद्धसँग भेट्नुभन्दा अगाडिदेखि नै यिनमा बुद्धप्रति आस्था रहेको कुरा सूत्रद्वारा बुझिन्छ। त्यसैले जब ब्राह्मणहरूले "**श्रमण गौतमसँग** वादगर्नकोनिमित्त जाऔं" भनी यिनलाई आह्वान गरे तब यिनले आफू जान नचाहेको कुरा व्यक्त गरेका मात्र होइनन् धार्मिक श्रमण गौतमसँग वादगर्ने क्षमता आफूमा नभएको कुरा पनि स्पष्ट शब्दमा बताएका थिए।

किन्तु धेरै जिद्दीगरेपछि यिनी **भगवान्कहाँ** गएका थिए र भगवान्को कुरा सुनी प्रसन्नभई भगवान् बुद्धकै शरणमापरी आफू उपासकत्वमा रहेको घोषणा पनि गरेका थिए।

**अपदानपालिले**—"माता चन्दवती नाम, पिता **अस्सलायन**...[1]" अर्थात्—"मेरी माता चन्द्रवती र पिता **अस्सलायन**

1. अप. दा. पा. II. पृ. १२७: महाकोट्ठिकत्थेरअपदानं, गा. नं. २४३

Downloaded from http://www.dhamma.digital

हुन्···" भनी महाकोट्ठिक स्थविरले आफ्नो अपदानमा उल्लेख गरे-अनुसार यस्तो बुझिन्छ कि अस्सलायन माणव महाकोट्ठिक स्थविरका पिता थिए। किन्तु यस सम्बन्धमा अपदानट्ठकथाले कुनै कुरा उल्लेख गरेको छैन। अरू विशेष कुराहरू अगाडि अनुदित सूत्रमै उल्लेख भएका छन्।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १—चारैवर्णको शुद्धि

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यसवखत कुनै कामले[२] विभिन्न राज्यहरूबाट[३] आएका पाँचशय ब्राह्मणहरू श्रावस्तीमा बसिरहेका थिए । अनि ती ब्राह्मणहरूको मनमा यस्तो लाग्यो—

"यी श्रमण गौतम चारै वर्णका शुद्धि बताउँछन्[४] । श्रमण गौतमसँग यस वचन (=विषय) मा प्रतिवाद गर्नसक्ने को होला?"

---

१. म. नि. II. पृ. ४०३: अस्सलायनसुत्तं, अ. क. III. पृ. २८१

२. यज्ञादि गर्ने कुनै अनियमित काम । पपं. सू. III. पृ. २८१: अस्सलायनसुत्तवण्णना ।

३. अङ्गमगध आदि विभिन्न राज्यहरूबाट । पपं. सू. III. पृ. २८१: अस्सलायनसुत्तवण्णना ।

४. हामी ब्राह्मणहरू चाहिं स्नानशुद्धि र भावनाशुद्धिद्वारा ब्राह्मणहरू मात्र शुद्धि हुन्छन् भनी भन्दछौं । तर यी श्रमण गौतमले चाहिं चारैवर्णहरू शुद्धि हुन्छन् भनी भन्दछन् । श्रमण गौतमले अयोग्य भन्दछन् । पपं. सू. III. पृ. २८१: अस्सलायनसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

त्यसवखत **अस्सलायन** ( =अश्वलायन) भन्ने माणव **श्रावस्तीमा** बस्दथे। उनी तरुण, शीरमुण्डन गरेका, जन्मले सोह्रवर्ष पुगेका, तीनै वेदमा पारङ्गत; निघण्टू, केटुभ ( =कौस्तुभ), अक्षरप्रभेद तथा इतिहास सहित पाँचौ ग्रन्थहरू, पदशास्त्र, व्याकरण, लोकायत ( =भौतिकवाद) तथा लक्षण-शास्त्रमा पनि निपुण थिए। अनि ती ब्राह्मणहरूलाई यस्तो लाग्यो—

"यी **अस्सलायन माणव श्रावस्तीमा** बस्दछन्। उनी तरुण, शीरमुण्डन गरेका,...[1] लोकायत तथा लक्षण-शास्त्रमा पनि निपुण छन्।"

अनि ती ब्राह्मणहरू जहाँ **अस्सलायन माणव** थिए त्यहाँ गए; त्यहाँ पुगेपछि **अस्सलायन माणवलाई** यस्तो भने—"भो **अस्सलायन**! यी श्रमण **गौतम** चारैवर्णहरू शुद्धि हुन्छन् भनी भन्दछन्। श्रमण गौतमका साथ यस विषयमा प्रतिवाद गर्न तपाइ **अस्सलायन** आउनुहोस्।"

यस्तो भन्दा, **अस्सलायन** माणवले ती ब्राह्मणहरूलाई यस्तो भने—"भो! श्रमण **गौतम** धर्मवादी हुनुहुन्छ। धर्मवादीसँग प्रतिवाद गर्न कठिन पर्छ। श्रमण **गौतमसँग** यस विषयमा प्रतिवाद गर्न म असमर्थछु।"

दोश्रो पटक पनि ती ब्राह्मणहरूले अस्सलायन माणवलाई यस्तो भने—"भो **अस्सलायन**! यी श्रमण गौतम चारैवर्णहरू शुद्धि हुन्छन्

१. माथि जस्तै दोहऱ्याई पढ्नू।

Downloaded from http://www.dhamma.digital

भनी भन्दछन् । श्रमण गौतमका साथ यस विषयमा प्रतिवाद गर्न तपाइ **अस्सलायन** आउनुहोस् । तपाइ अस्सलायनले परिव्राजक विधानहरू जम्मै अभ्यास गरिसक्नु भएको छ[१] ।"

दोश्रो पटक पनि **अस्सलायन माणवले** ती ब्राह्मणहरूलाई यस्तो भने—"भो ! **श्रमण गौतम** धर्मवादी हुनुहुन्छ । धर्मवादीसँग प्रतिवाद गर्न कठिन पर्छ । श्रमण गौतमसँग यस विषयमा प्रतिवाद गर्न म असमर्थ छु ।"

तेश्रो पटक पनि ती ब्राह्मणहरूले **अस्सलायन माणवलाई** यस्तो भने—"भो अस्सलायन ! यी श्रमण गौतम चारैवर्णहरू शुद्धि हुन्छन् भनी भन्दछन् । श्रमण गौतमका साथ यस विषयमा प्रतिवाद गर्न तपाइ अस्सलायन आउनुहोस् । तपाइ अस्सलायनले परिव्राजक विधानहरू जम्मै अभ्यास गरिसक्नु भएको छ । तपाइ **अस्सलायन** युद्ध नगरिकनै पराजित भए जस्तै पराजित नहुनुहोस् ।"

यस्तो भन्दा **अस्सलायन माणवले** ती ब्राह्मणहरूलाई यस्तो भने—"यति भन्दा पनि तपाइहरूबाट मैले मुक्ति पाइन । भो ! श्रमण

---

१. भनाइको तात्पर्य त्रिवेद अध्ययन गरेर सबभन्दा पछि प्रव्रजित हुनेहरूले जुन मन्त्रद्वारा प्रव्रजित हुन्छन् र जुन मन्त्रहरू परिहरण गर्छन्—ती सबै तपाइ अस्सलायनले अभ्यास गरिसक्नु भएको छ भनिएको हो । अतः पराजित हुने सवालै उठ्दैन, तपाइको जयनै हुनेछ भन्ने सोची उनीहरूले यस्तो भनेका हुन् भनी पपं. सू. III. पृ. २८१: अस्सलायनसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

गौतम धर्मवादी हुनुहुन्छ । धर्मवादीसँग प्रतिवाद गर्न कठिन पर्छ । श्रमण गौतमसँग यस विषयमा प्रतिवाद गर्न म असमर्थछु । किन्तु अब म तपाइहरूको वचनले गर्दा जानेछु ।"

## ब्राह्मणवादको खण्डन

(१) अनि **अस्सलायन माणव** धेरै ब्राह्मणहरूका साथ जहाँ भगवान् हुनुहुन्छ त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका **अस्सलायन माणवले** भगवान्लाई यस्तो भने—

"भो **गौतम** ! ब्राह्मणहरू यस्तो भन्दछन् कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण ( =जात) हुन्, अरू वर्ण हीन हुन्; ब्राह्मणहरू नै शुक्लवर्ण हुन्, अरू वर्ण कृष्णवर्ण हुन् । ब्राह्मणहरू नै शुद्धि हुन्छन्, अ-ब्राह्मणहरू हुन्नन् । ब्राह्मणहरू नै ब्रह्माका औरस पुत्रहरू हुन्, मुखबाट निस्केका हुन्, ब्रह्मजः हुन्, ब्रह्मनिर्मित हुन् तथा ब्रह्मदायाद हुन् ( =ब्रह्माले दिएको पाउने) । यस विषयमा तपाइ **गौतम** के भन्नुहुन्छ ?"

"**अस्सलायन** ! किन्तु ब्राह्मणहरूका ब्राह्मणीहरू ऋतुमती[१] भएका पनि, गर्भिणी भएका पनि, जन्माउनेहरू पनि, दूध पियाउनेहरू

१. पुत्रलाभ गर्नकोनिमित्त ब्राह्मणहरूले ब्राह्मणीहरूसँग आवाह-विवाह गरेका पनि देखिन्छन् । अनि पछि गएर उनीहरू ऋतुमती आदि भएका पनि देखिन्छन् । पपं. सू. III. पृ. २८१: अस्सलायनसुत्त-वण्णना ।

Downloaded from http://www.dhamma.digital

पनि देखिन्छन् । ब्राह्मणीहरूको योनीमार्गबाट उत्पन्न भएर पनि उनीहरू (= ब्राह्मणहरू) यस्तो भन्दछन्[१] कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन्; ब्राह्मणहरू नै शुक्लवर्ण हुन्, अरू वर्ण हीन हुन् । ब्राह्मणहरू नै शुद्धि हुन्छन्, अ-ब्राह्मणहरू हुन्नन् । ब्राह्मणहरू नै ब्रह्माका औरस पुत्रहरू हुन्,…ब्रह्मदायाद हुन् ।"

"यद्यपि तपाइ **गौतम** यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि—ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन हुन्;….ब्राह्मणहरू नै ब्रह्माका औरस पुत्रहरू हुन्,….ब्रह्मदायाद हुन् ।"

(२) "**अस्सलायन**! तिमीले सुनेका छौ के—**योन कम्बोज**[२]

---

१. ब्राह्मणहरू ब्राह्मणीहरूको योनीमार्गबाट उत्पन्न भएर पनि उनीहरू ब्राह्मण नै श्रेष्ठ तथा ब्राह्मणहरू ब्रह्माको मुखबाट उत्पन्न भएका हुन् भनी भन्दछन् । यदि उनीहरूको वचन सत्यहो भने—ब्राह्मणीहरूको पेट नै महाब्रह्माको छाती हुन्छ; ब्राह्मणीहरूको योनीमार्ग नै महाब्रह्माको मुख हुन्छ । 'छातीमा बसेर मुखबाट उत्पन्न भएका ह्वौं' भनी भन्न नपाउन् भन्ने कुरा दर्शाउनकोनिमित्त सूत्रमा 'योनिमार्गबाट उत्पन्न भएर पनि…' भन्ने आदि कुरा उल्लेख भएको हो भनी पपं. सू. III. पृ. २८१: अस्सलायनसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. योन देश र कम्बोज देशमध्ये कम्बोज देश त्यसताकाका सोह्र जनपदहरूमध्ये एक थियो भन्ने कुरा अं. नि–८, पृ. ३५३: विसाखसुत्तमा उल्लेख भएको छ । जसको अनुवाद लेखकको बु.म. भा–१,

Downloaded from http://www.dhamma.digital

**र अरू पनि प्रत्यन्त जनपदहरूमा दुवै मात्र वर्णहरू (=जातिहरू) छन्—आर्य र दाश। आर्य भएर दाश पनि हुन्छ[1], दाश भएर आर्य पनि हुन्छ। यस बारेमा तिमी के भन्दछौ त?"**

---

पृ. १३३ मा र लेखकको बु. रा. भा–१, पृ. ९६ को पादटिप्पणीमा उल्लेख भएको छ।

वर्तमान समयमा यो देश कहाँ पर्छ भन्ने सम्बन्धमा भरतसिंह उपाध्यायले बु. भा. भू. पृ. ४५६ देखि ४६१ सम्म विस्तृतरूपमा छलफल गरेका छन्। हालको निश्चय अनुसार ईरानलाई भन्न सकिन्छ भनी उपरोक्त ग्रन्थमै उल्लेख भएको छ।

'योन' को संस्कृत रूपान्तर 'यवन' हो र यो देश हालको ग्रीस हो भन्ने विचार भरतसिंह उपाध्यायले वहाँको बु. भा. भू. पृ. ४७३ मा लेखेका छन्।

१. कुनै ब्राह्मण ब्यापार गर्दै भार्यासहित योन देश अथवा कम्बोज देशमा पुग्छ र ब्राह्मण मर्छ। उसको पुत्र नभएकोले ब्राह्मणीले दाशसँग अथवा कामदारसँग संवास गर्छे। यसबाट वालक जन्मिन्छ। सो वालक दाश नै हुन्छ। सो वालक उसको धनसम्पत्तिको अंस्यारी हुन्छ। सो वालक आमाबाट शुद्ध र बाबुबाट अशुद्ध हुन्छ। उ ब्यापार गर्दै मध्यप्रदेशमा गई ब्राह्मणी कुमारी लिन्छ र उसको गर्भबाट पुत्र पाउँछ। त्यो पनि आमाबाट शुद्ध र बाबुबाट अशुद्ध हुन्छ। यसरी ब्राह्मण धर्ममै जातिसम्भेद देखिन्छ भन्ने कुरा दर्शाउनकोनिमित्त यो कुरा गरिएको हो। पपं. सू. III. पृ. २८१–८२: अस्सलायनसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

"भो ! हो, मैले पनि सुनेको छु कि—**योन कम्बोज** र अरू पनि प्रत्यन्त जनपदहरूमा दुवै मात्र वर्णहरू छन्—आर्य र दाश। आर्य भएर दाश पनि हुनसक्छ, दाश भएर आर्य पनि हुनसक्छ।"

"**अस्सलायन** ! त्यसोभए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त[1] ?—जहाँ कि ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन हुन्;....?"

"यद्यपि तपाइ गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सोच्दछन् कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन्;....।"

(३) "**अस्सलायन** ! प्राणातिपाती, अदिन्नादायी, काममिथ्या-चारी, मृषावादी, पैशुन्यवादी, परुषभाषी, सम्प्रलापी, लोभी, द्वेषी तथा मिथ्यादृष्टिक हुने क्षत्रीहरू मात्र शरीर छाडी मरणपछि अपाय दुर्गति विनिपात तथा नरकमा उत्पन्न हुन्छन् र ब्राह्मणहरू हुँदैनन् कि[2] ? प्राणातिपाती,....तथा मिथ्यादृष्टिक हुने वैश्यहरू मात्र शरीर छाडी.... नरकमा उत्पन्न हुन्छन् र ब्राह्मणहरू हुँदैनन् कि ? प्राणातिपाती.... तथा मिथ्यादृष्टिक हुने शूद्रहरू मात्र शरीर छाडी....नरकमा उत्पन्न हुन्छन् र ब्राह्मणहरू हुँदैनन् कि ? यस विषयमा तिमी के भन्दछौ ?"

१. दास भएका दास नै हुन्छन् र आर्य भएका आर्य नै हुन्छन् तथा ब्राह्मणहरू नै श्रेष्ठ हुन्छन् भन्नेमा ब्राह्मणहरूको के शक्ति रह्यो त ? पपं. सू. III. पृ. २८२: अस्सलायनसुत्तवण्णना।

२. भनाइको तात्पर्य प्राणीहिंसादि गर्ने क्षत्री, वैश्य, शूद्रहरू मात्रै नरक-मा जान्छन् कि अथवा ब्राह्मणहरू पनि जान्छन् भनी सोधिएको हो।

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! त्यसो होइन, प्राणातिपाती,...क्षत्रीहरू पनि,... नरकमा जान्छन् । भो गौतम ! प्राणातिपाती ब्राह्मणहरू पनि,... नरकमा जान्छन्,...भो गौतम ! प्राणातिपाती वैश्यहरू पनि,... नरकमा जान्छन्,...भो गौतम ! प्राणातिपाती शूद्रहरू पनि,... नरकमा जान्छन् ।"

"अस्सलायन ! त्यसो भए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ? ..."

"यद्यपि तपाइ गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन्...।"

(४) "अस्सलायन ! प्राणीघातबाट विरत हुने, अदिन्नादानबाट विरत हुने, काममिथ्याचारबाट विरत हुने, मृषावादबाट विरत हुने, पैशुन्यवादबाट विरत हुने, परुषवाचाबाट विरत हुने, सम्प्रलापबाट विरत हुने, निर्लोभी, अद्वेषी तथा सम्यक्दृष्टिक हुने ब्राह्मणहरू मात्रै शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छन् र क्षत्रीहरू, वैश्यहरू, शूद्रहरू उत्पन्न हुन सक्दैनन् ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यसो होइन । प्राणीघातबाट विरत हुने,...तथा सम्यक्दृष्टिक हुने क्षत्रीहरू पनि, ब्राह्मणहरू पनि, वैश्यहरू पनि, शूद्रहरू पनि, शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छन् । भो गौतम ! प्राणीघातबाट विरत हुने, अदिन्नादानबाट विरत हुने,

Downloaded from http://www.dhamma.digital

काममिथ्याचारबाट विरत हुने, मृषावादबाट विरत हुने, पैशुन्यवादबाट विरत हुने, परुषवाचाबाट विरत हुने, सम्प्रलापबाट विरत हुने, निर्लोभी, अद्वेषी तथा सम्यक्‌दृष्टिक हुने सबै चारवर्णहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छन् ।"

"**अस्सलायन** ! त्यसोभए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ?..."

"यद्यपि तपाइ **गौतम** यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन् . ।"

(५) "**अस्सलायन** ! के त ब्राह्मणहरूले यस प्रदेशमा (=यो संसारमा) वैररहित, द्वेषरहित भई मैत्रीचित्तको भावना गर्न सक्छन् र क्षत्रीहरूले, वैश्यहरूले र शूद्रहरूले सक्दैनन् ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो **गौतम** ! त्यसो होइन। क्षत्रीहरूले पनि यस प्रदेशमा वैररहित, द्वेषरहित भई मैत्रीचित्तको भावना गर्न सक्छन्; भो गौतम ! ब्राह्मणहरूले पनि,...वैश्यहरूले पनि,...शूद्रहरूले पनि यस प्रदेशमा... मैत्रीचित्तको भावना गर्न सक्छन् । भो गौतम ! सबै चारबर्णहरूले यस प्रदेशमा वैररहित, द्वेषरहित भई मैत्रीचित्तको भावना गर्न सक्छन् ।"

"**अस्सलायन** ! त्यसोभए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ?..."

"यद्यपि तपाइ **गौतम** यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू

Downloaded from http://www.dhamma.digital

चाहिँ यस्तै सम्भन्छन् कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन्,...।"

(६) "अस्सलायन! ब्राह्मणहरूले मात्र सोत्तिसिनानिं (=स्नानचूर्ण=साबुन आदि) लिई नदीमा गई मैलो फाल्न सक्छन् र क्षत्री, वैश्य र शूद्रहरूले सक्दैनन् ?"

"भो गौतम! त्यसो होइन। क्षत्रीहरूले पनि,...ब्राह्मणहरूले पनि,...वैश्यहरूले पनि,...शूद्रहरूले पनि सोत्तिसिनानिं लिई नदीमा गई मैलो फाल्न सक्छन्। भो गौतम! सबै चारवर्णहरूले सोत्तिसिनानिं लिई नदीमा गई मैलो फाल्न सक्छन्।"

"अस्सलायन! त्यसोभए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ?..."

"यद्यपि तपाइ गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्भन्छन् कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन्;...।"

(७) "अस्सलायन! यहाँ, अभिषेक प्राप्त क्षत्री राजाले विभिन्न जातिका एक शय पुरुषहरूलाई एकत्रित पारी यसो भन्छन्—'जो यहाँ क्षत्री कुलबाट, ब्राह्मण कुलबाट, राजन्य कुलबाट उत्पन्न भएका हुनुहुन्छ तपाइहरू यहाँ आउनुहोस्। तपाइहरूले शालको काठबाट, सल्लाको काठबाट, चन्दनको काठबाट अथवा पदुम (=रुखकमल) को काठबाट अरणी लिई आगो बाल्नुहोस्, ज्वाला (=तेज) निकाल्नुहोस्।

Downloaded from http://www.dhamma.digital

जो यहाँ चण्डालकुलबाट, निषादकुलबाट, वेणुकुलबाट, सार्कीकुलबाट, पुक्कुसकुलबाट उत्पन्न भएका छन् तिनीहरू पनि यहाँ आउन् । तिनीहरूले पनि कुकुरलाई खुवाउने द्रोणीबाट, सुगुरलाई खुवाउने द्रोणीबाट, धोबीको लुगाधुने द्रोणीबाट अथवा एणण्डक (=अँणिल) काठबाट अरणी लिई आगो बाल, ज्वाला (=तेज) निकाल ।' अस्सलायन ! जो क्षत्रीकुलबाट, ब्राह्मणकुलबाट, राजन्यकुलबाट उत्पन्न भएका हुन्— तिनीहरूले शालको काठबाट,...अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो, त्यो मात्र अर्चिमान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोले लिनुपर्ने काम[१] पनि लिइन्छ कि अथवा जो ती चण्डालकुलबाट,... उत्पन्न भएका हुन्—तिनीहरूले कुकुरलाई खुवाउने द्रोणीबाट,.....अथवा एणण्डक काठबाट अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो— त्यो पनि अर्चिमान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोले लिनुपर्ने काम पनि लिनसकिन्छ ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यसो होइन । भो गौतम ! जो ती क्षत्रीकुलबाट, ...उत्पन्न भएका हुन्—तिनीहरूले शालको काठबाट...अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो—त्यो पनि अर्चिमान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोद्वारा लिनुपर्ने काम पनि लिनसकिन्छ । त्यस्तैगरी जो चण्डालकुलबाट,...उत्पन्न भएका हुन्— तिनीहरूले कुकुरहरू-

---

१. जाडो हटाउने, अन्धकार हटाउने, तथा खाना पकाउने आदि आगोबाट लिइने कामहरू । पपं. सू. III. पृ. २८२: अस्सलायनसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

लाई खुवाउने द्रोणीबाट,...अथवा एणण्डक काठबाट अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो—त्यो पनि अचिवान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोद्वारा लिनुपर्ने काम पनि लिन सकिन्छ। भो गौतम ! सबै प्रकारबाट उत्पन्न अग्निहरू अचिमान्, वर्णवान् तथा प्रभास्वर हुन्छन् र ती सबै आगाबाट आगाद्वारा लिनुपर्ने काम पनि लिनसकिन्छ।"

"**अस्सलायन** ! त्यसोभए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त के आश्वासन रह्यो त ?..."

"यद्यपि तपाइ **गौतम** यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि—ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन् ; ... ।"

(८) "**अस्सलायन** ! यहाँ क्षत्रीकुमारले ब्राह्मणकन्यासँग सहवास गर्छ, उनीहरूको सहवासको कारणले पुत्र जन्मिन्छ, उसलाई आमा अनुसार ब्राह्मण र बाबु अनुसार क्षत्री हो भनी भन्नुपर्छ कि पर्दैन त ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो **गौतम** ! जो त्यो क्षत्रीकुमारद्वारा ब्राह्मण कन्याबाट पुत्र उत्पन्न भयो, त्यसलाई आमा अनुसार ब्राह्मण र बाबु अनुसार क्षत्री हो भनी भन्नुपर्छ ।"

"**अस्सलायन** ! यहाँ ब्राह्मण कुमारले क्षत्री कन्यासँग सहवास गर्छ, उनीहरूको सहवासको कारणले पुत्र जन्मिन्छ, त्यसलाई बाबु अनुसार

Downloaded from http://www.dhamma.digital

ब्राह्मण र आमा अनुसार क्षत्री हो भनी भन्नुपर्छ कि पर्दैन त ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! जो त्यो ब्राह्मण कुमारद्वारा क्षत्री कन्याबाट पुत्र उत्पन्न भयो, त्यसलाई बाबु अनुसार ब्राह्मण र आमा अनुसार क्षत्री हो भनी भन्नुपर्छ ।"

"अस्सलायन ! (भनौं कि) यहाँ गधाले घोडीसँग सहवास गर्छ, उनीहरूको सहवासको कारणद्वारा बच्चा (=किशोर) जन्मिन्छ; जो त्यो गधाद्वारा घोडीबाट बच्चा (=किशोर) उत्पन्न भयो, उसलाई बाबु अनुसार 'गधा' र आमा अनुसार 'घोडा' हो भनी भन्नुपर्छ कि पर्दैन त ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यो बच्चालाई खच्चर (=अस्सतर=अश्वतर) भन्दछन् । भो गौतम यही यहाँ भेद देख्दछु; तर त्यो अर्को चाहिंमा (माथिको ब्राह्मण क्षत्रीहरूमा) कुनै भेद देखिदन[1] ।"

---

१. जुन कुरा ब्राह्मणहरू चारवर्ण मात्र छन् भनी भन्दछन् त्यस कुराको त्रुटी देखाउनकोनिमित्त माथिका 'क्षत्री कुमार ब्राह्मण कुमारी' भन्ने आदि कुरा भन्नुभएको हो ।

जसरी गधा र घोडीको संयोगबाट उत्पन्न हुने बच्चालाई 'खच्चर' भन्दछन् त्यसरी नै ब्राह्मण र क्षत्रीहरूको संयोगबाट उत्पन्न हुनेलाई अर्को नामकरण गरिने चलन छैन भन्ने अभिप्रायले 'त्यो अर्कोचाहिंमा कुनै भेद देख्दिन' भनी सूत्रमा भनिएको हो । तर भगवान्‌ले चाहिं क्षत्री कुमारद्वारा ब्राह्मण कुमारीबाट पाएकोलाई

Downloaded from http://www.dhamma.digital

(९) "**अस्सलायन** ! (भनौं कि) यहाँ सहोदर दुइ दाजुभाइ माणवहरू छन् । (तीमध्ये) एउटा विद्वान् अध्ययन गरेको अर्को अविद्वान् अध्ययन नगरेको । यी दुइ मध्ये कुनचाहिंलाई प्रथमतः ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-भोज, यज्ञ-भोज अथवा स्वागत-भोज खुवाउँछन् ?"

"भो **गौतम** ! जो त्यो माणव विद्वान् छ अध्ययन गरेको छ—उसलाई प्रथमतः ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-भोज, यज्ञ-भोज अथवा स्वागत-भोज खुवाउँछन् । भो गौतम ! त्यो अविद्वान् अनपढलाई दिएको फल के महान् होला र !"

(१०) "**अस्सलायन** ! (भनौं कि) यहाँ सहोदर दुइ दाजुभाई माणवहरू छन् । (ती मध्ये) एउटा विद्वान् अध्ययन गरेको तर दुराचारी, पापधर्मो; अर्को चाहिं अविद्वान् अनपढ तर सदाचारी कल्याणधर्मो । यी दुइमध्ये कुनचाहिंलाई प्रथमतः ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-भोज, यज्ञ-भोज अथवा स्वागत-भोज खुवाउँछन् त ?"

"भो **गौतम** ! जो त्यो माणव अविद्वान् अनपढ तर सदाचारी कल्याणधर्मो छ—त्यसलाई प्रथमतः ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-

---

'खत्तियपारिसक' र अर्कोलाई 'ब्राह्मणपारिसक' भन्दछन् भनी भन्नुभई पञ्चम जाति पनि छ भन्ने कुरा दर्शाइएको हो । अतः चारैवर्णहरू शुद्धि हुनसक्छन् भन्ने कुरातिर ध्यानाकर्षण गराउनु हुँदै अगाडिका कुराहरू बताउनु भएको हो । पपं. सु. III. पृ. २८२–८३: अस्सलायनसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

भोज, यज्ञ-भोज अथवा स्वागत-भोज खुवाउँछन् । भो गौतम ! दुराचारी पापधर्मीलाई दिएको फल के महान् होला र !"

"अस्सलायन ! पहिले तिमी जातिमा गयौ; जातिमा गएर मन्त्रमा गयौ; मन्त्रमा गएर तपमा गयौ; तपमा गएर चातुर्वर्ण शुद्धिमा फर्केर आयौ—जुन कुराको उपदेश म गर्दछु ।"

यस्तो भन्नुहुँदा **अस्सलायन माणव** चूपलागी, नाजवाफ भई, शीर निहुऱ्याई, तलतिर हेरी, चिन्तित भई केही भन्न नसकी बसे ।

## असित देवल ऋषिका कुरा

अनि भगवान्ले **अस्सलायन माणवलाई** चूपलागी, नाजवाफ भई, शीर निहुऱ्याई, तलतिर हेरी, चिन्तित भई केही भन्न नसकी बसिरहेको देखेर अस्सलायन माणवलाई यस्तो भन्नुभयो—

"**अस्सलायन** ! अतीतकालमा अरण्यायतनको पर्णकुटीमा बसिरहेका सातजना ब्राह्मण ऋषिहरूको मनमा यस्तो पापकदृष्टि (=गलत विचार) उत्पन्न भएको थियो—'ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन (=नीच) हुन्...[१]' । **अस्सलायन** ! अनि **असित देवल**[२]

---

१. माथि पृ. २१ मा कैं पढनू ।

२. 'असित' भनेको कालो हो, 'देवल' भनेको उनको नाम हो । अतः 'असित देवल' लाई कहीं कहीं 'काल देवल' पनि भनिएकोछ । पपं. सू. III. पृ. २८३: अस्सलायनसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(काल देवल) ऋषिले—अरण्यायतनको पर्णकुटीमा बसिरहेका सातजना ब्राह्मण ऋषिहरूको मनमा—'ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन हुन्...' भन्ने पापकदृष्टि उत्पन्न भएको कुरा सुने। अस्सलायन ! असित देवल ऋषि केश दाह्री क्षौर गरी, मजेठी वर्णका वस्त्रहरू पहिरी, पत्र पत्र तलुवा भएको चप्पल (=पटलियो उपाहना) लगाई, सुनचाँदीयुक्त लट्ठी लिई, सातजना ब्राह्मण ऋषिहरूको कुटीको आँगनमा प्रादुर्भाव भए। अस्सलायन ! अनि कुटीको आँगनमा टहलिंदै असित देवल ऋषिले यस्तो भने—'हाँ, यी ब्राह्मण ऋषिहरू कहाँ गए ? हाँ, यी ब्राह्मण ऋषिहरू कहाँ गए ?' अस्सलायन ! अनि ती सातजना ब्राह्मण ऋषिहरूलाई यस्तो लाग्यो—'गँवार बालक जस्तै सातजना ब्राह्मण ऋषिहरूको कुटीको आँगनमा टहलिंदै 'हाँ, यी ब्राह्मण ऋषिहरू कहाँगए ? हाँ, यी ब्राह्मण ऋषिहरू कहाँ गए ?' भन्ने यो को रहेछ ? अवश्य पनि यसलाई अभिशाप गर्नुपर्‍यो।' अस्सलायन ! अनि सातजना ब्राह्मण ऋषिहरूले असित देवल ऋषिलाई—'भस्म होस् वसल (=वृषल) ! भस्महोस् वसल !' भनी अभिशाप गरे। अस्सलायन ! जति जति सातजना ब्राह्मण ऋषिहरूले असित देवल ऋषिलाई अभिशाप गरे त्यति त्यति असित देवल ऋषि झन् झन् अभिरूप भए, झन् झन् दर्शनीय भए, झन् झन् प्रासादिक पनि भए। अस्सलायन ! अनि ती सातजना ब्राह्मण ऋषिहरूको मनमा यस्तो लाग्यो—'हामीहरूले गरेको तपस्या तुच्छ रहेछ, ब्रह्मचर्य निष्फल रहेछ। अघि अघि हामीहरूले 'भस्महोस् वसल ! भस्महोस् वसल !' भनी जसलाई अभिशाप गर्दथ्यौं केही भस्म नै हुन्थे। यीनलाई चाहिं जति जति हामीले

Downloaded from http://www.dhamma.digital

अभिशाप गऱ्यौं उति उति यो अभिरूपतर, दर्शनीयतर, तथा प्रासादिक-तर हुन्छन् ।' (अनि असित देवल ऋषिले यस्तो भने — ) 'तपाइहरूको तपस्या तुच्छ छैन, तपाइहरूको ब्रह्मचर्य निष्फल छैन । बल्कि जो तपाइ-हरूको चित्त म प्रति दूषित भयो त्यसलाई हटाउनुहोस् ।' 'जो तपाइ प्रति चित्त दूषित भयो त्यसलाई हामीहरू हटाउँनेछौं । तपाइ को हुनुहुन्छ नि ?' 'तपाइहरूले असित देवल ऋषि भन्ने नाम सुन्नुभएको छ ?' 'भो ! सुनेका छौं ।' 'भो ! म सोही हुँ ।'

"अस्सलायन ! अनि असित देवल ऋषिलाई अभिवादन गर्न सातजना ब्राह्मण ऋषिहरू अगाडि गए । अस्सलायन ! अनि असित देवल ऋषिले सातजना ब्राह्मण ऋषिहरूलाई यस्तो भने — 'भो ! अरण्यायतनको पर्णकुटीमा बसिरहेका तपाइ सातैजना ब्राह्मण ऋषिहरूको मनमा यस्तो पापकदृष्टि उत्पन्न भयो भन्ने कुरा मैले सुने — 'ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन् अरू वर्ण हीन हुन्; ब्राह्मणहरू नै शुक्लवर्ण हुन् अरू वर्ण कृष्ण हुन्; ब्राह्मणहरू नै शुद्धि हुन्छन् अ-ब्राह्मणहरू हुन्नन्; ब्राह्मणहरू नै ब्रह्माका औरस पुत्रहरू हुन्, मुखबाट निस्केका हुन्, ब्रह्मजः हुन्, ब्रह्मनिर्मित हुन् तथा ब्रह्मदाय हुन् ।' 'भो ! हो ।' 'तपाइहरू जान्नुहुन्छ के (तपाइहरूलाई) जन्मदिने माता ब्राह्मणकहाँ मात्र गई र अ-ब्राह्मणकहाँ गइन ?' 'भो ! जान्दैनौं ।' 'तपाइहरू जान्नुहुन्छ के (तपाइहरूलाई) जन्मदिने माताको माता उसको पनि माता गरी सात-पुस्तासम्मको माता ब्राह्मणकहाँ मात्र गई र अ-ब्राह्मणकहाँ गइन ?' 'भो ! जान्दैनौं ।' 'तपाइहरू जान्नुहुन्छ के (तपाइहरूलाई) जन्मदिने पिता ब्राह्मणीकहाँ मात्र गयो र अ-ब्राह्मणीकहाँ गएन ?' 'भो !

Downloaded from http://www.dhamma.digital

जान्दैनौं ।' 'तपाइहरू जान्नुहुन्छ के (तपाइहरूलाई) जन्मदिने पिताको पिता उसको पनि पिता गरी सातपुस्तासम्मको पिता ब्राह्मणीकहाँ मात्र गयो र अ-ब्राह्मणीकहाँ गएन ?' 'भो ! जान्दैनौं ।' 'तपाइहरू जान्नुहुन्छ के' कसरी गर्भ[1] धारण हुन्छ ?' 'भो ! हामीहरू जान्दछौं कि कसरी गर्भ धारण हुन्छ । (१) यहाँ आमाबाबुहरू एकत्रित हुन्छन् (२) आमा पनि ऋतुमती[2] हुन्छे, (३) गन्धर्व (= गर्भमा उत्पन्न हुनसक्ने सत्व अर्थात् प्रतिसन्धि चित्त) पनि उपस्थित हुन्छ (= उत्पन्न हुन्छ) । यसरी तीनै संयोग[3] एकत्रित हुनाको कारणद्वारा गर्भ धारण हुन्छ ।' 'केत,

---

१. यहाँ 'गर्भ' भनी गर्भमा उत्पन्न हुनसक्ने 'सत्व' लाई भनिएको हो भनी पपं. सू. II. पृ. २५८: महातण्हासङ्खयसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. स्त्रीहरूको जुन ठाउँमा बालक उत्पन्न हुन्छ त्यस ठाउँमा रगतको डल्लो भई फुटेर बग्नथाल्छ । त्यसबखत वस्तु शुद्धि हुन्छ । यसै अवस्थालाई 'ऋतुमती' भनिन्छ । वस्तु शुद्धि भएको वेलामा आमा-बाबुहरूको एक रात सन्निपात भए पनि सातदिनसम्म क्षेत्र नै हुन्छ । त्यसबखत हात समात्ने, चुल्ठो समात्ने, अङ्गप्रत्यङ्ग परामर्श-आदिद्वारा पनि गर्भधारण हुनसक्छ भनी पपं. सू. II. पृ. २५८: महातण्हासङ्खयसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३. यी तीन संयोग विना गर्भधारण हुन सक्दैन भनी भनिएको हो । यस सम्बन्धका अरू कुराहरू म. नि. I. पृ. ३२७: महातण्हासङ्खय-सुत्तमा उल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

तपाइहरू जान्नुहुन्छ के त्यो गन्धर्व (= गर्भ धारण हुने सत्व वा विज्ञान) क्षत्री नै थियो अथवा ब्राह्मण नै थियो अथवा वैश्य नै थियो अथवा शूद्र नै थियो ?' 'भो ! हामीहरू जान्दैनौं कि—त्यो गन्धर्व क्षत्री नै थियो वा ब्राह्मण नै थियो वा वैश्य नै थियो वा शूद्र नै थियो ।' 'भो ! त्यसोभए तपाइहरू जान्नुहुन्छ के—तपाइहरू को हुनुहुन्छ ?' 'भो ! त्यसोभए हामीहरू जान्दैनौं कि—हामीहरू को ह्वौं ।'

"अस्सलायन ! असित देवल ऋषिद्वारा सोधिएका कारण-हरूलाई ती सातजना ब्राह्मण ऋषिहरूले त सम्पादन गर्न सकेनन् भने अहिले तिमीले आफ्नो जातिवाद सम्बन्धी मैले सोधेका कारणहरूका बारेमा के सम्पादन गर्न सकौला, जो कि अहिलेसम्म तिमी स-आचार्य नै छौ; पूर्णले[१] जस्तै दाडु समात्न पनि तिमीले जानेका छैनौ[२] ।

---

१. उपरोक्त सातजना ब्राह्मण ऋषिहरूको पूर्ण भन्ने भान्से थियो । उ पाक-शास्त्र जान्दथ्यो । तिमीत अहिलेसम्म दाडु समात्ने काम सिक्दैछौ । पूर्णले जस्तै दाडु समात्न पनि जानेका छैनौ । छोट-करीमा भन्ने हो भने असित देवलसँग ती ब्राह्मण ऋषिहरूले आफ्नो जातिवादका कुरा सम्पादन गर्न सकेनन् भने अहिले तिमीले के सम्पादन गर्न सकौला भनी भनिएको हो । पपं. सू. III. पृ. २८३: अस्सलायनसुत्तवण्णना ।

२. यी अस्सलायन माणव श्रद्धालु थिए । आफू बस्ने घरको एउटा कोठामा एक चैत्य (=पूजास्थान) बनाई राखेका थिए । भनिन्छ कि आजसम्म पनि अस्सलायन (=अश्वलायन) वंशका घरहरूमा चैत्य बनाई राखेको हुन्छ । पपं. सू. III. पृ. २८४: अस्सलायन-सुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

यस्तो भन्नुहुंदा **अस्सलायन माणवले** भगवान्‌लाई यस्तो भने—

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम ! ! भो गौतम ! जस्तै—घोप्टेकोलाई उत्तानोपारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखाहुनेले रूप देख्दछ—त्यस्तैगरी तपाइ गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो। अब म तपाइ गौतमको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाइ गौतमले मलाई स्वीकार गर्नुहोस्।"

Downloaded from http://www.dhamma.digital

# ३. उदायी ब्राह्मण

## परिचय

एकदिन बुद्ध भगवान्कहाँ गई जब उदायी ब्राह्मणले बुद्धसँग "के तपाइ पनि यज्ञको वर्णन गर्नुहुन्छ ?" भनी सोधे तब वहाँले "सबै यज्ञहरूको वर्णन गर्दिन" भनी उत्तर दिनुभयो ।

ब्राह्मण धर्ममा 'यज्ञ' को अर्थ हिंसामय यज्ञलाई लक्षगरिन्छ भने बुद्धको धर्ममा 'यज्ञ' को अर्थ दानादि अहिंसामय कुशलकर्महरूलाई लक्ष-गरिएको हुन्छ । त्यसैले बुद्ध भगवान्ले अगाडिको सूत्रमा हिंसामय यज्ञलाई प्रतिक्षेप गर्नुहुँदै "सबै यज्ञहरूलाई वर्णन गर्दिन" भनी भन्नु भएको हो । अरू कुराहरू अनुदित मूल सूत्रबाटै प्रष्ट हुनेछन् ।

उदायी भन्ने ब्राह्मणको अलावा अरू पनि उदायी नाम भएका व्यक्तिहरू छन् के, भन्ने कुरा बु. प. भा–१, पृ. १०० मा उल्लेख गरिसकेको छु । यहाँ चाहिं उदायी नाम जोडिएका कति सूत्रहरू छन् भन्ने कुरा उल्लेख गरेको छु ।

(१) उदायीसुत्तं—यस सूत्रमा आयुष्मान् आनन्द र आयुष्मान्

Downloaded from http://www.dhamma.digital

उदायीको बीचमा छलफल भएका कुराहरू छन् । कौशम्बीको घोषिताराममा बसिरहनु भएको वेलामा आयुष्मान् उदायीले "जस्तै भगवान्ले यो शरीरलाई 'अन्-आत्म' भनी भन्नुभएको छ त्यस्तैगरी विज्ञानलाई पनि 'अन्-आत्म' भनी देखाउन सकिन्छ के ?" भनी आयुष्मान् आनन्दसँग सोध्दा आयुष्मान् आनन्दले भन्नसकिन्छ, देखाउन सकिन्छ भन्ने कुराको प्रमाण देखाउनु भएको छ । सं. नि. III. पृ. १५०: सलायतनसंयुत्तं ।

(२) उदायीसुत्तं—यस सूत्रमा आयुष्मान् उदायीले आफूले सप्तबोध्यङ्गलाई धेरै अभ्यास गर्दछु भनी सेतक भन्ने सुम्भहरूको निगममा बसिरहनु भएका बुद्ध समक्ष उद्गार प्रकट गरेका कुराहरू उल्लेख भएका छन् । सं. नि. IV. पृ. ८२: बोज्झङ्गसंयुत्तं ।

(३) उदायीसुत्तं--यस सूत्रमा आयुष्मान् उदायीले धेरै गृहपति परिषद्लाई धर्मोपदेश गरिरहेको कुरो आयुष्मान् आनन्दले भगवान्लाई सुनाउनु हुँदा भगवान्ले धर्मोपदेश गर्नु सजिलो छैन, धर्मोपदेश गर्नेहरूमा पाँच गुणहरू हुनुपर्छ भनी भन्नु भएका कुराहरू छन् । जस्तै - (१) आनुपूर्विकथा भन्ने छु, (२) कारणहरू देखाई भन्ने छु, (३) दयापूर्वक भन्ने छु, (४) लाभसत्कारको आशा नलिई भन्ने छु तथा (५) आफ्नो प्रशंसा र अर्काको निन्दा नगरी भन्ने छु । अं. नि–५, पृ. ४३३

(४) उदायीसुत्तं—यस सूत्रमा भगवान्ले आयुष्मान् उदायी (लाळ) सँग प्रश्न सोध्नु हुँदा आयुष्मान् उदायी चूपलागेर बसे ।

Downloaded from http://www.dhamma.digital

अनि नजिकमा बसिरहनु भएका आयुष्मान् आनन्दसँग प्रश्न सोध्नु भयो र वहाँले बताउनु भएका उत्तरहरू यसमा छन् । यस सूत्रमा उदायी (लाल) लाई भगवान्ले मोघपुरुष भन्नुभएको कुरा पनि छ । अं. नि–६, पृ. ६०

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

## १–बुद्ध, हिंसायुक्त यज्ञको वर्णन गर्नुहुन्न

अनि उदायी ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुराकानी गरिसके पछि एक छेउमा बसे। एक छेउमा बसेका उदायी ब्राह्मणले भगवान्लाई यस्तो भने[१] —

"भो गौतम! के तपाइ पनि यज्ञको वर्णन गर्नुहुन्छ ?"

"ब्राह्मण! म सबै यज्ञहरूको वर्णन गर्दिन। न त म सबै यज्ञहरूको अवर्णन नै गर्छु। ब्राह्मण! जुन यज्ञमा गाईहरू काटिन्छन्, बोकाहरू काटिन्छन्, कुखुराहरू, सुगुरहरू काटिन्छन् तथा विविध प्राणीहरूको ज्यान लिइन्छ—ब्राह्मण! त्यस्ता प्रकारका प्राणीघात हुने यज्ञको म वर्णन गर्दिन। किन भने ? – यसप्रकारका प्राणीघात हुने यज्ञहरूमा अरहन्तहरू अथवा अरहत् मार्गमा लाग्नेहरू उपस्थित हुन्नन्।

"ब्राह्मण! जुन यज्ञमा गाईहरू काटिन्नन्, बोकाहरू काटिन्नन्, कुखुरा, सुगुरहरू काटिन्नन् तथा कुनैप्रकारका प्राणीहरूको ज्यान

१. अं. नि–४, पृ. ४५: उदायीसुत्त, अ. क. II. पृ. ५०८

Downloaded from http://www.dhamma.digital

लिइन्न – ब्राह्मण ! त्यस्तो प्रकारको प्राणीघात नहुने यज्ञको वर्णन म गर्दछु । जस्तै—नित्यदान, अनुकूल दान । किनभने ? — यसप्रकारको प्राणीघात नहुने यज्ञमा अरहन्तहरू अथवा अरहत् मार्गमा लाग्नेहरू उपस्थित हुन्छन् ।

१. "अभिसङ्खतं निरारम्भं, यञ्ञं कालेन कप्पियं ।
तादिसं उपसंयन्ति, सञ्ञता ब्रह्मचारियो ॥

२. "विवट्टच्छद[१] ये लोके, वीतिवत्ता कुलं गतिं ।
यञ्ञमेतं पसंसन्ति, बुद्धा यञ्ञस्स[२] कोविदा ॥

३. "यञ्ञे वा यदि वा सद्धे, हब्यं[३] कत्वा यथारहं ।
पसन्नचित्तो यजति, सुखेत्ते ब्रह्मचारिसु ॥

४. "सुहुतं सुयिट्ठं सुप्पत्तं, दक्खिणेय्येसु यं कतं ।
यञ्ञो च विपुलो होति, पसीदन्ती च देवता ॥

५. "एतं[४] यजित्वा मेधावी, सद्धो मुत्तेन चेतसा ।
अब्यापज्झं सुखंलोकं, पण्डितो उपपज्जती'ति ॥"

---

१. सिहल र रोमनमा: 'विवत्तच्छद' ।

२. सिहल, स्याम र रोमनमा: 'पुञ्ञस्स' ।

३. सिहलमा: 'हव्यं', स्याममा: 'हुञ्ञं'; रोमनमा: 'भव्यं' ।

४. सिहल, स्याम र रोमनमा: 'एवं' ।

Downloaded from http://www.dhamma.digital

अर्थ -

१–'उपयुक्त समयमा उपयुक्त दानवस्तुहरू थुपारी, प्राणीघात रहित गरिने यज्ञ (=दिइने दान) मा संयत ब्रह्मचारीहरूले भाग लिन्छन् ।

२–"यो लोकमा जसले संसारको गतिलाई पारगरिसके – ती रागरहित यज्ञ-कोविद बुद्धले यस्तो यज्ञको प्रशंसा गर्छन् ।

३–"(बुद्धिमानीले) यज्ञ (=प्रकृतिदान) मा अथवा श्रद्धादान (=मृतकदान=श्राद्ध) मा, उचित तरिकाले हव्य (=दिनयोग्य वस्तुको सङ्कल्प) गरी, प्रसन्नचित्त राखी असल खेत जस्ता भएका ब्रह्मचारीहरू-लाई दानदिन्छन् ।

४–"दाक्षिणेयहरू माथि जुन दान दिइन्छ त्यो दानलाई असल राम्रे सुपात्रमा दिइएको दान भनिन्छ र त्यस दानको फल विपुल पनि हुन्छ तथा देवताहरू पनि प्रसन्न हुन्छन् ।

५–"यस्तो किसिमको यज्ञगरी (=दान दिई) परित्यक्तचित्तले दानदिने श्रद्धालु मेधावी पण्डित पुरुष दुःख र पीडा रहित भई सुखी लोकमा उत्पन्न हुन्छ ।"

---

Downloaded from http://www.dhamma.digital

# ४. कसिभारद्वाज ब्राह्मण

## प रि च य

भगवान् बुद्धको समयमा राजगृहको दक्षिणागिरिको एकनाल भन्ने ब्राह्मणहरूको एक गाउँ थियो। त्यस गाउँमा भारद्वाज भन्ने खेतीगरी जीविका गर्ने एक धनाढ्य ब्राह्मण बस्दथे। खेतीगरी जीविका गर्ने भएको हुनाले उनलाई 'कसिभारद्वाज' अर्थात् 'कृषी भारद्वाज' भनिएको हो। भारद्वाज भनेको गोत्रको नाम हो[१]।

## कसिभारद्वाजको रोपाई

एकदिन उनले पाँचशय (५००) हलोहरू जोताइ रहेका थिए। जोताइको पहिलो दिन मङ्गलदिन थियो। त्यस रोपाईंमा तीनहजार (३०००) गोरूहरू थिए। ती सबै गोरूहरूका सिङहरूमा सुवर्णले मोरिएका थिए र खुरहरूमा रजतले मोरिएका थिए। ती सबैलाई

१. सं. नि. अ. क. I. पृ. १८८: कसिभारद्वाजसुत्तवण्णना, ब्राह्मणसंयुत्तं; सुत्त. नि. अ. क. पृ. ९०: कसीभारद्वाजसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

पञ्चगन्धयुक्त सेता मालाहरूले सजाइएका थिए। उनीहरू सबैका अङ्ग-प्रत्यङ्गहरू पनि सजाइएका थिए र सबै गोरूहरू लक्षण सम्पन्न थिए। तिनीहरूमध्ये कुनै गाजल जस्तै काला थिए, कुनै बादल जस्तै सेता थिए, कुनै मूगा जस्तै राता थिए तथा कुनै मसारगल्ल मणि जस्तै छिरबिरे थिए।

सबै पाँचशय (५००) जोताहाहरूले सेता सेता नयाँ नयाँ कपडाहरू लगाएका थिए। सुगन्ध र मालाहरूले अलंकृत थिए। दाहिने काँधमा फूलका गुच्छाहरू राखेका थिए तथा उनीहरूको शरीर वर्ण हरितालको वर्ण जस्तै पहेंलो तथा चम्किलो थियो। दश दश हलो-हरूको एक एक डप्फा बनाई खेत जोत्दथे। हलोहरूका पूर्वभाग तथा जुवा र छडीहरू सुवर्ण जडित थिए। अघिल्लो हलोमा आठओटा गोरूहरू नारिएका र बाँकी हलोहरूमा चार चार ओटा गोरूहरू नारिएका थिए। बाँकी गोरूहरू साट्फेर गर्नकोनिमित्त राखिएका थिए। एक एक डप्फाकोनिम्ति एक एक गाडा बिऊ थियो। एकथरीले जोत्छन् अर्को-थरीले रोप्छन्[१]।

त्यसदिन बिहान सबेरै दाह्री काटी नुहाई सुगन्धित लेप लगाई पाँचशय (५००) मूल्य जाने वस्त्र पहिरी, एकहजार (१०००) मूल्य जाने कपडा एकांश गरी, एक एक औंलामा दुइ दुइवटा गरी जम्मा बीसवटा (२०) औंठीहरू लगाई तथा कानमा सिंहकुण्डलहरू लगाई,

१. सं. नि. अ. क. I. पृ. १८८–८९; सुत्त. नि. अ. क. पृ. ९४–९५: कसीभारद्वाजसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

शीरमा उत्तमरूपले फेटाबाँधी, सुवर्णको माला लगाई ब्राह्मणहरूद्वारा परिवृत्तभई रोपाई गर्ने ठाउँमा गई — कसिभारद्वाज ब्राह्मणले अनुशासन गरिरहेका थिए ।

उता, अनेक शय भाँडाहरूमा पायस पकाउन लगाई, ठूला ठूला गाडाहरूमा राखी, सुगन्धित पानीले नुहाई, सबैप्रकारका अलंकारहरूद्वारा अलंकृत भई तथा ब्राह्मणीहरूले परिवृत भई कसिभारद्वाजकी ब्राह्मणी रोपाई गर्न लागेको ठाउँमा गइन् । घर पनि सुगन्धित गोबरले लिपेको थियो । लावाहरू छरिएका थिए । सुवर्ण घडाहरू, केराका बोटहरू तथा ध्वजाहरू फहराइएका थिए र पुष्पगन्धले युक्त पूजा पनि गरिएको थियो । खेतको ठाउँ ठाउँमा ध्वजा पताकाहरू फरफराइएका थिए । कामदार तथा परिजनहरू सबै भेलाहुँदा जम्मा अढाइ हजार (२,५००) को समूह थियो । सबैका नयाँ कपडाहरू थिए र उनीहरूकोनिमित्त पनि पायस नै तयार पारिएको थियो[१] ।

अनि उनकी ब्राह्मणीले चाहिं सुवर्णको भाँडा धुनलगाई त्यसमा भरी पायस राख्नलगाई घिऊ, मह तथा सखर (= फाणित) द्वारा हलोहरूको पूजा गर्न लगाइन् । पाँचशय जोताहाहरूलाई सुन, चाँदी, काँस, तामा तथा फलामका भाँडाहरू दिनलगाई उनीहरूलाई पायस पस्काउँदै गइन् । यसरी पूजा गर्न लगाई रातो तथा सुवर्णको खराऊ (= उपाहन = उपानह) लगाई, रातो तथा सुवर्णको लट्ठी हातमा लिई

१. सं. नि. अ. क. I. पृ. १८९; सुत्त. नि. अ. क. पृ. ९४–९५

Downloaded from http://www.dhamma.digital

—यहाँ घिउ राख, यहाँ मह राख तथा यहाँ सखर राख भनी अह्राउँदै ब्राह्मण हिड्न थाले[१]।

## बुद्धको दिनचर्या

बुद्ध भगवान् जुनसुकै विहारमा बस्नुभए पनि वहाँका पाँचवटा दैनिक चर्याहरू हुन्छन्। जस्तै—(१) भोजन पहिलेको चर्या, (२) भोजन पछिको चर्या, (३) पूर्वयामिक चर्या, (४) मध्ययामिक चर्या तथा (५) पश्चिमयामिक चर्या।

(१) **भोजन पहिलेको चर्या**—प्रातःकालमा उठ्नुभई उपस्थाकहरूको अनुग्रह गर्नकोनिमित्त र आफ्नो शरीरको सुखविहारकोनिमित्त मुखधुने आदि शारीरिककृत्य सिध्याई भिक्षाटन् जानेवेला नभएसम्म एकान्त खुला ठाउँमा बस्नुभई भगवान् बुद्ध समय बिताउनु हुन्छ। भिक्षा जानेवेला भएपछि कायबन्धन बाँधी चीवर पारुपन गरी पात्र ग्रहण गरी—कहीले एक्लै, कहीले भिक्षुसङ्घद्वारा परिवृत्तभई; कहीले प्रकृति स्वभावले, कहीले अनेक प्रकारका प्रातिहार्यहरू देखाउनु हुँदै गाउँ वा निगममा भिक्षाटन् जानुहुन्छ। कस्तो प्रातिहार्य भने ?—

भिक्षाटन् जानुहुने बुद्ध भगवान्को अगाडि अगाडि मन्दहावाले बाटो सफापार्छ। मेघले अलि अलि पानीझारी बाटामा भएका धूलाहरू

१. सं. नि. अ. क. I. पृ. १८९; सुत्त. नि. अ. क. पृ. ९५: कसीभारद्वाजसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

नउडाउने गरी शान्तपार्छ । भगवान्को माथि चदुवा जस्तो भई बस्छ । अर्को हावाले ठाउँ ठाउँबाट फूलहरू उडाएरल्याई बाटामा छर्छ । अग्ला अग्ला भूमिभागहरू होचा हुन्छन् र होचा तथा खाडलहरू पुरिएर आउँछन् । पैताला राख्ने वेलामा भूमिभाग सम्महुन्छ । सुखसंस्पर्श भएका फूलहरूले पैतालाहरूलाई थाप्छन् । गाउँ वा नगरको सिमानाभित्र दाँहिने खुट्टा राख्नेबित्तिकै शरीरबाट **छवर्ण रश्मीहरू**[१] निस्की सुवर्णपिञ्जर जस्तो भई, चित्रपटले घेरेको जस्तो भई तथा प्रासादको कूटागार बनाएको जस्तो भई रश्मीहरू यताउता फैलिन थाल्छन् । हात्ती, घोडा तथा चराचुरुङ्गीहरू आ-आफ्ना ठाउँमा बसेर नै मधुराकारको स्वर निकाल्छन् । त्यस्तै गरी भेरी वीणा आदिहरूले पनि । मनुष्यहरूको शरीरमा भएका आभरणहरूले पनि मधुर स्वर निकाल्छन् । यो लक्षण देखेर मनुष्यहरूले थाहापाउँछन् कि—आज **बुद्ध भगवान्** यहाँ भिक्षाटन्कोनिमित्त आउनु भएको छ । अनि, राम्रा राम्रा लुगाहरू लगाई, पुष्पगन्धहरू हातमा लिई घरबाट निस्केर बाटामा गई भगवान्लाई सम्मानपूर्वक पुष्पगन्धहरूद्वारा पूजा गर्छन् र—"भन्ते ! हामीलाई दश भिक्षुहरू दिनुहोस्, हामीलाई बीस भिक्षुहरू दिनुहोस्, हामीलाई शय भिक्षुहरू दिनुहोस्" भनी याचना गरी भगवान्को हातबाट पात्र मागेर लिई, घरमा निम्त्याई, आसनहरू बिच्छ्याई सत्कारपूर्वक भोजनद्वारा वहाँको स्वागत सम्मान गर्छन् ।

---

१. नील, पीत, लोहित, ओदात (=सेतो), मञ्जेष्ठ तथा प्रभास्वर आदि छ वर्णहरूलाई 'छवर्णरश्मी' भनिएको हो । अट्ठ. सा. पृ. ११: निदानकथा ।

Downloaded from http://www.dhamma.digital

भोजनकृत्य सिद्धिएपछि उनीहरूको चित्तसन्ततिलाई हेरी भगवान्‌ले उनीहरूलाई त्यसरी धर्मोपदेश गर्नुहुन्छ जसरी धर्मोपदेश गर्नुहुँदा कुनै शरणागमनमा प्रतिष्ठित हुन्छन्, कुनै स्रोतापत्ति, सकृदागामी र अनागामी फलहरूमध्ये कुनै एकमा प्रतिष्ठित हुन्छन् र कुनै प्रव्रजित भई उत्तम अरहत् फलमा प्रतिष्ठित हुन्छन्। यसरी महाजनहरूको संग्रह गरी आसनबाट उठी बुद्ध भगवान् विहारतिर फर्केर जानुहुन्छ।

विहारमा पुगेपछि भिक्षुहरूको भोजनकृत्य नसिद्धिएसम्म मण्डलमालमा बिच्छ्याइराखेको वरबुद्धासनमा वहाँ बस्नुहुन्छ। भिक्षुहरूको भोजनकृत्य सिद्धिएपछि उपस्थाक भिक्षुले भगवान्‌लाई सूचित गर्छन् र त्यसपछि वहाँ गन्धकुटीभित्र जानुहुन्छ। यतिसम्मका कुराहरूलाई **भोजन पहिलेको चर्या** भनिन्छ। यहाँ उल्लेख नभएका ईर्यापथका कुराहरू ब्रह्मायुसुत्तमा हेर्नू अथवा लेखकको **बुद्धकालीन ब्राह्मण** भाग–१, पृ. १७०: 'ईर्यापथ' शीर्षकमा हेर्नू[1]।

(२) **भोजन पछिको चर्या** – उपरोक्ताकारले भोजन पहिलेको कृत्य सिद्धिएपछि भगवान् बुद्ध गन्धकुटी भित्र जानुहुन्छ र खुट्टा पखाली, पीरा एक छेउमा राखी उपस्थान शालामा बस्नुभई वहाँले भिक्षुसङ्घलाई यसरी अववाद उपदेश दिनुहुन्छ—

"भिक्षुहो! यो लोकमा बुद्धोत्पाद समय दुर्लभछ, मनुष्यत्व

१. सं. नि. अ. क. I. पृ. १८९–९०; सुत्त. नि. अ. क. पृ. ९०–९१: कसीभारद्वाजसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

लाभगर्नु दुर्लभ छ, श्रद्धासम्पत्ति पाउनु दुर्लभ छ, क्षणसम्पत्ति[१] पाउनु दुर्लभ छ, प्रव्रज्यात्व पाउनु पनि दुर्लभ छ तथा सद्धर्म श्रवण गर्नु पनि दुर्लभ नै छ। अतः अप्रमादपूर्वक सम्पादन गर।"

अनि भगवान्‌लाई अभिवादन गरी केहीले भगवान्‌सँग कर्मस्थान (=ध्यान) सम्बन्धी प्रश्नहरू सोध्छन् र भगवान्‌ले उनीहरूको चर्या अनुसार कर्मस्थानका कुराहरू बताउनु हुन्छ। कर्मस्थानका कुराहरू अध्ययनगरी भगवान्‌लाई अभिवादन गरी उनीहरू आ-आफ्नो रात्रिस्थान वा दिवास्थानमा जान्छन्। केही अरण्यमा, केही वृक्षमूलमा, केही पर्वतको कुनै एक स्थानमा तथा केही चातुर्महाराजिक भवनमा,...र केही वशवर्ती भवनमा जान्छन्। त्यसपछि भगवान् बुद्ध गन्धकुटी भित्र जानुभई—यदि चाहनुहुन्छ भने दाँहिनेतिरबाट सिंहशय्या[२] मुद्रामा स्मृतिसम्प्रजन्य हुनुभई लेट्नुहुन्छ। अनि केहीछिन शरीरलाई आराम-दिएर सिंहशय्याबाट उठ्नुभई दिनको दोश्रो भागमा वहाँले लोकलाई हेर्नुहुन्छ। दिनको तेश्रो भागमा चाहिं—जुन गाउँ वा निगममा वहाँ बस्नु भएको छ, त्यस गाउँ वा निगमका मानिसहरू भोजन पहिले दानादि पुण्यकार्य गरी भोजनपछि—शुद्धवस्त्र लगाई, गन्धपुष्पादि हातमालिई विहारमा भेला हुन्छन्। अनि भेला भएका परिषद् अनुरूप प्रातिहार्य-

१. कस्तोलाई 'क्षणसम्पत्ति' भन्दछन् भन्ने कुरा बुझ्नकोनिमित्त अं. नि—८, पृ. ३२८: अक्खणसुत्तं, गहपतिवग्गोमा हेर्नू।

२. कस्तो मुद्रालाई सिंहशय्या भन्दछन् भन्ने कुरा बुझ्नकोनिमित्त अं. नि—४, पृ. २५९: सेय्यसुत्तं, आपत्तिभयवग्गोमा हेर्नू।

Downloaded from http://www.dhamma.digital

पूर्वक भगवान् धर्म सभामा जानुहुन्छ र त्यहाँ बिच्छाइराखेको वरबुद्धासनमा बस्नुभई कालानुकूल र समयानुकूल धर्मोपदेश गर्नुहुन्छ । अनि समय जान्नुभई वहाँले परिषद्लाई विदाइ दिनुहुन्छ र भगवान्लाई अभिवादन गरी मानिसहरू फर्केर जान्छन् । यो हो **भोजन पछिको चर्या**[१] ।

(३) **पूर्वयामिक चर्या**— यसरी भोजनपछिको चर्या समाप्त गरिसक्नु भएपछि यदि नुहाउन चाहनुभयो भने— वहाँ बुद्धासनबाट उठ्नुभई, उपस्थाकद्वारा पानी तयारपारी राखेको ठाउँमा जानकोनिमित्त, उपस्थाकको हातबाट नुहाउने कपडालिई—नुहाउने कोठाभित्र जानुहुन्छ । अनि नुहाइसकी थकावट् दूरगरी शरीर चंगा पार्नुहुन्छ । त्यतिञ्जेलसम्म उपस्थाकले बुद्धासन टक्टक्याई ल्याएर गन्धकुटीको प्रांगणमा बिच्छाउँछ । शरीर नुहाउनु भएका बुद्ध भगवान् रातो दोपट्टा लगाई, कायबन्धन बाँधी, चीवर एकांशपारी त्यहाँ जानुहुन्छ र एकछिन त्यहाँ बसी एक्लै समाधिष्ठ हुनुहुन्छ । अनि भिक्षुहरू आ-आफ्ना स्थानबाट आई भगवान्को उपासनार्थ जान्छन् । केहीले भगवान्सँग त्यहाँ प्रश्नहरू सोध्छन्, केहीले कर्मस्थान विषय सम्बन्धी कुराहरू सोध्छन् तथा केहीले धर्मश्रवणकोनिमित्त प्रार्थना गर्छन् । उनीहरूको अभिप्राय अनुसार कार्यसम्पादन गर्नुहुँदै भगवान्ले रातको प्रथमयाम बिताउनु हुन्छ । यसैलाई भन्दछन् **पूर्वयामिक चर्या**[२] ।

---

१. मं. नि. अ. क. I. पृ. १९०–९१; सुत्त. नि. अ. क. पृ. ९१–९२

२. सं. नि. अ. क. I. पृ. १९१; सुत्त. नि. अ. क. पृ. ९२: कसीभारद्वाजसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(४) **मध्ययामिक चर्या**—पूर्वयामिक चर्या समाप्त भएपछि भिक्षुहरू भगवान्‌लाई वन्दना गरी फर्केपछि अवकाश पाएका सबै दशसहस्रलोक धातुका देवताहरू आई भगवानसँग प्रश्नहरू सोध्छन्। आखिरमा उनीहरूले बनाएका चार अक्षरसम्मका प्रश्नहरू पनि सोध्दछन्। यसरी सोधिएका प्रश्नहरूका उत्तरहरू दिनुहुँदै भगवान्‌ले मध्यमयाम बिताउनुहुन्छ। यो हो **मध्ययामिक चर्या**।

(५) **पश्चिमयामिक चर्या**—पश्चिमयामलाई तीनभागमा विभाजन गर्नुभई—भोजन पहिलेको चर्यादेखिको बसाइबाट थकित भएको शरीरको पीडालाई दूर गर्नकोनिमित्त (१) एकभाग चंक्रमणद्वारा बिताउनु हुन्छ, (२) दोश्रोभाग गन्धकुटीभित्र पस्नुभई दाहिनेतिरबाट सिंहशय्याको मुद्रामा लेटी स्मृतिसम्प्रजन्य भई समय बिताउनुहुन्छ र (३) तेश्रो भागमा चाहिं सिंहशय्याबाट उठेर अघिका बुद्धहरूका समक्ष दानशीलद्वारा अधिकार प्राप्तगरी आएका प्राणीहरू भेट्टाउने उद्देश्यले महाकरुणासमापत्तिमा बसी बुद्धचक्षुद्वारा लोकमा अवलोकन गर्नुहुन्छ। यो हो **पश्चिमयामिक चर्या**[१]।

यस्तैगरी पश्चिमयामिक चर्याको तेश्रो भागको समयमा महाकरुणासमापत्तिमा बसी बुद्धचक्षुद्वारा लोकमा हेरिरहनु भएको वेलामा भगवान् बुद्धले कसिभारद्वाज ब्राह्मणले अरहत्व पाउनसक्ने उपनिश्रयसम्पत्ति देख्नुभयो। त्यसवखत वहाँले यस्तो पनि जान्नुभयो कि—

१. सं. नि. अ. क. I. पृ. १९१; सुत्त. नि. अ. क. पृ. ९२: कसीभारद्वाजसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

"कसिभारद्वाजको रोपाईंमा गएको खण्डमा उनीसँग कुराकानी हुनेछ। अनि कुराकानीको अन्तमा धर्मोपदेश सुनेर यो ब्राह्मण पुत्रदारहरूका साथ त्रिशरणमा प्रतिष्ठित हुनेछन् र असीकोटी धनसम्पत्ति मेरो शासनमा परित्याग गरी घरबार त्यागी प्रव्रजितभई यिनले अरहत्व प्राप्तगर्ने छन् ।"

यति कुरा जान्नुभई बुद्ध भगवान् कसिभारद्वाज ब्राह्मणको रोपाईं भइरहेको ठाउँमा जानु भएको हो[१] भनी संयुत्तनिकायट्ठकथाले[२] उल्लेख गरेको छ । त्यसैले तल सूत्रमा "अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहणगरी जहाँ कसिभारद्वाज ब्राह्मणको रोपाईं भएको थियो त्यहाँ जानुभयो" भनी उल्लेख भएको हो ।

जस्तै माथि (पृ. ४७) मा भगवान् बुद्धको दिनचर्याहरूमध्ये भोजन पहिलेको चर्यामा 'कहीले एक्लै कहीले भिक्षुसङ्घद्वारा परिवृत भई भिक्षाटन्कोनिमित्त जानुहुन्छ ...' भनी उल्लेख भएको छ तीमध्ये यहाँ भगवान् एक्लै जानुभएको हो ।

जब भगवान् एक्लै कहीं जान चाहनुहुन्छ तब वहाँ भिक्षाटन् जाने समयमा गन्धकुटीको दैलो थुनेर बस्नुहुन्छ । भिक्षाजाने वेलामा गन्धकुटीको दैलो बन्द भएको देखेर भिक्षुहरूले यस्तो थाहा पाउँछन् कि

१. बुद्धको एघारौं (११) वर्षावासको समयमा यो घटना घटेको हो भन्ने कुरा लेखकको बु. रा. भा–१, पृ. १५२ को पादटिप्पणीबाट प्रष्ट हुन्छ ।

२. I. पृ. १९१–९२; सुत्त. नि. अ. क. पृ. ९२

Downloaded from http://www.dhamma.digital

—आज भगवान् एक्लै कहीं जानचाहनुहुन्छ। अवश्य पनि आज वहाँले कुनै दमनीय पुद्गललाई देख्नुभयो होला भनी उनीहरू आ-आफ्ना पात्र-चीवर लिई गन्धकुटीलाई प्रदक्षिणागरी भिक्षाटनको निमित्त जान्छन्।

त्यसैले कसिभारद्वाज ब्राह्मणको खेतमा जानुहुँदा भगवान्को साथमा अरू कुनै भिक्षुहरू थिएनन् र वहाँ एक्लै त्यहाँ जानु भएको थियो भनी अट्ठकथाहरूले उल्लेख गरेका छन्[1]।

जब वहाँ त्यसठाउँमा पुग्नुभयो तब प्रातिहार्यको प्रभावद्वारा चन्द्रसूर्यको तेजलाई पनि माथगर्ने रश्मी वहाँको शरीरबाट निस्की असीहात टाढासम्म फैलिएको थियो। यो रश्मीको प्रभावद्वारा ब्राह्मणका खेतका गोरू, हलो, रूख तथा भूमि समेत सबै वस्तुहरू सुवर्ण झैं देखिन्थे। यो देखेर हलो जोतिरहेका तथा खाइरहेका मानिसहरू सबैले हलोजोत्न छाडी तथा खानाखान छाडी हातखुट्टा धोई भगवान्लाई घेरालगाई हेरेर बस्नथाले। यसरी सबै कामछाडी बुद्धलाई हेरिरहेको देखेर ब्राह्मणको मनमा "काममा बाधाविन आउने" भन्ने जस्तो लागेर उनी बुद्धमाथि अप्रसन्न भएका थिए। त्यसैले मूल सूत्रमा उनले भगवान्लाई "श्रमण ! तिमीले पनि...जोतेर खाऊ" भन्ने आदि कुराहरू भनेका हुन्। विशेष कुराहरू अगाडि अनुदित मूल सूत्रमै उल्लेख भएका छन्।

जब उनले बुद्धको शरीरमा असी अनुव्यञ्जनहरू युक्त बत्तीस महापुरुष-लक्षणहरू देखे तब उनको मनमा "श्रमण गौतम शाक्यपुत्र

१. सं. नि. अ. क. I. पृ. १९२; सुत्त. नि. अ. क. पृ. ९५: कसीभारद्वाजसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

शाक्यकुलबाट प्रव्रजित भएको कुरा" भ्वास्स सम्भना भयो। यति सम्भना आएपछि उनको मनमा वहाँप्रति श्रद्धा उत्पन्न हुनथाल्यो[1]।

अरू कुराहरू अगाडिका मूल सूत्रका ठाउँ ठाउँका पादटिप्पणीमा उल्लेख गरेका अट्ठकथाका कुराहरूबाट स्पष्ट हुनेछन्।

धर्मोपदेशको अन्तमा प्रव्रजित भएका **कसिभारद्वाज ब्राह्मणले** अरहत्व साक्षात्कार गरे।

× × ×

१. सं. नि. अ. क. I. पृ. १९२; सुत्त. नि. अ. क. पृ. ९७: कसीभार-द्वाजसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

## मूल सूत्र—

### १—खेती गरेर खाऊ

यस्तो मैले सुनें[१] ।

एक समय भगवान्, मगधदेशको दक्षिणागिरिस्थित[२] एकनाल[३] भन्ने ब्राह्मण गाउँमा बस्नुभएको थियो । त्यसवखत[४] कसिभारद्वाज ब्राह्मणको रोपाइँको समयमा पाँचशय हलगोरुहरू जोतिराखेका थिए । अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी

---

१. सं. नि. I. पृ. १७१: कसिभारद्वाजसुत्त, ब्राह्मणसंयुत्त; अ. क. I. पृ. १८८; सुत्त. नि. पृ. २८०: कसिभारद्वाजसुत्त, उरगवग्गो, अ. क. पृ. ९० । रोमनमा: 'कसिसुत्त'; स्याममा: 'पठमंकसिसुत्त'; सुत्त. नि. अ. क. मा 'कसीभारद्वाजसुत्त'; सं. नि. अ. क. मा 'कसीभारद्वाजसुत्त' ।

२. राजगृहलाई घेरेका पहाडहरूमध्येका दक्षिणतिरको पहाडलाई 'दक्षिणागिरि' भनिएको हो । सार. प. I. पृ. १८८: कसिभारद्वाज-सुत्तवण्णना, ब्राह्मणसंयुत्त; सुत्त. नि. अ. क. पृ. ९३ ।

३. सोही दक्षिणागिरिमा ब्राह्मणहरू बस्ने एक गाउँ थियो । जसको नाम 'एकनाल' थियो र धेरै ब्राह्मणहरू बस्ने भएको हुँदा त्यस

Downloaded from http://www.dhamma.digital

पात्र-चीवर ग्रहणगरी जहाँ कसिभारद्वाज ब्राह्मणको रोपाईं[1] भएको थियो त्यहाँ जानुभयो ।

---

गाउँलाई 'एकनाल ब्राह्मण गाउँ' भनिएको हो । सार. प. I. पृ. १८८; सुत्त. नि. अ. क. पृ. ९४: कसीभारद्वाजसुत्तवण्णना ।

उपरोक्त दक्षिणागिरि भन्ने ठाउँ वर्तमान समयमा कहाँ पर्छ भन्ने सम्बन्धमा भरतसिंह उपाध्यायले यसरी लेखेका छन्—

"राजगृहस्थित यष्टिवन-उदयानको विवेचन गर्दा वर्तमानको 'जेठियन' भन्ने ठाउँ हो भन्ने कुरा निर्विवाद छ—जो राजगृह कस्बाबाट १३ मील दक्षिण-पश्चिमतिर स्थित छ । यसै 'जेठियन' बाट दक्षिणतिर 'दखिनाऊ' भन्ने पहाड छ । यसको नाम र रूपरेखाको विचार गर्दा बुद्धकालीन मगध राष्ट्रको 'दक्षिणागिरि' यही हो भनी बुझ्न सकिन्छ ।" बु. भा. भू. पृ. २२३ ।

४. जुन बखत भगवान् अपराजित आसनमा आसन बाँधी बसी अनुत्तर सम्यक्सम्बोधिज्ञान प्राप्तगरी धर्मचक्र प्रवर्तन गरिसकेपछि मगधदेशको एकनाल ब्राह्मण गाउँमा दक्षिणागिरि महाविहारमा ब्राह्मणको इन्द्रियपरिपक्वताको प्रतीक्षामा बसिरहनु भएको थियो 'त्यसवखत' । सुत्त. नि. अ. क. पृ. ९४: कसीभारद्वाजसुत्तवण्णना । सार. प. I. पृ. १८८: कसिभारद्वाजसुत्तवण्णनाले चाहिं केवल 'ब्राह्मणको इन्द्रिय परिपक्वताको प्रतीक्षामा एकनाल ब्राह्मण गाउँमा बसिरहनु भएको वेलामा' भनी उल्लेख गरेको छ ।

१. रोपाईं दुइथरीका छन्– (१) हीलोमा बिउ छरेर गरिने रोपाईं र

Downloaded from http://www.dhamma.digital

त्यसवखत त्यहाँ **कसिभारद्वाज ब्राह्मणको** खुवाउने काम भइरहेको थियो[१] । अनि **भगवान्** जहाँ खुवाउने काम भइरहेको थियो त्यहाँ जानुभयो; त्यहाँ पुगेपछि एक छेउमा उभिइरहनु भयो[२] । अनि **कसिभारद्वाज ब्राह्मणले** भगवान्लाई भिक्षाकोनिमित्त उभिइरहनु भएको देखे । देखेर **भगवान्लाई** यस्तो भने—

"श्रमण ! म जोत्न पनि जोत्दछु, रोप्न पनि रोप्दछु; जोतेर तथा रोपेर खान्छु (=जीविका गर्दछु) । श्रमण ! तिमीले पनि जोत्ने

---

(२) माटामा बिउ रोपेर गरिने रोपाईं । यीमध्ये यहाँ माटामा बिउ रोपेर गरिने रोपाईंलाई 'रोपाईं' भनिएको हो । सार. पः I. पृ. १८८; सुत्त. नि. अ. क. पृ. ९४ ।

१. त्यसवखत सुन चाँदी तामा आदिका थालहरू लिई खेतमा बसिरहेका जोताह्राहरूलाई संग्रह गर्दै, सुनको दाडू हातमा लिई, क्षीर पायस राख्दै ब्राह्मणी जाँदै थिईन् । त्यसैले 'खुवाउने काम भइरहेको थियो' भनी भनिएको हो । सुत्त. नि. अ. क. पृ. ९६ः कसीरभारद्वाजसुत्त-वण्णना ।

२. जहाँनिर उभिइँदा ब्राह्मणले देख्न सक्ने हो, जहाँ उभिइँदा ब्राह्मण-सँग कुरा गर्न सकिने हो त्यस्तो एक अग्लो ठाउँमा उभिनु भयो । सार. प. I. पृ. १९२; सुत्त. नि. अ. क. पृ. ९६ ।

Downloaded from http://www.dhamma.digital

काम गर, रोप्ने काम गर; जोतेर तथा रोपेर खाऊ[1] (=जीविका गर)।"

"ब्राह्मण! म पनि जोत्दछु, रोप्दछु; जोतेर तथा रोपेर नै खान्छु।"

---

१. भगवान्‌लाई देखेर खेतमा कामगरिरहेका मानिसहरू कामछाडी बुद्धलाई हेरिरहेको देखेर ब्राह्मणको मनमा 'मेरो काममा बाधा हुनेगरी यी श्रमण यहाँ आई उभिइरहेछन्' भन्ने जस्तो लागेपछि ब्राह्मणले भगवान्‌लाई यस्तो भनेका हुन् भनी सार. प. I. पृ. १९३ र सुत्त. नि. अ. क. पृ. ९६: कसीभारद्वाजसुत्तवण्णनाले उल्लेख गरेका छन्। लक्षण सम्पन्न भगवान्‌लाई देखेर "यदि यिनले काम गरेको खण्डमा सारा जम्बुद्वीपमा यिनी शिरोमणी हुनसक्छन्, किन्तु यिनी अल्छी भएर रोपाईंको उत्सबमा भिक्षामाग्न यहाँ आइरहेछन्" भन्ने कुरो मनमा लागेर पनि यस्तो भनेका हुन् भनी उहीँ नै लेखिएको छ।

बुद्धलाई त्यहाँबाट धपाएर पठाउनकोनिमित्त ब्राह्मणले बुद्धमाथि पानी फ्याकि दिएका थिए भनी सूत्रालङ्कारमा उल्लेख भएको छ भनी D. P. P. I. पृ. ५४२ को पादटिप्पणीमा डा० मलल सेकरले उल्लेख गरेका छन्।

Downloaded from http://www.dhamma.digital

"तर हामी तपाइ गौतमको[१] न जुवा (=युग) देखदछौं, न नङ्गल (=हलो वा हरिस) देखदछौं, न फाली देखदछौं, न त छुडी (=पाचनं) देखदछौं, न त गोरू नै देखदछौं; तैपनि तपाइ गौतम यस्तो भन्नुहुन्छ—'ब्राह्मण ! म पनि जोत्दछु, रोप्दछु; जोतेर तथा रोपेर खान्छु' ।"

---

१. जब भगवान्‌ले 'म पनि•••जोतेर तथा रोपेर नै खान्छु' भनी भन्नुभयो तब ब्राह्मणले यस्तो सोचे—'यी श्रमण म पनि...जोतेर... खान्छु भनी भन्दछन् तर यिनको कुनै कृषी औजारहरू देखिदैनन् । के यिनले झूटो कुरो त गरेका होइनन् ?' भन्ने मनमा लागेपछि उनले भगवान्‌को पैतलादेखि लिएर शीरसम्म आँखा गाडेर राम्ररी हेरे। यसरी हेर्दा अङ्गविद्या जान्ने सो ब्राह्मणले भगवान्‌को शरीरमा बत्तीस महापुरुष-लक्षणहरू देखेर 'यस्ता महापुरुषले त कहील्यै झूटो कुरो गर्न सक्दैनन्' भन्ने लागेपछि उनको मनमा बुद्ध प्रति ठूलो श्रद्धा र भक्ति उत्पन्न भयो। त्यसैले यसपाली सम्बोधन गर्दा उनले भगवान्‌लाई 'श्रमणवादले' सम्बोधन नगरी 'गौतम' भनी गोत्रले सम्बोधन गरेका हुन् भनी सार. प. I. पृ. १९३ र सुत्त. नि. अ. क. पृ. ९७: कसीभारद्वाजसुत्तवण्णनाले उल्लेख गरेका छन् । त्यसै वखत उनको मनमा वहाँ शाक्यकुल छाडी प्रव्रजित भएको कुराको पनि स्मरण भयो । यति सम्झेपछि 'कसरी तपाइ कृषक हुनुहुन्छ' भन्ने कुरा जान्ने इच्छा गरी अगाडि उनले गाथाद्वारा प्रश्न गरेका हुन् भन्ने कुरा पनि उहीं उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

अनि कसिभारद्वाज ब्राह्मणले भगवान्लाई गाथाद्वारा यस्तो भने—

"कस्सको पटिजानाति, न च पस्सामि ते कसिं।
कस्सको पुच्छितो ब्रूहि, कथं जानेमु तं कसिं'ति॥"

अर्थ—

"तपाइ आफूलाई कृषक भनी भन्नुहुन्छ, किन्तु तपाइका कृषी औजारहरू देखिन्नन्, अतः कृषक हुने तपाइसँग सोध्दछु कि—कसरी तपाइको कृषीकर्मलाई जानूँ ?"

(भगवान् भन्नुहुन्छ—)

१. "सद्धा बीजं तपो वुट्ठि, पञ्ञा मे युगनङ्गलं।
हिरी[1] ईसा मनो योत्तं, सति मे फाल पाचनं॥

२. "कायगुत्तो वचीगुत्तो, आहारे उदरे यतो।
सच्चं करोमि निद्दानं, सोरच्चं मे पमोचयं॥

३. "विरियं मे धुरधोरय्हं, योगक्खेमाधि वाहनं।
गच्छति अनिवत्तन्तं, यत्थ गन्त्वा न सोचति॥

४. "एवमेसा कसीकट्ठा, सा होति अमतप्फला।
एतं कसिं कसित्वान, सब्बदुक्खा पमुच्चती'ति॥"

---

१. सिंहल र स्याममाः 'हिरि'।

Downloaded from http://www.dhamma.digital

**अर्थ—**

१–"मेरो बीज श्रद्धा हो[१], मेरो पानी तप हो[२], मेरो युगनङ्गल (=जुवा र हलो) प्रज्ञा हो[३], मेरो ईसा (=हरिस) लज्जा हो[४], मेरो बन्धन चित्त हो[५], मेरो फाली र छडी स्मृति हो[६]।

---

१. जब कसिभारद्वाज ब्राह्मणले बुद्धसँग 'त्यसोभए तपाइ कसरी कृषी-कर्म गर्नुहुन्छ त ?' भनी सोधे तब शुरुदेखि लिएर कृषीकर्मका कुराहरू बताउनु हुँदै भगवान्ले सर्वप्रथम 'मेरो बीज श्रद्धा हो' भनी भन्नुभएको हो। किनभने बीज विना कृषीकर्म गर्न सकिन्न। त्यसैले ब्राह्मणद्वारा न सोधिएता पनि बीजको कुरा सर्वप्रथम बताउनु भएको हो। बीज नै कृषीकर्मको मूल कारण हो। बीज नभइकन कृषीकर्म गर्न सकिन्न। बीजको प्रमाण हेरेर कुशल कृषकले खेत जोत्छ। धेरै पनि होइन थोरै पनि होइन। त्यसैले पनि सर्वप्रथम बीजको कुरा बताउनु भएको हो भनी सं. नि. अ. क. I. पृ. १९४ र सुत्त. नि. अ. क. पृ. ९८: कसीभारद्वाजसुत्तवण्णनाले उल्लेख गरेका छन्।

यी ब्राह्मण बुद्धिमानी थिए। किन्तु मिथ्यादृष्टिक कुलमा जन्मेका हुँदा यिनमा श्रद्धाको भाव थिएन। श्रद्धाद्वारा प्रतिपादन गर्नुपर्ने काम प्रतिपादन नगरिकन विशेषता अधिगमन गर्न सकिन्न। यिनमा भने क्लेश कलुशिततालाई हटाउने प्रसन्नता लक्षण भएको श्रद्धाको कमी थियो। बलवत् प्रज्ञाको साथ दुर्वल श्रद्धाको कारणले गर्दा अर्थसिद्ध हुन सक्तैन। यो त एउटै धूरमा हात्ती र गोरु नारे

Downloaded from http://www.dhamma.digital

जस्तै हुनजान्छ। अतः उनको लागि श्रद्धाको कुरा उपकारी थियो। ब्राह्मणलाई उपकार गर्ने विचारले र उनलाई पहिले श्रद्धामा प्रतिष्ठित गराउने उद्देश्यले नै भगवान्ले सर्वप्रथम श्रद्धाको कुरो निकाल्नु भएको हो। श्रद्धामा प्रतिष्ठित भएपछि तदनुरूप अरू कुराहरू पनि पछि बताइन्छ नै। देशना कुशल हुनेहरूले यसरी उपदेश गर्छन्। कुशल देशक हुनुभएका बुद्धले श्रद्धालाई अनेक ठाउँहरूमा अनेक रूपले प्रमुखस्थानमा राखी उपदेश गर्नुभएको छ। जस्तै—

(१) "सद्धा बन्धति पाथेय्यं..." (सं. नि. I. पृ. ४१: पाथेय्यसुत्तं, देवतासंयुत्तं) अर्थात्—"श्रद्धाद्वारा परलोककोनिमित्त बाटो खर्च हुने दानादि कुशल कर्महरू गरिन्छ..." भन्ने ठाउँमा श्रद्धालाई बाटो खर्चको रूपमा बताउनु भएको छ।

(२) "सद्धा दुतिया पुरिसस्स होति..." (सं. नि. I. पृ. ३६: दुतियसुत्तं, देवतासंयुत्तं) अर्थात्—"सुगति र निर्वाणमा जाने पुरुषको साथी श्रद्धा हुन्छ..." भन्ने ठाउँमा श्रद्धालाई साथीको रूपमा बताउनु भएको छ।

(३) "सद्धीध वित्तं पुरिसस्स सेट्ठं..." (सं. नि. I. पृ. ३९: वित्तसुत्तं, देवतासंयुत्तं; पृ. २१६: आलवकसुत्तं, यक्खसंयुत्तं) अर्थात्—"श्रद्धा नै पुरुषको श्रेष्ठ धन हो..." भन्ने ठाउँमा श्रद्धालाई धनको रूपमा बताउनु भएको छ।

(४) "सद्धाय तरति ओघं..." (सं. नि. I. पृ. २१६: आलवकसुत्तं, यक्खसंयुत्तं) अर्थात्—"श्रद्धाद्वारा संसाररूपी बाढी

Downloaded from http://www.dhamma.digital

तरिन्छ...'' भन्ने ठाउँमा श्रद्धालाई डुँगाको रूपमा बताउनु भएको छ।

(५) ''सद्धाहत्थो महानागो...'' (अं. नि–६, पृ. ६१: नागसुत्तं, धम्मिकवग्गो) अर्थात् – ''महापुरुषको हात नै श्रद्धा हो...'' भन्ने ठाउँमा श्रद्धालाई हातको रूपमा बताउनु भएको छ।

(६) ''सद्धायिको, भिक्खवे, अरियसावको अकुसलं पजहति, कुसलं भावेति...'' (अं. नि–७, पृ. २३६: नगरोपमसुत्तं, महावग्गो) अर्थात्—''भिक्षु हो ! श्रद्धालु आर्यश्रावकले अकुशल-लाई त्याग्छ र कुशललाई अभिवृद्धि गर्छ...'' भन्ने ठाउँमा श्रद्धालाई कुशलको मूलकारणको रूपमा बताउनु भएको छ।

(७) ''सद्धा बीजं तपो वुट्ठि...'' भन्ने यस सूत्रमा श्रद्धालाई बीजको रूपमा बताउनु भएको छ।

(१) प्रसन्नता हुनु श्रद्धाको लक्षण हो, (२) अगाडि-बढ्नु वा हर्षित हुनु श्रद्धाको रस हो, (३) मुक्ति वा अ-कलुशित हुनु श्रद्धाको प्रत्युपस्थान हो, (४) श्रद्धेय वस्तुहरू वा स्रोतापत्तिमार्ग श्रद्धाको पदस्थान हो।

बिऊलाई उपकारी हुने पानी भएकोहुँदा बिऊको तदनन्तर पानीको कुरो बताउनु भएको हो भनी सुत्त. नि. क. अ. पृ. ९८ र सं. नि. अ. क. I. पृ. १९४ ले उल्लेख गरेका छन्।

बीज पनि पाँचप्रकारका छन्—

(१) मूलबीज, (२) स्कन्धबीज, (३) फलबीज,

Downloaded from http://www.dhamma.digital

(४) अग्रबीज तथा (५) बीजबीज। उम्रने अर्थले यी सबैप्रकारका बीजहरूलाई 'बीज' भनिएको हो। त्यसैले "बीजञ्चेतं विरूहणट्ठेन" भनिएको हो ।

**उपमा-उपमेय्य—**

जस्तै ब्राह्मणको खेतीको काममा मुख्य भएको बिउले दुइवटा कामगर्छ—एक तलतिर जरो गाड्छ अर्को माथितिर टुसा आउँछ। त्यस्तैगरी बुद्धको कृषीक्षेत्रमा मुख्य भएको श्रद्धाबीजले पनि तलतिर शीलरूपी जरो गाड्छ र माथितिर समथविपश्यनारूपी अङ्कुर पैदा गर्छ।

जस्तै त्यसको जराबाट पृथ्वीरस र आपरसलाई बोट्ले चुस्छ र धान्यहरू पकाउनकोनिमित्त बिउको अभिवृद्धि हुन्छ—त्यस्तैगरी शीलरूपी जरोबाट समथ र विपश्यनारूपी रसलाई आर्यमार्गरूपी बोट्द्वारा चुस्छ र आर्यफलरूपी धान्यहरू पकाउनको-निमित्त श्रद्धाको बीउ अभिवृद्धि हुन्छ ।

जस्तै असल खेतमा रहेको जरोबाट अङ्कुर, पात, डाँठ, स्कन्ध आदि सहित उम्री सप्रेर वैपुल्यतामा पुगी दूध उत्पादन गरी झुप्पाका झुप्पा धानका बालाहरू फलाउँछ—त्यस्तैगरी यो चित्त-सन्ततिमा रही शील-चित्त-दृष्टि-शंकावितरण-मार्गामार्गज्ञानदर्शन-प्रतिपदाज्ञान दर्शन आदि छ विशुद्धिद्वारा सप्रेर अभिवृद्धि हुन्छ र वैपुल्यतामा पुगी ज्ञानदर्शनरूपी दूध उत्पादन गरी अनेक प्रति-

Downloaded from http://www.dhamma.digital

सम्भिदा अभिज्ञा ज्ञानहरूले भरिएको अरहत् फल फलाउँछ। त्यसैले **'श्रद्धाबीज'** भनिएको हो।

यसरी अनेकौं ज्ञानहरू एकैसाथ उत्पन्न हुने भएर पनि किन श्रद्धा एउटैलाई **'बीज'** भनिएको त ? बीजको काम गर्ने भएको हुँदा। जस्तै विज्ञानले मात्र जान्ने काम गर्नसक्छ अरूले गर्न-सक्दैनन्— त्यस्तै—श्रद्धाले मात्र बीजको काम गर्नसक्छ अरूले गर्न सक्दैनन्। श्रद्धा नै सबै प्रकारका कुशल धर्महरूको मूल कारण हो। त्यसैले भनिएको—"श्रद्धा भएपछि नजिक जान्छ, नजिक भएपछि उपासना गर्छ, उपासना गरेपछि कान थाप्छ, कान थापेपछि धर्म सुन्छ, धर्म सुनेपछि सुनेको धर्मलाई धारण गर्छ, धारण गरेपछि धर्मको अर्थ परीक्षा गर्छ, अर्थ परीक्षा गरेपछि धर्मलाई राम्ररी हेर्नसक्ने क्षमता हुन्छ, धर्मलाई हेर्ने क्षमता भएपछि धर्मानुसार काम गर्ने इच्छा हुन्छ, इच्छा भएपछि उत्साह हुन्छ, उत्साह भएपछि तुलना गर्छ, तुलना गरेपछि पराक्रम गर्छ, पराक्रम गरेपछि यही शरीरद्वारा परमसत्यको साक्षात्कार गर्छ र प्रज्ञाद्वारा प्रतिवेध पनि गर्छ।" (म. नि. II. पृ. १७०: कीटागिरिसुत्तं; पृ. ४३६: चङ्कीसुत्तं) सं. नि. अ. क. I. पृ. १९४–९५; सुत्त. नि. अ. क. पृ. ९८–९९: कसीभारद्वाजसुत्तवण्णना।

२. अकुशल धर्महरूलाई र शरीरलाई तप्त पार्ने अर्थले **'तप'** भनिएको हो। इन्द्रियसंवर, वीर्य, धुतङ्गशील आदि दुष्कर कारिता-लाई नै यहाँ 'तप' भनिएको हो। यस सूत्रमा चाहिं विशेष गरेर

Downloaded from http://www.dhamma.digital

इन्द्रियसंवरलाई लक्षगरी **'तप'** भनिएको छ। सं. नि. अ. क. I. पृ. १९५ र सुत्त. नि. अ. क. पृ. ९९: कसीभारद्वाजसुत्तवण्णना।

यहाँ **'पानी'** भनी वर्षाद्को पानीलाई 'पानी' भनिएको हो। जस्तै वर्षाद्को पानी संग्रहित भएपछि ब्राह्मणको बिउ र त्यसबाट उम्रने धानका बोटहरू अभिवृद्धि हुन्छन्, सुकेर जान्नन् तथा सप्रिन्छन्—त्यस्तै गरी—इन्द्रिय संयमरूपी पानी संग्रहित भएको भगवान्‌को श्रद्धा-बिउ र त्यसबाट उम्रने शीलादि धर्महरू अभिवृद्धि हुन्छन्, सुकेर जान्नन् तथा सप्रिन्छन्। त्यसैले 'मेरो पानी तप हो' भनी भन्नुभएको हो भनी सं. नि. अ. क. I. पृ. १९५ र सुत्त. नि. अ. क. पृ. ९९ ले उल्लेख गरेका हुन्।

३. यहाँ **'प्रज्ञा'** भनी विपश्यनाको साथ मार्ग प्रज्ञालाई 'प्रज्ञा' भनिएको हो। 'युगनङ्गल' भनी युग (=जुवा) र नङ्गल (=फालीरहने हलो) लाई भनिएको हो।

जस्तै ब्राह्मणको युगनङ्गल हो त्यस्तै भगवान्‌को द्विविध प्रज्ञा हो। जस्तै ईसाको माथि जुवा रहेको हुन्छ, ईसाको अगाडि एकाबद्ध गरी बाँधिएको हुन्छ, डोरीको भरमा रहेको हुन्छ तथा गोरूहरू एकैनास सँगसँगै हिड्नेगरी जोतेको हुन्छ, त्यस्तै गरी—लज्जा आदि मुख्य धर्महरूको माथि प्रज्ञा रहेको हुन्छ, "पुञ्ञुत्तरा सब्बे कुसला धम्मा" (अं. नि–८, पृ. ४२१: मूलकसुत्तं, सतिवग्गो) भने झैं सबै कुशल धर्महरूको पूर्वगामी भएकोले प्रज्ञालाई अगाडि

Downloaded from http://www.dhamma.digital

भनिएको हो । लज्जा विना प्रज्ञाको उत्पत्ति नहुने भएकोले ईसामा एकाबद्ध गरी बाँधिएको हो भनी भनिएको हो । समाधि चित्तरूपी डोरी निश्रय-प्रत्यय भएको हुँदा डोरीको भरमा रहेको भनी भनिएको हो । अत्यधिक वीर्य र वीर्यहीन भाव रहित गरी वीर्यरूपी गोरूहरू एकसाथ हिड्ने गरी जोतेको हुन्छ ।

जस्तै फाली भएको हलो जोत्दा पृथ्वीको घनत्वलाई फुटाल्छ र जराहरू उखेल्छ, त्यस्तै गरी विपश्यना ध्यानको समयमा स्मृतियुक्त प्रज्ञाले सन्ततिसमूहरूपी घनत्वलाई फुटाल्छ र सबै क्लेशहरूको जरो उखेल्छ । त्यसैले 'मेरो युगनङ्गल प्रज्ञा हो' भनी माथि सूत्रमा उल्लेख भएको हो । सं. नि. अ. क. I. पृ. १९५–९६ र सुत्त. नि. अ. क. पृ. ९९–१००: कसीभारद्वाजसुत्तवण्णना ।

४. पापधर्महरूबाट स्वयं लज्जित हुने हुनाले **'लज्जा'** (=हिरि) भनिएको हो । लज्जाको साथसाथै पाप देखेर डराउने **'भय'** (=ओत्तप्पं) पनि यसमा सम्मिलित भएको हुन्छ ।

ईसा भनेको जुवा धारण गर्ने काठ हो ।

जस्तै ब्राह्मणको ईसाले जुवालाई धारण गरेको हुन्छ, त्यस्तै गरी— भगवान्को धर्ममा लौकिक लोकोत्तार प्रज्ञाहरूलाई लज्जाले धारण गर्छ । लज्जा विना प्रज्ञा नहुने भएकोले यसो भनिएको हो ।

जस्तै ईसामा प्रतिबद्ध भएको जुवा कृत्यकारी हुन्छ,

Downloaded from http://www.dhamma.digital

अचल हुन्छ तथा अशिथिल हुन्छ त्यस्तै गरी—लज्जामा प्रतिबद्ध भएको प्रज्ञा कृत्यकारी हुन्छ, अचल हुन्छ तथा अशिथिल हुन्छ। त्यसैले माथि सूत्रमा 'मेरो ईसा लज्जा हो' भनी उल्लेख भएको हो। सं. नि. अ. क. I. पृ. १९६ र सुत्त. नि. अ. क. पृ. १००: कसी-भारद्वाजसुत्तवण्णना।

५. यहाँ **'चित्त'** शब्दले समाधिलाई अभिलक्षित गरेको छ। **'बन्धन'** भनी डोरीको बन्धनलाई भनिएको हो।

डोरीले तीनवटा काम गर्छ। जस्तै—(१) ईसाको साथ जुवालाई बाँधने, (२) जुवाको साथ गोरूहरू बाँधने तथा (३) हलोको साथ गोरूको बन्धन।

जस्तै त्यहाँ ब्राह्मणले ईसा, जुवा तथा गोरूहरूलाई डोरीले एकाबद्ध गरी बन्धन गरी आफ्नो काम सम्पादन गर्छ, त्यस्तै गरी—भगवान्ले पनि समाधिचित्तद्वारा सबै ती लज्जा, प्रज्ञा, वीर्य-धर्महरूलाई विक्षिप्त नपारी, एकै आरम्मणमा एकाबद्ध गरी बाँधेर राखी आफ्नो कृत्य सम्पादन गर्नुहुन्छ। त्यसैले सूत्रमा 'मेरो बन्धन चित्त हो' भनी उल्लेख भएको हो। सं. नि. अ. क. I. पृ. १९६ र सुत्त. नि. अ. क. पृ. १००: कसीभारद्वाजसुत्तवण्णना।

६. चिरकालका कुराहरूलाई स्मरण गर्ने हुनाले **'स्मृति'** भनिएको हो। बिस्मृति नहुनु स्मृतिको लक्षण हो।

फोर्ने वा फुटाल्ने अर्थले **'फाली'** भनिएको हो।

Downloaded from http://www.dhamma.digital

जस्तै ब्राह्मणको फाली र छडी हो, त्यस्तै भगवान्को विपश्यना ध्यानयुक्त र मार्गयुक्त स्मृति हो ।

जस्तै त्यहाँ फालीले नङ्गल (=फाली रहने हलो) को आरक्षा गर्छ र अगाडितिर पनि बढाउँछ, त्यस्तै – स्मृतिले कुशल धर्महरूको गतिलाई अगाडि बढाउँछ र आरम्मणमा प्रतिष्ठित गराई प्रज्ञारूपी नङ्गलको आरक्षा गर्छ । त्यसैले स्मृतिलाई 'सता रक्खेन चेतसा विहरति' (अं. नि–१०, पृ. १२२: दुतिय अरियवाससुत्तं, नाथवग्गो दुतियो) अर्थात्—'स्मृतिद्वारा चित्तको आरक्षा गरी विहार गर्छ' भनी भनिएको हो । विस्मृति नहुनाको कारणद्वारा नै अगाडि बढ्न सक्छ, बिस्मृतिको कारणले सकिन्न । स्मृति परिचित भएको प्रज्ञाले धर्महरूलाई जान्न सकिन्छ । बिस्मृति भएको प्रज्ञाले सकिन्न ।

जस्तै छडीको डर देखाएर गोरूहरूलाई अल्छी गर्न नदिई बस्न दिन्न र कुमार्गमा पनि लाग्न दिन्न, त्यस्तै गरी – वीर्यरूपी गोरूहरूलाई स्मृतिद्वारा अपाय-भय देखाई अल्छी भएर बस्नदिन्न र अगोचर कामविषयहरूमा पनि जानदिन्न । बरु कर्मस्थानमा नियुक्त गरी राख्छ र कुमार्गमा पनि लाग्नदिन्न । त्यसैले सूत्रमा 'मेरो फाली र छडी स्मृति हो' भनी उल्लेख भएको हो । सं. नि. अ. क. I. पृ. १९६ र सुत्त. नि. अ. क. पृ. १००–०१: कसीभारद्वाजसुत्त-वण्णना ।

Downloaded from http://www.dhamma.digital

२–"कायसंयम[१], वचनसंयम[२], आहारसंयम[३], तथा सत्यद्वारा असत्यलाई उखेलिदिन्छु[४], अनि सुन्दर निर्वाणद्वारा प्रमुक्त हुन्छु[५]।

---

१. तृविध काय-सुचरितलाई यहाँ 'कायसंयम' भनिएको हो।

२. चतुर्विध वचन-सुचरितलाई यहाँ 'वचनसंयम' भनिएको हो। यी दुवै संयमहरूद्वारा प्रातिमोक्ष संवरशीललाई निर्दिष्ट गरिएको हो भनी सं. नि. अ. क. I. पृ. १९६ र सुत्त. नि. अ. क. पृ. १०१: कसीभारद्वाजसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. 'आहारसंयम' भनी केवल आहारसंयमलाई मात्र भनिएको होइन। यस वचनद्वारा सबै चतुप्रत्ययहरूमा संयम भनिएको हो र 'आजीव पारिशुद्धिशील' लाई पनि लक्ष गरेको हो भनी अट्ठकथाले उल्लेख गरेको छ। आहारसंयम भन्नाले मितभोजी र आहारमा मात्राज्ञान भनिएको हो। भोजन शब्दले मुखद्वारा गरिने प्रत्ययसेवन-शीललाई भनिएको हो। यी कुराहरूद्वारा के भन्न खोजेको हो भने ?—

"हे ब्राह्मण ! जस्तै बिउ रोपेर धानरक्षागर्नकोनिमित्त तिमीले काँढाको बार वा रूखको बार अथवा परखाल लगाउँछौ— जसद्वारा गाई, भैंसी तथा मृगगणहरू खेतमा पस्न सक्दैनन् र धानको चोरी पनि हुन्न, त्यस्तै गरी—श्रद्धाबीज रोपेर अनेक प्रकारका कुशलधान रक्षागर्नकोनिमित्त मैले कायवाक् आहारादि त्रिविध संयमरूपी बार लगाउँछु—जसद्वारा रागादि अकुशल-धर्मरूपी गाई, भैंसी तथा मृगगणहरू पस्न सक्दैनन् र अनेक कुशल-

Downloaded from http://www.dhamma.digital

रूपी धानको चोरी पनि हुन्न ।" सं. नि. अ. क. I. पृ. १९७ र सुत्त. नि. अ. क. पृ. १०१ ।

४. 'असत्यलाई उखेलिदिन्छु' यसको अर्थ हो—असत्यतालाई सत्यताद्वारा छेदन गर्छु, उखेलिदिन्छु । कायद्वार र वचनद्वार—यी दुइद्वारहरूबाट असत्य बोलिन्छ । त्यस्ता बोलीलाई सत्य बोलीद्वारा म छेदन गर्छु, उखेलिदिन्छु । भनाइको मतलब—

जस्तै बाहिरी कृषीकर्म गर्ने तिमीले धान बिगार्ने तृणहरूलाई हातले वा हैँस्याले काट्दछौ अथवा उखेल्दछौ, त्यस्तै गरी—भित्री कृषीकर्म गर्ने मैले कुशलरूपी धान बिगार्ने असत्य बोलीरूपी तृणहरूलाई सत्यवादीताद्वारा काटिदिन्छु वा उखेलिदिन्छु । यहाँ सत्य भनी 'ज्ञानसत्य' लाई पनि लिन सकिन्छ भनी अट्ठकथाले उल्लेख गरेको छ । 'ज्ञानसत्य' भनेको यथाभूत ज्ञान हो । त्यसले आत्मसंज्ञादिरूपी तृणहरूलाई काटिदिन्छ वा उखेलिदिन्छ । अतः म पनि यथाभूत ज्ञानद्वारा आत्मसंज्ञादि तृणहरूलाई काट्दछु वा उखेल्दछु भनी भनिएको हो । सं. नि. अ. क. I. पृ. १९२ र सुत्त. नि. अ. क. पृ. १०१: कसीभारद्वाजसुत्तवण्णना ।

५. 'सुन्दर निर्वाणद्वारा प्रमुक्त हुन्छु' भनेको—

जस्तै हलो जोताइको कामबाट तिमीले छुट्कारा पाएता पनि फेरि अर्को समयमा हलो जोत्नु पर्ने हुन्छ । त्यसैले तिम्रो छुट्कारालाई सम्यक् छुट्कारा भन्न सकिन्न । किन्तु मेरो छुट्कारा

Downloaded from http://www.dhamma.digital

**३–"मेरो वीर्य नै धुर वहन गर्ने गोरू हो, जसले योगक्षेममा पुऱ्याइदिन्छ र त्यस दिशातिर लैजान्छ जुन दिशातिर पुग्दा पुनः फर्केर आउनु पर्दैन तथा जुन दिशामा पुग्दा शोक पनि हुन्न[१] ।**

---

चाहिं त्यस्तो होइन । मेरो छुट्कारा चाहिं एकपल्ट छुटेपछि, छुटेको छुट्यै हुन्छ पुनः बन्धनमा परी जोत्नपर्ने हुन्न ।

दीपङ्कर दशवलको पालादेखि प्रज्ञारूपी हलोमा वीर्यरूपी गोरूहरूलाई जोत्दाजोत्दै चार असंख्य एकलाख कल्पसम्म महाकृषी-कर्म गर्दै आएको म तबसम्म त्यस जोताइबाट प्रमुक्त भएको थिइन जबसम्म मैले सम्यक्सम्बुद्धत्व पाइन । जब मैले ती समयहरू बिताई बोधिवृक्षमनि अपराजेय आसनमा बसी सबै प्रकारका गुणहरूले युक्त भएको अरहत् फल पाएँ तब म ती सबै प्रकारका जोताइबाट प्रमुक्त भएँ । अब फेरि जोत्नुपर्ने काम छैन । यसै कुरालाई लक्ष गरी माथि सूत्रमा 'अनि सुन्दर निर्वाणद्वारा प्रमुक्त हुन्छु' भनी भनिएको हो । सं. नि. अ. क. I. पृ. १९७ र सुत्त. नि. अ. क. पृ. १०२: कसीभारद्वाजसुत्तवण्णना ।

१. जस्तै ब्राह्मणको हलोको धुरलाई गोरूले वहन गर्दा फाली भएको नङ्गलले पृथ्वीको घनत्वलाई फोर्दैजान्छ, त्यस्तै गरी—भगवान्को वीर्यरूपी गोरूले तानेर लैजाँदा प्रज्ञारूपी नङ्गलले क्लेशसन्ततिरूपी घनत्वलाई फोर्दै जान्छ । त्यसैले सूत्रमा 'मेरो वीर्य नै धुरवहन गर्ने गोरू हो' भनी उल्लेख भएको हो ।

जस्तै तिम्रो हलो पूर्वपश्चीमादि दिशातिर जान्छ, त्यस्तै

Downloaded from http://www.dhamma.digital

**४–"यस प्रकारको खेतीको काम गर्दा अमृतफल प्राप्तहुन्छ। यस प्रकारको खेतीको काम गर्ने जो पनि सबै दुःखबाट प्रमुक्त हुन्छ[१]।**

---

गरी—मेरो हलो सीधा निर्वाण दिशातिर मात्र जान्छ।

जस्तै तिम्रो हलो खेतको एक छेउमा पुगेर पुनः फर्केर आउँछ त्यसरी मेरो हलो फर्केर आउँदैन। दीपङ्कर बुद्धको पाला-देखि लिएर सम्यक्सम्बुद्धत्व नपाएसम्म अगाडि नै बढेर जान्छ। पुनः फर्केर आउन्न। अर्थात् जुन जुन मार्गद्वारा जुन जुन क्लेशहरू प्रहीण हुन्छन् ती ती क्लेशहरू पुनः उत्पन्न हुन सक्दैनन्।

जस्तै तिम्रो हलोले छेदन गरेर गएका तृणहरूलाई पुनः पुनः छेदन गर्नुपर्ने हुन्छ, त्यसरी मेरो हलोले पहिलो मार्गद्वारा, दोश्रो मार्गद्वारा, तेश्रो मार्गद्वारा तथा चौथो मार्गद्वारा छेदन गरेका क्लेशहरूलाई पुनः छेदन गर्नुपर्ने हुन्न। यसरी पुनः फर्केर नआउने गरी अगाडि नै बढेर जान्छ।

फेरि तिम्रो हलो त्यस्तो ठाउँमा पुग्न सक्दैन जुन ठाउँमा पुग्दा जोताहाले शान्ति पाओस्। तर मेरो हलो त्यस ठाउँमा पुग्न सक्छ जुन ठाउँमा पुग्दा जोताहाले शान्ति पाउँछ। सं. नि. अ. क. I. पृ. १९८ र सुत्त. नि. अ. क. पृ. १०२–०३: कसीभारद्वाजसुत्त-वण्णना।

१. यो गाथा, उपरोक्त तीन गाथाहरू बताइसक्नु भएपछि निगमनमा बुद्धले यस्तो भन्नुभएको हो।

"हेर ब्राह्मण! यो श्रद्धाबीज तपोवृष्टि र प्रज्ञा युगनङ्गल

Downloaded from http://www.dhamma.digital

**अनि कसिभारद्वाज ब्राह्मणले ठूलो सुनको पात्रमा पायस राखी भगवान्को अगाडि लगी—"तपाइ गौतम पायस खानुहोस्, तपाइ कृषक हुनुहुन्छ—जो कि तपाइ गौतम अमृत फलदायी खेतको काम गर्नुहुन्छ[1] ।"**

---

आदिहरूले युक्त भएको हलो जोत्दा अमृतफल पाउँछ । ब्राह्मण ! यस्तो खेती गर्ने मैले मात्र यो अमृतफल पाएको होइन, अपितु क्षत्री, ब्राह्मण, वैश्य, शूद्र, गृहपति तथा प्रव्रजित—जुनसुकैले यस्तो खेती गर्छन्—ती सबै—संसार दुःखबाट, दुःख दुःखबाट, संस्कार दुःख-बाट, विपरिणाम दुःखबाट तथा सबै प्रकारका दुःखहरूबाट—प्रमुक्त हुन्छन् ।"

यति कुरा सुनेपछि ब्राह्मणको मनमा यस्तो लाग्यो—"मेरो खेतीको फल भोगेर कहील्यै तृप्त हुइन्न, फेरि फेरि भोग गर्नुपर्ने नै हुन्छ । यी श्रमण गौतमको खेतीको फल त अमृतमय निर्वाण छ, जुन फल भोग गर्दा सँधैंकोनिमित्त तृप्त हुँइदो रहेछ ।" यति कुरा बुझेर अतिप्रसन्न भई आफ्नो प्रसन्नतालाई प्रकट गर्नको-निमित्त उनले भगवान्लाई अगाडि पायस प्रदान गरेका हुन् भनी सं. नि. अ. क. I. पृ. १९८–९९ र सुत्त. नि. अ. क. पृ. १०३: कसीभारद्वाजसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. सं. नि. I. पृ. १७२: कसिभारद्वाजसुत्तं, नालन्दा पालिमा चाहिं सुनको पात्रमा पायस राखिदिएको कुरा छैन, केवल 'खानुहोस्' भन्ने मात्र उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

(भगवान् भन्नुहुन्छ—)

१. "गाथाभिगीतं मे अभोजनीयं,
सम्पस्सतं ब्राह्मण नेस धम्मो ।
गाथाभिगीतं पनुदन्ति बुद्धा,
धम्मे सति ब्राह्मण वुत्तिरेसा ।।

२. "अञ्ञेन च केवलिनं महेसिं,
खीणासवं कुक्कुच्चवूपसन्तं[१] ।
अन्नेन पानेन उपट्ठहस्सु,
खेत्तं हि तं पुञ्ञपेक्खस्स[२] होती'ति ।।"

**अर्थ—**

**१–"ब्राह्मण ! गाथा गाएर पाएको भोजन मेरोनिमित्त अभोज्य छ; आजीवपारिशुद्धिको दृष्टिले हेर्दा यसमा धर्मता छैन । गाथा गाएर पाएको भोजनलाई बुद्धले स्वीकार्दैन । ब्राह्मण ! आजीवपारिशुद्धि-धर्म छउञ्जेलसम्म यस्तै वृत्ति रहिरहने छ ।**

**२–"सर्वगुण परिपूर्ण महर्षी, क्षीणास्रवी तथा शंकासमाधान भएकालाई अर्के आहारपानद्वारा उपस्थान गर्नू; पुण्यपेक्षीहरूकोनिमित्त**

---

१. सिंहल र रोमनमा: 'कुक्कुचवूपसन्तं' ।
२. सिंहल र रोमनमा: 'पुञ्ञपेखस्स' ।

Downloaded from http://www.dhamma.digital

र पुण्य पाउनकोनिमित्त यो कार्य क्षेत्र समान छ।

"भो गौतम ! त्यसोभए यो पायस कसलाई दिउँ त[२] ?"

"ब्राह्मण ! तथागतले वा तथागत श्रावकहरूले बाहेक देवलोक

---

१. "दिन न चाहने ब्राह्मणलाई अनेक प्रकारले गाथागाई दिने मन गराउन लगाई ब्राह्मणको पायस खायो" भन्ने लोकापवादबाट दूर रहने विचारले क्षीर पायस भगवान्ले ग्रहण नगरेपछि ब्राह्मणको मनमा यस्तो लाग्यो—"यो मेरो पायसलाई प्रतिक्षेप गर्नुभयो। यो पायस अकप्पिय (=अयोग्य, प्रतिकूल) होला। अभागी रहेछु म, दान पनि दिन पाइएन" भन्ने जस्तो लागेपछि चित्त बेखुस पारे। फेरि उनले यस्तो सोचे कि—शायद अर्को आहार ग्रहण गर्नुहुन्छ कि ? यसै वितर्कनालाई बुझ्नु भई भगवान्ले उनको चित्तलाई प्रसन्न पार्नेकोनिमित्त परियाय वाक्यद्वारा 'अर्को भोजनद्वारा उपस्थान गर्नू' भनी भन्नु भएको हो भनी सुत्त. नि. अ. क. पृ. १०४: कसीभारद्वाजसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. यो पायस मैले भगवान्कोनिमित्त ल्याएको हुँ, अतः वहाँसँग नसोधिकन कसैलाई दिनु योग्य छैन भन्ने मनना लागेपछि ब्राह्मणले 'यो पायस कसलाई दिऊँ' भनी सोधेका हुन् भनी सुत्त. नि. अ. क. पृ. १०५: कसीभारद्वाजसुत्तवण्णनाले लेखेको छ।

Downloaded from http://www.dhamma.digital

**सहित[१], मारलोक सहित[२], ब्रह्मलोक सहित[३]; श्रमण ब्राह्मणहरू सहित प्रजा[४] तथा देवसहित मनुष्यहरू[५]मध्ये यो पायस खाएर पचाउनसक्ने म कोही पनि देख्दिन । ब्राह्मण ! त्यसैले त्यो पायस हरियो घाँस नभएको ठाउँमा राखिदेऊ अथवा अप्राणक पानीमा बघाइदेऊ ।"**

---

१. छ कामावचर देवलोकहरूमध्ये पाँच कामावचर देवलोकलाई लक्ष गरी यहाँ 'देवलोक' भनिएको हो ।

२. छैटौं कामावचर देवलोकलाई लक्ष गरी यहाँ 'मारलोक' भनिएको हो ।

३. रूपावचर ब्रह्मलोकलाई यहाँ 'ब्रह्मलोक' भनिएको हो । अरूपावचर ब्रह्मलोकलाई होइन । सुत्त. नि. अ. क. पृ. १०५: कसीभारद्वाज-सुत्तवण्णना । (हेर लेखकको बु.ब्रा. भा-१, पृ. ४६८ को पादटिप्पणीमा)

४. बुद्धशासन भित्रका र बुद्धशासनभन्दा बाहिरका श्रमणब्राह्मणहरू-लाई यहाँ 'प्रजा' भनी भनिएको हो । प्रजा भन्नाले सत्वलोकलाई पनि लिइएको छ ।

५. 'देवसहित मनुष्यहरू' भन्नाले सम्मति देवहरूलाई यहाँ 'देव' भनिएको हो । बौद्ध साहित्यले राजाहरूलाई 'सम्मतिदेव' भन्दछ । मनुष्य भन्नाले मनुष्य मात्रलाई भनिएको हो । यहाँ उल्लिखित माथिल्ला तीन पदहरूद्वारा अर्थात् देव-मार-ब्रह्मा भन्नाले आकाश लोक (=ओकासलोक) र तल्ला दुइपदद्वारा अर्थात् श्रमणब्राह्मण सहित प्रजा र देवसहित मनुष्य भन्नाले सत्वलोक (सत्तलोक) भनिएको हो । सुत्त. नि. अ. क. पृ. १०५: कसीभारद्वाजसुत्त-वण्णना ।

Downloaded from http://www.dhamma.digital

अनि कसिभारद्वाज ब्राह्मणले त्यो पायसलाई अप्राणक पानीमा बगाइदिए। अनि त्यो पायस पानीमा राख्नेबित्तिकै त्यसबाट 'चिच्चिट चिटि चिट' आवाज आई धुँवा पनि निस्कन थाल्यो। जस्तै—दिनभरी घाममा तातेको फाली पानीमा राख्दा 'चिच्चिट चिटि चिट' गरी आवाज निस्किन्छ र धुँवा जस्तै बाफ पनि निस्कन्छ—त्यस्तै गरी त्यो पायस पानीमा राख्दा 'चिच्चिट चिटि चिट' गरी आवाज निस्क्यो र धुँवा जस्तै गरी बाफ पनि निस्कन थाल्यो[१]।

अनि कसिभारद्वाज ब्राह्मण संविग्न भई (=विरक्त भई) रोमाञ्चित भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्को चरणकमलमा शीरले ढोगी भगवान्लाई यस्तो भने[२]—

"धन्य हो, भो गौतम! धन्य हो, भो गौतम!!...सो म

---

१. किन त्यसरी आवाज निस्केको होला? भगवान्कै प्रभावद्वारा त्यस्तो भएको हो। न पानीको प्रभावद्वारा न पायसको प्रभावद्वारा न ब्राह्मणको प्रभावद्वारा न अरू कुनै देव यक्षहरूको प्रभावद्वारा त्यस्तो भएको हो। ब्राह्मणलाई विरक्त पार्नकोनिमित्त भगवान्ले 'त्यस्तो होस्' भनी अधिष्ठान गर्नु भएको थियो भनी सुत्त. नि. अ. क. पृ. १०६: कसीभारद्वाजसुत्तावण्णनाले लेखेको छ।

२. माथि लेखिएका गाथापछिका कुराहरू सं. नि. I. पृ. १७१: कसि-भारद्वाजसुत्तमा लेखिएका छैनन्। केवल सुत्त. नि. पृ. २८२ मा मात्र लेखिएका छन्।

Downloaded from http://www.dhamma.digital

भगवान् गौतमको शरणमा जान्छु धर्म र भिक्षुसङ्घको पनि । तपाइ गौतम समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाऊँ[१] ।"

त्यसपछि कसिभारद्वाज ब्राह्मणले बुद्धकहाँ प्रव्रज्या र उपसम्पदा पाए । प्रव्रजित भएर आयुष्मान् भारद्वाज एकान्तमा एक्लै बसी अप्रमादी भई आतप्त सम्पन्न भई, वीर्यवान् भई विहार गरी बसिरहेको वेलामा चिरकाल नबित्दै — जसकोनिमित्त कुलपुत्रहरू सम्यक्‌रूपले घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छन् — त्यो अनुत्तर ब्रह्मचर्यको अन्तमा पुगी यसै जीवनमै स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपशान्त भई विहार गरे । 'जाति क्षीणभयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त केही गर्नुपर्ने बाँकी छैन' भन्ने ज्ञान पनि भयो । आयुष्मान् भारद्वाज पनि अरहन्तहरूमध्येमा एक अरहन्त भए ।

---

१. सं. नि. I. पृ. १७३: कसिभारद्वाजसुत्तमा चाहिं प्रव्रज्या मागेको कुरो उल्लेख भएको छैन । केवल उपासकत्वमा गएको कुरो मात्र उल्लेख भएको छ । यसको अर्थकथाले चाहिं उपासकत्वमा गई असीकोटी धनसम्पत्ति बुद्धशासनमा परित्याग गरी पछि गएर प्रव्रजित भई अरहत् हुनेछन् भन्ने कुरो थाहापाउनु भई भगवान् बुद्ध त्यहाँ जानुभएको थियो भन्ने कुरा भने उल्लेख गरेको छ । सं. नि. अ. क. I. पृ. १९१–९२: कसिभारद्वाजसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

# ५. कूटदन्त ब्राह्मण

## परिचय

मगध नरेश बिम्बिसारले अङ्गदेशको चम्पालाई जसरी सोणदण्ड ब्राह्मणलाई प्रदान गरेका थिए[1] त्यसरी नै यी कूटदन्त ब्राह्मणलाई पनि बिम्बिसार राजाले मगधजनपदको खाणुमत नामक ब्राह्मण गाउँ प्रदानगरेका थिए भन्ने कुरा अगाडि अनुदित कूटदन्त सूत्रबाट प्रष्टसँग बुझिन्छ। उनी कुनढंगले बस्दथे भन्ने आदि कुराहरू पनि अगाडिकै सूत्रबाट प्रष्टसँग बुझ्न सकिन्छ।

यहाँ यतिमात्र उल्लेख गर्न चाहन्छु कि—कूटदन्त ब्राह्मण समझदार थिए, उनी ब्राह्मणहरूको अति रञ्जित वर्णनाले फूलेका थिएनन् र आफ्नो प्रमाणलाई उनी जान्दथे। त्यसैले ब्राह्मणहरूले रोक्दा रोक्दै उनी बुद्धकहाँ गएका हुन्। यतिमात्र होइन आफूले थाहापाए जस्तै उनले उनन्तीस प्रकारले बुद्धको प्रशंसा पनि गरेका कुराहरूलाई अगाडिको मूल सूत्रले प्रष्टसँग उल्लेख गरेको छ।

---

१. दी. नि. I. पृ. ९७: सोणदण्डसुत्तं, अ. क. I. पृ. १९६।

Downloaded from http://www.dhamma.digital

उपदेशको अन्तमा उनले स्रोतापत्तिफल साक्षात्कार गरेका कुरा सूत्रमा "दृष्टधर्मी, प्राप्तधर्मी, ..." भन्ने आदि पर्यायद्वारा प्रष्टसँग बुझिन्छ ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–अहिंसामय यज्ञ

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् मगध देशमा चारिका गर्दै पाँचशय महाभिक्षुसङ्घका साथ जहाँ खाणुमत भन्ने मगध ब्राह्मणहरूको गाउँ हो त्यहाँ जानुभयो । त्यहाँ भगवान् खाणुमतको अम्बलट्ठिकामा[२] विहार गर्नु भएको थियो ।

---

१. दी. नि. I. पृ. १०९: कूटदन्तसुत्तं, अ. क. I. पृ. २०७

२. अम्बलट्ठिका भन्ने ठाउँ तीनओटा छन् । पहिलो त्यो हो जो राजगृह र नालन्दाका बीच बाटामा पर्छ । दी. नि. I. पृ. ३: ब्रह्मजालसुत्तं । यसको स्पष्टिकरण दिँदै सुमङ्गलविलासिनीले यसरी उल्लेख गरेको छ —

अम्बलट्ठिका भनेको राजाको एक उदयान हो । यसको द्वारनिर

Downloaded from http://www.dhamma.digital

भरखरको एक आँपको रुख थियो । त्यसैलाई अम्बलट्ठिका भनिएको हो । अतः त्यस रुखको आसपासको उदयानलाई पनि 'अम्बलट्ठिका' भनिएको हो । त्यो उदयान छायासम्पन्न पानीले युक्त छ । मञ्जूसा जस्तै सुरक्षित गरी परखालले घेरिराखेको छ तथा ढोका पनि राम्ररी राखिएको छ। बिम्बिसार राजाको क्रीडाकोनिमित्त त्यसमा अनेक चित्र विचित्रहरूले सजाइएको एक घर पनि थियो जसलाई 'राजदरवार' (=राजागारक) भन्दछन् । सुमं. वि. I. पृ. ३२: ब्रह्मजालसुत्तवण्णना ।

दोश्रो अम्बलट्ठिका त्यो हो जहाँ प्रायगरी आयुष्मान् राहुल विहार गर्नुहुन्छ। यो ठाउँ वेणुवनको कलन्दकनिवापको आसपासमै छ । म. नि. II. पृ. ९२: अम्बलट्ठिकराहुलोवादसुत्तं । यसको स्पष्टिकरण दिंदै पपञ्चसूदनीले यसरी लेखेको छ—

वेणुवन विहारको एक छेउमा (=पच्चन्ते) एक ध्यानागार छ, जो एकान्त छ। यस ध्यानागारलाई 'अम्बलट्ठिका' भन्दछन् । पपं. सू. III. पृ. ८५: अम्बलट्ठिकराहुलोवादसुत्तवण्णना ।

तेश्रो अम्बलट्ठिका यसै सूत्रमा उल्लिखित खाणुमत मगध ब्राह्मण गाउँको एक उदयान हो । यस अम्बलट्ठिकाको वर्णन पनि ब्रह्मजालसुत्तवण्णनामा उल्लेख भए जस्तै हो । दी. नि. अ. क. I. पृ. २०१: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

# हिंसामय महायज्ञको तयारी

त्यसवखत कूटदन्त ब्राह्मण खाणुमतमा बस्दथे । मगधराजा सेनीय (=सेनासम्पन्न) बिम्बिसारले ब्रह्मदेय (=दिइसकेको वस्तु पुनः हरण गर्न नपाउने) गरी, राजदायगरी (=बिर्ता) दिएका राजभोग्यहरू[१] धेरै थिए, प्राणीहरू धेरै थिए[२], पानी-घाँस-काठहरू[३] प्रसस्त थिए तथा धान्यवर्गहरूको कुनै कमी थिएन । त्यसवखत कूटदन्त ब्राह्मणको महायज्ञको तयारी हुँदै थियो । (त्यसवखत) सातशय गोरुहरू, सातशय

---

१. जसले राजाले झैं दण्ड, सजाय, शुल्क उठाउने काम समेतको अधिकार पाएको छ त्यस्तो अधिकारलाई 'राज-भोग्य' भनिएको हो भनी सुमं. वि. I. पृ. १७१: अम्बट्ठसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. आफूद्वारा पोषण गरिने हात्ती, घोडा, मृगादि अनेक प्राणीहरूको समूहका साथ मानिसहरू पनि धेरै भएकाले 'प्राणीहरू धेरै थिए' भनी भनिएको हो । सुमं. वि. I. पृ. १७१ ।

३. पशुहरूलाई खुवाउने घाँसपातहरूको रास, घरमा छाउने त्रिणहरूको रास, दाउरा काठहरूको रास तथा भित्रबाहिर ठाउँ ठाउँमा पानीको चारपाटे पोखरीहरू पनि धेरै भएकाले 'पानी घाँस काठहरू प्रसस्त थिए' भनी भनिएको हो भनी सुमं. वि. I. पृ. १७१: अम्बट्ठसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

बाछाहरू, सातशय बाछीहरू, सातशय बोकाहरू, सातशय भेडाहरू[१] यज्ञकोनिमित्त मौलोमा बाँधिइ राखिएका थिए ।

अनि खाणुमतका ब्राह्मणहरूले यस्तो सुने—

"शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भई मगध देशमा चारिका गर्दै पाँचशय महाभिक्षु सङ्घका साथ खाणुमतमा आइपुगी, खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ । वहाँ आदरणीय भगवान् गौतमको यस्तो कल्याण कीर्ति शब्द फैलिरहेको छ —'वहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक् सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्यसारथी, देवमनुष्य-हरूका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ । वहाँले यो लोकलाई—

Dhamma.Digital

१. मूल सूत्रमा लेखिएका बाहेक अरू प्राणीहरू पनि एकत्रित पारिएका थिए भन्ने कुरा पनि बुझ्नसक्नु पर्छ भनी सुमं. वि. ले उल्लेख गरेको छ । किनभने कूटदन्त ब्राह्मण 'सब्बसत्तसतिक' भन्ने यज्ञ गर्न चाहन्थे । अर्थात् 'सब्बसत्तसतिक' यज्ञमा जे जति होम गर्न चाहन्छन् ती सबै प्रत्येक सात सात शयलाई 'सब्बसत्तसतिक' भन्दछन् । त्यसैले उनले पनि यस्तै गरी जम्मा गरी राखेका थिए । सुमं. वि. I. पृ. २०७: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

**देवसहित[१], मारसहित, ब्रह्मसहित लोकलाई; श्रमण ब्राह्मण सहित प्रजालाई, देव सहित मनुष्यलोकलाई[१] —विशिष्ट प्रज्ञाद्वारा (=अभिञ्ञा)**

---

१–१. यहाँ 'देवसहित' आदि शब्दका स्पष्टिकरणहरू यसप्रकार हुन्। चातुर्महाराजिक देखि लिएर निर्माणरतिदेवसम्मका पाँच कामावचर देवलोकहरूलाई 'देवसहित' र छैटौं कामावचर परनिर्मितवशवर्ती देवलोकलाई 'मारसहित' भनिएको हो। ब्रह्मकायादि ब्रह्मगणहरूलाई 'ब्रह्मसहित' भनिएको हो। बुद्धशासन भित्रका र बाहिरका श्रमण-ब्राह्मणहरूलाई तथा पाप शान्त गरिसकेका, पाप पखालिसकेका अरहन्त क्षीणास्रवीहरूलाई पनि 'श्रमणब्राह्मण' भनी भनिएको हो। प्रजा शब्दद्वारा सत्वलोकलाई लिइएको हो। पुनः 'देवसहित मनुष्यलोक' भन्नाले राजा सहित मनुष्यवर्गलाई लिइएको हो। यस सम्बन्धी अरू कुराहरू माथि पृ. ७८ मा लेखिएबमोजिम सम्झनू।

अर्को प्रकारले—देवसहित भन्नाले अरूपावचर लोकलाई, मारसहित भन्नाले ६ कामावचर देवलोकहरूलाई, ब्रह्मसहित भन्नाले रूपावचर ब्रह्मलोकलाई अनि श्रमणसहित ब्राह्मण प्रजा भन्नाले चारपरिषद्को रूपमा सम्मतिदेव मानिने राजासहित मनुष्यहरूलाई भनिएको हो। यी मध्ये माथिल्लो ब्रह्मसहित भन्नाले आकाशलोक र तल्लो श्रमण देखि लिएर मनुष्यलोक भन्नाले सत्वलोकलाई देखाइएको छ भनी सुमं. वि. I. पृ. १२१: सामञ्ञसुत्तवण्णनाले लेखेको छ।

अर्को प्रकारले पनि यी देवसहित भन्ने आदिको स्पष्टि-

Downloaded from http://www.dhamma.digital

स्वयं साक्षात्कार गर्नुभएको धर्मलाई उपदेश गर्नुहुन्छ। वहाँले आदि-कल्याण[१] (=शुरुमा पनि कल्याण हुने), मध्यकल्याण (=बीचमा पनि कल्याण हुने), तथा पर्यवशानकल्याण[१] (=अन्तमा पनि कल्याण

---

करण सुमं. वि. I. पृ. १२२ मा उल्लेख भएको छ। इच्छुक हुनेले त्यहाँ हेर्नू।

यी 'देवसहित' भन्ने आदि शब्दहरूका स्पष्टिकरणहरू सुत्त. नि. अ. क. पृ. १६९: आलवकसुत्तवण्णना; उदा. अ. क. पृ. २७९: चुन्दसुत्तवण्णना, पाटलिगामियवग्ग; मनो. र. पू. I. पृ. ४०८: वेनागपुरसुत्तवण्णना, महावग्ग, तिकनिपात; मनो. र. पू. II. पृ. ४७७: पठम उरुवेलसुत्तवण्णना, उरुवेलवग्ग, चतुक्कनिपात; पपं. सू. II. पृ. ४६: महादुक्खक्खन्धसुत्तवण्णना; पपं. सू. II. पृ. १६७: चूलहत्थिपदोपमसुत्तवण्णना; सुमं. वि. I. पृ. १२१: सामञ्ञफलसुत्तवण्णना; सम. पा. I. पृ. ११३: वेरञ्जब्राह्मणपुच्छा, वेरञ्जकण्ड; पटि. म. अ. क. पृ. २९४–९५: सब्बञ्ञुतञाणनिद्देस-वण्णना तथा महा. नि. अ. क. पृ. २१०–११: पसुरसुत्तनिद्देस-वण्णनामा उल्लेख भएका पाइन्छन्।

१–१. आफूले पाएको अनुपम विशेष सुखानुभवलाई छाडेर भए पनि अनुकम्पा राखी भगवान् बुद्धले धर्मोपदेश गर्नुहुन्छ। थोरै वा धेरै उपदेश गरिने त्यो धर्मोपदेश आदि-मध्य-अन्त्य कल्याण हुने गरी उपदेश गर्नुहुन्छ। शुरुमा पनि कल्याण, भद्र, निर्दोषपूर्ण हुने गरी देशना गर्नुहुन्छ; मध्यमा पनि तथा अन्त्यमा पनि।

Downloaded from http://www.dhamma.digital

यहाँ, देशना-आदि-मध्य-पर्यवशान कल्याण र शासन-आदि-मध्य-पर्यवशान कल्याण भनी दुइप्रकारले विभाजन गरिन्छ ।

प्रथमतः चारपदहरूले युक्त उपदेश गर्दा पहिलो पदलाई आदिकल्याण, बीचका दुइपदलाई मध्यकल्याण र आखिरीको एक पदलाई पर्यवशान कल्याण भनिन्छ । एकानुसन्धिक सूत्रको निदानलाई आदि, 'इदमवोच' अर्थात् 'यस्तो भने' भन्ने पदलाई अवशान र यी दुइका बीचमा भएकालाई मध्यकल्याण भनी भनिन्छ । अनेकानुसन्धीहरू भएका सूत्रका प्रथमसन्धीलाई आदि, आखिरीको सन्धीलाई अन्त्य र यस बीचमा भएका एक वा दुइ वा धेरै सन्धीहरूलाई मध्यकल्याण भनिन्छ । सुमं. वि. I. पृ. १२२: सामञ्ञफलसुत्तवण्णना; मनो. र. पू. I. पृ. ४०८: वेनागपुरसुत्त-वण्णना, तिकनिपात; पपं. सू. II. पृ. १६९: चूलहत्थिपदोपमसुत्त-वण्णना; सं. नि. अ. क. I. पृ. १५५: दुतियमारसुत्तवण्णना, मार-संयुत्तं; सम. पा. I. पृ. ११४: वेरञ्जकण्डवण्णना ।

शासनको सम्बन्धमा चाहिं—सबै शासन (=चर्या) धर्महरू आ-आफ्ना शीलद्वारा आदिकल्याण, समथविपश्यनामार्गद्वारा मध्यकल्याण, निर्वाणद्वारा पर्यवशानकल्याण हुन्छ । अथवा शील समाधिद्वारा आदिकल्याण, विपश्यनामार्गद्वारा मध्यकल्याण, निर्वाण-फलद्वारा पर्यवशानकल्याण हुन्छ ।

बुद्धले सुबोध्य गरेको हुनाले आदिकल्याण, धर्म सुधर्म भएको हुनाले मध्यकल्याण, सङ्घद्वारा सु-प्रतिपन्न भएको हुनाले

Downloaded from http://www.dhamma.digital

पर्यवशानकल्याण । त्यो धर्म सुनी त्यस अनुसार प्रतिपन्न हुनेले अभिसम्बोधि लाभ गर्न सक्ने हुनाले आदिकल्याण, प्रत्येक बोधिद्वारा मध्यकल्याण, श्रावक बोधिद्वारा पर्यवशानकल्याण ।

सुनेर मात्र पनि नीवरणहरूको दमन हुने भएको हुँदा र श्रवण मात्रद्वारा पनि कल्याणकारी हुने भएकोले आदिकल्याण, प्रतिपत्तिद्वारा समथ विपश्यनादि ध्यानसुख ल्याइदिने भएको हुँदा र प्रतिपत्तिद्वारा पनि कल्याणकारी नै हुने भएको हुनाले मध्यकल्याण, प्रतिपत्तिद्वारा नै अचलता आदि फल ल्याइदिने भएको हुँदा र प्रतिपत्तिफलद्वारा पनि कल्याण नै हुने भएको हुँदा पर्यवशान कल्याण ।

प्रभवशुद्धिद्वारा आदिकल्याण, अर्थशुद्धिद्वारा मध्यकल्याण, कृत्यशुद्धिद्वारा पर्यवशानकल्याण । अतः थोरै वा धेरै देशना गरेता पनि आदिकल्याण आदि गुणले युक्तगरी बुद्ध भगवान्ले उपदेश गर्नुहुन्छ । सम. पा. I. पृ. ११४–१५: वेरञ्जकण्डवण्णना ।

शासन (=चर्या) को क्षेत्रमा चाहिं शील-समाधि विपश्यनालाई क्रमशः आदि-मध्य-पर्यवशानकल्याण भनिएको हो । जस्तै—"को चादि कुसलानं धम्मानं ? सीलञ्च सुविसुद्धं दिट्ठि च उजुका" अर्थात्—"कुशल धर्महरूको आदि के हो ? शील पनि सुविशुद्ध हुन्छ दृष्टि पनि सोजो हुन्छ" भन्ने वाक्य अनुसार शील आदिकल्याण हो । "अत्थि भिक्खवे मज्झिमापटिपदा तथागतेन अभिसम्बुद्धा" अर्थात्— "भिक्षुहो ! तथागतले अभिसम्बोध गरेको

Downloaded from http://www.dhamma.digital

**हुने) धर्मोपदेश गर्नुहुन्छ । वहाँले अर्थयुक्त[१], व्यञ्जन (= भाव) युक्त[१], सबै परिपूर्ण परिशुद्ध भएको[२] ब्रह्मचर्य[३] (= सबै बुद्ध धर्म) प्रकाश पार्नुहुन्छ । वहाँहरू जस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो' ।"**

---

मध्यम प्रतिपदा (= मार्ग) छ" भन्ने ठाउँमा आर्यमार्ग मध्यकल्याण हो । तथा निर्वाणफल प्राप्तिलाई पर्यवशानकल्याण भनिएको हो ।

भगवान्‌ले धर्मोपदेश गर्नुहुँदा शुरुमा शीलका कुराहरू, बीचमा अष्टाङ्गिक मार्गका कुराहरू तथा अन्त्यमा निर्वाणका कुराहरू प्रकाश पार्ने भएकोले पनि आदि-मध्य-पर्यवशानकल्याण भनिएको हो । सुमं. वि. I. पृ. १२२–२३: सामञ्ञफलसुत्तवण्णना; पपं. सू. II. पृ. १६९: चूलहत्थिपदोपमसुत्तवण्णना ।

१–१. 'अर्थयुक्त, व्यञ्जनयुक्त' आदिको स्पष्टिकरण यसप्रकार दिइएको छ ।

जसको उपदेशमा यागु, भात, स्त्री, पुरुष आदिको चर्चा हुन्छ अर्थात् खान-पान स्त्री-पुरुष आदिको कुरा मिश्रित हुन्छ त्यस्तो उपदेशलाई सार्थक भनिंदैन । भगवान्‌ले चाहिं त्यस्ता कुरालाई छाडी चतुसतिपट्ठान, शील समाधि, प्रज्ञानिश्रित कुराको उपदेश गर्नुहुन्छ । त्यसैले भगवान्‌को उपदेशलाई 'अर्थयुक्त' भनिएको हो । सुमं. वि. I. पृ. १२३

भगवान्‌ले शासन-ब्रह्मचर्य र मार्ग-ब्रह्मचर्यका कुराहरूको उपदेश गर्नुहुन्छ । अनेकप्रकारले त्यसको प्रकाश पार्नुहुन्छ । त्यस कथनानुसार यथानुरूप अर्थसम्पत्तिले युक्त भएको हुँदा 'सात्थं'

Downloaded from http://www.dhamma.digital

अर्थात् 'अर्थयुक्त' भनिएको हो । ब्यञ्जन सम्पत्तिले युक्त भएको हुँदा 'ब्यञ्जनयुक्त' भनिएको हो ।

प्रकाशन, विवरण, विभाजन, प्रष्टिकरण, प्रज्ञापन, तथा अर्थसहित भएकोले 'अर्थयुक्त' भनिएको हो । अक्षर-पद, ब्यञ्जनाकार, निरुक्ति, निर्देशन सम्पत्तिले युक्त भएको हुँदा 'ब्यञ्जनयुक्त' भनिएको हो ।

अर्थ गम्भीरता, प्रतिवेध गम्भीरता भएकोले 'अर्थयुक्त'; धर्मगम्भीरता, देशनागम्भीरता भएकोले 'ब्यञ्जनयुक्त' भनिएको हो ।

अर्थप्रतिसम्भिदा, प्रतिभाणप्रतिसम्भिदाको विषय भएकाले 'अर्थयुक्त'; धर्मप्रतिसम्भिदा, निरुक्तिप्रतिसम्भिदाको विषय भएकोले 'ब्यञ्जनयुक्त' भनिएको हो ।

पण्डित-वेदनीय र परीक्षकजन प्रमुदित हुने भएकाले 'अर्थयुक्त'; श्रद्धेय र लौकिकजन प्रमुदित हुने भएकाले 'ब्यञ्जनयुक्त' भनिएको हो ।

गम्भीर अभिप्रायहरू निहीत भएकाले 'अर्थयुक्त'; स्पष्टपदहरू भएकाले 'ब्यञ्जनयुक्त' भनिएको हो । सम. पा. I. पृ. ११५: वेरञ्जकण्डवण्णना । यसभन्दा अर्को ढंगले पष्टिकरण दिइएका कुराहरू पनि सुमं. वि. I. पृ. १२३; मनो. र. पू. I. पृ. ४०९: तिकनिपात; तथा पपं. सू. II. पृ. १६९ मा उल्लेख भएका छन् ।

२. कुनै वचन थप-घट गर्नुनपर्ने, कमी-बेसी नभएको, सबै अङ्गहरूले परिपूर्ण भएकोले 'केवल परिपुण्णं' अर्थात्—'सबै परिपूर्ण' भनी

Downloaded from http://www.dhamma.digital

भनिएको हो । हटाउनुपर्ने कुनै वचन नभएकोले, निर्दोष भएकोले 'परिशुद्ध' भनी भनिएको हो । अथवा जुन उपदेश गर्दा यस उपदेश-द्वारा लाभ, सत्कार, मानमर्यादा पाउनेछु भन्ने आशागरी उपदेश गरिन्छ त्यस्ता उपदेशलाई 'अपरिशुद्ध' भनिन्छ । भगवान्ले चाहिं त्यस्तो मनमा राखी उपदेश गर्नुहुन्न । केवल हितैषीभावनालाई मनमा राखी, मैत्रीपूर्वक, मृदुचित्तलिई उपदेश गर्नुहुन्छ । त्यसैले 'परिशुद्ध' भनिएको हो । सम. पा. I. पृ. ११५; सुमं. वि. I. पृ. १२३; मनो. र. पू. I. पृ. ४०९; पपं. सू. II. पृ. १६९ ।

३. 'ब्रह्मचर्य' का विविध अर्थहरू पालिसाहित्यमा पाइन्छन् । जस्तै —

(१) दानको अर्थमा, (२) सेवाटहलको अर्थमा, (३) पञ्चशीलको अर्थमा, (४) अप्पमञ्ञ अर्थात् चतुब्रह्मविहारको अर्थमा, (५) मैथुन विरतिको अर्थमा, (६) स्वदार सन्तुष्टिको अर्थमा, (७) वीर्यको अर्थमा, (८) उपोसथाङ्गव्रतको अर्थमा, (९) आर्यमार्गको अर्थमा तथा (१०) सबै बुद्धशासनको अर्थमा ।

(१) "तं मे वतं तं पन ब्रह्मचरियं..." भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'दान' हो । जा. पा. II. पृ. ३१७: विधुरजातकं, नं. ५४६, गा. नं. १५९२, १५९५; जा. अ. क. VII. पृ. २८४, विधुरजातकलाई सुमं. वि. I. पृ. १४२ ले पुण्णकजातक भनी उल्लेख गरेको छ ।

(२) "...केन ते ब्रह्मचरियेन, पुञ्ञं पाणिह्मि इज्झति ।"
"...तेन मे ब्रह्मचरियेन, पुञ्ञं पाणिह्मि इज्झति ।"

भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'सेवा शुश्रूषा' हो । पेत. व.

Downloaded from http://www.dhamma.digital

पा. पृ. १६४: अङ्कुरविमानवत्थु, गा. नं. २६९, २७०, (हेर लेखकको बु. प्रे. पृ. १३ को पादटिप्पणीमा)।

(३) "इदं तं खो भिक्खवे तित्तिरियं नाम ब्रह्मचरियं अहोसी'ति" भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'पञ्चशील' हो। जा. अ. क. I. पृ. १६५: तित्तिरजातकं, नं. ३७।

(४) "तं खो पन मे पञ्चसिख ब्रह्मचरियं नेवनिब्बिदाय न विरागाय...यावदेव ब्रह्मलोकूपपत्तिया" भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'चतुब्रह्मविहार' हो। दी. नि. II. पृ. १८७: महागोविन्दसुत्तं। (यसको अनुवाद लेखकको बु. ब्र. भा–१, प. ३६९ मा छ)।

(५) "परे अब्रह्मचारी भविस्सन्ति,
मयमेत्थ ब्रह्मचारी भविस्साम" भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'मैथुन विरति' हो। म. नि. I. पृ. ५६: सल्लेखसुत्तं।

(६) "मयञ्च भरियं नातिक्कमाम,
अम्हे च भरिया नातिक्कमन्ति।
अञ्ञत्र ताहि ब्रह्मचरियं चराम,
तस्मा हि अम्हं दहरा न मीयरे" भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'स्वदार सन्तुष्टि' हो। जा. पा. I. पृ. २०६–०७: महाधम्मपालजातकं, नं. ४४७; अ. क. IV. पृ. ८३।

(७) "अभिजानामि खो पनाहं, सारिपुत्त, चतुरङ्गसमन्नागतं ब्रह्मचरियं चरिता—तपस्सीसुदं होमि परमतपस्सी..."

Downloaded from http://www.dhamma.digital

भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'वीर्य' हो। म. नि. I. पृ. १०९: महासीहनादसुत्तं। महासीहनादसुत्तलाई सुमं. वि. I. पृ. १२४: सामञ्ञफलसुत्तवण्णनाले 'लोमहंसनसुत्तं' भनी उल्लेख गरेको छ।

(८) "हीनेन ब्रह्मचरियेन, खत्तिये उपपज्जति।
मज्झिमेन च देवत्तं, उत्तमेन विसुज्झति" भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'अष्टाङ्गिक उपोसथ' हो। जा. पा. II. पृ. १९३: निमिजातकं, नं. ५४१; अ. क. VII. पृ. ८२।

(९) "इदं खो पन मे, पञ्चसिख, ब्रह्मचरियं एकन्त-निब्बिदाय विरागाय निरोधाय उपसमाय…संवत्तति" भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'आर्यमार्ग' हो। दी. नि. II. पृ. १८७: महागोविन्दसुत्तं। (यो सूत्रको अनुवाद लेखकको बु. ब्र. भा–१, पृ. ३२८ मा छ।)

(१०) "इदं खो तं, पञ्चसिख, ब्रह्मचरियं इद्धं चेव फीतं च वित्थारिकं बाहुजञ्ञं पुथुभूतं यावदेवमनुस्सेहि सुप्पकासितं" भन्ने जस्ता ठाउँहरूमा ब्रह्मचर्यको अर्थ 'सबै बुद्ध शासन' हो। दी. नि. III. पृ. ९७: पासादिकसुत्तं। (यसको अनुवाद लेखकको बु. प. भा–१, पृ. ३१४ मा छ)।

यहाँ यस सूत्रमा पनि बुद्धशासनलाई 'ब्रह्मचर्य' भनिएको हो भनी सुमं. वि. I. पृ. १२५: सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

अनि खाणुमतका ब्राह्मण गृहपतिहरू खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका हो त्यहाँ गए।

त्यस समय, कूटदन्त ब्राह्मण प्रासादको माथिल्लो तलामा दिवाशैय्या गरिरहेका थिए। अनि कूटदन्त ब्राह्मणले खाणुमतका ब्राह्मण गृहपतिहरूलाई खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका हो त्यहाँ गइरहेका देखे। यो देखेर द्वारपाल (=क्षत्त) लाई बोलाए—"हे द्वारपाल! खाणुमतका ब्राह्मण गृहपतिहरू खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका हो त्यहाँ किन गइरहेका हुन्?"

"भो! शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भई मगध देशमा चारिका गर्दै पाँचशय महाभिक्षुहरूका साथ खाणुमतमा आइपुगी, खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ। वहाँ भगवान् गौतमको यस्तो कल्याण कीर्तिशब्द फैलिइरहेको छ—'वहाँ भगवान् अरहत्, सम्यक् सम्बुद्ध,...[१] तथा बुद्ध भगवान् हुनुहुन्छ।' वहाँ भगवान् गौतमको दर्शनार्थ उनीहरू जाँदैछन्।"

अनि कूटदन्त ब्राह्मणको मनमा यस्तोलाग्यो—"मैले सुनेकोछु कि—श्रमण गौतम सोह्र परिष्कार (=अङ्गहरू) युक्त त्रिविध यज्ञसम्पदा (=यज्ञविधि) लाई जान्दछन्। म भने सोह्र परिष्कार युक्त त्रिविध यज्ञसम्पदालाई जान्दिन। म भने महायज्ञ पनि गर्न चाहन्छु।

१. यहाँका बाँकी कुराहरू माथि पृ. ८६ मा लेखे बमोजिं दोहऱ्याइ पढ्नू।

Downloaded from http://www.dhamma.digital

अतः किन म श्रमण गौतमकहाँ गई सोह्र परिष्कारयुक्त त्रिविध यज्ञसम्पदा सम्बन्धी कुरा नसोधूँ ।"

त्यसपछि कूटदन्त ब्राह्मणले द्वारपाललाई बोलाई यस्तो भने— "हे द्वारपाल ! त्यसोभए तिमी खाणुमतका ब्राह्मण गृहपतिहरूकहाँ जाऊ; त्यहाँ गएर खाणुमतका ब्राह्मण गृहपतिहरूलाई यस्तो भन— 'भो ! कूटदन्त ब्राह्मण यस्तो भन्दछ—'तपाइहरू एकछिन पर्खनुहोस्, कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जानेछ' ।"

"भो, ह्वस्" भनी कूटदन्त ब्राह्मणलाई प्रत्युत्तरदिई त्यो द्वारपाल जहाँ खाणुमतका ब्राह्मण गृहपतिहरू थिए त्यहाँ गएर खाणुमतका ब्राह्मण गृहपतिहरूलाई यस्तो भन्यो "भो ! कूटदन्त ब्राह्मण यस्तो भन्दछन्—'तपाइहरू एकछिन पर्खनुहोस्, कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जानेछन्' ।"

त्यस समय, अनेक शय ब्राह्मणहरू 'कूटदन्त ब्राह्मणको महायज्ञको अनुभव (=उपभोग) गर्नेछौं' भनी खाणुमतमा बसिरहेका थिए। अनि ती ब्राह्मणहरूले 'कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जानेछन्' भन्ने कुरा सुने। अनि ती ब्राह्मणहरू जहाँ कूटदन्त ब्राह्मण थिए त्यहाँ गए; त्यहाँ पुगेर कूटदन्त ब्राह्मणलाई यस्तो भने—"तपाइ कूटदन्त ब्राह्मण श्रमण गौतमको दर्शनार्थ जानुहुनेछ भन्ने कुरो साँच्चै हो के ?"

"भो ! मलाई यस्तो लागेकोछ कि—म पनि श्रमण गौतमको दर्शनार्थ जानेछ ।"

Downloaded from http://www.dhamma.digital

## ब्राह्मणहरूद्वारा कूटदन्तको वर्णन

(१) "तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ नजानुहोस् । तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानयोग्य छैन । यदि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानुहुन्छ भने तपाइ कूटदन्तको यश कम हुनेछ र श्रमण गौतमको यश बढ्ने छ । जुन तपाइ कूटदन्तको यश कम हुने र श्रमण गौतमको यश बढ्ने हो—यसकारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(२) "तपाइ कूटदन्त दुवै आमा बाबुहरूबाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेका हुनुहुन्छ तथा सात पुस्तादेखि जातिवादले कुनै खोट् नलागेका र अनिन्दित हुनुहुन्छ । जो तपाइ कूटदन्त दुवै आमा-बाबुहरू-बाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेका हुनुहुन्छ तथा सात पुस्तादेखि जातिवादले कुनै खोट् नलागेका र अनिन्दित हुनुहुन्छ—यसकारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(३) "तपाइ कूटदन्त आढ्य, महाधनी, महाभोगी, प्रसस्त जीवनवृत्ति—उपकरणहरू र प्रसस्त सुन चाँदी हुने हुनुहुन्छ । जो तपाइ कूटदन्त आढ्य, महाधनी,...प्रसस्त सुनचाँदी हुने हुनुहुन्छ—यसकारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

Downloaded from http://www.dhamma.digital

(४) "तपाइ कूटदन्त अध्यापक[१] (=अध्यायक) मन्त्रधर तथा तीनै वेदमा[२] पारङ्गत हुनुहुन्छ, निघण्टु[३], कौस्तुभ[४], अक्षरप्रभेद[५], र इतिहास समेत पाँचौ शास्त्र[६]; ब्याकरण, लोकायत[७], महापुरुष लक्षण-

---

१. प्रथम कल्पमा ध्यान नगर्ने ब्राह्मणहरूलाई निन्दाको रूपमा 'अ-ध्यायक' भन्ने शब्द प्रयोग गरिएको थियो। समय बित्दै गएपछि 'अध्यायक' भन्ने ठाउँमा 'अध्यापक' भन्ने चलन भयो भनी सुमं. वि. I. पृ. १७२: अम्बट्ठसुत्तवण्णनाले लेखेको छ। (यस विषय सम्बन्धी जानकारीकोनिमित्त लेखकको बु. ब्रा. भा-१, पृ. ३६२ मा 'ब्राह्मणको उत्पत्ति' भन्ने शीर्षकमा हेर्नू।)

२. ऋगवेद, यजुर्वेद तथा सामवेद। सुमं. वि. I. पृ. १७३

३. वृक्षादिहरूका पर्यायवाची नामहरूको संग्रह भएको ग्रन्थलाई 'निघण्टु' वा 'निघण्डु' भन्दछन्। सुमं. वि. I. पृ. १७३

४. कौस्तुभ (केटुभ) भनेको क्रियापद सम्बन्धी कुराहरू भएको तथा कवीहरूलाई सहायक हुने एक ग्रन्थको नाम हो। सुमं. वि. I. पृ. १७३

५. निरुक्ति सम्बन्धी एक ग्रन्थको नाम। सुमं. वि. I. पृ. १७३

६. अथर्व वेदलाई चौथो र इतिहास मानिने पुराण कथालाई पाँचौ गरी 'इतिहास समेत पाँचौं शास्त्र' भनिएको हो भनी सुमं. वि. I. पृ. १७२: अम्बट्ठसुत्तवण्णनाले उल्लेख गरेको छ।

७. वितण्डवादीहरूको शास्त्र। सुमं. वि. I. पृ. १७३

Downloaded from http://www.dhamma.digital

शास्त्रमा निपुण हुनुहुन्छ[१]। जो तपाइ **कूटदन्त** अध्यायक मन्त्रधर तथा... महापुरुष लक्षण-शास्त्रमा निपुण हुनुहुन्छ—यस कारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(५) "तपाइ **कूटदन्त** अभिरूप, दर्शनीय, प्रासादिक, परम-सुन्दरताले युक्त, ब्रह्मा जस्तै ब्रह्मवर्णी तथा दर्शनकोनिमित्त अप्रमाण सुन्दर (=अखुद्दावकासो दस्सनाय) हुनुहुन्छ। जो तपाइ कूटदन्त अभिरूप, दर्शनीय, ..हुनुहुन्छ—यस कारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(६) "तपाइ **कूटदन्त** शीलवान्[२] वृद्धशीली वृद्धशीलले युक्त हुनुहुन्छ। जो तपाइ कूटदन्त शीलवान्...हुनुहुन्छ—यस कारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

---

१. यो शास्त्रमा सोह्रहजार गाथा पदहरू भएका बुद्धमन्त्र नामक ग्रन्थ पनि समावेश भएको छ। जसमा बुद्धको यस्ता यस्ता लक्षणहरू हुन्छन् भन्ने र चक्रवर्ती राजाका यस्ता यस्ता लक्षणहरू हुन्छन् भन्ने आदि कुराहरू लेखिएका छन्। सुमं. वि. I. पृ. १७३: अम्बट्ठसुत्त-वण्णना।

२. यहाँ पञ्चशील मात्रलाई 'शील' भनिएको हो र वृद्धशील पनि यसैलाई भनिएको हो। सुमं. वि. I. पृ. १९८: सोणदण्डसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

(७) "तपाइ कूटदन्त सुन्दर, गुणयुक्त मधुर-भाषी, स्पष्टभाषी, निर्दोष कुरागर्ने, अर्थ बुझ्ने गरी कुरागर्ने हुनुहुन्छ । जो तपाइ कूटदन्त सुन्दर, गुणयुक्त मधुर-भाषी, हुनुहुन्छ—यस कारणले पनि तपाइ कूटदन्त श्रमण **गौतमको** दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(८) "तपाइ **कूटदन्त** धेरैको आचार्य प्राचार्य हुनुहुन्छ, तीन-शय माणवकहरूलाई मन्त्र (=वेद) पढाउनुहुन्छ, मन्त्र पढ्नको लागि, मन्त्रको कारणमा तपाइकहाँ नानादिशा, नानाजनपदहरूबाट धेरै माणवकहरू आउँछन् । जो तपाइ कूटदन्त धेरैको आचार्य प्राचार्य हुनुहुन्छ, . —यस कारणले पनि तपाइ कूटदन्त श्रमण **गौतमको** दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(९) "तपाइ कूटदन्त जीर्ण (=शरीर खिइसकेको), वृद्ध (=अङ्गप्रत्यङ्गहरू छिपिसकेको), महल्लक (=जन्मले धेरै वर्ष पुगेको), धेरै समय बिताइसकेका[१] (=अद्धगतो), बैंशपुगेका[२] हुनुहुन्छ; श्रमण **गौतम** तरूण नै छन् र तरूणमै प्रव्रजित भएका हुन् । जो तपाइ कूटदन्त जीर्ण, वृद्ध, महल्लक, हुनुहुन्छ; जो श्रमण गौतम तरूण नै

१. दुइ तीन राजाहरूको पुस्ता देखेका । सुमं. वि. I. पृ. १९९: सोण-दण्डसुत्तवण्णना ।

२. आखिरी बैँशमा पुगेको । आखिरी बैँश भनेको शयको तीन चौथाइ पुगिसकेको । सुमं. वि. I. पृ. १९९: सोणदण्डसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

छन् र तरूणमैं प्रव्रजित भएका हुन् – यस कारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(१०) "तपाइ कूटदन्त राजा मागध सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित र अपचित हुनुहुन्छ। जो तपाइ कूटदन्त राजा मागध सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य,...हुनुहुन्छ—यस कारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(११) "तपाइ कूटदन्त पोक्खरसाति[१] (= पुष्करसाति) ब्राह्मणद्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित र अपचित हुनुहुन्छ। जो तपाइ कूटदन्त पोक्खरसाति ब्राह्मणद्वारा सत्कृत्य,...हुनुहुन्छ— यस कारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(१२) "तपाइ कूटदन्त खाणुमतमा बस्नुहुन्छ। तपाइमा— मगधराजा सेनीय बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरी दिएका राज-भोग्यहरू धेरै छन्, प्राणीहरू धेरै छन्, पानी-घाँस-काठहरू प्रसस्त छन् तथा धान्यवर्गहरूको पनि कुनै कमी छैन। जो तपाइ कूटदन्तमा— मगध राजा सेनीय बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरी दिएका .. पानी-घाँस-काठहरू प्रसस्त छन् तथा धान्यवर्गहरूको पनि कुनै कमी छैन—यस कारणले पनि तपाइ कूटदन्त श्रमण गौतमको दर्शनार्थ

१. अट्ठकथामा र रोमनमा: 'पोक्खरसादी' लेखेको छ।

Downloaded from http://www.dhamma.digital

जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाइ कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।"

## कूटदन्त ब्राह्मणद्वारा बुद्धको वर्णन

यस्तो भन्दा, कूटदन्त ब्राह्मणले ती ब्राह्मणहरूलाई यसो भने—

"भो ! त्यसोभए मेरो पनि केहीकुरा सुन्नुहोस्[१] जुन कारणद्वारा हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ, तर वहाँ आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन।

(१) "भो ! श्रमण गौतम दुवै आमा-बाबुहरूबाट सुजात हुनुहुन्छ, शुद्धगर्भवास गरेका हुनुहुन्छ तथा सातपुस्तादेखि जातिवादले कुनै खोट् नलागेका र अनिन्दत हुनुहुन्छ। भो ! जुन कारणले श्रमण गौतम दुवै आमा-बाबुहरूबाट सुजात...हुनुहुन्छ—यस कारणले पनि वहाँ

१. जब ती ब्राह्मणहरूले जातिवादद्वारा अतिरञ्जित गरी कूटदन्त ब्राह्मणको प्रशंसा गर्नथाले तब उनले त्यस प्रशंसाद्वारा आफू रञ्जित नभई बुद्ध नै अनेक प्रकारले ब्राह्मणहरूभन्दा उत्तम छन् भन्ने कुरा दर्शाउनकोनिमित्त यस्तो भनेका हुन् भनी सुमं. वि. I. पृ. १९९: सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ[१] ।

(२) "भो ! श्रमण गौतम महान् ज्ञातिसङ्घ[२] ( = समूह) लाई छाडेर प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम महान ज्ञाति सङ्घलाई छाडेर प्रव्रजित हुनु भएको छ यस कारणले पनि वहाँ आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

---

१. माथि उल्लिखित कारणहरू देखाई निश्चयात्मकरूपले गुणवान्हरूको दर्शनार्थ जानु नै योग्य छ भन्दै कूटदन्त ब्राह्मणले यो कुरा बताएका हुन् । यस सम्बन्धमा निम्न उदाहरण पनि उनले पेश गरे । मानो सुमेरुको अगाडि सर्स्यूं जस्तै, महासमुद्रको अगाडि गाईको खुरको पानी जस्तै तथा सात महादहहरूको पानीको अगाडि तृणविन्दुको पानी जस्तै बुद्धको अगाडि हामी ब्राह्मणहरूको गुण थोरै छ । त्यसैले महासागर झैं गुण हुनु भएका वहाँ श्रमण गौतमको दर्शनार्थ हामी नै जानु योग्य सिवाय कदाचित् वहाँ हामीहरूको दर्शनार्थ आउनु योग्य छैन भनी भनेका हुन् । सुमं. वि. I. पृ. १९९: सोणदण्डसुत्तवण्णना ।

२. आमाका तरफबाट असीहजार कुलहरू र बाबुका तरफबाट असीहजार कुलहरू गरी जम्मा एकलाख साठीहजार (१,६०,०००) कुलहरू छाडी प्रव्रजित भएका हुन् । त्यसैले 'महान् ज्ञातिसङ्घलाई छाडेर' भनी भनिएको हो । सुमं. वि I. पृ. १९९: सोणदण्डसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(३) "भो ! **श्रमण गौतम** भूमिमा रहेका पनि आकाशमा रहेका पनि प्रसस्त हिरण्य सुवर्णहरू[1] छाडेर प्रव्रजित हुनु भएको छ । भो ! जुन कारणले श्रमण गौतम भूमिमा रहेका पनि आकाशमा रहेका पनि प्रसस्त हिरण्य सुवर्णहरू छाडेर प्रव्रजित हुनु भएको छ — यस कारणले पनि वहाँ आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(४) "भो ! **श्रमण गौतम** तन्नेरी युवा छँदाछँदै, सूक्ष्मकालोकेश हुँदाहुँदै, भद्र यौवनको अवस्थामै, पहिलो बैंशमै, घरबारछाडी प्रव्रजित हुनु भएको छ । भो ! जुन कारणले श्रमण गौतम तन्नेरी युवा

---

१. राजाङ्गणमा, उदयानमा अथवा पोखरीमा राखिराखेका सप्तरत्नहरूलाई 'भूमिमा रहेका' भनी भनिएको हो । प्रासादमाथि अनेक ठाउँहरूमा राखिएका धनहरूलाई 'आकाशमा रहेको' भनी भनिएको हो । यी सम्पत्तिहरू कुलवंश परम्पराबाट पाएका हुन् । तथागत जन्मिनु भएको दिनमै 'सङ्ख' फल, उप्पल तथा पुण्डरीक' भन्ने चारवटा निधिहरू उत्पन्न भएका थिए । यसमध्ये 'सङ्ख' भन्ने निधि गाउत प्रमाणको थियो; 'फल' भन्ने निधि आधायोजन प्रमाणको थियो; 'उप्पल' भन्ने निधि तीन गाउत प्रमाणको थियो र 'पुण्डरीक' भन्ने निधि योजन प्रमाणको थियो । ती निधिहरूबाट जति धन झिके पनि सिद्धिन्नथ्यो । त्यसैले 'प्रसस्त हिरण्य सुवर्ण' भनी सूत्रमा उल्लेख भएको हो भन्ने कुरा बुझ्नु पर्छ । सुमं. वि. I. पृ. १९९: सोणदण्डसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

छँदाछँदै, ...प्रव्रजित हुनु भएको छ – यस कारणले पनि ... हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

(५) "भो ! **श्रमण गौतम**, आमा-बाबुहरूको इच्छा नहुँदा नहुँदै, मुखभरी आँसु बहाइ रुँदारुँदै, केशदाह्री क्षौर गरी, कषायवस्त्र धारण गरी, घरबार त्यागी अनगारिय भई प्रव्रजित हुनु भएको छ । भो ! जुन कारणले श्रमण गौतम आमा-बाबुहरूको इच्छा नहुँदा नहुँदै, .. प्रव्रजित हुनु भएको छ—यस कारणले पनि, ...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

(६) "भो ! **श्रमण गौतम** अभिरूप, दर्शनीय, प्रासादिक, परम सुन्दरताले सम्पन्न, ब्रह्म जस्तै ब्रह्मवर्णी तथा दर्शन गर्नकोनिमित्त अप्रमाण[१] (=अखुद्दावकासो दस्सनाय) हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम अभिरूप, दर्शनीय, ..हुनुहुन्छ – यस कारणले पनि ... हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

(७) "भो ! **श्रमण गौतम** शीलवान्, आर्यशीली, कुशलशीली, कुशलशीलले सुसम्पन्न हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम शीलवान्, आर्यशीली, ...हुनुहुन्छ—यस कारणले पनि ...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

(८) "भो ! **श्रमण गौतम** कल्याणभाषी, मधुरभाषी, गुणयुक्त

---

१. 'अप्रमाण' को अर्थ बुझाउन अर्थकथाले निम्न कुरा लेखेको छ ।

'श्रमण गौतमको प्रमाण लिन सकिन्न' भन्ने कुरा सुनी राजगृहको एक ब्राह्मणले, एकदिन, साठी (६०) हातको एकवटा

Downloaded from http://www.dhamma.digital

बाँस लिई राजगृह नगरको ढोकानिर उभिइरह्यो । अनि भगवान् भिक्षाटन्कोनिमित्त आउनु भएको देखेर उसले सो बाँसलाई ठाडो पारेर उभ्यायो । त्यो बाँसको टुप्पो भगवान्को घुँडासम्म पुगेको थियो । दोश्रो दिनमा दुइवटा बाँस जोडी उहीं उभिइरह्यो । त्यसदिन पनि उसले भगवान्को प्रमाण लिने विचारले बाँस ठाडो पाऱ्यो । तर भगवान् बाँसभन्दा अग्लो नै देखिनुभयो । अनि त्यसवेला भगवान्ले सो ब्राह्मणसँग "ब्राह्मण के गरिरहेछौ ?" भनी भन्नुभयो । ब्राह्मणले "तपाइको प्रमाण लिंदैछु" भनी भन्यो । अनि भगवान्ले "हे ब्राह्मण ! सारा चक्रवाडमा अटाउने बाँसहरूलाई जोडेर ल्याए पनि तिमीले मेरो प्रमाण लिनसक्ने छैनौ" भनी भन्नुभयो । पुनश्च— "ब्राह्मण ! तथागत अतुल छ, अप्रमाण छ । मैले दशपारमीहरू पुरा गरेको कसैले मेरो प्रमाण लिन सक्नाको लागि होइन ।"

**अर्को पनि कथा—**

राहु असुरेन्द्र चारहजार आठशय (४,८००) योजन अग्लो छ । उसको हात बाह्रशय (१,२००) योजन छ । हत्केला र पैतलाको लंबाई तीनशय (३००) योजन छ । औंलाको खण्ड पचास पचास (५०) योजन छ । दुइ आँखिभौंको बीच पचास (५०) योजन छ, मुख दुइशय (२००) योजन छ, तीनशय योजन लामो र तीनशय (३००) योजन गोलाई भएको गर्धन छ । उसको ललाट तीनशय (३००) योजन छ, टाउको नौशय (९००)

Downloaded from http://www.dhamma.digital

योजन छ । आफूलाई अग्लो ठानी तथागतलाई हेर्न जाँदा निहुरिएर हेर्नपर्ने हुन्छ भनी उनी तथागतको दर्शनार्थ जाँदैनथे । धेरै पटक तथागतको गुणबखान सुनेपछि उनको मनमा तथागतको दर्शनार्थ जाने प्रबल इच्छा उठचो अनि एकदिन उनले जे गरेर भएपनि तथागत-लाई हेर्न जानपऱ्यो भन्ने अठोट गरे । अनि उनी तथागतकहाँ गए ।

भगवान्ले उनको मनको कुरोलाई बुझ्नुभई "चार ईर्य्या-पथहरूमध्ये कुन ईर्य्यापथमा उनलाई देखाऊँ ?" भनी सोच्नुभयो । "उभिएर देखाऊँ भने होचो पनि अग्लो देखिन्छ । अतः लेटेर नै देखाउनुपऱ्यो" भनी निश्चय गर्नुभयो । त्यसपछि आयुष्मान् आनन्द-लाई बोलाई "आनन्द ! गन्धकुटीको प्राङ्गणमा खाट राख" भनी भन्नुभयो र त्यसमा सिंहशय्याले भगवान् लेट्नुभयो । राहु आएर लेटीरहनु भएको भगवान्लाई गर्धन ठाडो पारी आकाशमा पूर्णचन्द्रलाई हेरेको झैं हेरे । अनि भगवान्ले राहुसँग "असुरेन्द्र ! के हो यस्तो ?" भनी सोध्नुहुँदा असुरेन्द्रले "भगवान् ! निहुरिएर हेर्नपर्ला भनी म आजसम्म तपाइको दर्शन गर्न नआएको हुँ" भनी प्रत्युत्तर दिए । अनि भगवान्ले—"असुरेन्द्र ! मैले अधोमुख पारेर पारमी पूरा-गरेको होइन, उर्धमुख पारेर नै पारमी पूरागरेको हुँ" भनी भन्नुभयो । सोहि दिनमै राहु बुद्धको शरणमा गएको थियो । यसरी भगवान् दर्शनकोनिमित्त अप्रमाण (=अखुद्दावकासो दस्सनाय) हुनुहुन्छ भनी सुमं. वि. I. पृ. २८०: सोणदण्डसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

भाषी, स्पष्टभाषी, निर्दोष कुरागर्ने र अर्थ बुझिने गरी कुरागर्ने हुनुहुन्छ। भो ! जुन कारणले श्रमण गौतम कल्याणभाषी, मधुरभाषी,...हुनुहुन्छ—यस कारणले पनि ..हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ।

(९) "भो ! **श्रमण गौतम** धेरैको आचार्य प्राचार्य हुनुहुन्छ। भो ! जुन कारणले श्रमण गौतम धेरैको आचार्य प्राचार्य हुनुहुन्छ—यस कारणले पनि...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ।

(१०) "भो ! **श्रमण गौतम** कामरागले रहित[१] हुनुहुन्छ, चपलताले रहित[२] हुनुहुन्छ। भो ! जुन कारणले श्रमण गौतम कामरागले रहित हुनुहुन्छ, चपलताले रहित हुनुहुन्छ—यस कारणले पनि... हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ।

---

१. अवश्य पनि भगवान्का सबै क्लेशहरू क्षीण भइसकेका छन्। तर ब्राह्मणले ती सबै कुरा थाहानपाई आफूले थाहापाए अनुसार कामराग रहित भनी भगवान्को प्रशंसा गरेका हुन्। सुमं. वि. I. पृ. २०१: सोणदण्डसुत्तवण्णना।

२. 'पात्रमण्डन, चीवरमण्डन, शयनासनमण्डन अथवा यो दुर्गन्ध शरीरको मण्डन' गर्नेलाई यहाँ 'चपलता' भनिएको हो। अतः कायमण्डनादि चपलताबाट वहाँ दूर हुनुहुन्छ भनी भनिएको हो। सुमं. वि. I. पृ. २०१: सोणदण्डसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

(११) "भो ! **श्रमण गौतम** कर्मवादी क्रियावादी हुनुहुन्छ तथा निष्पापलाई[१] अघिल्तिर राखी बृह्मज्ञानी प्रजाहरूको[२] (= बृह्मञ्ञायपजाय) समेत हितैषी हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम कर्मवादी क्रियावादी...हुनुहुन्छ—यस यसकारणले पनि...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

(१२) "भो ! **श्रमण गौतम** दीन-हीन क्षत्रीकुलबाट होइन बल्की असम्भिन्न उच्च क्षत्रीकुलबाट प्रव्रजित हुनु भएको छ । भो ! जुन कारणले श्रमण गौतम दीन-हीन क्षत्रीकुलबाट होइन बल्की असम्भिन्न उच्च क्षत्रीकुलबाट प्रव्रजित हुनु भएको छ—यस कारणले पनि...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

(१३) "भो ! **श्रमण गौतम** आढ्य महाधनी महाभोगी कुलबाट प्रव्रजित हुनु भएको छ । भो ! जुन कारणले श्रमण गौतम

---

१. निष्पाप भनी नवलोकोत्तर धर्मलाई भनिएको हो । अतः 'निष्पापलाई अघिल्तिर राखी' भन्नाले नवलोकोत्तर धर्मलाई अघिल्तिर राखी विचरण गर्छन् भनी भनिएको हो । सुमं. वि. I. पृ. २०१: सोणदण्डसुत्तवण्णना ।

२. सारिपुत्र, मौद्गल्यायन तथा महाकाश्यपादि ब्रह्मज्ञानी ब्राह्मणप्रजाहरूको अघिल्तिर वसी अर्थात् यी ब्रह्मज्ञानी ब्राह्मणप्रजाहरू श्रमण गौतमको पछि पछि लाग्छन् र आफ्ना विरोधी ब्राह्मणहरूको समेत हितैषी हुनुहुन्छ भनी भनिएको हो । सुमं. वि. I. पृ. २०१: सोणदण्डसुत्तवण्णना; पपं. सू. III. पृ. २९१: चकीसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

आढ्य महाधनी महाभोगी कुलबाट प्रव्रजित हुनु भएको छ—यस कारणले पनि...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ।

(१४) "भो ! राष्ट्र बाहिरबाट पनि जनपद बाहिरबाट पनि प्रश्नहरू सोध्नकोनिमित्त **श्रमण गौतमकहाँ** (मानिसहरू) आउँछन्। भो ! जुन कारणले राष्ट्र बाहिरबाट पनि...श्रमण गौतमकहाँ (मानिसहरू) आउँछन्—यस कारणले पनि...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ।

(१५) "भो ! अनेक सहस्र देवताहरू प्राणले **श्रमण गौतमको** शरणमा गएका छन्। भो ! जुन कारणले अनेक सहस्र देवताहरू प्राणले श्रमण गौतमको शरणमा गएका छन्—यस कारणले पनि...हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ।

(१६) "भो ! **श्रमण गौतमको—'वहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य-सारथी हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता हुनुहुन्छ तथा बुद्ध भगवान् हुनुहुन्छ'** भन्ने कल्याण कीर्तिशब्द फैलिरहेको छ। भो ! जुन कारणले श्रमण गौतमको—'वहाँ भगवान् अरहत्.. तथा बुद्ध भगवान् हुनुहुन्छ' भन्ने कल्याण कीर्तिशब्द फैलिइरहेको छ—यस कारणले पनि.. हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ।

(१७) "भो ! **श्रमण गौतम** बत्तीस महापुरुष लक्षणहरूले[१]

---

१. बत्तीस महापुरुष लक्षणहरू भनेका के के हुन् भन्ने बारेमा लेखकको बु. श्रा. भाग–१, पृ. १६८ मा उल्लेख भएका छन्।

Downloaded from http://www.dhamma.digital

सुसम्पन्न हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम बत्तीस महापुरुष-लक्षणहरूले सुसम्पन्न हुनुहुन्छ -- यस कारणले पनि...हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(१८) "भो ! श्रमण गौतम 'आऊ स्वागत छ' भनी भन्ने, मृदुबोली बोल्ने, सम्मोदनीय कुरा गर्ने, अब्भाकुटिक[१], उत्तानुमुख[२] तथा

---

१. केही मानिसहरू परिषद् आएको देखेर कर्कश मुखगरी अप्रसन्न अथवा अँध्यारो मुख पार्ने हुन्छन् । तर श्रमण गौतम चाहिं त्यस्ता हुनुहुन्न । परिषद्लाई देखेर सूर्यको कीरणद्वारा विकसित भएका पद्मका फूलहरू झैं वहाँको मुख प्रसन्न तथा हँसिलो हुन्छ भन्ने अर्थले 'अब्भाकुटिक' भनिएको हो । सुमं. वि. I. पृ. २०२: सोणदण्डसुत्तवण्णना ।

२. जस्तै केही मानिसहरू परिषद्लाई देखेर केही कुराकानी नगरी शीर निहुराई बस्छन्; त्यसरी श्रमण गौतम बस्नुहुन्न भन्ने अर्थले 'उत्तानमुख' भनी भनिएको हो । श्रमण गौतमसँग कुराकानी गर्न सजिलो छ । 'किन यहाँ आएको होला जोसँग कुनै कुराकानी पनि हुन्न' भनी खिन्नचित्त लिएर फर्केर जानुपर्ने अवस्था हुन्न । बुद्धकहाँ आउँदा कुनै न कुनै धर्मका कुराहरू सुनेर मानिसहरू प्रसन्न नै हुन्छन् भनी भनिएको हो । सुमं. वि. I. पृ. २०२: सोणदण्डसुत्त-वण्णना ।

Downloaded from http://www.dhamma.digital

पूर्वभाषी[१] हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम 'आऊ स्वागत छ' भनी भन्ने,...तथा पूर्वभाषी हुनुहुन्छ यस कारणले पनि...हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(१९) "भो ! श्रमण गौतम चतुपरिषद्का बीच सत्कृत्य, गुरुकृत्य, मानित, पूजित तथा अपचित (=विशेष सम्मानित) हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम चतुपरिषद्का बीच सत्कृत्य,...तथा अपचित हुनुहुन्छ—यस कारणले पनि...हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२०) "भो ! श्रमण गौतममाथि धेरै देवताहरू र मनुष्यहरू अभिप्रसन्न छन् । भो ! जुन कारणले श्रमण गौतममाथि धेरै देवताहरू र मनुष्यहरू अभिप्रसन्न छन् - यस कारणले पनि...हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२१) "भो ! श्रमण गौतम जुन गाउँ वा निगममा बस्नुहुन्छ,

---

१. 'पूर्वभाषी' भनेको पहिले कुरागर्ने । वहाँकहाँ आएका मानिसहरू-सँग बुद्धले आफैले पहिले कुरा शुरु गर्नुहुन्छ । त्यो पनि समयोचित, प्रमाणयुक्त तथा अर्थयुक्त कुरा गर्नुहुन्छ । निरर्थक कुरा भने गर्नुहुन्न भनी भनिएको हो । सुमं. वि. I. पृ. २०२: सोणदण्डसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

त्यस गाउँ वा निगममा अमनुष्यहरूले मनुष्यहरूलाई कष्ट दिन्नन्[१]। भो ! जुन कारणले श्रमण गौतम जुन गाउँ वा निगममा बस्नुहुन्छ त्यस गाउँ वा निगममा अमनुष्यहरूले मनुष्यहरूलाई कष्ट दिन्नन्—यस कारणले पनि···हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

(२२) "भो ! **श्रमण गौतम** सङ्घी, गणी, गणाचार्य तथा तीर्थकरहरूको अग्रणीदेखिनु हुन्छ। भो ! जस्तै केही श्रमण ब्राह्मणहरूको यशलाभ — जस्तोतस्तो हुन्छ, श्रमण गौतमको यशलाभ— त्यस्तो होइन । श्रमण गौतमको यशलाभ अनुपम विदद्याचरणसम्पदाद्वारा भएको हो । भो ! जुन कारणले श्रमण गौतम सङ्घी, गणी,···देखिनुहुन्छ । भो ! जुन कारणले केही श्रमण ब्राह्मणहरूको यशलाभ जस्तोतस्तो हुन्छ, श्रमण गौतमको यशलाभ त्यस्तो होइन । श्रमण गौतमको यशलाभ अनुपम विदद्याचरणसम्पदाद्वारा भएको हो — यस कारणले पनि···हामी नै वहाँ आदरणीय **गौतमको दर्शनार्थ** जानु योग्य छ ।

---

१. जहाँ भगवान् वस्नुहुन्छ त्यस ठाउँमा महाप्रभावशाली देवताहरूले आरक्षा गर्छन् । त्यसैको कारणले मनुष्यहरूमाथि कुनै उपद्रव हुन्न । जो पंसुपिशाचादिहरूले मनुष्यहरूलाई कष्ट, पीडा र उपद्रव गर्नसक्ने हो त्यो पनि उनीहरूले गर्न सक्दैनन् र देवताहरूको प्रभावद्वारा उनीहरू दूर भएर जान्छन् । हुनत बुद्धको आफ्नै मैत्रीचित्तको प्रभावले पनि त्यस्तो कुनै कष्ट आउँन दिंदैन । सुमं. वि. I. पृ. २०२: सोणदण्डसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(२३) "भो ! मगध राजा सेनीय बिम्बिसार—पुत्रसहित, भार्यासहित, परिषद्सहित, अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले मगध राजा सेनीय बिम्बिसार —पुत्रसहित,···अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् —यस कारणले पनि···हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२४) "भो ! प्रसेनजित् कोशल राजा—पुत्रसहित, भार्यासहित, परिषद्सहित, अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले प्रसेनजित् कोशलराजा—पुत्रसहित,... प्राणले श्रमण गौतमको शरणमा गएका छन्—यस कारणले पनि... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२५) "भो ! पुष्करसाति (पोक्खरसाति) ब्राह्मण—पुत्रसहित, भार्यासहित, परिषद्सहित, अमात्यसहित, प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले पुष्करसाति ब्राह्मण,... अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् – यस कारणले पनि...हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२६) "भो ! श्रमण गौतम मगध राजा सेनीय बिम्बिसार-द्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम मगध राजा सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य,...तथा अपचित हुनुहुन्छ यस कारणले पनि ..हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

Downloaded from http://www.dhamma.digital

(२७) "भो ! श्रमण गौतम प्रसेनजित् कोशल राजाद्वारा सत्कृत्य, गुरुकृत्य, ..तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम प्रसेनजित् कोशल राजाद्वारा सत्कृत्य, गुरुकृत्य,...तथा अपचित हुनुहुन्छ – यस कारणले पनि . हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२८) "भो ! श्रमण गौतम पुष्करसाति ब्राह्मणद्वारा सत्कृत्य, गुरुकृत्य,...तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम पुष्करसातिद्वारा सत्कृत्य, गुरुकृत्य,...तथा अपचित हुनुहुन्छ—यस कारणले पनि...हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२९) "भो ! श्रमण गौतम अहिले खाणुमतमा आई खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ । भो ! जुनसुकै श्रमण वा ब्राह्मणहरू हाम्रो गाउँ-क्षेत्रमा आउँछन् भने उनीहरू हाम्रा अतिथी-हरू हुन्छन् । अतिथीहरूलाई हामीहरूले सत्कार, गौरव, मान, पूजा तथा अपचायन गर्नुपर्छ । भो ! जुन कारणले श्रमण गौतम अहिले खाणुमतमा आई खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ, वहाँ श्रमण गौतम हाम्रा अतिथी नै हुनुहुन्छ । अतिथीलाई हामीले सत्कार, गौरव, मान, पूजा तथा अपचायन गर्नुपर्छ—यस कारणले पनि वहाँ आदरणीय गौतम, हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ । भो ! म यति नै वहाँ आदरणीय गौतमको गुण जान्दछु । किन्तु वहाँ आदरणीय गौतम यति मात्र

Downloaded from http://www.dhamma.digital

गुण हुने हुनुहुन्न। वहाँ आदरणीय गौतम अपरिमित गुण हुने हुनुहुन्छ[१]।"

## कूटदन्त ब्राह्मण बुद्धकहाँ गए

यस्तो भनेपछि, ती ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई यस्तो भने—

"जस्तो तपाइ कूटदन्त ब्राह्मण श्रमण गौतमको गुण-वर्णन गर्नुहुन्छ त्यस अनुसार त वहाँ आदरणीय गौतम यहाँबाट शय योजन टाढा बस्नुभएता पनि श्रद्धालु कुलपुत्रहरू पाथेय (=बाटोखर्च) लिएर भए पनि वहाँको दर्शनार्थ जानु योग्य छ।"

"त्यसोभए हामी सबै श्रमण गौतमको दर्शनार्थ जाऔं।"

---

१. अपरिमित गुण हुने सर्वज्ञ स्वयं अपरिमेय्य छ। म जस्ताले वहाँको गुण कहिले बताउन सकूँला र? भन्ने कुरा देखाउँदै कूटदन्त ब्राह्मणले यस्तो भनेका हुन्। त्यसैले यस्तो भनिएको हो—

"बुद्धो पि बुद्धस्स भणेय्य वण्णं,
कप्पम्पि चे अञ्ञमभासमानो।
खीयेथ कप्पो चिरदीघमन्तरे,
वण्णो न खीयेथ तथागतस्सा'ति॥" सुमं. वि. I. पृ. २०२: सोणदण्डसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

अनि कूटदन्त ब्राह्मण विशाल ब्राह्मणहरूका साथ जहाँ अम्बलट्ठिका हो, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे; सम्मोदनीय कुशलक्षेमका कुराहरू गरिसकेपछि एक छेउमा बसे। खाणुमतका ब्राह्मण गृहस्थिहरूमध्ये केही भगवान्लाई अभिवादन गरी एक छेउमा बसे; केहीले सम्मोदन गरे, सम्मोदनीय कुशलक्षेमका कुराहरू गरिसकेपछि एक छेउमा बसे; केही जहाँ भगवान् हुनुहुन्छ त्यतातिर दुइहातजोरी एक छेउमा बसे; केहीले नाम र गोत्र सुनाई एक छेउमा बसे; केही चूपलागी एक छेउमा बसे। एक छेउमा बसेका कूटदन्त ब्राह्मणले भगवान्लाई यस्तो भने –

"भो गौतम! मैले सुनेको छु कि—'श्रमण गौतम सोह्र परिष्कार (=अङ्ग वा कारण) युक्त त्रिविध यज्ञसम्पदा जान्नुहुन्छ।' म भने सोह्र परिष्कार युक्त त्रिविध यज्ञसम्पदा जान्दिन। यदि तपाइ गौतमले मलाई सोह्र परिष्कार युक्त त्रिविध यज्ञसम्पदाको बारेमा उपदेश गर्नुभए बेश हुने थियो।"

"ब्राह्मण! त्यसोभए सुन, राम्ररी मनमा राख, बताउने छु।"

"भो! हवस्" भनी कूटदन्त ब्राह्मणले भगवान्लाई प्रत्युत्तर दिए।"

भगवान्ले यस्तो भन्नुभयो—

## महाविजित राजाको कथा

राज्य-यज्ञ—"ब्राह्मण! परापूर्वकालमा आढ्य, महाधनी,

Downloaded from http://www.dhamma.digital

महाभोगी, प्रसस्त सुनचाँदी, प्रसस्त वित्त पकरण, प्रसस्त धनधान्य तथा परिपूर्ण कोष (= धुकुटी) र कोष्ठागार[१] (= धानगोदाम, भकारी) हुने **महाविजित** भन्ने राजा थिए। ब्राह्मण! अनि एकान्तमा एक्लै बसिरहेका महाविजित राजाको मनमा यस्तो परिवितर्कना उठ्यो[२]— 'मैले मनुष्यहरूको विपुल भोगसम्पत्ति पाएको छु। महापृथ्वीमण्डल

---

१. चार प्रकारका कोषहरू हुन्छन्। हात्ती-कोष, अश्व-कोष, रथ-कोष, राष्ट्र-कोष। तीन प्रकारका कोष्ठागारहरू हुन्छन्। धन-कोष्ठागार, धान्य-कोष्ठागार, वस्त्र-कोष्ठागार। यी सबै परिपूर्ण भएका हुँदा 'परिपूर्ण कोष कोष्ठागार' भनिएको हो। सुमं. वि. I. पृ. २०८: कूटदन्तसुत्तवण्णना।

२. एकदिन यी राजा रत्नागारहरू अवलोकन गरी बाहिर निस्किदा उनले भण्डागारिकसँग 'तात! यी धनहरू कसले संग्रहित गरेका हुन्?' भनी सोध्दा उसले 'तपाइका पितामह आदि सातपुस्ताहरू-बाट आएको हो' भनी भन्यो। 'यी धनहरू संग्रह गरी उनीहरू कहाँ गए त?' 'हे देव! उनीहरू सबै मरणको वशमा गए।' 'तात! के त, उनीहरू आफ्नो धन नलिइकनै गए त?' 'देव! के भन्नु-भएको? धनसम्पत्ति भनेको लिएर गइन्न, छाडेर नै जानुपर्छ।' अनि फर्केर खोपीमा गई बसिरहँदा राजाको मनमा 'मैले मनुष्य-हरूको विपुल भोगसम्पत्ति पाएको छु' भन्ने कल्पना उठेको थियो। त्यसैले सूत्रमा 'परिवितर्कना उठ्यो' भनी उल्लेख भएको हो। सुमं. वि. I. पृ. २०८: कूटदन्तसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

विजय गरी बसेको छु । अतः किन म यज्ञ नगरूँ ? जो मेरोनिमित्त दीर्घकालसम्मको लागि हितसुख हुनेछ ।'

"ब्राह्मण ! अनि महाविजित राजाले पुरोहित ब्राह्मणलाई बोलाई यस्तो[१] भने — 'ब्राह्मण ! यहाँ म एकान्तमा एक्लै बसिरहेको बेलामा मेरो मनमा यस्तो परिवितर्कना उठ्यो — 'मैले मनुष्यहरूको विपुल भोगसम्पत्ति पाएको छु । अतः किन म यज्ञ नगरूँ ? जो मेरो-निमित्त दीर्घकालसम्मको लागि हितसुख हुनेछ ।' ब्राह्मण ! म महायज्ञ गर्न चाहन्छु । मलाई अनुशासन (= अर्तिबुद्धि) गर्नुहोस् जुन मेरोनिमित्त दीर्घकालसम्मको लागि हितसुख हुनसकोस् ।'

---

१. पुरोहित ब्राह्मणलाई किन बोलाएका भने — यी राजाले यस्तो सोचेका थिए — 'दानदिनेले कुनै एक पण्डितसँग सल्लाह गर्नुपर्छ । सल्लाह नगरिकन गरेको कामबाट पछि पश्चात्ताप गर्नुपर्ने पनि हुनसक्छ ।' त्यसैले आफ्ना पुरोहित ब्राह्मणलाई बोलाएका हुन् । अनि ब्राह्मणले यस्तो सोचे — 'यी राजा महादान दिन चाहन्छन् । यिनको देशमा भने धेरै चोरहरू छन् । उनीहरूलाई शान्त नपारी दानदिंदा दूध दही चामल आदि दानवस्तुहरू दिनल्याउने पुरुषहरूका खालि घरहरूमा चोरहरूले चोरी गर्न सक्छन् । अतः चोरहरूको भयले गर्दा जनपदहरू आकुल-व्याकुल रहनसक्छ । अनि राजाको दानकार्य चीरकालसम्म रहने छैन । उनको चित्त पनि एकचित्त हुनसक्ने छैन । अतः राजालाई सर्वप्रथम यस कुराको सूचित गर्नुपर्छ ।' यति सोचेर पुरोहित ब्राह्मणले अगाडिका कुराहरू भन्न थालेका हुन् । सुमं. वि. I. पृ. २०८: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यस्तो भन्दा, पुरोहित ब्राह्मणले महाविजित राजालाई यस्तो भने—'तपाइ राजाको जनपद (=देश) सकण्टक (=चोर कण्टक), सपीडित छ। ग्रामघातकहरू पनि, निगम घातकहरू पनि, नगरघातकहरू पनि तथा मार्गघातकहरू पनि देखिन्छन्। यदि तपाइ राजाले यस्तो सकण्टक तथा सपीडित देशमा बली (=कर) उठाउनु हुन्छ भने — तपाइ राजा देशकोनिमित्त अकृत्यकारी (=अकर्तव्य गर्ने) हुनुहुनेछ। शायद तपाइ राजालाई यस्तो लाग्न सक्छ कि—'यी डाकूहरूको भयलाई बधद्वारा, बन्धनद्वारा, दण्डद्वारा, निन्दाद्वारा[१] अथवा निष्कासनद्वारा म समाप्त पारिदिनेछु।' किन्तु यसरी डाकुहरूको भयलाई राम्ररी समाप्त पारिदिएको हुनेछैन। किनभने ?—जो ती मृत्युबाट बचेका हुन्छन् तिनीहरूले पछि राजाको जनपदमा हैरानी गर्नसक्छन्। अतः निम्न संविधानद्वारा डाकूहरूको भयलाई राम्ररी समाप्त पार्न सकिनेछ। (१) अतः तपाइ राजाको जनपदमा जो कृषी-गौपालनमा उत्साहित छन् उनीहरूको लागि तपाइ राजाले बिउ र भात[२] दिलाइदिनु होस्; (२) तपाइ राजाको जनपदमा जो व्यापारमा उत्साहित छन्

---

१. टुपी अथवा चुल्ठो काटिदिने, गोबर पोतिदिने, गर्धनमा काठको टुक्रा झुण्ड्याइदिने आदिलाई यहाँ 'निन्दा' भनिएको हो। सुमं. वि. I. पृ. २०८: कूटदन्तसुत्तवण्णना।

२. खेतमा लगाउने बिउ, खानाकोनिमित्त भात र अरू खेतकोनिमित्त चाहिने सरसामान आदिहरूलाई यहाँ 'बिउ र भात' भनिएको हो। सुमं. वि. I. पृ. २०९: कूटदन्तसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

उनीहरूको लागि तपाइ राजाले पाभत (=पूँजिकोनिमित्त धन र वस्तुहरू) दिलाइदिनु होस्; (३) तपाइ राजाको जनपदमा जो राज-पुरुष हुनेमा (= नोकरी गर्नेमा) उत्साहित छन् उनीहरूकोनिमित्त तपाइ राजाले भात-वेतन[१]को व्यवस्था मिलाइदिनु होस्। अनि आ-आफ्ना कामधाममा लागेर ती मानिसहरूले राजाको जनपदमा हैरानी गर्ने छैनन्। राजालाई पनि महाधनरासी उत्पन्न हुनेछ। जनपद अकण्टक, अपीडित तथा क्षेमप्राप्त हुनेछ। अनि मानिसहरू मुदित भई काखमा वालकहरू खेलाउँदै घरका दैलाहरू नथुनेको जस्तै गरी बस्नेछन्।'

"ब्राह्मण! अनि 'हवस्, भो' भनी महाविजित राजाले पुरोहित ब्राह्मणलाई प्रत्युत्तर दिई—राजाको जनपदमा जो खेती-गौपालनमा उत्साहित छन्, उनीहरूको लागि बिउ र भात दिलाइदिए; ···जो व्यापारमा उत्साहित छन् उनीहरूको लागि पाभतं (=पूँजिको-निमित्त धन र वस्तुहरू) दिलाइदिए; ···जो राजपुरुष हुनेमा उत्साहित छन् उनीहरूको लागि भात-वेतनको व्यवस्था मिलाइदिए। अनि आ-आफ्ना कामधाममा लागेका ती मानिसहरूले राजाको जनपदमा हैरानी गरेनन्। राजालाई पनि महाधनरासी उत्पन्न भयो। जनपद क्षेमप्राप्त भयो, अकण्टक भयो तथा अपीडित पनि भयो। अनि मानिस-

---

१. दैनिक जीविकाकोनिमित्त भात, खर्चकोनिमित्त मासिक वेतन तथा कार्य कुशलता हेरी पद तथा गाउँ वा निगमहरू समेत दिलाइ-दिनेलाई यहाँ 'भात-वेतन' भनिएको हो। सुमं. वि. I. पृ. २०९: कूटदन्तसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

हरू मुदित भई काखमा बालकहरू खेलाउँदै घरका दैलाहरू नथुनेको जस्तै गरी बस्नथाले ।

"ब्राह्मण ! अनि महाविजित राजाले पुरोहित ब्राह्मणलाई बोलाई यस्तो भने—'तपाइको संविधानमा आएर मैले डाकूहरूको भयलाई निर्मूल पारें, महाधनरासी पनि मैले पाएँ । जनपद पनि क्षेम-प्राप्त, अकण्टक तथा अपीडित भयो । घरका दैलाहरू नथुनेको जस्तै गरी मानिसहरू मुदित भई काखमा बालकहरू खेलाउँदै बस्नथाले । ब्राह्मण ! म महायज्ञ (=महादान) गर्न चाहन्छु । तपाइले मलाई अनुशासन गर्नुहोस्—जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनसकोस् ।'

## चार अनुमति-पक्ष यज्ञ-परिष्कार

'(१) त्यसोभए, जो तपाइ राजाका देशका निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरू (=राजपुरुषहरू) हुन् उनीहरूलाई तपाइ राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्–'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाइहरूले अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मको-लागि हितसुख हुनेछ' । (२) जो तपाइ राजाका देशका निगमवासी र जनपदवासी अमात्य तथा पारिषदचहरू हुन् उनीहरूलाई पनि तपाइ राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्—'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाइहरूले अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मको-लागि हितसुख हुनेछ' । (३) जो तपाइ राजाका देशका निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरू हुन् उनीहरूलाई पनि तपाइ राजाले

Downloaded from http://www.dhamma.digital

आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्—'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाइहरूले अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हित-सुख हुनेछ' । (४) जो तपाइ राजाका देशका निगमवासी र जनपदवासी गृहपति महाशालहरू हुन् उनीहरूलाई पनि तपाइ राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्—'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाइहरूले अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनेछ[1]' ।

"ब्राह्मण ! अनि 'भो ! हवस्' भनी महाविजित राजाले ब्राह्मणलाई प्रत्युत्तर दिई जो राजाका देशका निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरू हुन् उनीहरूलाई आमन्त्रण गरी महाविजित राजाले यसो भने—'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाइहरू अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनेछ ।' 'तपाइ राजाले

१. यी राजा महादान दिनकोनिमित्त अत्यन्त इच्छुक छन् । यदि यिनले आफूले नियुक्त गरेका अथवा आफ्ना अनुगमन गर्ने क्षत्री आदिहरूलाई नबोलाई अथवा नजनाई दान दिन्छन् भने उनीहरू प्रसन्न हुने छैनन् । अतः जस्तो गर्दा उनीहरू पनि प्रसन्न हुने हुन् त्यस्तो गर्नुपर्‍यो भन्ने सोचेर ब्राह्मणले यस्तो भनेका हुन् भनी सुमं. वि. I. पृ. २०९: कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

यज्ञ गर्नुहोस्[१], महाराज ! यो यज्ञको समय हो[२] ।' जो ..अमात्य तथा पारिषदय्हरू हुन् ..जो ..ब्राह्मण महाशालहरू हुन्...जो...गृहपति महाशालहरू हुन् उनीहरूलाई आमन्त्रण गरी महाविजित राजाले यसो भने—'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाइहरू अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनेछ ।' 'तपाइ राजाले यज्ञ गर्नुहोस्, महाराज ! यो यज्ञको समय हो ।' यति, यी चार अनुमतिपक्ष सोही यज्ञका परिष्कारहरू हुन् ।

## राजाका आठ अङ्ग पनि यज्ञ-परिष्कार

"महाविजित राजा यी आठ अङ्गहरूले युक्त थिए - (१) दुवै

---

१. राजाको कुरा सुनी 'अहो यी राजा ! 'म राजाहुँ' भन्ने घमण्ड नगरी हामीलाई बोलाई हामीसँग पनि दान दिनकोनिमित्त अनुमति माग्दछन् । राजाले यो अति राम्रो गरे' भन्दै खुशी भई उनीहरूले राजालाई 'यज्ञ गर्नुहोस्' भनी भनेका हुन् । यदि बोलाएर नसोधेका भए शायद उनीहरू दानदिने ठाउँमा जाँदा पनि जाने थिएनन् होलान् । सुमं. वि. I. पृ. २०९

२. दातव्य वस्तुहरू पनि नभएका भए, वृद्ध अवस्था पनि भएको भए यसप्रकारको दानदिन सकिदैन । तर तपाइ महाधनवान् पनि हुनुहुन्छ तरुण पनि हुनुहुन्छ अतः दानदिने यो उचित समय पनि हो भन्ने सोची उनीहरूले 'यो यज्ञको समय हो' भनी भनेका हुन् । सुमं. वि. I. पृ. २०९: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

आमा-बाबुहरूबाट सुजात, शुद्धगर्भवास गरेका, सातपुस्तादेखि जातिवादले कुनै खोट् नलागेका तथा अनिन्दित; (२) अभिरूप, दर्शनीय, प्रासादिक, परमसुन्दरतालेयुक्त, ब्रह्म जस्तै ब्रह्मवर्णी तथा दर्शनकोनिमित्त अप्रमाण सुन्दर; (३) आढ्य, महाधनी, महाभोगी, प्रसस्त सुनचाँदी, प्रसस्त वित्तूपकरण, प्रसस्त धनधान्य तथा परिपूर्ण कोष्ठागार भएका; (४) बलवान्, सेनाद्वारा शत्रुलाई परास्त गर्न आज्ञा पालन गर्नकोनिमित्त तमतयार भएर बसेका चतुरङ्गिणी सेनालेयुक्त; (५) श्रद्धालु, दायक, दानपति, श्रमण ब्राह्मण, दरिद्री, बटुवा, वणिब्बक[१], याचक[२]-हरूकोनिमित्त खुलादैलो, पानी पिउने ठाउँ (कुवा) जस्तै भई पुण्यगर्ने; (६) बहुश्रुत, त्यस त्यस कुराहरू सुनिराखेका; (७) त्यस त्यस कुराको अर्थ बुझ्नसक्ने—'यस कुराको अर्थ यो हो, यस कुराको अर्थ यो हो' भनी बुझ्नसक्ने; (८) पण्डित, व्यक्त, मेधावी, अतीतानागतप्रत्युत्पन्नका अर्थसम्बन्धी कुराहरू सोच्नसक्ने[३]—यिनै आठ अङ्गहरूले **महाविजित**

---

१. 'दान दिएर स्वर्गलोक आदिमा पुगोस्' भन्दै कराउँदै अनेकप्रकारले दानको बयान गरी विचरण गर्नेलाई 'वणिब्बक' भन्दछन् । सुमं. वि. I. पृ. २१०: कूटदन्तसुत्तवण्णना ।

२. 'एक पसर देऊ, एक मुट्ठी देऊ' भनी माग्दै हिंडनेलाई 'याचक' भन्दछन् । सुमं. वि. I. पृ. २१०: कूटदन्तसुत्तवण्णना ।

३. 'अतीत कालमा गरेर आएको पुण्यको प्रभावले गर्दा अहिले यस्तो पाएको हुँ' भन्ने कुरो सोच्न सक्नेलाई 'अतीतको कुरो सोच्न सक्ने' भनिएको हो । 'अहिले गरेको पुण्यको प्रभावले गर्दा अनागतमा

Downloaded from http://www.dhamma.digital

राजा सुसम्पन्न थिए। यी आठ अङ्गहरू पनि सोही यज्ञका परिष्कारहरू हुन्[1]।

## पुरोहितका चार अङ्ग पनि यज्ञ-परिष्कार

"पुरोहित ब्राह्मण चार अङ्गहरूले युक्त थिए—(१) दुवं

---

श्रीसम्पत्ति पाउनेछु' भनी सोच्नेलाई 'अनागतको कुरो सोच्न सक्ने' भनिएको हो। 'यो पुण्यकर्म भनेको सत्पुरुषहरूद्वारा बानि बसालिएको हो र मेरो भोगसम्पत्ति पनि छ, दिने इच्छा पनि छ, अतः पुण्य नै गरुँ' भनी सोच्नेलाई 'प्रत्युत्पन्नको कुरो सोच्न सक्ने' भनिएको हो। सुमं. वि. I. पृ. २१०: कूटदन्तसुत्तवण्णना।

१. यस्ता अङ्गहरूले युक्त भएको यज्ञस्थलमा सबै भेला हुन्छन्, त्यसैले यसलाई यज्ञका अङ्गहरू भनिएको हो भनी सुमं. वि. I. पृ. २११: कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ।

यी आठवटा अङ्गका कुराहरूमा हिन्दी दीघनिकाय (पृ. ५१) मा चाहिं 'शीलवान्' भन्ने एक कारण थपी आठवटा देखाइएका छन्। यो 'शीलवान्' भन्ने अङ्ग चाहिं बर्मी, सिंहल, रोमन तथा नागरी लिपिमा छापिएका पालि पुस्तकहरूमा देखिंदैन। पालिमा चाहिं 'बहुश्रुत' भन्ने एक अङ्ग र 'त्यस त्यस कुरा बुझ्नसक्ने' भन्नेलाई अर्को अङ्ग गरी जम्मा आठ पुऱ्याइएको छ।

Downloaded from http://www.dhamma.digital

आमा-बाबुहरूबाट सुजात,...[१] तथा अनिन्दित; (२) अध्यायक मन्त्रधर...[२] महापुरुष लक्षण-शास्त्रमा निपुण; (३) शीलवान्, ..[३] वृद्धशीलले युक्त; (४) पण्डित, व्यक्त, मेधावी, दान ग्रहण गर्नेहरूमध्येमा प्रथम वा द्वितीय—यिनै चार अङ्गहरूले पुरोहित ब्राह्मण सुसम्पन्न थिए। यती, यी **चार अङ्गहरू** पनि सोही यज्ञका परिष्कारहरू हुन्।

## तीन विधि

"ब्राह्मण! अनि पुरोहित ब्राह्मणले **महाविजित राजालाई** यज्ञको अगाडि **तीन विधिका बारेमा** उपदेश गरे—'(१) महायज्ञ गर्न चाहने तपाइ राजालाई शायद 'मेरो महाधनराशी खर्च हुनेछ' भनी मनमा कुनै पश्चात्ताप (चित्तखिन्न) हुनसक्छ तर तपाइ राजाले त्यस्तो पश्चात्ताप गर्नुहुन्न[४]। (२) शायद महायज्ञ गरिरहँदा तपाइ राजालाई

१. यहाँका बाँकी कुराहरू माथि पृ. ९८ को (२) मा झैं पढ्नू।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ९९ को (४) मा झैं पढ्नू।

३. यहाँका बाँकी कुराहरू माथि पृ. १०० को (६) मा झैं पढ्नू।

४. धन खर्च हुनाको कारणवाट हुने पश्चात्ताप गर्नुहुन्न। दान दिनुभन्दा अगावै चित्तलाई बलियो गरी राख्नसक्नु पर्छ। चित्तलाई कम्पित गर्नदिन हुन्न। दानदिनुभन्दा अगाडिको चेतना (=संकल्प) लाई दृढ अचल गरी राख्नसक्नु पर्छ। यस्तो गरेर दानदिएको दानको फल महान् हुन्छ। त्यसरी नै दानदिइरहने वेलामा पनि कुनै प्रकारको विचलितता मनमा आउन दिन हुन्न तथा दानदिइसकेपछि

Downloaded from http://www.dhamma.digital

'मेरो महाधनराशी खर्च हुँदैछ' भनी मनमा कुनै पश्चात्ताप हुनसक्छ तर तपाइ राजाले त्यस्तो पश्चात्ताप गर्नुहुन्न । (३) शायद तपाइ राजालाई महायज्ञ गरिसकेपछि 'मेरो महाधनराशी खर्च भयो' भनी मनमा कुनै पश्चात्ताप हुनसक्छ तर तपाइ राजाले त्यस्तो गर्नुहुन्न ।' ब्राह्मण ! महाविजित राजालाई पुरोहित ब्राह्मणले यज्ञको अगाडि यीनै तीन विधिहरूका बारेमा उपदेश गरे ।

## दश ठाउँमा चित्त खिन्न पार्नुहुन्न

"ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञको अगाडि नै प्रतिग्राहकहरू प्रति हुनसक्ने दशप्रकारका विप्रतिसार (= विप्पटिसार = चित्तखिन्नता) लाई दूर गराइदिए[1] । (१) तपाइको

---

पनि कुनै प्रकारको असन्तोष वा पश्चात्ताप आउन दिन हुन्न । यस्तो भएको खण्डमा दानको महत्व कम हुनजान्छ । अतः पुरोहित ब्राह्मणले राजाको दानकार्य महत्फलदायी बनाइदिने विचारले यी तीन कारणहरूमा पहिले नै राजालाई प्रतिष्ठित गराउनकोनिमित्त पश्चात्ताप गर्नुहुन्न भन्ने आदि तीन कारणहरू बताएका हुन् भनी सुमं. वि. I. पृ. २११: कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१. यदि यी राजाले दानस्थलमा कुनै दुश्शीलीलाई देखेर 'धिक्कार होस् यो मेरो दान ! जो कि यस्ता दुश्शीलीहरूले लिंदैछन्' भनी चित्त खिन्न गरेमा शायद शीलवान्हरू प्रति पनि त्यस्तै धारणा

Downloaded from http://www.dhamma.digital

**यज्ञ (=दान) मा प्राणातिपातीहरू (=प्राणीहिंसकहरू) पनि आउनसक्छन्, प्राणातिपातबाट विरत रहनेहरू पनि आउनसक्छन् । त्यहाँ जो प्राणातिपातीहरू हुन्—उनीहरूकैनिमित्त त्यो (=प्राणीहिंसाको पाप) हुनेछ । त्यहाँ जो प्राणातिपातबाट विरत रहनेहरू हुन्—उनीहरूकैनिमित्त तपाइ यज्ञ गर्नुहोस् (=दानदिनुहोस्), परित्याग गर्नुहोस्, खुशी हुनुहोस् र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (२) तपाइको यज्ञमा चोरहरू पनि आउनसक्छन्, चोरीकामबाट विरत रहनेहरू पनि आउनसक्छन् । त्यहाँ जो चोरहरू हुन्-उनीहरूकैनिमित्त त्यो (=पाप) हुनेछ । त्यहाँ जो चोरीकामबाट विरत रहनेहरू हुन्—उनीहरूकैनिमित्त तपाइ यज्ञ गर्नुहोस् (=दान दिनुहोस्), परित्याग गर्नुहोस्, खुशी हुनुहोस् र**

---

हुनसक्छ, जुन कारण पैदाहुनाले राजालाई दानको फल महत्फल-दायी हुनेछैन । प्रतिग्राहकको कारणबाट दायकको चित्त खिन्न हुन सक्छ । अतः मैले पहिले नै त्यस्तो हुन नपाउने गरी राजालाई सम्झाइ राख्नुपर्‍यो भन्ने सोचेर पुरोहित ब्राह्मणले दशकारणका कुराहरू बताउन थालेका हुन् । कुनै दुश्शीलीलाई देखेर चित्त बिगार्नुभन्दा नबिगार्नु नै कल्याणकर हुनेछ भन्ने कुरा देखाउँदै अगाडि 'उनीहरूकैनिमित्त त्यो हुनेछ' भनी सूत्रमा भनिएको हो । अर्थात् जो प्राणीहिंसक हो उसले गरेको पापको फल उसैले भोग्नेछ । उ पापी हो भन्ने कुरा मनमा लिई आफ्नो चित्त बिगार्दा आफ्नै हानी सिवाय अर्काको हानी हुन्न । अतः प्रसन्न चित्त राखेर नै दानदिन सक्नुपर्छ भन्दै अगाडि सूत्रमा 'भित्रदेखि चित्तलाई नै प्रसन्न पार्नुहोस्' भनी भनिएको हो । सुमं. वि. I. पृ. २११: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (३) तपाइको यज्ञमा काममिथ्याचार गर्नेहरू पनि आउनसक्छन्, काममिथ्याचारबाट विरत रहनेहरू पनि आउनसक्छन् । त्यहाँ जो काममिथ्याचार गर्नेहरू हुन्—उनीहरूकैनिमित्त त्यो (=पाप) हुनेछ । त्यहाँ जो काममिथ्याचारबाट विरत रहनेहरू हुन्—उनीहरूकैनिमित्त तपाइ यज्ञ गर्नुहोस्,...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (४) तपाइको यज्ञमा झूटा कुरा गर्नेहरू पनि आउनसक्छन्, झूटा कुराबाट विरत रहनेहरू पनि आउनसक्छन् ।...। (५) तपाइको यज्ञमा चुक्ली गर्नेहरू पनि आउनसक्छन्, चुक्लीबाट विरत रहनेहरू पनि आउनसक्छन् ।..। (६) तपाइको यज्ञमा परुष बोल्नेहरू पनि आउनसक्छन्, परुष बोलीबाट विरत रहनेहरू पनि आउनसक्छन् ।...। (७) ...सम्प्रलाप गर्नेहरू पनि आउनसक्छन्, सम्प्रलापबाट विरत रहनेहरू पनि आउनसक्छन् ।...। (८) ...अभिध्यालु (=लोभी) हरू पनि आउनसक्छन्, अनभिध्यालुहरू पनि आउन सक्छन् ।...। (९) ... द्रोही (व्यापन्नचित्तो) हरू पनि आउनसक्छन्, अद्रोहीहरू पनि आउनसक्छन् ।..। (१०) तपाइको यज्ञमा मिथ्यादृष्टिकहरू पनि आउनसक्छन्, सम्यक्दृष्टिकहरू पनि आउनसक्छन् । त्यहाँ जो मिथ्यादृष्टिकहरू हुन्—उनीहरूकैनिमित्त त्यो (=मिथ्यादृष्टिको फल) हुनेछ । त्यहाँ जो सम्यक्दृष्टिकहरू हुन् उनीहरूकैनिमित्त तपाइ यज्ञ गर्नुहोस्, परित्याग गर्नुहोस्, खुसी हुनुहोस् र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । ब्राह्मण ! यिनै कारणहरूद्वारा पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञको अगाडि नै प्रतिग्राहकहरू प्रति हुनसक्ने दश प्रकारका विप्रतिसारलाई दूर गराए ।

Downloaded from http://www.dhamma.digital

# राजाको चित्तलाई सोह्र प्रकारले हर्षित पारे

"ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महायज्ञ गरिरहेका (=महादान दिइरहेका) महाविजित राजाको चित्तलाई सोह्र प्रकारले संदर्शित[१], सम्प्रतिष्ठित[२], समुत्तेजित[३], तथा संप्रहर्षित[४] पारे। (१) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूलाई आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ। परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने—तपाइ राजाले निगमवासी र जनपदवासी अनुयुक्त

---

१. 'यस दानद्वारा दाताले यस्तो यस्तो फल पाउनेछ' भन्ने कुराहरू सुनाएकोलाई 'संदर्शित' भनिएको हो। सुमं. वि. I. पृ. २११: कूटदन्तसुत्तवण्णना।

२. सोही कुरालाई राम्ररी चित्तबुझाई स्वीकार्न लगाएकोलाई 'सम्प्रतिष्ठित' भनिएको हो। सुमं. वि. I. पृ. २११

३. चित्त खिन्न हुने कारणहरूबाट दूर गराई चित्त प्रसन्न तथा परिशुद्ध पार्न लगाएकोलाई 'समुत्तेजित' भनिएको हो। सुमं. वि. I. पृ. २११: कूटदन्तसुत्तवण्णना।

४. 'महाराज ! दानदिएर तपाइले बडो सुन्दर काम गर्नुभयो' भनी स्तुति प्रशंसा गरी हर्षित पारेकोलाई 'संप्रहर्षित' भनिएको हो। सुमं. वि. I. पृ. २१२: कूटदन्तसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

**क्षत्रीहरूलाई** आमन्त्रण गर्नुभएको छ। यो कारण पनि तपाइ राजाले जान्नुहोस्। तपाइ यज्ञ गर्नुहोस्, तपाइ परित्याग गर्नुहोस्, तपाइ खुशी हुनुहोस्, तपाइ भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्। (२) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी अमात्य पारिषद्यहरूलाई आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ। परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने—तपाइ राजाले निगमवासी र जनपदवासी **अमात्य पारिषद्-यहरूलाई** पनि आमन्त्रण गर्नु भएको छ। यो कारण पनि तपाइ राजाले जान्नुहोस्। तपाइ यज्ञ गर्नुहोस्,...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्। (३) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूलाई आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ। परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने—तपाइ राजाले निगमवासी र जनपदवासी **ब्राह्मण महाशालहरूलाई** पनि आमन्त्रण गर्नुभएको छ। यो कारण पनि तपाइ राजाले जान्नुहोस्।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्। (४) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी गृहपति महाशालहरूलाई आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ। परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने—तपाइ राजाले निगमवासी र जनपदवासी **गृहपति**

Downloaded from http://www.dhamma.digital

महाशालहरूलाई पनि आमन्त्रण गर्नुभएको छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (५) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी दुवै आमा-बाबुहरूबाट सुजात, शुद्धगर्भवास गरेका तथा सातपुस्तादेखि जातिवादले कुनै खोट् नलागेका र अनिन्दित होइनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजा दुवै आमा-बाबुहरूबाट सुजात, शुद्धगर्भवास गरेका, तथा सातपुस्तादेखि जातिवादले कुनै खोट् नलागेका र अनिन्दित हुनुहुन्छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (६) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले यहायज्ञ गर्दैछन् तर उनी अभिरूप, दर्शनीय,...[१] तथा दर्शन गर्नकोनिमित्त अप्रमाण सुन्दर छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजा अभिरूप, दर्शनीय,..[१] तथा दर्शन गर्नकोनिमित्त अप्रमाण सुन्दर हुनुहुन्छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (७) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी आढ्य, महाधनी,...[२] परिपूर्ण कोष्ठागार हुने होइनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी

१–१. यहाँका बाँकी कुराहरू माथि पृ. १२६ को (२) मा जस्तै पढ्नू ।

२. माथि पृ. १२६ को (३) मा जस्तै पढ्नू ।

Downloaded from http://www.dhamma.digital

धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजा आढ्य, महाधनी,...[१] परिपूर्ण कोष्ठागार हुने हुनुहुन्छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (८) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी बलवान्...[२] चतुरङ्गिणी सेनाले युक्त छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने — तपाइ राजा बलवान्... चतुरङ्गिणी सेनाले युक्त हुनुहुन्छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (९) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी श्रद्धालु, [३] पानी पिउने ठाउँ (=कुवा) जस्तै भई पुण्य गर्ने होइनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजा श्रद्धालु, ..पानी पिउने ठाउँ जस्तै भई पुण्य गर्दैहुनुहुन्छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१०) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी बहुश्रुत छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजा बहुश्रुत हुनुहुन्छ । यो कारण पनि

१. माथि पृ. १२६ को (३) मा झैं पढ्नू ।

२. माथि पृ. १२६ को (४) मा झैं पढ्नू ।

३. यहाँका बाँकी कुरा माथि पृ. १२६ को (५) मा झैं पढ्नू ।

Downloaded from http://www.dhamma.digital

तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (११) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी त्यस त्यस कुराको अर्थ बुझ्नसक्ने होइनन् — यसको अर्थ यो हो, यसको अर्थ यो हो भनी बुझ्नसक्ने होइनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजा त्यस त्यस कुराको अर्थ बुझ्नसक्ने र यसको अर्थ यो हो, यसको अर्थ यो हो भनी बुझ्सक्ने हुनुहुन्छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१२) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी पण्डित, व्यक्त,...[१] अर्थसम्बन्धी कुराहरू सोच्नसक्ने होइनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजा पण्डित, व्यक्त,...अर्थ सम्बन्धी कुराहरू सोच्नसक्ने हुनुहुन्छ । यो कारण पनि तपाइ राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१३) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण दुवै आमा-बाबुहरूबाट सुजात,...[२] तथा अनिन्दित छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने—तपाइ राजाका पुरोहित ब्राह्मण दुवै आमा-बाबुहरूबाट

१. यहाँका बाँकी कुराहरू माथि पृ. १२६ को (८) मा झैं पढ्नू ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. १२७ को (१) मा झैं पढ्नू ।

Downloaded from http://www.dhamma.digital

सुजात,...तथा अनिन्दित छन् । यो कारण पनि तपाइ राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१४) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण अध्यायक, मन्त्रधर,...[1] महापुरुष लक्षण-शास्त्रमा निपुण छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने— तपाइ राजाका पुरोहित ब्राह्मण अध्यायक, मन्त्रधर,...महापुरुष लक्षण-शास्त्रमा निपुण छन् । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१५) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण शीलवान्,...[2] वृद्धशीलले युक्त छैनन्' भनी भन्नसक्छ । परन्तु अब राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने - तपाइ राजाका पुरोहित ब्राह्मण शीलवान,... वृद्धशीलले युक्त छन् । यो कारण पनि तपाइ राजाले जान्नुहोस् ।...भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१६) महायज्ञ गरिरहने तपाइ राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण, पण्डित, व्यक्त,... मेधावी, दान ग्रहण गर्नेहरूमध्येमा प्रथम वा द्वितीय छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाइ राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. १२८ को (२) मा ऊँ पढ्नू ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. १२८ को (३) मा ऊँ पढ्नू ।

Downloaded from http://www.dhamma.digital

छैनन् । किनभने – तपाइ राजाका पुरोहित ब्राह्मण, पण्डित, व्यक्त, मेधावी, दान ग्रहण गर्नेहरूमध्येमा प्रथम वा द्वितीय छन् । यो कारण पनि तपाइ राजाले जान्नुहोस् । तपाइ यज्ञ गर्नुहोस्, तपाइ परित्याग गर्नुहोस्, तपाइ खुशी हुनुहोस्, तपाइ भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्[१] । ब्राह्मण ! पुरोहित ब्राह्मणले यिनै सोह्र (१६) प्रकारले महायज्ञ गर्न चाहने महाविजित राजाको चित्तलाई संदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा संप्रहर्षित पारे ।

## घिउ तेलद्वारा यज्ञको समाप्ति

"ब्राह्मण ! त्यस यज्ञमा न गाईहरू काटिएका थिए, न बोकाहरू काटिएका थिए, न कुखुराहरू काटिएका थिए, न त विविध प्राणीहरू काट्ने काम नै भएको थियो; न यूप (=मौलो) कोनिमित्त रूखहरू काटिएका थिए, न त मालादि शृंगारकोनिमित्त कुश काटिएको

१. यी सोह्र प्रकारका कारणहरूमा पनि हि. दी. नि. पृ. ५२ ले 'शीलवान्' शब्द थपी १६ कारणहरू देखाइएका छन् । तर पालि पुस्तकहरूमा 'शीलवान्' भन्ने शब्द उल्लेख भएको छैन । बहुश्रुत र त्यस त्यस कुराको अर्थ बुझ्न सक्ने भन्ने कारणहरूलाई दुइ अङ्गगरी नालन्दा पालि पृ. १६ ले पनि देखाएको छ ।

Downloaded from http://www.dhamma.digital

**थियो[१]। जो ती दाशहरू[२], प्रेष्यहरू[३] अथवा कामदारहरू[४] थिए तिनीहरू पनि न दण्डतर्जित थिए[५], न भयतर्जित थिए[६], न अश्रुमुखी भई रोई रोई काम गर्दथे। बल्की जो चाहन्थे उनीहरू काम गर्दथे, जो**

---

१. जसले 'अमुक राजाले, अमुक अमात्यले अथवा अमुक ब्राह्मणले यस्तो यस्तो महायज्ञ गरे' भनी नामहरू लेखी अग्लो स्तम्भ गाडी त्यसमा झण्डा फहराउँथे त्यो पनि त्यहाँ थिएन। त्यसैले 'न यूपको-निमित्त रूखहरू काटिएका थिए' भनी भनिएको हो। कुशतृणहरू-द्वारा मालाहरू वा लताहरू बनाई अथवा कुशतृणहरू भुइमा बिच्छ्याई राखेका थिएनन्; त्यसैले 'न त मालादि श्रृंगारकोनिमित्त कुश काटिएको थियो' भनी भनिएको हो। अतः त्यस यज्ञमा (=दानमा) बोकाहरू काटिएका थिए भन्ने कुराको त सवालै उठ्दैन भन्ने कुरा देखाएको हो। सुमं. वि. I. पृ. २१२: कूटदन्त-सुत्तवण्णना।

२. घरैमा जन्मेका दाशपुत्रहरू। सुमं. वि. I. पृ. २१२

३. पैसा लिई बन्धकमा रहेका। सुमं. वि. I. पृ. २१२

४. दैनिक भात-वेतन लिई कामगर्ने। सुमं. वि. I. पृ. २१२: कूटदन्त-सुत्तवण्णना।

५. 'काम गर, काम गर' भनी दण्डा, लट्ठी आदिद्वारा तर्साई गराउने कामलाई 'दण्डतर्जित' भनिएको हो। सुमं. वि. I. पृ. २१२

६. 'यदि काम गर्छौ भने गर, गर्दैनौ भने हातखुट्टा काट्नेछु अथवा बाँध्नेछु अथवा मार्नेछु' भनी भय देखाई गराउने कामलाई

Downloaded from http://www.dhamma.digital

**चाहन्नथे उनीहरू काम गर्दैनथे; जुन काम चाहन्थे ती काम गर्थे, जुन काम चाहन्नथे ती काम गर्दैनथे। घिउ, तेल, नौनी, दही, मधु-फाणितद्वारा नै त्यो यज्ञ (= दानकार्य) को समाप्ति भएको थियो[१] ।**

---

'भयतर्जित' भन्दछन् । सुमं. वि. I. पृ. २१२: कूटदन्तसुत्तवण्णना। यहाँ चाहिं त्यसकिसिमको कुनै भय वा डर देखाइएको थिएन। आ-आफ्नो इच्छानुसार काम गराइएको थियो। कसैमाथि दाश दाशी भन्ने शब्द पनि प्रयोग गरिएको थिएन भनी सुमं. वि. I. पृ. २१२: कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ।

१. राजाले नगर बाहिरका चारवटा ढोकाहरूमा र नगरको बीचमा गरी जम्मा पाँचवटा महादानशालाहरू बनाई, एक एक शालामा एक एक लाख खर्च गरी दिनको पाँचलाख खर्च गरी सूर्योदयदेखि समयानुकूलको हिसाबले आफैंले सुनको डाडु लिई उत्तम घिउ तेल आदि मिश्रित यागु खाद्य-भोज्य खान-पानद्वारा महाजनहरूलाई सन्तर्पित गर्थे। भाँडाभरी राखेर लैजान चाहनेहरूलाई भाँडाभरी राखिदिन्थे। सन्ध्यासमयमा वस्त्र तथा सुगन्ध मालाहरूले सम्मान गर्दथे। घिउ, तेल आदिले भरिएका भाँडाहरू अनेक शय ठाउँहरूमा राख्न लगाई 'जसले जे खाने इच्छा गर्छ उसले त्यो खाओस्' भनी भनेका थिए। त्यसैले सूत्रमा 'घिउ तेल नौनी दही मधु-फाणितद्वारा नै त्यो यज्ञको समाप्ति भएको थियो' भनी उल्लेख भएको हो भनी सुमं. वि. I. पृ. २१२: कूटदन्तसुत्तवण्णनाले लेखेको छ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! अनि निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूले, ... अमात्य र पारिषदद्यहरूले, ... ब्राह्मण महाशालहरूले, ... गृहपति महाशालहरूले प्रसस्त सम्पत्ति लिएर महाविजित राजाकहाँ आई यस्तो भने 'देव ! यो प्रसस्त सम्पत्ति राजाकै उद्देश्य गरी ल्याइएको हो, देवले यसलाई स्वीकार गर्नुहोस्'[१]। 'भो ! भइहाल्यो, मसँग पनि प्रसस्त सम्पत्ति छ जुन् धार्मिकरूपले उठाइएको करबाट जम्मा भएको हो । तिमीहरूले ल्याएको तिमीहरूकै होस् । बरू चाहन्छौ भने यहाँबाट (मेरो सम्पत्तिबाट) अरू पनि लिएर जाऊ ।' राजाले प्रतिक्षेप गरेपछि एक छेउमा गई उनीहरूले यस्तो सल्लाह गरे—'हामीहरूकोनिमित्त यो उचित छैन कि जो हामीहरूले यी सम्पत्तिहरू पुनः फर्काएर आ-आफ्ना घरमा लैजाऔं; महाविजित राजाले महायज्ञ गर्दैछन्, अतः हामी पनि राजाको अनुगामी भई यज्ञ नै गरौं (= दान देऔं) ।'

---

१. "यी राजाले हामीहरूसँग केही नलिई आफ्नै घरबाट वस्तुहरू निकाली महादान दिंदैछन् । हामीहरूसँग राजाले केही लिएका छैनन् । हामीहरू त्यसै चूपलागेर बस्नु उचित छैन । राजाका धनहरू मात्र अक्षय हुने होइनन् । हामीहरूले नदिएको खण्डमा राजालाई अरू कसले देला । अवश्य पनि केही ल्याइदिनु पर्छ" भन्ने सोची उनीहरूले आ-आफ्ना गाउँ, निगम तथा नगरबाट गाडाका-गाडा सम्पत्तिहरू ल्याई राजालाई चढाए । त्यसैले सूत्रमा 'देव ! यो प्रसस्त सम्पत्ति राजाकै उद्देश्य गरी ल्याइएको हो' भनी भनिएको हो । सुमं. वि. I. पृ. २१३: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! अनि पूर्वतिरको यज्ञशाला (=दानशाला) निर निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूले[१] दानशाला स्थापना गरे, दक्षिणतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी अमात्य र पारिषद्यहरूले दानशाला स्थापना गरे, पश्चिमतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूले दानशाला स्थापना गरे तथा उत्तरतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी गृहपति महाशालहरूले दानशाला स्थापना गरे ।

"ब्राह्मण ! त्यस यज्ञ (=दान) मा पनि न गाईहरू काटिएका थिए,...[२] न अश्रुमुखी भई रोई रोई काम गर्दथे; बल्की जो चाहन्थे उनीहरू काम गर्दथे,...[३] । घिउ, तेल, नौनी, दही, मधु-फाणित-द्वारा नै ती यज्ञहरूको समाप्ति भएका थिए ।

"ब्राह्मण ! यसरी, चार अनुमतिपक्ष, आठ अङ्गले युक्त राजा अर्थात् राजाका आठ वटा अङ्ग, चार अङ्गले युक्त पुरोहित ब्राह्मण अर्थात् पुरोहित ब्राह्मणका चारवटा अङ्ग तथा तीन विधि

---

१. पूर्वपट्टि रहेको राजाको दानशालाको पूर्वतिर क्षत्रीहरूले दानशाला स्थापना गरे । ताकि पूर्वतिरबाट आउने क्षत्रीहरू त्यस दानशालामा यागु आदि पिई राजाको दानशालामा खाई-पिई गरी नगरभित्र जानसकुन् । त्यस्तै गरी दक्षिणादि दिशाहरूमा पनि दानशालाहरू स्थापना गरेका थिए । सुमं. वि. I. पृ. २१३: कूटदन्तसुत्तवण्णना ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. १३८ मा झैं पढ्नू ।

३. यहाँका बाँकी कुराहरू माथि पृ. १३९–४० मा झैं पढ्नू ।

Downloaded from http://www.dhamma.digital

समेत गरी 'सोह्र परिष्कारले युक्त त्रिविध यज्ञसम्पदा' भनी यसैलाई भनिएको हो ।"

## ब्राह्मणहरूद्वारा अनुमोदन

यस्तो भन्नुहुँदा, ती ब्राह्मणहरूले "अहो यज्ञ ! अहो यज्ञ-सम्पदा !!" भन्दै उन्नाद गरे, उच्चशब्द महाशब्द गरे (=कराए, चिच्च्याए) । कूटदन्त ब्राह्मण चाहिं चूपलागेर नै बसेका थिए । अनि ती ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई यस्तो भने – "किन नि तपाइ कूटदन्त ब्राह्मणले श्रमण गौतमको सुभाषितलाई सुभाषितको रूपमा अनुमोदन गर्नु नभएको ?"

"भो ! मैले श्रमण गौतमको सुभाषितलाई सुभाषितको रूपमा अनुमोदन नगरेको होइन । जसले श्रमण गौतमको सुभाषितलाई सुभाषितको रूपमा अनुमोदन गर्ने छैन उसको शीर पनि सातटुक्रा भई फुट्नसक्छ । भो ! किन्तु मलाई यस्तो लाग्यो कि—'यस्तो मैले सुने' अथवा 'यस्तो हुनसक्छ' भनी श्रमण गौतमले भन्नु भएन बल्की श्रमण गौतमले 'त्यसवखत यस्तो थियो, त्यसवखत यसप्रकार थियो' भनी भन्नुभयो । भो ! (यो सुनेर) सो मलाई यस्तो लाग्यो कि—अवश्य पनि त्यसवखत श्रमण गौतम यात राजा थिए अथवा त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण नै थिए ।"

(यसपछि कूटदन्त ब्राह्मणले भगवान्सँग यसरी सोधे – )

Downloaded from http://www.dhamma.digital

"यसप्रकार यज्ञ गरेर अथवा यज्ञ गराएर शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भएको कुरो तपाइ गौतम जान्नुहुन्छ के[१] ?"

"ब्राह्मण ! यसप्रकार यज्ञ गरेर अथवा यज्ञ गराएर शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भएको कुरो म जान्दछु । त्यसवखत त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण म नै थिएँ ।"

## महत्फलतर यज्ञहरू

**दानमय-यज्ञ**—(१) a. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च (=अप्पट्ठतर) र थोरै कष्टपीडा भएको (=अप्पसमारम्भतरो) तर महत्फलतर र महानिसंसतर (=महागुण) भएको अर्को कुनै यज्ञ छ के ?"

१. यही प्रश्न मनमा सोचिरहेको हुनाले कूटदन्त ब्राह्मण चूपलागेर बसेका हुन् । भगवान्को देशना लीला देखेर उनको मनमा कुतकुती लागेको थियो र सोझै—'भगवान् ! तपाइ त्यसवखत राजा हुनु भएको थियो अथवा पुरोहित ब्राह्मण हुनु भएको थियो ?' भनी सोध्न उचित नठानी उनले घुमाई फिराई सोही प्रश्नलाई सोध्दै उनले यो प्रश्न गरेका हुन् । उनको मनसायलाई बुझ्नुभई भगवान्ले पनि 'त्यसवखत त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण आफू नै थिएँ' भन्ने कुरो प्रकाश पार्नुहुँदै भगवान्ले ब्राह्मणको कुतकुतीलाई दूर पारी दिनुभयो । सुमं. वि. I. पृ. २१३: कटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

b. "ब्राह्मण ! यो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको यज्ञ छ ।"

c. "भो गौतम ! यो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

d. "ब्राह्मण ! शीलवान् प्रव्रजितहरूको उद्देश्य गरी दिइने जुन नित्य दानहरू र अनुकूल यज्ञहरू[1] हुन्—ब्राह्मण ! यही नै त्यो यज्ञ

---

१. हाम्रा बाबु, हाम्रा बाजेहरूले दिइराखेका, गरिराखेका भनी कुल-परम्परानुसार दिइने दानकार्यलाई 'अनुकूलयज्ञ' भनिएको हो । यस प्रकारको दानदिने चर्यालाई दरिद्रीले पनि छाड्दैन भन्ने कुरा-लाई निम्नलिखित उदाहरणद्वारा देख्न सकिन्छ । जस्तै—

अनाथपिण्डिकले नित्यप्रति पाँचशयजना भिक्षुहरूलाई भोजन खुवाउँदथे । पाँचशय दन्तमय शलाकहरू थिए । दिनबित्दै गएपछि उनको कुलवंश क्रमैसँग निर्धनी भएर गयो । अनि त्यस घरकी एक बालिकाले एक शलाक भोजनभन्दा बढी दानदिन सकिन । पछि सो कुमारी बालिका सेतवाहन अथवा सेतवासान देशमा गई त्यहाँ ढिकी कुटेर जीविका गर्नथाली । ढीकी वरिपरि छरिएका धान बटुली त्यसै धानद्वारा त्यो एक शलाक दान दिन थाली । अनि एक स्थविरले कोशल राजालाई यो कुरा बताए । यसपछि राजाले उसलाई ल्याई अग्र महिषीको स्थानमा राखे । उसले त्यसपछि पुनः पाँचशय शलाकदान दिन थाली । सुमं. वि. I. पृ. २१३–१४: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

हो जो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ।"

"भो गौतम! त्यो नित्यदान र अनुकूलयज्ञ यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुनाको के हेतु, के प्रत्यय हो त ?"

"ब्राह्मण! त्यसप्रकारको यज्ञमा[1] अरहन्त वा अरहन्त मार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्नन्। किनभने ? ब्राह्मण! त्यहाँ (त्यस्ता यज्ञमा) दण्डप्रहार गरेको पनि देखिन्छ, घाँटी समातेको पनि देखिन्छ। त्यसैले यसप्रकारको यज्ञमा अरहन्त वा अरहन्तमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्नन्। ब्राह्मण! जो ती शीलवान् प्रव्रजितहरुको उद्देश्यगरी दिइने नित्यदान हो, अनुकूलयज्ञ हो, ब्राह्मण! यसप्रकारको यज्ञमा अरहन्त वा अरहन्तमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्छन्। किनभने ? ब्राह्मण! त्यहाँ दण्डप्रहार गरेको पनि देखिन्न, घाँटी समातेको पनि देखिन्न। त्यसैले यस प्रकारको यज्ञमा अरहन्त वा अरहन्तमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्छन्। ब्राह्मण! यही हेतु, यही प्रत्यय हो जसले गर्दा त्यो नित्यदान, अनुकूलयज्ञ यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कार-

---

१. यहाँ 'त्यसप्रकारको यज्ञमा' भनी हिंसा, पीडा, कष्टदिइने 'यज्ञलाई' भनिएको हो।

Downloaded from http://www.dhamma.digital

भन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ[१] ।

---

१. जस्तै— महायज्ञमा जस्तै शलाकदानमा धेरै कामकाजको आवश्यकता पर्दैन त्यसैले यसलाई 'थोरै प्रपञ्च' भनी भनिएको हो । जस्तै— महायज्ञमा जस्तै यस शलाकदान वा अनुकूलदानमा कुनै मानिसको कामलाई हानी वा नोक्सानी हुन्न अथवा हिंसा, पीडा तथा कष्ट हुन्न त्यसैले यसलाई 'थोरै कष्ट पीडा' भनी भनिएको हो । सङ्घ-विषयमा परित्याग गरिने र सङ्घविषयमा दानदिने भएकोले यसलाई 'यज्ञ' पनि भनिएको हो । जस्तै—छ अङ्गले युक्तभएर (छलङ्ग-समन्नागताय) दिइने दानको फल महासमुद्रको पानीलाई थात लिन नसकिने जस्तै धेरै भएकोले 'महत्फलतर' भनिएको हो । सुमं. वि. I. पृ. २१४: कूटदन्तसुत्तवण्णना ।

**'छ अङ्गले युक्त दान'** भनेको – (१) दायकको चित्त दानदिनुभन्दा अगाडिनै सुमन हुनु, (२) दानदिइरहेको बेलामा पनि प्रसन्न हुनु, (३) दानदिइसकेपछि पनि प्रसन्न हुनु तथा (४) दान ग्रहण गर्ने पात्र राग रहित हुनु वा राग रहित हुने बाटामा लागेको हुनु, (५) द्वेष रहित वा द्वेष रहित हुने बाटामा लागेको हुनु, (६) मोह रहित हुनु वा मोह रहित हुने बाटामा लागेको हुनु । यिनै छ अङ्गहरूलाई 'छ अङ्ग' (छलङ्ग) भनिएको हो । अं. नि–६ पृ. ५१: दानसुत्तं, देवतावग्गोचतुत्थो ।

Downloaded from http://www.dhamma.digital

(२) a. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्र-परिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ के[१] ?"

b. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ ।"

c. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ होत ?"

d. "ब्राह्मण ! जसले चतुर्दिशाबाट आउने सङ्घको उद्देश्यगरी विहार बनाउँछ—ब्राह्मण ! यही त्यो यज्ञ हो जो त्रिविध यज्ञसम्पदा

---

१. उपरोक्त नित्यदान र अनुकूलयज्ञको कुरो सुनेर ब्राह्मणको मनमा "यो नित्य भोजन दिने काममा पनि मानिसहरूले केहिन केही दिनदिनै काम गर्नैपर्छ र यसबाट मानिसहरूको कामधाममा हानी नोक्सानी भइहाल्छ । अतः योभन्दा पनि कुनै कामधाम गर्नु नपर्ने, मानिसहरूको अन्य कामधाममा हानी नोक्सानी वा कष्टपीडा नहुने अर्को पनि कुनै यज्ञ होलाके ?" भन्ने लागेपछि ब्राह्मणले भगवान्सँग यो प्रश्न सोधेका हुन् भनी सुमं. वि. I. पृ. २१४: कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

र सोह्लपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ[१] ।

---

१. शलाकदानमा पनि कामको अन्त देखिन्न । आफ्नो काम छाडी यताउता दौड धुप गरी दानको संविधान गर्नुपर्ने हुन्छ । विहारदानमा चाहिं कामको अन्त देखिन्छ । पर्णशाला वा विहार बनाउनकोनिमित्त कोटी धन खर्च गरी महाविहार बनाइन्छ । बनाइने काम सिद्धिएपछि आठ दश वर्षसम्म अथवा शय दुइशय वर्षसम्म पनि फेरि केही काम गर्नुपर्ने हुन्न । हो, कहिलेकाहिं जीर्णोद्धार गर्नुपर्ने हुन्छ । त्यसैले यस विहारदानमा शलाकदानमा जस्तै सँधै कामकाज गर्नुपर्ने हुन्न । त्यसैले यसलाई 'थोरै प्रपञ्च र थोरै कष्टपीडा' भनिएको हो भनी सुमं. वि. I. पृ. २१४ ले उल्लेख गरेको छ ।

सूत्रपर्यायिले 'शीतलतालाई दूरगर्नकोनिमित्त' भन्ने आदि नौ (९) प्रकारका आनिसंस र विनयपर्यायिले 'शीतलता, उष्णता... आदिलाई दूर गर्छ' भन्ने सत्र (१७) प्रकारका आनिसंस विहारदानबाट हुनसक्छ भन्ने कुरा पनि उहींनै उल्लेख गरेकोछ ।

जस्तै—"यावदेव सीतस्स पटिघाताय..." भन्ने नौ आनिसंस सूत्र पर्यायले हो । विनय पर्यायले चाहिं "सीतं उण्हं पटिहन्ति " भन्ने सत्र आनिसंसछ । (यो कुरा लेखकको बु. गृ. भाग–१, पृ. ४३ मा उल्लेख भएकोछ) त्यसैले शलाकदानभन्दा विहारदान महत्फलतरछ भन्ने कुरा बुझ्नसक्नु पर्छ ।

Downloaded from http://www.dhamma.digital

(३) शरणमय-यज्ञ—a. "भो गौतम! यी त्रिविध यज्ञ-सम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ के[1] ?"

b. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ।"

c. "भो गौतम! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

---

१. उपरोक्त कुरा सुनेर 'धनपरित्याग गरेर विहार दान दिनु भनेको त्यति सजिलो छैन। आफूमा भएको कौडीसम्म पनि अर्काकोनिमित्त त्याग गर्नु गहारो हुन्छ भने विहारकोनिमित्त धन परित्याग गर्ने कुरात परै रहोस्। अतः योभन्दा पनि सरल तथा कमखर्चिलो अर्को कुनै यज्ञ छ कि भन्ने कुरो सोध्नुपर्‍यो' भन्ने लागेर ब्राह्मणले यो प्रश्न सोधेका हुन् भनी सुमं. वि. I. पृ. २१५: कूटदन्तसुत्त-वण्णनाले लेखेकोछ।

Downloaded from http://www.dhamma.digital

d. "ब्राह्मण ! प्रसन्नचित्त गरी जो बुद्धको शरणमा जान्छ, धर्मको शरणमा जान्छ तथा सङ्घको शरणमा जान्छ[1]—ब्राह्मण ! यही त्यो यज्ञ हो जो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।"

(४) **शिक्षापद-यज्ञ**—a. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा, तथा यी शरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै

---

१. विहारदानमा पनि समय समयमा जीर्णोद्धार आदि काम गरिनै रहनुपर्ने हुँदा शरणागमनलाई त्योभन्दा सरल देखाइएको हो । शरणागमन भनेको एक भिक्षुकहाँ वा सङ्घकहाँ वा गण (=दुइ तीनजना) कहाँ गई एकपल्ट लिएको शरण सँधैको लागि लिएकै हुन्छ । यस विषयमा फेरि फेरि गरिरहनु पर्ने काम केही हुन्न । त्यसैले विहारदानभन्दा शरणागमनमा थोरै प्रपञ्च भएको भनिएको हो । जीवन परित्याग गरी शरणजानाले शक्रत्व सम्पत्ति पनि पाउन सक्ने भएको हुँदा विहारदानभन्दा पनि महत्फलतर भनी दर्शाइएको हो । सुमं. वि. I. पृ. २१५: कूटदन्तसुत्तवण्णना । तीनैरत्नहरू प्रति जीवन परित्यागको रूपलाई यहाँ यज्ञ भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ के[१] ?"

b. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, ...तथा यी शरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ ।"

c. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, ...तथा शरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

d. "ब्राह्मण ! जसले (१) प्राणीहिंसा त्यागगर्ने,[२] (२) चोरीकाम त्यागगर्ने, (३) काममिथ्याचार त्यागगर्ने, (४) मृषावाद त्यागगर्ने र (५) सुरामेरय, मद्य-प्रमादस्थान त्यागगर्ने (यी पाँच) शिक्षापदहरूलाई प्रसन्न चित्तले समादान (ग्रहण) गर्छ—ब्राह्मण !

---

१. माथिको कुरो सुनेर "आफ्नो जीवन अर्काकोनिमित्त परित्याग गर्नु भनेको कठोर हुन्छ । योभन्दा पनि सरल अर्को कुनै यज्ञ हुन सक्ला के" भन्ने लागेपछि ब्राह्मणले यो प्रश्न सोधेका हुन् । सुमं. वि. I. पृ. २१५: कूटदन्तसुत्तवण्णना ।

२. यहाँ 'पाणातिपाता वेरमणि' भन्ने पालि शब्दलाई संस्कृतमा रूपान्तगरी 'प्राणीहिंसा त्याग' भनी लेखेको छु । यहाँ 'त्याग' अथवा 'वेरमणि' भनेको 'विरति चेतनालाई' भनिएको हो । अर्थात् 'त्याग्ने संकल्प वा त्याग्ने चित्त' । यसैलाई 'विरति' भन्दछन् । यो 'विरति' (=त्याग) तीनप्रकारका छन् । जस्तै—(१) सम्पत्त-

Downloaded from http://www.dhamma.digital

विरति (=सम्प्राप्त-त्याग), (२) समादान-विरति (=समादान-त्याग), तथा (३) सेतुघात-विरति वा समुच्छेद-विरति (=समूल-छेदन-त्याग)

(१) 'प्राणीहिंसा गर्नेछैन' भन्ने शिक्षापद ग्रहण नगरेता पनि आफ्नो जाति-गोत्र-कुलवंश तथा अवस्थाको सम्झना गरी, आत्मगौरव राखी, परप्राणी प्रति दयाभाव राखी 'म जस्ताले यो हिंसाको काम गर्न सुहाउँदैन' भन्ने विचारलिई जो प्राणीघात गर्दैन, प्राप्त वस्तुलाई (=प्राणीलाई) छाडिदिन्छ अर्थात् प्राणीहिंसा गर्नसक्ने अवस्थालाई पनि त्यागिदिन्छ, प्राणीहिंसाबाट अलग रहन्छ— त्यसबखत त्यो पुरुषको चित्तमा उत्पन्न हुने जुन त्याग चेतना हो त्यस त्याग-चेतनालाई 'सम्प्राप्त-त्याग' अथवा 'सम्पत्त-विरति' भनिएको हो ।

(२) 'प्राणीघात गर्ने छैन" भनी अथवा आफ्नो ज्यानको कारणले पनि 'प्राणीघात गर्ने छैन' भनी शिक्षापदलाई ग्रहण गरी बस्नेको जुन चेतना हो—त्यसलाई 'समादान-विरति' अथवा 'समादान-त्याग' भनिएको हो ।

(३) मार्गप्राप्तिबाट आर्यश्रावकहरूको चित्तमा उत्पन्न हुने जुन 'विरति' वा 'त्याग चेतना हो' त्यसलाई 'सेतुघात-विरति' अथवा 'समुच्छेद-बिरति' भनिएको हो । भनाइको मतलब हिंसागर्न सक्ने जुन हेतु हो, त्यही हेतुको निरुद्ध, समूलच्छेदन भइसकेको भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

अतः त्यस अवस्थाको चेतनालाई 'समुच्छेद-विरति' अर्थात् 'समूलच्छेदन-त्याग' भनिएको हो । यस्ता आर्य-श्रावकहरूले आफ्नो जीवनको कारणमा पनि अर्काको ज्यान लिंदैनन् । उनीहरूको चित्तमा हिंसागर्ने चित्तको जरो नै उखेलिदिएको हुन्छ ।

हुनत शरणागमन मात्रले दृष्टिसुधार हुन्छ भन्न सकिन्न । तर शिक्षापद ग्रहणद्वारा भने 'विरति चित्त' अर्थात् 'त्यागचित्त' उत्पन्न हुन्छ । अतएव जसोतसो शिक्षापद ग्रहण गरेता पनि राम्ररी ग्रहण गरेता पनि यसमा कमनै कामकाज भएकोले 'थोरै प्रपञ्च र थोरै कष्टपीडा' भनिएको हो । जति दानमा फल हुन्छ त्योभन्दा बढी फल शीलमा हुने भएकोले यसलाई महत्फलतर भनिएको हो । त्यसैले भगवान् बुद्धले अभिसन्दन सूत्रमा (अं. नि-८, पृ. ३४४) यस्तो भन्नुभएको हो—

"भिक्षुहो ! यी पाँच दानहरू महादान हुन् ।...प्राणी-घात नगर्नु...आदि । भिक्षुहो ! प्राणीघात नगर्नाले अनगिन्ती प्राणीहरूलाई अभय दिई, अवैर दिई...अनगिन्ती अभय र अवैरको भागी हुन्छ...। यसैलाई पञ्चदान, महादान पनि भनिन्छ ।" (विस्तर कुराहरू अं. नि-८, पृ. ३४४: अभिसन्दन सूत्रमै हेर्नू )

जीवन अर्पित गरी यी पञ्चशीललाई रक्षा गरिने भएको हुँदा यसलाई पनि 'यज्ञ' भनिएको हो भनी सुमं. वि. I. पृ. २१६: कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

यही त्यो यज्ञ हो जो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा,…तथा शरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।"

(५) a. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा,…[1] तथा यी शिक्षापदभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ के[2] ?"

b. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, …[1] तथा यी शिक्षापदभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ ।"

c. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, ..[1] तथा यी शिक्षापदभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ होत ?"

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. १५१ को (४) मा लेखे ब्रमोजि दोहऱ्याई पढ्नू ।

२. माथिको कुरो सुनेर ब्राह्मणले "पञ्चशील पालन गर्नु भनेको पनि त्यति सजिलो छैन । शायद योभन्दा पनि अर्को कुनै सजिलो यज्ञ छकि" भन्ने जस्तो लागेपछि पुनः यो प्रश्न सोधेका हुन् । सुमं. वि. I. पृ. २१६: कूटदन्तसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

d. **तथागत उत्पन्न—"ब्राह्मण ! यहाँ तथागत अरहत् सम्यक् सम्बुद्ध,...[१] तथा बुद्ध भगवान् उत्पन्न हुनुहुन्छ। वहाँले यो लोकलाई —देवसहित, मारसहित, ब्रह्मलोकलाई,..[२] स्वयं साक्षात्कार गर्नुभएको धर्मको उपदेश गर्नुहुन्छ। वहाँले आदिकल्याण,...[२] तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ।...[२] ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ।**

**शीलमय-यज्ञ—"अनि गृहपति वा गृहपतिपुत्र..[३] घरबार त्यागी अनगारिय भई प्रव्रजित हुन्छ। यसरी प्रव्रजित भएको सो भिक्षु, जीवनभर शीलसम्पन्न भई प्राणीघातलाई त्यागी प्राणीघातबाट विरत-भई...[४] तथा सबै प्राणी प्रति हितानुकम्पी भई बस्छ।...[५]।**

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भाग-१, पृ. २८१ मा उल्लेख भएझैं पढ्नू अथवा तल घोटमुख ब्राह्मणको कुरामा पढ्नू।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ८९–९१ मा लेखिए बमोजिम दोहऱ्याई पढ्नू। अथवा लेखकको बु. प. भाग–१, पृ. २८१–८२ मा हेर्नू। अथवा तल घोटमुख ब्राह्मणको कुरामा हेर्नू।

३. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भाग–१, पृ. २८२ मा अथवा तल घोटमुख ब्राह्मणको कुरामा हेर्नू।

४. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भाग–१, पृ. २८२ मा उल्लेख भएका छन्। अथवा तल घोटमुख ब्राह्मणको कुरामा हेर्नू।

५. यहाँका बाँकी कुराहरू सामञ्ञसुत्तं दी. नि. I. पृ. ५५ देखि ६२ सम्म लेखिएका चूलसील, मज्झिमसील तथा महासीलका कुराहरू पढ्नु पर्छ। यी मध्ये केही अंश लेखकको बु. प. भा–१, पृ. २८२ देखि २८८ सम्म उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

**समाधिमय-यज्ञ**—"ब्राह्मण ! अनि यसरी शीलसम्पन्न उ, ...[1] प्रथमध्यान प्राप्तगरी बस्छ। ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ; ...द्वितीयध्यान...[२] तृतीयध्यान...[२] तथा...[२] चतुर्थध्यान प्राप्तगरी बस्छ। ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरू-भन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंस-तर हुन्छ[३]।

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भाग–१, पृ. २८८–८९ मा उल्लेख भए जस्तै पढ्नू।

२. लेखकको बु. प. भाग–१, पृ. २८९ मा हेर्नू।

३. उपरोक्त शीलगुणहरूले युक्त हुनेले प्रथमध्यान प्राप्त गर्छ र प्रथम-ध्यान लाभ हुनेलाई द्वितीयध्यान लाभ गर्नमा धेरै कठिनाई पर्दैन। त्यसैले अघिल्लोभन्दा पछिल्लो, पछिल्लोभन्दा पछिल्लो ध्यान लाभ गर्नमा कम कष्ट हुनेभएकोले 'थोरै प्रपञ्च' आदि भनिएको हो। त्यस्तैगरी प्रथमध्यानको फलद्वारा एक कल्प आयु, द्वितीयध्यानको फलद्वारा आठकल्प आयु, तृतीयध्यानको फलद्वारा चौसट्ठीकल्प आयु तथा चतुर्थध्यानको फलद्वारा पाँचशय कल्प ब्रह्मलोकको आयु हुन्छ। त्यसैले आनिसंस तरफमा पनि महानिसंसतर भनिएको हो। यस्तै-गरी माथिल्लोभन्दा माथिल्लो ध्यानहरूको फलद्वारा चौरासीहजार कल्पसम्म आयु हुने भएको हुँदा महत्फलतर भनिएको हो।

नीवरणादि प्रतिपक्ष धर्महरू परित्यक्त हुने भएको हुँदा यसलाई पनि 'यज्ञ' भनिएको हो। सुमं. वि. I पृ. २१७: कूटदन्त-सुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

**प्रज्ञामय-यज्ञ**—"ब्राह्मण ! यसरी समाहित चित्त भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल र क्लेश रहित भएपछि; मृदु तथा कर्मण्य भएपछि; निश्चलतामा पुगिसकेपछि उसले ज्ञानदर्शनको[1] निमित्त चित्त झुकाउँछ, चित्त लगाउँछ । ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।

---

१. 'ज्ञानदर्शन' भन्नाले—(१) मार्गज्ञानलाई पनि, (२) फलज्ञानलाई पनि, (३) सर्वज्ञज्ञानलाई पनि, (४) प्रत्यवेक्षणाज्ञानलाई पनि तथा (५) विपश्यनाज्ञानलाई पनि भनिएको हो ।

(१) जस्तै—"किन्नु खो आवुसो ञाणदस्सनविसुद्धत्थं भगवति ब्रह्मचरियं वुस्सती'ति ?" अर्थात्—"आवुसो ! के त ज्ञानदर्शन विशुद्धिको लागि भगवान्कहाँ ब्रह्मचर्य पालन गरिरहेको हो कि ?" भन्ने जस्ता ठाउँमा मार्गज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो । (म. नि. I. पृ. १९५: रथविनीतसुत्तं)

(२) "अयमञ्ञो उत्तरिमनुस्सधम्मा अलमरिय ञाण-दस्सनविसेसो अधिगतो फासुविहारो'ति ।" अर्थात्—"यो अर्को उत्तरीय मनुष्य धर्म हो जो आर्यज्ञानदर्शनकोनिमित्त सक्षम भई, विशेषता अधिगमनगरी सुख विहार भएको छ" भन्ने जस्ता ठाउँमा फलज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो । (म. नि. I. पृ. २ ८: चूलगोसिङ्गसुत्तं)

(३) "भगवतो पि खो ञाणं उदपादि सत्ताहकालकतो आलारो कालामो'ति" अर्थात्—"भगवान्लाई पनि आलार

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यसरी समाहित चित्त भएपछि; ...निश्चलतामा पुगिसकेपछि उसले मनोमयकाय अभिनिर्माणको निमित्त चित्त झुकाउँछ, चित्त लगाउँछ। ब्राह्मण ! यो यज्ञ पनि...महानिसंसतर हुन्छ। ब्राह्मण ! यसरी समाहित चित्त भएपछि; ...ऋद्धिविध... दिव्यश्रोत ... चेतोपरियाय ... पूर्वेनिवासानुस्मृति ... दिव्यचक्षु...[1]

कालामको मृत्युभएको ज्ञान उत्पन्न भयो" भन्ने जस्ता ठाउँमा सर्वज्ञज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो। (महा. व. पा. पृ. १०: पञ्चवग्गियकथा)

(४) "ञाणं च पन मे दस्सनं उदपादि—अकुप्पा मे चेतो विमुत्ति, अयमन्तिमा जाति, नत्थिदानि पुनब्भवो'ति" अर्थात् —"मेरो चित्त विमुक्ति अटल छ, यही आखिरी जन्महो, अर्कोजन्म छैन भन्ने ज्ञानदर्शन पनि मलाई उत्पन्न भयो" भन्ने जस्ता ठाउँमा प्रत्यवेक्षेणाज्ञानलाई 'ज्ञानदर्शन' भनिएको हो। (म. नि. I. पृ. २१०: पासरासी अथवा अरियपरिएसणसुत्तं)

(५) यहाँ, यस सूत्रमा चाहिं 'ज्ञानदर्शन' भनी विपश्यना ज्ञानलाई भनिएको हो भनी सुमं. वि. I. पृ. १५३: सामञ्ञफल-सुत्तवण्णनाले उल्लेख गरेको छ।

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भाग–१, पृ. ४५७ देखि ४६३ सम्म अथवा उहीँ पृ. २९० देखि २९२ अथवा लेखककै बु. ब्रा. भाग–१, पृ. १३३ देखि १३४ तथा २७३ देखि २७९ मा हेर्नू। यहाँका बाँकी कुराहरू जम्मै दी. नि. I. पृ. ६८–७३: सामञ्ञफल-सुत्तंमा विस्तृत रूपले उल्लेख भएका छन्।

Downloaded from http://www.dhamma.digital

आस्रवक्षय ज्ञानकोनिमित्त चित्त झुकाउँछ, चित्त लगाउँछ...[१] र 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसके, अब उप्रान्त अर्कोजन्म लिनुपर्ने हेतु छैन' भन्ने पनि ज्ञानहुन्छ । ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।

"ब्राह्मण ! योभन्दा अर्को उत्तरोत्तर वा प्रणीततर यज्ञसम्पदा छैन[२] ।"

## कूटदन्त ब्राह्मणको उपासकत्व ग्रहण

यति भन्नु भएपछि, कूटदन्त ब्राह्मणले भगवान्‌लाई यस्तो भने—"भो गौतम ! धन्य हो ! भो गौतम ! धन्य हो !! भो गौतम ! जस्तै—घोप्टेकोलाई उत्तानो पारिदिंदा...[३] अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखाहुनेले रूपदेखदछ—त्यस्तै गरी तपाइ गौतमले

१. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भाग–१, पृ. २७९ मा र बु. प. भाग–१, पृ. २९२ मा हेर्नू ।

२. यसमा लेखिएका ऋद्धिविधज्ञान देखि लिएर आस्रवक्षयज्ञान सम्मका कुराहरू कसरी महत्फलतर भए भन्ने आदि कुराको स्पष्टिकरण सुमं. वि. I. पृ. २१७: कूटदन्तसुत्तवण्णनामा वर्णित भएका छन् ।

३. यहाँका बाँकी कुरा माथि पृ. ३७ मा हेर्नू ।

Downloaded from http://www.dhamma.digital

अनेकप्रकारले धर्म प्रकाश पारिदिनुभयो। अब म तपाइ गौतमको शरणमा पर्दछु तथा धर्म र सङ्घको पनि। आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाइ गौतमले मलाई स्वीकार गर्नुहोस्। भो गौतम! सातशय बाछाहरूलाई, सातशय बाछीहरूलाई, सातशय बोकाहरूलाई तथा सातशय भेडाहरूलाई जीवनदान दिई छाडिदिनेछु। अब उनीहरूले हरियो घाँस खाऊन्, शीतल पानी पिऊन्, उनीहरूलाई शीतल हवा पनि लागोस्[१]!"

अनि भगवान्ले[२] कूटदन्त ब्राह्मणलाई आनुपूर्विकथा सुनाउनुभयो। जस्तै—दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दुष्परिणाम, तुच्छता, संक्लिष्टता तथा नैष्क्रम्यको आनिसंस (= गुण) प्रकाश पार्नुभयो। जब भगवान्ले कूटदन्त ब्राह्मणको चित्त कल्य (=उपयुक्त), मृदु, नीवरणरहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब जुन धर्म

Dhamma.Digital

१. यति भनेर कूटदन्त ब्राह्मणले तुरन्तै एक पुरुषलाई यज्ञस्थलमा पठाई ती सबै प्राणीहरूलाई छाड्न लगाए। अनि उ फर्केर आएर सबै प्राणीहरूलाई मुक्त गरिदिएको कुरो ब्राह्मणलाई सुनायो। सुमं. वि. I. पृ. २१७: कूटदन्तसुत्तवण्णना।

२. यो खबर सुनेर ब्राह्मणको मनमा जब "अहो! मैले धेरै प्राणीहरूको ज्यान बचाई उनीहरूलाई मुक्त पारिदिएँ" भन्ने लागी मनमा अपार आनन्द हुनथाल्यो तब भगवान्ले उनलाई उपदेश गर्न थाल्नुभयो। त्यसैले सूत्रमा 'अनि भगवान्ले' भनी भनिएको हो भनी सुमं. वि. I. पृ. २१८: कूटदन्तसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

वहाँले स्वयं प्राप्तगर्नु भएको हो (=सामुक्कंसिका) त्यो धर्म प्रकाश-पार्नुभयो — 'दुःख, समुदय, निरोध तथा मार्ग ।' अनि जस्तै मैलो नपरेको शुद्ध-वस्त्रमा राम्ररी रङ्गले समात्छ त्यस्तैगरी कूटदन्त ब्राह्मणलाई उसै आसनमा — विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो — 'जे जति समुदय धर्महरू हुन्, ती सबै निरोध धर्म हुन् ।' अनि कूटदन्त ब्राह्मण दृष्टधर्मी, प्राप्तधर्मी, विदितधर्मी भई धर्मको गहिराइलाई बुझी, शंकारहित, निश्चिन्त, वैशारद्यतामा पुगी शास्ताको धर्मलाई अवबोध गर्नकोनिमित्त कसैको भरमा पर्न नपर्ने भएपछि उनले भगवान्सँग यस्तो विन्तिगरे— "तपाइ गौतमले भोलिकोनिमित्त भिक्षुसङ्घका साथ मेरो भोजन स्वीकार गर्नुहोस् ।" तूष्णीभावद्वारा भगवान्ले स्वीकार गर्नुभयो ।

अनि भगवान्ले स्वीकार गर्नुभएको कुरो बुझी कूटदन्त ब्राह्मण आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए । अनि त्यस रात बितिसकेपछि आफ्नो यज्ञस्थलमा प्रणीत खाद्यभोज्य तयार पारी कूटदन्त ब्राह्मणले भगवान्लाई समयको सूचना दिन पठाए— "भो गौतम ! भोजन तयार भइसक्यो, भोजनको समय भयो ।"

अनि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी भगवान् भिक्षु सङ्घका साथ जहाँ कूटदन्त ब्राह्मणको यज्ञस्थल हो त्यहाँ जानुभयो; त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो ।

त्यसपछि कूटदन्त ब्राह्मणले आफ्नै हातले बुद्धसहित भिक्षु-सङ्घलाई प्रणीत खाद्य भोज्य सन्तर्पित गरे । अनि भगवान्को भोजन सिद्धिएपछि, पात्र एक छेउमा राखिसकेपछि कूटदन्त ब्राह्मण एक होचो

Downloaded from http://www.dhamma.digital

आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका कूटदन्त ब्राह्मणलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी आसनबाट उठी भगवान् फर्केर जानुभयो ।

---

Downloaded from http://www.dhamma.digital

# ६. गणक मोग्गल्लान ब्राह्मण

## प रि च य

श्रावस्तीमा गणितविद्या जान्ने एक ब्राह्मण थिए। जसको नाम गणक मोग्गल्लान ( = गणक मौद्गल्यायन) थियो।

एकदिन उनी बुद्धकहाँ गई—ब्राह्मणहरूको गणितविद्यामा क्रमैसँग गणित सिकाउने जस्तैगरी बुद्धको धर्ममा पनि त्यसरी क्रमैसँग सिकाइने शिक्षा छ के भनी सोध्दा बुद्ध भगवान्ले—छ भनी उत्तर-दिनुभयो। जुन कुराहरू अगाडि अनुदित गणक मोग्गल्लान सूत्रमा उल्लेख भएका छन्।

उपदेशको अन्तमा प्रसन्न भएका गणक मोग्गल्लान ब्राह्मण बुद्धको शरणमा गए।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–बुद्धधर्ममा क्रमानुकूल शिक्षा

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा बस्नुभएको थियो । अनि गणक मोग्गल्लान (=गणित जान्ने मौद्गल्यायन) ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो । त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका गणक मोग्गल्लान (=गणक मौद्गल्यायन) ब्राह्मणले भगवान्लाई यस्तो भने—

"भो गौतम ! यो मृगारमाताको पूर्वाराम प्रासादको भन्याङ्को माथिल्लो फलेक्सम्म तयार पार्ने काममा जस्तै क्रमिक-शिक्षा, क्रमिक-क्रिया तथा क्रमिक-प्रतिपद् देखिन्छ; भो गौतम ! यस्तै यी ब्राह्मणहरूको अध्ययनमा पनि क्रमिक-शिक्षा, क्रमिक-क्रिया तथा क्रमिक-प्रतिपद् देखिन्छ । भो गौतम ! यो शस्त्र-विद्या सिक्नेहरूको शस्त्र-विद्यामा पनि क्रमिक-शिक्षा, क्रमिक-क्रिया तथा क्रमिक-प्रतिपद् देखिन्छ ।

१. म. नि. III. पृ. ६१: गणकमोग्गल्लानसुत्तं, अ. क. IV. पृ. ४७

Downloaded from http://www.dhamma.digital

भो गौतम ! हामी गणित पढ्ने, गणितद्वारा जीविकागर्नेहरूको गणित-विद्यामा पनि क्रमिक-शिक्षा, क्रमिक-क्रिया तथा क्रमिक-पतिपद् देखिन्छ। भो गौतम ! हामीले अन्तेवासी (=शिष्य=विद्यार्थी) पाएर (उनीहरूलाई) सर्वप्रथम यसरी गिन्ती गराउँछौं (=गिन्ती सिकाउँछौं) —'एक एक्का, दुइ दुक्का, तीन तिक्का, चार चतुक्का, पाँच पञ्चका, छ छक्का, सात सत्तका, आठ अट्ठका, नौ नवका, तथा दश दशका'। भो गौतम ! (यसै गरी हामीले) शयको पनि गिन्ती गराउँछौं, त्यसभन्दा बढी पनि गिन्ती गराउन लगाउँछौं। भो गौतम ! यस धर्मविनयमा पनि यस्तैगरी क्रमिक-शिक्षा, क्रमिक-क्रिया तथा क्रमिक-प्रतिपद् प्रज्ञापन गर्न सकिन्छ के[१] ?"

## क्रमिक-शिक्षा

**शीलसंयम** – "ब्राह्मण ! यस धर्मविनयमा पनि **क्रमिक-शिक्षा,**

---

१. सोधिएका प्रश्नहरूको भनाई—जस्तै कुनै घर बनाउँदा एकै चोटि घर तयार पार्न सकिन्न, क्रमैसँग काम गरेर मात्र तयार हुन्छ र भऱ्याङ तयार हुन्छ; कुनै शास्त्रको पढाई पनि एकैदिनमा पढ्न सकिन्न, क्रमैसँग पढेर जानुपर्छ; कुनै धनुषविद्या पनि एकै दिनमा सिकेर एकै दिनमा रौंलाई लगाउन सक्ने गरी सिक्न सकिन्न क्रमैसँग मात्र सकिन्छ—त्यस्तैगरी तपाइको धर्ममा पनि क्रमैसँग सिक्नुपर्ने त्यस्तो कुनै क्रम छ के ? भनी सोधेका हुन्। पपं. सू. IV. पृ. ४७–४८: गणकमोग्गल्लानसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

क्रमिक-क्रिया तथा क्रमिक-प्रतिपद् प्रज्ञापन गर्न सकिन्छ। ब्राह्मण ! जस्तै कुनै दक्ष सवारले असलजातिको घोडा (भद्दं अस्सजानीयं) पाएर सर्वप्रथम मुखमा (लगाम) राख्ने क्रिया सिकाउँछ, त्यसपछि अरू क्रियाहरू पनि सिकाउँछ। ब्राह्मण ! यस्तैगरी तथागतले दम्य (=शिक्षित बनाउन योग्य) पुरुषलाई पाएर सर्वप्रथम यसरी शिक्षा दिन्छ—'हेर भिक्षु ! शीलवान् होऊ, प्रातिमोक्ष[1] संवरले संयमभई बस, आचार-गोचरले युक्तभई बस, अणुमात्र दोषमा पनि भयदर्शीभई बस—यी शिक्षापदहरूलाई अगाँली पालन गर'।

**इन्द्रियसंयम**—"ब्राह्मण ! अनि जब सो भिक्षु शीलवान् हुन्छ, प्रातिमोक्ष संयमगरी बस्छ, आचार-गोचर सम्पन्न भई अणुमात्र दोषमा पनि भयदर्शी भई बस्छ तथा राम्ररी शिक्षापदहरूलाई पालन गर्छ तब तथागतले सो भिक्षुलाई उत्तरोत्तर विनयनको कुरा सिकाउँछ—'हे भिक्षु ! यहाँ आऊ, इन्द्रिय रक्षागर, चक्षुले रूप देखेर निमित्त ग्राही[2] नहोऊ, अनुव्यञ्जन ग्राही[3] पनि नहोऊ। जुन किसिमले विहार-गर्दा चक्षु-इन्द्रिय असंयम भई अभिध्या (=राग, लोभ) दौर्मनस्य पापक

---

१. प्रतिमोक्ष भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. श्रावि. च. भा–१, पृ. २७५ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. चक्षुद्वारा स्त्री-रूप देखेर त्यस रूपको आकार प्रकारलाई आसक्त चित्तले ग्रहण नगर भनी भनिएको हो।

३. कुनै स्त्री-रूप देखेर त्यसको अङ्गप्रत्यङ्ग अथवा हाउभाउमा आकर्षित नहोऊ भनी भनिएको हो।

Downloaded from http://www.dhamma.digital

अकुशल चित्त उत्पन्न हुनसक्छ त्यसको निवारण हुने किशिमले विहार गर। चक्षु-इन्द्रिय संयम गर, चक्षु-इन्द्रियमा संयमहुने गरी बस। (त्यस्तैगरी) श्रोत-इन्द्रियलाई रक्षा गर,... घ्राण-इन्द्रियलाई रक्षा गर,.. जिह्वा-इन्द्रियलाई रक्षा गर,...काय-इन्द्रियलाई रक्षा गर तथा मनः-इन्द्रियलाई पनि रक्षा गर...। जुन किशिमले विहारगर्दा मनः-इन्द्रिय असंयम भई अभिध्या दौर्मनस्य पापक अकुशल चित्त उत्पन्न हुनसक्छ त्यसको निवारण हुने किशिमले विहार गर। मनः-इन्द्रिय संयम गर, मनः-इन्द्रिय संयम हुने गरी बस।'

**भोजनमा मात्राज्ञता**—"ब्राह्मण! अनि जब सो भिक्षु इन्द्रियहरूमा आरक्षासम्पन्न हुन्छ तब तथागतले सो भिक्षुलाई उत्तरोत्तर विनयनको कुरा सिकाउँछ—'हे भिक्षु! यहाँ आऊ, भोजनमा मात्रज्ञ होऊ, प्रत्यवेक्षणा गरी ज्ञानपूर्वक आहार ग्रहण गर—'न क्रीडाको लागि, न मदमत्त हुनको लागि, न सुन्दर बन्नको लागि, न विभूषित हुनको लागि, (आहार गर्ने हो) बल्की केवल यो शरीर यापन गर्नको लागि, जिघच्छा (=भोक) मेटाउनको लागि तथा शुद्धब्रह्मचर्य पालन गर्नको लागि मात्र हो। जसबाट पुरानो क्षुधा दूरहुनेछ र नयाँ वेदना उत्पन्न हुनेछैन—यही नै निरवद्य जीवन यापन हुनेछ र आरामदायी पनि।' (भनी सोची आहार गर्नुपर्छ)।

**जाग्रतता**—"ब्राह्मण! अनि जब सो भिक्षु भोजनमा मात्रज्ञ हुन्छ तब तथागतले सो भिक्षुलाई उत्तरोत्तर बिनयनको कुरा सिकाउँछ—'हे भिक्षु! यहाँ आऊ, जाग्रत भई विहार गर; दिनभरी चंक्रमण

Downloaded from http://www.dhamma.digital

गरेर अथवा बसेर आवरणीय (=पञ्चनीवरण) धर्महरूबाट चित्त परिशोधन गर। रातको पहिलो याममा चंक्रमण गरेर अथवा बसेर आवरणीय धर्महरूबाट चित्त परिशोधन गर। रातको दोश्रो याममा दाहिनेतिरबाट सिंहशय्या गरी खुट्टामाथि खुट्टा राखी स्मृतिलाई थातमा राखी तथा उठने संज्ञालाई मनमा राख। रातको अन्तिम याममा उठेर चंक्रमण गरेर अथवा बसेर आवरणीय धर्महरूबाट चित्त परिशोधन गर।'

**स्मृतिसम्प्रजन्यता** — "ब्राह्मण! अनि जब सो भिक्षु जाग्रत भई बस्न सिक्छ तब तथागतले सो भिक्षुलाई उत्तरोत्तर विनयनको कुरा सिकाउँछ—'हे भिक्षु! यता आऊ, स्मृतिसम्प्रजन्यता-द्वारा युक्तभई बस। अगाडि पछाडि हिड्दा सचेत भई होस राख; यताउता हेर्दा सचेत भई होस राख; हात खुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत भई होस राख; सङ्घाटि, पात्र, चीवर धारणगर्दा सचेत भई होस राख; दिसा पिसाब गर्दा सचेत भई होस राख; हिंडदा, उठ्दा, बस्दा, सुत्दा, जाग्रतभइरहँदा, कुरागर्दा तथा चुपलागेर बस्दा सचेत भई होस राख (सम्पजानकारी होहि)।'

**पञ्चनीवरण**—"ब्राह्मण! अनि जब सो भिक्षु स्मृतिसम्प्रजन्यता-द्वारा युक्त भई बस्नथाल्छ तब तथागतले सो भिक्षुलाई उत्तरोत्तर विनयनको कुरा सिकाउँछ—'हे भिक्षु! यहाँ आऊ, एकान्त निर्जन-स्थानमा बस; अरण्य, वृक्षमूल, पर्वत, कन्दर (=पानीको झरना भएको ठाउँ), पहाडीगुफा, मसान, जङ्गलको बाटो, खुला ठाउँ अथवा

Downloaded from http://www.dhamma.digital

पराले छाप्रोमा बस ।' अनि उ एकान्त निर्जनस्थानमा बस्छ; अरण्य, वृक्षमूल, पर्वत, कन्दर, पहाडीगुफा, मसान, जङ्गलको बाटो, खुलाठाउँ अथवा पराले छाप्रोमा बस्छ । उ भिक्षाटन्‌बाट फर्केर भोजनपछि पलेटी-मारी, शरीर सीधापारी, मुख अगाडि स्मृति राखी (=श्वास-प्रश्वासमा होस राखी) बस्छ। त्यसपछि (१) पञ्चस्कन्धबाट (=आफ्नो देहबाट) रागलाई हटाई रागनभएको चित्तले युक्त भई विहार गर्छ र रागबाट चित्त परिशुद्ध पार्छ; (२) व्यापाद प्रदोषलाई हटाई अव्यापाद चित्तले युक्त भई सबै भूतप्राणीहरू प्रति हितानुकम्पी भई विहारगर्छ र व्यापाद-प्रदोषबाट चित्त परिशुद्ध पार्छ; (३) थीनमिद्ध अर्थात् शारीरिक र मानसिक आलस्यपनलाई हटाई निरालस्यताले युक्त भई आलोकसंज्ञी (=आलोक कसिणको ध्यान) र स्मृतिसम्प्रजन्य भई विहार गर्छ अनि थीनमिद्धबाट चित्त परिशुद्ध पार्छ; (४) उद्धच्च कुक्कुच्च अर्थात् शारीरिक र मानसिक अस्थिरपन अथवा अशान्तपनलाई हटाई स्थिरपन अथवा शान्तपनले युक्त भई अभ्यन्तरचित्त शान्तपारी विहार गर्छ र उद्धच्च कुक्कुच्चबाट चित्त परिशुद्ध पार्छ; (५) विचिकित्सा अर्थात् शंकासन्देहलाई हटाई कुशल धर्ममा निस्सन्देही भई विहार गर्छ र शंकासन्देहबाट चित्त परिशुद्ध पार्छ ।

**रूपावचर ध्यान**—"ब्राह्मण ! (१) अनि उ, यी पञ्चनीवरण-हरूलाई हटाएर चित्तमा भएका उपक्लेशहरूलाई प्रज्ञाद्वारा कमजोर पारी काम (विषय) बाट अलग भई, अकुशलबाट अलग भई, सवितर्क सविचारयुक्त, विवेकजः (=ध्यानजः) प्रीति-सुख भएको प्रथमध्यान प्राप्तगरी विहार गर्छ । (२) त्यसपछि वितर्क विचारलाई उपशान्तगरी,

Downloaded from http://www.dhamma.digital

अभ्यन्तर-सम्प्रसादलाई चित्तमा एकाग्र गरी, वितर्क-विचार रहित समाधिजः प्रीति-सुख भएको द्वितीयध्यान प्राप्त गरी विहार गर्छ। (३) त्यसपछि प्रीतिलाई पनि त्यागी, उपेक्षी भई, स्मृतिवान् र प्रज्ञावान् भई—शरीरद्वारा सुखानुभव गर्छ—जसलाई आर्यहरू—'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन्। त्यसप्रकारको तृतीयध्यान प्राप्त गरी विहार गर्छ। (४) त्यसपछि सौमनस्य र दौर्मनस्यलाई पहिले नै अन्त गरी, सुख र दुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी सो भिक्षु विहार गर्छ।

"ब्राह्मण ! जो ती भिक्षुहरू अहिले (सम्म) शैक्ष (=सिक्न बाँकी भएका वा सिकिरहेका) नै छन्, जसले चित्तशुद्धि प्राप्त गरेका छैनन्, जो अनुपम योगक्षेम (=निर्वाण) को इच्छागरी विहार गर्छन्—उनीहरूकोनिमित्त मेरो अनुशासनी (=उपदेश) यस्तै हुन्छ। जो ती भिक्षुहरू अरहन्त, क्षीणास्रवी, ब्रह्मचर्यवास पूरा गरिसकेका, कृतकृत्य-भारमुक्त-स्व-अर्थ (=निर्वाण) प्राप्त, भवसंयोग रहित तथा सम्यक्रूपले ज्ञानगरी मुक्त भएका छन्—तिनीहरूकोनिमित्त यी कुराहरू यसै जीवनमा सुखविहारको लागि पनि हुन्छ र स्मृतिसम्प्रजन्यताको[१] लागि पनि हुन्छ।"

१. यहाँ दुइप्रकारका क्षीणास्रवीहरू छन्—एक 'सततविहारी' अर्थात् 'नित्यविहारी' अर्को 'नो सततविहारी' अर्थात् 'नित्यविहारी नहुने'। त्यहाँ सततविहारी हुने क्षीणास्रवीले चाहिं जुनसुकै काममा व्यस्त

Downloaded from http://www.dhamma.digital

## तथागत मार्गदेशक हुनुहुन्छ

यस्तो भन्नुहुँदा, गणक मोग्गल्लान ब्राह्मणले भगवान्सँग यस्तो सोधे—

"के त, तपाइ गौतमका श्रावकहरूले तपाइ गौतमले यसरी अतिबुद्धि दिनुहुँदा, यसरी अनुशासन गर्नुहुँदा ती सबैले अत्यन्त निष्ठावान् भएको निर्वाणको आराधना गर्छन् के ? अथवा केहीले गर्दैनन्[1] ?"

---

भएता पनि फलसमापत्ति ध्यानमा बस्न सक्छ। सततविहारी नहुनेले चाहिं थोरै काममा अलमल भएता पनि फलसमापत्ति-ध्यानमा बस्न सक्दैन।

**उदाहरण कथा**—एक अरहन्त स्थविर एक अरहन्त श्रामणेरलाई लिएर अरण्यायतनमा गए। स्थविरलाई बस्ने ठाउँ प्राप्त भयो तर श्रामणेरलाई भएन। श्रामणेरको चिन्ताले गर्दा स्थविरले एकदिन पनि फलसमापत्ति ध्यानमा बस्न सकेनन्। श्रामणेर चाहिं तीनै महीनासम्म फलसमापत्ति ध्यानमै बसे। अनि श्रामणेरले स्थविरसँग 'भन्ते ! अरण्यवास कुशल छ के ?' भनी सोध्दा स्थविरले 'छैन' भनी उत्तर दिए। यस्ता अरहन्तहरूको लागि यहाँ स्मृतिजन्यको कुरा स्मरण दिलाएको हो भनी पपं. सू. IV. पृ. ४८: गणकमोग्गल्लानसुत्तवण्णनाले उल्लेख गरेको छ।

१. भनाइको तात्पर्य तपाइका सबै शिष्यहरूले निर्वाण साक्षात्कार गर्छन् कि गर्दैनन् भनी सोधिएको हो।

Downloaded from http://www.dhamma.digital

ब्राह्मण ! यसरी मैले अतिबुद्धिदिंदा, यसरी अनुशासन गर्दा मेरा श्रावकहरूमध्येमा केहीले अत्यन्त निष्ठावान् भएको निर्वाणको आराधना गर्छन्, केहीले गर्दैनन् ।"

"भो गौतम ! के हेतु, के प्रत्यय हो त जोकि निर्वाण भइकन पनि, निर्वाणगामिनी मार्ग भइकन पनि, ग्रहण गराउने तपाइ गौतम भइकन पनि—तपाइ गौतमका श्रावकहरूलाई तपाइ गौतमले यसरी अतिबुद्धि दिंदा पनि, यसरी अनुशासन गर्दा पनि—केहीले मात्र अत्यन्त निष्ठावान् भएको निर्वाणको आराधना गर्छन्, केहीले आराधना गर्दैनन् ?"

## राजगृह जाने बाटो

"ब्राह्मण ! त्यसोभए, म तिमीसँग सोध्नेछु । जस्तो तिमीलाई लाग्छ त्यस्तै बताऊ । ब्राह्मण ! के त, राजगृह जाने मार्गज्ञान सम्बन्धमा तिमी कुशलछौ ?"

"भो ! छु, म राजगृह जाने मार्गज्ञान सम्बन्धमा कुशल छु ।"

"ब्राह्मण ! भनौंकि यहाँ राजगृह जान चाह्ने एक पुरुष आउँछ । उ तिमीकहाँ आई यस्तो भन्दछ—'भन्ते ! म राजगृह जान चाहन्छु, मलाई तपाइले राजगृह जाने बाटो बताइदिनु होस् ।" अनि उसलाई तिमी यस्तो भन्दछौ—'हे पुरुष ! अमुक बाटो राजगृहतिर जान्छ । त्यो बाटोबाट केही छिन् जाऊ, त्यस बाटोबाट केही छिन्

Downloaded from http://www.dhamma.digital

गइसकेपछि फलाना नाउँको गाउँ देख्नेछौ; त्यसबाट केही छिन् गएपछि फलाना नाउँको अर्को गाउँ देख्नेछौ; त्यसबाट पनि केही छिन् जाऊ, त्यसबाट केही छिन् गइसकेपछि राजगृहका रमणीय आरामहरू (बगैंचाहरू), रमणीय वनहरू, रमणीय भूमिभागहरू तथा रमणीय पोखरीहरू देख्नेछौ ।' तिमीले यसरी अतिबुद्धि दिएको, यसरी अनुशासन गरेको सो पुरुष गलत बाटो लिएर अर्कैतिर पुग्छ । फेरि राजगृह जान चाहने अर्को पुरुष आउँछ । उ तिमीकहाँ आई यस्तो भन्दछ – 'भन्ते ! म राजगृह जान चाहन्छु, मलाई तपाइले राजगृह जाने बाटो बताइ दिनुहोस् ।' अनि उसलाई तिमी यस्तो भन्दछौ—'हे पुरुष ! अमुक बाटो राजगृहतिर जान्छ । त्यो बाटोबाट केही छिन् जाऊ, त्यस बाटोबाट केही छिन् गइसकेपछि फलाना नाउँको गाउँ देख्नेछौ; त्यसबाट केही छिन् जाऊ, त्यसबाट केही छिन् गइसकेपछि राजगृहका रमणीय-आरामहरू (=बगैंचाहरू), रमणीय वनहरू, रमणीय भूमिभागहरू तथा रमणीय पोखरीहरू देख्नेछौ ।' तिमीले यसरी अतिबुद्धि दिएको, यसरी अनुशासन गरेको सो पुरुष कुशलपूर्वक राजगृह पुग्छ । ब्राह्मण ! के हेतु, के प्रत्यय हो त जो कि राजगृह भइकन पनि, राजगृह जाने बाटो भइकन पनि, बाटो देखाउने तिमी भइकन पनि; तिमीले यसरी अतिबुद्धि दिंदा पनि, यसरी अनुशासन गर्दा पनि एक पुरुष गलत बाटो लिएर अर्कैतिर पुग्छ, अर्को पुरुष कुशलपूर्वक राजगृह पुग्छ; यस सम्बन्धमा तिमी के भन्छौ त ?"

"भो गौतम ! यहाँ म के गरूँ र ? मत मार्गदेशक मात्र हुँ, भो गौतम !"

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यस्तैगरी, निर्वाण भइकन पनि, निर्वाण गामिनी मार्ग भइकन पनि, ग्रहण गराउने म भइकन पनि; यसरी अतिबुद्धि दिंदा पनि, यसरी अनुशासन गर्दा पनि मेरा श्रावकहरूमध्येमा केहीले मात्र अत्यन्त निष्ठावान् भएको निर्वाणको आराधना गर्छन्, केहीले गर्दैनन्। ब्राह्मण ! यहाँ म के गरूँ ? तथागत त मार्गदेशक मात्र हुन्।"

## गणक मोग्गल्लानको प्रसन्नता

यस्तो भन्नुहुँदा, गणक मोग्गल्लान (=गणक मौद्गल्यायन) ब्राह्मणले भगवान्‌लाई यस्तो भने—

"भो गौतम ! (क) जो यी पुद्गलहरू अश्रद्धापूर्वक जीविकाको-निमित्त घरबारछाडी प्रव्रजित भए, जो यी सठी, मायावी, छली, घमण्डी, अहंकारी, चपल, मुखर र निरर्थक कुरागर्ने हुन्; जो यी इन्द्रिय असंयमी भोजनमा मात्राज्ञान नहुने, जाग्रततामा तत्पर नरहने, श्रमणधर्ममा अपेक्षा नराख्ने, शिक्षामा तीव्रगौरव नराख्ने, बहुभण्डिक, शिथिल स्वभावका, नीवरणमा अग्रगामी, समाधिबाट विमुख भएका, वीर्यहीन, अनुद्योगी, विस्मृत भएका, होस नभएका, चित्तस्थिर नभएका, विभ्रान्त चित्त भएका, प्रज्ञाहीन तथा बहिरा लाटा हुन्– तिनीहरूसँग तपाइ गौतम साथमा बस्नुहुन्न। (ख) जो ती कुलपुत्रहरू श्रद्धापूर्वक घरबार छाडी प्रव्रजित भए, जो ती असठी, अमायावी, अ-छली, अ-घमण्डी, निरहंकारी, अचपल, अ-मुखर र निरर्थक कुरा नगर्ने हुन्; जो ती इन्द्रिय संयमी, भोजनमा मात्राज्ञान हुने, जाग्रततामा तत्पर रहने, श्रमण धर्ममा अपेक्षा

Downloaded from http://www.dhamma.digital

राख्ने, शिक्षामा तीव्रगौरव राख्ने, बहुभण्डिक नहुने, शिथिल स्वभाव नभएका, नीवरणमा अग्रगामी नहुने, समाधिमा पूर्वगामी, वीर्यवान्, उद्यमी, स्मृतिमान्, होसराख्ने, चित्तस्थिर भएका, एकाग्र चित्त हुने, प्रज्ञावान् तथा बहिरा लाटा नभएका हुन्—तिनीहरूसँग तपाइ गौतम साथमा बस्नुहुन्छ[१]।

"भो गौतम! जस्तै—जे जति मूलगन्धहरू (=जरामा हुने गन्धहरू) छन्—तीमध्ये कालानुसारीको गन्ध सर्वश्रेष्ठ छ; जे जति सारगन्धहरू (काठका गन्धहरू) छन्—तीमध्ये रक्तचन्दनको गन्ध सर्वश्रेष्ठ छ; जे जति पुष्पगन्धहरू छन्—तीमध्ये वस्सिक (=जूही) को गन्ध सर्वश्रेष्ठ छ। त्यस्तैगरी आजका धर्महरूमध्येमा[२] तपाइ गौतमको अर्तिबुद्धि (=धर्म) नै सर्वश्रेष्ठ छ।

---

१. जब भगवान्ले माथि 'केहीले निर्वाणको आराधना गर्छन् केहीले गर्दैनन्' भनी भन्नु भएको सुने तब गणक मोग्गलानले यसको कारण के हुन सक्ला भनी सोचेका थिए। अनि उनलाई यही कारण हुनसक्छ भन्ने लागेर उनले यी कुराहरू भनेका हुन् भनी पपं. सू. IV. पृ. ४८–४९ ले उल्लेख गरेको छ।

२. भनाइको मतलब छ-आचार्यहरूले आजकल बताउने धर्महरूभन्दा अथवा अर्तिबुद्धिभन्दा तपाइले बताउनु भएको अर्तिबुद्धि तथा धर्म नै श्रेष्ठ छ भनिएको हो भनी पपं. सू. IV. पृ. ४९: गणकमोग्गल्लानसुत्तवण्णनाले लेखेको छ।

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! धन्यहो, भो गौतम !! धन्यहो; भो गौतम ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाईदिंदा वा अन्धकारमा तेलको दियो राखिदिंदा आँखा हुनेले रूप देखिने हो—त्यस्तैगरी तपाइ गौतमले मलाई अनेक-पर्यायले धर्म प्रकाश पारिदिनु भयो। अब म तपाइ गौतमको शरणमा पर्दछु तथा धर्म र सङ्घको पनि। आजदेखि तपाइ गौतमले जीवनभर शरणमा आएको उपासक हो भनी मलाई स्वीकार गर्नुहोस्।"

Downloaded from http://www.dhamma.digital

# ७. गोपक मोग्गल्लान ब्राह्मण

## परिचय

गोपक मोग्गल्लान (=गोपक मौद्गल्यायन) ब्राह्मण एक उच्च ओहदामा रहेका अजातशत्रु राजाका सेनापति थिए। यिनी अजातशत्रु राजाका प्यारा र राजभक्त थिए[1]।

भगवान्को परिनिर्वाण भएपछि एक दिन राजगृहको प्रतिसंस्करण गरिरहेको वेलामा आनन्द महास्थविरले यिनीसँग भेट गर्नुभएको थियो र त्यसवखत ब्राह्मणले वहाँसँग प्रश्न सोधेका थिए। जसको उत्तर आनन्द महास्थविरले दिनुभयो। ती कुराहरू अगाडिको अनुदित गोपकमोग्गल्लानसूत्रमा समावेश भएका छन्।

गोपक मोग्गल्लान ब्राह्मण र आनन्द महास्थविरका बीच कुरा भइरहेको वेलामा मगधमहामात्य वर्षकार ब्राह्मण पनि त्यहाँ आइपुगेका थिए र यिनले पनि आनन्द महास्थविरसँग अनेक प्रश्नहरू सोधे र आनन्द महास्थविरले जवाफ दिनुभयो। यी सबै कुराहरू

१. पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

अगाडिको मूल सूत्रबाटै स्पष्ट भएका हुँदा यहाँ लम्ब्याएर केही नलेखेको हुँ ।

मगधमहामात्य वर्षकार ब्राह्मणसँग भएका छलफलका कुराहरू सुनेर गोपक मोग्गल्लान ब्राह्मणको मनमा ईर्ष्या लागेको कुरा सूत्रको अन्तबाट बुझिन्छ । खास कुराहरू जम्मै मूल सूत्रबाटै प्रष्ट भएका छन् ।

एक दिन गोपक मोग्गल्लान ब्राह्मणले आनन्द महास्थविर-सँग "तपाइ बुद्धशासनमा प्रसिद्ध तथा बहुश्रुत हुनुहुन्छ; तपाइले बुद्ध भाषित कति धर्महरू जान्नुहुन्छ?" भनी सोध्दा आनन्द महास्थविरले थेरगाथा पालिमा यसरी उत्तरदिनु भएको छ भनी थेरगाथा अट्ठ-कथाले[1] उल्लेख गरेको छ ।

"द्वासीति बुद्धतो गण्हिं, द्वे सहस्सानि भिक्खुतो ।
चतुरासीतिसहस्सानि, ये मे धम्मा पवत्तिनो[2] ।।"

**अर्थ**—

"बयासीहजार धर्मस्कन्धहरू बुद्धबाट ग्रहणगरेको छु, धर्मसेनापति सारिपुत्र महास्थविर लगायत भिक्षुसङ्घबाट दुइहजार धर्मस्कन्धहरू ग्रहण गरेको छु र जम्मा चौरासीहजार (८४,०००) धर्मस्कन्धहरू मैले राम्ररी परिभाविता गरेको छु ।"

× × ×

१. II. पृ. १३०: आनन्दत्थेरगाथावण्णना ।

२. थेर. गा. पा. पृ. ३६९: आनन्दत्थेरगाथा, गा. नं. १०२७.

Downloaded from http://www.dhamma.digital

## गोपक नामका व्यक्तिहरू

(१) गोपक (भिक्षु)—यी ती भिक्षु हुन् जो पाटलिपुत्र-स्थित कुक्कुटाराममा आयुष्मान् नीलवासी, आयुष्मान् साणवासी, आयुष्मान् भगु र आयुष्मान् फलिकसन्दहरूका साथ बसेका थिए। महा. व. पा. पृ. ३१५: सङ्घिकचीवरुप्पादानकथा।

(२) गोपक (राजा)—यी ती गोपक हुन् जो सिद्धार्थ बुद्धको पालामा राजा थिए र जसले सिद्धार्थ बुद्धलाई कणवेर फूल चढाएका थिए। अप. दा. पा. I. पृ. २१५: कणवेरपुप्फियत्थेरअपदानं।

(३) गोपक (देवपुत्र) - यी ती देवपुत्र हुन् जो पहिलो जन्ममा कपिलवस्तुमा गोपिका भन्ने शाक्यपुत्री थिइन्। यिनी बुद्ध धर्ममा प्रसन्ना थिइन्। दी. नि. II पृ. २०२: सक्कपञ्हसुत्तं।

(४) गोपक (मोग्गल्लानसुत्तं)— यस सूत्रमा गोपक मोग्गल्लान र आनन्द महास्थविरका बीच भएका छलफलका कुराहरू छन्। यो आनन्द महास्थविर देशित सूत्र हो। म. नि. III. पृ. ६८; यसको अनुवाद अगाडि छ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–अनुत्पन्न मार्गलाई उत्पादन गर्ने बुद्ध

यस्तो मैले सुनें[१] ।

एक समय आयुष्मान् आनन्द,—भगवान् परिनिर्वाण भएर चिरकाल नबित्दै[२] राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बस्नुभएको थियो । त्यस समय वैदेहीपुत्र मगधराजा अजातशत्रु, राजा प्रद्योत प्रति आशंका गरी[३] राजगृहको प्रति संस्करण गरिरहेका

१. म. नि. III. पृ. ६८: गोपकमोग्गल्लानसुत्तं, अ. क. IV. पृ. ४९.

२. भगवान् बुद्ध परिनिर्वाण भएर धातु संविभाजन पनि गरिसकेपछि धर्मसंगायना गर्नकोनिमित्त राजगृहमा आइरहनु भएको वेलामा । पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना ।

३. चन्द्रप्रदचोत राजा विम्बिसार राजाका साथी थिए । बिम्बिसार राजाले जीवक वैदयलाई पठाई औषधी गराइदिएदेखि चन्द्रप्रदचोत राजा बिम्बिसार राजाका अति विश्वासी भएका थिए । जब 'देवदत्तको कुमन्त्रणा सुनी अजातशत्रुले आफ्ना पिता बिम्बिसारलाई हत्या गरे' भन्ने कुरा सुने तब एकदिन प्रदचोत राजाले एक

Downloaded from http://www.dhamma.digital

थिए। अनि आयुष्मान् आनन्द पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी राजगृहमा भिक्षाटनार्थ जानुभयो। अनि त्यसबेला आयुष्मान् आनन्दलाई यस्तो लाग्यो—"राजगृहमा भिक्षाटनार्थ जानकोनिमित्त अझै समय छ। अतः किन म (त्यतिजेल्सम्म) गोपक मोग्गल्लान (= गोपक मौद्गल्यायन) ब्राह्मणको कर्मान्तमा[1] (= काम

---

राजपरिषद्मा 'यी अजातशत्रुले मेरा प्रिय साथी बिम्बिसार राजालाई हत्या गरी राज्य चलाउँछु भन्ने ठान्दछन्। किन्तु उनलाई मेरा साथीका साथी म रहेको कुरा जनाउने छु' भनी भनेका थिए। यो कुरा सुनेर अजातशत्रुको मनमा प्रदचोत राजामाथि आशंका उठेको थियो। त्यसैले सूत्रमा 'प्रदचोत प्रति आशंका गरी' भनी उल्लेख भएको हो भनी पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णनाले लेखेको छ।

(चन्द्रप्रदचोत राजाको सम्बन्धमा केही कुराहरू लेखकको बु. गृ. भा–१, पृ. ३६७ र बु. रा. भा–१, पृ. ९, ४२२, ४२३ तथा ४२५ मा हेर्नू।)

१. नगर प्रतिसंस्करण गराउनको लागि नगर बाहिर काम गराइरहेको ठाउँमा। पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

गरिरहेको ठाउँमा), जहाँ गोपक मोग्गल्लान छन् त्यहाँ नजाऊँ[१]।"

अनि आयुष्मान् आनन्द जहाँ गोपक मोग्गल्लान ब्राह्मणको कर्मान्त हो, जहाँ गोपक मोग्गल्लान ब्राह्मण थिए त्यहाँ जानुभयो। अनि गोपक मोग्गल्लान ब्राह्मणले आयुष्मान् आनन्दलाई टाढैदेखि आइरहनु भएको देखे। देखेपछि आयुष्मान् आनन्दसँग यस्तो भने—

"आउनुहोस् तपाइ आनन्द! तपाइ आनन्दको स्वागत छ। धेरै समयपछि तपाइ आनन्दले यहाँ आउने काम गर्नुभयो। बस्नुहोस् तपाइ आनन्द, यहाँ आसन बिच्छ्याइ राखेको छ।"

आयुष्मान आनन्द पनि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। गोपक मोग्गल्लान ब्राह्मण पनि एक होचो आसनलिई एक छेउमा बसे। एक छेउमा बसेका गोपक मोग्गल्लान ब्राह्मणले आयुष्मान् आनन्दसँग यस्तो भने—

"भो आनन्द! जुन धर्महरूले युक्त भई वहाँ आदरणीय गौतम, अरहन्त सम्यक् सम्बुद्ध हुनुभएको थियो — ती सबैकासबै (सब्बेनसब्बं)

१. हामीहरू धर्मसंगायना गर्नकोनिमित्त राजगृहमा आएका छौं। यी ब्राह्मण महाप्रभावशाली तथा अजातशत्रु राजाका वल्लभ (=प्यारा) हुन्। यिनको संग्रह गरेमा वेणुवनको आरक्षा राम्ररी हुनसक्छ भन्ने लागेर आयुष्मान् आनन्द उनकहाँ जानुभएको हो भनी पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

धर्महरूका आकारहरूले, सबैकासबै अङ्गहरूले (सब्बथासब्बं) युक्त हुने कुनै एक भिक्षु (तपाइहरूमा) छ के ?"

"ब्राह्मण ! छैन। ती सबैकासबै धर्महरूका आकारहरूले, सबैकासबै अङ्गहरूले युक्त हुने कुनै एक भिक्षु (हामीहरूमा) छैन— जुन धर्महरूले युक्त भएर वहाँ भगवान्, अरहन्त सम्यक् सम्बुद्ध हुनु भएको थियो। ब्राह्मण ! वहाँ भगवान् अनुत्पन्न मार्गको उत्पादक हुनुहुन्छ, अज्ञात बाटोलाई ज्ञात गराइदिने हुनुहुन्छ, नबताइएको बाटो-लाई बताइदिने हुनुहुन्छ, वहाँ भगवान् मार्गज्ञ, मार्गविद् तथा मार्ग-कोविद हुनुहुन्छ। पछि सम्मिलित भएका (हामी) श्रावकहरू (=शिष्यहरू) सोही मार्गमा अनुगमन गर्नेभई अहिले (हामीहरू) विहार गर्दछौं।"

## वर्षकार ब्राह्मण आनन्दसँग

आयुष्मान् आनन्द र गोपक मोग्गल्लान ब्राह्मणको बीचमा यही कुराकानी भइरहेको थियो। यसै वखत मगधमहामात्य वर्षकार (वस्सकार) ब्राह्मण राजगृहको कर्मान्तमा कामकाज निरीक्षण गरी जहाँ गोपक मोग्गल्लान ब्राह्मणको कर्मान्त हो, जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ पुग्नगए। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दसँग कुशल-वार्ता गरे। कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका मगधमहामात्य वर्षकार ब्राह्मणले आयुष्मान् आनन्दसँग यस्तो भने—

Downloaded from http://www.dhamma.digital

"भो आनन्द ! यहाँ, अहिले के कुरा गरेर बसिरहनु भएको हो ? तपाइहरूका बीचमा के कुरा चलिरहेको थियो ?"

"ब्राह्मण ! यहाँ, गोपक मोग्गल्लान ब्राह्मणले मलाई यस्तो भने—'भो आनन्द ! जुन धर्महरूले युक्त भई वहाँ आदरणीय गौतम, अरहन्त सम्यक् सम्बुद्ध हुनुभएको थियो—ती सबैकासबै धर्महरूका आकारहरूले, सबैकासबै अङ्गहरूले युक्त हुने कुनै एक भिक्षु छके ?' ब्राह्मण ! यस्तोभन्दा, मैले गोपक मोग्गल्लान ब्राह्मणलाई यस्तो भनें—'ब्राह्मण ! छैन । ती सबैकासबै धर्महरूका आकारहरूले, सबैकासबै अङ्गहरूले युक्त हुने कुनै एक भिक्षु छैन—जुन धर्महरूले युक्त भएर वहाँ भगवान्, अरहन्त सम्यक् सम्बुद्ध हुनुभएको थियो । ब्राह्मण ! वहाँ भगवान् अनुत्पन्न मार्गको उत्पादक हुनुहुन्छ, अज्ञात बाटोलाई ज्ञात गराइदिने हुनुहुन्छ, नबताइएको बाटोलाई बताइदिने हुनुहुन्छ, वहाँ भगवान् मार्गज्ञ, मार्गविद् तथा मार्ग-कोविद हुनुहुन्छ । पछि सम्मिलित भएका (हामी) श्रावकहरू सोही मार्गमा अनुगमन गर्ने भई अहिले (हामीहरू) विहार गर्दछौं ।' ब्राह्मण ! गोपक मोग्गल्लान ब्राह्मणसँग यही कुरा भइरहेको थियो । अनि तपाइ आइपुग्नु भयो ।"

## परिनिर्वाणपछिको प्रतिशरण नै धर्म हो

(१) "भो आनन्द ! वहाँ भगवान्ले—'म बितेपछि यो भिक्षु तिमीहरूको प्रतिशरण (=आश्रयदाता) हुनेछ' भनी कुनै एक

Downloaded from http://www.dhamma.digital

भिक्षुलाई स्थापना गर्नुभएको छ के ? जसको प्रतिपादन अहिले तपाइहरू गर्नुहुन्छ ।"

"ब्राह्मण ! जान्नुहुने, देख्नुहुने वहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धले—'म बितेपछि यो भिक्षु तिमीहरूको प्रतिशरण हुने छ' भनी कुनै एक भिक्षुलाई स्थापना गर्नुभएको छैन—जसको प्रतिपादन अहिले हामीहरू गरौं ।"

(२) "भो आनन्द ! 'भगवान् बितेपछि यो भिक्षु हामीहरूको प्रतिशरण हुने छ' भनी सङ्घले सम्मत गरेको, अधिकतर स्थविर भिक्षुहरूले स्थापना गरेको कुनै एक भिक्षु छ के ? जसको प्रतिपादन अहिले तपाइहरू गर्नुहुन्छ ।"

"ब्राह्मण ! 'भगवान् बितेपछि यो भिक्षु हामीहरूको प्रतिशरण हुने छ' भनी सङ्घले सम्मत गरेको, अधिकतर स्थविर भिक्षुहरूले स्थापना गरेको कुनै एक भिक्षु छैन – जसको प्रतिपादन अहिले हामीहरू गरौं ।

(३) "भो आनन्द ! यसरी अ-प्रतिशरण भइकन पनि (तपाइहरूको) मेलमिलापको[1] (=सामग्गिया) के हेतु, के प्रत्यय हो ?"

---

१. गौतम बुद्धको पालामा छ तीर्थीय आचार्यहरू पनि थिए । (हेर लेखकको बु. प. भा–१, पृ. ३ देखि ३४५) यी छ आचार्यहरू बुद्ध परिनिर्वाण हुनुभन्दा अगावै देहान्त भइसकेका थिए । यिनीहरूको देहान्तपछि यिनीहरूका शिष्यहरूका बीचमा झगडा, कलह,

Downloaded from http://www.dhamma.digital

**"ब्राह्मण ! हामी अ-प्रतिशरण छैनौं, ब्राह्मण ! हामी स-प्रतिशरण नै छौं, धर्म-प्रतिशरण छौं[1] ।"**

---

विवाद पैदा भएको थियो । बुद्धको परिनिर्वाणपछि बुद्धका शिष्यहरूका बीचमा पनि झगडा, कलह, विवाद पैदा हुन सक्छ भन्ने कुरा त्यसताकाका जम्बुद्वीपमा ब्यापकरूपले हल्ला फैलिइरहेको थियो । किन्तु बुद्धपरिनिर्वाण भएपछि वहाँका शिष्यहरूका बीचमा त्यस्तो कुनै घटना घटेको थिएन । सबैमा मेलमिलाप थियो । सबै मेलमिलापसँग बसिरहेका थिए । यो कारण देखेर वर्षकार ब्राह्मण आश्चर्य भएका थिए । त्यसैले यसको कारण सोध्दै सूत्रमा 'मेलमिलापको के हेतु, के प्रत्यय हो ?' भनी वर्षकार ब्राह्मणले सोधेका हुन् भनी पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्त-वण्णनाले बताएको छ ।

(अन्य आचार्यहरूको देहान्त भएपछि झगडा, वादविवाद भएका कुराहरू बुझ्न लेखकको बु. प. भा–१, पृ. १७०, ३०० र मेलमिलाप हुनाको कारणहरूको बारेमा पनि उहीं पृ. ३०१ देखि ३२३ सम्म र म. नि. III. पृ. ३८ देखि ४५ सम्म सामगामसुत्तंमा हेर्नू ।)

१. यस सम्बन्धमा भगवान् बुद्धले महापरिनिब्बानसुत्तको पृ. ८० मा "तस्मातिहानन्द, अत्तदीपा विहरथ अत्तसरणा अनञ्ञसरणा, धम्मदीपा धम्मसरणा अनञ्ञसरणा" अर्थात्– "त्यसैले, आनन्द !

Downloaded from http://www.dhamma.digital

**(४) "(१) भो आनन्द! वहाँ भगवान्‌ले 'म बितेपछि यो भिक्षु तिमीहरूको प्रतिशरण हुने छ' भनी कुनै एक भिक्षुलाई स्थापना गर्नुभएको छ के ? जसको प्रतिपादन अहिले तपाइहरू गर्नुहुन्छ ।' भनी सोध्दा—'ब्राह्मण ! जान्नुहुने, देख्नुहुने वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले 'म बितेपछि यो भिक्षु तिमीहरूको प्रतिशरण हुने छ' भनी कुनै एक भिक्षुलाई स्थापना गर्नुभएको छैन– जसको प्रतिपादन अहिले हामीहरू गरौं' भनी भन्नुहुन्छ। (२) 'भो आनन्द! 'भगवान् बितेपछि यो भिक्षु हामीहरूको प्रतिशरण हुने छ' भनी सङ्घले सम्मत गरेको, अधिकतर स्थविर भिक्षुहरूले स्थापना गरेको कुनै एक भिक्षु छ के ?**

---

अर्काको शरणमा नपरेर आफ्नै शरणमा पर र आत्मद्वीप बनी विहार गर, धर्मद्वीप, धर्मशरण अनन्यशरण भई बस" भनी भन्नु भएको छ। त्यस्तैगरी उसै सूत्रमा (पृ. ११८) यस्तो पनि भन्नु-भएको छ—"सिया खो पनानन्द ! तुम्हाकं एवमस्स—'अतीतसत्थुकं पावचनं। नत्थि नो सत्था'ती। 'न' खो पनेतं, आनन्द ! एवं दट्ठब्बं। यो वो, आनन्द ! मया धम्मो च विनयो च देसितो, सो वो ममच्चयेन सत्था" अर्थात्—"आनन्द ! शायद तिमीहरूको मनमा यस्तो लाग्न सक्छ कि 'यो बितिसकेको शास्ताको प्रवचन हो। अब हामीहरूका शास्ता छैनन्।' आनन्द ! यसरी हेर्नु पर्दैन। आनन्द ! जो मैले तिमीहरूलाई धर्म र विनय देशना गरेको छु, सोही नै म बितिसकेपछि तिमीहरूको शास्ता हुनेछ।" दी. नि. II. पृ. ११८: महापरिनिब्बानसुत्तं, अ. क. I. पृ. ११४.

Downloaded from http://www.dhamma.digital

जसको प्रतिपादन अहिले तपाइहरू गर्नुहुन्छ' भनी सोध्दा—'ब्राह्मण ! 'भगवान् बितेपछि यो भिक्षु हामीहरूको प्रतिशरण हुने छ' भनी सङ्घले सम्मत गरेको, अधिकतर स्थविर भिक्षुहरूले स्थापना गरेको कुनै एक भिक्षु छैन— जसको प्रतिपादन अहिले हामीहरू गरौं' भनी भन्नुहुन्छ। (३) 'भो आनन्द ! यसरी अ-प्रतिशरण भइकन पनि (तपाइहरूको) मेलामिलापको के हेतु, के प्रत्यय हो ? भनी सोध्दा—'ब्राह्मण ! हामी अ-प्रतिशरण छैनौं, ब्राह्मण ! हामी स-प्रतिशरण नै छौं, धर्म-प्रतिशरण छौं' भनी भन्नुहुन्छ। भो आनन्द ! यस कुराको अर्थ कसरी बुझ्ने ?"

"ब्राह्मण ! जान्नुहुने, देख्नुहुने वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले भिक्षुहरूलाई शिक्षापद प्रज्ञापित गर्नुभएको छ, प्रातिमोक्ष[1] सिकाइदिनु भएको छ। अनि हामीहरू उपोसथको दिनमा—जति भिक्षुहरू एकै गाउँ क्षेत्रमा बसेका हुन्छौं ती हामी सबै एकै ठाउँमा एकत्रित हुन्छौं। एकै ठाउँमा एकत्रित भई जो (भिक्षु प्रातिमोक्ष-उद्देशण गर्नमा) प्रगुण छ उसँग (हामीहरूले प्रातिमोक्ष) पढेर सुनाउनको-निमित्त प्रार्थना गर्छौं (यस्स तं पवत्तति तं अज्झेसाम)। (प्रातिमोक्ष) पढेर सुनाउँदा यदि कुनै भिक्षुलाई आपत्ति (= दोष) लागेको छ र (प्रातिमोक्षको) व्यतिक्रमण गरेको छ भन्ने लागेमा—धर्मतापूर्वक तथा बुद्धले निर्देशन दिनुभए अनुसार (यथानुसिट्ठं) हामी त्यसको प्रतिकार

१. प्रातिमोक्ष भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. श्रावि. भा–१, पृ. २७५ मा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

गर्छौं[१]। परन्तु वहाँहरूले हामीलाई (प्रतिकार) गराउनुहुन्न, धर्मले गराउँछ।"

(५) "भो आनन्द ! अहिले कुनै एक भिक्षु छ के ? जसको तपाइहरू सत्कार, गौरव, मान र पूजा गर्नुहुन्छ; सत्कार र गौरव राखी उपनिश्रयलिई बस्नुहुन्छ।"

"ब्राह्मण ! अहिले कुनै एक भिक्षु छैन जसको हामीहरू सत्कार, गौरव, मान र पूजा गरौं; सत्कार र गौरव राखी उपनिश्रयलिई बसौं।"

(६) "(१) भो आनन्द ! वहाँ भगवान्ले 'म बितेपछि यो भिक्षु तिमीहरूको प्रतिशरण हुने छ' भनी कुनै एक भिक्षुलाई स्थापना गर्नुभएको छ के ?...' भनी सोध्दा—'ब्राह्मण !...कुनै एक भिक्षुलाई स्थापना गर्नुभएको छैन...' भनी भन्नु हुन्छ। (२) 'भो आनन्द ! 'भगवान् बितेपछि यो भिक्षु हामीहरूको प्रतिशरण हुने छ' भनी सङ्घले सम्मत गरेको, अधिकतर स्थविर भिक्षुहरूले स्थापना गरेको कुनै एक भिक्षु छ के ?...' भनी सोध्दा— 'ब्राह्मण !...कुनै एक भिक्षु छैन...' भनी भन्नुहुन्छ। (३) 'भो आनन्द ! अहिले कुनै एक भिक्षु छ के ? जसको तपाइहरू सत्कार, गौरव, मान र पूजा गर्नुहुन्छ; सत्कार र गौरव

१. यस सम्बन्धमा बुद्धले कस्तो निर्देशन दिनु भएको छ भन्ने कुरा म. नि. III. पृ. ३९ देखि ४४ सम्म सामगामसुत्तमा उल्लेख भएको पाइन्छ।

Downloaded from http://www.dhamma.digital

गरी उपनिश्रयलिई बस्नुहुन्छ ।' भनी सोध्दा—'ब्राह्मण ! अहिले कुनै एक भिक्षु छैन जसको हामीहरू सत्कार, गौरव, मान र पूजा गरौं, सत्कार र गौरव राखी उपनिश्रय लिई बसौं, भनी भन्नुहुन्छ । भो आनन्द ! यस कुराको अर्थ कसरी बुझ्ने ?"

"ब्राह्मण ! जान्नुहुने, देख्नुहुने वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले दश-प्रसादनीय (=श्रद्धा उत्पन्न गराउने) धर्महरूलाई (=गुणहरू) बताउनु भएको छ । जसमा यी धर्महरू विद्यमान् छन् वहाँलाई अहिले हामीहरू सत्कार गर्दछौं, गौरव गर्दछौं मान गर्दछौं र पूजा गर्दछौं; सत्कार गरी गौरव गरी उपनिश्रय लिई बस्दछौं । ती दश धर्महरू के के हुन् भने—

## दश-प्रसादनीय धर्महरू

(१) "ब्राह्मण ! यहाँ भिक्षु, शीलवान् हुन्छ—प्रातिमोक्ष संवरले संयमी भई, आचार-गोचरले सम्पन्न भई, अणुमात्र दोषमा पनि भयदर्शी भई—शिक्षापदहरूमा शिक्षित हुन्छ ।

(२) "बहुश्रुत, श्रुतधर, श्रुतसंचयी हुन्छ—जो ती धर्महरू आदिकल्याण मध्यकल्याण पर्यवशानकल्याण हुन्; सार्थक, सब्यञ्जन, केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको (=विशुद्ध धर्मको) प्रशंसा गरिन्छ त्यस्ता धर्महरू धेरै सुनेको हुन्छ, मनमा धारण गरेको हुन्छ, वचनमा

Downloaded from http://www.dhamma.digital

परिचित हुन्छ, मनले देखेको हुन्छ, दृष्टिद्वारा (दर्शनद्वारा) सु-प्रतिविद्ध (=सु-विदित) गरेको हुन्छ (राम्ररी प्रत्यक्षीकरण गरेको हुन्छ)।

(३) "(उपलब्ध) चीवर, पिण्डपात्र, शयनासन, ग्लान-प्रत्यय भैषज्य परिष्कारहरूमा सन्तुष्ट हुन्छ।

(४) "इच्छानुसार, निरायासपूर्वक अवसरगरी चारै वटा ध्यानहरू लाभी हुन्छ, चित्तविशुद्ध पारी (=आभिचेतसिकं) यसै जीवनमा सुख विहारी हुन्छ।

(५) "अनेकविध ऋद्धिविध ज्ञानको प्रत्यनुभव गर्छ—एक भइकन पनि बहुविध हुन्छ, बहुविध भइकन पनि एक हुन्छ; प्रकट पनि हुन्छ लोप पनि हुन्छ; भित्ता-परखाल-पर्वतमा नछोइकन आकाशमा गए झैं जान्छ; पानीमा डुब्की लगाएको जस्तैगरी पृथ्वीमा डुब्की पनि लगाउँछ, माथि पनि आउँछ; पृथ्वीमा हिंडे जस्तैगरी पानीमा पनि पानीले नभिज्नेगरी हिंड्छ; पक्षि झैं आकाशमा पनि पलेटिमारी जान्छ; यस्तोबिघ्न महान तेजस्वी, महापराक्रमी चन्द्र सूर्यलाई पनि हातले परामर्श गर्छ, परिमार्जन गर्छ; ब्रह्मलोकसम्मलाई पनि आफ्नो शरीर-द्वारा वशमा राख्छ।

(६) "टाढाको पनि नजिकको पनि, दिव्यशब्द पनि मनुष्यशब्द पनि—अमानुषीय विशुद्ध दिव्य-श्रोतद्वारा सुन्दछ।

Downloaded from http://www.dhamma.digital

**(७) "परसत्वको, परपुद्गलको चित्तलाई आफ्नो चित्तले जान्दछ । सराग चित्त भए 'सराग चित्त[1]' भनी जान्दछ; वीतराग चित्त भए 'वीतराग चित्त[2]' भनी जान्दछ; सदोष चित्त भए 'सदोष**

---

१. 'सरागचित्त' भनी आठै प्रकारका लोभसहगत चित्तहरूलाई भनिएको हो । पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तवण्णना ।

यी आठ प्रकारका लोभसहगत चित्तहरू अभिधम्मत्थसङ्गह अनुसार यसप्रकार छन्--

(१) सौमनस्य सहगत दृष्टिगत सम्प्रयुक्त असंस्कारिक चित्त—
(२) सौमनस्य सहगत दृष्टिगत सम्प्रयुक्त ससंस्कारिक चित्त—
(३) सौमनस्य सहगत दृष्टिगत विप्रयुक्त असंस्कारिक चित्त—
(४) सौमनस्य सहगत दृष्टिगत विप्रयुक्त ससंस्कारिक चित्त—
(५) उपेक्षा सहगत दृष्टिगत सम्प्रयुक्त असंस्कारिक चित्त—
(६) उपेक्षा सहगत दृष्टिगत सम्प्रयुक्त ससंस्कारिक चित्त—
(७) उपेक्षा सहगत दृष्टिगत विप्रयुक्त असंस्कारिक चित्त—
(८) उपेक्षा सहगत दृष्टिगत विप्रयुक्त ससंस्कारिक चित्त—

( अभि. ध. सं. पठमोपरिच्छेदो) । )

२. 'वीतरागचित्त' भनी लौकिक कुशल र अब्याकृत चित्तहरूलाई भनिएको हो । पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तवण्णना ।

'लौकिक कुशल र अब्याकृत चित्तहरू' भनी अभि. ध. सं. (नवनति टीका पृ. ४७) तृतीयपरिच्छेदको हेतुसङ्गह अनुसार—

Downloaded from http://www.dhamma.digital

चित्त[१]' भनी जान्दछ; वीतदोष चित्त भए 'वीतदोष चित्त[२]' भनी जान्दछ; समोह चित्त भए 'समोह चित्त[३]' भनी जान्दछ; वीतमोह चित्त

---

कुशल चित्तहरू, विपाक चित्तहरू तथा क्रिया चित्तहरूलाई भनिएको हो भनी उल्लेख गरेको छ। अर्थात्—कामावचर चित्तहरू–८, कामावचर क्रिया चित्तहरू–८, तथा कामावचर विपाक चित्तहरू–८ गरी जम्मा २४; रूपावचर कुशल चित्तहरू–५, रूपावचर क्रिया चित्तहरू–५, तथा रूपावचर विपाक चित्तहरू–५ गरी जम्मा १५; अरूपावचर कुशल चित्तहरू–४, अरूपावचर क्रिया चित्तहरू–४, तथा अरूपावचर विपाक चित्तहरू–४ गरी जम्मा १२; यी सबै ५१ चित्तहरूलाई 'लौकिक कुशल र अब्याकृत चित्तहरू' भनी भनिन्छ। यस सम्बन्धी अरू विस्तृत कुराहरू अभि. ध. सं. प्रथम परिच्छेदमा हेर्नू।

१. 'सदोषचित्त' भनी दुबै दौर्मनस्य चित्तहरूलाई भनिएको हो। पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तवण्णना।

'दौर्मनस्य चित्त' भनी— (१) दौर्मनस्य सहगत प्रतिघ सम्प्रयुक्त असंस्कारिक चित्त र (२) दौर्मनस्य सहगत प्रतिघ सम्प्रयुक्त ससंस्कारिक चित्तलाई भनिएको हो।

( अभि. ध. सं. प्रथम परिच्छेदो। )

२. 'वीतदोषचित्त' भनी लौकिक कुशल र अब्याकृत चित्तहरूलाई भनिएको हो।

३. 'समोहचित्त' भनी बिशेष गरी विचिकित्सा सहगत चित्त र उद्धच्च

Downloaded from http://www.dhamma.digital

भए 'वीतमोह चित्त[१]' भनी जान्दछ, संक्षिप्त चित्त भए 'संक्षिप्त चित्त[२]' भनी जान्दछ; बिक्षिप्त चित्त भए 'विक्षिप्त चित्त[३]' भनी

---

सहगत चित्तलाई भनिएको हो । किन्तु सबै अकुशल चित्ताहरूमा साधारणतया मोहचित्त अन्तरगत हुने भएकाले सबै १२ वटा अकुशल चित्तहरूलाई पनि 'समोहचित्त' भनी भन्न सकिन्छ भनी पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

बाह्रवटा अकुशल चित्ताहरू यी हुन्—माथि 'सरागचित्त' (पृ. १९३) भनी पादटिप्पणीमा लेखिएका लोभ सहगत चित्ताहरू-८, माथि 'सदोषचित्त' भन्ने ठाउँमा लेखिएका प्रतिघ चित्ताहरू–२ तथा उपेक्षा सहगत विचिकित्सा सम्प्रयुक्त चित्त–१, उपेक्षा सहगत उद्धच्च सम्प्रयुक्त चित्त–१ समेत गरी जम्मा १२ अकुशल चित्ताहरू हुन् । ( अभि. ध. सं. प्रथम परिच्छेदो । )

१. 'वीतमोहचित्त' भनी लौकिक कुशल र अब्याकृत चित्ताहरूलाई भनिएको हो । पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तावण्णना ।

२. 'संक्षिप्तचित्त' भनी शारीरिक र मानसिक आलस्य युक्त चित्तालाई भनिएको हो । पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तावण्णना ।

३. 'विक्षिप्तचित्त' भनी उद्धच्च सहगत अर्थात् चंचलता युक्त चित्तालाई भनिएको हो । पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तावण्णना ।

Downloaded from http://www.dhamma.digital

जान्दछ; महत्‌गत चित्त भए 'महत्‌गत चित्त[१]' भनी जान्दछ; अ-महत्‌गत

---

१. 'महत्‌गतचित्त' भनी रूपावचर ५ वटा चित्ताहरू र अरूपावचर ४ वटा चित्ताहरूलाई भनिएको हो। पपं. सू. I. पृ. २५२: सतिपट्ठान-सुत्तावण्णना। पाँचवटा रूपावचर चित्ताहरू र चारवटा अरूपावचर चित्ताहरू यी हुन्—

**रूपावचर** —

(१) वितर्क विचार प्रीतिसुख एकाग्रता युक्त प्रथम ध्यानको कुशलचित्त।

(२) विचार प्रीति सुख एकाग्रता युक्त द्वितीय ध्यानको कुशलचित्त।

(३) प्रीति सुख एकाग्रता युक्त तृतीय ध्यानको कुशलचित्त।

(४) सुख एकाग्रता युक्त चतुर्थ ध्यानको कुशलचित्त।

(५) उपेक्षा एकाग्रता युक्त पञ्चम ध्यानको कुशलचित्त।

**अरूपावचर—**

(१) आकाशानन्त्यायतन कुशलचित्त।

(२) विज्ञानान्त्यायन कुशलचित्त।

(३) आकिञ्चन्यायतन कुशलचित्त।

(४) नैवसंज्ञानासंज्ञायतन कुशलचित्त।

(अभि. ध. सं. पठमोपरिच्छेदो।)

Downloaded from http://www.dhamma.digital

चित्त भए 'अ-महत्गत चित्त[१]' भनी जान्दछ; स-उत्तर चित्त भए 'स-उत्तर चित्त[२]' भनी जान्दछ; अनुत्तर चित्त भए 'अनुत्तर चित्त[३]' भनी जान्दछ; समाहित चित्त भए 'समाहित चित्त[४]' भनी जान्दछ, अ-समाहित चित्त भए 'अ-समाहित चित्त[५]' भनी जान्दछ; विमुक्त चित्त

---

१. 'अमहत्गतचित्त' भनी कामावचर चित्तलाई भनिएको हो । पपं. सू. I. पृ. २५२: (यी कामावचर चित्त भनेका कति छन् भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. १५८ को पादटिप्पणीमा उल्लेख भएका छन् । )

२. 'सउत्तारचित्त' भनी कामावचर चित्तलाई भनिएको हो । पपं. सू. I. पृ. २५२.

३. 'अनुत्तारचित्त' भनी रूपावचर र अरूपावचर चित्तलाई भनिएको हो । यी मध्ये पनि रूपावचर चित्तलाई 'सउत्तारचित्त' र अरूपावचर चित्तलाई 'अनुत्तारचित्त' पनि भन्न सकिन्छ भनी पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तावण्णनाले उल्लेख गरेको छ ।

४. 'समाहितचित्त' भनेको अर्पणा (अप्पणा) समाधि र उपचार-समाधिलाई भनिएको हो । पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्त-वण्णना ।

(यी अर्पणा समाधि र उपचार समाधि भनेका कस्ता हुन भन्ने बारेका वर्णन वि. म. पृ. ९३–९४: पठविकसिणनिद्देसमा उल्लेख भएको छ । ) (हि. वि म. पृ. ११८ भाग–१)

५. 'असमाहितचित्त' भनी माथि उल्लिखित (४) दुवै प्रकारका समाधि-रहित चित्तलाई भनिएको हो । पपं. सू. I. पृ २५२.

Downloaded from http://www.dhamma.digital

भए 'विमुक्त चित्त[१]' भनी जान्दछ; अ-विमुक्त चित्त भए 'अ-विमुक्त चित्त[२]' भनी जान्दछ।

(८) "अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। जस्तै— एक जन्मका, दुइ जन्मका, तीन जन्मका, चार जन्मका, पाँच जन्मका कुराहरू पनि; दश जन्मका, बीस जन्मका, तीस जन्मका, चालीस जन्मका, पचास जन्मका कुराहरू पनि; शय जन्मका, हजार जन्मका, शयहजार जन्मका कुराहरू पनि; अनेक संवर्त कल्प (=प्रलय), अनेक विवर्त कल्प (=सृष्टि), अनेक संवर्त-विवर्त कल्पका कुराहरू पनि अनुस्मरण गर्छ। जस्तै—'फलाना ठाउँमा थिएँ— यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख दुःख प्रतिसंवेदी, यति आयु थियो। त्यहाँबाट च्युत भई अमुक स्थानमा उत्पन्न भएँ। त्यहाँ पनि—यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुखदुःख प्रतिसंवेदी, यति आयु थियो। त्यहाँबाट पनि च्युत भई यहाँ उत्पन्न भएँ।' यसरी आकारसहित, उद्देश्य (=नाम र गोत्र) सहित अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ।

१. 'विमुक्तचित्त' भनी तदङ्ग-विक्खम्भन-विमुक्त चित्तलाई भनिएको हो। पपं. सू. I. पृ. २५२.

२. 'अविमुक्तचित्त' भनी माथिका दुवै किसिमका विमुक्त चित्त रहित-लाई भनिएको हो। पपं. सू. I. पृ. २५२: सतिपट्ठानसुत्तवण्णना; पटि. म. अ. क. पृ. २४२: चेतोपरियञाणनिद्देसवण्णना।

Downloaded from http://www.dhamma.digital

(९) "अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा सत्वहरूलाई देख्छ— आ-आफ्ना कर्मानुसार नीचता-उच्चता, सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा च्युत हुने र उत्पन्न हुने सत्वहरूलाई देख्दछ, जान्दछ।

(१०) "आस्रव क्षय गरी अनास्रवी भई, चित्तविमुक्त, प्रज्ञा-विमुक्त हुन्छ तथा यसै जीवनमै स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ।

"ब्राह्मण ! जान्नुहुने, देख्नुहुने वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले यीनै दश-प्रसादनीय धर्महरूलाई बताउनु भएको छ। जसमा यी दश धर्महरू (=गुणहरू) विद्यमान् छन् वहाँलाई अहिले हामीहरू सत्कार गर्दछौं, गौरव गर्दछौं, मान गर्दछौं र पूजा गर्दछौं; सत्कार गरी गौरव गरी उपनिश्रय लिई बस्दछौं।"

## तथागतद्वारा वर्णित ध्यान

यस्तो भन्नुहुँदा, मगधमहामात्य वर्षकार ब्राह्मणले उपनन्द सेनापतिलाई सम्बोधन गरे—"के, वहाँ आदरणीयहरूले सत्कारणीय-लाई सत्कार गर्नुहुन्छ, गौरवनीयलाई गौरव गर्नुहुन्छ, माननीयलाई मान गर्नुहुन्छ, पूजनीयलाई पूजा गर्नुहुन्छ ? तपाइ सेनापति यस विषयमा के ठान्नुहुन्छ ?"

"अवश्य पनि वहाँ आदरणीयहरूले सत्कारणीयलाई सत्कार गर्नुहुन्छ,...पूजनीयलाई पूजा गर्नुहुन्छ। यदि वहाँ आदरणीयहरूले

Downloaded from http://www.dhamma.digital

त्यस्ताको सत्कार नगर्नुभए, गौरव नगर्नुभए, मान नगर्नुभए, पूजा नगर्नुभए, अनि वहाँ आदरणीयहरूले कसको सत्कार, गौरव, मान, पूजा गरी उपनिश्रय लिई बस्ने ?"

अनि मगधमहामात्य वर्षकार ब्राह्मणले आयुष्मान् आनन्दलाई यस्तो भने—

"अहिले तपाइ आनन्द कहाँ बस्नु भएको छ ?"

"ब्राह्मण ! अहिले म वेणुवनमा बसिरहेको छु[१] ।"

---

१. के, वहाँ आयुष्मान् आनन्द वेणुवनमा बसिरहनु भएको कुरो वर्षकार ब्राह्मणलाई थाहाथिएन ? थाहाथियो । वेणुवनमा आरक्षाको प्रबन्ध यिनले नै गराएका थिए । अतः आफूलाई प्रशंसा गराउने इच्छाले 'अहिले कहाँ बस्नुभएको छ ?' भनी सोधेका हुन् । किन उनले त्यहाँ आरक्षाको व्यवस्था गराइदिएकाहुन् भने—

एक दिन, महाकात्यायन स्थविर गृद्धकूटपर्वतबाट ओर्लिहरहनु भएको वेलामा यिनले वहाँलाई 'यिनी बाँदर जस्तै छन्' भनी भनेका थिए । यो कुरा सुनेर भगवान्ले 'यदि वर्षकारले क्षमा माग्छन् भने ठीक छ, अन्यथा उनी यसै वेणुवनमा लामपुच्छ्रे बाँदर (गोनङ्गुट्ठमक्कटो) भई जन्मिनेछन्' भनी भन्नुभएको थियो । यो कुरा सुनेर 'श्रमण गौतमको कुरो दुविधा हुन सक्दैन' भनी 'पछि म बाँदर भएर जन्मिदा यो बेणुवन गोचरको स्थान हुनेछ' भन्ने सोची वेणुवनमा नानाविध रूखहरू रोप्नलगाई उनले त्यहाँ आरक्षा गराएका थिए । मृत्युपछि उनी बाँदर भएर जन्मे । 'वर्षकार' भनी बोलाउँदा उ आएर नजिकमा बस्थ्यो भनी पपं. सू. IV. पृ. ५०–५१: गोपकमोग्गल्लानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

"भो आनन्द ! के त, वेणुवन रमणीय, निःशब्द, निर्घोष, मनुष्यहरूको वायुमण्डलबाट दूर (=शून्य) तथा रहस्यमय कामगर्नेहरू-लाई पाएक पर्ने (= निर्जन) जस्तै तपाइ ध्यानीहरू, ध्यानरतहुनेहरूलाई ध्यानकोनिमित्त अनुकूल छ त ?"

"ब्राह्मण ! तपाइहरू जस्ता आरक्षकहरूद्वारा, गोपकहरूद्वारा आरक्षा गरिएको वेणुवन अवश्य रमणीय पनि, निःशब्द पनि, निर्घोष पनि, मनुष्यहरूको वायुमण्डलबाट दूर तथा रहस्यमय कामगर्ने-हरूलाई पाएक पर्ने जस्तै ध्यान गर्नकोनिमित्त पनि अनुकूल नै छ ।"

"भो आनन्द ! अवश्य पनि वेणुवन रमणीय पनि,...ध्यानी-हरू, ध्यानरत हुनेहरूलाई ध्यानकोनिमित्त अनुकूल पनि छ । तपाइहरू ध्यानी पनि ध्यानरत पनि हुनुहुन्छ । भो आनन्द ! एक समय, वहाँ गौतम वैशाली स्थित महावनको कूटागार शालामा बसिरहनु भएको थियो । भो आनन्द ! अनि म जहाँ महावनको कूटागार-शाला हो, जहाँ वहाँ आदरणीय गौतम हुनुहुन्थ्यो त्यहाँ गएँ । त्यहाँ, वहाँ आदरणीय गौतमले अनेक प्रकारले ध्यानका कुराहरू भन्दै हुनु-हुन्थ्यो । वहाँ गौतम ध्यानी पनि हुनुहुन्थ्यो ध्यानरत पनि । वहाँ गौतमले सबै ध्यानहरूको प्रशंसा गर्नुभएको थियो[१] ।"

---

१. जब आनन्द स्थविरले परिषद्को अगाडि वर्षाकार ब्राह्मणको प्रशंसा गर्नुभयो तब ब्राह्मणले पनि वहाँको प्रशंसा गर्दै 'तपाइहरू ध्यानी ध्यानरत पनि हुनुहुन्छ' भनी सूत्रमा प्रशंसा गरेका हुन् भनी पपं. सू. IV. पृ. ५१: गोपकमोग्गल्लानसुत्तवण्णनाले लेखेको छ ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! वहाँ भगवान्ले सबै ध्यानहरूलाई प्रशंसा गर्नुभएको छैन[1], न त वहाँ भगवान्ले सबैध्यानहरूलाई अ-प्रशंसा नै गर्नुभएको छ। ब्राह्मण ! कस्ता ध्यानहरूलाई वहाँ भगवान्ले प्रशंसा गर्नुभएको छैन भने—ब्राह्मण ! (१) यहाँ कोही (पुरुष) काम-राग उत्पन्न भएको चित्तले, काम-रागले घेरिएको चित्तले (कामरागपरेतेन) विहार गर्छ; उत्पन्न भएको काम-राग चित्तबाट मुक्तहुने कुरालाई (निस्सरणं) यथार्थतः बुझ्दैन; काम-रागकै बीचमा परी ध्यानगर्छ, प्रध्यानगर्छ तथा निध्यानगर्छ। (२) ब्यापाद उत्पन्न भएको चित्तले, ब्यापादले घेरिएको चित्तले विहार गर्छ; उत्पन्न भएको ब्यापादचित्तबाट मुक्त हुने कुरालाई यथार्थतः बुझ्दैन; ब्यापादकै बीचमा परी ध्यानगर्छ, प्रध्यानगर्छ तथा निध्यानगर्छ। (३) थीनमिद्ध (=शारीरिक र मानसिक आलस्यता) उत्पन्न भएको चित्तले, थीनमिद्धले घेरिएको चित्तले

Dhamma.Digital

---

१. यो कुरा सुनेर आयुष्मान् आनन्दले यस्तो सोच्नुभयो— "भगवान्ले प्रशंसा गर्नुभएका ध्यानहरू पनि छन् प्रशंसा गर्नुनभएका ध्यानहरू पनि छन्। किन्तु यी ब्राह्मणले भने भगवान्ले सबै ध्यानलाई प्रशंसा गर्नुभएको छ भनी गलत भन्दछन्।" अतः यिनको मुख हेरेर अथवा यिनले भिक्षा दिन्छन् भनेर यिनले भनेको गलत कुरोलाई नसच्याइकन स्वीकार्न सकिन्न भन्ने सोचेर आयुष्मान् आनन्दले सूत्रमा 'वहाँ भगवान्ले सबै ध्यानहरूलाई प्रशंसा गर्नु भएको छैन' भनी भन्नु भएको हो। पपं. सू. IV. पृ. ५१: गोपकमोग्गल्लानसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

विहार गर्छ; उत्पन्न भएको थीनमिद्ध चित्तबाट मुक्त हुने कुरालाई यथार्थतः बुझ्दैन; थीनमिद्धकै बीचमा परी ध्यानगर्छ, प्रध्यानगर्छ तथा निध्यानगर्छ। (४) उद्धच्चकुक्कुच्च (=शारीरिक र मानसिक चञ्चलता) उत्पन्न भएको चित्तले, उद्धच्चकुक्कुच्चले घेरिएको चित्तले विहार गर्छ; उत्पन्न भएको उद्धच्चकुक्कुच्चबाट मुक्त हुने कुरालाई यथार्थतः बुझ्दैन; उद्धच्चकुक्कुच्चकै बीचमा परी ध्यानगर्छ, प्रध्यानगर्छ तथा निध्यानगर्छ। (५) विचिकित्सा (=शङ्का सन्देह) उत्पन्न भएको चित्तले, विचिकित्साले घेरिएको चित्तले विहार गर्छ; उत्पन्न भएको विचिकित्सा चित्तबाट मुक्त हुने कुरालाई यथार्थतः बुझ्दैन; विचिकित्साकै बीचमा परी ध्यानगर्छ, प्रध्यानगर्छ तथा निध्यानगर्छ। ब्राह्मण ! यसप्रकारका ध्यानहरूलाई वहाँ भगवान्‌ले प्रशंसा गर्नुभएको छैन।

"ब्राह्मण ! कस्ता ध्यानहरूलाई वहाँ भगवान्‌ले प्रशंसा गर्नुभएको छ भने—(१) ब्राह्मण ! यहाँ भिक्षु, कामबाट अलग भई, अकुशलबाट अलग भई, सवितर्क सविचार युक्त, विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्तगरी बस्छ। (२) वितर्क विचारलाई शान्त गरी, अभ्यन्तर सम्प्रसादलाई एकाग्र गरी, वितर्क-विचार रहित समाधिजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्तगरी बस्छ। (३) प्रीतिलाई पनि त्यागी, उपेक्षी भई, स्मृतिवान्, ज्ञानवान् भई—शरीरद्वारा सुखानुभव गर्छ – जसलाई आर्यहरू भन्दछन् 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने।' त्यस्तो तृतीयध्यान प्राप्तगरी बस्छ। (४) सौमनस्य तथा दौर्मनस्यलाई पहिले नै अन्त गरी, सुख र दुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति-उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान

Downloaded from http://www.dhamma.digital

प्राप्तगरी बस्छ । ब्राह्मण ! यस्ता ध्यानहरूलाई वहाँ भगवान्‌ले प्रशंसा गर्नुभएको छ ।"

"भो आनन्द ! वहाँ आदरणीय गौतमले निन्दनीय ध्यानलाई निन्दा गर्नुभयो, प्रशंसनीय ध्यानलाई प्रशंसा । हवस् त, भो आनन्द ! अब हामीहरू जान्छौं; हामीहरूका धेरै काम छन्, धेरै गर्नुपर्ने छ ।"

"ब्राह्मण ! जस्तो समय तिमी सम्झंछौ (उस्तै गर) ।"

अनि, आयुष्मान् आनन्दको भाषणलाई अभिनन्दन गरी, अनुमोदन गरी मगधमहामात्य वर्षकार ब्राह्मण आसनबाट उठी फर्केर गए । मगधमहामात्य वर्षकार ब्राह्मण फर्केर गइसकेपछि गोपक मोग्गल्लान ब्राह्मले आयुष्मान् आनन्दलाई यस्तो भने—

"तपाइ आनन्दसँग जुन कुरा मैले सोधेको थिएँ त्यस कुराको उत्तर त तपाइ आनन्दले दिनु भएन[१] ।"

"ब्राह्मण ! मैले तिमीलाई यस्तो भनेको होइन त 'ब्राह्मण ! छैन । ती सबैकासबै धर्महरूका आकारहरूले, सबैकासबै अङ्गहरूले युक्त

१. वर्षकार ब्राह्मणले सोधेका प्रश्नहरूको एक एक गरी उत्तरदिएको देखेर गोपक मौद्‌गल्यायन ब्राह्मणको मनमा 'मेरो प्रश्नको उत्तर भने छेस्को मात्र दिए, वर्षकारको प्रश्नको उत्तर भने यति लामो दिए' भन्ने जस्तो ईर्ष्या लागेर उनले पुनः 'जुन कुरा मैले सोधेको थिएँ त्यसको उत्तर तपाइ आनन्दले दिनु भएन' भनी भनेका हुन् भनी पपं. सू. IV. पृ. ५१: गोपकमोग्गल्लानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

हुने कुनै एक भिक्षु (हामीहरूमा) छैन—जुन धर्महरूले युक्त भएर वहाँ भगवान्, अरहन्त सम्यक् सम्बुद्ध हुनुभएको थियो। ब्राह्मण! वहाँ भगवान् अनुत्पन्न मार्गको उत्पादक हुनुहुन्छ, अज्ञात बाटोलाई ज्ञात गराइदिने हुनुहुन्छ, नबताइएको बाटोलाई बताइदिने हुनुहुन्छ, वहाँ भगवान् मार्गज्ञ, मार्गविद् तथा मार्ग-कोविद हुनुहुन्छ। पछि सम्मिलित भएका (हामी) श्रावकहरू सोही मार्गमा अनुगमन गर्नेभई अहिले (हामीहरू) विहार गर्दछौं।"

Downloaded from http://www.dhamma.digital

# ८. घोटमुख ब्राह्मण

## परिचय

घोटमुख ब्राह्मण कहाँका हुन् भन्ने कुरा पालिसाहित्यमा स्पष्टरूपमा कतै उल्लेख भएको नपाइएता पनि अगाडि अनुदित मूल सूत्रमा "...अङ्ग राजाले दिनदिनै दिने नित्यभिक्षा..." भन्ने वाक्यमाथि विचार गर्दा सम्भवत थिनी अङ्गदेश वासी हुनुपर्छ[१] ।

घोटमुख ब्राह्मणले पढेको शास्त्र वा शिल्पमा आमा-बाबुहरूलाई मारेर भए पनि आफ्नै उन्नति गर्नुपर्छ भन्ने कुरा उल्लेख भएको छ भनी पपञ्चसूदनीले[२] उल्लेख गरेको छ । यो शास्त्र वा शिल्प पढेकाहरूमध्ये यी घोटमुख ब्राह्मण एकजना बाहेक कुनै पनि सुगति स्वर्गलोकमा उत्पन्न भएका छैनन् । यी घोटमुख ब्राह्मण चाहिं उदेन महास्थविरको सत्संगतले गर्दा वहाँको सल्लाह अनुसार पाटलिपुत्रमा

१. डा. मललसेकरले आफ्नो D. P. P. I. पृ. ८२७ मा सम्भवत पाटलिपुत्रका हुनुपर्छ भनी उल्लेख गरेका छन् ।

२. III. पृ. २८४: घोटमुखसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

भिक्षु सङ्घकोनिमित्त उपस्थानशाला बनाई अनेक दानशीलादि कुशलकर्म-हरू गरेका प्रभावद्वारा मृत्यु भएपछि स्वर्गलोकमा उत्पन्न भएको कुरो पपञ्चसूदनीले[1] उल्लेख गरेको छ ।

उदेन महास्थविरको पालामा बुद्ध समयको मगध राजधानी राजगृह, पाटलिपुत्रमा सरिसकेको अनुमान भेसज्जक्खन्धकं, महावग्गो (पृ. २४२), पाटलिगामवत्थुमा उल्लेख भएका कुराहरूबाट स्पष्ट बुझ्न सकिन्छ । त्यसैले उदेन महास्थविरले भिक्षु सङ्घकोनिमित्त उपस्थान-शाला पाटलिपुत्रमा बनाउन लगाउनु भएको हो ।

अरू कुराहरू, मूल सूत्रका सम्बन्धित ठाउँहरूमा अट्ठकथा अनुसार उल्लेख गरेका पादटिप्पणीहरूबाट प्रष्ट हुने छन् ।

× × ×

१. III. पृ. २८४–८५: घोटमुखसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

## १–आयुष्मान् उदेनको धर्मोपदेश

यस्तो मैले सुनें[१] ।

एक समय आयुष्मान् उदेन वाराणशीको खेमीय आम्रवनमा बस्दै हुनुहुन्थ्यो । त्यस समय घोटमुख ब्राह्मण कुनै कामले वाराणशीमा आइपुगेका थिए । अनि घोटमुख ब्राह्मण टहलिंदै टहलिंदै जहाँ खेमीय आम्रवन हो त्यहाँ पुगे । त्यसवखत आयुष्मान् उदेन खुला ठाउँमा चंक्रमण गर्दै हुनुहुन्थ्यो । अनि घोटमुख ब्राह्मण जहाँ आयुष्मान् उदेन हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् उदेनसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि आयुष्मान् उदेन सँगसँगै चंक्रमण गर्दै यस्तो भने—

"आश्चर्य हो श्रमण ! यहाँ मलाई यस्तो लाग्छ कि 'धार्मिक प्रव्रज्या छैन ।' त्यो हो, तपाइ जस्ता आदरणीयहरूलाई देखन नपाएकाले अथवा जो धर्म हो त्यसलाई देखन नपाएकाले ।"

१. म. नि. II. पृ. ४१४: घोटमुखसुत्तं, अ. क. III. पृ. २८४.

Downloaded from http://www.dhamma.digital

यस्तोभन्दा, आयुष्मान् उदेन चंक्रमण[१] (पेटी) बाट ओर्ल्हीं विहारमा गई बिच्छ्याइराखेको आसनमा बस्नुभयो । घोटमुख ब्राह्मण पनि चंक्रमण (पेटी) बाट ओर्ल्हेर विहारभित्र पसी एक छेउमा उभिइरहे । एक छेउमा उभिइरहेका घोटमुख ब्राह्मणलाई आयुष्मान् उदेनले यस्तो भन्नुभयो—

"ब्राह्मण ! आसनहरू विदयमान छन् । यदि चाहन्छौ भने बस ।"

"तपाइ उदेनबाट यसै कुराको प्रतीक्षा गरेर म नबसेको हुँ । म जस्तो (पुरुष) कसरी विना निमन्त्रण (=आज्ञा) ले आसनमा बसूँ ।"

त्यसपछि घोटमुख ब्राह्मण एक होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका घोटमुख ब्राह्मणले आयुष्मान् उदेनलाई यस्तो भने—

"आश्चर्य हो श्रमण ! यहाँ मलाई यस्तो लाग्छ कि 'धार्मिक

१. चंक्रमण गर्नेकोनिमित्त अनुकूल ठाउँमा एक लामो पेटी बनाइएको हुन्छ । त्यसैले सूत्रमा 'चंक्रमणबाट ओर्ल्हीं' भनी उल्लेख गरेको हो । आजकल पनि ठूला ठूला विहारहरूमा यस्ता चंक्रमण-पेटीहरू बनाइ राखेका छन् ।

Downloaded from http://www.dhamma.digital

प्रव्रज्या छैन ।' त्यो हो तपाइ जस्ता आदरणीयहरूलाई देख्न नपाएकोले अथवा जो धर्म हो त्यसलाई देख्न नपाएकोले[१] ।"

"ब्राह्मण ! यदि मेरो कुरालाई स्वीकार गर्न योग्यछ भन्ने लागेमा स्वीकार गर, खण्डन गर्न योग्यछ भन्ने लागेमा खण्डन पनि गर, मेरो कुराको अर्थ बुझ्दैनौ भने—'भो उदेन ! यो कस्तो हो, यसको के अर्थ हो' भनी मसँगै उत्तरोत्तर सोध । यसरी यहाँ हामीहरूका बीच कथासंलाप (=कुराकानी) हुनेछ ।"

"स्वीकार गर्न योग्य सम्झेमा तपाइ उदेनको कुरालाई स्वीकार पनि गर्नेछु, खण्डन गर्न योग्य सम्झेमा खण्डन पनि गर्नेछु, तपाइ उदेनले भन्नुहुने जुन कुराको अर्थ मैले बुझ्ने छैन त्यसबारेमा म तपाइ उदेनसँगै 'यो कस्तो हो, यसको अर्थ के हो' भनी सोध्ने पनि छु । यसरी नै यहाँ हामीहरूका बीच कथासंलाप हुनेछ ।"

Dhamma.Digital

## चार प्रकारका पुद्गलहरू

(क) "ब्राह्मण ! यो लोकमा चार थरीका पुद्गलहरू विद्यमान छन् । कुन चार भने ?

---

१. भनाइको तात्पर्य—तपाइहरू जस्ता श्रमणहरूलाई देख्न नपाएकोले मेरो मनमा 'धार्मिक प्रव्रज्या छैन' भन्ने लाग्छ भनी भनिएको हो । घोटमुख ब्राह्मणको मनमा धार्मिक प्रवृत्तिको प्रव्रज्या छैन भन्ने लागेको थियो । कस्तालाई धार्मिक भनिएको हो भन्ने कुरा अगाडिका कुराहरूबाट स्पष्ट हुनेछन् ।

Downloaded from http://www.dhamma.digital

(१) ब्राह्मण ! यहाँ, एकथरी पुद्गल आफूलाई ताप दिने (=दुःख कष्ट पीडा दिने) हुन्छ र आफूलाई ताप दिने काममा लागेको हुन्छ। (२) ब्राह्मण ! यहाँ, अर्को थरी पुद्गल अर्कालाई ताप दिने हुन्छ र अर्कालाई ताप दिने काममा लागेको हुन्छ। (३) ब्राह्मण ! यहाँ, अर्को थरी पुद्गल आफूलाई पनि ताप दिने हुन्छ र आफूलाई ताप दिने काममा पनि लागेको हुन्छ; अर्कालाई पनि ताप दिने हुन्छ र अर्कालाई ताप दिने काममा पनि लागेको हुन्छ। (४) ब्राह्मण ! यहाँ, अर्को थरी पुद्गल आफूलाई पनि ताप दिने हुन्न र आफूलाई ताप दिने काममा पनि लागेको हुन्न; अर्कालाई पनि ताप दिने हुन्न र अर्कालाई ताप दिने काममा पनि लागेको हुन्न। अनि सो (पुरुष) आफूलाई पनि ताप नदिई, अर्कालाई पनि ताप नदिई—यसै जीवनमा आफूबाट तृष्णा दूर गरी, निर्वृत्त भई, शीतल (=अभ्यन्तर संताप नभएको) भई, प्रत्यक्ष सुखानुभव गरी, श्रेष्ठ भई विहार गर्छ। ब्राह्मण ! यी चारथरी पुद्गलहरूमध्येमा कुन पुद्गलले तिम्रो चित्तलाई प्रसन्न पार्छ[१] ?"

(ख) "(१) भो उदेन ! जो त्यो पुद्गल आफूलाई ताप

---

१. यी चार प्रकारका पुद्गलहरूका बारेमा स्वयं बुद्धले पनि कन्दर परिव्राजकलाई बताउनु भएका कुरा म. नि. II. पृ. ५: कन्दर-सुत्तमा उल्लेख भएको छ। त्यस्तैगरी यी चार प्रकारका पुद्गल-हरूका कुरा अं. नि-४, पृ. २१९: असन्तपसुत्तंमा पनि उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

दिने र आफूलाई ताप दिने काममा लागेको हुन्छ—यो पुद्‌गलले मेरो चित्तलाई प्रसन्न पार्दैन; (२) भो उदेन ! जो त्यो पुद्‌गल अर्कालाई ताप दिने र अर्कालाई ताप दिने काममा लागेको हुन्छ—यो पुद्‌गलले पनि मेरो चित्तलाई प्रसन्न पार्दैन; (३) भो उदेन ! जो त्यो पुद्‌गल आफूलाई पनि ताप दिने र आफूलाई ताप दिने काममा पनि लागेको हुन्छ तथा अर्कालाई पनि ताप दिने र अर्कालाई ताप दिने काममा पनि लागेको हुन्छ—यो पुद्‌गलले पनि मेरो चित्तलाई प्रसन्न पार्दैन; (४) भो उदेन ! जो त्यो पुद्‌गल आफूलाई पनि ताप नदिने र आफूलाई ताप दिने काममा पनि लागेको हुन्न तथा अर्कालाई पनि ताप नदिने र अर्कालाई ताप दिने काममा पनि लागेको हुन्न; जो त्यो आफूलाई पनि ताप नदिने, अर्कालाई पनि ताप नदिने—यसै जीवनमा आफूबाट तृष्णा दूर गरी निवृत्त भई, शीतल भई, प्रत्यक्ष सुखानुभवगरी, श्रेष्ठ भई विहार गर्छ—यो पुद्‌गलले मेरो चित्तलाई प्रसन्न पार्छ ।"

(ग) "ब्राह्मण ! किन ती अर्का तीन पुद्‌गलहरूले तिम्रो चित्तलाई प्रसन्न नपारेको त ?"

"(१) भो उदेन ! जो पुद्‌गल आफूलाई ताप दिन्छ र आफूलाई ताप दिने काममा लागेको हुन्छ—उसले आफ्नो सुखको कामना गरी, दुःखलाई घृणा गरी, आफूलाई आतप्त पार्छ, परितप्त पार्छ; त्यसैले यो पुद्‌गलले मेरो चित्तलाई प्रसन्न पार्दैन । (२) भो उदेन ! जो पुद्‌गल अर्कालाई ताप दिन्छ र अर्कालाई ताप दिने

Downloaded from http://www.dhamma.digital

कामममा लागेको हुन्छ—उसले आफ्नो सुखको कामना गरी, दुःखलाई घृणा गरी, अर्कालाई आतप्त पार्छ, परितप्त पार्छ; त्यसैले यो पुद्गलले पनि मेरो चित्तलाई प्रसन्न पार्दैन। (३) भो उदेन! जो पुद्गल आफूलाई पनि ताप दिन्छ र आफूलाई ताप दिने काममा पनि लागेको हुन्छ; अर्कालाई पनि ताप दिन्छ र अर्कालाई ताप दिने काममा पनि लागेको हुन्छ—उसले आफ्नो सुखको कामना गरी, दुःखलाई घृणा गरी, आफूलाई पनि अर्कालाई पनि आतप्त पार्छ, परितप्त पार्छ; त्यसैले यो पुद्गलले पनि मेरो चित्तलाई प्रसन्न पार्दैन। (४) भो उदेन! जो पुद्गल आफूलाई पनि ताप दिन्न र आफूलाई ताप दिने काममा पनि लागेको हुन्न; अर्कालाई पनि ताप दिन्न र अर्कालाई ताप दिने काममा पनि लागेको हुन्न—त्यो आफूलाई पनि ताप नदिने, अर्कालाई पनि ताप नदिने यसै जीवनमा आफूबाट तृष्णा दूर गरी, निर्वृत्त भई, शीतल भई, प्रत्यक्ष सुखानुभवगरी, श्रेष्ठ भई विहार गर्छ—उसले आफ्नो सुख कामना गरी, दुःखलाई घृणा गरी न आफूलाई, न अर्कालाई आतप्त पार्छ, न त परितप्त पार्छ; त्यसैले यो पुद्गलले मेरो चित्तलाई प्रसन्न पार्छ।"

## दुइप्रकारका परिषद्

(क) "ब्राह्मण! दुइप्रकारका परिषद् छन्। कुन दुइ? (१) ब्राह्मण! यहाँ, कुनै परिषद् (= मण्डल) मणिकुण्डलहरूमा रक्त अनुरक्त हुन्छ, पुत्र-भार्याको खोजिगर्छ, दाश-दाशीको खोजिगर्छ,

Downloaded from http://www.dhamma.digital

घर-खेतको खोजिगर्छ, सुन-चाँदीको खोजिगर्छ। (२) ब्राह्मण! यहाँ, कुनै परिषद् **मणिकुण्डलहरूमा रक्त अनुरक्त नभई** पुत्र-भार्यालाई छाडी, दाश-दाशीलाई छाडी, घर-खेतलाई छाडी, सुन-चाँदीलाई छाडी घरबाट निस्की अनगारिय भई प्रव्रजित हुन्छ। ब्राह्मण! सो त्यो पुद्‌गल, न आफूलाई तापदिन्छ, न आफूलाई ताप दिने काममा लाग्छ; न अर्कालाई ताप दिन्छ, न अर्कालाई ताप दिने काममा लाग्छ—उ आफूलाई पनि ताप नदिई, अर्कालाई पनि ताप नदिई यसै जीवनमा आफूबाट तृष्णा दूर गर्छ, निर्वृत्त भई, शीतल भई, प्रत्यक्ष सुखानुभवगरी श्रेष्ठ भई विहार गर्छ।

(ख) "ब्राह्मण! यहाँ, जो यो परिषद् **मणिकुण्डलहरूमा रक्त अनुरक्त हुन्छ,** पुत्र-भार्याको खोजिगर्छ, दाश-दाशीको खोजिगर्छ, घर-खेतको खोजिगर्छ; जो यो परिषद् **मणिकुण्डलहरूमा रक्त अनुरक्त नभई** पुत्र-भार्यालाई छाडी, दाश-दाशीलाई छाडी, घर-खेतलाई छाडी, सुन-चाँदीलाई छाडी घरबाट निस्की अनगारिय भई प्रव्रजित हुन्छ— यी (दुइ परिषद्) मध्येमा कुनचाहिं पुद्‌गललाई[1] कुनचाहिं परिषद्‌मा तिमी अधिक देख्दछौ त?"

---

१. यहाँ 'कुन चाहिं पुद्‌गल' भन्नाले माथि पृ. २१० को (क) मा लेखिएका चारथरीका पुद्‌गलहरूमध्येमा कुनचाहिं भनी भनिएको हो। 'कुनचाहिं परिषद्‌मा' भन्नाले दुइप्रकारका परिषद्‌हरूमध्ये कुनचाहिं परिषद्‌मा भनी भनिएको हो।

उदेन स्थविरले यो प्रश्न किन सोध्नु भएको हो भने—

Downloaded from http://www.dhamma.digital

(ग) "भो उदेन ! जो यो पुद्‌गल आफूलाई पनि ताप दिन्न र आफूलाई ताप दिने काममा पनि लागेको हुन्न; अर्कालाई पनि ताप दिन्न र अर्कालाई ताप दिने काममा पनि लागेको हुन्न—त्यो आफूलाई पनि ताप नदिने, अर्कालाई पनि ताप नदिने—यसै जीवनमा आफूबाट तृष्णा दूर गरी, निर्वृत्त भई, शीतल भई, प्रत्यक्ष सुखानुभवगरी, श्रेष्ठ भई विहार गर्छ—यो पुद्‌गललाई—त्यो मणिकुण्डलहरूमा रक्त अनुरक्त नभई पुत्र-भार्यालाई छाडी, दाश-दाशीलाई छाडी,...अनगारिय भई प्रव्रजित हुने परिषद्‌मा म अधिक देख्दछु ।"

(घ) "ब्राह्मण ! भरखरै मात्र तिमीले यस्तो भनेकाथियौ कि —'आश्चर्य हो श्रमण ! यहाँ मलाई यस्तो लाग्छ कि धार्मिक प्रव्रज्या छैन । त्यो हो तपाइ जस्ता आदरणीयहरूलाई देख्न नपाएकोले अथवा जो धर्म हो त्यसलाई देख्न नपाएकोले' ।"

(ङ) "भो उदेन ! साँच्चै नै मैले सदोष कुरा गरेकोथिएँ । अब मलाई लाग्छ कि—'धार्मिक प्रव्रज्या छ[१] ।' अब तपाइ उदेनले

---

यसरी सोध्दा घोटमुख ब्राह्मणले आफ्नै मुखले चार पुद्‌गलहरूमध्ये जो आफूलाई पनि अर्कालाई पनि ताप नदिने पुद्‌गल हो सो पुद्‌गल त्यागी हुने परिषद्‌मा अधिक देख्दछु भनी जानेमा भन्नेछन् भनी सोचेर भन्नुभएको हो । यसरी उनकै मुखबाट पर्यायरूपले धार्मिक प्रव्रज्या पनि छ भनेको हुनेछ । पपं. सू. III. पृ. २८४: घोटमुखसुत्तवण्णना ।

१. घोटमुख ब्राह्मणको मुखबाट यति कुरा भनाउने विचार गरी उदेन स्थविर चंक्रमण पेटीबाट ओर्ल्हीं विहार भित्र जानु भएको थिओ भनी पपं. सू. III. पृ. २८४ घोटमुखसुत्तवण्णनाले लेखेको छ ।

Downloaded from http://www.dhamma.digital

यस्तो स्वीकार गर्नुहोस् । तपाइ उदेनले जुन चारप्रकारका पुद्गलहरू सम्बन्धी विस्तार नगरी संक्षेपरूपमा मलाई बताउनु भयो — कृपया तपाइ उदेनले ती चारप्रकारका पुद्गलहरूका बारेमा अनुकम्पा राखी विस्तारपूर्वक कुरा विभाजन गरी बताउनु भए बेश हुने थियो ।"

"ब्राह्मण ! त्यसोभए राम्ररी सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भो" भनी घोटमुख ब्राह्मणले आयुष्मान् उदेनलाई प्रत्युत्तर दिए । अनि आयुष्मान् उदेनले यस्तो भन्नुभयो—

## आफूलाई ताप दिने पुद्गल

(१) "ब्राह्मण ! कुनचाहिं हो त, आफूलाई ताप दिने र आफूलाई ताप दिने काममा लाग्ने पुद्गल ? ब्राह्मण ! यहाँ कुनै पुद्गल, (—नाङ्गो साधु) हुन्छ — जो मुक्ताचार[१], हात चाटेर खाने[२]

---

१. दिशा-पिसाप गर्दा सामाजिक रीति-रिवाजलाई वास्ता नराखी उठेर नै दिशा-पिसाप गर्ने र त्यसरी गरेको दिशा-पिसापलाई स्वयं खाने र पिसाप पनि पिउनेलाई 'मुक्ताचार' भनिएको हो । पपं. सू. II. पृ. ३६ः महासीहनादसुत्तवण्णना ।

२. केवल हात चाटेर मात्र खाने होइन बल्कि दिशा गरेर आफ्नै हात-लाई एक काठको टुक्रा सम्झी हातैले दिशा पुछ्ने समेतलाई यहाँ 'हातले चाटेर खाने' भनिएको हो । पपं. सू. II. पृ. ३६ः महासीह-नादसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

(हत्थापलेखनो), बोलाएर दिएको भिक्षा नलिने (न एहि-भदन्तिको), पर्खनुहोस् भनी दिएको भिक्षा नलिने (न तिट्ठभदन्तिको), आफ्नोनिमित्त ल्याएको भिक्षा नलिने (नाभिहटं), आफ्नोनिमित्त बनाइएको भिक्षा नलिने (न उद्दिस्सकतं), निम्तो पनि स्वीकार नगर्ने (न निमन्तनं सादियति) हुन्छ ।

"उसले घ्याम्पा (कुम्भी) बाट दिएको (भिक्षा) लिंदैन, डालो-बाट दिएको लिंदैन, झ्यालबाट (एलकमन्तरं) दिएको लिंदैन, (झ्यालका) दण्डीहरूको बीचबाट (दण्डमन्तरं) दिएको लिंदैन, मुसलको बीचबाट दिएको लिंदैन, खाएर बसेका दुइजनाहरूमध्येले दिएको लिंदैन, गर्भिणीले दिएको लिंदैन, दूध पियाउँदै रहेकीले दिएको लिंदैन, पुरुषकहाँ जानेको हातबाट लिंदैन, कुकुरलाई भनी लगिरहेकीको हातबाट लिंदैन, झिंगा बसेको खाना लिंदैन, माछा र मासु लिंदैन, सुरा, मेरय, सर्वत (थुसोदकं) पनि लिंदैन ।

"उ एकै घरमा भिक्षा लिन्छ वा एकै गाँस मात्र खान्छ, दुइ घरमा भिक्षा लिन्छ वा दुइ गाँस मात्र खान्छ,.. सात घरमा भिक्षा लिन्छ वा सात गाँस मात्र खान्छ; एक दाडुको खानाले मात्र यापन गर्छ, दुइ दाडुको खानाले मात्र यापन गर्छ,...सात दाडुको खानाले मात्र यापन गर्छ; दिनको एकपल्ट मात्र खान्छ, दुइदिनको एकपल्ट मात्र खान्छ,...सातदिनको एकपल्ट मात्र खान्छ । यसरी आलोपालो गरी आधा महीनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ ।

"उ शाग खाने वा चामल खाने हुन्छ, नीवर (=जङ्गलमा स्वयं उब्जेका धान्यवर्ग) खाने वा दद्दुल्ल (=सार्कीले काटेर फ्याकि-

Downloaded from http://www.dhamma.digital

राखेका छालाका टुक्राहरू) खाने हुन्छ, फ्याऊ खाने वा कनिका खाने हुन्छ, डढेको भात खाने वा पीना खाने हुन्छ, घाँस खाने वा गोबर खाने हुन्छ, वनमूल फल खाने वा खसेको फल खाने भई यापन गर्छ।

"उ सनको वस्त्र पनि लगाउँछ, मिसिएको कपडाको वस्त्र पनि लगाउँछ, मसानमा छाडेका कपडाहरू पनि लगाउँछ, भुइमा फ्याकि-राखेका कपडाहरू पनि लगाउँछ, बोक्राको (तिरीटानि) वस्त्र पनि लगाउँछ, बोकाको छाला पनि लगाउँछ, मृगछाला पनि लगाउँछ, कुशचीर (=कुशवस्त्र) पनि लगाउँछ, वल्कल पनि लगाउँछ, फलेकको वस्त्र पनि लगाउँछ, केश (=मानिसको केश) को कम्बल (केसकम्बलं) पनि लगाउँछ, रौं (=घोडाको पुच्छरको रौं) को कम्बल (वाल कम्बलं) पनि लगाउँछ, लाटोकोसेरोको प्वाँखको वस्त्र पनि लगाउँछ।

"उ केश दाह्री लुछाउने हुन्छ, केश दाह्री लुछाउने काममा लागेको हुन्छ, आसन प्रतिक्षेप गरी उभिइरहने पनि हुन्छ, टुक्रुक्क बस्ने पनि हुन्छ, टुक्रुक्क बस्ने काममा लागेको हुन्छ, काँढाहरूमा पनि सुत्छ, काँढाहरूमा सुत्ने काममा लागेको हुन्छ; दिनको तीनबार (=बिहान, दिउँसो, संध्या) पानीमा (पोखरी वा नदीमा) अवरोहण गर्ने काममा लागेको हुन्छ (पाप पखाल्नकोनिमित्त)— यसरी अनेक प्रकारले शरीरलाई आतप्त परितप्त पार्ने काममा लागेर विहार गर्छ[१]।

१. आफू बोधिसत्व छँदा बुद्धले पनि यस्ता चर्या गरिसक्नु भएका कुरा स्वयं बुद्धले मज्झिमनिकायको (I. पृ. १०९) महासीहनाद-सुत्तमा उल्लेख गर्नुभएको छ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यसैलाई भन्दछन्—आफूलाई ताप दिने र आफूलाई ताप दिने काममा लाग्ने पुद्गल ।

## अर्कालाई ताप दिने पुद्गल

(२) "ब्राह्मण ! कुनचाहिं हो त, अर्कालाई ताप दिने र अर्कालाई ताप दिने काममा लाग्ने पुद्गल ? ब्राह्मण ! यहाँ कुनै पुद्गल, भेडा मार्ने हुन्छ, सुगुर मार्ने हुन्छ, पक्षी मार्ने हुन्छ, मृग मार्ने हुन्छ, रौद्र हुन्छ, माछा मार्ने हुन्छ, चोर हुन्छ, चोर मार्ने हुन्छ, गाई मार्ने हुन्छ र झ्यालखानामा पाले बस्ने हुन्छ—यसबाहेक जे जे क्रूर कामहरू हुन्—ती ती काम गर्ने हुन्छ ।

"ब्राह्मण ! यसैलाई भन्दछन्—अर्कालाई ताप दिने र अर्कालाई ताप दिने काममा लाग्ने पुद्गल ।

## आफूलाई र अर्कालाई ताप दिने पुद्गल

(३) "ब्राह्मण ! कुनचाहिं हो त, आफूलाई पनि ताप दिने र आफूलाई ताप दिने काममा पनि लाग्ने; अर्कालाई पनि ताप दिने र अर्कालाई ताप दिने काममा पनि लाग्ने पुद्गल ? ब्राह्मण ! यहाँ कुनै पुद्गल, मूर्धाभिषिक्त राजा हुन्छ वा क्षत्री अथवा ब्राह्मण महाशाल । उसले नगरको पूर्वतिर संस्थागार (=यज्ञशाला) बनाउँछ ।

Downloaded from http://www.dhamma.digital

अनि उ केश दाह्री क्षौर गरी खुर समेत भएको बोकाको छाला (खराजिनं) लगाई, शरीरमा घिउतेल लगाई, मृगको सिङले पीठ्यु मा कन्याउन लगाई, महिषी (=पटरानी) र ब्राह्मण पुरोहितका साथ नयाँ संस्थागारमा भित्रिन्छ । उ त्यहाँ गोबरले लिपेको, बछ्यान नलगाए-को भुइमा सुत्छ । समानरूपको बाछा हुने गाईको जुन एक स्तनमा दूध हुन्छ त्यसबाट राजाले यापन गर्छ, जुन दोश्रो स्तनमा दूध हुन्छ त्यसबाट महिषीले यापन गर्छे, जुन तेश्रो स्तनमा दूध हुन्छ त्यसबाट ब्राह्मण पुरोहितले यापन गर्छ, जुन चौथो स्तनमा दूध हुन्छ त्यसले आगोमा हवन गर्छ र बाँकीबाट बाछाले यापन गर्छ । अनि उसले यस्तो भन्दछ—'यज्ञको लागि यति साँढेहरू काटियुन्, यति बाछाहरू काटियुन्, यति बाछीहरू काटियुन्, यति बोकाहरू काटियुन् यति, भेडाहरू काटियुन्, यति घोडाहरू काटियुन्; मौलोको लागि यति रूखहरू काटियुन्, बिच्छाउनाको लागि यति कुशहरू काटियुन् ।' यसको अलावा जो त्यहाँ दाश-दाशी, कामदारहरू हुन्छन्—तिनीहरू दण्डतर्जित भई, भयतर्जित भई आँखामा आँसु राखी गर्नुपर्ने कामकाज गर्छन् ।

"ब्राह्मण ! यसैलाई भन्दछन्—आफूलाई पनि ताप दिने र आफूलाई ताप दिने काममा पनि लाग्ने; अर्कालाई पनि ताप दिने र अर्कालाई ताप दिने काममा पनि लाग्ने पुद्गल ।

## आफूलाई र अर्कालाई ताप नदिने पुद्गल

(४) "ब्राह्मण ! कुनचाहिं हो त, आफूलाई पनि ताप

Downloaded from http://www.dhamma.digital

**नदिने** र आफूलाई ताप दिने काममा पनि नलाग्ने; **अर्कालाई पनि ताप नदिने** र अर्कालाई ताप दिने काममा पनि नलाग्ने—जो आफूलाई पनि ताप नदिई, अर्कालाई पनि ताप नदिई यसै जीवनमा आफूबाट तृष्णा दूर गरी, निर्वृत्त भई, शीतल भई, प्रत्यक्ष सुखानुभव गरी श्रेष्ठ भई विहार गर्ने पुद्गल ?

तथागत उत्पन्न—"ब्राह्मण ! यहाँ, तथागत अरहन्त, सम्यक् सम्बुद्ध, विदयाचरण[१] सम्पन्न, सुगत (=असल मार्गमा लागेका), लोकविद्, अनुत्तर (=अनुपम), पुरुषदम्य सारथी (=दमनीय पुरुषहरू लाई दमन गर्नकोनिमित्त सारथी समान भएका), देवमनुष्यका शास्ता (=गुरु), बुद्ध भगवान् यस लोकमा उत्पन्न हुनुहुन्छ । वहाँले **देव-मार-ब्रह्मसहित लोकलाई**[२], श्रमण-ब्राह्मण सहित प्रजालाई[३], देव-

---

१. 'विदयाचरण' भनेको कस्तो हो भन्ने बारेमा लेखकको बु. ब्रा. भा–१, पृ. ३०० मा हेर्नू ।

२. यहाँ 'देव-मार-ब्रह्म सहित लोकलाई' भन्नाको मतलब यसरी बुझ्नुपर्छ – 'देव' भन्नाले छ कामावचर देवलोक मध्ये पाँच कामावचर देवलोकलाई लिइएको हो। 'मार' शब्दले छैटौं कामावचर देवलोकलाई र 'ब्रह्म' शब्दले ब्रह्मकायिकादि ब्रह्मलोकलाई लिइएको हो भनी मनो. र. पू. I. पृ. ४०८: वेनागपुरसुत्तवण्णनाले उल्लेख गरेको छ, तिकनिपातवण्णना ।

३. यहाँ 'श्रमण-ब्राह्मण सहित प्रजा' भन्नाको मतलब यसरी बुझ्नुपर्छ

Downloaded from http://www.dhamma.digital

मनुष्यसहित लोकलाई[१], स्वयं अभिज्ञाद्वारा (अभिञ्ञाति अभिञ्ञाय[२]) साक्षात्कार गर्नुभएको धर्मोपदेश सुनाउनु हुन्छ। वहाँले आदिकल्याण,

---

—'श्रमण-ब्राह्मण' भन्नाले बुद्ध धर्मबाट भिन्न सम्प्रदायका श्रमण ब्राह्मणहरूलाई र बुद्ध धर्मानुसार 'पापलाई समन गर्ने 'श्रमणलाई' श्रमण र पापलाई बघाइदिने 'ब्राह्मणलाई' ब्राह्मण भनी भनिएको हो। अर्थात् क्लेशहरू नभएका श्रमण-ब्राह्मणलाई 'श्रमण-ब्राह्मण' भनिएको हो। मनो. र. पू. I. पृ. ४०८: वेनागपुरसुत्तवण्णना, तिकनिपातवण्णना।

'प्रजा' भन्नाले सत्वलोकलाई भनिएको हो भनी उहीं उल्लेख गरेको छ।

१. 'देव-मनुष्य सहित' भन्नाको मतलब यसरी बुझ्नुपर्छ—यहाँ 'देव' भनी राजालाई भनिएको हो। बुद्धधर्मले राजालाई 'सम्मतिदेव' भन्दछ। 'मनुष्य' भनी मनुष्यलाई नै भनिएको हो। 'लोक' भन्नाले उपरोक्त सबैलोकलाई भनिएको हो।

'देव, मार, ब्रह्मा' भन्ने यी तीन पदहरूद्वारा आकाशलोक र सत्वलोकलाई देखाइएको छ; 'श्रमण, ब्राह्मण प्रजा सहित र देवमनुष्य सहित' भन्ने पदद्वारा सत्वलोकलाई देखाइएको छ भनी मनोरथपूरणीले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

**अर्को प्रकारले—**

'देवलोकसहित' भन्नाले अरूपावचर लोकलाई भित्र्याइएको छ; 'मारसहित' भन्नाले छ कामावचर देवलोकलाई ग्रहण गरिएको छ; 'ब्रह्मसहित' भन्नाले रूपावचर ब्रह्मलोकलाई लिइएको छ; 'श्रमण ब्राह्मण प्रजा सहित' भन्नाले चारपरिषद्लाई र 'देव मनुष्य सहित' भन्नाले सम्मतिदेव सहित मनुष्यहरूलाई लिइएको छ। बाँकी सबै सत्वलोक हुन्। मनो. र. पू. I. पृ. ४०८: तिकनिपातवण्णना।

**पुरानाहरूले यसो भन्दछन्—**

'देवसहित' भन्नाले मार सहित अरू बाँकी लोक, 'ब्रह्मसहित' भन्नाले ब्रह्मसहित अरू बाँकी लोकलाई भनिएको हो। यसरी यस सूत्रमा भनिएका सबैकासबैलाई तीनलोक भित्र राखिएको छ। मनो. र. पू. I. पृ. ४०८: तिकनिपातवण्णना, वेनागपुरसुत्तं।

२. अं. अ. क. I. पृ. ४०८.

Downloaded from http://www.dhamma.digital

मध्यकल्याण, पर्यवशानकल्याग हुने[१] धर्मोपदेश गर्नुहुन्छ; अर्थयुक्त[२] ब्यञ्जनयुक्त[२], सबै परिपूर्ण भएको, परिशुद्ध[३] भएको ब्रह्मचर्य[४] प्रकाश पार्नुहुन्छ ।

---

१. वहाँ भगवान्ले सत्वहरू प्रति करुणाको कारणले गर्दा आफ्नो प्रत्यक्ष विमुक्तिसुख ध्यानलाई छाडेर भए पनि धर्मोपदेश गर्नुहुन्छ । चाहे त्यो उपदेश थोरै होस्, चाहे धेरै होस् । सबै उपदेशको शुरुवातको कुरामा सुन्दर, कल्याण तथा निर्दोषपूर्ण कारणहरू भरिएका हुन्छन् । जुनसुकै उपदेशमा पनि वहाँले शुरुमा शीलका कुरा, बीचमा समाधिका कुरा तथा अन्त्यमा प्रज्ञाका कुरा गर्नुहुन्छ । अथवा शुरुमा शीलसमाधिका कुरा, मध्यमा आर्यमार्गका कुरा र अवशानमा निर्वाणका कुरा गर्नुहुन्छ । आदिकल्याण भन्नाले शील, मध्यकल्याण भन्नाले समाधि तथा पर्यवशानकल्याण भन्नाले प्रज्ञालाई भनिएको हो । अथवा आदि भन्नाले शील समाधि विपश्यना, मध्य भन्नाले आर्यअष्टाङ्गिकमार्ग तथा अवशान भन्नाले निर्वाणलाई सँगालेको हुन्छ भनी मनो. र. पू. ले उल्लेख गरेको छ ।

दोषरहित, राम्रो, कल्याणकारी वचन भएकोले 'कल्याण' भनिएको हो । योभन्दा विस्तर अर्थ बुझ्न चाहनेले अं. अ. क. I. पृ. ४०८: तिकनिपातवण्णना, वेनागपुरसुत्तवण्णनामा हेर्नू ।

२–२. जसको उपदेश—यागु, भात, स्त्री-पुरुष सम्बन्धी वर्णना हुन्छ त्यस्तो उपदेशलाई अर्थयुक्त भनिदैन । अर्थात् सात्थं=सार्थक भनिदैन । भगवान्ले चाहिं त्यस्ता प्रकारका कुरालाई पन्छाई चतुसतिपट्ठान

Downloaded from http://www.dhamma.digital

आदि गुणयुक्त कुराहरूमा निश्रित भएको उपदेश गर्नुहुन्छ । त्यसैले यस्ता कुरालाई सार्थक = अर्थयुक्त भनिएको हो ।

जसको उपदेश अथवा भाषणमा एकै व्यञ्जनहरूले मात्र युक्त अथवा निरोष्ठ व्यञ्जनहरूले मात्र युक्त अथवा स्पष्ट बिन्दु (= अनुस्वार) को मात्र उच्चारण भएको **दमिल, किरात, यवन, म्लेच्छ** भाषाहरूमा जस्तै परिपूर्ण व्यञ्जनहरू नभएकोलाई 'अव्यञ्जन' भन्दछन् । त्यस्तो नभई ह्रस्व, दीर्घ, बिन्दु, हलन्त, गुरु, लघु, सन्धि आदिले राम्रो व्यवस्थित भएको भाषण अथवा उपदेश-लाई 'स-व्यञ्जन' भनिन्छ । भगवान्ले चाहिं यी दश अङ्गले युक्त भाषण गर्नुहुन्छ । त्यसैले 'सब्यञ्जनं' = ब्यञ्जन युक्त भनिएको हो ।

"सिथिल धनितञ्च दीघरस्सं,
लहुकगरुकञ्च निग्गहीतं ।
सम्बन्धं ववत्थितं विमुत्तं,
दसधा ब्यञ्जन बुद्धियाप्पभेदो'ति ॥"

यी भनिएका दशब्यञ्जनहरूलाई मलिन नपारी, परिपूर्ण ब्यञ्जन गरी धर्मदेशना गर्ने भएको हुनाले 'ब्यञ्जनयुक्त' भनिएको हो । मनो. र. पू. I. पृ. ४०९: तिकनिपातवण्णना, वेनागपुरसुत्त-वण्णना ।

Downloaded from http://www.dhamma.digital

३. उपक्लेश रहितलाई 'परिशुद्ध' भनिएको हो । लाभसत्कार आदि पाउने इच्छा गरी जसले धर्मोपदेश गर्छ—त्यस्तो धर्मोपदेशलाई अपरिशुद्ध उपदेश भनिन्छ । भगवान्‌ले चाहिं कुनै हालतमा पनि त्यस्तो आशा राखी उपदेश गर्नुहुन्न । बल्कि लोकामिष रहित चित्तले, हितैषी भावनाले, मैत्री भावनाले, मृदुहृदयले, तथा बुझाइदिने करुणा-विचारले उपदेश गर्नुहुन्छ । त्यसैले त्यस्तो देशनालाई परिशुद्ध देशना भनिएको हो । मनो. र. पू. I. पृ. ४०९: तिकनिपातवण्णना, वेनागपुरसुत्तवण्णना ।

४. यहाँ 'ब्रह्मचर्य' भनी शील, समाधि, प्रज्ञा सहित शासनका तीनैवटा शिक्षाहरूलाई भनिएको हो । अथवा श्रेष्ठ चर्या भनिएको हो अथवा श्रेष्ठ हुनु भएका बुद्धादिहरूको चर्यालाई 'ब्रह्मचर्य' भनिएको हो भनी मनो. र. पू. I. पृ. ४०९: तिकनिपातवण्णनाले उल्लेख गरेको छ । यी शब्दहरूका स्पष्टिकरणहरू माथि पृ. ९३ मा वर्णन भएको छ ।

Downloaded from http://www.dhamma.digital

प्रव्रजित हुन्छ – "अनि त्यो धर्मलाई गृहपति वा गृहपति पुत्रले अथवा अरूकुनै कुलमा जन्मेकाले सुन्द छ। धर्म सुनेर उसको मनमा तथागत प्रति श्रद्धा उत्पन्नहुन्छ। श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचारगर्छ - 'घरमा बस्नु बाधापूर्ण छ, रागरूपी मल उत्पन्न-हुन्छ, प्रव्रज्या हुनु खुला आकाश जस्तै हो। घरमा बसेर परिपूर्णरूपले, परिशुद्धरूपले, शंख जस्तै सफागरी ब्रह्मचर्य (=मैथुन ब्रह्मचर्य) पालन गर्नु सजिलो छैन। अतः किन म केश दाह्री क्षौर गरी, घरबाट निस्की अनगारिय[1] भई प्रव्रजित नहूँ।' अनि, पछि उ थोरै वा धेरै भोगसम्पत्ति-लाई[2] छाडी, थोरै वा धेरै ज्ञाति[3] परिवारहरूलाई त्यागी, केश-दाह्री क्षौर गरी कषाय-वस्त्र धारणगरी, घर-बार त्यागी अनगारीय भई प्रव्रजित हुन्छ।

---

१. घरबारलाई 'अगार' भनिन्छ, अथवा कृषी-ब्यापार आदिलाई 'अगार' भनिन्छ। त्यस्तो नहुने 'अनगारीय' हो। त्यसैले प्रव्रज्यात्व-लाई 'अनगारीय' भनिएको हो। मनो. र. पू. II. पृ. ५६५: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णना।

२. यहाँ धेरै वा थोरै भोगसम्पत्ति भनिएकोमा हजारदेखि मनिको सम्पत्तिलाई 'थोरै' र हजारभन्दा बढीलाई 'धेरै' भनिएको हो भनी मनो. र. पू II. पृ. ५६५ ले उल्लेख गरेको छ।

३. यहाँ 'थोरै वा धेरै ज्ञाति' भनेको बीसजनाभन्दा कम ज्ञातिहरूलाई 'थोरै' र बीसजनाभन्दा बढीलाई 'धेरै' भनिएको हो भनी मनो. र. पू. II. पृ. ५६५: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

शीलस्कन्ध—"यसरी प्रव्रजित भएको सो भिक्षु, भिक्षुहरूले जीवनभर पालन गर्नु पर्ने शिक्षा पालन गरी – (१) प्राणीहिंसालाई त्यागी प्राणीहिंसाबाट विरत भई बस्छ। दण्डरहित, शस्त्र रहित, लज्जालु, दयालु तथा सबै प्राणीहरू प्रति हितानुकम्पी भई बस्छ।

(२) "चौरकर्मलाई (अदिन्नादान) त्यागी चौरकर्मबाट विरत भई बस्छ। दिएको मात्र ग्रहणगर्ने, दिएको मात्र प्रतीक्षागर्ने भई बस्छ। यसरी परिशुद्ध भएर बस्छ।

(३) "अ-ब्रह्मचर्यलाई त्यागी ब्रह्मचारी हुन्छ—मैथुनधर्म, ग्रामधर्मबाट टाढा रही मैथुनधर्मबाट विरतभई बस्छ।

(४) "मृषावादलाई त्यागी मृषावादबाट विरत भई बस्छ। सत्यवादी, सत्यमा बसी, लोकलाई झूटो नबोल्ने भई बस्छ।

(५) "चुकुली वाचालाई छाडी, चूकुलीवाचाबाट विरत रहन्छ। यताको कुरा सुनी उता भन्न जान्न—यिनीहरूलाई भेद गराउन (फूट पार्न) कोनिमित्त, उताको कुरा सुनी यता भन्न आउन्न—उनीहरूलाई भेद गराउनकोनिमित्त, बरू भेदभिन्न भएकालाई मिलाउने र मेलमिलाप भएकालाई प्रोत्साहित पार्ने हुन्छ, अनि मेलमिलापमा आनन्दित, मेलमिलापमा रत, मेलमिलापमा खुसी मान्ने र मेलमिलापको कुरा गर्ने हुन्छ।

(६) "परुषवाचा (=चित्तदुख्ने वाचा) लाई त्यागी, परुषवाचाबाट विरत रहन्छ। जुन वाचा निर्दोषपूर्ण हुन्छ—सुन्दा

Downloaded from http://www.dhamma.digital

आनन्द आउने, प्रेमणीय, हृदयङ्गम, शिष्टसम्पन्न, सबैले मन पराउने, सबैले रुचाउने — यस्तो वाचा बोल्नेहुन्छ ।

(७) "सम्प्रलाप (=निरर्थक कुरा) लाई त्यागी, सम्प्रलाप-बाट विरत रहन्छ। कालवादी (=समयोचित बोल्ने), भूतवादी (=तथ्यकुरा बोल्ने), अर्थवादी (=हितको कुरा बोल्ने), धर्मवादी, विनयवादी (=सदाचारको कुरा बोल्ने), निधानवती-वाचा (=मनमा राखिराख्न पर्ने वाचा) बोल्ने हुन्छ। त्यो पनि उचित समयमा कारणदेखाई, अन्त देखाई, अर्थयुक्त कुरा गर्छ ।

(८) "उ विऊहरू[1] (=बीजगाम) र हरियोपनलाई (=भूतगाम) नाश गर्ने कुराबाट अलग रहन्छ ।

Dhamma.Digital

---

१. यहाँ बिऊ (=बीज) हरू पाँचप्रकारका छन् ।

(१) मूलबीज अर्थात् हलेदो अदुवा आदि; (२) स्कन्धबीज अर्थात पीपल र बर आदि; (३) फलबीज अर्थात् उखु, बाँस, निगालो आदि; (४) अग्रबीज अर्थात् तुलसीफूल वा तुलसी आदि (५) बीजबीज अर्थात् धान, गहूँ आदि। यी पाँचैप्रकारका बिऊहरू र कुनै पनि हरियोपन भएको त्रिणादिलाई समेत क्षति पुऱ्याउने काममा लाग्दैन भनी भनिएको हो। मनो. र. पू. II. पृ. ५६६: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णना; दी. नि. अ. क. I. पृ. ५७: ब्रह्मजालसुत्तवण्णना; पाचि. पा. पृ. ५५: भूतगामपातब्बे ।

Downloaded from http://www.dhamma.digital

(९) "**एकछाक खाने हुन्छ। रातपर्नुभन्दा अगावै विकाल-भोजनबाट अलग रहन्छ**[१] ।

---

१. यहाँ 'विकालभोजनबाट अलग रहन्छ' भनी अपराण्ह समयमा खाना नखानेलाई भनिएको हो। बिहानको खाना र संध्याको खाना समेतगरी दुइ प्रमुख खानाहरू छन्। यसमध्ये दिनको मध्याह्न समयसम्म खाने खानालाई 'बिहानको खाना' (=पातरासभत्तं) भनी भनिन्छ र मध्याह्न समयदेखि लिएर अरुणोदय समय भित्रको खानालाई 'संध्याको खाना' (=सायमासभत्तं) भनी भनिन्छ। अतः मध्याह्न समयभन्दा अगाडि जति पटक खाए पनि त्यसलाई एक छाके नै भनिन्छ। यसै कुरालाई लक्षगरी यहाँ 'एक छाक खाने हुन्छ' भनी भनिएको हो। मध्याह्न समयदेखि सूर्यास्तगमन-सम्म खानेलाई 'विकाल भोजन' भन्दछन्। त्यस्तो खानाबाट अलग रहन्छ। मनो. र. पू. II. पृ. ५६६–६७: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णना; दी. नि. अ. क. I. पृ. ५७: ब्रह्मजालसुत्त-वण्णना।

बुद्धको पालामा शुरु शुरुमा 'विकाल भोजन' भन्ने थिएन। दिनको दुइ तीन पटक खाने पनि गर्दथे। अनि क्रमैसँग भगवान्ले 'दिवा विकाल भोजन' र 'रात्री विकाल भोजन' लाई रोक्नु भएको कुरा पपं. सू. III. पृ. १२७: कीटागिरिसुत्तवण्णनाले उल्लेख गरेको छ। त्यस वर्णनाको कथनानुसार भद्दालिसुत्तमा (म. नि. II. पृ. १२०) दिवा-विकाल भोजन र कीटागिरिसुत्तमा (म. नि. II. पृ.

Downloaded from http://www.dhamma.digital

(१०) "नाच-गान-बाजा तथा अन्य प्रदर्शनी हेर्नेबाट पनि अलग रहन्छ।

(११) "माला-गन्ध-लेपन-धारण (=अलंकार लगाउने), मण्डन (=श्रृंगार गर्ने), विभूषणादि बाट पनि अलग रहन्छ।

(१२) "उच्चासन, महासनबाट[१] अलग रहन्छ।

(१३) "सुन (=जातरूप), चाँदी[२] (=रजत=मुद्रा) ग्रहण गर्ने बाट अलग रहन्छ।

---

१६२) रात्री-विकाल भोजनलाई निषेध गरेको कुरा उल्लेख गरेको छ। पपं. सू. III. पृ. १२७: कीटागिरिसुत्तवण्णना। यस्तै गरी पाचि. पा. पृ. १२०: विकालभोजने भन्ने शिक्षापदमा पनि विकालभोजनलाई निषेध गरेको कुरा उल्लेख भएको पाइन्छ।

१. उच्चासन भन्नाले प्रमाण नाघेको आसन र महासन भन्नाले अयोग्य (=अकप्पिय) आसनलाई भनिएको हो। सुमं. वि. I. पृ. ५८: ब्रह्मजालसुत्तवण्णना।

२. यहाँ चाँदी (रजत) भनी मुद्रा=दामलाई भनिएको हो। व्यवहारमा चलाइएका कार्षापणहरूलाई भनिएको हो। जस्तै— फलामेमुद्रा (लोहमासका), लाहाको मुद्रा (जतुमासका) काठेमुद्रा (दारुमासका) आदि। मनो. र. पू. II. पृ. ५६६: अत्तन्तपसुत्त-वण्णना, चतुक्कनिपातवण्णना; दी. नि. अ. क. I. पृ. ५८: ब्रह्म-जालसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

(१४) "काँचा धान्यवर्गहरू[१] ग्रहण गर्नेबाट अलग रहन्छ ।

(१५) "काँचो मासु ग्रहणगर्नेबाट अलग रहन्छ ।

(१६) "स्त्री, कुमारिका ग्रहण गर्नेबाट अलग रहन्छ ।

(१७) "दाश, दाशी ग्रहण गर्नेबाट अलग रहन्छ ।

(१८) "भेडा, बाख्रा ग्रहण गर्नेबाट अलग रहन्छ ।

(१९) "कुखुरा, सुगुर ग्रहण गर्नेबाट अलग रहन्छ ।

(२०) "हात्ती, गाई, घोडा, घोडी ग्रहण गर्नेबाट अलग रहन्छ ।

(२१) "खेत ग्रहण गर्नेबाट अलग रहन्छ ।

(२२) "दौत्य कामहरूबाट[२] अलग रहन्छ ।

(२३) "क्रय-विक्रयबाट अलग रहन्छ ।

---

१. यी सातप्रकारका अन्नहरूलाई धान्यवर्ग भनिएको हो—सालि (=मार्सीधान), वीहि (=साधारण धान) यव (=जौ), गोधूम (=गहूँ) कङ्गु (=कागनू, Panicseed), वरक (=बनमुगी), कुद्रुस (=कोदो) । मनो. र. पू. II. पृ. ५६७; दी. नि. अ. क. I. पृ. ५८.

२. दौत्यकाम भनेको दूतको काम हो । गृहस्थीहरूको पत्रादि लिएर सम्बन्धित ठाउँमा पुऱ्याइ दिने तथा घरघरमा मौखिक खबरहरू पुऱ्याइदिने । मनो. र. पू. II. पृ. ५६७: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णना; दी. नि. अ. क. I. पृ. ५८.

Downloaded from http://www.dhamma.digital

(२८) "तुलाकूट[1] (=तराजुमा छल्ने), कंसकूट[2] (=सुनको भाँडोमा छल्ने), मानकूट[3] (=माना पाथीमा छल्ने) बाट अलग रहन्छ ।

---

१. 'कूट' भनेको छल्नु, कपट गर्नु हो । अतः तराजुहरूमा छल्नु = तुलाकूट हो । चार किसिमबाट यी कपट गरिन्छन् । जस्तै—(१) रूपकूट, (२) अङ्गकूट, (३) ग्रहणकूट तथा (४) प्रतिच्छन्नकूट ।

(१) देखावटमा एकैनास, एकैरूप भएका ढकहरू हुन्छन् । लिंदाखेरि ठूलो वा गरुंगोले लिन्छ । दिंदाखेरि हलुंगोले दिन्छ । यसैलाई 'रूपकूट' भनिएको हो ।

(२) लिंदाखेरि ढक भएकोतिर तराजुको दण्डिमा औंलाले थिच्छ, दिंदाखेरि माल भएकोतिर तराजुको दण्डिमा थिच्छ । यसलाई 'अङ्गकूट' भन्दछन् ।

(३) लिंदाखेरि तराजुको डोरीको तलतिर समात्छ, दिंदाखेरि डोरीको टुप्पोमा समात्छ । यसलाई 'ग्रहणकूट' भन्दछन् ।

(४) तराजुको खोक्रो दण्डीभित्र फलामको धूलो राखेको हुन्छ र लिंदाखेरि दण्डी पछाडितिर पार्छ र दिंदाखेरि अगाडितिर

Downloaded from http://www.dhamma.digital

पार्छ। यसैलाई 'प्रतिच्छन्नकूट' भन्दछन्। मनो. र. पू. II. पृ. ५६७: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णना; दी. नि. अ. क. I. पृ. ५८: ब्रह्मजालसुत्तवण्णना।

२. यहाँ 'कंसकूट' भन्नाले सुनको भाँडोलाई छल्ने भनिएको हो। यहाँ कंस भनी सुनको भाँडोलाई भनिएको हो। (कंसो वुच्चति सुवण्ण-पाति)। यसमा छक्याउनु 'कंसकूट' हो। एउटा सुनको भाँडो बनाएर अर्का दुइतीनवटा भाँडाहरूमा सुनको जलप लगाउँछ। अनि जनपदमा गई कुनै धनाढ्यको घरमा गई सुनको भाँडो देखाउँछ। सुनको भाँडो हो भनी कसरी जान्ने ? भनी सोधिदा कसिमा सुनको भाँडा घोटेर देखाउँछ र बाँकी अरू भाँडाहरू पनि सुनको भाँडा सरह नै राखिदिन्छ। यसलाई 'कंसकूट' भनिएको हो। मनो. र. पू. II. पृ. ५६७; दी. नि. अ. क. I. पृ. ५९.

३. 'मानकूट' (=मानामा छल्ने) भन्नेमा—(१) हृदयभेद, (२) शिखाभेद तथा (३) रज्जुभेद गरी तीनप्रकारका भेदहरू छन्।

(१) यसमध्ये 'हृदयभेद' भन्ने चाहिं घिउ तेल भर्दा प्रयोग गरिन्छ। घिउ तेल भरेर लिंदा तलतिर प्वाल भएको मानोमा भरेर लिन्छ। यसरी लिंदा आफ्नो भाँडोमाथि माना समाती 'बिस्तारैसँग राख' भनी राख्नलगाई प्वालबाट आफ्नो भाँडोमा चुहाउँछ। दिंदाखेरि प्वाल छोपेर चाँडै चाँडै भरेर दिन्छ। यसलाई 'हृदयभेद' भनिन्छ।

Downloaded from http://www.dhamma.digital

**(२५) "घूसलिने[१], वञ्चनागर्ने[२], ठग्ने (=निकति[३]) तथा कुटिलताबाट अलग रहन्छ ।**

**(२६) "छेदन (=हातखुट्टा काट्ने), वध (=मार्ने, पीट्ने), बन्धन (=बाँध्ने), हमलागर्ने, लुट्ने, डाँकामार्ने र साहसिक काम (=जबर्जस्ती, बलात्कार आदि काम) बाट अलग रहन्छ ।**

---

(२) 'शिखाभेद' (=चुच्चोभेद) भनेको चाहिं तील चामल आदि भरेर लिंदा-दिंदा पाइन्छ । लिंदाखेरि विस्तारैसँग राम्ररी क्रुसीपारी लिन्छ र दिंदाखेरि चाँडै चाँडै भरेर राम्ररी क्रुसी नपारिकनै दिन्छ ।

(३) 'रज्जुभेद' (=डोरीको भेद) भनेको चाहिं खेत बारी जग्गा आदि भूमिभागहरू नाप्दा पाइन्छ । घूस नपाउनेले स्यानो जग्गालाई पनि ठूलो क्षेत्रफल गरी नाप्छ र घूस पाउनेले ठूलोलाई पनि स्यानो पारी नाप्छ । मनो. र. पू. II. पृ. ५६९: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णना; दी. नि. अ. क. I. पृ. ५९: ब्रह्मजालसुत्तवण्णना ।

१. यहाँ घूसलिने (उक्कोटन) भनिएको मालिकलाई अमालिक र अमालिकलाई मालिक गराउनकोनिमित्त लिनेदिने घूसलाई भनिएको हो । साँचो कुरालाई क्रूट र क्रूटकुरालाई साँचो ठह्र्याउनकोनिमित्त लिने-दिने घूसलाई पनि यहाँ 'घूसलिने' भनिएको हो । मनो. र. पू. II. पृ. ५६८: दी. नि. अ. क. I. पृ. ५९.

Downloaded from http://www.dhamma.digital

२. त्यस त्यस उपायद्वारा अर्कालाई छल्कपट गरी वञ्चना वा छक्याउने कामलाई यहाँ 'वञ्चना' भनिएको हो। जस्तै—एक शिकारी, एक मृग र मृगको बच्चा लिएर जाँदै थियो। अनि एक धूर्तले देखी 'हे पुरुष ! मृगको कतिमोल पर्छ र मृगको बच्चाको कति पर्छ' भनी सोध्यो। शिकारीले 'मृगलाई दुइ कार्षापण र मृग बच्चाको एक कार्षापण' भनी भन्यो। अनि धूर्तले एक कार्षापण दिई मृग बच्चा लिएर केहीछिन गइसके पछि फर्केर—'हे पुरुष ! मलाई मृग नै देऊ' भनी भन्यो। 'त्यसोभए दुइ कार्षापण देऊ' भनी उसले भन्यो। अनि धूर्तले 'मैले तिमीलाई पहिले एक कार्षापण दिएको छु, होइन ?' 'हो' भनी उसले जवाफ दियो। अनि धूर्तले 'एक कार्षापण मैले पहिले नै दिएको छु, अब एक कार्षापण जाने यो मृग बच्चा पनि लेऊ र जम्मा दुइ कार्षापण हुनेछ' भन्यो। उसले पनि 'ठीकै हो' भनी मृगको बच्चा लिई मृगलाई दियो। यसरी छल्नु वा झुक्याउनुलाई यहाँ 'वञ्चना' भनिएको हो। मनो. र. पू. II. पृ. ५६८; दी. नि. अ. क. I. पृ. ५९.

३. ठगविदद्याद्वारा मोहित गराई वा भूलमा पारी अमणिलाई मणि, असुवर्णलाई सुवर्ण भनी नक्कली माल दिनेलाई यहाँ 'ठग्ने' (=निकति) भनिएको हो। मनो र. पू. II. पृ. ५६८; दी. नि. अ. क. I. प. ५९.

Downloaded from http://www.dhamma.digital

सन्तुष्टिता—"उ शरीरभरको चीवरले सन्तुष्ट[1] रहन्छ, पेट-भरको भोजनले सन्तुष्ट रहन्छ। जहाँ जहाँ जान्छ पात्र-चीवर[2] साथमा

---

१. यहाँ 'सन्तुष्ट' भनी – चीवर, भोजन, शयनासन र भैषज्य प्रत्यय-हरूमा सन्तोष भएर बस्नेलाई भनिएको हो।

कसरी सन्तोष हुन्छ ? (१) यथालाभ सन्तोष हुन्छ, (२) यथाबल सन्तोष हुन्छ, (३) यथासारुप्य (=यथायोग्य) सन्तोष हुन्छ। माथि लेखिएका चीवर आदि चारैवटामा यी तीन तीन प्रकारले हिसाब लगाउँदा जम्मा बाह्र प्रकारका सन्तोषहरू हुन्छन्। (मनो. र. पू. I. पृ. ४४: एककनिपातवण्णना; II. पृ. ४८८: अरियवंससुत्तवण्णना, चतुक्कनिपातवण्णना; पपं. सू. II. पृ. ११७: रथविनीतसुत्तवण्णना)

(१) चीवर सम्बन्धी यथालाभ सन्तोष भनेको चाहिं— 'यहाँ, भिक्षुलाई राम्रो वा नराम्रो चीवर लाभहुन्छ। उ त्यही चीवरबाट सन्तोष हुन्छ। अर्को खोजी गर्दैन, लाभ भए पनि स्वीकार गर्दैन' भनी उल्लेख भए अनुसार सन्तोष हुनेलाई यहाँ 'यथालाभ सन्तोष' भनिएको हो।

(२) स्वभावले नै कमजोर वा बिरामी भएको भिक्षुले गरुँगो चीवर पारुपनगर्दा कष्ट हुने भएकोले उसले आफूसमान भिक्षुसँग अर्को चीवर साटेर लिई त्यसबाट उ सन्तोष रहन्छ। यस्तालाई यहाँ 'यथाबल सन्तोष' भनिएको हो।

(३) अर्कोचाहिंले उत्तम उत्तम चीवरहरू पाएको हुन्छ। उसले आफूले पाएको असल असल चीवरहरू 'यो चीवर वयोवृद्ध

Downloaded from http://www.dhamma.digital

भिक्षुलाई योग्यछ, यो चीवर बहुश्रुत भिक्षुलाई योग्यछ, यो चीवर रोगी भिक्षुलाई योग्यछ, यो चीवर अल्पलाभी भिक्षुलाई योग्यछ' भनी उनीहरूलाई बाँडीदिई उनीहरूका पुराना चीवरहरू लिई अथवा धूलोफ्याक्ने ठाउँहरूमा फ्याकी राखेका कपडाका टुक्राहरू बटुली ल्याई त्यसबाट चीवर सिई, त्यसबाट सन्तोष रहन्छ। यस्तालाई यहाँ 'यथासारुप्य सन्तोष' भनिएको हो।

उपरोक्त तीन प्रकारले भोजन, शयनासन र भैषज्यं आदि-हरूमा पनि बुझ्नु पर्छ। (मनो. र पू. I. पृ. ४५: एककनिपात-वण्णना; पपं. सू. II. पृ. ११७: रथविनीतसुत्तवण्णना)

यी सन्तुष्टिहरूको सम्बन्धमा मनो. र. II. पृ. ४८८: अरियवंससुत्तवण्णना, चतुक्कनिपातले अझ विस्तृतरूपले वर्णन गरेको छ।

चीवरको सम्बन्धमा—(१) चीवर भनेको बुझ्नुपर्छ, (२) चीवर क्षेत्र भनेको बुझ्नुपर्छ, (३) पंसुकूल भनेको बुझ्नुपर्छ, (४) चीवर-सन्तोष भनेको बुझ्नुपर्छ, (५) चीवर अन्तरगत धुतङ्गहरू पनि बुझ्नुपर्छ। चीवर सम्बन्धी बीस (२०) प्रकारका सन्तोषका कुराहरू पनि उहीं वर्णन भएका छन्। चीवर भनेको कस्तो हो भन्ने आदि कुराहरू पनि उहीं उल्लेख भएका छन्।

पिण्डपात्र अर्थात् भिक्षा भोजनको सम्बन्धमा पनि—(१) भिक्षा भोजन भनेको बुझ्नुपर्छ, (२) भिक्षा भोजनको क्षेत्र बुझ्नुपर्छ, (३) भिक्षा भोजन-सन्तोष भनेको बुझ्नुपर्छ, (४) भिक्षा भोजन अन्तरगत धुतङ्गहरू पनि बुझ्नुपर्छ। अनि भिक्षा भोजन

Downloaded from http://www.dhamma.digital

भनेको कस्तो हो भन्ने आदि कुराहरू पनि उहीं विस्तृतरूपले उल्लेख गरिएको छ। (मनो. र. पू. II. पृ. ४९१: चतुक्कनिपातवण्णना; अरियवंससुत्तं)

शयनासनको सम्बन्धमा पनि—(१) शयनासन भन्ने बुझ्नुपर्छ, (२) शयनासन-क्षेत्र बुझ्नुपर्छ, (३) शयनासन-सन्तोष भनेको बुझ्नुपर्छ, (४) शयनासन अन्तरगत धुतङ्ग पनि बुझ्नुपर्छ। अनि शयनासन भनेको क-कस्तो हो भन्ने आदि कुराको पष्टिकरण पनि उहीं (मनो. र. पू. II. पृ. ४९३ मा) उल्लेख भएको छ।

भैषज्य सम्बन्धी कुराहरू भिक्षा भोजन-सम्बन्धमा जस्तै बुझ्नुपर्छ।

२. भिक्षुहरूको अष्टपरिष्कारलाई यहाँ 'पात्र-चीवर' भनिएको हो। जस्तै—

"तिचीवरञ्च पत्तो च, वासि सूचि च बन्धनं।
परिस्सावनेन अट्ठेन, युत्तयोगस्स भिक्खुनो'ति ॥"

अर्थात्—"निम्न आठ परिष्कारहरू योगी भिक्षुहरूका हुन्छन्—तीन चीवरहरू, भिक्षापात्र, दतिवन काट्ने चक्कु (दन्तकट्ठछेदनवासि), सियो, कायबन्धन (=पटुका वा कमर-पेटी), पानी छान्नी।"

माथि सूत्रमा जुन 'शरीरभरको चीवरले' (काय परिहारिकेन चीवरेन) भन्ने उल्लेख भएको छ—यसको पष्टिकरण मनो. र. पू. II. पृ. ५६९: अत्तन्तपसुत्तवण्णना, चतुक्कनिपात-वण्णनामा गरिएको छ।

Downloaded from http://www.dhamma.digital

उपरोक्त अष्टपरिष्कार, सन्तोषी भिक्षुको परिष्कार हो । योभन्दा बढी परिष्कारहरू हुने भिक्षुहरू पनि छन् । जस्तै––नौवटा परिष्कारहरू हुने (अष्टपरिष्कार सहित वछ्याउने कपडा वा ताल्चा सहित), दशवटा परिष्कारहरू हुने (बस्ने छालाको आसन सहित), एघाह्रवटा परिष्कारहरू हुने (लौरो वा तेलको भाँडो सहित), ब्राह्रवटा परिष्कारहरू हुने पनि छन् (छाता वा चप्पल सहित) । यिनीहरूमध्ये अष्टपरिष्कार मात्र हुनेलाई 'सन्तोषी' र अरूलाई 'असन्तोषी' भनिएको होइन । यस सूत्रमा चाहिं अष्ट-परिष्कारले युक्तहुने भिक्षुलाई 'सन्तोषी' भनिएको हो ।

यी अष्टपरिष्कार हुने भिक्षु चाहिं चक्कु, सियो र पानी-छान्नी पात्रभित्र राखी, पात्र काँधमा झुण्ड्याई, तीन चीवरहरू शरीरमा आबद्धगरी जहाँ गएता पनि पक्षिझैं कुनै अल्झो विना यत्तिकैले जान्छ । फर्केर अरू वस्तुहरू लिइरहनु पर्ने हुन्न । यसरी हलुँगोवृत्तिको हुन्छ । त्यसैले माथि सूत्रको अगाडि चराको निदर्शन दिइएको हो । (मनो. र. पू. II. पृ. ५६९–७०)

जस्तै चराहरू फलफलेका रूखमा गई फल खाइसकेपछि 'यो भोलिलाई' भनी त्यहाँ बस्दैनन्, त्यहाँबाट उडेर जाँदा पनि निरपेक्ष भइकनै जहाँ इच्छा हुन्छ त्यहाँ उडेर जान्छन् । त्यस्तैगरी सन्तोषी भिक्षु पनि पात्र-चीवर लिएर हिड्छ । अरू कुनै वस्तुमा उसको आशाचित्त बाँधिएको हुन्न । यस्तै भिक्षुलाई 'शरीरभरको चीवरले सन्तुष्ट...' भनी सूत्रमा भनिएको हो । मनो. र. पू. II. पृ. ५७०: चतुक्कनिपातवण्णना, अत्तन्तपसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

लिएर जान्छ । जस्तै—चरा, पक्षीहरू जहाँ जहाँ जान्छन् त्यहाँ त्यहाँ आफ्नो पक्षभार ( =पखेटा ) लिएर नै उड्छन् । यस्तै गरी त्यो भिक्षु पनि शरीरभरको चीवरले सन्तुष्ट हुन्छ, पेटभरको भोजनले सन्तुष्ट हुन्छ र जहाँ गए पनि आफ्नो पात्र-चीवर साथमा लिएर हिड्छ । यी आर्यशीलस्कन्धले युक्त भई उ आफूमा निरवद्य सुखको अनुभव गर्छ ।

**इन्द्रियसंवर**—(१) "उ चक्षुले रूप हेर्दा निमित्तग्राही हुन्न, ...[१] चक्षुरिन्द्रिय वशमा राख्छ । (२) श्रोतले शब्द सुन्दा निमित्तग्राही हुन्न,...श्रोतेन्द्रिय वशमा राख्छ । (३) घ्राणले गन्ध सुँध्दा निमित्तग्राही हुन्न,...घ्राणेन्द्रिय वशमा राख्छ । (४) जिह्वाले रसास्वादन गर्दा निमित्तग्राही हुन्न,...जिह्वेन्द्रिय वशमा राख्छ । (५) कायले स्पर्श गर्दा निमित्तग्राही हुन्न,.. कायेन्द्रिय वशमा राख्छ । (६) मनले मनको विषय जान्दा निमित्तग्राही हुन्न,...[१] मनेन्द्रिय वशमा राख्छ । यी आर्य-इन्द्रियसंवरले युक्त भई उ आफूमा निर्मल सुखको अनुभव गर्छ ।

**सम्प्रजन्यकारी**—"जाँदा वा आउँदा उ सचेत भई होस राखेर हिंड्छ,...[२] कुरा गर्दा र चुपलागेर बस्दा सचेत भई होस राखेर (=सम्पजानकारी) बस्छ ।

---

१–१. यहाँ बीच बीचमा खाली भएका ठाउँहरूका कुराहरू जम्मै लेखकको बु. प. भा–१, पृ. २८५–८७ सम्ममा लेखिएका कुराहरू जस्तै हुन् । अतः उहीं हेर्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. २८७ को 'सम्प्रजन्यता'मा हेर्न ।

Downloaded from http://www.dhamma.digital

**पञ्चनीवरण**—"यी आर्यशीलस्कन्धले युक्त भई उ...[१] मुख अगाडि स्मृति राखी बस्छ। उसले (१) अभिध्यालाई हटाई,...[१] (२) ब्यापादलाई हटाई,...[१] (३) थीनमिद्धलाई हटाई,...[१] (४) उद्धच्च-कुक्कुच्चलाई हटाई,..[१] (५) विचिकित्सालाई हटाई, निस्सन्देही भई, कुशल धर्ममा यो कस्तो हो, यो कस्तो हो भन्न नपर्ने (=कथंकथी) भई, शंकाबाट चित्त परिशुद्ध पार्छ।

**प्रथमादिध्यान**—"अनि उ, यी पञ्चनीवरणहरूलाई त्यागी,...[२] प्रथमध्यान प्राप्तगरी बस्छ,...[३] द्वितीयध्यान प्राप्तगरी बस्छ...[४] तृतीयध्यान प्राप्तगरी बस्छ।...[५] चतुर्थध्यान प्राप्तगरी बस्छ।

---

१. यहाँका खालि ठाउँहरूका कुराहरू जम्मै लेखकको बु. प. भा–१, पृ. २८७ को 'सम्प्रजन्यता' र 'पञ्चनीवरण'मा हेर्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. २८८ मा उल्लेख भएका छन्।

३. यहाँका बाँकी कुराहरू पनि लेखकको बु. प. भा–१, पृ. २८९ मा उल्लेख भएका छन्।

४. यहाँका बाँकी कुराहरू पनि उक्त पृ. २८९ मा नै हेर्नू। अथवा यी जम्मै कुराहरू माथि पृ. २०३ गोपकमोग्गल्लानमा हेर्नू।

५. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. २८९ मा उल्लेख भए जस्तै पढ्नू अथवा माथि पृ. २०३ मा जस्तै पढ्न।

Downloaded from http://www.dhamma.digital

**पूर्वानुस्मृति**—"यसप्रकार समाहित चित्त भएपछि; ...—[१] उसले पूर्वजन्मका कुराहरू स्मरणहुने ज्ञानतिर चित्त झुकाउँछ। अनि उसले अनेकप्रकारले पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। जस्तै—एकजन्म, ...[१]। यसरी आकार सहित, उद्देश्य सहित अनेकप्रकारले पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ।

**च्युति-उत्पत्ति-ज्ञान**—यसप्रकार समाहित चित्त भएपछि...[२] —उसले प्राणीहरूको च्युति तथा उत्पत्ति जान्ने ज्ञानतिर चित्त झुकाउँछ। त्यसपछि उसले विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका, ...[२] सुगति दुर्गतिमा उत्पन्न भएका प्राणीहरू पनि जान्दछ, देख्दछ।

**आस्रवक्षय-ज्ञान**—"यसप्रकार समाहित चित्त भएपछि...[३] —उसले आस्रवक्षय हुने ज्ञानतिर चित्त झुकाउँछ। अनि उसले... 'यो दुःख हो' भनी...यथार्थत जान्दछ। यसप्रकार जानिसकेपछि, देखिसकेपछि उसको चित्त कामास्रवबाट पनि विमुक्त हुन्छ, ...[३] अब उप्रान्त अर्कोजन्म लिनुपर्ने हेतु छैन भन्ने पनि ज्ञान हुन्छ।

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. २९० मा उल्लेख भए जस्तै पढ्नू अथवा माथि पृ. १९८ मा जस्तै पढ्नू (गोपक)।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. २९१ मा उल्लेख भए बमोजिम पढ्नू।

३. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. २९२ मा उल्लेख भए जस्तै पढ्नू।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यसैलाई भन्दछन्—आफूलाई पनि ताप नदिने र आफूलाई तापदिने काममा पनि नलाग्ने; अर्कालाई पनि ताप नदिने र अर्कालाई तापदिने काममा पनि नलाग्ने – जो आफूलाई पनि ताप नदिई, अर्कालाई पनि ताप नदिई यसै जीवनमा आफूबाट तृष्णा दूरगरी, निर्वृत्त भई, शीतल भई, प्रत्यक्ष सुखानुभवगरी श्रेष्ठ-भई विहार गर्ने पुद्गल ।"

## घोटमुख ब्राह्मणको शरणागमन

यस्तो भन्दा, घोटमुख ब्राह्मणले आयुष्मान् उदेनलाई यस्तो भने—"धन्य हो, भो उदेन ! धन्य हो, भो उदेन !! भो उदेन ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो बताईदिंदा वा अन्धकारमा तेलको दियो राखिदिंदा आँखा हुनेले रूप देख्दछ—त्यस्तैगरी तपाइ उदेनले मलाई अनेक पर्यायले धर्म प्रकाश पारिदिनु भयो । अब म तपाइ उदेनको शरणमा पर्छु तथा धर्म र सङ्घको पनि । आजदेखि तपाइ उदेनले जीवनभर शरणमा आएको उपासक हो भनी मलाई स्वीकार गर्नुहोस् ।"

## जति टाढा भए पनि बुद्धकहाँ जाने थिएँ

"ब्राह्मण ! तिमी मेरो शरणमा नजाऊ । उनै भगवान्को शरणमा जाऊ जसको शरणमा म गएको छु ।"

Downloaded from http://www.dhamma.digital

"भो उदेन ! त्यसोभए अहिले वहाँ आदरणीय गौतम, अरहत् सम्यक् सम्बुद्ध कहाँ बस्नुभएको छ त ?"

"ब्राह्मण ! अहिले, वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध परिनिर्वाण भइसक्नु भयो ।"

"भो उदेन ! यदि वहाँ आदरणीय गौतम, दशयोजन टाढा हुनुहुन्छ भन्ने सुनेको भए, वहाँ आदरणीय गौतम, अरहत् सम्यक् सम्बुद्धको दर्शनार्थ हामी दश योजन भएपनि जाने थियौं । भो उदेन ! यदि वहाँ आदरणीय गौतम बीस योजन टाढा हुनुहुन्छ भन्ने सुनेको भए,...बीस योजन...चालीस योजन...पचास योजन टाढा हुनुहुन्छ भन्ने सुनेको भए, वहाँ आदरणीय गौतम, अरहत् सम्यक् सम्बुद्धको दर्शनार्थ हामी पचास योजन भएपनि जाने थियौं । भो उदेन ! यदि वहाँ आदरणीय गौतम, शय योजन टाढा हुनुहुन्छ भन्ने सुनेको भए, वहाँ आदरणीय गौतम, अरहत् सम्यक् सम्बुद्धको दर्शनार्थ हामी शय योजन भएपनि जाने थियौं ।

"भो उदेन ! अब वहाँ आदरणीय गौतम परिनिर्वाण भइसक्नु भयो तथापि हामी परिनिर्वाण भइसक्नु भएका वहाँ आदरणीय गौतमको शरणमा जान्छौं, धर्म र सङ्घको पनि । आजदेखि तपाइ उदेनले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

Downloaded from http://www.dhamma.digital

# घोटमुख ब्राह्मणले दानशाला बनाइदिए

"भो उदेन ! ममा अङ्गराजाले दिनदिनै दिने नित्य भिक्षा छ । तपाइ उदेनलाई त्यसबाट म नित्य एक भिक्षा दिन्छु ।"

"ब्राह्मण ! अङ्गराजाले तिमीलाई दिनदिनै नित्यभिक्षा के दिन्छन् त ?"

"भो उदेन ! पाँचशय कार्षापण ।"

"ब्राह्मण ! हामीले सुनचाँदी मुद्रा ग्रहण गर्नु योग्य छैन (न कप्पति) ।"

"यदि तपाइ उदेनलाई योग्य हुन्नभने तपाइ उदेनलाई विहार बनाइदिने छु ।"

"ब्राह्मण ! यदि तिमी मलाई विहार बनाइदिन चाहन्छौ भने, पाटलीपुत्रमा (हाल पटना) सङ्घकोनिमित्त उपस्थानशाला (=भोजनालय) बनाऊ ।"

"भो उदेन ! यस कुराबाट त म झन् सन्तुष्टभएँ, खुशीभएँ जो कि तपाइ उदेनले सङ्घकोनिमित्त दानदिन लगाउनु हुन्छ । भो उदेन ! सो मैले यो नित्यदानद्वारा र अर्को पनि नित्यदानद्वारा पाटलीपुत्रमा सङ्घकोनिमित्त उपस्थानशाला बनाउन लगाउनेछु ।"

Downloaded from http://www.dhamma.digital

अनि घोटमुख ब्राह्मणले, यो नित्यभिक्षा र अर्को पनि नित्य-भिक्षाद्वारा पाटलीपुत्रमा सङ्घकोनिमित्त उपस्थानशाला बनाउन लगाए[१] । जसलाई आजकल पनि 'घोटमुखी' भन्दछन् ।

---

१. उपस्थानशाला बनाई उदेन स्थविरको आश्रयमा बसी पुण्यहरू गर्दागर्दै घोटमुख ब्राह्मणको मृत्यु भयो । त्यसपछि उनी स्वर्गलोकमा उत्पन्न भए । स्वर्गमा उत्पन्न भएपछि उनले 'के गरेर म स्वर्गमा आइपुगेको रहेछु' भनी विचार गरी हेर्दा सबै कुरा यथार्थत बुझे । अनि त्यो भोजनशाला पुरानो भएपछि त्यसको जीर्णोद्धार गर्नकोनिमित्त सङ्घहरू एकत्रित भइरहेको वेलामा सो घोटमुख देवपुत्र मनुष्य भेष लिएर आई—"भन्ते ! सङ्घहरू किन भेला भइरहेका हुन् ?" भनी सोध्दा "भोजनालय जीर्णोद्धार गर्नकोनिमित्त" भन्ने कुरा सुनी "यो शाला कसले बनाएको नि ?" भनी सोध्दा "घोटमुख ब्राह्मणले" भन्ने जवाफ सुनेपछि "अब उनी कहाँ गए त ?" भनी भन्दा "मरिसके" भन्ने कुरा बताए । अनि सो देवपुत्रले —"उनका कुनै ज्ञातिहरू छैनन् त ?" भनी सोध्दा "उनकी एक बहिनी छे" भनी भने । "त्यसोभए उसलाई बोलाउन पठाउनु होस्" भनी भने । अनि उसलाई बोलाई ल्याएपछि सो भेषधारी पुरुषले उसलाई "म तिम्रो भ्राता (दाइ) घोटमुख ब्राह्मण हुँ, यो शाला

Downloaded from http://www.dhamma.digital

बनाएको फलले म स्वर्गमा उत्पन्न भएँ। फलाना फलाना ठाउँमा मैले धन राखेको छु, त्यो लिएर यो शालाको जीर्णोद्धार गरेर अरू धनद्वारा वालकहरूको पनि भरणपोषण गर" भनी भिक्षु सङ्घलाई वन्दना गरी देवलोकमै फर्केर गए। पपं. सू. III. पृ. २८४–८५. घोटमुखसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

# ६. जाणुस्सोणि ब्राह्मण

## परिचय

कोशल देशका प्रसेनजित् कोशल राजाका चङ्की, तारुक्ख (=तारुक्ष), पोक्खरसाती (=पुष्करसाती वा पौष्करसाती), जाणुस्सोणि (जानुस्सोणि) तथा तोदेय्य भन्ने पाँचजना प्रसिद्ध पुरोहित ब्राह्मणहरू थिए[1]। यिनीहरूमध्ये जाणुस्सोणि ब्राह्मण पनि एक हुन् र यिनी श्रावस्तीवासी थिए[2]।

जसरी प्रसेनजित् कोशल राजाले चङ्की ब्राह्मणलाई कोशल राज्यको ओपसाद गाउँ दिएका थिए[3], पोक्खरसाती ब्राह्मणलाई

---

१. पपं. सू. III. पृ. २९६: वासेट्ठसुत्तवण्णना; सुत्त. नि. अ. क. पृ. ३७९: वासेट्ठसुत्तवण्णना तथा लेखकको बु. ब्रा. भा–१, पृ. १८५.

२. दी. नि. अ. क. I. पृ. २६२: तेविज्जसुत्तवण्णना।

३. पपं. सू. III. पृ. २८५: चङ्कीसुत्तवण्णना अथवा लेखकको बु. ब्रा. भा–१, पृ. १८७.

Downloaded from http://www.dhamma.digital

उक्कट्ठा नगर[1] अथवा उक्कट्ठ नगरको शुभगवन दिएका थिए[2], तोदेय्य ब्राह्मणलाई तुदु गाउँ दिएका थिए[3] र लोहिच्च ब्राह्मणलाई सालवतिका गाउँ दिएका थिए[4]—त्यसरी नै जाणुस्सोणि ब्राह्मणलाई कुनै भूसम्पत्ति प्रदान गरेको कुरा पालिसाहित्यमा कतै उल्लेख भएको पाइँदैन। यी जाणुस्सोणि ब्राह्मण स्वयं असी कोटी (८०,००,००,०००) धनसम्पत्तिका मालिक[5] भएकाले पनि यसो भएको हुनुपर्दछ।

जाणुस्सोणि भन्ने नाम चाहिं आमा-बाबुहरूले राखेको नाम होइन। यो त राजाले दिएको पुरोहित खान्दानी पदको नाम हो भनी अट्ठकथाहरूले उल्लेख गरेका छन्[6]। प्रसेनजित् कोशल राजाका

---

१. दी. नि. अ. क. I. पृ. १७१: अम्बट्ठसुत्तवण्णना अथवा लेखकको बु. ब्रा. भा–१, पृ. २८१.

२. पपं. सू. III. पृ. ३०६: सुभसुत्तवण्णना अथवा लेखकको बु. ब्रा. भा–१, पृ. २८१.

३. पपं. सू. IV. पृ. १६०: चुल्लकम्मविभङ्गसुत्तवण्णना (सुभसुत्त-वण्णना) अथवा लेखकको बु. ब्रा. भा–१, पृ. २२०.

४. दी. नि. I. पृ. १९१: लोहिच्चसुत्तं।

५. सं. नि. अ. क. II. पृ. ५७: जाणुस्सोणिसुत्तवण्णना, गहपतिवग्गो-पञ्चमो।

६. सं. अ. क. II. पृ. ५७; पपं. सू. I. पृ. ९९: भयभेरवसुत्तवण्णना; मनो. र. पू. I. पृ. ३०८: दुकनिपातवण्णना; सुत्त. नि. अ. क. पृ. ३८०: वासेट्ठसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

पुरोहित ब्राह्मणहरूमध्ये यी जाणुस्सोणि ब्राह्मण विशिष्टतर छन् भन्ने कुरा उनको पहिराई, बसाई, रथवाहन तथा गमनागमन लीलाको वर्णन-बाट बुझ्न सकिन्छ ।

## जाणुस्सोणि ब्राह्मणको गमनलीला

छ छ महीनाको एक एक पल्ट श्रावस्ती नगर प्रदक्षिणा गर्नको-निमित्त जाणुस्सोणि ब्राह्मण उनको प्रासादबाट बाहिर निस्कने कुरा संयुत्तनिकायट्ठकथा र मज्झिमनिकायट्ठकथाहरूले उल्लेख गरेका छन् । नगर प्रदक्षिणा गर्ने दिन निश्चय गरिसकेपछि 'अमुक दिनमा अमुक समयमा जाणुस्सोणि ब्राह्मण श्रावस्ती नगर प्रदक्षिणा गर्नकोनिमित्त बाहिर आउने छन्' भनी घोषणा पहिले नै गरिन्छ । यो घोषणा सुनेपछि जो नगरबाट बाहिर गएका हुँदैनन् तिनीहरू बाहिर जान्नन् र जो बाहिर गइसकेका हुन्थे तिनीहरू पनि 'पुण्यवान्को श्रीसम्पत्ति हेर्नुपर्छ' भन्दै फर्केर आउँथे । जुनदिन जाणुस्सोणि ब्राह्मण नगरमा घुम्ने हो सो दिनको विहान सबेरै नगर बढारी, बालुवा छर्नलगाई, पञ्चलाजपुष्पहरू छरी सुवर्ण घटहरू ठाउँठाउँमा राखी, केराका बोटहरू र ध्वजा पताका-हरू समेत फहराई नगरभरी सुगन्धित धूपहरू बाली सुवासित पार्दथे । अनि विहान सबेरै नुहाई, विहानको भोजन गरिसकेपछि सबैकासबै सेता वस्त्रहरू पहिरी, सेता उत्तरासङ्ग ओढी, सेता मालाहरू लगाई, दश औंलाहरूमा दशवटा चाँदीका औंठीहरू र कानमा सेता कुण्डलहरू लगाई सेतो फेटा बाँधी, प्रासादबाट ओर्ली निस्कर सेता चारओटा घोडीहरूले

Downloaded from http://www.dhamma.digital

सजाइएको, सबै सेता अलङ्कारहरूले सजाइएको, सेतो 'अलङ्कार रथमा' जाणुस्सोणि ब्राह्मण बस्दथे। उनका दशहजार परिवारहरू पनि निक्खर सेता वस्त्रहरू तथा सेता अलङ्कारहरूले सुभूषित भएका हुन्थे। अनि ती सेता वस्त्र तथा सेता अलङ्कारहरूद्वारा सुभूषित भएका ती ब्राह्मणहरूले सेता मालाहरू तथा सेता वस्त्रहरूका साथ सेता छत्रहरू ओढी उनलाई परिवृत्त गर्थे। अरू महाजनहरू भेला गराउने उद्देश्यले सर्वप्रथम केटा-केटीहरूलाई फलफूलहरू बाँडी दिन्थे। त्यसपछि पैसाहरू र रुपैंयाँहरू छरिदिन्थे। महाजनहरू एकत्रित हुन्थे। भेला भएका सबैले आकाशतिर आ-आपनो पगरी हुत्याई हुत्याई जाणुस्सोणि ब्राह्मणको जय जयकार गर्थे र जय जयकारको शब्दले आकाश गुञ्जायमान हुनथाल्थ्यो। अनि मङ्गल भएको श्रावस्ती नगरमा सुमङ्गल गर्दै जाणुस्सोणि ब्राह्मण महत् श्रीलीलाले नगर प्रदक्षिणा गर्थे। मानिसहरू एकतले दुइतले आदि घरको माथि गई सुगाको प्वाँख जस्ता झ्यालहरू उघारी हेर्थे र जाणुस्सोणि ब्राह्मणको रथलाई 'ब्रह्मरथ' भनी प्रशंसा गर्थे। ब्राह्मण पनि आपनो यशश्री देखाउँदै नगर जम्मै प्रदक्षिणा गरी दक्षिणद्वारतिर लाग्दथे[१]। उनको यो रथ-यात्राको वर्णन अगाडि अनुदित मूल सूत्रमा पनि उल्लेख भएको छ।

---

१. सं. नि. अ. क. III. पृ. १०९–१०: जाणुस्सोणिब्राह्मणसुत्तवण्णना, मग्गसंयुत्तं; पपं. सू. II. पृ. १६१–६२: चूलहत्थिपदोपमसुत्त-वण्णना।

Downloaded from http://www.dhamma.digital

# जाणुस्सोणि ब्राह्मणको बुद्धसँग सत्संगत

एकदिन, पूर्णिमाको दिनमा शीर नुहाई भिजेको कुशको मुट्ठो हातमा लिई, नयाँ रेशमी कपडा लगाई बुद्धको अगाडि उभिइरहेका जाणुस्सोणि ब्राह्मणलाई बुद्धले देख्नुभयो। अनि प्रश्न सोध्नु भई बुद्धले उनीसँग छलफल गर्नुभएको थियो। यो थियो जाणुस्सोणि ब्राह्मणको बुद्धसँगको पहिलो भेट। यस भेटमा ब्राह्मणहरूको प्रत्याव-रोहणीको सम्बन्धमा कुरा चलेको थियो। यस्तैगरी दोश्रो पटकको भेटमा आर्यप्रत्यावरोहणीको सम्बन्धमा कुरा चलेको थियो। तेश्रो पटक जब यिनले बुद्धसँग भेटे तब यिनले बुद्धलाई कसैले दानदिन चाहन्छ भने त्रिविद्या हुने ब्राह्मणहरूलाई दान दिनुपर्छ भनी भनेका थिए। चौथो पटकको भेटमा मृत्यु देखेर नडराउने यो संसारमा कुनै छैन भनी यिनले बुद्धसँग आफ्नो विचार प्रकट गरेका थिए। पाँचौ पटक मनमा घमण्डलिई बुद्धकहाँ गई जब यिनले प्रश्न सोधे तब बुद्धले यिनको घमण्ड तोडने विचारले यिनले नबुझ्नेगरी जवाफ दिनुभएको थियो र अन्तमा जाणुस्सोणि ब्राह्मण लाचार भई विनम्र भएका थिए। त्यसपछिको छैटौं भेटमा जिज्ञासापूर्वक यिनले बुद्धसँग 'कसरी दानदिंदा पितृहरूले पाउन सक्छन् ?' भन्ने विषयमा प्रश्न सोधेका थिए। सातौं पटकको भेटमा चाहिं 'बुद्धले कस्तो भन्दा रहेछन्' भन्ने विचारगरी यिनले "यो लोकमा क-कसले क-कस्तो इच्छा गर्छन् ?" भनी प्रश्न सोधेका थिए। यति सत्संगत भइसकेपछि एकदिन, जाणुस्सोणि ब्राह्मणको मनमा "हामी ब्राह्मणहरू अठचालीस (४८) वर्षसम्म ब्रह्म-

Downloaded from http://www.dhamma.digital

चारी भई अध्ययन गर्छौं । यी श्रमण **गौतमले** त्यस्तो गरेका छैनन् । अतः यिनले आफूलाई ब्रह्मचारी भन्छन् वा भन्दैनन् ?" भन्ने लागेपछि यिनी **आठौं पटक** बुद्धकहाँ गई "तपाइले पनि आफूलाई ब्रह्मचारी भन्नुहुन्छ ?" भनी प्रश्न सोधेका थिए । यसपछि **नवौं पटकको भेटमा** यिनले दर्शन सम्बन्धी प्रश्न सोधे र जसको उत्तर बुद्ध भगवान्ले प्रतित्यसमुत्पादयुक्त मध्यममार्गको उपदेश सुनाउनु भएको थियो । यस उपदेशद्वारा ब्राह्मण धेरै प्रभावित भएको बुझिन्छ । तर उनी भने बुद्धको परीक्षा गर्न चाहन्थे वा बुद्धको उपदेशलाई तुलनात्मक रूपमा हेर्न चाहन्थे ।

एकदिन, यिनले विहारबाट फर्किरहेका **तोदेय्य** ब्राह्मणका पुत्र **शुभ माणवलाई** बाटामा भेटेका थिए । त्यसबखत **जाणुस्सोणि** ब्राह्मणले उनीसँग 'कहाँबाट आएका ह्यौ ?' भनी सोध्दा उनले बुद्धकहाँ-बाट भनी भनेको सुनेर ब्राह्मणले बुद्धको विषयमा प्रश्न सोधेका थिए । त्यसवेला **शुभ माणवले** मुक्तकण्ठले बुद्धको प्रशंसा गरेको सुनेर प्रसन्न भएका **जाणुस्सोणि** ब्राह्मण आफू गइरहेको सेता घोडीहरूको सेतो रथबाट ओर्ल्हो जुन दिशामा बुद्ध हुनुहुन्थ्यो उही दिशातिर फर्केर दुइ-हातजोरी नमस्कार गरेका कुरा **मज्झिमनिकायमा**[1] उल्लेख भएको छ ।

एकदिन, त्यस्तैगरी जब यिनले, **पिलोतिक परिव्राजकलाई** विहारबाट आइरहेको देखे त्यसवेला पनि यिनले **पिलोतिक परिव्राजक-**

१. II. पृ. ४६९: सुभसुत्तं अथवा लेखकको बु. ब्रा. भा-१, पृ. २५२.

Downloaded from http://www.dhamma.digital

सँग बुद्धको प्रज्ञाविचक्षणता बारेमा कुरा सोधेका थिए र उनले पनि मुक्तकण्ठले बुद्धकै प्रशंसा गरेका सुनेर—गइरहेको आफ्नो सेतो रथबाट ओर्ल्हौ भगवान् बस्नुभएको दिशातिर हेरी दुइहात जोरी "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स" भनी तीनबार उदान प्रकट गरी नमस्कार गरेका कुरा चूलहत्थिपदोपमसुत्तंमा[१] उल्लेख भएको छ। यसपछि सोधा बुद्धकहाँ गई पिलोतिक परिव्राजकले सुनाएका कुराहरू जम्मै यिनले भगवान्लाई सुनाएका थिए। यो थियो बुद्धसँगको उनको दशौं भेट।

यसरी बुद्धसँग सत्संगत गरिरहेको वेलामा उनले धेरै कुलपुत्रहरू बुद्धको अनुयायी भई प्रव्रजित भएर आनन्दित भई बसेका कुराहरू सुनेका मात्र होइनन् स्वयं आफूले पनि देखेका थिए। यसबाट उनी बुद्ध प्रति बहुत प्रसन्न भएका थिए[२]। आफूलाई लागेको प्रसन्नताको कुरो व्यक्त गर्नकोनिमित्त यिनी एघारौं पटक बुद्धकहाँ पुगेका थिए। यस भेट्मा जाणुस्सोणि ब्राह्मणलाई बुद्धले जुन कुराहरूको उपदेश सुनाउनु भएको थियो ती कुराहरू तल अनुदित भयभेरवसुत्तंमा उल्लेख भएका छन्। यस उपदेशको अन्तमा जाणुस्सोणि ब्राह्मण अति प्रभावित भएका थिए भन्ने कुरा चतुप्रत्ययद्वारा यिनले बुद्धलाई उपस्थान गर्ने वचन प्रदान गरेकोबाट प्रमाणित हुन्छ। जसलाई पपञ्चसूदनीले[३] उल्लेख

---

१. म. नि. I. पृ. २२६; यो सूत्रको अनुवाद तल दिएको छु।

२. पपं. सू. I. पृ. १०१: भयभेरवसुत्तवण्णना।

३. I. पृ. १२३: भयभेरवसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

गरेको छ। यतिमात्र होइन फर्केर जानलाग्दा उनले भगवान्‌लाई प्रदक्षिणा गरेर गएका थिए भन्ने कुरा पनि उहीं नै उल्लेख भएको पाइन्छ।

## जाणुस्सोणि ब्राह्मणको बुद्धवन्दना

यति लामो अवधिसम्म अथवा यति धेरै पटकसम्म बुद्धको सत्संगत गरी—सत्संगतको शुरुदेखि लिएर जाणुस्सोणि ब्राह्मणले आफूलाई बुद्धको शरणमा जाने उपासक हुँ भनी प्रत्येक सूत्रको अन्तमा घोषणा गरेको पाइए तापनि अरू अरू ब्राह्मणहरूले जस्तै—यिनले बुद्धलाई कहील्यै पनि अभिवादन अथवा नमस्कार गरेका कुरा अहिलेसम्मका कुनै पनि सूत्रहरूमा वा अट्ठकथाहरूमा उल्लेख भएको नपाउनु कम आश्चर्यको कुरो होइन। हुनत बुद्धको पछाडि यिनले बुद्धलाई नमस्कार गरेका कुराहरू माथि उल्लेख भइसकेकै छन्। यस विषयमा मलाई लाग्छ कि शायद यिनले पनि सोणदण्ड ब्राह्मणले[१] झैं सोचेका त थिएनन्?

मगध राजा सेनीय बिम्बिसारले प्रदान गरेका मगध राज्यको चम्पाको मालिक भई बस्ने सोणदण्ड ब्राह्मण[२] जब बुद्धको उपदेश सुनेर प्रफुल्लित भए तब उनले बुद्ध सहित भिक्षु सङ्घलाई आफ्नो

१. यी ब्राह्मणका कुरा, बु. ब्रा. भा—३, मा उल्लेख भएका छन्।

२. दी. नि. I. पृ. ९७: सोणदण्डसुत्तं।

Downloaded from http://www.dhamma.digital

घरमा निम्त्याएका थिए। त्यसवेला उनले "सभाषद्को बीचमा बुद्धलाई अभिवादन गर्दा ब्राह्मण समाजको बीचमा आफ्नो प्रतिष्ठामा धक्का पुग्नसक्छ" भन्ने कुरा मनमा सोचेर विनम्रतापूर्वक बुद्धलाई यसरी सूचित गरेका थिए—

"भो गौतम ! यदि मैले सभाषद्को बीचमा आसनबाट उठी अभिवादन गरें भने यसबारेमा ब्राह्मण समाजले मलाई उपहास वा निन्दा गर्नेछ। जसलाई त्यो समाजले निन्दा वा उपहास गर्छ त्यसबाट उसको यश परिहानी हुन्छ। जसको यश परिहानी हुन्छ उसको भोग-सम्पत्ति पनि परिहानी हुन्छ। यशद्वारा नै हामीहरूको भोगसम्पत्ति प्राप्त हुन्छ। अतः, भो गौतम ! परिषद्को बीचमा बसेको मैले जब तपाइलाई हातजोरी बिन्ति गर्नेछु तब तपाइ गौतमले, म आसनबाट उठेको हो भनी सम्झनुहोस्। भो गौतम ! परिषद्को बीचमा बसेको मैले जब फेटा झिक्नेछु तब तपाइलाई मैले ढोगेको हो भनी सम्झनुहोस्। भो गौतम ! रथमा गइरहेको मैले रथबाट ओर्ल्हीं तपाइलाई अभिवादन गरें भने यसबारेमा ब्राह्मण समाजले मलाई उपहास वा निन्दा गर्नेछ। ...। अतः भो गौतम ! रथमा गइरहेको मैले जब छडी उचाल्नेछु तब तपाइ गौतमले म रथबाट ओर्ल्हेको हो भनी सम्झनुहोस्। रथमा गइरहेको मैले जब ओढेको छातालाई एकातिर सार्नेछु तब मैले तपाइ गौतमलाई शीरले ढोगेको हो भनी सम्झनुहोस्[१]।"

---

१. दी. नि. I. पृ. १०८: सोणदण्डसुत्तं।

Downloaded from http://www.dhamma.digital

जब जाणुस्सोणि ब्राह्मणले बुद्धको श्रीमुखबाट भयभेरवसूत्रका कुराहरू सुने तबदेखि उनी बुद्ध प्रति अधिक प्रसन्न भएका थिए र त्यहाँ-देखि उनले बुद्धलाई अभिवादन गर्नथाले भन्ने कुराको सबूत—बुद्धसँग उनको तेह्रौं पटकको भेटमा भगवान्कहाँ पुग्नेसाथ उनले अभिवादन गरेको कुरो—यस संग्रहको अन्तिम सूत्रमा पाइन्छ। यस सूत्रमा जाणुस्सोणि ब्राह्मणले भगवान्सँग सांदृष्टिक-निर्वाणको सम्बन्धमा प्रश्न सोधेका थिए।

जाणुस्सोणि ब्राह्मणको सम्बन्धमा त्रिपिटक पालिसाहित्यमा खोजी गरी पाइएका तेह्र (१३) सूत्रहरू यस संग्रहमा संग्रहित भएका छन्। माथि उल्लेख गरेका कुराहरूको क्रमानुसार ती सूत्रहरू क्रमबद्ध तरीकाले अगाडि राखिदिएको छु। पाठकहरूको विशेष जानकारीकोनिमित्त आवश्यक सम्झेका अट्ठकथाका कुराहरू तथा स्पष्टिकरणहरू ठाउँ ठाउँमा पादटिप्पणीहरू उल्लेख गरिदिएको छु। अरू विशेष कुराहरू अनुदित मूल सूत्रहरूको अध्ययनद्वारा अवबोध हुनेछ।

× × ×

## जाणुस्सोणि नामहरू

(१) जाणुस्सोणि (सुत्तं)—सं. नि. II. पृ. ६५; निदानसंयुत्त, अ. क. II. पृ. ५७; यसको अनुवाद अगाडि छ।

Downloaded from http://www.dhamma.digital

(२) जाणुस्सोणि (ब्राह्मण सुत्तं)— सं. नि. IV. पृ. ६; मग्ग-संयुत्तं, अ. क. III. पृ. १०९; यसको अनुवाद पनि अगाडि छ।

(३) जाणुस्सोणि (सुत्तं)—अं. नि–३, पृ. १५३; ब्राह्मणवग्गो अ. क. I. पृ. ३९६; यसको अनुवाद पनि अगाडि छ।

(४) जाणुस्सोणि (सुत्तं)—अं. नि–१०, पृ. ३२१: जाणुस्सोणि-वग्गो। यसको अनुवाद पनि अगाडि छ।

(५) जाणुस्सोणि (वग्गो)—अं. नि–१०, पृ. ३०३.

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–ब्रह्मरथ

श्रावस्तीमा[१] ।

अनि आयुष्मान् आनन्द पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी श्रावस्तीमा भिक्षाटन्कोनिमित्त जानुभयो । त्यसवखत आयुष्मान् आनन्दले जाणुस्सोणि[२] (=जाणुश्रोणी) ब्राह्मणलाई सबै सेता घोडीहरूले युक्त रथमा[३] बसी श्रावस्तीमा गइरहेको

१. सं. नि. IV. पृ. ६: जाणुस्सोणिब्राह्मणसुत्तं, मग्गसंयुत्तं, अ. क. III. पृ. १०९.

२. जाणुस्सोणि भन्ने एक मानपदको नाम हो र यिनी असीकोटी महा-वैभव भएका महापुरोहित हुन् । सार. प. II. पृ. ५७: जाणु-स्सोणिसुत्तं, निदानसंयुत्तं ।

३. रथहरू दुइप्रकारका हुन्छन्—(१) एउटा 'योधरथ' (२) अर्को 'अलङ्कार रथ' । यीमध्ये 'योधरथ' भनेको स्यानो तथा चारकुने हुन्छ र त्यसमा दुइ तीनजना मानिसहरू मात्र बस्न सकिन्छ । 'अलङ्कार रथ' चाहिं लम्बाई र चौडाइमा ठूलो हुन्छ र यसमा

Downloaded from http://www.dhamma.digital

देखनुभयो। (त्यो रथ) सेता अलङ्कारहरूले युक्त, सेता घोडीहरूले युक्त, सेतो रथ थियो र सबै सेता वस्तुहरू थिए तथा झल्लरहरू पनि सेता थिए। सेतो छडी, सेतो पगरी, सेता कपडाहरू तथा सेतो चमरले हम्काइरहेको थियो। यो देखेर मानिसहरू भन्दछन्—"ब्रह्मरथ जस्तै अहा! कति श्रेष्ठ (=सुन्दर) रथ हो!!"

अनि आयुष्मान् आनन्द, श्रावस्तीमा भिक्षाटन् गरी फर्कीसकेपछि भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो भन्नुभयो—

"भन्ते! यहाँ म, पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी श्रावस्तीमा भिक्षाटन्कोनिमित्त गएँ। भन्ते! त्यसवेला मैले जाणुस्सोणि ब्राह्मणलाई सबै सेता घोडीहरूले युक्त रथमा बसी श्रावस्तीमा गइरहेको देखें। (त्यो रथ) सेता अलङ्कारहरूले युक्त, सेता घोडीहरूले युक्त सेतो रथ थियो र सबै सेता वस्तुहरू तथा झल्लरहरू पनि सेता थिए। सेतो छडी, सेतो पगरी, सेता कपडाहरू, सेतो चप्पल

---

छाता समात्ने, चमर हम्काउने तथा ताडका पंखा हम्काउने समेत गरी आठ दशजना मानिसहरू राम्रैसँग बस्न सकिन्छ। यी जाणुस्सोणि गइरहेको रथ पनि यस्तै प्रकारको अलङ्कार रथ थियो। सार. प. III. पृ. १०९: जाणुस्सोणिब्राह्मणसुत्तवण्णना, मग्गसंयुत्तं; पपं. सू. II. पृ. १६१–६२: चूलहत्थिपदोपमसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

तथा सेतो चमरले हम्काइरहेको थियो। यो देखेर मानिसहरू भन्दथे —"ब्रह्मरथ जस्तै अहा! कति श्रेष्ठ (=सुन्दर) रथ हो!!" भन्ते! यस धर्मविनयमा (=बुद्धधर्ममा) ब्रह्मरथ प्रज्ञापन (=देखाउन) गर्न सकिन्छ के?"

भगवान् भन्नुहुन्छ—"आनन्द! सकिन्छ। आनन्द! यो आर्यअष्टाङ्गिक-मार्गलाई 'ब्रह्मरथ' पनि 'धर्मरथ' पनि तथा 'अनुपम सङ्ग्रामविजय (रथ)' पनि भन्न सकिन्छ।

"आनन्द! सम्यक्दृष्टिको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ। आनन्द! सम्यक्सङ्कल्पको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ; आनन्द! सम्यक्वाचाको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ। आनन्द! सम्यक्कर्मको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ। आनन्द! सम्यक्आजीवनको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ। आनन्द! सम्यक्व्यायामको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ। आनन्द! सम्यक्स्मृतिको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ। आनन्द! सम्यक्समाधिको भाविता र बहुलिकृत गर्दा राग हटेर अन्त हुन्छ, द्वेष हटेर अन्त हुन्छ, मोह हटेर अन्त हुन्छ।

Downloaded from http://www.dhamma.digital

"आनन्द ! यिनै पर्यायद्वारा यी आर्यअष्टाङ्गिक-मार्गलाई 'ब्रह्मरथ' पनि 'धर्मरथ' पनि तथा 'अनुपम सङ्ग्राम विजय (रथ)' पनि भनिएको हो भनी बुझ्न सक्नुपर्छ ।"

भगवान्ले यति भन्नुभयो। यति भन्नुभएर सुगतले पुनः यस्तो भन्नुभयो—

१. "यस्स सद्धा च पञ्ञा च, धम्मा युत्ता सदा[1] धुरं[1] ।
हिरी ईसा मनो योत्तं, सति आरक्खसारथि ।।

२. "रथो सीलपरिक्खारो, झानक्खो चक्कवीरियो[2] ।
उपेक्खा धुरसमाधि, अनिच्छा परिवारणं ।।

३. "अब्यापादो अविहिंसा, विवेको यस्स आवुधं ।
तितिक्खा चम्मसन्नाहो[3], योगक्खेमाय वत्तति ।।

४. "एतदत्तनि[4] सम्भूतं[5], ब्रह्मयानं अनुत्तरं ।
निय्यन्ति धीरा लोकह्मा, अञ्ञदत्थु जयंजयं'ति ।।"

---

१–१. स्याममा: 'सद्धाधुरं' ।
२. रोमनमा: 'चक्कविरियो' ।
३. सिंहलमा: 'वम्मसन्नाहो'; स्याम र रोमनमा: 'धम्मसन्नाहो' ।
४. रोमनमा: 'एतदत्तनियं' ।
५. रोमनमा: 'भूतं' ।

Downloaded from http://www.dhamma.digital

**अर्थ—**

१—"जुन रथको धुरमा[1] श्रद्धा, प्रज्ञा तथा धर्महरू सँधै संयुक्त भएका छन् र जसको ध्यानचित्त नै लगाम छ र त्यसको रक्षा गर्ने सारथी नै स्मृति छ।

२—"जुन रथ शीलरूपी वस्तुहरूद्वारा बनाइएको छ, त्यसको अक्ष[2] नै समाधि हो र पाँग्राहरू वीर्य हो र धुर[3] नै मध्यस्तभावको समाधि हो अनि अनिच्छा (= अलोभ) नै छत् भएको हुन्छ।

३—"(त्यस रथमा बस्नेको) मैत्री, करुणा तथा काय र मनको शान्तिपन शस्त्र हो, जसको आरक्षा क्षमारूपी कवचले गर्छ।

४—"त्यस्तो अनुपम रथ आफूमा प्राप्त गर्नसक्ने पण्डितहरू अवश्य पनि रागादि शत्रुहरूलाई जितेर यो लोकबाट पार तर्छन्।"

× × ×

---

१. धुर भनेको रथको बीचको सोझो परेको लामो काठ हो।

२. अक्ष भनेको पाँग्रा सँभाली राख्ने बीचको काठ हो।

३. यहाँ चाहि धुर भनेको जुवाको बीचमा त्यर्सो रहने काठ हो।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## २–ब्राह्मणहरूको प्रत्यावरोहणी

त्यस समय जाणुस्सोणि ब्राह्मण, उपोसथ (=व्रत बस्ने दिन) को दिनमा शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, भिजेको कुशको मुट्ठो लिई भगवान्‌को नगिच एक छेउमा उभिइरहेका थिए[1]। उपोसथको दिनमा शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, भिजेको कुशको मुट्ठो लिई एक छेउमा उभिइरहेका जाणुस्सोणि ब्राह्मणलाई भगवान्‌ले देख्नुभयो। देख्नु भएपछि जाणुस्सोणि ब्राह्मण-लाई यस्तो भन्नुभयो—

"ब्राह्मण ! आज उपोसथको दिनमा शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, भिजेको कुशको मुट्ठो लिई किन तिमी एक छेउमा उभिइरहेका छौ ? आज ब्राह्मणहरूको के हो ?"

१. अं. नि–१०, पृ. ३०३: ब्राह्मणिपच्चोरोहणीसुत्तं, जाणुस्सोणिवग्गो, अ. क. II. पृ. ८६०

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! आज ब्राह्मणहरूको प्रत्यावरोहणी[१] हो ।"

"ब्राह्मण ! ब्राह्मणहरूको प्रत्यावरोहणी (=पच्चोरोहणी) कस्तो हुन्छ ?"

"भो गौतम ! यहाँ, ब्राह्मणहरू उपोसथ (=व्रत) को दिनमा शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, गीलो गोबरले भुइँ लिपी, हरिया कुशहरू छरी, बालुवाको रास[२] र अग्निशालाको बीचमा सुत्छन् । उनीहरू त्यस रातमा तीनपटक उठ्छन् । उठेर—'तपाइको प्रत्यावरोहण गर्छु, तपाइको प्रत्यावरोहण गर्छु' भनी अग्निलाई हातजोरी

---

१. 'पच्चोरोहणी ति पापस्स पच्चोरोहणं' भनी मनो. र. पू. II. पृ. ८६०: पठमपच्चोरोहणीसुत्तवण्णना, दसकनिपातवण्णनाले अर्थ दिएको छ । अर्थात् 'प्रत्यावरोहणी भनेको पापबाट अवरोहण गर्नु हो ।' 'पच्चोरोहणं' लाई 'पच्चोहरणं' भनी उहीं पाठान्तर उल्लेख भएको छ ।

'प्रत्यारोहरण' को शब्दार्थ हो—अवरोहण गर्ने, आरोहण गर्ने । अर्थात्—उक्लिनु र ओर्लिहनु हो ।

प्रत्यावरोहण शब्दको अर्थ जेसुकै भएता पनि यहाँ चाहिं 'प्रत्यावरोहण' को अर्थ होमको एक बिधिको नाम हो ।

२. 'बालुवाको रास र अग्निशालाको बीचमा' भन्ने वाक्यद्वारा यज्ञशालाको वरिपरि बालुवाको रास राखिएको हुन्छ भन्ने कुरा बुझिन्छ ।

Downloaded from http://www.dhamma.digital

नमस्कार गर्छन् । धेरै घिऊ, तेल तथा नवनीतद्वारा अग्निलाई सन्तर्पण गर्छन् । त्यसरात बितेपछि खाद्य-भोज्यद्वारा ब्राह्मणहरूलाई सन्तर्पित गर्छन् । भो गौतम ! ब्राह्मणहरूको प्रत्यावरोहणी यस्तो हुन्छ ।"

"ब्राह्मण ! ब्राह्मणहरूको प्रत्यावरोहणी अर्कैढंगको रहेछ, आर्य-विनय (=बुद्धधर्म) को प्रत्यावरोहणी अर्कैढंगको हुन्छ ।"

"भो गौतम ! आर्यविनयको प्रत्यावरोहणी कस्तो हुन्छ त ? अतः तपाइ गौतमले मलाई त्यसरी धर्मोपदेश गर्नुभए बेशहुने थियो जसरी धर्मोपदेश गर्नुहुंदा आर्यविनयको प्रत्यावरोहणीलाई म बुझ्न-सकूँ ।"

"ब्राह्मण ! त्यसोभए सुन, राम्ररी मनमा राख; भन्ने छु ।"

"हवस्" भनी जाणुस्सोणि ब्राह्मणले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो—

(१) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'प्राणी हिंसाको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले प्राणीहिंसालाई परित्याग गर्छ—प्राणीहिंसाबाट प्रत्यावरोहण गर्छ ।

(२) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'अदिन्नादान (=चोरी) को खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचारगरी उसले अदिन्नादानलाई परित्याग गर्छ—अदिन्नादानबाट प्रत्यावरोहण गर्छ ।

Downloaded from http://www.dhamma.digital

(३) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ— 'काममिथ्याचारको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले काममिथ्याचारलाई परित्याग गर्छ— काममिथ्याचारबाट प्रत्यावरोहण गर्छ ।

(४) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मृषा-वादको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले मृषावादलाई परित्याग गर्छ—मृषावादबाट प्रत्यावरोहण गर्छ ।

(५) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ— 'पैशुन्यवाचाको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले पैशुन्यवाचालाई परित्याग गर्छ—पैशुन्यवाचा-बाट प्रत्यावरोहण गर्छ ।

(६) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'परुष-वाचाको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले परुषवाचालाई परित्याग गर्छ—परुषवाचाबाट प्रत्यावरोहण गर्छ ।

(७) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ— 'सम्प्रलापको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले सम्प्रलापलाई परित्याग गर्छ—सम्प्रलापबाट प्रत्यावरोहण गर्छ ।

Downloaded from http://www.dhamma.digital

(८) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ— 'अभिध्या (=लोभ) को खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले अभिध्यालाई परित्याग गर्छ— अभिध्याबाट प्रत्यावरोहण गर्छ ।

(९) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ— 'व्यापाद (=द्वेष) को खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले व्यापादलाई परित्याग गर्छ—व्यापाद-बाट प्रत्यावरोहण गर्छ ।

(१०) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ— 'मिथ्यादृष्टिको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।' यस्तो विचार गरी उसले मिथ्यादृष्टिलाई परित्याग गर्छ मिथ्यादृष्टि-बाट प्रत्यावरोहण गर्छ ।

"ब्राह्मण ! आर्यविनयमा यस्तो प्रत्यावरोहणी हुन्छ ।"

"भो गौतम ! ब्राह्मणहरूको प्रत्यावरोहणी अर्कै ढंगको रहेछ, आर्यविनयको प्रत्यावरोहणी अर्कै ढंगको रहेछ । भो गौतम ! आर्यहरूको यो प्रत्यावरोहणीको अगाडि ब्राह्मणहरूको प्रत्यावरोहणी सोह्र भागको एक भाग पनि छैन । धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !! ... आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ३–आर्यप्रत्यावरोहणो

त्यस समय उपोसथ (=व्रत) को दिनमा जाणुस्सोणि ब्राह्मण शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, भिजेको कुशको मुट्ठो लिई भगवान्‌को नगिच एक छेउमा उभिइरहेका थिए[१]। उपोसथको दिनमा शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, भिजेको कुशको मुट्ठो लिई एक छेउमा उभिइरहेका जाणुस्सोणि ब्राह्मणलाई भगवान्‌ले देख्नुभयो। देख्नु भएपछि जाणुस्सोणि ब्राह्मणलाई यस्तो भन्नुभयो—

"ब्राह्मण! आज उपोसथको दिनमा शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, भिजेको कुशको मुट्ठो लिई किन तिमी एक छेउमा उभिइरहेका छौ? आज ब्राह्मणहरूको के हो?"

"भो गौतम! आज ब्राह्मणहरूको प्रत्यावरोहणी हो।" (भनाइको मतलब होमगर्ने हो)।

---

१. अं. नि–१०, पृ. २९०: पठमपच्चोरोहणीसुत्तं, पच्चोरोहणीवग्गो, अ. क. II. पृ. ८६०.

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! ब्राह्मणहरूको प्रत्यावरोहणी (पच्चोरोहणी) कस्तो हुन्छ ?"

"भो गौतम ! यहाँ, ब्राह्मणहरू उपोसथ (=व्रत) को दिनमा शीर नुहाई, नयाँ रेशमी कपडा पहिरी, गीलो गोबरले भुइँ लिपी, हरिया कुशहरू छरी, बालुवाको रास र अग्निशालाको बीचमा सुत्छन् । उनीहरू त्यस रातमा तीनपटक उठ्छन् । उठेर—'तपाइको प्रत्यावरोहण गर्छु, तपाइको प्रत्यावरोहण गर्छु' भनी अग्निलाई हातजोरी नमस्कार गर्छन् । धेरै घिउ, तेल तथा नवनीतद्वारा अग्निलाई सन्तर्पण गर्छन् । त्यस रात बितेपछि खाद्य-भोज्यद्वारा ब्राह्मणहरूलाई सन्तर्पित गर्छन् । भो गौतम ! ब्राह्मणहरूको प्रत्यावरोहणी यस्तो हुन्छ ।"

"ब्राह्मण ! ब्राह्मणहरूको प्रत्यावरोहणी अर्कै ढंगको रहेछ, आर्य-विनय (=बुद्धधर्म) को प्रत्यावरोहणी अर्कै ढंगको हुन्छ ।"

"भो गौतम ! आर्यविनयको प्रत्यावरोहणी कस्तो हुन्छ त ? अतः तपाइ गौतमले मलाई त्यसरी धर्मोपदेश गर्नुभए बेशहुने थियो जसरी धर्मोपदेश गर्नुहुँदा आर्यविनयको प्रत्यावरोहणीलाई म बुझ्न सकूँ ।"

"ब्राह्मण ! त्यसोभए सुन, राम्ररी मनमा राख; भन्ने छु ।"

"हवस्" भनी जाणुस्सोणि ब्राह्मणले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो—

(१) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्यादृष्टिको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ ।'

Downloaded from http://www.dhamma.digital

यस्तो विचारगरी उसले मिथ्यादृष्टिलाई परित्याग गर्छ—मिथ्यादृष्टि-बाट प्रत्यावरोहण गर्छ।

(२) "ब्राह्मण! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्यासङ्कल्पको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्यासङ्कल्पलाई परित्याग गर्छ—मिथ्या-सङ्कल्पबाट प्रत्यावरोहण गर्छ।

(३) "ब्राह्मण! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्यावाचाको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्यावाचालाई परित्याग गर्छ—मिथ्यावाचा-बाट प्रत्यावरोहण गर्छ।

(४) "ब्राह्मण! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्याकर्मको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्याकर्मलाई परित्याग गर्छ—मिथ्याकर्मबाट प्रत्यावरोहण गर्छ।

(५) "ब्राह्मण! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्याजीविकाको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्याजीविकालाई परित्याग गर्छ—मिथ्या-जीविकाबाट प्रत्यावरोहण गर्छ।

(६) "ब्राह्मण! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्याव्यायामको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।'

Downloaded from http://www.dhamma.digital

यस्तो विचारगरी उसले मिथ्याव्यायामलाई परित्याग गर्छ—मिथ्याव्यायामबाट प्रत्यावरोहण गर्छ।

(७) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्यास्मृतिको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्यास्मृतिलाई परित्याग गर्छ—मिथ्यास्मृतिबाट प्रत्यावरोहण गर्छ।

(८) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्यासमाधिको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्यासमाधिलाई परित्याग गर्छ—मिथ्यासमाधिबाट प्रत्यावरोहण गर्छ।

(९) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्याज्ञानको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्याज्ञानलाई परित्याग गर्छ—मिथ्याज्ञानबाट प्रत्यावरोहण गर्छ।

(१०) "ब्राह्मण ! यहाँ, आर्यश्रावक यस्तो विचार गर्छ—'मिथ्याविमुक्तिको खराब विपाक यसै जीवनमा र परलोकमा पनि हुन्छ।' यस्तो विचारगरी उसले मिथ्याविमुक्तिलाई परित्याग गर्छ—मिथ्याविमुक्तिबाट प्रत्यावरोहण गर्छ।

"ब्राह्मण ! आर्यविनयमा यस्तो प्रत्यावरोहणी हुन्छ।"

"भो गौतम ! ब्राह्मणहरूको प्रत्यावरोहणी अर्कै ढंगको रहेछ,

Downloaded from http://www.dhamma.digital

आर्यविनयको प्रत्यावरोहणी अर्कै ढंगको रहेछ। भो गौतम! आर्यहरूको यी प्रत्यावरोहणीको अगाडि ब्राह्मणहरूको प्रत्यावरोहणी सोह्र भागको एक भाग पनि छैन। धन्य हो, भो गौतम! धन्य हो, भो गौतम! ... आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ४–त्रिविद्या

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे[1]। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्‌लाई यस्तो भने—

"भो गौतम ! जसको श्रद्धा-दान (=श्राद्ध) छ, जसको उत्तम-भोजन (थालिपाको) छ, तथा जसको दातव्यवस्तु छ—उनीहरूले त्रिविद्य ब्राह्मणहरूलाई नै दानदिनुपर्छ।"

"हे ब्राह्मण ! कसरी ब्राह्मणहरू त्रिविद्या बताउँछन् त ?"

"भो गौतम ! यहाँ ब्राह्मण सजातीय आमाबाबुहरूबाट जन्मेको हुन्छ। शुद्ध गर्भवास गरेको हुन्छ। सातपुस्तादेखि जातिवादले बहिस्कृत गरेको हुन्न तथा निन्दा पाएको हुन्न। अध्यायक (=अध्यापक)

---

१. अं. नि–३, पृ. १५३ः जाणुस्सोणिसुत्तं, ब्राह्मणवग्गो, अ. क. I. पृ. ३९६.

Downloaded from http://www.dhamma.digital

मन्त्रधर हुन्छ। तीनवेदमा[१] पारंगत हुन्छ। निघण्टु, कौस्तुभ, अक्षर-प्रभेद तथा इतिहास सहित पाँचै शास्त्रहरू[२] जानेको हुन्छ। व्याकरण, लोकायत (=वितण्डवाद), लक्षण-शास्त्रमा पनि निपुण हुन्छ। भो गौतम ! यसैलाई ब्राह्मणहरू त्रिविद्या बताउँछन्।"

"हे ब्राह्मण ! अर्कै ढंगले ब्राह्मणहरू त्रिविद्या बताउँछन्, अर्कै ढंगले आर्यको विनयमा (=बुद्धधर्ममा) त्रिविद्या हुन्छ।"

"भो गौतम ! कुन ढंगले आर्यको विनयमा त्रिविद्या हुन्छ त ? जुन ढंगले आर्यको विनयमा त्रिविद्या हुन्छ—त्यस ढंगले तपाइ गौतमले मलाई धर्मोपदेश गर्नुहोस्।"

"ब्राह्मण ! त्यसोभए सुन, राम्ररी मनमा राख, म भन्दछु।"

"हवस्" भनी जाणस्सोणि ब्राह्मणले भगवान्लाई प्रत्युत्तर दिएपछि भगवान्ले यस्तो भन्नुभयो—

**प्रथमध्यान**—"ब्राह्मण ! यहाँ भिक्षु, कामविषयबाट अलग भई, अकुशलबाट अलग भई, वितर्क र विचार युक्त भएको, विवेकजः (=समाधिजः) प्रीति-सुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ।

---

१. (१) ऋग्वेद, (२) यजुर्वेद, (३) सामवेद। मनो. र. पू. I. पृ. ३९३: तिकण्णसुत्तवण्णना, तिकनिपात।

२. निघण्टु, कौस्तुभ, अक्षरप्रभेद, अथर्ववेद तथा पुराणकथा (=इतिहास) लाई 'इतिहास सहित पाँच शास्त्रहरू' भनिएको हो। मनो. र. पू. I. पृ. ३९३: तिकण्णसुत्तवण्णना, तिकनिपात।

Downloaded from http://www.dhamma.digital

**द्वितीयध्यान**—"वितर्क-विचारलाई शान्तगरी, अभ्यन्तर सम्प्रसादलाई एकाग्र गरी, वितर्क-विचार रहित, समाधिजः प्रीति-सुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ।

**तृतीयध्यान** "प्रीतिलाई पनि त्यागी, उपेक्षी भई, स्मृतिमान्, ज्ञानवान् भई—शरीरद्वारा सुखानुभव गर्छ—जसलाई आर्यहरू—'उपेक्षावान्, स्मृतिमान् तथा सुखपूर्वक बस्ने' भनी भन्दछन्। त्यस्तो तृतीयध्यान प्राप्त गरी बस्छ।

**चतुर्थध्यान**—"सौमनस्य तथा दौर्मनस्यलाई पहिले नै अन्तगरी, सुख र दुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति परिशुद्ध भई उपेक्षा भएको चतुर्थध्यान प्राप्त गरी बस्छ।

**प्रथमविद्या**—"यसरी समाहित चित्त भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल तथा क्लेशरहित भएपछि; मृदु र कर्मण्य भइसके पछि; निश्चलतामा पुगिसकेपछि उसले—पूर्वजन्मका कुराहरू स्मरण हुने ज्ञानतिर चित्त झुकाउँछ र अनेकप्रकारले पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। जस्तै—एक जन्मका, दुइ जन्मका,...[१] कुराहरू अनुस्मरण गर्छ। जस्तै—'अमुक स्थानमा थिएँ,...[१] र यति आयु थियो।' यसरी आकार सहित, उद्देश्य सहित अनेकप्रकारले पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। यसरी अप्रमादी तथा आतप्तसम्पन्न भई विहारगर्दा उसले यही प्रथमविद्या[२]

---

१–१. यहाँका बाँकी कुराहरू माथि पृ. १९८ को (८) मा जस्तै दोहऱ्याइ पढ्नू।

२. पूर्वजन्मका कुराहरू जान्नसक्ने विदचा। मनो. र. पू. I. पृ. ३९४: तिकण्णसुत्तवण्णना, तिकनिपात।

Downloaded from http://www.dhamma.digital

प्राप्त गर्छ जसमा—अविद्या[1] नाश भई विद्या उत्पन्न हुन्छ, अन्धकार नाश भई आलोक उत्पन्न हुन्छ।

द्वितीयविद्या - "यसरी समाहित चित्त भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल तथा क्लेशरहित भएपछि; मृदु र कर्मण्य भइसकेपछि; निश्चलतामा पुगिसकेपछि उसले—सत्वहरूको च्युति र उत्पत्ति सम्बन्धी ज्ञानतिर चित्त झुकाउँछ। अनि उसले विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका, उत्पन्न भएका सत्वहरूलाई देख्दछ (जान्दछ) र आ-आफ्ना कर्मानुसार नीच-उच्च, सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका सत्वहरूलाई देख्दछ (=जान्दछ)—'यी सत्वहरू काय-दुश्चरितले युक्त भई, वाक्-दुश्चरितले युक्त भई, मनः-दुश्चरितले युक्त भई; आर्यहरूको निन्दागर्ने भई, मिथ्यादृष्टिक भई, मिथ्यादृष्टि-युक्त कामगर्ने भई– मरणोप्रान्त अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न भए। यी सत्वहरू काय-सुचरितले युक्त भई, वाक्-सुचरितले युक्त भई, मनः-सुचरितले युक्त भई; आर्यहरूको निन्दा नगर्ने भई, सम्यक्दृष्टिक भई, सम्यक्दृष्टियुक्त कामगर्ने भई—मरणोप्रान्त सुगति स्वर्गलोकमा उत्पन्न भए।' यसरी विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका, उत्पन्न भएका सत्वहरूलाई देख्दछ (=जान्दछ) र आ-आफ्ना कर्मानुसार नीच-उच्च, सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न

१. पूर्वजन्मका कुराहरू जान्न नसक्नेगरी मोहद्वारा ढाकिएकोलाई यहाँ 'अविद्या' भनिएको हो। मनो. र. पू. I. पृ. ३९४: तिकण्णसुत्तवण्णना, तिकनिपात।

Downloaded from http://www.dhamma.digital

भएका सत्वहरूलाई देख्दछ (=जान्दछ)। यसरी अप्रमादी तथा आतप्तसम्पन्न भई विहारगर्दा उसले यही द्वितीयविद्या[1] प्राप्त गर्छ जसमा—अविद्या[2] नाश भई विद्या उत्पन्न हुन्छ, अन्धकार नाश भई आलोक उत्पन्न हुन्छ।

तृतीयविद्या—"यसरी समाहित चित्त भएपछि;...[3] उसले—आस्रवक्षय हुने ज्ञानतिर चित्त झुकाउँछ। अनि उसले—'यो दुःख हो' भनी यथार्थत जान्दछ, 'यो दुःख समुदय हो' भनी यथार्थत जान्दछ, 'यो दुःखनिरोध हो' भनी यथार्थत जान्दछ, 'यो दुःखनिरोधको मार्ग हो' भनी यथार्थत जान्दछ। 'यो आस्रव हो' भनी यथार्थत जान्दछ, 'यो आस्रव समुदय हो' भनी यथार्थत जान्दछ, 'यो आस्रव निरोध हो' भनी यथार्थत जान्दछ, 'यो आस्रवनिरोधको मार्ग हो' भनी यथार्थत जान्दछ। यसरी जानिसकेपछि, यसरी देखिसकेपछि उसको चित्त कामास्रवबाट पनि विमुक्त हुन्छ, भवास्रवबाट पनि विमुक्त हुन्छ,

---

१. दिव्यचक्षुज्ञानलाई यहाँ 'विद्या' भनिएको हो। मनो. र. पू. I. पृ. ३९४: तिकण्णसुत्तवण्णना, तिकनिपात।

२. सत्वहरूको च्युति र उत्पत्तिलाई जान्न नसक्नेगरी ढाकिएको मोह-लाई यहाँ 'अविद्या' भनिएको हो। मनो. र. पू. I. पृ. ३९४.

३. बाँकी कुराहरू माथि पृ. २७८ मा उल्लेख भएजस्तै हो।

Downloaded from http://www.dhamma.digital

**अविद्यास्रवबाट पनि विमुक्त हुन्छ। विमुक्त भइसकेपछि 'विमुक्त भएँ[1]' भन्ने ज्ञान पनि हुन्छ। 'जाति (=जन्म) क्षीण भयो[2], ब्रह्मचर्यवास[3] पूराभयो, गर्नुपर्ने गरिसकें[4], अब उप्रान्त अर्को जन्म लिनुपर्ने हेतु**

---

१. मार्गक्षणमा विमुक्त हुन्छ र फलक्षणमा विमुक्त भइसकेको हुन्छ। अर्थात् मार्गमा रहुञ्जेलसम्म विमुक्त हुने भनी भनिन्छ, फलमा पुग्नेबित्तिकै विमुक्त भइसकेको भनी भनिन्छ। त्यसपछि प्रत्यवेक्षणा-ज्ञानद्वारा पुनरावलोकन गरी हेर्दा उसले विमुक्त भइसकेको कुरालाई थाहा पाउँछ र 'विमुक्त भएँ' भनी जान्दछ। त्यसैले सूत्रमा 'विमुक्त भएँ भन्ने ज्ञान पनि हुन्छ' भनी भनिएको हो। मनो. र. पू. I. पृ. ३९४: तिकण्णसुत्तवण्णना, तिकनिपातवण्णना।

२. 'जातिक्षीण भयो भन्ने ज्ञान' पनि प्रत्यवेक्षणा-ज्ञानद्वारा थाहा पाएको हो।

'जातिक्षीण' भन्नाले अतीतको जातिलाई भनिएको होइन। त्यो त क्षीण नै भइसकेको छ। अनागतको जातिलाई पनि भनिएको होइन। अनागतको जाति त अहिले आइनै सकेको छैन। वर्तमानको जातिलाई पनि भनिएको होइन; त्यो त अहिले विदयमान नै छ।

त्यसोभए 'जातिक्षीण भयो' भनी केलाई भनिएको हो त? भनौं कि—मार्गको भाविता नगरिंदा जुन एक, चार, पाँचवोकार लोकहरूमध्येमा (एकचतुपञ्चवोकार भवेसु)—एकवटा, चारवटा तथा पाँचवटा स्कन्धहरू भएका सत्वहरू उत्पन्न हुने हुन्—मार्गको भाविता

Downloaded from http://www.dhamma.digital

गरिसकेपछि ती स्कन्धहरू उत्पन्न हुँदैनन् । यही कारणलाई नै यहाँ 'जातिक्षीण' भनिएको हो र यसै स्थितिलाई प्रत्यवेक्षणाज्ञानले विचारगरिहेर्दा—वर्तमान समयमा कर्म भएता पनि त्यसद्वारा भविष्यकोनिमित्त प्रतिसन्धी (=पुनर्जन्म) दिन नसक्ने भएको हुँदा 'जाति (=जन्म) क्षीण भयो' भनी सूत्रमा उल्लेख भएको हो भनी मनो. र. पू. I. पृ. ३९५: तिकण्णसुत्तवण्णना, तिकनिपातले उल्लेख गरेको छ ।

यहाँ एक, चार, पाँच वोकार भन्नेको अर्थ यसप्रकार हो—

असञ्ञसत्वमा अर्थात् नैवसंज्ञानासंज्ञा भन्ने लोकमा उत्पन्न हुनेसत्वको रूपस्कन्ध एकमात्र आकीर्ण भएको हुन्छ । भनाइको मतलब त्यस असञ्ञलोकमा एकैवटा 'रूपस्कन्ध' आकीर्ण हुन्छ । असञ्ञलोक भनेको र नैवसंज्ञानासंज्ञालोक भनेको एकै हो । यो पनि अरूपलोकको एक आकार हो । त्यसैले 'एकस्कन्ध' भएको सत्वहरू हुन् भन्ने कुरा बुझ्नुपर्छ ।

अरू अरूपलोकमा उत्पन्न हुने सत्वहरूको चाहिं चारवटा स्कन्धहरू हुन्छन् । त्यसैले यसलाई 'चारवटा भएको सत्वहरू हुन्' भन्ने कुरा बुझ्नुपर्छ । भनाइको तात्पर्य अरूपावचरलोकमा चारैवटा स्कन्धहरूमात्र हुन्छन् ।

कामावचर र रूपावचर लोकहरूमा चाहिं पाँचैवटा स्कन्धहरू हुन्छन् । त्यसैले 'पाँचवटा स्कन्धहरू भएका सत्वहरू हुन्'

Downloaded from http://www.dhamma.digital

भन्ने कुरा बुझनुपर्छ। पटि. म. अ. क. पृ. ६१–६२: अभिञ्ञा-निद्देस्सवण्णना–३.

३. यहाँ 'ब्रह्मचर्य' भनी मार्गब्रह्मचर्यलाई भनिएको हो। कल्याण-पृथग्जन सहित सप्तशैक्षहरूलाई ब्रह्मचर्यवास गरिरहेका र क्षीणास्रवी भई अशैक्ष अवस्थामा पुगिसकेकालाई 'ब्रह्मचर्यवास पूरा गरिसकेका' भनी भनिन्छ। अत: क्षीणास्रवी भइसकेपछि प्रत्यवेक्षणा-ज्ञानद्वारा विचारगरिहेर्दा उसले ब्रह्मचर्यवास पूरा भइसकेको कुरा थाहा पाउँछ। त्यसैले सूत्रमा 'ब्रह्मचर्यवास पूराभयो' भनी उल्लेख भएको हो भनी मनो. र. पू. I. पृ. ३९५: तिकण्णसुत्तवण्णना, तिकनिपातवण्णनाले लेखेको हो।

४. परिञ्ञा, पहाण, सच्छिकिरिया तथा भावना भन्ने चार प्रकारका ज्ञानहरूद्वारा चारसत्यलाई सोह्रप्रकारले अवबोध गरिसकेको हुनाले 'गर्नुपर्ने गरिसकें' भनी सूत्रमा भनिएको हो। कल्याणपृथग्जन सहित सप्तशैक्षहरूलाई सो ज्ञानावबोध गर्ने पुरुषहरू भनी भन्दछन्। क्षीणास्रवीलाई सो ज्ञानावबोध गरिसकेको पुरुष भनी भन्दछ। अनि उसले प्रत्यवेक्षणा-ज्ञानद्वारा विचारगरिहेर्दा 'गर्नुपर्ने गरिसकें' भन्ने थाहापाउँछ। त्यसैले सूत्रमा 'गर्नुपर्ने गरिसकें' भनी भनिएको हो। मनो. र. पू. I. पृ. ३९५: तिकण्णसुत्तवण्णना, तिकनिपात।

यहाँ लेखिएका 'परिञ्ञा' आदिको बारेमा लेखकको बु. श्रा. भा–१, पृ. १८३–८४ देखि हेर्नु।

Downloaded from http://www.dhamma.digital

छैन" भन्ने पनि ज्ञान हुन्छ । यसरी अप्रमादी तथा आतप्तसम्पन्न भई विहारगर्दा उसले यही तृतीयविद्‌या प्राप्त गर्छ जसमा—अविदया[२] नाश भई विदया[३] उत्पन्न हुन्छ, अन्धकार नाश भई आलोक उत्पन्न हुन्छ।"

(यति भन्नुभएपछि भगवान्‌ले निम्नगाथाहरू भन्नुभयो—)

---

१. चतुसत्यज्ञानलाई अवबोध गर्नकोनिमित्त फेरि मार्गहरूको भाविता गर्नु नपर्ने भइसकेको हुनाले अथवा अहिले भइरहेको पञ्चस्कन्धहरूको सन्ततिबाट अर्को पञ्चस्कन्धहरूको सन्तति नहुने भएको हुनाले अथवा बलिरहेको आगोमा पुनः दाउराहरू नथपिनाले बलिरहेको आगो स्वतः निरुद्ध हुने झैं अथवा रुखको जडोलाई निर्मूलपारी उखेलिसकेपछि त्यसबाट पुनः रुख पलाएर नआउने झैं—यस जीवन सन्ततिको अन्तिम विज्ञान (चरिमविञ्ञाणं) निरुद्ध भएपछि पुनः सन्तति नहुने भएको हुनाले सूत्रमा 'अब उप्रान्त अर्को जन्म लिनुपर्ने हेतु छैन' भनी उल्लेख भएको हो । यो पनि प्रत्यवेक्षणा-ज्ञानद्वारा जानिएको हो । मनो. र. पू. I. पृ. ३९५: तिकण्णसुत्त-वण्णना, तिकनिपात ।

२. चतुसत्यलाई ढाकिराख्ने कारणलाई यहाँ 'अविदया' भनिएको हो ।

३. अरहत्‌मार्गज्ञानलाई यहाँ 'विदया' भनिएको हो । मनो. र. पू. I. पृ. ३९५.

Downloaded from http://www.dhamma.digital

१. "यो[१] सीलब्बतसम्पन्नो, पहितत्तो समाहितो ।
चित्तं यस्स वसीभूतं, एकग्गं सुसमाहितं ।।

२. "पुब्बेनिवासं यो वेदी, सग्गापायं च पस्सति ।
अथो जातिक्खयं पत्तो, अभिञ्ञावोसितो मुनि ।।

३. "एताहि तीहि विज्जाहि, तेविज्जो होति ब्राह्मणो ।
तमहं वदामि तेविज्जं, नाञ्ञं लपितलापनं'ति ।।

**अर्थ**—

**१–"जो शीलव्रत सम्पन्न छ, जो प्रयत्नशील तथा समाहित छ; जसको चित्त वशीप्राप्त छ, जसको चित्त समाहितभई एकाग्र छ—**

**२–"जसले (१) पूर्वजन्मका कुराहरू थाहापाउँछ, जसले (२) स्वर्ग र नरक देख्नसक्छ, जो (३) अभिज्ञा-ज्ञानद्वारा जातिक्षय प्राप्त-गरी क्षीणास्रवीभई मुनि भएको हुन्छ—**

**३–"हे ब्राह्मण ! यिनै तीन विद्याहरूद्वारा त्रिविद्य हुन्छ र यसैलाई म त्रिविद्या भन्दछु, परन्तु अरूले भनेको वा भनाइएकोलाई होइन ।"**

**"हे ब्राह्मण ! आर्यविनयमा यही तीनविद्या हुन्छन् ।"**

---

१. रोमनमा: 'सो' ।

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! ब्राह्मणहरूको तीन विद्या र आर्यविनयको तीन विद्यामा भिन्नता रहेछ । आर्यविनयको जुन तीन विद्या हो त्यसको दाँजोमा ब्राह्मणहरूको तीन विद्या त सोह्र भागको एक भाग पनि रहेनछ ।

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम ! ! ...आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ५–मृत्यु देखेर नडराउने कुनै छैन

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने[१]—

"भो गौतम ! म यस्तो भन्दछु र यस्तो विश्वास पनि गर्दछु कि—मरण देखेर नडराउने कुनै छैन, मरण देखेर नतर्सिने कुनै छैन।"

"ब्राह्मण ! मरण देखेर डराउने पनि छ, मरण देखेर तर्सिने पनि छ। ब्राह्मण ! मरण देखेर नडराउने पनि छ, मरण देखेर नतर्सिने पनि छ।

"ब्राह्मण ! त्यो कस्तो पुरुष हो जो मरण देखेर डराउन्छ ? त्यो कस्तो पुरुष हो जो मरण देखेर तर्सिन्छ ?

A. (१) "ब्राह्मण ! यहाँ, कुनै पुरुष कामविषयको रागबाट

---

१. अं. नि–४. पृ. १८४: अभयसुत्तं, ब्राह्मणवग्गो, अ. क. II. पृ. ५५२.

Downloaded from http://www.dhamma.digital

दूर भएको हुन्न, इच्छाबाट दूर भएको हुन्न, प्रेमबाट दूर भएको हुन्न, पिपासाबाट दूर भएको हुन्न, परिडाहबाट दूर भएको हुन्न तथा तृष्णाबाट दूर भएको हुन्न । अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ । सारो रोगले पीडित भएको सो पुरुषको मनमा यस्तो हुन्छ—'अहो, मेरा प्यारा यी कामविषयहरूले मलाई छाड्ने छन् । अहो, मेरा प्यारा कामविषयहरूलाई मैले छाड्नु पर्नेछ ।' अनि उ शोक गर्छ, पीर लिन्छ, विलाप गर्छ, छाटी पिट्दै रुन्छ र सम्मोहित हुन थाल्छ । ब्राह्मण ! यो त्यो पुरुष हो जो मरण देखेर डराउँछ, मरण देखेर तर्सिन्छ ।

(२) "ब्राह्मण ! फेरि यहाँ, कुनै पुरुष शारीरिक रागबाट दूर भएको हुन्न, इच्छाबाट दूर भएको हुन्न, प्रेमबाट दूर भएको हुन्न, पिपासाबाट दूर भएको हुन्न, परिडाहबाट दूर भएको हुन्न तथा तृष्णाबाट दूर भएको हुन्न । अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ । सारो रोगले पीडित भएको सो पुरुषको मनमा यस्तो हुन्छ—'अहो, मेरो प्यारो यो शरीरले मलाई छाड्ने छ, अहो, मेरो प्यारो यो शरीरलाई मैले छाड्नु पर्ने छ ।' अनि उ शोक गर्छ, पीर लिन्छ, विलाप गर्छ, छाटी पिट्दै रुन्छ र सम्मोहित हुन थाल्छ । ब्राह्मण ! यो पनि त्यो पुरुष हो जो मरण देखेर डराउँछ, मरण देखेर तर्सिन्छ ।

(३) "ब्राह्मण ! फेरि यहाँ, कुनै पुरुष कल्याणकर्म गर्ने हुन्न, कुशलकर्म गर्ने हुन्न, भय-त्रास लिनु नपर्ने काम गर्ने हुन्न; पापकर्म गर्ने हुन्छ, रौद्रकर्म गर्ने हुन्छ तथा मलीनकर्म गर्ने हुन्छ । अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ । सारो रोगले पीडित भएको

Downloaded from http://www.dhamma.digital

सो पुरुषको मनमा यस्तो हुन्छ—'अहो, मैले कल्याणकर्म गरिन, कुशलकर्म गरिन, भय-त्रास लिनु नपर्ने काम गरिन; अहो, मैले पापकर्म गरें, रौद्रकर्म गरें, मलीनकर्म गरें। अहो, जो कल्याणकर्म नगर्ने, कुशलकर्म नगर्ने, भय-त्रास लिनु नपर्ने काम नगर्ने; पापकर्म गर्ने, रौद्र-कर्म गर्ने, मलीनकर्म गर्नेहरूको जुन गति हो—सोही गति नै मेरो पनि हुनेछ।' अनि उ शोक गर्छ, पीर लिन्छ, विलाप गर्छ, छाटी पिट्दै रुन्छ र सम्मोहित हुन थाल्छ। ब्राह्मण ! यो पनि त्यो पुरुष हो जो मरण देखेर डराउँछ, मरण देखेर तर्सिन्छ।

(४) "ब्राह्मण ! फेरि यहाँ, कुनै पुरुष सद्धर्म प्रति शंका हुने हुन्छ, विचिकित्सा हुने हुन्छ, अनिष्ठाराख्ने हुन्छ। अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ। सारो रोगले पीडित भएको सो पुरुषको मनमा यस्तो हुन्छ—'अहो, मैले सद्धर्म प्रति शंका र विचिकित्सा दूर गर्न सकिन, निष्ठाराख्न सकिन।' अनि उ शोक गर्छ, पीर लिन्छ, विलाप गर्छ, छाटि पिट्दै रुन्छ र सम्मोहित हुन थाल्छ। ब्राह्मण ! यो पनि त्यो पुरुष हो जो मरण देखेर डराउँछ, मरण देखेर तर्सिन्छ।

'ब्राह्मण ! यी नै चारपुरुषहरू हुन् जो मरण देखेर डराउँछन्, जो मरण देखेर तर्सिन्छन्।

"ब्राह्मण ! त्यो कस्तो पुरुष हो जो मरण देखेर डराउन्न ? त्यो कस्तो पुरुष हो जो मरण देखेर तर्सिन्न ?

B. (१) "ब्राह्मण ! यहाँ, कुनै पुरुष कामविषयको राग-बाट दूर भएको हुन्छ, इच्छाबाट दूर भएको हुन्छ, प्रेमबाट दूर भएको

Downloaded from http://www.dhamma.digital

हुन्छ, पिपासाबाट दूर भएको हुन्छ, परिडाहबाट दूर भएको हुन्छ, तथा तृष्णाबाट दूर भएको हुन्छ। अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ। सारो रोगले पीडित भएको सो पुरुषको मनमा यस्तो हुन्न — 'अहो, मेरा प्यारा यी कामविषयहरूले मलाई छाडने छन्, अहो, मेरा प्यारा कामविषयहरूलाई मैले छाड्नु पर्ने छ।' अनि उ शोक गर्दैन, पीर लिन्न, विलाप गर्दैन, छाटि पिट्दै रुन्न र सम्मोहित पनि हुन्न। ब्राह्मण! यो त्यो पुरुष हो जो मरण देखेर डराउन्न, मरण देखेर तर्सिन्न।

(२) "ब्राह्मण! फेरि यहाँ, कुनै पुरुष शारीरिक रागबाट दूर भएको हुन्छ, इच्छाबाट दूर भएको हुन्छ, प्रेमबाट दूर भएको हुन्छ, पिपासाबाट दूर भएको हुन्छ, परिडाहबाट दूर भएको हुन्छ तथा तृष्णाबाट दूर भएको हुन्छ। अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ। सारो रोगले पीडित भएको सो पुरुषको मनमा यस्तो हुन्न — 'अहो, मेरो प्यारो यो शरीरले मलाई छाड्ने छ, अहो, मेरो प्यारो यो शरीरलाई मैले छाड्नु पर्नेछ।' अनि उ शोक गर्दैन, पीर लिन्न, विलाप गर्दैन, छाटी पिट्दै रुन्न र सम्मोहित पनि हुन्न। ब्राह्मण! यो त्यो पुरुष हो जो मरण देखेर डराउन्न, मरण देखेर तर्सिन्न।

(३) "ब्राह्मण! फेरि यहाँ, कुनै पुरुष पाप कर्म गर्ने हुन्न, रौद्रकर्म गर्ने हुन्न तथा मलीनकर्म गर्ने हुन्न; कल्याणकर्म गर्ने हुन्छ, कुशलकर्म गर्ने हुन्छ, भय-त्रास लिनु नपर्ने कर्म गर्ने हुन्छ। अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ। सारो रोगले पीडित भएको सो पुरुषको मनमा

Downloaded from http://www.dhamma.digital

यस्तो हुन्छ—'मैले पापकर्म गरेको छैन, रौद्रकर्म गरेको छैन, मलीनकर्म गरेको छैन; कल्याणकर्म नै गरेको छु, कुशलकर्म नै गरेको छु, भय-त्रास लिनु नपर्ने कर्म नै गरेको छु। अब, पापकर्म नगर्ने, रौद्रकर्म नगर्ने, मलीन-कर्म नगर्ने; कल्याणकर्म गर्ने, कुशलकर्म गर्ने, भय-त्रास लिनु नपर्ने कर्म गर्नेहरूको जुन गति हो—सोही गति नै मेरो पनि हुनेछ।' अनि उ शोक गर्दैन, पीर लिन्न, विलाप गर्दैन, छाटि पिट्दै रुन्न र सम्मोहित पनि हुन्न। ब्राह्मण! यो त्यो पुरुष हो जो मरण देखेर डराउन्न, मरण देखेर तर्सिन्न।

(४) "ब्राह्मण! फेरि यहाँ, कुनै पुरुष सद्धर्म प्रति शंका नहुने हुन्छ, विचिकित्सा नहुने हुन्छ, निष्ठाराख्ने हुन्छ। अनि सो पुरुष कुनै सारो रोगले पीडित हुन्छ। सारो रोगले पीडित भएको सो पुरुषको मनमा यस्तो हुन्छ—'सद्धर्म प्रति मेरो शंका र विचिकित्सा छैन, सद्धर्म प्रति मैले निष्ठानै राखेको छु।' अनि उ शोक गर्दैन, पीर लिन्न, विलाप गर्दैन, छाटि पिट्दै रुन्न र सम्मोहित पनि हुन्न। ब्राह्मण! यो पनि त्यो पुरुष हो जो मरण देखेर डराउन्न, मरण देखेर तर्सिन्न।

"ब्राह्मण! यी नै चारपुरुषहरू हुन् जो मरण देखेर डराउन्नन्, जो मरण देखेर तर्सिन्नन्।"

"धन्य हो, भो गौतम! धन्य हो, भो गौतम!! ...आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ६–सुगति दुर्गति जानाको कारण के हो ?

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे[1]। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने—

(१) "भो गौतम ! के हेतु हो, के प्रत्यय हो—जसद्वारा यहाँ, केही सत्वहरू शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात, नरकमा उत्पन्न हुन्छन् ?"

"ब्राह्मण ! गरेर पनि नगरेर पनि। यसरी यहाँ, केही सत्वहरू शरीर छाडी मृत्युपछि अपाय. दुर्गति, विनिपात, नरकमा उत्पन्न हुन्छन्।"

(२) "भो गौतम ! के हेतु हो, के प्रत्यय हो—जसद्वारा यहाँ केही सत्वहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ?"

---

१. अं. नि–२, पृ. ५४: अधिकरणवग्गो, अ. क. I. पृ. ३०८.

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! गरेर पनि नगरेर पनि। यसरी यहाँ, केही सत्वहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।"

"तपाइ गौतमले विस्तारपूर्वक अर्थ विभाजन नगरी, संक्षेपरूपमा भन्नुभएको यस कुराको अर्थ मैले विस्तारपूर्वक बुझ्न-सकिन। अतः तपाइ गौतमले मलाई त्यसरी धर्मोपदेश गर्नुभए बेशहुनेछ —जसरी धर्मोपदेश गर्नुहुँदा मैले तपाइ गौतमले विस्तारपूर्वक अर्थ विभाजन नगरी, संक्षेपरूपमा भन्नुभएको यस कुराको अर्थ विस्तारपूर्वक बुझ्नसकूँ[१] ।"

"ब्राह्मण ! त्यसोभए सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्" भनी जाणुस्सोणि ब्राह्मणले भगवान्लाई प्रत्युत्तर दिएपछि भगवान्ले यस्तो भन्नुभयो—

"ब्राह्मण ! यहाँ, कुनैले काय दुश्चरित गरेको हुन्छ, काय-सुचरित गरेको हुन्न; कुनैले वचीदुश्चरित गरेको हुन्छ, वचीसुचरित गरेको हुन्न; कुनैले मनः दुश्चरित गरेको हुन्छ, मनः सुचरित गरेको हुन्न। ब्राह्मण ! यसरी—गरेर पनि, नगरेर पनि यहाँ, केही सत्वहरू शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात, नरकमा उत्पन्न हुन्छन् ।

"ब्राह्मण ! यहाँ, कुनैले कायसुचरित गरेको हुन्छ, काय-दुश्चरित गरेको हुन्न; कुनैले वचीसुचरित गरेको हुन्छ, वचीदुश्चरित

---

१. "श्रमण गौतम पण्डित, व्यक्त तथा बहुश्रुत छन्" भन्ने कुरा सुनेर जाणुस्सोणि ब्राह्मणले यस्तो सोचेका थिए—"यिनले लिङ्गविभक्ति-

Downloaded from http://www.dhamma.digital

कारक भेदादिका कुराहरू जान्दछन् होलान्—जो हामी पनि जान्दछौं। हामीले नजानेका कुराहरू के जान्लान् र हामीले जानेका जस्तै त जान्दछन् होलान्" भनी घमण्डभाव मनमा लिई, सिङ ठाडोपारी यिनी धेरै मानिसहरूका साथ भगवान्कहाँ गएका थिए।

भगवान्कहाँ पुगेपछि जब यिनले भगवान्सँग प्रश्न सोधे तब वहाँले यस्तो सोच्नुभयो –

"यी ब्राह्मण शुद्ध जिज्ञासा लिएर, अर्थगवेषी भई, तथा जान्ने इच्छागरी यहाँ आएका होइनन् बल्कि घमण्ड लिएर सिङ ठाडोपारी आएका हुन्। अतः यिनले बुझ्नेगरी उत्तरदिंदा यिनको अभिवृद्धि हुनेछ अथवा नबुझ्नेगरी उत्तरदिंदा अभिवृद्धि हुनेछ ?" यसरी सोच्नुहुँदा वहाँले "जसरी उत्तरदिंदा यिनले बुझ्ने छैनन् त्यसरी उत्तरदिंदा यिनको अभिवृद्धि हुनेछ" भन्ने कुरा बुझ्नुभई वहाँले "गरेर पनि नगरेर पनि" भन्ने उत्तर दिनुभएको हो।

यो सुनेर ब्राह्मणले सोच्नथाले कि—श्रमण गौतमले गरेर पनि नगरेर पनि नरकमा उत्पन्न हुने कुरा भन्नुहुन्छ। दुवै कारणले पनि नरकमा उत्पन्न हुनेछ भनेको हुँदा यो कुरा बुझ्न सकिन्न, महा अन्धकार जस्तै भयो। यसमा मेरो प्रतिष्ठा छैन। यत्तिकैमा चूपलागेर बसेको खण्डमा ब्राह्मणहरूको बीचमा कुरागर्दा उनीहरूले मलाई यस्तो भन्न पनि सक्छन् कि – तिमी श्रमण गौतमकहाँ खूब

Downloaded from http://www.dhamma.digital

घमण्ड गरी सिङः ठाडोपारी गयौ तर एकै प्रश्नको उत्तरमा तिमी नाजवाफ भई चूपलागेर बस्यौ, केही भन्न सकेनौ। अब हामीलाई के सुनाउँछौ ? यस्तो सोचेर पराजित भएर पनि अपराजित ठानी पुनः स्वर्ग गमनको प्रश्न सोध्नुपर्‍यो भन्ने विचार गरी उनले 'त्यसोभए स्वर्ग गमनको कारण के हो त ?' भनी दोश्रो प्रश्न सोधेका हुन्। उनको मनमा यस्तो पनि लागेको थियो कि— अगाडिको प्रश्न सुनेर पछाडिको कुरा पनि बुझ्न सकिन्छ र पछाडिको प्रश्न सुनेर अगाडिको कुरा पनि बुझ्न सकिन्छ। त्यसकारणले पनि यिनले फेरि प्रश्न सोधेका हुन्।

भगवान्ले पनि अघि जस्तै सोच्नुभई 'गरेर पनि नगरेर पनि...' भन्ने उत्तर दिनुभयो।

जब ब्राह्मणले यसमा पनि आफ्नो प्रतिष्ठा पाउन सकेनन् तब उनले यस्तो विचार गरे—"भइहाल्यो, यस्ता पुरुषकहाँ आएर नजानिकन फर्कनु ठीक छैन। अतः आफ्नो वादलाई पन्छाई श्रमण गौतमको कुरा सुनेर आफ्नो अर्थ गवेषण गर्नुपर्छ र परलोकको विशोधन गर्नुपर्छ भन्ने विचार मनमा उठेपछि उनले भगवान्सँग "मैले यी कुराहरूको अर्थ बुझ्न सकिन, अतः मैले बुझ्नेगरी उपदेश गर्नुहोस्" भनी विनीत तथा निहतमानी भई प्रार्थना गरे भनी अ. नि. अ. क. I. पृ. ३०८–०९: दुकनिपातले उल्लेख गरेको छ। यो सुनेर भगवान्ले अगाडिका कुराहरू बताउनु भएको हो।

Downloaded from http://www.dhamma.digital

गरेको हुन्न; कुनैले मनः सुचरित गरेको हुन्छ, मनः दुश्चरित गरेको हुन्न । ब्राह्मण ! यसरी—गरेर पनि, नगरेर पनि यहाँ, केही सत्वहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।"

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !! ...अब म तपाइ गौतमको शरणमा पर्छु, धर्म र सङ्घको पनि । आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ७–श्राद्धको फल पितृहरूले पाउँन सक्छन् के ?

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने[1]—

"भो गौगम! हामीहरू ब्राह्मण हौं। 'यो दान हाम्रा रक्तसम्बन्धी ज्ञातिपितृहरूले पाऊन्, यो दान हाम्रा रक्तसम्बन्धी ज्ञाति-पितृहरूले खाऊन्' भनी हामी ब्राह्मणहरू दान दिन्छौं, श्राद्धहरू गर्छौं। भो गौतम! के त्यो दान (को फल) हाम्रा रक्तसम्बन्धी ज्ञाति-पितृहरूले पाउँछन्? के त्यो दान (को फल) हाम्रा रक्तसम्बन्धी ज्ञाति-पितृहरूले खान्छन्?"

"ब्राह्मण! ठाउँमा छ भने पाउँछ, ठाउँमा छैन भने पाउँदैन। (ठाने खो, ब्राह्मण, उपकप्पति, नो अट्ठाने)"

---

१. अं. नि–१०, पृ. ३२१ः जाणुस्सोणिसुत्तं, जाणुस्सोणिवग्गो, अ. क. II. पृ. ८६०.

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! (त्यसोभए) कुन ठाउँ हो, कुन बेठाउँ हो त ?"

(१) "ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, चोरीगर्ने हुन्छ, व्यभिचार गर्ने हुन्छ, मृषावादी हुन्छ, पैशुन्यवादी हुन्छ, परुषभाषी हुन्छ, सम्प्रलापी हुन्छ, लोभी (अभिज्झालु) हुन्छ, द्वेषी (व्यापन्नचित्तो) हुन्छ तथा मिथ्यादृष्टिक हुन्छ । उ शरीरछाडी मृत्युपछि नरकमा उत्पन्न हुन्छ । नरकवासीहरूको जुन आहार[१] हो सोही आहारद्वारा उ त्यहाँ यापन गर्छ, सोही आहारद्वारा उ त्यहाँ रहन्छ । ब्राह्मण ! यो पनि त्यो ठाउँ होइन जुन ठाउँमा रहनेले सो दान (को फल) पाउन सकोस् ।

(२) "ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, चोरी गर्ने हुन्छ, व्यभिचार गर्ने हुन्छ, मृषावादी हुन्छ, पैशुन्यवादी हुन्छ, परुषभाषी हुन्छ, सम्प्रलापी हुन्छ, लोभी हुन्छ, द्वेषी हुन्छ तथा मिथ्यादृष्टिक हुन्छ । उ शरीरछाडी मृत्युपछि पशुयोनिमा उत्पन्न हुन्छ । पशुयोनिमा उत्पन्न हुने सत्वहरूको जुन आहार[२] हो सोही आहारद्वारा

---

१. नरकमा उत्पन्न हुने कर्म नै नरकवासीहरूको आहार हो । सोही कर्मद्वारा नै उनीहरूको यापन हुन्छ । मनो. र. पू. II. पृ. ८६०: जाणुस्सोणिसुत्तवण्णना, दसकनिपात, जाणुस्सोणिवग्गो ।

२. पशुयोनिमा उत्पन्न हुने सत्वहरूको आहार घाँस, पात आदि हो । पशुहरू सोही आहारद्वारा यापन गर्छन् । मनो. र. पू. II. पृ. ८६१: जाणुस्सोणिसुत्तवण्णना, दसकनिपात, जाणुस्सोणिवग्गो ।

Downloaded from http://www.dhamma.digital

उ त्यहाँ यापन गर्छ, सोही आहारद्वारा उ त्यहाँ रहन्छ । ब्राह्मण ! यो पनि त्यो ठाउँ होइन जुन ठाउँमा रहनेले सो दान (को फल) पाउन सकोस् ।

(३) "ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसाबाट विरत रहने हुन्छ, चोरीबाट विरत रहने हुन्छ, व्यभिचारबाट विरत रहने हुन्छ, मृषावादबाट विरत रहने हुन्छ, पैशुन्यवादबाट विरत रहने हुन्छ, परुषवाचाबाट विरत रहने हुन्छ, सम्प्रलापबाट विरत रहने हुन्छ, निर्लोभी हुन्छ, अद्वेषी हुन्छ तथा सम्यक् दृष्टिक हुन्छ । उ शरीरछाडी मृत्युपछि मनुष्यहरूमा उत्पन्न हुन्छ । मनुष्यहरूको जुन आहार[१] हो सोही आहारद्वारा उ त्यहाँ यापन गर्छ, सोही आहारद्वारा उ त्यहाँ रहन्छ । ब्राह्मण ! यो पनि त्यो ठाउँ होइन जुन ठाउँमा रहनेले सो दान (को फल) पाउन सकोस् ।

(४) "ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसाबाट विरत रहने हुन्छ,...[२] तथा सम्यक् दृष्टिक हुन्छ । उ शरीरछाडी मृत्युपछि

---

१. मनुष्यहरूको आहार—भोजन, कुल्माष आदि हो । उ सोही आहार-द्वारा यापन गर्छ । मनो. र. पू. II. पृ. ८६१: जाणुस्सोणिसुत्त-वण्णना, दसकनिपात, जाणुस्सोणिवग्गो ।

२. यहाँका बाँकी कुराहरू माथि जस्तै दोहऱ्याइ पढ्नू ।

Downloaded from http://www.dhamma.digital

**देवताहरूमा उत्पन्न हुन्छ। देवताहरूको जुन आहार[1] हो सोही आहारद्वारा उ त्यहाँ यापन गर्छ, सोही आहारद्वारा उ त्यहाँ रहन्छ। ब्राह्मण! यो पनि त्यो ठाउँ होइन जुन ठाउँमा रहनेले सो दान (को फल) पाउन सकोस्।**

**(५) "ब्राह्मण! यहाँ, कुनै (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, चोरी गर्ने हुन्छ, व्यभिचार गर्ने हुन्छ, मृषावादी हुन्छ, पैशुन्यवादी हुन्छ, परुषभाषी हुन्छ, सम्प्रलापी हुन्छ, लोभी हुन्छ, द्वेषी हुन्छ तथा मिथ्या-दृष्टिक हुन्छ। उ शरीरछाडी मृत्युपछि प्रेतलोकमा उत्पन्न हुन्छ।**

---

१. देवताहरूका सुधा भोजनादि वा शुद्ध आहार हुन्छ। मनो. र. पू. II. पृ. ८६१: जाणुस्सोणिसुत्तवण्णना, दसकनिपात, जाणुस्सोणि-वग्गो।

मूल सिद्धान्त अनुसार आहारहरू चारप्रकारका छन्— (१) कबलिकार-आहार, (२) स्पर्श-आहार, (३) मनोसंचेतना-आहार तथा (४) विज्ञान-आहार। (सं. नि. II. पृ. १२: आहार-सुत्तं, आहारवग्गो।) यी आहारहरूमध्ये स्वर्गलोकमा कबलिकार-आहार अर्थात् गाँस गाँस हातले लिनुपर्ने आहार छाडी अरू प्रकारका आहारहरू हुन्छन्। (हेर पटि. म. अ. क. पृ. ४६: अभिञ्ञेय्य-निद्देसवण्णना—३) त्यसैले यहाँ 'शुद्ध वा सुधा-आहार' भनिएको हो।

Downloaded from http://www.dhamma.digital

**प्रेतलोकमा जन्मिने सत्वहरूको जुन आहार[१] हो सोही आहारद्वारा उ त्यहाँ यापन गर्छ, सोही आहारद्वारा उ त्यहाँ रहन्छ; अथवा साथी-मित्रहरूले वा रक्तसम्बन्धी ज्ञातिहरूले जुन पठाउँछन् वा दिन्छन् (अनुप्पवेच्छन्ति) त्यसैद्वारा उ त्यहाँ यापन गर्छ, त्यसैद्वारा उ त्यहाँ रहन्छ। ब्राह्मण! यो त्यो ठाउँ हो जुन ठाउँमा रहनेले सो दान (को फल) पाउँछ।"**

---

१. प्रेतलोकमा उत्पन्न हुने सत्वहरूको आहार— सिंगान, कफ आदि हुन्छ भनी मनो. र. पू. II. पृ. ८६१: जाणुस्सोणिसुत्तवण्णनाले उल्लेख गरेको छ। यसको अलावा प्रेतलोकमा त्यस्ता सत्वहरू पनि छन् जसलाई 'परदत्तूपजीविनो' वा 'परदत्तभोगिनो' प्रेत भनी भन्दछन्। तिनीहरूले चाहिं उनीहरूका रक्तसम्बन्धी ज्ञातिहरूले दिएको दानको फल पाउँछन्, अरूले पाउन सक्दैनन्। मनो. र. पू. II. पृ. ८६१: जाणुस्सोणिसुत्तवण्णना।

त्यसैले पेतवत्थु अट्ठकथा (पृ. ६: खेत्तुपमपेतवत्थु) ले यसरी उल्लेख गरेको हो—"यदि पितृलाई उद्देश्य गरी दान दिएमा पितृले पनि पाउँछ, दायकले पनि पुण्य फल पाउँछ; यदि पितृलाई उद्देश्यगरि दिइन्न भने त्यो दानको फल दायकले मात्र पाउँछ।"

प्रेतगति सम्बन्धका कुराहरूको बारेमा लेखकको 'बुद्ध-कालीन प्रेतकथा' हेरेमा प्रष्ट हुनेछ। प्रेतहरूले सिंगान् आदि खाने कुराहरू पनि सोही पुस्तकको पृ. २३३ मा उदाहरण पाइन्छ।

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! यदि सो रक्तसम्बन्धी प्रेत त्यस ठाउँमा उत्पन्न भएको छैन भने कसले सो दान (को फल) परिभोग गर्छन् त ?"

"ब्राह्मण ! अर्का पनि रक्तसम्बन्धी प्रेतहरू त्यस ठाउँमा उत्पन्न भएका हुनसक्छन्—तिनीहरूले सो दान (को फल) परिभोग गर्नेछन् ।"

"भो गौतम ! यदि ती रक्तसम्बन्धी प्रेतहरू पनि त्यस ठाउँमा उत्पन्न भएका छैनन् भने तथा अरू पनि रक्तसम्बन्धी प्रेतहरू त्यस ठाउँमा उत्पन्न भएका हुन्नन् भने—त्यो दान (को फल) कसले परिभोग गर्छन् त ?"

"ब्राह्मण ! यस्तो लामो समयको अवधिभित्र कुनै रक्तसम्बन्धी प्रेतहरूद्वारा त्यस ठाउँ खाली होला भनी भन्न गहारो छ । ब्राह्मण ! खालि भए पनि दायकलाई निष्फल हुन्न[1] ।"

"बेठाउँमा भएता पनि दान (को फल) खेर जान्न भनी तपाइ

१. कसैको उद्देश्य गरेर दान दिएर उसले पाए पनि नपाए पनि दानदिनेले भने पुण्यफल पाइनै हाल्छ, दिनेलाई निष्फल चाहिं कुनै हालतमा हुन्न । मनो. र. पू. II. पृ. ८६१: जाणुस्सोणिसुत्तवण्णना, दसकनिपात ।

Downloaded from http://www.dhamma.digital

गौतम ! भन्नुहुन्छ त[1] ?"

"ब्राह्मण ! हो; बेठाउँमा भएता पनि दान (को फल) खेर जान्न भनी म भन्दछु ।"

(दानको फल खेर जान्न भन्ने कुराको उदाहरणकोनिमित्त भगवान्ले अगाडि निम्नलिखित कुराहरू भन्नुभएको हो । )

(६) a–"ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ,...[२] तथा मिथ्यादृष्टिक हुन्छ, परन्तु उ श्रमण वा ब्राह्मणलाई —अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन शैय्या-वासस्थान र प्रदीप— दानदिने हुन्छ । अनि शरीरछाडी मृत्युपछि उ हात्ती योनिमा उत्पन्न हुन्छ । उ त्यहाँ अन्न-पान-माला तथा नाना अलङ्कारहरूको लाभी हुन्छ ।

---

१. जुन उद्देश्यले दान दिइन्छ त्यो उद्देश्य पूरा भए पनि नभए पनि दानदिनेलाई त दानको फल प्राप्त नै हुन्छ । तर जाणुस्सोणि ब्राह्मणको मनमा चाहिं—'पितृलाई भनी उद्देश्य गरेर दिएको दानको फल यदि उसले नपाएको खण्डमा, सो दानको फल दाताले पाउन सक्दैन' भन्ने विश्वास थियो । तर बुद्धधर्ममा चाहिं दानदिने-लाई जहाँ गए पनि दानको फल पाउँछ नै । यही कुरा मनमा राखी ब्राह्मणले यो प्रश्न सोधेका हुन् भनी मनो. र. पू. II. पृ. ८६१: जाणुस्सोणिसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. २९७ को (१) मा झैं दोहऱ्याइ पढ्नू ।

Downloaded from http://www.dhamma.digital

b–"ब्राह्मण ! यहाँ, जो त्यो (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, ...[१] तथा मिथ्यादृष्टिक हुन्छ—त्यसै कर्मको प्रभावद्वारा शरीरछाडी मृत्युपछि उ हात्ती योनिमा उत्पन्न हुन्छ, परन्तु जो उसले अन्न-पान, वस्त्र-यान, मालागन्ध विलेपन, शैय्या-वासस्थान र प्रदीप दानदिएको हुन्छ—त्यसै कर्मको प्रभावद्वारा उ त्यहाँ अन्न-पान-माला तथा नाना-अलङ्कारहरूको लाभी हुन्छ ।

(७) a–"ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, ...[१] तथा मिथ्यादृष्टिक हुन्छ; परन्तु उ श्रमण वा ब्राह्मणलाई—अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप—दानदिने हुन्छ । अनि शरीरछाडी मृत्युपछि उ घोडायोनिमा उत्पन्न हुन्छ । उ त्यहाँ अन्न-पान-माला तथा नानाअलङ्कारहरूको लाभी हुन्छ ।

b–"ब्राह्मण ! यहाँ, जो त्यो (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, ...[१] तथा मिथ्यादृष्टिक हुन्छ—त्यसै कर्मको प्रभावद्वारा शरीरछाडी मृत्युपछि उ घोडायोनिमा उत्पन्न हुन्छ; परन्तु जो उसले अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप दानदिएको हुन्छ—त्यसै कर्मको प्रभावद्वारा उ त्यहाँ अन्न-पान-माला तथा नाना-अलङ्कारहरूको लाभी हुन्छ ।

---

१. यहाँका अरू बाँकी कुराहरू माथि पृ. २९७ (१) मा झैं दोहऱ्याइ पढ्नू ।

Downloaded from http://www.dhamma.digital

(८) a–"ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ,...[१] तथा मिथ्यादृष्टिक हुन्छ; परन्तु उ श्रमण वा ब्राह्मणलाई अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप— दानदिने हुन्छ। अनि शरीरछाडी मृत्युपछि उ गोरूयोनिमा उत्पन्न हुन्छ। उ त्यहाँ अन्न-पान-माला तथा नानाअलङ्कारहरूको लाभी हुन्छ।

b–"ब्राह्मण ! यहाँ, जो त्यो (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, ...[१] तथा मिथ्यादृष्टिक हुन्छ,—त्यसै कर्मको प्रभावद्वारा शरीर-छाडी मृत्युपछि उ गोरूयोनिमा उत्पन्न हुन्छ; परन्तु जो उसले अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप दान-दिएको हुन्छ—त्यसै कर्मको प्रभावद्वारा उ त्यहाँ अन्न-पान-माला तथा नानाअलङ्कारहरूको लाभी हुन्छ।

(९) a–"ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ,...[१] तथा मिथ्यादृष्टिक हुन्छ; परन्तु उ श्रमण वा ब्राह्मणलाई —अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप— दानदिने हुन्छ। अनि शरीरछाडी मृत्युपछि उ कुकुरयोनिमा उत्पन्न हुन्छ। उ त्यहाँ अन्न-पान-माला तथा नानाअलङ्कारहरूको लाभी हुन्छ।

---

१. यहाँका अरू बाँकी कुराहरू माथि पृ. २९७ (१) मा झैं दोहऱ्याइ पढ्नू।

Downloaded from http://www.dhamma.digital

b–"ब्राह्मण ! यहाँ, जो त्यो (पुरुष) प्राणीहिंसा गर्ने हुन्छ, ...[१] तथा मिथ्यादृष्टिक हुन्छ––त्यसै कर्मको प्रभावद्वारा शरीरछाडी मृत्युपछि उ कुकुरयोनिमा उत्पन्न हुन्छ; परन्तु जो उसले अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप दानदिएको हुन्छ––त्यसै कर्मको प्रभावद्वारा उ त्यहाँ अन्न-पान-माला तथा नाना-अलङ्कारहरूको लाभी हुन्छ।

(१०) a–"ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसाबाट विरत रहने हुन्छ,..[२] तथा सम्यकदृष्टिक हुन्छ। उ श्रमण वा ब्राह्मणलाई––अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप––दानदिने हुन्छ। अनि शरीरछाडी मृत्युपछि उ मनुष्य-लोकमा उत्पन्न हुन्छ। उ त्यहाँ मानुषीय पञ्चकाम विषयहरूको लाभी हुन्छ।

Dhamma.Digital

b–"ब्राह्मण ! यहाँ, जो त्यो (पुरुष) प्राणीहिंसाबाट विरत रहने हुन्छ,...तथा सम्यक् दृष्टिक हुन्छ––त्यसै कर्मको प्रभावद्वारा शरीरछाडी मृत्युपछि उ मनुष्यलोकमा उत्पन्न हुन्छ। जो उसले अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप दानदिएको हुन्छ––त्यसै कर्मको प्रभावद्वारा उ त्यहाँ मानुषीय पञ्चकाम विषयहरूको लाभी हुन्छ।

---

१. माथि पृ. २९७ (१) मा झैं दोहऱ्याइ पढ्नू।

२. माथि पृ. २९८ (३) मा झैं दोहऱ्याइ पढ्न।

Downloaded from http://www.dhamma.digital

c–"ब्राह्मण ! यहाँ, कुनै (पुरुष) प्राणीहिंसाबाट विरत रहने हुन्छ,...[१] तथा सम्यक्दृष्टिक हुन्छ। उ श्रमण वा ब्राह्मणलाई —अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप— दानदिने हुन्छ। अनि शरीरछाडी मृत्युपछि उ दिव्यलोकमा उत्पन्न हुन्छ। उ त्यहाँ दिव्यमय पञ्चकाम विषयहरूको लाभी हुन्छ।

d–"ब्राह्मण ! यहाँ, जो त्यो (पुरुष) प्राणीहिंसाबाट विरत रहने हुन्छ,...[१] तथा सम्यक्दृष्टिक हुन्छ—त्यसै कर्मको प्रभावद्वारा शरीरछाडी मृत्युपछि उ दिव्यलोकमा उत्पन्न हुन्छ। जो उसले अन्न-पान, वस्त्र-यान, मालागन्धविलेपन, शैय्या-वासस्थान र प्रदीप दानदिएको हुन्छ—त्यसै कर्मको प्रभावद्वारा उ त्यहाँ दिव्यमय पञ्चकाम विषयहरूको लाभी हुन्छ।"

"आश्चर्य हो, भो गौतम ! अद्भूत हो, भो गौतम !! जहाँसम्म दानसम्बन्धी कुराछ,—दानदिनु उचित नै रहेछ, श्राद्धगर्नु (श्रद्धागर्नु) उचित नै रहेछ – जहाँ कि दायकहुनेलाई पनि निष्फल हुन्न।"

"ब्राह्मण ! यस्तै हो, ब्राह्मण ! दायकलाई पनि निष्फल हुन्न।"

---

१. माथि पृ. २९८ (३) मा जैं दोह्र्याइ पढ्नू।

Downloaded from http://www.dhamma.digital

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !! ...आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ८—कस्को के इच्छा हुन्छ ?

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने[1]—

क्षत्री-इच्छा—(१) "भो गौतम! क्षत्रीहरूको के अभिप्राय हुन्छ ? क्षत्रीहरू के विचार गर्छन् ? क्षत्रीहरू केमा प्रतिष्ठा सम्झन्छन् ? क्षत्रीहरूको भित्री इच्छा के हुन्छ ? क्षत्रीहरूको अन्तिम इच्छा के हुन्छ ?"

"ब्राह्मण! क्षत्रीहरूको अभिप्राय भोगसम्पत्ति जुटाउने हुन्छ। क्षत्रीहरू प्रज्ञावान् हुने विचार गर्छन्। क्षत्रीहरू सेना मजबुत पार्नुमा प्रतिष्ठा सम्झन्छन्। क्षत्रीहरूको भित्रीइच्छा भूपति हुने हुन्छ। क्षत्रीहरूको अन्तिम इच्छा ऐश्वर्यत्व प्राप्तगर्ने अर्थात् राज्याभिषेक प्राप्तगर्ने हुन्छ।"

---

१. अं. नि—६, पृ. ७५: खत्तियसुत्तं, धम्मिकवग्गो, अ. क. II. पृ. ६७६.

Downloaded from http://www.dhamma.digital

**ब्राह्मण-इच्छा**— (२) "भो गौतम ! ब्राह्मणहरूको के अभिप्राय हुन्छ ? ब्राह्मणहरू के विचार गर्छन् ? ब्राह्मणहरू केमा प्रतिष्ठा सम्झन्छन् ? ब्राह्मणहरूको भित्री इच्छा के हुन्छ ? ब्राह्मणहरूको अन्तिम इच्छा के हुन्छ ?"

"ब्राह्मण ! ब्राह्मणहरूको अभिप्राय भोगसम्पत्ति जुटाउने हुन्छ । ब्राह्मणहरू प्रज्ञावान् हुने विचार गर्छन् । ब्राह्मणहरू मन्त्रमा प्रतिष्ठा सम्झन्छन् । ब्राह्मणहरूको भित्रीइच्छा यज्ञगर्ने हुन्छ । ब्राह्मणहरूको अन्तिमइच्छा ब्रह्मलोक पुग्ने हुन्छ ।"

**गृहपति-इच्छा**—(३) "भो गौतम ! गृहपतिहरूको के अभिप्राय हुन्छ ? गृहपतिहरू के विचार गर्छन् ? गृहपतिहरू केमा प्रतिष्ठा सम्झन्छन् ? गृहपतिहरूको भित्री इच्छा के हुन्छ ? गृहपतिहरूको अन्तिम इच्छा के हुन्छ ?"

"ब्राह्मण ! गृहपतिहरूको अभिप्राय भोगसम्पत्ति जुटाउने हुन्छ । गृहपतिहरू प्रज्ञावान् हुने विचार गर्छन् । गृहपतिहरू शिल्पविद्यामा प्रतिष्ठा सम्झन्छन् । गृहपतिहरूको भित्री इच्छा कामधाम गर्ने हुन्छ । गृहपतिहरूको अन्तिम इच्छा कामधाम सिध्याउने हुन्छ ।"

**स्त्री-इच्छा**— (४) "भो गौतम ! स्त्रीहरूको के अभिप्राय हुन्छ ? स्त्रीहरू के विचार गर्छन् ? स्त्रीहरू केमा प्रतिष्ठा सम्झन्छन् ? स्त्रीहरूको भित्री इच्छा के हुन्छ ? स्त्रीहरूको अन्तिम इच्छा के हुन्छ ?"

"ब्राह्मण ! स्त्रीहरूको अभिप्राय पुरुष हुन्छ । स्त्रीहरू अलङ्कारको विचार गर्छ । स्त्रीहरू पुत्रहरूमा प्रतिष्ठा सम्झन्छन् । स्त्रीहरूको

Downloaded from http://www.dhamma.digital

भित्रीइच्छा सौतेनीसँग नबस्ने हुन्छ । स्त्रीहरूको अन्तिम इच्छा घरको मालिक्नी बन्ने हुन्छ ।"

**चोर-इच्छा** – (५) "भो गौतम ! चोरहरूको के अभिप्राय हुन्छ ? चोरहरू के विचार गर्छन् ? चोरहरू केमा प्रतिष्ठा सम्झन्छन् ? चोरहरूको भित्री इच्छा के हुन्छ ? चोरहरूको अन्तिम इच्छा के हुन्छ ?"

"ब्राह्मण ! चोरहरूको अभिप्राय अर्काको वस्तु लिने हुन्छ । चोरहरू लुकेर बस्ने विचार गर्छन् । चोरहरू सुसज्जित हुनुमा प्रतिष्ठा सम्झन्छन् । चोरहरूको भित्री इच्छा अँध्यारोमा बस्ने हुन्छ । चोरहरूको अन्तिम इच्छा कसैले देख्न नसक्नेगरी बस्ने हुन्छ ।"

**श्रमण-इच्छा** – (६) "भो गौतम ! श्रमणहरूको के अभिप्राय हुन्छ ? श्रमणहरू के विचार गर्छन् ? श्रमणहरू केमा प्रतिष्ठा सम्झन्छन् ? श्रमणहरूको भित्री इच्छा के हुन्छ ? श्रमणहरूको अन्तिम इच्छा के हुन्छ ?"

"ब्राह्मण ! श्रमणहरूको अभिप्राय शान्ति तथा सुशील बन्ने हुन्छ । श्रमणहरू प्रज्ञावान् हुने विचार गर्छन् । श्रमणहरू शीलवान् हुनुमा प्रतिष्ठा सम्झन्छन् । श्रमणहरूको भित्री इच्छा आकिञ्चन्यायतनमा पुग्ने हुन्छ । श्रमणहरूको अन्तिम इच्छा निर्वाण प्राप्तगर्ने हुन्छ ।"

"भो गौतम ! आश्चर्य हो, भो गौतम ! अद्भूत हो । (१) क्षत्रीहरूको अभिप्राय पनि, विचार पनि, प्रतिष्ठा पनि, भित्री इच्छा पनि तथा अन्तिम इच्छा पनि तपाइ गौतम जान्नुहुन्छ । (२) ब्राह्मणहरूको

Downloaded from http://www.dhamma.digital

अभिप्राय पनि,...अन्तिम इच्छा पनि तपाइ गौतम जान्नुहुन्छ। (३) गृहपतिहरूको अभिप्राय पनि,...अन्तिम इच्छा पनि तपाइ गौतम जान्नुहुन्छ। (४) स्त्रीहरूको अभिप्राय पनि,...अन्तिम इच्छा पनि तपाइ गौतम जान्नुहुन्छ। (५) चोरहरूको अभिप्राय पनि,...अन्तिम इच्छा पनि तपाइ गौतम जान्नुहुन्छ। तथा (६) श्रमणहरूको अभिप्राय पनि, विचार पनि, प्रतिष्ठा पनि, भित्री इच्छा पनि तथा अन्तिम इच्छा पनि तपाइ गौतम जान्नुहुन्छ। धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !! ...आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ९–सप्तमैथुन

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए[१]। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने[२]—

"तपाइ गौतमले पनि 'ब्रह्मचारी हुँ' भनी ज्ञापन गर्नुहुन्छ[३] ?"

---

१. बिहानको खानाखाई दाशकामदारहरू साथमा लिएर गए भनी अं. अ. क. II. पृ. ७१५: मेथुनसुत्तवण्णना, महायञ्ञवग्गो, सत्तकनिपातले उल्लेख गरेको छ।

२. अं. नि–७, पृ. १९४: मेथुनसुत्तं, महायञ्ञवग्गो, अ. क. II. पृ. ७१५.

३. यस्तो प्रश्न जाणुस्सोणि ब्राह्मणले किन सोधेका होलान् ? यस्तो सोध्नाको हेतु उनको मनमा यस्तो परिवितर्कना उठेको थियो। "ब्राह्मणहरू ब्राह्मणधर्म—वेदहरू— अध्ययन गर्ने समयसम्म अर्थात्

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यदि कसैलाई साँच्चैकै – 'अखण्ड, अछिद्र, निर्दाग, निर्दोष, परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गरेको छ' भनी भन्ने हो भने, ब्राह्मण ! त्यो, मलाई नै सम्यक्‌रूपले भन्नुपर्छ । ब्राह्मण ! (किनभने) मैले 'अखण्ड, अछिद्र, निर्दाग, निर्दोष, परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गरेको छु' ।"

"भो गौतम ! कस्तो ब्रह्मचर्यलाई खण्ड, छिद्र, दाग, तथा दोष भएको भनी भन्दछन् ?"

(१) "ब्राह्मण ! यहाँ, कुनै श्रमण वा ब्राह्मणले आफूलाई साँच्चैकै ब्रह्मचारी हुँ भनी ज्ञापन गर्छ । हो, उसले स्त्रीसँग जोडी मिल्नु पर्ने (द्वयंद्वयसमापत्ति) काम गर्दैन । किन्तु उसले स्त्रीद्वारा मालिस गराइने, आङमिचाइने, नुहाइने तथा सुसार-कुसार गराइने

---

अठचालीस (४८) वर्षसम्म ब्रह्मचारी रहन्छन् । श्रमण गौतमले चाहिं त्यसरी ब्रह्मचर्य पालन गरेको देखिदैन । उनले त घरगृहस्थीमा बस्दा तीनवटा प्रासादहरूमा तीनप्रकारका नाटकीहरूका बीचमा बसी जीवन बिताएका थिए । अत: अब यिनले के भन्दा रहेछन्" भन्ने बिचार गरेका थिए । यसै विचारको अनुरूप एकदिन भगवान्‌-कहाँ गई यिनले यस्तो सोधेका हुन् भनी मनो. र. पू. II. पृ. ७१५: मेथुनसुत्तवण्णना, सत्तकनिपातवण्णनाले लेखेको छ । उनको प्रश्न सुनी भगवान्‌ले पनि आफ्नो परिशुद्धिताको पराकाष्ठ पुगेको कुरा बताउनुहुँदै सिंहगर्जने झैं गर्जिनु हुँदै—'साँच्चैकै···भन्ने हो भने' भन्ने आदि कुरा बताउनु भएको हो ।

Downloaded from http://www.dhamma.digital

आदि भने स्वीकार्छ (सादेति)। अनि त्यसको स्वादलिन्छ, चाखलिन्छ तथा त्यसद्वारा उ सन्तुष्ट पनि हुन्छ। ब्राह्मण! यस्तो ब्रह्मचर्यलाई म खण्ड, छिद्र, दाग तथा दोष भएको भनी भन्दछु। ब्राह्मण! यस्तालाई म अपरिशुद्ध ब्रह्मचर्य पालन गर्ने, मैथुनसंयोगले युक्त हुने—जाति, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासबाट मुक्त नहुने तथा दुःखबाट पनि मुक्त नहुने भनी भन्दछु।

(२) "ब्राह्मण! फेरि यहाँ, कुनै श्रमण वा ब्राह्मणले आफूलाई साँच्चैके ब्रह्मचारी हुँ भनी ज्ञापन गर्छ। हो, उसले स्त्रीसँग जोडी मिल्नुपर्ने काम गर्दैन, न त उसले स्त्रीद्वारा मालिस गराइने, आङमिचाइने नुहाइने तथा सुसार-कुसार गराइने काम स्वीकार्छ; बल्कि उसले स्त्रीसँग ख्याल-ठट्टा गर्छ, खेल्छ तथा मनोरञ्जन गर्छ। अनि त्यसको स्वादलिन्छ, चाखलिन्छ तथा त्यसद्वारा उ सन्तुष्ट पनि हुन्छ। ब्राह्मण! यस्तो ब्रह्मचर्यलाई पनि म खण्ड, छिद्र, दाग तथा दोष भएको भनी भन्दछु। ब्राह्मण! यस्तालाई म अ-परिशुद्ध ब्रह्मचर्य पालनगर्ने, मैथुनसंयोगले युक्त हुने—जाति, जरा,.. उपायासबाट मुक्त नहुने तथा दुःखबाट पनि मुक्त नहुने भनी भन्दछु।

(३) "ब्राह्मण! फेरि यहाँ, कुनै श्रमण वा ब्राह्मणले आफूलाई साँच्चैके ब्रह्मचारी हुँ भनी ज्ञापन गर्छ। हो, उसले स्त्रीसँग जोडी मिल्नुपर्ने काम गर्दैन, न त उसले स्त्रीद्वारा मालिस गराइने,... तथा सुसार-कुसार गराइने काम स्वीकार्छ, न त स्त्रीसँग ख्यालठट्टा गर्छ, खेल्छ तथा मनोरञ्जन गर्छ; बल्की उसले स्त्रीसँग आँखा जुधाई

Downloaded from http://www.dhamma.digital

हेर्छ। अनि त्यसको स्वादलिन्छ, चाखलिन्छ तथा त्यसद्वारा उ सन्तुष्ट पनि हुन्छ। ब्राह्मण! यस्तो ब्रह्मचर्यलाई पनि म खण्ड, छिद्र, दाग तथा दोष भएको भनी भन्दछु। ब्राह्मण! यस्तालाई म अपरिशुद्ध ब्रह्मचर्य पालन गर्ने, मैथुनसंयोगले युक्त हुने—जाति, जरा,... उपायासबाट मुक्त नहुने तथा दुःखबाट पनि मुक्त नहुने भनी भन्दछु।

(४) "ब्राह्मण! फेरि यहाँ, कुनै श्रमण वा ब्राह्मणले आफूलाई साँच्चैकै ब्रह्मचारी हुँ भनी ज्ञापन गर्छ। हो, उसले स्त्रीसँग जोडी मिल्नुपर्ने काम गर्दैन, न त उसले स्त्रीद्वारा मालिस गराइने,... तथा सुसार-कुसार गराइने काम स्वीकार्छ, न त उसले स्त्रीसँग ख्यालठट्टा गर्छ, खेलछ तथा मनोरञ्जन गर्छ, न त उसले स्त्रीसँग आँखा लडाई हेर्छ; बल्कि कठबारको पछाडि वा परखालको पछाडि हाँसेको, कुरा गरेको, गाएको तथा रोएको स्त्रीको आवाज सुन्दछ। अनि त्यसको स्वादलिन्छ, चाखलिन्छ तथा त्यसद्वारा सन्तुष्ट पनि हुन्छ। ब्राह्मण! यस्तो ब्रह्मचर्यलाई पनि म खण्ड, छिद्र, दाग तथा दोष भएको भनी भन्दछु। ब्राह्मण! यस्तालाई म अपरिशुद्ध ब्रह्मचर्य पालन गर्ने, मैथुनसंयोगले युक्त हुने—जाति, जरा,...उपायासबाट मुक्त नहुने तथा दुःखबाट पनि मुक्त नहुने भनी भन्दछु।

(५) "ब्राह्मण! फेरि यहाँ, कुनै श्रमण वा ब्राह्मणले आफूलाई साँच्चैकै ब्रह्मचारी हुँ भनी ज्ञापन गर्छ। हो, उसले स्त्रीसँग जोडी मिल्नुपर्ने काम गर्दैन, न त उसले स्त्रीद्वारा मालिस गराइने,... तथा सुसार-कुसार गराइने काम स्वीकार्छ, न त उसले स्त्रीसँग ख्याल-ठट्टा

Downloaded from http://www.dhamma.digital

गर्छ, खेल्छ तथा मनोरञ्जन गर्छ, न त उसले स्त्रीसँग आँखा लडाई हेर्छ, न त कठबारको पछाडि वा परखालको पछाडि हाँसेको, कुरागरेको, गाएको तथा रोएको स्त्रीको आवाज सुन्दछ। बल्कि उसले स्त्रीसँग जुन त्यो पहिले पहिले हाँसेका, कुरागरेका तथा खेलेका कुराहरू हुन् तिनीहरूको अनुस्मरण गर्छ। अनि त्यसको स्वादलिन्छ, चाखलिन्छ तथा त्यसद्वारा सन्तुष्ट पनि हुन्छ। ब्राह्मण! यस्तो ब्रह्मचर्यलाई पनि म खण्ड, छिद्र, दाग तथा दोष भएको भनी भन्दछु। ब्राह्मण! यस्तालाई म अपरिशुद्ध ब्रह्मचर्य पालन गर्ने, मैथुनसंयोगले युक्त हुने – जाति, जरा,...उपायासबाट मुक्त नहुने तथा दुःखबाट पनि मुक्त नहुने भनी भन्दछु।

(६) "ब्राह्मण! फेरि यहाँ, कुनै श्रमण वा ब्राह्मणले आफूलाई साँच्चैकै ब्रह्मचारी हुँ भनी ज्ञापन गर्छ। हो, उसले स्त्रीसँग जोडी मिल्नुपर्ने काम गर्दैन, न त उसले स्त्रीद्वारा मालिस गराइने,... तथा सुसार-कुसार गराइने काम स्वीकार्छ, न त उसले स्त्रीसँग ख्याल-ठट्टा गर्छ, खेल्छ तथा मनोरञ्जन गर्छ, न त उसले स्त्रीसँग आँखा लडाई हेर्छ, न त कठबारको पछाडि वा परखालको पछाडि हाँसेको, कुरागरेको, गाएको तथा रोएको स्त्रीको आवाज सुन्दछ, न त उसले स्त्रीसँग जुन त्यो पहिले पहिले हाँसेका, कुरागरेका तथा खेलेका कुराहरू हुन् तिनीहरूको अनुस्मरण गर्छ; बल्कि उसले पञ्चकाम विषयमा रमण गरिरहेका गृहपति वा गृहपति पुत्रहरूलाई हेर्छ। अनि त्यसको स्वादलिन्छ, चाखलिन्छ, तथा त्यसद्वारा सन्तुष्ट पनि हुन्छ। ब्राह्मण!

Downloaded from http://www.dhamma.digital

यस्तो ब्रह्मचर्यलाई पनि म खण्ड, छिद्र, दाग तथा दोष भएको भनी भन्दछु। ब्राह्मण ! यस्तालाई म अपरिशुद्ध ब्रह्मचर्य पालनगर्ने, मैथुन-संयोगले युक्त हुने– जाति, जरा,...उपायासबाट मुक्त नहुने तथा दुःखबाट पनि मुक्त नहुने भनी भन्दछु।

(७) "ब्राह्मण ! फेरि यहाँ, कुनै श्रमण वा ब्राह्मणले आफूलाई साँच्चैके ब्रह्मचारी हुँ भनी ज्ञापन गर्छ। (१) हो, उसले स्त्रीसँग जोडी मिल्नुपर्ने काम गर्दैन, (२) न त उसले स्त्रीद्वारा मालिस गराइने, आङमिचाइने, नुहाइने तथा सुसार-कुसार गराइने काम स्वीकार्छ, (३) न त उसले स्त्रीसँग ख्याल-ठट्टा गर्छ, खेल्छ तथा मनोरञ्जन गर्छ, (४) न त उसले स्त्रीसँग आँखा लडाई हेर्छ, (५) न त उसले कठबारको पछाडि वा परखालको पछाडि हाँसेको, कुरागरेको, गाएको तथा रोएको स्त्रीको आवाज सुन्दछ, (६) न त उसले स्त्रीसँग जुन त्यो पहिले पहिले हाँसेका, कुरागरेका तथा खेलेका कुराहरू हुन् तिनीहरूको अनुस्मरण गर्छ, (७) न त उसले पञ्चकाम विषयमा रमण गरिरहेका गृहपति वा गृहपतिपुत्रहरूलाई हेर्छ, बल्कि उ कुनै एक देवनिकायको कामना गरी ब्रह्मचर्य पालन गर्छ—यस शीलद्वारा, यस व्रतद्वारा, यस तपस्याद्वारा अथवा यस ब्रह्मचर्यद्वारा म एक देवराजा हुनसकूँ अथवा कुनै एक देवता हुनसकूँ। अनि त्यसको स्वादलिन्छ, चाखलिन्छ तथा त्यसद्वारा सन्तुष्ट पनि हुन्छ। ब्राह्मण ! यस्तो ब्रह्मचर्यलाई पनि म खण्ड, छिद्र, दाग तथा दोष भएको भनी भन्दछु। ब्राह्मण ! यस्तालाई म अपरिशुद्ध ब्रह्मचर्य पालन गर्ने, मैथुनसंयोगले युक्त हुने—

Downloaded from http://www.dhamma.digital

जाति, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासबाट मुक्त नहुने तथा दुःखबाट पनि मुक्त नहुने भनी भन्दछु।

"ब्राह्मण ! जबसम्म मैले यी सातैवटा मैथुनसंयोगहरू-मध्येमा कुनैन कुनै मैथुनसंयोग आफूमा बाँकी रहेको देखें, तबसम्म, हे ब्राह्मण ! देवसहित, मारसहित ब्रह्मसहित लोकमा; श्रमणसहित ब्राह्मण प्रजाहरूमा, देवसहित मनुष्यहरूमा—अनुत्तर सम्यक्सबुद्धत्व प्राप्तगरें भनी मैले ज्ञापन गरिन।

"ब्राह्मण ! जब मैले यी सातैवटा मैथुनसंयोगहरूमध्येमा कुनै पनि मैथुनसंयोग आफूमा बाँकी रहेको देखिन, तब, हे ब्राह्मण ! देवसहित, मारसहित ब्रह्मलोकमा; श्रमणसहित ब्राह्मण प्रजाहरूमा; देवसहित मनुष्यहरूमा—अनुत्तर सम्यक्सम्बुद्धत्व प्राप्तगरें भनी मैले ज्ञापन गरें। अनि 'मेरा ज्ञानदर्शन पनि उत्पन्न भयो। मेरो विमुक्ति अटल (अकुप्पा) भयो। यही अन्तिम जन्म हो। फेरि पुनर्जन्म पनि छैन' भन्ने कुरा पनि मलाई थाहाभयो।"

यति भन्नु भएपछि जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने—

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !!.. आजवेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्।"

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र –

## १०–दुइ अन्तहरू

भगवान् बुद्ध श्रावस्तीमा बसिरहनु भएको वेलामा[१]।

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने—

"भो गौतम ! के, सबैछन् ?"

"ब्राह्मण ! सबैछन् भन्नु पनि एक अन्त हो।"

"भो गौतम ! के, सबै छैनन् ?"

"ब्राह्मण ! सबै छैनन् भन्नु पनि अर्को अन्त हो। ब्राह्मण ! यी दुइ अन्तहरूमा नपरी मध्यम्मार्गद्वारा तथागतले धर्मदेशना गर्नुहुन्छ। जस्तै—

१. सं. नि. II. पृ. ६५: जाणुस्सोणिसुत्तं, निदानसंयुत्तं, अ. क. II. पृ. ५७.

Downloaded from http://www.dhamma.digital

द्वादशाकार—'अविद्याको कारणद्वारा संस्कार हुन्छ, संस्कारको कारणद्वारा विज्ञान हुन्छ, विज्ञानको कारणद्वारा नाम-रूप हुन्छ, नाम-रूपको कारणद्वारा षडायतन हुन्छ, षडायतनको कारणद्वारा स्पर्श हुन्छ, स्पर्शको कारणद्वारा वेदना हुन्छ, वेदनाको कारणद्वारा तृष्णा हुन्छ, तृष्णाको कारणद्वारा उपादान हुन्छ, उपादानको कारणद्वारा भव (= जन्मिने कारण) हुन्छ, भवको कारणद्वारा जाति (= जन्म) हुन्छ, जातिको कारणद्वारा जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य (= मानसिक दुःख) तथा उपायास उत्पन्न हुन्छ। यसरी सबैप्रकारका दुःखस्कन्धहरू उत्पन्न हुन्छन्। अविद्याकै निरवशेष-विराग र निरुद्ध भएपछि संस्कार निरुद्ध हुन्छ, संस्कार निरुद्ध भएपछि विज्ञान निरुद्ध हुन्छ, विज्ञान निरुद्ध भएपछि नाम-रूप निरुद्ध हुन्छ, नाम-रूप निरुद्ध भएपछि षडायतन निरुद्ध हुन्छ, षडायतन निरुद्ध भएपछि स्पर्श निरुद्ध हुन्छ, स्पर्श निरुद्ध भएपछि वेदना निरुद्ध हुन्छ, वेदना निरुद्ध भएपछि तृष्णा निरुद्ध हुन्छ, तृष्णा निरुद्ध भएपछि उपादान निरुद्ध हुन्छ, उपादान निरुद्ध भएपछि भव (= जन्मिने कारण) निरुद्ध हुन्छ, भव निरुद्ध भएपछि जाति (= जन्म) निरुद्ध हुन्छ, जाति निरुद्ध भएपछि जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास पनि निरुद्ध हुन्छ। यसरी सबै दुःखस्कन्धहरूको निरुद्ध हुन्छ'।"

यस्तो भन्नु भएपछि, जाणुस्सोणि ब्राह्मणले भगवान्‌लाई यस्तो भने—

"धन्य हो, भो गौतम! धन्य हो, भो गौतम!! जस्तै भो गौतम! घोप्टेकोलाई उत्तानो पारिदिंदा, ढाकिएकोलाई उघारिदिंदा,

Downloaded from http://www.dhamma.digital

बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देख्छन्—त्यस्तैगरी तपाइ गौतमले मलाई अनेकप्रकारद्वारा धर्मप्रकाश पारिदिनु भयो। अब म, तपाइ गौतमको शरणमा पर्दछु, धर्म र भिक्षु सङ्घको पनि। आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्।"

× × ×

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## ११–सानो हात्तीको पाइला

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो। त्यस समय जाणुस्सोणि ब्राह्मण मध्याह्न समयमा सबै सेता घोडीहरू भएका रथद्वारा श्रावस्तीतिर जाँदैथिए। त्यसवखत जाणुस्सोणि ब्राह्मणले पिलोतिक परिब्राजकलाई[२] टाढैदेखि आइरहेका देखे। देखेर पिलोतिक परिब्राजकलाई यस्तो भने[३]—

---

१. म. नि. I. पृ. २२६: चूलहत्थिपदोपमसुत्तं, अ. क. II. पृ. १६१.

२. यी पिलोतिक परिब्राजक तन्नेरी थिए, सुवर्णवर्णी तथा बुद्धको उपासक थिए। बिहान सबेरै तथागत र महास्थविरहरूको उपासना गरी आफ्ना त्रिदण्ड र कमण्डलु आदि सामानका साथ जेतवनबाट निस्की नगरतिर जाँदैथिए। यसै वखत जाणुस्सोणि ब्राह्मणले यिनलाई टाढैदेखि आइरहेका देखेका थिए। पपं. सू. II. पृ. १६२–६३: चूलहत्थिपदोपमसुत्तवण्णना।

३. जब परिब्राजक क्रमशः नजिकमा आइपुगे तब ब्राह्मणले उनलाई चिनेर यस्तो भनेका हुन्। पपं. सू. II. पृ. १६३.

Downloaded from http://www.dhamma.digital

"हन्द ! तपाइ वच्छायन (= वात्स्यायन) मध्याह्न समयमा कहाँबाट आइरहनु भएको हो ?"

"भो ! म वहाँ श्रमण गौतमकहाँबाटै आइरहेको हुँ ।"

"तपाइ वच्छायन श्रमण गौतमको प्रज्ञा-विचक्षणताको बारेमा के सोच्नुहुन्छ नि, के वहाँलाई पण्डित सम्झनु हुन्छ[१] ?"

"भो ! श्रमण गौतमको प्रज्ञा-विचक्षणतालाई जान्नसक्ने म कोहुँ र[२] ! जो श्रमण गौतमको प्रज्ञा-विचक्षणतालाई जान्नसक्छ, उ पनि त त्यत्तिकै प्रज्ञावान् हुनुपर्ला नि[३] ।"

---

१. श्रमण गौतमलाई पण्डित ठान्नु हुन्छ कि हुन्न भनी सोधेका हुन् । पपं. सू. II. पृ. १६३: चूलहत्थिपदोपमसुत्तवण्णना ।

२. यस वाक्यद्वारा—मैले श्रमण गौतमको पाण्डित्यतालाई कसरी जान्न सकुँला र भनी आफू त्यस विषयमा सर्वथा अनभिज्ञ छु भन्ने कुरा जनाएको हो । पपं. सू. II. पृ. १६३.

३. भनाइको तात्पर्य यो हो कि—जसले श्रमण गौतमको प्रज्ञा-विचक्षणतालाई जान्न सक्नेछ उ पनि त्यस्तैगरी दशपारमी पूरा गरेर बुद्ध जस्तै हुनुपर्छ । जस्तै—सुमेरु, हिमाल शृंखला, पृथ्वी अथवा आकाश नाप्न खोजनेले त्यत्तिकै प्रमाणको लट्ठी वा डोरी पाउन सक्नु पर्छ । त्यस्तै—श्रमण गौतमको प्रज्ञालाई जान्नेले वहाँकै जस्तै सर्वज्ञता-ज्ञान हुनुपर्छ भनी भनिएको हो । तर यहाँ चाहिं पिलोतिक परिव्राजकले आदरको कारणले यस्तो प्रतिमण्डित वाक्य भनेका हुन् भनी पपं. सू. II. पृ. १६३: चूलहत्थिपदोपमसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

"तपाइ वच्छायनले त श्रमण गौतमको निक्कै प्रशंसाद्वारा प्रशंसागर्नु हुन्छ ।"

"भो ! श्रमण गौतमको प्रशंसा गर्ने म कोहुं र ! प्रशंसा पाउनेहरूद्वारा नै वहाँ प्रशंसित[1] हुनुहुन्छ । वहाँ गौतम देवमनुष्य-हरूमध्येमा श्रेष्ठ नै हुनुहुन्छ ।"

"के कारण देखेर तपाइ वच्छायन श्रमण गौतम प्रति यसरी अभिप्रसन्न हुनुभएको त ?"

---

१. 'प्रशंसा पाउनेहरूद्वारा नै प्रशंसित हुनुहुन्छ' भन्नेको पालि शब्द हो —'पसत्थपसत्थो' । यसको पष्टिकरण यसरी दिएको छ ।

सबै प्रकारका गुणहरूद्वारा श्रेष्ठ र सबैलोकद्वारा प्रशंसित हुने र आफ्नै गुणद्वारा प्रशंसित भएकालाई अरू कसैले प्रशंसा गर्नुपर्ने काम छैन । जस्तै चंपक फूल अथवा नीलोत्पलादि पद्मफूल अथवा लोहित चन्दनहरू आफ्नै वर्ण-गन्ध तथा श्रीद्वारा प्रियंकर तथा सुगन्धित छन्; उनीहरूलाई कुनै आगन्तुक वर्ण-गन्धद्वारा स्तुति वा प्रशंसा गर्नु पर्दैन । जस्तै मणिरत्न अथवा चन्द्रमण्डलहरू आफ्नै आलोकद्वारा प्रकाशित हुन्छन् उनीहरूलाई अर्काले प्रकाश पार्नुपर्दैन । यस्तैगरी श्रमण गौतम पनि सबै लोकमा प्रशंसित हुने तथा आफ्नै गुणद्वारा प्रशंसित भई सबै लोकहरूमा श्रेष्ठोत्तम हुनुहुन्छ । वहाँलाई कसैले प्रशंसा गर्नुपर्दैन ।

Downloaded from http://www.dhamma.digital

त्यसैले प्रशंसितद्वारा प्रशंसित हुनु भएका वहाँलाई 'पसत्थपसत्थो' भनिएको हो ।

को प्रशंसित छन् त ? राजा प्रसेनजितादि कोशल, काशी-कोशल वासीहरूद्वारा प्रशंसित छन् । बिम्बिसार राजा, अङ्ग-मगधवासीहरूद्वारा प्रशंसित छन् । वैशालीका लिच्छवीहरू, वज्जीदेशवासीहरूद्वारा प्रशंसित छन् । पावाका मल्लहरू, कुशीनगर-वासीहरुद्वारा प्रशंसित छन । अरू पनि क्षत्रीहरू, ती ती जनपद-वासीहरूद्वारा प्रशंसित छन् ।

चङ्की आदि ब्राह्मणहरू, ब्राह्मणगणहरूद्वारा प्रशंसित छन् । अनाथपिण्डिक उपासकहरू, उपासकगणहरूद्वारा प्रशंसित छन् । विशाखा आदि उपासिकाहरू, अनेकशत उपासिकाहरूद्वारा प्रशंसित छन् । सकुलुदायी आदि परिव्राजकहरू, अनेक शत परिव्राजकहरूद्वारा प्रशंसित छन् । उत्पलवर्णा स्थविरादि महा-श्राविकाहरू, अनेक शय भिक्षुणीहरूद्वारा प्रशंसित छन् । सारिपुत्र स्थविरादि महास्थविरहरू, अनेक शय भिक्षुहरूद्वारा प्रशंसित छन् । महाब्रह्मादि ब्रह्माहरू, अनेक सहस्र ब्रह्माहरूद्वारा प्रशंसित छन् । तिनीहरू सबैले दशबल बुद्धको प्रशंसा गर्दछन्, स्तुति गर्दछन् तथा वर्णना गर्दछन् । त्यसैले भगवान् बुद्ध 'प्रशंसा पाउनेहरुद्वारा नै प्रशंसित हुनुहुन्छ' भनी सूत्रमा उल्लेख भएको हो भनी पपं. सू. II. पृ. १६३–६४: चूलहत्थिपदोपमसुत्तवण्णनाले उल्लेख गरेको हो ।

Downloaded from http://www.dhamma.digital

## श्रमण गौतममा चार चिह्नहरू

"भो ! जस्तै कुनै चतुर नागवनिक (=हात्तीविद्याजान्ने) हात्तीवनभित्र जान्छ । उसले हात्तीवनमा लँबाइ र चौडाइमा ठूलो भएको हात्तीको ठूलो पाइला देख्छ । (अनि) यसबाट उसलाई निश्चय हुन्छ कि – 'भो ! योत ठूलो हात्ती हो ।' भो ! यस्तैगरी जब मैले श्रमण गौतममा चार चिह्नहरू (पदहरू) देखें तब, म निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सुप्रतिपन्न छन् ।'

"कुन चार ?

(१) "भो ! यहाँ म, केही क्षत्रीहरू देख्दछु— जो पण्डित, निपुण, कृतपरप्रवादी, वालवेधी (=वाणद्वारा रौंलाई ताक लगाउन सक्ने) समान आफ्नो प्रज्ञाद्वारा अर्काको दृष्टिलाई मर्दनगरी हिड्छन् । उनीहरूले सुन्दछन् कि—'श्रमण गौतम अमुक नामक गाउँ वा निगममा आउनेछन् ।' भो ! (अनि) उनीहरूले प्रश्नहरू तयार पार्छन्—'हामीहरू श्रमण गौतमकहाँ गई यो प्रश्न सोध्नेछौं; यस्तो सोध्दा यस्तो उत्तर दिनेछन्, (अनि) हामीले यसरी वाद आरोप गर्नेछौं; यस्तो सोध्दा यस्तो उत्तर दिनेछन्, यस्मा पनि हामीले यसरी वाद आरोप गर्नेछौं ।' भो ! (अनि) उनीहरूले सुन्दछन् कि—'श्रमण गौतम अमुक नामक गाउँ वा निगममा आइपुगे ।' (अनि) उनीहरू श्रमण गौतमकहाँ जान्छन् । श्रमण गौतमले उनीहरूलाई धार्मिक कथाद्वारा संदर्शित,

Downloaded from http://www.dhamma.digital

सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुहुन्छ । श्रमण गौतमको धार्मिक कथाद्वारा संदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन् [१], वाद आरोप गर्ने कुरा त परंजावोस् । बरु उनीहरू श्रमण गौतमकै श्रावक हुन्छन् । भो ! जब मैले श्रमण गौतममा यो पहिलो चिह्न देखें तब, म पनि निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक-सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यातछ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

---

१. किन प्रश्न सोध्दैनन् ?

परिषद्का बीच धर्मोपदेश गर्ने भगवान् बुद्धले परिषद्को मनोभाव-लाई हेर्नुहुन्छ । अनि वहाँले देख्नुहुन्छ कि—'यी क्षत्री-पण्डितहरू गुह्य तथा रहस्यमय प्रश्नहरू बनाई आएका छन् ।' अतः उनीहरूले प्रश्न सोध्नुभन्दा अगावै वहाँले—'यस्तो प्रश्न सोधाइमा यस्तो दोष, यस्तो उत्तरमा यस्तो दोष, अर्थमा, पदमा, अक्षरहरूमा यति यति दोष हुन्छन् । यी प्रश्नहरू सोध्दा यसरी सोध्नुपर्छ, उत्तरदिदा यसरी उत्तरदिनु पर्छ' भन्ने आदि कुराहरू धर्मोपदेशकै शिलशिला अन्तरगतपारी सुनाउनुहुन्छ । अनि क्षत्री-पण्डितहरू सोच्दछन्—'हामीले प्रश्नहरू नसोधेको राम्रै भयो । यदि प्रश्न सोधेका भए श्रमण गौतमले हामीहरूको मुख रातो हुनेगरी जवाफ दिने थिए ।' यस्तो सोचेर उनीहरू सन्तुष्ट हुन्छन् ।

Downloaded from http://www.dhamma.digital

(२) "फेरि भो ! यहाँ म, केही ब्राह्मण-पण्डितहरू देख्दछु —जो पण्डित,...[१] अर्काको दृष्टिलाई मर्दनगरी हिड्छन्।...[१] उनीहरू श्रमण गौतमकहाँ जान्छन्। श्रमण गौतमले उनीहरूलाई धार्मिक कथाद्वारा संदर्शित,...पार्नुनुन्छ। श्रमण गौतमको धार्मिक कथाद्वारा

---

यतिमात्र होइन—धर्मदेशना गर्नुहुने बुद्धले मानिसहरू प्रति मैत्रीचित्त फैलाउनु हुन्छ; यसद्वारा महाजनहरूको चित्त दशबल बुद्ध प्रति प्रसन्न हुन्छ। बुद्धको रूप सम्पत्ति अतिश्रेष्ठ भएको हुँदा दर्शनीय छ। वहाँले मधुर स्वरद्वारा धर्मोपदेश गरेको सुनिरहँदा अमृतद्वारा हृदय आसिञ्चन गरेको जस्तो लाग्छ। मैत्रीको प्रभावद्वारा प्रभावित भएका उनीहरूको मनमा यस्तो लाग्छ—'यस्ता अद्वितीय कुरा भन्ने, अमोघ उपदेश गर्ने, नैर्याणिक सदुपदेश सुनाउने भगवान्सँग प्रतिवाद गर्न सकिन्न।' यस्तो सोचेर प्रसन्न भएका उनीहरूले प्रसन्नताको कारणले गर्दा पनि प्रश्नहरू सोध्दैनन्। बल्कि भगवान्कै शरणमा परी उनीहरू भगवान्कै शिष्यत्वमा पुग्न जान्छन्। पपं. सू. II. पृ. १६४–६५: चूलहत्थिपदोपमसुत्तवण्णना।

१–१. यहाँका बाँकी कुराहरू माथि पृ. ३२६ को (१) मा उल्लेख भए जस्तै दोहऱ्याइ पढ्नू।

Downloaded from http://www.dhamma.digital

संदर्शित,...[1] भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन्, वाद आरोप गर्ने कुरात परैजावोस्।...[1] भो! जब मैले श्रमण गौतममा यो दोस्रो चिह्न देखें तब, म निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन्।'

(३) "फेरि भो! यहाँ म, केही गृहपति-पण्डितहरू देख्दछु—जो पण्डित,...अर्काको दृष्टिलाई मर्दनगरी हिड्छन्।... उनीहरू श्रमण गौतमकहाँ जान्छन्। श्रमण गौतमले उनीहरूलाई धार्मिक कथाद्वारा संदर्शित,...पार्नुहुन्छ। श्रमण गौतमको धार्मिक कथाद्वारा संदर्शित,...भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन्, वाद आरोप गर्ने कुरा त परैजावोस्।...भो! जब मैले श्रमण गौतममा यो तेस्रो चिह्न देखें तब, म निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन्।'

(४) "फेरि भो! यहाँ म, केही श्रमण-पण्डितहरू देख्दछु—जो पण्डित,...अर्काको दृष्टिलाई मर्दनगरी हिड्छन्।... उनीहरू श्रमण गौतमकहाँ जान्छन्। श्रमण गौतमले उनीहरूलाई धार्मिक कथाद्वारा संदर्शित,...पार्नुहुन्छ। श्रमण गौतमको धार्मिक कथाद्वारा संदर्शित,...भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन्, वाद

१–१. यहाँका बाँकी कुराहरू माथि पृ. ३२७ मा उल्लेख भए जस्तै दोहऱ्याइ पढ्नू।

Downloaded from http://www.dhamma.digital

आरोप गर्ने कुरा त परैजावोस् । बल्कि उनीहरू घरबार छाडी अनगारिय भई प्रव्रजित हुनकोनिमित्त श्रमण गौतमसंग अवकाश माग्छन् । उनीहरूलाई श्रमण गौतमले प्रव्रजित गराउनु हुन्छ । उनीहरू त्यहाँ प्रव्रजित भएर एकान्त वासमा बसी अप्रमत्त, आतप्तसम्पन्न तथा वीर्यवान् भई चिरकाल नबित्दै—जसकोनिमित्त कुलपुत्रहरू राम्ररी घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छन्— त्यो अनुत्तर ब्रह्मचर्यको फल यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी विहार गर्छन् । (अनि) उनीहरू यस्तो भन्दछन्—'भो ! हामी नाश हुने थियौं, भो हामी विनाश हुने थियौं[१] (मनं वत, भो, अनस्साम, मनं वत, भो, पनस्साम) । अघि हामीहरू अश्रमण[२] भएर नै श्रमण ह्वौं भनी भन्दथ्यौं; अब्राह्मण[३] भएर नै ब्राह्मण ह्वौं भनी भन्दथ्यौं; अरहन्त[४]

१. भनाइको तात्पर्य—यदि हामीहरू क्षणभरको लागि यहाँ नआएको भए, यो क्षणभर नआउनाको कारणले गर्दा हामीहरू नाशहुने थियौं, विनाश हुने थियौं; तर अब यहाँ आएकोले गर्दा हामीहरू नाशभएनौं भनी भनिएको हो । पपं. सू. II. पृ. १६५: चूलहत्थि-पदोपमसुत्तवण्णना ।

२. पापहरूलाई शान्त नपारेको हुँदा 'अ-श्रमण' । पपं. सू. II. पृ. १६५.

३. पापहरूलाई न पखालेको हुँदा 'अ-ब्राह्मण' । पपं. सू. II. पृ. १६५.

४. क्लेशरूपी शत्रुहरूलाई हनन गरेको हुँदा 'अरहन्त' । पपं. सू. II. पृ. १६५.

Downloaded from http://www.dhamma.digital

नभएर नै अरहन्त हौं भनी भन्दथ्यौं। अहिले हामीहरू श्रमण भयौं, अहिले हामीहरू ब्राह्मण भयौं, अहिले हामीहरू अरहन्त भयौं।' भो! जब मैले श्रमण गौतममा यो चौथो चिह्न देखें तब, म निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन्।'

'भो! जब मैले यी चार कारणहरू श्रमण गौतममा देखें तब, म निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन्।"

## जाणुस्सोणि ब्राह्मणको नमस्कार

यस्तो भनेपछि, जाणुस्सोणि ब्राह्मण सबै सेता घोडीको रथबाट ओर्ल्हीं, उत्तरासङ्घ एकांश पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यतातिर फर्की दुइहात जोरी तीनबार उदान[1] प्रकट गरे—

---

१. 'उदान' भनेको प्रीतिवाक्य हो। जस्तै मानामा भरिएर बाहिर ओहिरिने तेललाई 'ओहिरिएको' (अवसेको) भनिन्छ; जस्तै तलाउहरू भरिएर वाहिर ओहिरिने पानीलाई 'ओघ' (=बाढी) भनिन्छ त्यस्तै गरी—प्रीति अनुभव भएर मनमा न अटाई अथवा मनमा राख्न नसकी मुखबाट प्रकट हुने जुन प्रीतिवाक्य हो त्यस्ता वाक्यलाई 'उदान' भनिन्छ। पपं. सू. II. पृ. १६५: चूलहत्थिपदोपमसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार !

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार !

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार । अवश्य पनि हामीले पनि कहिले काँहि वहाँ गौतमसँग भेटगर्न सक्नेछौं र अवश्य पनि केही कुराकानी पनि हुनसक्छ ।"

## हात्ती पाइलाका उपमाहरू

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुथ्यो त्यहाँगए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुराकानी गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले जे जति कुराहरू पिलोतिक परिव्राजकसँग भएका थिए ती सबै कुराहरू भगवान्लाई सुनाए ।

यस्तो भन्दा, भगवान्ले जाणुस्सोणि ब्राह्मणलाई यस्तो भन्नुभयो—

"ब्राह्मण ! यत्तिकैले हात्तीपाइलाका उपमाका कुराहरू विस्तार-पूर्वक परिपूर्ण हुन्नन् । अतः ब्राह्मण ! जसरी हात्तीपाइलाका उपमाका कुराहरू विस्तारपूर्वक परिपूर्ण हुन्छन् ती कुराहरू सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भो" भनी जाणुस्सोणि ब्राह्मणले भगवान्लाई प्रत्युत्तरदिए । भगवान्ले यस्तो भन्नुभयो—

Downloaded from http://www.dhamma.digital

(१) "ब्राह्मण ! जस्तै कुनै चतुर नागवनिक (=हात्ती-विद्याजान्ने) हात्तीवनभित्र जान्छ। उसले हात्तीवनमा लँबाइ र चौडाइमा ठूलो भएको हात्तीको ठूलो पाइला देख्छ। जो चतुर नागवनिक हुन्छ—उ यत्तिकैमा निश्चयमा पुग्दैन कि—'यो ठूलो हात्ती हो।' किनभने ? ब्राह्मण ! हात्तीवनमा ठूला पाइला हुने बावनी हात्तिनीहरू पनि छन्; यी उनीहरूकै पाइला हुन सक्छन्।

(२) "उ त्यसको पछि पछि लाग्छ। त्यसको पछि पछि लाग्दा उसले हात्तीवनमा लँबाइ र चौडाइमा ठूलो भएको हात्तीको ठूलो पाइला र अग्लो ठाउँमा घर्षण गरेको चिह्न पनि देख्छ[१]। जो चतुर नागवनिक हुन्छ—उ यत्तिकैमा निश्चयमा पुग्दैन कि—'यो ठूलो हात्ती हो।' किनभने ? ब्राह्मण ! हात्तीवनमा ठूला पाइला हुने अग्ला कालारिका[२] भन्ने हात्तिनीहरू पनि छन्; यी उनीहरूकै पाइला हुन सक्छन्।

---

१. भनाइको मतलब वटवृक्षको सात आठ हात जति अग्लाइमा हात्तीले कन्याउँदाको चिह्नलाई यहाँ 'चिह्न' भनी भनिएको हो। पपं. सू. II. पृ. १६५: चूलहत्थिपदोपमसुत्तवण्णना।

२. कालारिका भन्ने हात्तिनीहरू विरलै पाइन्छन्। यिनीहरू अग्ला अग्ला तथा यिनीहरूका खुट्टाहरू मोटा लट्ठा जस्तै हुन्छन्। यिनीहरूका एउटा दाह्रा माथिल्तिर र अर्को दाह्रा तलतिर फर्केका हुन्छन्। पपं. सू. II. पृ. १६५.

Downloaded from http://www.dhamma.digital

(३) "उ त्यसको पछि पछि लाग्छ। त्यसको पछि पछि लाग्दा उसले हात्तीवनमा लँबाइ र चौडाइमा ठूलो भएको हात्तीको ठूलो पाइला र अग्लो ठाउँमा घर्षण गरेको चिह्न तथा अग्लो ठाउँमा दाह्राले घसेको चिह्न पनि देख्छ[१]। जो चतुर नागवनिक हुन्छ—उ यत्तिकैमा निश्चयमा पुग्दैन कि—'यो ठूलो हात्ती हो।' किनभने ? ब्राह्मण ! हात्तीवनमा ठूला पाइला हुने अग्ला कणेरुका[२] भन्ने हात्तिनीहरू पनि छन्; यी उनीहरूकै पाइला हुन सक्छन्।

(४) "उ त्यसको पछि पछि लाग्छ। त्यसको पछि पछि लाग्दा हात्तीवनमा उसले लँबाइ र चौडाइमा ठूलो भएको हात्तीको ठूलो पाइला र अग्लो ठाउँमा घर्षण गरेको चिह्न, अग्लो ठाउँमा दाह्राले घसेको चिह्न तथा अग्ला शाखाहरू भाँचिएका पनि देख्छ। त्यो हात्तीलाई पनि रुखमनि बसिरहेको वा खुला ठाउँमा हिँडिरहेको वा उभिइरहेको अथवा सुतिरहेको देख्छ। (अनि) उ निश्चयमा पुग्छ[३] कि—'यही सो ठूलो हात्ती हो।'

---

१. वटवृक्षको अग्लो ठाउँमा बञ्चरोले हानेको जस्तै दाह्राले घसेको दाग वा चिह्न देख्छ। पपं. सू. II. पृ. १६६.

२. कणेरुका भन्ने हात्तीका ठूला, मोटा तथा अग्ला अग्ला खुट्टाहरू र मकुल जस्तै दाह्राहरू हुन्छन्। पपं. सू. II. पृ. १६६.

३. त्यो नागवनिकले—"जुन हात्तीको पाइला पछि पछि लागेर आएँ—यही सो हात्ती हो, अरू होइन; जो मैले अघि पहिलो पाइला देखेर वामनिकाको पाइला होला भनी विश्वास गरिन;

Downloaded from http://www.dhamma.digital

**तथागत उत्पन्न**—(१) "ब्राह्मण! त्यस्तैगरी[1] यहाँ, तथागत अरहत्, सम्यक्सम्बुद्ध,...[2] यसलोकमा उत्पन्न हुनुहुन्छ। वहाँले देव-मार-ब्रह्मासहित लोकलाई[3]; श्रमण-ब्राह्मण सहित प्रजालाई;

---

कालारिकाको होला भनी विश्वास गरिन; कणेरुकाको होला भनी विश्वास गरिन—ती सबै यही हात्तीका पाइला रहेछन्" भनी हात्तीलाई देखेपछि मात्र विश्वास गर्छ। पपं. सू. II. पृ. १६६: चूलहत्थिपदोपमसुत्तवण्णना।

१. 'त्यस्तैगरी' भनिएकोमा माथि उल्लिखित हात्तीका पाइलाका उपमाहरूलाई मिलाउनु पर्छ। जस्तै—हात्तीवन जस्तै यहाँ अगाडि उल्लेख गरिने शुरुदेखि लिएर पञ्चनीवरणका कुराहरू सम्झनु पर्छ। चतुर नागवनिक जस्तै योगाचार भिक्षुलाई सम्झनु पर्छ। ठूलो हात्ती जस्तै सम्यक्सम्बुद्धलाई सम्झनु पर्छ। ठूला ठूला हात्तीका पाइलाहरू जस्तै ध्यान अभिज्ञादिहरूलाई सम्झनु पर्छ। त्यस त्यस ठाउँहरूमा नागवनिकले हात्तीका पाइलाहरूलाई देखेर यो वामनिकाको हुनसक्छ, यो कालारिकाको हुनसक्छ, यो कणेरुकाको हुनसक्छ भनी सम्झने झैं योगी भिक्षुहरूलाई सम्झनु पर्छ। यी अभिज्ञादि ध्यानहरू बुद्ध धर्मभन्दा बाहिरका परिव्राजकहरूमा पनि हुनसक्छन्। महाहात्तीलाई देखेपछि नागवनिकले यो भन्दा अघि देखेका त्यस त्यस ठाउँका पाइलाहरू यही महाहात्तिका हुन् भनी निश्चयमा पुगे जस्तै आर्यश्रावकहरू अरहत्वमा पुगिसकेपछि निष्ठामा पुग्ने झैं सम्झनु पर्छ। पपं. सू. II. पृ. १६६: चूलहत्थिपदोपमसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

२. यहाँका बाँकी कुराहरू माथि पृ. २२१ घोटमुखमा उल्लेख भए झैं दोहऱ्याइ पढ्नू ।

३. यस वाक्यमा 'देव' भन्नाले पञ्चकामावचर देवलोकलाई 'देव' भनिएको हो भन्ने कुरा सम्झनु पर्छ । 'मार' भन्नाले छैटौं कामावचर देवलोकलाई; 'ब्रह्मा' भन्नाले ब्रह्मकायिकादि ब्रह्माहरूलाई भनिएको हो । 'श्रमण-ब्राह्मण' भन्नाले बुद्धशासनभन्दा बाहिरका र बुद्धशासनभित्रका श्रमण-ब्राह्मणहरूलाई भनिएको हो । 'प्रजा' शब्दले सत्वलोकलाई संग्रहित गरेको छ । 'देव सहित मनुष्य' भन्नाले सम्मतिदेव भनी मानिने राजाहरू र अरू मानिसहरूलाई भनिएको हो । माथिल्लो तीन पदहरूद्वारा अवकाश लोक सहित सत्वलोक र तल्ला दुइ पदहरूद्वारा सत्वलोकलाई मात्र ग्रहण गरेको छ भनी बुझ्नु पर्छ ।

**अर्को प्रकारले**— 'देव' भन्नाले अरूपावचर; 'मार' भन्नाले ६ कामावचर देवलोकलाई भनिएको हो । 'ब्रह्म' भन्नाले रूपी-ब्रह्मलोकलाई भनिएको हो । 'श्रमण-ब्राह्मण सहित प्रजा' भन्नाले चतुपरिषद् तथा सम्मतिदेव सहित मनुष्यलोकलाई भनिएको हो । बाँकी अरू जम्मै सत्वलोकलाई लिइएको छ । यसबाहेक अरू किशिमबाट पनि अर्थ वर्णन गरेको छ । चाहनेले पपं. सू. II. पृ. १६७–६८: चूलहत्थिपदोपमसुत्तवण्णनामा हेर्नू । यी शब्दहरूका स्पष्टिकरणहरू माथि पनि ठाउँ ठाउँमा उल्लेख भइसकेका छन् । जस्तै—माथि पृ. ८७ कटदन्तमा र पृ. २२२ घोटमुखमा ।

Downloaded from http://www.dhamma.digital

देव सहित मनुष्यलाई—स्वयं साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ । वहाँले आदिकल्याण, मध्यकल्याण, पर्यवशानकल्याण हुने धर्मोपदेश गर्नुहुन्छ । वहाँले अर्थयुक्त, व्यञ्जनयुक्त, परिपूर्ण, परिशुद्ध भएको ब्रह्मचर्य (=अष्टाङ्गिकमार्ग आदि उत्कृष्ट धर्महरू) प्रकाश पार्नुहुन्छ । त्यो धर्मलाई गृहपति वा गृहपतिपुत्र अथवा अरू कुनै कुलगृहमा जन्मेकाले सुन्दछन् । धर्म सुनेपछि उसको मनमा तथागत प्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचारगर्छ—'घरमा बस्नु बाधापूर्ण छ' प्रव्रजित हुनु खुला आकाश जस्तो हो । घरमा बसेर परिपूर्णरूपले, परिशुद्धरूपले, शंख जस्तै सफा गरी ब्रह्मचर्य (=मैथुन ब्रह्मचर्य) पालनगर्नु सम्भवछैन । अतः किन म केश दाह्री क्षौरगरी अनगारिय भई प्रव्रजित नहुँ ।' यति विचार गरेर पछि उ—थोरै वा धेरै भोगसम्पत्तिहरू त्यागी, थोरै वा धेरै ज्ञातिपरिवारहरू त्यागी, केश-दाह्री क्षौरगरी, कषायवस्त्र धारणगरी, घरबार त्यागी अनगारिय भई प्रव्रजित हुन्छ ।

**शीलस्कन्ध**—"यसरी प्रव्रजित भएको सो भिक्षु,...[१] मुख अगाडि स्मृति राखी बस्छ ।

**पञ्चनीवरण**—"(अनि) उसले अभिध्यालाई हटाई...[२] शंकाबाट चित्त परिशुद्ध पार्छ ।

---

१. यहाँका बाँकी कुराहरू जम्मै माथि पृ. २२८ देखि पृ. २४१ सम्ममा लेखिएका सबै कुराहरू एकैनास भएकोले उहीं हेर्नू । घोटमुख ।

२. यहाँका बाँकी कुराहरू पनि माथि पृ. २४२ मा लेखे बमोजिं दोहऱ्याइ पढ्नू । घोटमुख ।

Downloaded from http://www.dhamma.digital

**प्रथमध्यान**—"अनि उ, यी पञ्चनीवरणलाई त्यागी, चित्तको उपक्लेश (=चित्तमल) लाई प्रज्ञाद्वारा कमजोर पार्नकोनिमित्त काम-विषयबाट अलग भई, अकुशलबाट अलग भई, वितर्क र विचार युक्त भएको, विवेक (=ध्यान) बाट उत्पन्न प्रीति तथा सुख भएको प्रथम-ध्यान प्राप्तगरी बस्छ। ब्राह्मण! यसलाई (हात्ती पाइलाको चिह्न जस्तै) तथागतको चिह्न[1] (=पदं) भनिन्छ; यसलाई (हात्तीले घर्षण गरेको चिह्न जस्तै) तथागतले सेवन गरेको चिह्न भनिन्छ; यसलाई (हात्तीको दाह्राले धसेको चिह्न जस्तै) तथागतले रञ्जित गरेको चिह्न भनिन्छ। तर यत्तिकैमा आर्यश्रावक यो निश्चयमा पुग्दैन कि—'भगवान् सम्यकसम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन्।'

**द्वितीयध्यान**—"ब्राह्मण! फेरि सो भिक्षु, वितर्क र विचार-लाई उपशम गरी, अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी, वितर्क र विचार रहित समाधिज प्रीति-सुख भएको द्वितीयध्यान प्राप्तगरी बस्छ। ब्राह्मण! यसलाई पनि तथागतको चिह्न भनिन्छ, यसलाई पनि तथागतले सेवन गरेको चिह्न भनिन्छ, यसलाई पनि तथागतले रञ्जित गरेको चिह्न भनिन्छ। तर यत्तिकैमा आर्यश्रावक यो निश्चयमा पुग्दैन कि—'भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन्।'

---

१. तथागतको ज्ञान-पद, ज्ञानपरिभोग तथा ज्ञानद्वारा अतिक्रम गरेको स्थानलाई हात्ती हिंडेको पाइलाको चिह्न जस्तै हो भनी भनिएको हो। पपं. सू. II. पृ. १८१: चूलहत्थिपदोपमसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

**तृतीयध्यान**—"ब्राह्मण ! फेरि सो भिक्षु, प्रीतिलाई पनि त्यागी, उपेक्षी भई—स्मृतिवान्, ज्ञानवान् भई शरीरद्वारा सुखानुभव गरी बस्छ । जसलाई आर्यहरू—'उपेक्षावान्, स्मृतिवान्, सुखपूर्वक बस्ने' भनी भन्दछन्—त्यसप्रकारको **तृतीयध्यान** प्राप्तगरी बस्छ । ब्राह्मण ! यसलाई पनि **तथागतको चिह्न** भनिन्छ,.. तर यत्तिकैमा आर्यश्रावक यो निश्चयमा पुग्दैन कि—'**भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ,** भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

**चतुर्थध्यान**—"ब्राह्मण ! फेरि सो भिक्षु, सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी, पहिलेनै सौमनस्य-दौर्मनस्यलाई अन्तगरी, दुःख र सुख नभएको, स्मृति परिशुद्ध गरी उपेक्षा भएको **चतुर्थध्यान** प्राप्तगरी बस्छ । ब्राह्मण ! यसलाई पनि **तथागतको चिह्न** भनिन्छ,.. तर यत्तिकैमा आर्यश्रावक यो निश्चयमा पुग्दैन कि—'**भगवान् सम्यक्-सम्बुद्ध हुनुहुन्छ,** भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

**पूर्वानुस्मरण**—"यसरी समाहितचित्त भएपछि..[1] पूर्व-जन्मका कुराहरू अनुस्मरण गर्छ । जस्तै एक जन्म,...[1] अनुस्मरण गर्छ । ब्राह्मण ! यसलाई पनि **तथागतको चिह्न** भनिन्छ,...तर यत्तिकैमा आर्यश्रावक यो निश्चयमा पुग्दैन कि—'**भगवान् सम्यक्-सम्बुद्ध हुनुहुन्छ,** भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

---

१–१. यहाँका बाँकी कुराहरू माथि पृ. २७७, जाणुस्सोणिमा झैं दोहऱ्याइ पढ्नू ।

Downloaded from http://www.dhamma.digital

**दिव्यचक्षु**—"यसरी समाहित चित्त भएपछि,...[1] उसले—सत्वहरूको च्युति र उत्पत्ति सम्बन्धी ज्ञानतिर चित्त झुकाउँछ। अनि उसले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा...[1] सुगति-दुर्गतिमा उत्पन्न भएका सत्वहरूलाई देख्छ (=जान्दछ)। ब्राह्मण! यसलाई पनि तथागतको चिह्न भनिन्छ, तर यत्तिकैमा आर्यश्रावक यो निश्चयमा पुग्दैन कि—'भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन्।'

**आस्रवक्षय**—"यसरी समाहित चित्त भएपछि; परिशुद्ध, निर्मल, क्लेशरहित भएपछि; मृदु तथा कर्मण्य भएपछि; निश्चलतामा पुगेपछि—उसले आस्रवक्षय हुने ज्ञानतिर चित्त झुकाउँछ। अनि उसले 'यो दुःख हो' भनी यथार्थत जान्दछ,...[2] 'यो आस्रव निरोधको मार्ग हो' भनी यथार्थत जान्दछ। ब्राह्मण! यसलाई पनि तथागतको चिह्न (=पदं) भनिन्छ, यसलाई पनि तथागतले सेवन गरेको चिह्न भनिन्छ, यसलाई पनि तथागतले रञ्जित गरेको चिह्न भनिन्छ। तर

---

१–१. यहाँका बाँकी कुराहरू माथि पृ. २७८ जाणुस्सोणिमा उल्लेख भए झैं दोहऱ्याइ पढ्नू।

२. यहाँका बाँकी अरू कुराहरू माथि पृ. २७९ जाणुस्सोणिमा उल्लेख भए बमोजि दोहऱ्याइ पढ्नू।

Downloaded from http://www.dhamma.digital

यत्तिकैमा आर्यश्रावक निश्चयमा पुगेको हुन्न[1] (न त्वेव ताव अरियसावको निट्ठं गतो होति); तर निश्चयमा पुग्छ[2] (अपि च खो निट्ठं गच्छति) – 'भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्‌को धर्म सु-आख्यात छ, भगवान्‌का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

"यसरी जानिसकेपछि, देखिसकेपछि उसको चित्त कामास्रवबाट पनि विमुक्त हुन्छ, भवास्रवबाट पनि विमुक्त हुन्छ, अविद्यास्रवबाट

---

१. 'निश्चयमा पुगेको हुन्न' भन्नाले अभिज्ञा-ज्ञानहरू प्राप्त गर्दैमा निश्चयमा पुग्दैन भनेको हो । किनभने ? यी अभिज्ञा-ज्ञानहरू त बुद्धशासन बाहिरकाले पनि प्राप्तगर्न सक्छन् । मार्गक्षण सम्ममा पनि कृतकृत्य नभएकोले निश्चयमा पुग्दैन भनिएको हो । पपं. सू. II. पृ. १८१.

२. 'तर निश्चयमा पुग्छ' (=अपि च खो निट्ठं गच्छति) भन्नाले मार्गक्षण बितिसकेको अवस्थालाई यहाँ लक्षित गरेको हो । भनाइको मतलब – मार्गक्षणको अवस्था बित्ने बित्तिकै 'कृतकृत्य' हुइन्छ । यसरी कृतकृत्य हुने बित्तिकै नागवनिकले ठूलो हात्तीलाई प्रत्यक्षीकरण गरे झैं प्रत्यक्षीकरण गरिसके पछि 'भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ' भनी त्रिरत्नहरू माथि निश्चयमा पुग्ने भएको हुनाले 'तर निश्चयमा पुग्छ' भनी सूत्रमा उल्लेख भएको हो ।

यसभन्दा माथिका कुराले मार्गक्षणलाई र यस कुराले मार्गक्षण बितेको कुरालाई लिएर यस्तो भनिएको हो । पपं. सू. II. पृ. १८१: चूलहत्थिपदोपमसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

पनि विमुक्त हुन्छ । विमुक्त भइसकेपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ । 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त अर्को जन्म लिनुपर्ने हेतु छैन' भन्ने पनि ज्ञान हुन्छ । ब्राह्मण ! यसलाई पनि तथागतको चिह्न भनिन्छ, यसलाई पनि तथागतले सेवन गरेको चिह्न भनिन्छ, यसलाई पनि तथागतले रञ्जित गरेको चिह्न भनिन्छ । ब्राह्मण ! यसरी आर्यश्रावक निश्चयमा पुगेको हुन्छ[१] (निट्ठंगतो होति) 'भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।' ब्राह्मण ! यसरी हात्ती पाइलाका उपमाका कुराहरू विस्तारपूर्वक परिपूर्ण हुन्छ ।"

यस्तो भन्नुहुँदा, जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने—

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !!...आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

× × ×

१. यसरी मार्गक्षणमा निश्चयमा पुग्दै अरहत् फल क्षणमा—कृतकृत्य भइसकेको हुनाले—सर्वप्रकारले त्रिरत्नमाथि निश्चयमा पुगेको हुन्छ, अथवा निश्चयमा पुगिसकेको हुन्छ । पपं. सू. II. पृ. १८१: चूल-हत्थिपदोपमसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १२–अरण्य वनखण्डमा भय-भैरव हुन्छ

यस्तो मैले सुनें [१] ।

एक समय भगवान्, श्रावस्तीस्थित अनाथपिण्डिकको जेत-वनाराममा बस्नु भएको थियो । अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय (यथायोग्य) कुशलवार्ता गरिसकेपछि एक छेउमा [२] बसे एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने—

१. म. नि. I. पृ. २३: भयभेरवसुत्तं, अ. क. I. पृ. १९.

२. पण्डितजनहरू गौरवनीय स्थानमा पुग्दा आसन-कुशल हुन्छन् र

Downloaded from http://www.dhamma.digital

उनीहरू यथोचित ठाउँमा बस्न जान्दछन् । यी जाणुस्सोणि ब्राह्मण पनि तिनीहरूमध्ये एक थिए । त्यसैले उनी एक छेउमा (एकमन्तं) बसेका हुन् ।

कस्तो ठाउँमा बस्दा एक छेउमा बसेको भन्दछ भने— ६ दोषहरू रहित भएको ठाउँमा बस्दा एक छेउमा बसेको हुन्छ । जस्तै—(१) धेरै टाढा, (२) धेरै नगिच, (३) धेरै उच्चस्थान, (४) हावा आउने ठाउँ, (५) धेरै सामुन्ने तथा (६) धेरै पछाडि —यी ६ प्रकारका दोषहरू रहित भएको ठाउँमा बस्नेलाई एक छेउमा बसेको भनी भनिन्छ ।

(१) धेरै टाढा बस्दा केही भन्न चाहेको खण्डमा उच्च-स्वरले कुरागर्नु पर्ने हुन्छ । (२) धेरै नगिचमा बस्दा आमने सामने टक्कर लगाएको जस्तो हुन्छ । (३) उच्चस्थानमा बस्दा अगौरव गरेको जस्तो हुन्छ । (४) हावा आउने ठाउँमा बस्दा शरीरको गन्धद्वारा बाधा हुन्छ । (५) धेरै सामुन्ने बस्दा मुख हेर्नपर्दा आँखा लडाएको जस्तो हुन्छ । (६) धेरै पछाडि बस्दा गर्धन तानेर फर्केर हेर्नुपर्ने हुन्छ ।

अतः यी नै दोषहरूबाट अलग भएको ठाउँमा बस्नुलाई 'एक छेउमा' (एकमन्तं) भनिएको हो । पपं. सू. I. पृ. १००–०१: भयभेरवसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

"भो गौतम ! तपाइ गौतमको उद्देश्यगरी जो यी कुलपुत्रहरू[१] श्रद्धापूर्वक घरबारछाडी अनगारिय भई प्रव्रजित भए- तिनीहरूको-निमित्त तपाइ गौतम पूर्वगामी (=पुब्बङ्गमा) हुनुहुन्छ, तिनीहरूको-निमित्त तपाइ गौतम हितकारी (=बहुकारी) हुनुहुन्छ, तिनीहरूको-

१. पालिसाहित्यमा दुइप्रकारका कुलपुत्रहरूलाई 'कुलपुत्र' भनिएका छन् । जस्तै – (१) जातीय कुलपुत्र र (२) आचार-कुलपुत्र । उदाहरणको लागि—जहाँ —"...त्याहाँ रट्ठपाल (=राष्टपाल) भन्ने एक कुलपुत्र रुखमनि बस्नुभवका छन् महानकुलोत्पन्न..." भन्ने जस्ता ठाउँहरूमा — जातीयकुलपुत्रलाई 'कुलपुत्र' भनिएको हो । (बु. रा. पृ. ४५०; म. नि. II. पृ. २८९ रट्ठपालसुत्तं), र जहाँ—"जो कुलपुत्र श्रद्धापूर्वक घरबार छाडी अनगारिय भई प्रव्रजित भएका " भन्ने जस्ता ठाउँहरूमा– आचार-कुलपुत्रलाई 'कुलपुत्र' भनिएको हो । यहाँ चाहिं दुवै कारणले युक्त हुनेलाई 'कुलपुत्र' भनिएको हो भनी पपं. सू. I. पृ. १०१: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

निमित्त तपाइ गौतम शिक्षादायी (=समादपेता) हुनुहुन्छ र त्यो जनसमूहले तपाइ गौतमकै अनुगमन (=दिट्ठानुगति) पनि गर्छ[1] ।"

(उनको कुरा स्वीकार्दै भगवान् भन्नुहुन्छ— )

"ब्राह्मण ! त्यस्तै हो, ब्राह्मण ! त्यस्तै हो । ब्राह्मण ! जो ती

---

१. यी जाणुस्सोणि ब्राह्मणले किन यस्तो भनेका हुन् भन्ने बारेमा पपञ्चसूदनीले यसरी प्रष्टिकरण दिएको छ—

देवपुत्रहरूले झैं अनेक पञ्चकामगुणहरू परिभोग गरी, भित्र र बाहिर पालो-पहरा राखी घरमा बसेका अनेक कुलपुत्रहरूलाई यिनले अघि देखेका थिए । पछिगएर भगवान् बुद्धको मधुर धर्मोपदेश सुनेर उनीहरू श्रद्धापूर्वक घरबार त्यागी प्रव्रजित भएर रुक्खा-सुक्खा खानामा सन्तुष्ट भई, कुनै आरक्षा नभएको अरण्य-वनखण्डमा निःशंकी तथा निश्चिन्त भई हर्षपूर्वक अति प्रफुल्लित भएर बसेका पनि देखे । अनि यिनले "यी कुलपुत्रहरूकोनिमित्त यस्तोबिघ्न प्रफुल्लता तथा सन्तुष्टिता कसको कारणले भएको रहेछ ?" भनी विचार गर्दा— "श्रमण गौतमको कारणले हो" भन्ने कुरा मनमा लागेपछि यिनको मनमा निक्कै प्रसन्नता पैदाभएको थियो र सोही कारणलाई व्यक्तगर्नकोनिमित्त यिनी भगवान्कहाँ गई "भो गौतम ! तपाइ गौतमको उद्देश्य गरी···" भन्ने आदि कुराहरू सुनाएका हुन् । पपं. सू. I. पृ. १०१: भयभेरवसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

कुलपुत्रहरू मेरो उद्देश्य गरी श्रद्धापूर्वक[1] घरबारछाडी अनगारिय भई प्रव्रजित भए — तिनीहरूकोनिमित्त म पूर्वगामी (अगुवा) हुँ, तिनीहरूकोनिमित्त म हितकारी हुँ, तिनीहरूकोनिमित्त म शिक्षादायी हुँ र त्यो जनसमूहले मेरं अनुगमन पनि गर्छ ।"

"भो गौतम ! अरण्यवनखण्ड (=अति डरलाग्दो घोरजङ्गल) को एकान्त शयनासन (=कुटी) मा बस्नु कठीन छ, एकान्तमा बस्नु दुष्कर छ, एक्लै बस्नुमा मनलगाउनु गहारो छ । त्यसरी एक्लै बस्ने

१. यहाँ 'श्रद्धापूर्वक घरबार छाडी···' आदि भन्ने शब्दले अरू किशिमबाट प्रव्रजित भएका होइनन्, शुद्ध श्रद्धापूर्वक प्रव्रजित भएका भनी भनिएको हो । किनकि श्रद्धाबाहेक अरू किशिमबाट प्रव्रजित हुनेहरू पनि छन् । जस्तै—ऋणको कारणले, दासत्वको कारणले, सैनिक जीवनको कारणले, अपराधको कारणले, रोगको कारणले, गरीबीको कारणले आदि । (हेर लेखकको बु. रा. भा–१, पृ. ४९ देखि ५५ सम्म; बु. गृ. भा–१, पृ. ३९४ तथा महा. व. पा. पृ. ७६–८०: पञ्चाबाधवत्थु आदि, महाखन्धकं) जुन कुरा यहाँ बुद्धले 'तिनीहरूकोनिमित्त म अगुवा हुँ' भनी उल्लेख गर्नुभयो त्यो, ती श्रद्धापूर्वक प्रव्रजित हुनेहरूको म अगुवा हुँ भनी भनिएको हो । अन्यप्रकारले प्रव्रजित हुनेहरूको होइन भन्ने कुरा दर्शाउनकोनिमित्त 'श्रद्धापूर्वक···' आदि भनिएको हो भनी पपं. सू. I. पृ. १०२: भयभेरवसुत्तवण्णनाले लेखेको छ ।

Downloaded from http://www.dhamma.digital

समाधि अलाभी भिक्षुको चित्तलाई मानो जङ्गलले हरण गरेको जस्तो लाग्छ[१]। (मानो जङ्गलले खाएको जस्तो लाग्छ)।"

"ब्राह्मण ! त्यस्तै हो, ब्राह्मण त्यस्तै हो । अरण्यवनखण्डको एकान्त शयनासनमा बस्नु कठीन छ, एकान्तमा बस्नु दुष्कर छ, एक्लै बस्नुमा मनलगाउनु गहारो छ। त्यसरी एक्लै बस्ने समाधि अलाभी भिक्षुको चित्तलाई मानो जङ्गलले हरण गरेको जस्तो लाग्छ। (हरन्ति मञ्ञे मनो वनानि) ।"

## बोधिसत्वको आत्मकथा

(१) "ब्राह्मण ! सम्बोधि प्राप्त हुनुभन्दा अगाडि बोधिसत्वनै छँदा मलाई पनि यस्तो लागेको थियो— अरण्यवनखण्डको

---

१. डरलाग्दो रोमाञ्चित हुने घोरजङ्गलमा बस्नु गहारो छ, शरीरले एकान्तवासको अनुभव गरेता पनि चित्तलाई अभिरमण गराउनु कठीन नै पर्छ भनिएको हो । त्यस्तो डरलाग्दो घोरजङ्गलमा वस्दा उपचार समाधि वा अप्पना समाधि नपाउने भिक्षुको चित्त घाँसपात मृग आदि जन्तुहरूको कुनै आवाजद्वारा डराई, तर्सिई, कम्पित भई चित्तलाई थातमा राख्नसक्ने छैन भनी भनिएको हो । उपचार समाधि वा अप्पना समाधि प्राप्त हुनेलाई भने उक्त भय पैदा हुन सक्दैन । पपं. सू. II. पृ. १०२: भयभेरवसुत्तवण्णना । यस्तोबिघ्न डरलाग्दो जङ्गलमा निर्भीक तथा निश्चिन्तपूर्वक बस्ने भिक्षुहरू देखेर जाणुस्सोणि ब्राह्मण बरो आश्चर्यित भएका थिए ।

Downloaded from http://www.dhamma.digital

एकान्त शयनासनमा बस्नु कठिन छ, एकान्तमा बस्नु दुष्कर छ, एक्लै बस्नुमा मनलगाउनु गहारो छ। त्यसरी एक्लै बस्ने समाधि अलाभी भिक्षुको चित्तलाई मानो जङ्गलले हरण गरेको जस्तो लाग्छ।'

"ब्राह्मण! अनि सो मलाई यस्तो लाग्यो—'जो ती अपरिशुद्ध-कायकर्मले युक्त हुने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय (भोन्तो) श्रमण ब्राह्मणहरू—आफ्नै अपरिशुद्ध तथा सदोष-कायकर्मको हेतुलेनै अकुशल भय-भैरवलाई (=चित्तको त्रास र भयानक भयको अनुभवलाई) आह्वान गर्छन्[1]। म चाहिं अपरिशुद्ध तथा सदोष-कायकर्मले युक्त भई अरण्यवन-खण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म परिशुद्ध-काय-कर्मले युक्त छु। जो ती आर्यहरू परिशुद्ध-कायकर्मले युक्त भई अरण्यवन-खण्डको एकान्त शयनासनको परिभोग गर्दछन्—तिनीहरूमध्ये म एक हुँ।'

१. यहाँनिर 'भय' भन्नाले दोषपूर्ण अकुशलारम्मण र 'भैरव (=भेरव)' भन्नाले असुरक्षितताको अनुभवलाई भनिएको हो भन्ने कुरालाई बुझ्नसक्नु पर्छ।

प्राणीहिंसादि शारीरिक अकुशल कर्महरू गर्नेहरूको मनमा—'हामीले अयोग्य तथा अपराधपूर्ण काम गऱ्यौं; जसमाथि अपराध गऱ्यौं यदि उनीहरूले थाहापाएको खण्डमा अहिल्यै नै हामीहरूको पीछागरी हामीहरूलाई समाती दुःख कष्ट दिन सक्छन्' भन्ने कल्पना लिई जङ्गलमा बसिरहने उनीहरू—खित्रिक्क कुनै

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! यसरी आफूलाई परिशुद्ध-कायकर्मले युक्त भएको देखेर म अरण्यविहारमा झन् पल्लोम (=प्रोत्साहित) हुन्छु । (म डराउन्न, म तर्सिन्न, ममा तर्सिनुपर्ने कुनै कारण थिएन भनी भनिएको हो) ।

(२) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—जो ती अपरिशुद्ध-वचीकर्मले युक्त हुने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय (भोन्तो) श्रमण ब्राह्मणहरू—आफ्नै अपरिशुद्ध तथा सदोष वचीकर्मको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्[1] । म चाहिं अपरिशुद्ध तथा सदोष-कर्मले

---

घाँस-पातको आवाज सुन्नेबित्तिकै—'अब भने हामीहरू सिद्धियौं' भन्ने मानसिक त्रासलागी डराउँछन् । उनीहरूको मनमा 'मानो कुनै आएर आफूलाई घेरा लगाउन आएकात होइनन्' भन्ने जस्तो पनि लाग्छ । मानसिक त्रासले मुक्तहुन सक्दैन । त्यसैले सूत्रमा 'आफ्नै अपरिशुद्ध तथा सदोषकर्मको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्' भनी उल्लेख भएको हो भनी पपं. सू. I. पृ. १०३: भयभेरवसुत्तवण्णनाले पष्टिकरण लेखेको हो ।

१. अपरिशुद्ध वचीकर्मले युक्त हुनेहरूले कसरी भय-भैरवलाई आह्वान गर्छन् भने—झूटा कुराद्वारा अर्काको अर्थलाई हानी गराई, पैशुन्य-वाचाद्वारा मित्र-भेद गराई, परुषवचनद्वारा अर्काको बीचमा सम्मान नाश गराई अथवा वचनले कोसी तथा निरर्थक सम्प्रलापद्वारा

Downloaded from http://www.dhamma.digital

युक्त भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म परिशुद्ध-वचीकर्मले युक्त छु। जो ती आर्यहरू परिशुद्ध-वचीकर्मले युक्त भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दछन्— तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण! यसरी आफूलाई परिशुद्ध-वचीकर्मले युक्त भएको देखेर म अरण्यविहारमा झन् पल्लोम (=प्रोत्साहित) हुन्छु।

(३) "ब्राह्मण! अनि सो मलाई यस्तो लाग्यो – 'जो ती अपरिशुद्ध-मानसिककर्मले युक्त हुने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय (भोन्तो) श्रमण ब्राह्मणहरू— आफ्नै अपरिशुद्ध तथा सदोष-मानसिककर्मको हेतुले

---

अर्काको काममा हानी पुऱ्याई—'हामीले अयोग्य गऱ्यौं, यदि उनीहरूले थाहापाएको खण्डमा जसलाई अपराध गऱ्यौं उनीहरूले हामीलाई पीछागरी हामीहरूलाई समाती दु:ख कष्ट दिन सक्छन्' भन्ने कुरा सोच्दै जङ्गलभित्र कुनै रुखमनि वा कुनै झारनिर बसिरहने तिनीहरू—अलिकता मात्र घाँस वा पातको आवाज सुनेर—'अब भने हामीहरू नाश भयौं' भन्दै तर्सिन्छन्, डराउँछन् र उनीहरूको मनमा कुनै आएर समात्न वा बाँध्न आएको हो कि भन्ने जस्तो त्रास उठ्छ। यसरी आफ्नै अपरिशुद्ध-वचीकर्मको हेतुद्वारा उनीहरू भय-भैरवलाई आह्वान गर्छन् भनी भनिएको हो। पपं. सू. I. पृ. १०४: भयभेरवसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्[१]। म चाहिं अपरिशुद्ध तथा सदोषकर्मले युक्त भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म परिशुद्ध-मानसिककर्मले युक्त छु। जो ती आर्यहरू परिशुद्ध मानसिककर्मले युक्त भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण ! यसरी आफूलाई परिशुद्ध-मानसिककर्मले युक्त भएको देखेर म अरण्यविहारमा झन् पल्लोम (= प्रोत्साहित) हुन्छु।

(४) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'जो ती अपरिशुद्ध आजीविका हुने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै अपरिशुद्ध तथा सदोष-आजीविकाको हेतुले नै अकुशल भय-भैरव-लाई आह्वान गर्छन्। म चाहिं अपरिशुद्ध तथा सदोष-आजीविका हुने भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म

---

१. अपरिशुद्ध मानसिककर्म गर्नेहरूले – अभिध्या भनिने गहिरो लोभको कारणले गर्दा उनीहरूले अर्काका सप्राणिक अथवा अप्राणिक वस्तु-हरूमाथि महालोभ उत्पन्न गर्छन्। अनि अर्काको विनाश पार्ने चेतना लिई क्रोधित भई अर्कामाथि कुदृष्टि राख्छन्। अर्कालाई गलट बाटोमा लगाई जङ्गलमा बसिरहने उनीहरूको चित्तमा शान्ति हुन्न। माथिका पादटिप्पणीहरूमा उल्लेख भए जस्तै उनीहरू तर्सिन थाल्छन् र डराउन पनि थाल्छन्। पपं. सू. I. पृ. १०४: भयभेरव-सुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

परिशुद्ध-आजीविकाले युक्त छु। जो ती आर्यहरू परिशुद्ध-आजीविकाले युक्त भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनी-हरूमध्ये म एक हुँ।'

"ब्राह्मण! यसरी आफूलाई परिशुद्ध-आजीविकाले युक्त भएको देखेर म अरण्य विहारमा झन् पल्लोम हुन्छु।

(५) "ब्राह्मण! अनि सो मलाई यस्तो लाग्यो—'जो ती अभिध्यालु (=लोभी) तथा कामविषयमा तीब्रराग हुने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू आफ्नै अभिध्या तथा कामविषयमा तीब्रागको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्[१]।

१. वस्तुकाम विषयमा तीब्र क्लेश तथा राग हुनेहरूको मनमा अव्यवस्थित ढँगले चित्तारम्मण हुन्छ। यसरी अव्यवस्थित कल्पना लिई जङ्गलमा बस्नेहरूको चित्तमा दिनमा देखेका सम्बन्धित विषयहरू रातमा—भय-भैरव जस्तै भई उपस्थित हुन आउँछ। यसरी अकुशलचित्त हुनेहरू केही सामा-लिना कारणद्वारा नै तर्सिन्छन्, डराउँछन्। डोरी वा लताहरूलाई देखेर सर्पको भ्रममा पर्दछन्। कुनै रुखका ठूटाहरू-लाई देखेर राक्षस जस्तै ठान्दछन्। यी कारणहरूद्वारा आपत परेको जस्तो हुन्छ। त्यसैले सूत्रमा 'आफ्नै अभिध्या तथा कामविषयमा तिब्ररागको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्' भनी उल्लेख भएको हो भनी पपं. सू. I. पृ. १०४: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

म चाहिं अभिध्यालु तथा कामविषयमा तीब्रागी हुने भई अरण्यवन-खण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म अनभिध्यालु (=निर्लोभी) छु। जो ती आर्यहरू अनभिध्यालु भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण! यसरी आफूलाई अनभिध्यालु देखेर म अरण्य-विहारमा झन् पल्लोम (=प्रोत्साहित) हुन्छु।

(६) "ब्राह्मण! अनि सो मलाई यस्तो लाग्यो—'जो ती व्यापन्न चित्त (=प्रकृति स्वभाव नभएका अर्थात् विभ्रान्त तथा क्लेश अनुरूप गएको चित्त) र प्रदुष्ट चित्त-सङ्कल्प भएका श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू आफ्नै व्यापन्न चित्त र प्रदुष्ट चित्त-सङ्कल्पको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्[1]। म चाहिं व्यापन्न चित्त र प्रदुष्ट चित्त-सङ्कल्प हुने भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म मैत्रीविहारी छु। जो ती आर्यहरू मैत्रीविहारी भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।

"ब्राह्मण! यसरी आफूलाई मैत्रीविहारी देखेर म अरण्य-विहारमा झन् पल्लोम हुन्छु।

---

१. कसरी भय-भैरवलाई आह्वान गर्छन् भन्ने कुराहरू यसभन्दा अघिल्लो अर्थात् 'अभिध्यालु' को पादटिप्पणीमा (पृ. ३५३) झैं सम्झनु पर्छ। पपं. सू. I. पृ. १०५.

Downloaded from http://www.dhamma.digital

(७) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'जो ती थीनमिद्धको[1] प्रभावमा परेका श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै थीनमिद्धको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्। म चाहिं थीनमिद्धको प्रभावमा परी अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म थीनमिद्धबाट दूर छु। जो ती आर्यहरू थीनमिद्धको प्रभावमा नपरी अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण ! यसरी आफूलाई थीनमिद्धबाट दूर भएको देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु।

(८) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'जो ती अनिस्थिरता (=उद्धता) र अशान्त-चित्त (=अवूपसन्त चित्त) भएका श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै अनिस्थिरता र अशान्त-चित्तको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्। म चाहिं अनिस्थिरता र अशान्त-चित्त लिई अरण्यवनखण्डको एकान्त

---

१. 'थीन' भनेको शारीरिक आलस्यपन र 'मिद्ध' भनेको मानसिक आलस्यपन हो। अर्को शब्दले भन्ने हो भने 'थीन' भनेको रूपकायको आलस्यपन र 'मिद्ध' भनेको नामकायको आलस्यपन हो भनी पपं. सू. I. पृ. १०५: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ। अतः 'थीनमिद्ध' को अर्थ शारीरिक तथा मानसिक आलस्यपन हो।

Downloaded from http://www.dhamma.digital

शयनासनको परिभोग गर्दिन; म शान्त छु। जो ती आर्यहरू शान्तचित्त लिई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण ! यसरी आफ्नो शान्त चित्तलाई देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु।

(९) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'जो ती शंका र उपशंकाले[१] युक्त भएका (=कङ्खीवेचिकिच्छी) श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै शंका र उपशंकाको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्। म चाहिँ शंका र उपशंका लिई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म शंका र उपशंकाबाट उत्तीर्ण छु। जो ती आर्यहरू शंका र उपशंकाबाट उत्तीर्ण भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण ! यसरी आफूलाई शंका र उपशंकाबाट उत्तीर्ण भएको देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु।

---

१. यहाँ 'शंका र उपशंका' शब्दद्वारा पाँचैनीवरणलाई नै लिइएको हो। ध्यान विषयको आरम्मणलाई 'यो कस्तो आरम्मण रहेछ ?' भन्ने शंकालाग्नेलाई 'शंका' र सो आरम्मणलाई निश्चित गर्न नसकी 'यो हो कि त्यो होकि' भनी द्विविधता हुनेलाई 'उपशंका' भनिएको हो। पपं. सू. I. पृ. १०५.

Downloaded from http://www.dhamma.digital

(१०) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो – 'जो ती आफ्नो बयान गर्ने (=अत्तुकंसका) र अर्काको निन्दा गर्ने (=परवम्भी) स्वभाव हुने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै बयान गर्ने र अर्काको निन्दा गर्ने हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्[१] । म चाहिं आफ्नो बयान गर्ने र अर्काको निन्दा गर्ने भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म आफ्नो बयान र अर्काको निन्दा नगर्ने हुँ । जो ती आर्यहरू आफ्नो बयान र अर्काको निन्दा नगर्ने भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ ।'

"ब्राह्मण ! यसरी आफूलाई आफ्नो बयान गर्ने र अर्काको निन्दा गर्ने नभएको देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु ।

(११) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो – 'जो ती डराउने काथर स्वभावका (=छम्ही भीरुक जातिका) श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै डर र काथरपनको हेतुले नै अकुशल

---

१. आफ्नो बयान गर्ने र अर्काको निन्दा गर्नेहरूको मनमा 'हामीले अर्कालाई निन्दागर्‍यौं, होच्याएर कुरा गर्‍यौं' भन्ने मनमा लाग्नाको कारणले गर्दा माथि पृ. ३४९ नं. १ को अपरिशुद्ध कायकर्मको पादटिप्पणीमा उल्लेख भए जस्तै मनमा त्रास र डर उत्पन्न हुन्छ भन्ने कुरा बुझ्नसक्नु पर्छ । पपं. सू. I. पृ. १०५.

Downloaded from http://www.dhamma.digital

भय-भैरवलाई आह्वान गर्छन्। म चाहिं डर र काथर स्वभाव लिई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म लोमहर्षण-बाट टाढा छु। जो ती आर्यहरू लोमहर्षणबाट टाढा भई अरण्यवन-खण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण! यसरी आफूलाई लोमहर्षणबाट टाढा भएको देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु।

(१२) "ब्राह्मण! अनि सो मलाई यस्तो लाग्यो—'जो ती लाभसत्कार यशकीर्तिको[१] (=लाभसक्कारसिलोकं) कामना गर्ने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै लाभसत्कार यशकीर्तिको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन। म चाहिं लाभसत्कार यशकीर्तिको कामना गरी अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म अल्पेच्छि छु। जो ती आर्यहरू अल्पेच्छि भई अरण्यवन-खण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण! यसरी आफूलाई अल्पेच्छतामा देखेर म अरण्य-विहारमा झन् पल्लोम हुन्छु।

---

१. लाभ सत्कार र यशकीर्तिको इच्छा गर्नेहरूले कसरी भय-भैरवलाई आह्वान गर्छन् भन्ने विषयमा माथि पृ. ३५३ को नं. ५ अभिध्यालुको

Downloaded from http://www.dhamma.digital

पादटिप्पणीमा उल्लेख भए बमोजि कुरा बुझ्नु पर्छ। उदाहरणको-निमित्त यहाँ निम्न कुरा उल्लेख गरिएको छ।

**पियगामिक** भन्ने एक भिक्षु थियो। धुतङ्गशील पालन गर्ने भिक्षुहरूको लाभसत्कारलाई देखेर उसले पनि धुतङ्गशील पालन गरी लाभसत्कार पाउनुपर्‍यो भन्ने सोची श्मशानिक-धुतङ्गशील ग्रहण गरी उ श्मशानमा रात बिताउन थाल्यो। (धुतङ्गशील भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. १२३ को पादटिप्पणीमा उल्लेख भएको छ।)

एकदिन, एक छाडा बुढीगाई, दिनको समयमा यताउता गोचर गरी, रातको समयमा त्यस श्मशानमा आई एक फूलको झाङमा टाउको राखी उग्राएर उभिइरही। पियगामिक भिक्षु रातमा चंक्रमण गर्नकोनिमित्त बाहिर आउँदा गाइले उग्राइरहेको आवाज सुनी उसले सोच्नथाल्यो कि—अवश्य पनि लाभसत्कारको आशा लिई म श्मशानमा बसिरहेको कुरो थाहापाई मलाई कष्ट दिनको लागि देवराजा यहाँ आएको होलान्। यति मनमा सोचेर बुढी गाईको अघिल्तिर गई दुइहात जोरी बिन्तिगरी उसले यस्तो भन्यो—'हे देवराज ! आज एक रात मलाई क्षमा गर्नुहोस्। भोलिदेखि त्यस्तो इच्छा राख्ने छैन' भन्दै उ रातभरी उहीं दुइहात जोरी बिन्तिगरी बसिरह्यो। भोलिपल्ट उज्यालो भएपछि गाईलाई देखेर 'रातभरी मलाई तर्साउने !' भन्दै गाईलाई पिटी लखेटि दियो। पपं. सू. I. पृ. १०६: भयभेरवसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

(१३) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'जो ती अल्छी (=कुसीतो=शारीरिक उत्साह नगर्ने), र वीर्यहीन (=हीनविरियो=मानसिक उत्साह नगर्ने) स्वभावका श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै आलस्यता र वीर्यहीनताको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्। म चाहिं अल्छी र वीर्यहीन भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म निरालसी तथा वीर्यवान् छु। जो ती आर्यहरू निरालसी तथा वीर्यवान् भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्–तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण ! यसरी आफूलाई निरालसी तथा विर्यवान् भएको देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु।

(१४) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'जो ती बिस्मृति भएका (=मुट्ठस्सती) वा प्रज्ञाविहीन भएका[1]

---

१. यहाँमिर स्मृतिलाई दुइप्रकारले देखाइएका छन्। जस्तै–(१) प्रज्ञारहीत-स्मृति र (२) प्रज्ञासहित-स्मृति। प्रज्ञारहित-स्मृतिले गर्नुपर्ने काम राम्ररी गर्न नसक्ने भएको हुँदा यसलाई 'बिस्मृति' अथवा कमजोर-स्मृति भनिएको हो। प्रज्ञासहित स्मृतिले चाहिं गर्नुपर्ने काम राम्ररी गर्नसक्ने भएको हुँदा यसलाई 'प्रज्ञासहित-स्मृति' अथवा 'सम्प्रज्ञान-स्मृति' भनिएको हो। माथि सूत्रमा चाहिं कामगर्न नसक्ने स्मृतिलाई दर्शाइएको छ। पपं. सू. I. पृ. १०६: भयभेरवसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

( =असम्पजाना ) श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—ती श्रद्धेय श्रमण ब्राह्मणहरू—आफ्नै बिस्मृतिता वा प्रज्ञाविहीनताको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्। म त्यहि बिस्मृति वा प्रज्ञाविहीन भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म स्मृतिसम्पन्न छु। जो ती आर्यहरू स्मृतिसम्पन्न भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण ! यसरी आफूलाई स्मृतिसम्पन्न देखेर म अरण्य-विहारमा झन् पल्लोम हुन्छु।

(१५) "ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'जो ती असमाहित (=उपचार समाधि पनि अप्पना समाधि पनि नभएको चित्त) र विभ्रान्त चित्त हुने[1] श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको

---

१. 'असमाहित र विभ्रान्त चित्त' भनेको समाधि नभएको चित्तलाई भनिएको हो। जस्तै बाँदरका बच्चाहरू एक रुखका शाखाहरूबाट अर्का रुखका शाखाहरूमा उफ्रेर जान्छन् त्यस्तैगरी असमाहित हुनेको चित्तारम्मण पनि एकै आरम्मणमा स्थिर नरही चञ्चल रहन्छ। एकमाथि अर्को चित्तारम्मणलिँदै कुनै पनि ध्यानारम्मणलाई स्थिररूपले समाति राख्न सक्दैन। त्यसैले सूत्रमा 'असमाहित र विभ्रान्त चित्त' भनिएको हो। पपं. सू. I. पृ. १०६–०७: भयभेरव-सुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

एकान्त शयनासनको परिभोग गर्छन् — ती श्रद्धेय श्रमण ब्राह्मणहरू — आफ्नै असमाहित र विभ्रान्त चित्तको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्। म चाहिं असमाहित र विभ्रान्त चित्त लिई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म समाधिसम्पन्न छु। जो ती आर्यहरू समाधिसम्पन्न भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण! यसरी आफूमा समाधिसम्पदा देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु।

(१६) "ब्राह्मण! अनि सो मलाई यस्तो लाग्यो—'जो ती भेडा-गूँगा (एलमूगा) जस्तै दुष्प्राज्ञ हुने श्रमण वा ब्राह्मणहरू अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन् – ती श्रद्धेय श्रमण ब्राह्मणहरू – आफ्नै भेडा-गूँगा जस्तै दुष्प्राज्ञताको हेतुले नै अकुशल भय-भैरवलाई आह्वान गर्छन्। म चाहिं भेडा-गूँगा जस्तै दुष्प्राज्ञ भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्दिन; म प्रज्ञासम्पन्न छु। जो ती आर्यहरू प्रज्ञासम्पन्न भई अरण्यवनखण्डको एकान्त शयनासनको परिभोग गर्छन्—तिनीहरूमध्ये म एक हुँ।'

"ब्राह्मण! यसरी आफूमा प्रज्ञासम्पदालाई देखेर म अरण्यविहारमा झन् पल्लोम हुन्छु[१]।

१. यहाँसम्मका कुराहरूलाई 'सोलसट्ठानारम्मणपरिग्गहो' भनी भनिन्छ भनी पपं. सू. I. पृ. १०७: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

## बोधिसत्व भय-भैरवबाट टाढाछ

"ब्राह्मण ! अनि सो मलाई यस्तो लाग्यो—'पक्षको चतुर्दशी (=चातुद्दसी), पूर्णिमा (=पञ्चदसी), अष्टमी भनी जुनरातहरू प्रसिद्ध छन्, अभिलक्षित छन्—त्यस्ता रातहरूमा—जो ती भयावह हुने, रोमहर्षण हुने आरामचैत्य[1] (=फलफूलहरूका बगैंचाहरू), वनचैत्य (=बली आदि चढाउने देवालय भएका वनहरू), वृक्षचैत्य (=गाउँ तथा निगमहरूको द्वारनिर भएका पूजा चढाइने रुखहरू) हरू हुन्—त्यस्ता ठाउँमा बसूँ ताकि भय-भैरव आएको मैले देख्न सकूँ ।' ब्राह्मण ! अनि सो म अर्को समयमा पक्षको चतुर्दशी, पूर्णिमा, अष्टमी भनी जुन रातहरू प्रसिद्ध छन्, अभिलक्षित छन्—त्यस्ता रातहरूमा—जो ती भयावह हुने, रोमहर्षण हुने आरामचैत्य, वनचैत्य, वृक्षचैत्यहरू हुन्—त्यस्ता ठाउँहरूमा बस्नथालें । ब्राह्मण ! त्यस्तो ठाउँमा बसिरहँदा त्यहाँ मृगहरू[2] पनि आउँछन्, मयूरहरूले[3] (रुखबाट) काठका

---

१. फलोदयान र पुष्पउदयानलाई यहाँ आरामचैत्य भनिएको हो। (त्यसताकाका व्यवहारको कुरा बुझ्नकोनिमित्त लेखकको बु. ब्र. भा–१, पृ. १४ को पादटिप्पणी हेर्नू ।)

२. यहाँ 'मृगहरू' भन्नाले सबैप्रकारका चौपायाहरूलाई भनिएको हो भनी पपं. सू. I. पृ. १०८: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. 'मयूरहरू' भन्नाले सबैप्रकारका चरा जातिहरूलाई भनिएको हो भनी पपं. सू. I. पृ. १०९: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

टुक्राहरू पनि खसाल्छन्, बतासले स्याउलाहरू सरसराउँछ। अनि मलाई यस्तो लाग्यो – 'यही त्यो भय-भैरवत होइन, जो आउँदैछ!' ब्राह्मण! अनि मलाई यस्तो लाग्यो – 'किन म भय-भैरवको प्रतिक्षामा बसूँ? बरू जुन जुन बखतमा भय-भैरव आउँछ त्यस त्यस बखतमै भय-भैरवलाई किन नहटाऊँ?'

"(१) ब्राह्मण! अनि चंक्रमण गरिरहेको मलाई जब भय-भैरव (=त्रास र भय) आउँछ, ब्राह्मण! तब त्यत्तिकैमा (डराएर) म न उभिइन्छु, न बस्दछु, न त लेट्दछु; बल्कि चंक्रमण गरेर नै त्यो भय-भैरवलाई म हटाउँदछु[१]। (२) ब्राह्मण! अनि उभिइरहेको मलाई जब भय-भैरव आउँछ, ब्राह्मण! तब त्यत्तिकैमा (डराएर) म न चंक्रमण गर्दछु, न बस्दछु, नत लेट्दछु; बल्कि उभिइएर नै त्यो भय-भैरवलाई म हटाउँदछु। (३) ब्राह्मण! अनि बसिरहेको मलाई जब भय-भैरव आउँछ, ब्राह्मण! तब त्यत्तिकैमा म न लेट्दछु,

---

१. भनाईको तात्पर्य—चार ईर्यापथहरूमध्येमा जुन ईर्ष्यापथमा रहँदा माथि उल्लेख भए जस्तै मृगादिहरूको आवाजद्वारा मयूरादिहरूको आवाजद्वारा अथवा स्याउलाको आवाजद्वारा रोमाञ्चित हुने हो—त्यस्तो वखतमा आफू रोमाञ्चित नभई, रोमाञ्चितको कारणद्वारा भयभीत नभई, जुन ईर्यापथमा रहेको हो – सोही नै ईर्यापथमा बसेर—रोमाञ्चितका कारणहरू पत्तोलगाई, भयलाई हटाउँदथें र भयको कारण आउनेसाथ डराएर एउटा ईर्यापथबाट अर्को ईर्यापथमा लाग्दैनथें भनी भनिएको हो। पपं. सू. I. पृ. १०९: भयभेरवसुत्त-वण्णना।

Downloaded from http://www.dhamma.digital

न उभिइन्छु, न त चंक्रमण नै गर्छु; बल्कि बसेर नै त्यो भय-भैरवलाई म हटाउँदछु। (४) ब्राह्मण! अनि लेटिरहेको मलाई जब भय-भैरव आउँछ, ब्राह्मण! तब त्यत्तिकैमा म न बस्दछु, न उभिइन्छु, न त चंक्रमण नै गर्छु; बल्कि लेटेर नै त्यो भय-भैरवलाई म हटाउँछु।

"ब्राह्मण! यहाँ, केही श्रमण ब्राह्मणहरू छन्—जो रातलाई पनि दिन भनी सम्झन्छन्; दिनलाई पनि रात भनी सम्झन्छन्[१]। यसलाई म उनीहरूको सम्मोहित बसोबास हो भनी भन्दछु। ब्राह्मण! म चाहिं रातलाई नै रात भनी जान्दछु, दिनलाई नै दिन भनी जान्दछु। ब्राह्मण! 'असम्मोहित स्वभावका सत्व जो बहुजनहितको लागि, बहुजन सुखको लागि, लोकानुकम्पाको लागि, अर्थको लागि, हितको लागि तथा देवमनुष्यहरूको सुखको लागि लोकमा उत्पन्न भयो' भनी यदि सम्यक्रूपले भन्ने हो भने—मलाई नै सो भन्नुपर्छ—'असम्मोहित स्वभावको सत्व जो बहुजन हितको लागि, बहुजन सुखको लागि, लोकानुकम्पाको लागि, अर्थको लागि, हितको लागि तथा देवमनुष्यहरूको सुखको लागि लोकमा उत्पन्न भए।'

१. सेतो कसिण ध्यानलाभीले रातलाई पनि दिन र नीलो कसिण ध्यानलाभीले दिनलाई पनि रात सम्झन्छन्। कसरी त्यस्तो सम्झन्छन् भन्ने बारेका विस्तृत कुराहरू पपं. सू. I, पृ. ११०: भयभेरवसुत्त-वण्णनामा उल्लेख भएको छ। (यस कसिण ध्यान सम्बन्धी विस्तृत कुराहरू विसु. म. कसिणनिद्देस–४ मा हेर्नू। यस सम्बन्धी केही कुराहरू लेखकको बु. म. भा–१, पृ. ३९२ को पादटिप्पणीमा र पृ. ३९९ मा तथा बु. प. भा–१, पृ. ४५२ मा पनि हेर्नू।)

Downloaded from http://www.dhamma.digital

## उत्तरोत्तर बोधिसत्वको समापत्ति

**रूपावचरध्यान—"ब्राह्मण ! (त्यसबखत) मेरो वीर्य[१] (विरियं) बलीयो (=आरद्धं) थियो, घटेर जान्नथ्यो (=असल्लीनं); स्मृति पनि उपस्थित थियो बिस्मृति थिएन; काय पनि शान्त नै थियो**

---

१. उपरोक्ताकारले आफू असम्मोहित भएर बसेको थिएँ भन्ने कुरा बताइसक्नु भएपछि कुन तरिकाले त्यसरी बसेको थिएँ भन्ने कुरा दर्शाउनकोनिमित्त बोधिमण्डपका कुराहरू शुरुदेखि बताउनु हुँदै यी कुराहरू भन्नुभएको हो भनी पपं. सू. I. पृ. ११२: भयभेरवसुत्त-वण्णनाले उल्लेख गरेको छ।

केही आचार्यहरूले चाहिं यसरी पष्टिकरण दिएको छ—

जब असम्मोहित भएर बसेका कुरा जाणुस्सोणि ब्राह्मणले सुने तब उनको मनमा 'कुन तरिकाले त्यसरी असम्मोहित भएर बस्न सकेका रहेछन् ?' भन्ने खुल्दुली लागेको कुरो बुझ्नुभई भगवान्ले बोधिमण्डपमा आफूले चतुरङ्गयुक्त वीर्य गरेको र त्यसबाट आफू असम्मोहितको कोटीमा प्राप्त भएको कुरो प्रकाश पार्नुहुँदै यी कुराहरू भन्नुभएको हो भन्ने कुरा पनि पपं. सू. I. पृ. ११२ ले उल्लेख गरेको छ।

( 'चतुरङ्गयुक्त-वीर्य' भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. श्रा. भा–१, पृ. १९ मा उल्लेख भएको छ। )

Downloaded from http://www.dhamma.digital

अशान्त थिएन; चित्त पनि समाहित भई एकाग्र नै थियो[१]। (१) ब्राह्मण! अनि सो म कामविषयबाट अलग भई, अकुशल विषयबाट अलग भई, सवितर्क-सविचार विवेकजः (= ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्तगरी बसें[२]। (२) वितर्क-विचारलाई शान्त पारी, अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी, वितर्क-विचार रहित, समाधिजः प्रीतिसुखले युक्त द्वितीयध्यान प्राप्तगरी बसें। (३) प्रीतिलाई पनि त्यागी, उपेक्षी भई विहार गरें, स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव पनि गरें, जसलाई आर्यहरू—'उपेक्षावान्, स्मृतिवान्, सुखपूर्वक बस्ने' भनी भन्दछन्—त्यस्तो तृतीयध्यान पनि प्राप्तगरी बसें। (४) सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य-दौर्मनस्यलाई अन्तगरी, दुःखसुख नभएको, उपेक्षाद्वारा स्मृति परिशुद्ध भएको चतुर्थध्यान प्राप्तगरी बसें[३]।

---

१. यतिसम्मका कुराहरू अर्थात्—वीर्य, स्मृति, शान्त तथा समाहित एकाग्र भन्ने आदि कुराहरूसम्मलाई ध्यानका पूर्वभाग प्रतिपत्तिका कुराहरू हुन्। भनाइको मतलब समाधिस्थ हुनको लागि प्रबन्ध गर्नुपर्ने काम। यसपछि जुन कुराहरू सूत्रमा बताइएकाछन्—तिनीहरू सबै ध्यान-फलका कुराहरू हुन् भनी पपं. सू. I. पृ. ११२: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. यो प्रथमध्यान आदि सम्बन्धी विस्तृत कुराहरू विसुद्धिमग्गो, पठविकसिणनिद्देसो–४, पृ. १०३ मा उल्लेख भएको छ।

३. यी ध्यानहरूको सम्बन्धमा पपञ्चसूदनीले निम्न प्रश्नोत्तर गरेको छ—

Downloaded from http://www.dhamma.digital

भगवान् बुद्ध यी ध्यानहरूमा कसरी बस्नुभएको थियो ?

कर्मस्थान भावना गरेर भगवान् यी ध्यानहरूमा बस्नुभएको थियो ।

कुनचाहिं कर्मस्थान गरी बस्नुभएको थियो त ?

आनापानसति (=स्वास प्रस्वासको स्मृति) कर्मस्थान गरी बस्नुभएको थियो ।

(१) यी चार ध्यानहरू कसैको लागि चित्त एकाग्रता गर्नुकोनिमित्त हुन्छ, (२) कसैको लागि विपश्यना ध्यान लाभगर्नुकोनिमित्त हुन्छ, (३) कसैकोलागि अभिज्ञाध्यान लाभगर्नुकोनिमित्त हुन्छ, (४) कसैको लागि निरोधध्यान लाभगर्नुकोनिमित्त हुन्छ, तथा (५) कसैको लागि भवग्गकामी (भवोक्कमनत्थानि) हुन्छ ।

(१) त्यसमध्ये—क्षीणास्रवीहरूको लागि चित्त एकाग्रगर्नेकोनिमित्त हुन्छ । उनीहरू एकाग्र चित्त गरी ध्यानमा बसी 'सुखपूर्वक दिन बिताउँनेछौं' भनी कसिण परिकर्म गरी अष्टसमापत्तिहरू लाभ गर्छन् ।

(२) शैक्ष र पृथक्जनहरूको लागि चाहिं—'समापत्तिबाट उठी समाहित चित्त भएर विपश्यना गर्नेछौं' भनी जो ध्यान गर्छन् उनीहरूको लागि विपश्यना ध्यान लाभगर्नेकोनिमित्त सहायक हुन्छ ।

Downloaded from http://www.dhamma.digital

(३) जो अष्टसमापत्तिहरू लाभगरी अभिज्ञापादक ध्यानमा बसेर उठ्दछन् — उनीहरू 'एक भएर धेरै हुने छौं' भन्ने विचार गर्छन् र त्यस्ताको लागि अभिज्ञाध्यान लाभ गर्नेकोनिमित्त सहायक हुन्छ ।

(४) अष्टसमापत्तिहरू लाभ गरी निरोधसमापत्तिमा बसी जसले सप्ताहसम्म अचित्तक भई यसै जीवनमै निरोधनिर्वाणमा पुगी 'सुखपूर्वक विहार गर्नेछौं' भन्ने विचार गर्छ — त्यस्ताको लागि निरोध ध्यान लाभगर्नेकोनिमित्त सहायक हुन्छ ।

(५) जसले अष्टसमापत्तिहरू लाभ गरी, अपरिहीन ध्यानी भई 'ब्रह्मलोकमा उत्पन्न हुनेछु' भन्ने विचार गर्छन् — त्यस्ताको लागि भवचक्रगामी हुन्छ ।

तर, जब भगवान्ले यो चतुर्थध्यानलाई बोधिवृक्षमनि प्राप्त गर्नुभयो तब, वहाँको लागि यो ध्यान विपश्यनाध्यान लाभ गर्नेकोनिमित्त सहायक, अभिज्ञाध्यान लाभगर्नेकोनिमित्त सहायक, सबै कृत्यसाधक तथा सबैप्रकारका लौकिक लोकोत्तर गुणदायी भएको थियो भन्ने कुरा बुझ्नु पर्छ । जुन गुणहरू दायी भएका थिए ती गुणहरू एक एक गरी बताउनु हुँदै भगवान्ले जाणुस्सोणि ब्राह्मणलाई 'अनि सो म कामविषयबाट अलग भई...' भन्ने आदि कुराहरू बताउनु भएको हो भनी पपं. सू. I. पृ. ११२–१३: भय-भेरवसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

**पूर्वानुस्मरण-ज्ञान**—"यसरी समाहित चित्त भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल, र क्लेश रहित भएपछि; मृदु तथा कर्मण्य भएपछि; निश्चलतामा पुगेपछि—सो मैले **पूर्वजन्म स्मरण हुने ज्ञानतिर चित्त झुकाएँ।** अनि मैले अनेकप्रकारले **पूर्वजन्मका कुराहरू अनुस्मरण गरें।** जस्तै—एक जन्म, दुइ जन्म, तीन जन्म, चार जन्म, पाँच जन्म; दश जन्म, बीस जन्म, तीस जन्म, चालीस जन्म, पचास जन्म; शय जन्म, सहस्र जन्म, शतसहस्र जन्म तथा अनेक संवर्तकल्प (=प्रलय), अनेक विवर्तकल्प (=श्रृष्टि) का कुराहरू[१] पनि **अनुस्मरण गरें**—'अमुक ठाउँमा थिएँ, यस्तो नाम, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहारपान, यस्तो सुख दुःख भोग गर्ने र यति आयु थियो।' अनि त्यहाँबाट च्युत भई अमुक ठाउँमा[२] उत्पन्न भएँ। त्यहाँ पनि

---

१. संवर्त-कल्प र विर्वत-कल्पका कुराहरूको बारेमा सम. पा. I. पृ. १४८: वेरञ्जकण्डवण्णनामा उल्लेख भएको छ।

२. यहाँ 'अमुक ठाउँमा' भनेको तुषित भवनलाई लक्षगरी भनिएको हो भन्ने कुरा जान्नुपर्छ भनी पपं. सू. I. पृ. ११४ ले उल्लेख गरेको छ। (तुषित भवन भन्ने देवलोक कुन तलामा पर्छ भन्ने कुरा लेखकको बु. ब्र. भा–१, पृ. ४८९ मा हेर्नु।)

Downloaded from http://www.dhamma.digital

'यस्तो नाम[1], यस्तो गोत्र[2], यस्तो वर्ण[3], यस्तो आहार-पान[4], यस्तो सुख दुःख भोग गर्ने[5] र यति आयु थियो[6]। सो म त्यहाँबाट च्युत भई यहाँ[7] उत्पन्न भएँ।' यसरी आकार सहित, उद्देश्य सहित, अनेक

---

१. यहाँ 'यस्तो नाम' भनी सोही तुषितलोकमा उत्पन्न हुँदाखेरि त्यहाँ यस्तो नाम थियो भनी भनिएको हो। अर्थात् 'स्वेतकेतु' भन्ने देवपुत्र थिएँ भनी भनिएको हो। पपं. सू. I. पृ. ११८.

२. देवताहरूकै जस्तै गोत्र थियो भनी भनिएको हो। पपं. सू. I. पृ. ११४.

३. सुवर्ण वर्णी थिएँ भनी भनिएको हो। पपं. सू. I. पृ. ११४.

४. दिव्यामृत आहार-पान थियो भनी भनिएको हो। पपं. सू. I. पृ. ११४.

५. दिव्य-सुख भोग गर्दथें र दुःखचाहिं संस्कार मात्रको दुःख थियो भनी भनिएको हो। पपं. सू. I. पृ. ११४.

६. ७५ कोटी ६० लाख वर्ष आयु थियो भनी भनिएको हो। (सत्त-पञ्ञासवस्सकोटि सट्ठिवस्स सतसहस्सायुपरियन्तो) पपं. सू. I. पृ. ११४: भयभेरवसुत्तवण्णना।

७. यहाँ चाहिं 'यहाँ' भनेको तुषित भवनबाट च्युत भई महामायादेवीको कोखमा उत्पन्न भएँ भनी भनिएको हो। पपं. सू. I. पृ. ११४.

Downloaded from http://www.dhamma.digital

प्रकारले पूवजन्मका कुराहरू अनुस्मरण गरें[१] । ब्राह्मण ! यसरी अप्रमत्त भई, आतप्त युक्त भई, वीर्यवान् भई विहार गर्दा रातको पहिलो याममा यो पहिलो विद्‌या मैले लाभ गरें । (अनि त्यस

---

१. यो पूर्वानुस्मरण-ज्ञान ६ व्यक्तिहरूले अनुस्मरण गर्न सक्छन् । जस्तै—(१) तीर्थीयहरूले, (२) प्रकृति-श्रावकहरूले, (३) महा-श्रावकहरूले, (४) अग्रश्रावकहरूले, (५) प्रत्येकबुद्धहरूले तथा (६) बुद्धहरूले ।

(१) यी मध्ये तीर्थीयहरूले ४० कल्पसम्मका कुराहरू अनुस्मरण गर्न सक्छन् । (२) प्रकृतिश्रावकहरूले अर्थात् साधारण श्रावकहरूले १०० कल्पदेखि लिएर १००० कल्पसम्मका कुराहरू पनि अनुस्मरण गर्न सक्छन् । (३) असीति महाश्रावकहरूले एकलाख कल्पहरू अनुस्मरण गर्न सक्छन् । (४) दुइ अग्रश्रावकहरूले एक असंख्य र शतसहस्र कल्पहरू अनुस्मरण गर्न सक्छन् । (५) प्रत्येकबुद्धहरूले दुइ असंख्य र शतसहस्र कल्पहरू अनुस्मरण गर्न सक्छन् । (६) बुद्धहरूको चाहिं यति उति भन्ने परिच्छेद हुँदैन भनी विसु. म. पृ. ३०७: अभिञ्ञानिद्देस, पुब्बेनिवासानुस्सतिञाण-कथाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

सम्बन्धी मेरो) अविदचा[1] नष्ट भयो, विदचा उत्पन्न भयो; अन्धकार नष्ट भयो आलोक उत्पन्न भयो।

च्युति उत्पत्ति-ज्ञान—"यसरी समाहित चित्त भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल र क्लेशरहित भएपछि; मृदु तथा कर्मण्य भएपछि; निश्चलतामा पुगेपछि—सो मैले प्राणीहरूको च्युति तथा उत्पत्ति जान्ने ज्ञानतिर चित्त झुकाएँ[2]। त्यसपछि मैले अमानुषीय

---

१. पूर्वजन्मका कुराहरूलाई संस्मरण गर्न नसक्नुलाई नै यहाँ 'अविदचा' भनिएको हो। पूर्वजन्मका कुराहरू संस्मरण गर्न सक्ने हुँदा, जान्न सक्ने हुँदा—'अविदचा नष्ट भयो विदचा उत्पन्न भयो' भनी भनिएको हो। अन्धकारको बारेमा पनि यस्तै तरिकाले बुझ्नू। पपं. सू. I. पृ. ११४ (यस सम्बन्धी अरू विस्तर कुराहरूको व्याख्या विसु. म. पृ. ३०७: पुब्बेनिवासानुस्सतिञाणकथा, अभिञ्ञानिद्देस–१३ मा हेर्नू।)

२. यहाँनिर पपं. सू. I. पृ. ११४ ले यस्तो उल्लेख गरेको छ।

पूर्वानुस्मरण अथवा च्युति उत्पत्तिका कुराहरू जान्नको-निमित्त ध्यानको क्रमानुसार गएर मात्र अरूहरूले जान्न सक्छन्। परन्तु पारमी पूरागरी आउनु भएका महासत्वकोनिमित्त त्यसरी ध्यानको क्रमानुसार गइरहनु पर्दैन। चित्त झुकाउने बित्तिकै जान्न सक्नु हुन्छ। (यो च्युति र उत्पत्ति-ज्ञान सम्बन्धी क्रमिक ध्यानका कुराहरू विसु. म. पृ. ३१६: चुतूपपातञाणकथा, अभिञ्ञानिद्देस-१२ मा व्याख्या गरिएको छ।)

Downloaded from http://www.dhamma.digital

विशुद्ध दिव्यचक्षुद्वारा च्युत हुने (=चवमाने), उत्पन्न हुने[1] (=उपपज्जमाने) प्राणीहरूलाई देखें र (उनीहरू) आ-आफ्ना कर्मानुसार नीच-उच्च, सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका पनि देखें (जानें)।—'यी सत्वहरू काय-दुश्चरितले युक्त भई, वाक्-दुश्चरितले युक्त भई, मनः-दुश्चरितले युक्त भई; आर्यहरूको निन्दा गर्ने भई[2], मिथ्यादृष्टिक भई, मिथ्यादृष्टि युक्त कामगर्ने भई— मरणोप्रान्त उनीहरू अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न भए। यी सत्वहरू भने काय-सुचरितले युक्त भई, वाक्-सुचरितले युक्त भई, मनः-सुचरितले युक्त भई; आर्यहरूको अपवाद नगर्ने भई, सम्यक्दृष्टिक भई, सम्यक्दृष्टि युक्त कामगर्ने भई—मरणोप्रान्त उनीहरू सुगति स्वर्गलोकमा उत्पन्न भए।' यसरी अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा मैले च्युत भएका, उत्पन्न भएका, प्राणीहरूलाई देखें र आ-आफ्ना कर्मानुसार नीच-उच्च,

Dhamma.Digital

---

१. च्युत र उत्पत्ति हुने भन्नाले च्युत हुने क्षणमै अथवा उत्पत्ति हुने क्षणमै दिव्यचक्षुले देख्न वा जान्न सक्छ भनिएको होइन। च्युत र उत्पत्तिको क्षणमै दिव्यचक्षुद्वारा कसैले पनि देख्न वा जान्न सक्दैन। च्युत हुनेछ भन्ने वेलामा र प्रतिसन्धि भैसकेपछि भने देख्न सक्छ, जान्न सक्छ भनी भनिएको हो। विसु. म. पृ. ३१७: अभिञ्ञा-निद्देस्स—१३, चुतूपपातञाणकथा।

२. यहाँ उल्लिखित काय-वाक् दुश्चरित आदि र आर्यहरूको निन्दा भन्ने प्रत्येक शब्दको स्पष्टिकरण विसु. म. पृ. ३१९: अभिञ्ञानिद्देस—१३ मा वर्णित छन्।

Downloaded from http://www.dhamma.digital

सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका प्राणीहरूलाई पनि देखें (जानें)। ब्राह्मण ! यसरी अप्रमत्त भई, आतप्त युक्त भई, वीर्यवान भई विहार गर्दा रातको दोश्रो याममा यो दोश्रो विद्या मैले लाभ गरें। (अनि त्यस सम्बन्धी मेरो) अविद्या नष्ट भयो[1], विद्या उत्पन्न भयो; अन्धकार नष्ट भयो, आलोक उत्पन्न भयो।

**आस्रव-क्षय-ज्ञान**—"यसरी समाहित चित्त[2] भएपछि; परिशुद्ध, स्वच्छ, निर्मल र क्लेशरहित भएपछि; मृदु तथा कर्मण्य भएपछि; निश्चलतामा पुगेपछि—सो मैले आस्रवक्षय हुने ज्ञानतिर चित्त झुकाएँ। अनि मैले 'यो दुःख हो' भनी यथार्थत जानें, 'यो दुःख समुदय हो' भनी यथार्थत जानें, 'यो दुःख निरोध हो' भनी यथार्थत जानें, 'यो दुःख निरोधको मार्ग हो' भनी यथार्थत जानें। 'यी आस्रवहरू हुन्' भनी यथार्थत जानें, 'यो आस्रवसमुदय हो' भनी यथार्थत जानें, 'यो आस्रव निरोध हो' भनी यथार्थत जानें, 'यो आस्रवनिरोध हुने मार्ग हो' भनी यथार्थत जानें। अनि यसरी

---

१. यहाँ 'अविद्या' भनी—च्युति र उत्पत्तिका कुराहरू जान्न नसक्ने अवस्थालाई नै भनिएको हो। च्युति र उत्पत्तिका कुराहरू जानेको हुँनाले नै 'अविद्या नष्ट भयो विद्या उत्पन्न भयो' भनी सूत्रमा उल्लेख गरिएको हो। अन्धकारको सम्बन्धमा पनि यस्तैगरी बुझ्नू। पपं. सू. I. पृ. ११४: भयभेरवसुत्तवण्णना।

२. विपश्यनापादक चतुर्थध्यान चित्तलाई यहाँनिर 'समाहितचित्त' भनिएको हो भनी पपं. सू. I. पृ. ११५: भयभेरवसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

जान्दा, यसरी देख्दा मेरो चित्त कामास्रवबाट पनि विमुक्त भयो, भवास्रवबाट पनि विमुक्त भयो, अविद्यास्रवबाट पनि विमुक्त भयो । विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने पनि ज्ञान भयो[१] । 'जाति (=जन्म) क्षीण भयो[२], ब्रह्मचर्यवास पूरा भयो[३], गर्नुपर्ने गरिसकें[४],

---

१. यसबाट प्रत्यवेक्षणा ज्ञानलाई निर्दिष्ट गरेको छ । पपं. सू. I. पृ. ११५.

२. सोही प्रत्यवेक्षणा-ज्ञानद्वारा अवलोकन गरिहेर्दा 'जातिक्षीण' भयो भन्ने कुरा पनि वहाँले जान्नुभयो ।

त्यसोभए अब, भगवान्‌को कुनचाहिं जाति (=जन्म) क्षीण भयो त ? कसरी त्यसलाई जान्नुभयो त ?

यहाँ, जाति क्षीण भयो भन्नाले अतीतको जाति क्षीणभयो भनी भनिएको होइन । त्यो त अतीत समयमै क्षीण भइसक्यो । अनागतको जाति क्षीण भयो भनी भनिएको पनि होइन । अनागतकोनिमित्त कोशिस गर्नु नपर्ने हुनाले । वर्तमान समयमा विद्यमान भएको जाति क्षीण भएको पनि होइन । त्यसोभए के 'क्षीण भयो ?' भनिएको हो त भन्ने सम्बन्धमा यसरी बुझ्नु पर्छ —

मार्गको अभाविताको कारणद्वारा जुन एक-चतु-पञ्चवोकार भवहरूमा जुन एकस्कन्धले युक्त; चार स्कन्धले युक्त तथा पाँच स्कन्धले युक्त भई लोकहरूमा उत्पन्न हुनसक्ने हुन् ती स्कन्धहरू मार्गको भाविता गरिसकेको हेतुले गर्दा—उत्पन्न हुन नसक्ने स्वभावमा पुगेको हुँदा – 'जातिक्षीण' भयो भनी भनिएको हो ।

Downloaded from http://www.dhamma.digital

अनि यसरी मार्गको भाविता गरेबाट क्लेशहरू प्रहीण भएका कुरालाई प्रत्यवेक्षणा-ज्ञानद्वारा बुझ्नुभयो र क्लेशहरू नरहेपछि कर्म विदयमान भएर पनि भविष्यकोनिमित्त त्यस कर्मले प्रतिसन्धि दिन नसक्ने कुरालाई समेत जान्नुभएको हुँदा 'मैले जाने'' भनी अन्तमा भन्नुभएको हो । पपं. सू. I. पृ. ११५ (यस विषयको सम्बन्धमा माथि पृ. २७७ को पादटिप्पणीमा पनि उल्लेख भइसकेको छ । )

३. मार्गब्रह्मचर्यलाई यहाँ 'ब्रह्मचर्य' भनिएको हो । कल्याण-पृथग्जन सहित सातजना शैक्षहरूलाई ब्रह्मचर्यवास गर्ने भनिन्छन् । क्षीणास्रवीहरूलाई ब्रह्मचर्यवास पूरा गरिसकेका भनिन्छन् । त्यसैले आफ्नो ब्रह्मचर्यवास पूरा भएकोलाई अर्थात् क्षीणास्रवी भइसकेकोलाई प्रत्यवेक्षणा-ज्ञानले हेरेर भगवान्ले 'ब्रह्मचर्यवास पूरा भयो' भनी जान्नुभएको हो । पपं. सू. I. पृ ११५.

४. चतुसत्यहरूका विषयमा चतुमार्गहरूद्वारा—परिञ्ञा, पहान, सच्छिकिरिया तथा भावनाको हिसाबले सोह्र प्रकारका कृत्यहरू सिध्याइसकेकालाई 'गर्नुपर्ने गरिसकें' भनी भनिएको हो । कल्याण-पृथग्जन सहित सातजना शैक्षहरूलाई गर्नुपर्ने गरिरहेका र क्षीणास्रवीहरूलाई गर्नुपर्ने गरिसकेका अर्थात् 'कृत-कृत्य' भनी भनिन्छन् । अतः आफूले गर्नुपर्ने कामको प्रत्यवेक्षणा गरी हेर्नु हुँदा वहाँले 'गर्नुपर्ने गरिसकें' भनी भन्नुभएको हो । पपं. सू. I. पृ. ११५–१६: भयभेरवसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

अब उप्रान्त पुनर्जन्मको हेतु छैन । अथवा अब उप्रान्त गर्नुपर्ने केही छैन' भन्ने कुरा पनि मैले जानें । ब्राह्मण ! यसरी अप्रमत्त भई, आतप्त युक्त भई, वीर्यवान् भई विहारगर्दा रातको तेश्रो याममा यो तेश्रो विद्या मैले लाभ गरें । (अनि त्यस सम्बन्धी मेरो) अविद्या नष्ट भयो[१], विद्या उत्पन्न भयो; अन्धकार नष्ट भयो आलोक उत्पन्न भयो[२] ।

---

१. चतुसत्यलाई ढाकिराख्ने अविद्यारूपी मोहलाई यहाँ 'अविद्या' भनिएको हो । पपं. सू. I. पृ. ११६.

२. यहाँसम्मका कुराहरूबाट—पूर्वेनिवास ज्ञानद्वारा अतीतांशको ज्ञान, दिव्यचक्षुद्वारा प्रत्युत्पन्न र अनागतांश ज्ञान, तथा आस्रवक्षय ज्ञान-द्वारा सबैप्रकारका लोकोत्तर गुणहरू दर्शाइएका छन् । यसरी यी तीन विद्याहरूद्वारा सबैप्रकारका सर्वज्ञगुणहरूलाई संग्रहित गरी आफू असम्मोहित भई विहार गर्नुभएको कुरा भगवान्‌ले जाणुस्सोणि ब्राह्मणलाई दर्शाउनु भयो ।

यी कुराहरू सुनिसके पछि जाणुस्सोणि ब्राह्मणले यस्तो सोच्न थाले कि— श्रमण गौतमले आफ्नो सर्वज्ञ ज्ञानको जानकारी त दिनुहुन्छ, किन्तु अहिलेसम्म पनि वहाँले अरण्यवास गर्ने चाहिं छाड्नु भएको छैन । शायद अरू पनि गर्नुपर्ने केही बाँकी नै छन् कि ? ब्राह्मणको यस वितर्कनालाई जान्नु भएर नै भगवान्‌ले अगाडिका कुराहरू बताउनु भएको हो । पपं. सू. I. पृ. ११६: भयभेरवसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

## अरण्य विहार गर्नुमा दुइ कारण

"ब्राह्मण ! शायद तिम्रो मनमा यस्तो लाग्न सक्छ कि—'आज पनि श्रमण गौतम अवीतरागी, अवीतद्वेषी, अवीतमोही छन्, त्यसैले अरण्यवनखण्डको एकान्त शयनासनको सेवन गरिरहेका हुन्। ब्राह्मण ! यसलाई यसप्रकारले हेर्नुहुन्न। ब्राह्मण ! दुइ कारणहरूलाई हेरेर म अरण्यवनखण्डको एकान्त शयनासनको सेवन गर्दछु—यसै जीवनमा आफ्नो पनि सुख विहारलाई हेरेर तथा पछि आउने जनता प्रति पनि अनुकम्पा राखेर[1]।"

---

१. कसरी पछि आउने जनता प्रति अनुकम्पा राखेको हुन्छ भने—श्रद्धापूर्वक प्रव्रजित हुने कुलपुत्रहरूले भगवान्लाई अरण्यविहारमा बसिरहनु भएको देखेर यस्तो विचार गर्छन्—'जसको न जान्नुपर्ने (परिञ्ञातब्बं) बाँकी छ, न छाड्नु पर्ने (पहातब्बं) बाँकी छ, न भाविता गर्नु पर्ने (भावेतब्बं) बाँकी छ, न साक्षात्कार गर्नु पर्ने (सच्छिकातब्बं) बाँकी छ—त्यस्ता हुनु भएका बुद्ध भगवान्ले त अरण्यविहारलाई छाड्नु हुन्न भने हामीहरूको त के कुरा ?' यस्तो सोचेर उनीहरू पनि अरण्यविहारमा मन लगाउँछन् र उनीहरूले चाँडै नै दुःखको अन्त गर्छन्। यसै कारणलाई 'पछि आउने जनता प्रति अनुकम्पा राखेको हो' भनी पपं. सू. I. पृ. ११६–१७: भय-भेरवसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

"अरहत् सम्यक्सम्बुद्धहरूद्वारा जसरी अनुकम्पा राखिने हो त्यसरी नै तपाइ **गौतमले** पनि पछि आउने जनता प्रति अनुकम्पा नै राख्नु भएको छ । (यति उत्तर दिइसकेपछि भगवान्को धर्मोपदेशलाई प्रशंसापूर्वक अनुमोदन गर्दै ब्राह्मणले अगाडि यस्तो भने—)

"धन्य हो, भो **गौतम** ! धन्य हो, भो **गौतम** !! जस्तै घोप्टेको-लाई उत्तानो पारिदिन्छ वा ढाकिएकोलाई उघारिदिन्छ वा बाटो भुलेकोलाई बाटो देखाइदिन्छ अथवा अँध्यारोमा तेलको बत्ती राखिदिन्छ र आँखा हुनेहरूले रूपलाई देख्छन्—त्यस्तैगरी, तपाइ गौतमले पनि मलाई अनेकप्रकारद्वारा धर्मप्रकाश पारिदिनु भयो । अब सो म, तपाइ **गौतमको** शरणमा पर्दछु, धर्म र भिक्षु सङ्घको पनि । आजदेखि तपाइ **गौतमले** मलाई आजीवन शरणमा[१] आएको उपासक हो भनी स्वीकार गर्नुहोस्[२] ।"

× × ×

---

१. शरणागमन सम्बन्धी विविध कुराहरू पपं. सू. I. पृ. ११९: भय-भेरवसुत्तवण्णनामा उल्लेख भएका छन् । त्यस्तैगरी कस्तालाई उपासक भनिन्छ भन्ने कुराहरूको विशद व्याख्या पनि उहीं उल्लेख भएको छ । यसरी बुद्धको शरणमा गई चतुप्रत्ययहरूद्वारा पूजागरी आसनबाट उठी भगवान्लाई अभिवादन गरी फर्केर गए भन्ने कुरा पनि उहीं पृ. १२३ मा उल्लेख भएको पाइन्छ ।

२. यति भनेर भगवाम्लाई चतुप्रत्यय प्रदान गर्ने वचन दिई, आसनबाट उठी भगवान्लाई अभिवादन गरी तीन पटक प्रदक्षिणा गरी ब्राह्मण फर्केर गए भनी पपं. सू. I. पृ. १२३ ले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १३–कसरी सांदृष्टिक निर्वाण हुन्छ ?

अनि जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे[१]। एक छेउमा बसेका जाणुस्सोणि ब्राह्मणले भगवान्लाई यस्तो भने—

"भो गौतम! 'सांदृष्टिक निर्वाण, सांदृष्टिक निर्वाण' भनी भन्दछन्। भो गौतम! कसरी सांदृष्टिक निर्वाणलाई अकालिक (=तत्कालिक), 'आऊ हेर' भन्नु योग्य, ओपनयिक (=निर्वाण पुऱ्याउन सक्ने) तथा विज्ञहरूद्वारा प्रत्यक्षीकरण गर्न सक्ने हुन्छ ?"

(१) "ब्राह्मण! रागले रञ्जित हुने, रागको वशमा पर्ने तथा रागको फन्दामा पर्नेले—आफ्नो पनि हानी, अर्काको पनि हानी तथा दुवैको पनि हानी चिताउँछ; चैतसिक (=मानसिक) दुःखको पनि अनुभव गर्छ। रागबाट हटेपछि आफ्नो हानी पनि, अर्काको हानी पनि

---

१. अं. नि–३, पृ. १४६: निब्बुतसुत्तं, ब्राह्मणवग्गो, अ. क. I. पृ. ३९०.

Downloaded from http://www.dhamma.digital

तथा दुवैको हानी पनि चिताउँदैन; चैतसिक दुःखको अनुभव पनि गर्दैन। ब्राह्मण ! यसरी पनि सांदृष्टिक निर्वाण हुन्छ।

(२) "ब्राह्मण ! द्वेषले दूषित हुने, द्वेषको वशमा पर्ने तथा द्वेषको फन्दामा पर्नेले— आफ्नो पनि हानी, अर्काको पनि हानी तथा दुवैको पनि हानी चिताउँछ; चैतसिक दुःखको अनुभव पनि गर्छ। द्वेषबाट हटेपछि आफ्नो पनि हानी, अर्काको पनि हानी तथा दुवैको पनि हानी चिताउँदैन; चैतसिक दुःखको अनुभव पनि गर्दैन। ब्राह्मण ! यसरी पनि सांदृष्टिक निर्वाण हुन्छ।

(३) "ब्राह्मण ! मोहले मोहित हुने, मोहको वशमा पर्ने तथा मोहको फन्दामा पर्नेले— आफ्नो पनि हानी, अर्काको पनि हानी तथा दुवैको पनि हानी चिताउँछ; चैतसिक दुःखको अनुभव पनि गर्छ। मोहबाट हटेपछि आफ्नो पनि हानी, अर्काको पनि हानी तथा दुवैको पनि हानी चिताउँदैन; चैतसिक दुःखको अनुभव पनि गर्दैन। ब्राह्मण ! यसरी पनि सांदृष्टिक निर्वाण हुन्छ।

"ब्राह्मण ! जब उसले सर्वथा रागक्षयको प्रत्यक्ष अनुभव गर्छ, सर्वथा द्वेषक्षयको प्रत्यक्ष अनुभव गर्छ, सर्वथा मोहक्षयको प्रत्यक्ष अनुभव गर्छ तब, हे ब्राह्मण ! सांदृष्टिक निर्वाणलाई—अकालिक, 'आऊ हेर' भन्नु योग्य, ओपनयिक तथा विज्ञहरूद्वारा प्रत्यक्षीकरण गर्न सक्ने हुन्छ।"

Downloaded from http://www.dhamma.digital

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !!...[१] आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

× × ×

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३८० मा लेखे बमोजिम बुझ्नू ।

Downloaded from http://www.dhamma.digital

# १०. तिस्समेत्तेय्य माणव

## प रि च य

माथि (पृ. १ मा) लेखिएका अजित माणव जस्तै तिस्समेत्तेय्य (=तिष्यमैत्रेय) माणव पनि बावरी ब्राह्मणका सोह्र शिष्यहरूमध्येका एक हुन् । पाशाणक चैत्यमा जब बुद्ध भगवान्ले अजित माणवलाई 'जे चाहन्छौ सोध' भनी भन्नुभयो तब तिस्समेत्तेय्य माणवको पालो आएपछि यिनले बुद्धसँग "यो संसारमा को सन्तुष्ट छ ? ..." भन्ने प्रश्न सोधेका थिए । प्रश्नको उत्तरमा भगवान्को उपदेश सुनेर यिनी पनि आफ्ना एकहजार शिष्यहरूका साथ अरहत्वमा प्रतिष्ठित भएका थिए[1] ।

पद्मोत्तर बुद्धको पालामा आयुष्मान् तिस्समेत्तेय्य सोभित भन्ने तापस भएका थिए भनी अपदानपालिले[2] उल्लेख गरेको छ ।

अरहत् भइसक्नु भएपछि आयुष्मान् तिस्समेत्तेय्यले आफ्नो पूर्व चरितका कुराहरू अनुस्मरण गर्नुभई वहाँले पद्मोत्तर बुद्धको पालामा

---

१. सुत्त. नि. अ. क. पृ. १६९: तिस्समेत्तेय्यसुत्तवण्णना ।

२. I. पृ. ४२४: तिस्समेत्तेय्यत्थेर अपदानं ।

Downloaded from http://www.dhamma.digital

पद्मोत्तर बुद्धलाई आफूले तिन्दुकफल दानदिएको र अनागत समयमा अरहत् हुनेछन् भनी बुद्धले भविष्यवाणी गर्नुभएका कुराहरू समेत अपदानपालिमा[1] उल्लेख भएका छन् । अरू कुरा अगाडिको मूल सूत्रबाट बुझ्नू ।

× × ×

१. I. पृ. ४२४–२७: तिस्समेत्तेय्यत्थेरअपदानं ।

Downloaded from http://www.dhamma.digital

**मूल सूत्र—**

## १–तिस्समेत्तेय्य माणवको प्रश्न

**तिस्समेत्तेय्य—**

१. "कोध[१] सन्तुसितो लोके, (इच्चायस्मा तिस्स मेत्तेय्यो)
कस्सनो सन्ति इञ्जिता ।
को उभन्तमभिञ्ञाय, मज्झे मन्ता न लिप्पति[२] ।
कं ब्रूसि महापुरिसो ति, को इध सिब्बिनिमच्चगा[३] ।।"

**अर्थ—**

**१–"यो संसारमा को सन्तुष्ट छन् ? कसको चञ्चलपन छैनन् ?**

---

१. सुत्त. नि. पृ. ४२५: तिस्समेत्तेय्यमाणवपुच्छा, पारायनवग्गो; अ. क. ४६९, अट्ठकथामा चाहिं यसको नाम 'तिस्समेत्तेय्यसुत्तं' उल्लेख भएको छ ।

२. स्याममा: 'लिम्पति' ।

३. सिंहल, स्याम र रोमनमा: 'सिब्बनिमच्चगा' ।

Downloaded from http://www.dhamma.digital

दुवैको अन्त जानेर बीचमा लिप्त नहुने प्रज्ञावान् को हुन् ? कसलाई महापुरुष भन्दछन् ? तृष्णारूपी जोरनीबाट पारहुने यहाँ को छन् ?"

**बुद्ध —**

२. "कामेसु ब्रह्मचरियवा, (मेत्तेय्याति भगवा)
वीततण्हो सदा सतो ।
सङ्खाय निब्बुतो भिक्खु, तस्स नो सन्ति इञ्जिता ।

३. "सो उभन्तमभिञ्ञाय, मज्झे मन्ता न लिप्पति ।
तं ब्रूमि महापुरिसो ति, सो इध सिब्बिनिमच्चगा'ति ।।"

**अर्थ —**

२–"हे मेत्तेय्य ! कामविषयलाई त्यागी जो ब्रह्मचारी, स्मृतिमान् तथा तृष्णारहित भई बस्छ, अनित्यादि ज्ञानको मनन गरी जो निर्वाण हुने भिक्षु हो— उसको चञ्चलपन हुन्न ।

३–"प्रज्ञाद्वारा दुवै अन्तलाई बुझी जो ज्ञानवान् दुवैको बीचमा अल्झिदैन– उसलाई म महापुरुष भन्दछु— जो तृष्णारूपी जोरनीबाट पारभएको छ[१] ।"

---

१. उपदेशको अन्तमा तिस्समेत्तेय्य माणव आफ्ना एकहजार शिष्यहरूका साथ अरहत्वमा प्रतिष्ठित भए भनी सुत्त. नि. अ. क. पृ. ४६९: तिस्समेत्तेय्यसुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

# ११. देवहित ब्राह्मण

## परिचय

देवहित ब्राह्मण श्रावस्तीवासी हुन् । सर्वसाधारण महाजन-हरूकोनिमित्त नुहाउने व्यवसाय गरी त्यसबाट उनी जीविका गर्दथे । उनकहाँ तातोपानीले नुहाउने व्यवस्था पनि थियो । नुहाउन आउनेहरू-सँग उनले पैसालिन्थे । देवहित ब्राह्मणको यस व्यवसायबाट आजका विकसित यूरोपीय देशहरूमा झैं उहिले पनि पब्लीकबाथको चलन रहेछ भन्ने कुराको प्रमाणित हुन्छ ।

यिनी उपवाण स्थविरका गृहस्थीका साथी थिए भन्ने कुरा थेरगाथा अट्ठकथामा[1] उल्लेख भएको छ । यस्तै साथीपनको कारणले गर्दा भगवान्लाई तातोपानीको आवश्यक पर्दा उपवाण स्थविर उनकहाँ गएका हुन् भनी भन्नसकिन्छ । अरू कुराहरू अगाडि अनुदित देवहिस सूत्रमै प्रष्ट छन् ।

× × ×

१. I. पृ. ३११: उपवानत्थेरस्सगाथावण्णना ।

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–तातोपानी-दान

एक समय भगवान् श्रावस्तीमा बसिरहनु भएको थियो[१] ।

त्यस समय भगवान् वायुरोगले पीडित हुनुहुन्थ्यो[२] (वातेहाबाधिको होति)। आयुष्मान् उपवाण (उपवान) भगवान्को उपस्थाक हुनुहुन्थ्यो[३]। अनि भगवान्ले आयुष्मान् उपवाणलाई आमन्त्रण गर्नुभयो—

"हे उपवाण! तिमीले मलाई तातोपानी जान (=प्रबन्ध गर)।"

"हवस्, भन्ते" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् उपवाण चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ देवहित ब्राह्मणको

१. सं. नि. I. पृ. १७४: देवहितसुत्तं, ब्राह्मणसंयुत्तं; अ. क. I. पृ. २००.

२. भगवान् बुद्ध, बोधिसत्व छँदा, उरुवेल वनमा दुष्करचर्या गरिरहनु भएको वेलामा वहाँले एक एक अञ्जुली मूगिको रस मात्र पनि

Downloaded from http://www.dhamma.digital

पिउनु भएको थियो र कठोर शय्या पनि गर्नुभएको थियो । जुन दुर्भोजन आदिको कारणले गर्दा वहाँलाई पेटको वायुरोगले सताएको थियो । बुद्ध भइसक्नु भएपछि पनि, प्रणीत आहारहरू ग्रहण गर्नु भएर पनि समय समयमा वहाँको पेटमा सो वायुरोग उत्पन्न हुन्थ्यो। अहिले पनि त्यस्तै भएको थियो। त्यसैले सूत्रमा 'भगवान् वायुरोगले पीडित हुनुहुन्थ्यो' भनी उल्लेख भएको हो भनी सं. नि. अ. क. I. पृ. २००: देवहितसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३. भगवान् बुद्ध, बुद्ध भइसक्नु भएपछि प्रथम बीस (२०) वर्षसम्म वहाँलाई निबद्धरूपले उपस्थान गर्ने कोही थिएनन् । कहीले कसले, कहीले कस्ले उपस्थान गर्दथे । असीतिमहास्थविरहरूमध्ये बुद्धलाई उपस्थान नगर्ने भिक्षु शायद कमै होलान् । तिनीहरूमध्ये—

(१) नागसमाला, (२) उपवाण, (३) सुनक्खत्त, (४) चुन्दसमणुद्देस, (५) सागत, (६) बोधि, (७) मेघिय आदि स्थविरका नामहरू मूल पालिमा पनि उल्लेख भएका पाइन्छन् । यसबेला चाहिं आयुष्मान् उपवाण भगवान्को उपस्थाक हुनुनुन्थ्यो । अनि आयुष्मान् उपवाणले विहान सबेरै उठी, परिवेण (आँगन) बढार्ने, दतिवन दिने, नुहाउने पानी तयार पारिदिने, पात्रचीवर लिई अनुगमन गर्ने आदि कामहरू गर्दै हुनुहुन्थ्यो । त्यसैले भगवान्ले वहाँलाई तातोपानीकोनिमित्त ध्यानाकर्षण गर्नुभएको हो । सं. अ. क. I. पृ. २००: देवहितसुत्तवण्णना, ब्राह्मणसंयुत्तं ।

Downloaded from http://www.dhamma.digital

निवासस्थान हो त्यहाँ जानुभयो[1]। त्यहाँ पुगेपछि चूपलागी एक छेउमा उभिइरहनु भयो। अनि देवहित ब्राह्मणले चूपलागी एक छेउमा उभिइरहनु भएका आयुष्मान् उपवाणलाई देखे। देखेपछि गाथाद्वारा आयुष्मान् उपवाणलाई यस्तो भने—

"तुण्हीभूतो भवं तिट्ठं, मुण्डो सङ्घाटिपारुतो।
किं पत्थय मानो किं एसं, किं नु याचितुमागतो'ति ॥"

**अर्थ—**

**"मुण्डन शीर भएका, सङ्घाटि पारुपन गरेका, चूपलागेर उभिइरहनु भएका तपाइ के इच्छागरी, केको खोजगरी अथवा के माग्न यहाँ आउनु भएको हो ?"**

---

१. यस बखतसम्म भगवान्ले भिक्षुहरूलाई पानी तताउने सम्बन्धमा कुनै शिक्षापद (=नियम) बनाउनु भएको थिएन। बुद्ध भइसक्नु भएपछि बीसवर्षसम्म प्रायगरी वहाँ सहित भिक्षुहरू जङ्गलमै बस्दथे। यी देवहित ब्राह्मणले ठूला ठूला भाँडाहरूमा पानी तताई नुहाउनकोनिमित्त ( Public-bath ) आवश्यक साबुन आदि (नहानियचुण्णादि) को प्रबन्ध समेत गरी, नुहाउन चाहनेहरूसँग पैसालिई त्यसबाट जीविका गर्दथे। नुहाउन चाहनेहरू त्यहाँगई पैसा तिरी नुहाइ-धुवाइ गरी, सुगन्धलेप लगाई, फूलमाला लगाई फर्केर जान्थे। उनकहाँ जहिले पनि तातोपानी तयार भइरहेको हुन्थ्यो। त्यसैले आयुष्मान् उपवाण उनकहाँ जानु भएको हो। सं. नि. अ. क. I. पृ. २०१: देवहितसुत्तवण्णना, ब्राह्मणसंयुत्तं।

Downloaded from http://www.dhamma.digital

(उपवाण—)

१. "अरहं सुगतो लोके, वातेहाबाधिको मुनि ।
सचे उण्होदकं अत्थि, मुनिनो देहि ब्राह्मण ।।

२. "पूजितो पूजनेय्यानं, सक्करेय्यान सक्कतो ।
अपचितो अपचेय्यानं[१], तस्स इच्छामि हातवे'ति ।।"

अर्थ—

१—"लोकमा अरहन्त तथा सुगत हुनुभएका मुनि वायुरोगले पीडित हुनुहुन्छ; हे ब्राह्मण ! यदि तातोपानी छ भने मुनिकोनिमित्त देऊ ।

२—"पूजनीयहरूमध्ये पूजित हुनुभएका, सत्कारणीयहरूमध्ये सत्कृत्य हुनुभएका तथा सम्माननीयहरूमध्ये सम्मानित हुनुभएका वहाँको-निमित्त म (तातोपानी) लिएर जान चाहन्छु ।"

अनि देवहित ब्राह्मणले तातोपानीको खर्पनलाई एक पुरुषद्वारा बोकन लगाई, गुँद (=फाणितं) को एक डल्लो पनि आयुष्मान् उपवाणलाई प्रदान गरे[२] । अनि आयुष्मान् उपवाण जहाँ भगवान्

१. सिंहलमा: 'अपचनेय्यानं'; स्याममा: 'अपचिनेय्यानं' ।

२. 'भगवान्लाई सञ्चो छैन कि क्याहो ?' भनी सोध्दा पेट् दुखाउनु भएको कुरा सुनी—'त्यसोभए यसको औषधी हामीलाई थाहाछ'

Downloaded from http://www.dhamma.digital

हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि **भगवान्लाई** तातोपानीले नुहाई, तातोपानीमा गुँद मिलाई भगवान्लाई दिनुभयो। अनि (त्यसबाट) **भगवान्को पीडा शान्तभयो।**

अनि (केहीदिन पछि) **देवहित ब्राह्मण** जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए[1]। त्यहाँ पुगेपछि **भगवान्सँग** सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका **देवहित ब्राह्मणले** भगवान्लाई गाथाद्वारा यस्तो भने—

---

भनी सफा गुँदको एक डल्लो ल्याई—'यसमा केही तातो पानी मिसाई स्नानपछि भगवान्लाई पियाउनुहोस्'—यसरी तातो पानीको स्नानबाट बाहिरी सेचन र गुँदको पानीबाट भित्री सेचन भएर गौतमको पीडा शान्तहुनेछ' भनी देवहित ब्राह्मणले गुँदको एक डल्लो स्थविरको भिक्षापात्रमा राखिदिए। सं. नि. अ. क. I. पृ. २०१: देवहितसुत्तवण्णना, ब्राह्मणसंयुत्तं।

१. भगवान्को रोग निको भएपछि "देवहित ब्राह्मणले दिएको औषधीद्वारा भववान्को रोग निको भयो, अहो दान !" भनी ब्राह्मणको ठूलो प्रशंसा प्रचार भयो। यो प्रशंसाको कुरो सुनी "यत्तिकैले पनि मेरो यस्तो प्रशंसा फैलियो" भन्ने मनमा लागेर कीर्तिकामी ब्राह्मणको चित्तमा बुद्ध प्रति विश्वासको भावना उत्पन्न भयो। त्यसैले उनी एकदिन बुद्धकहाँ गएका हुन् भनी सं. नि. अ. क. I. पृ. २०१: देवहितसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

"कत्थ दज्जा देय्यधम्मं, कत्थ दिन्नं महप्फलं ।
कथं हि यजमानस्स, कथं इज्झति दक्खिणा'ति ।।"

**अर्थ—**

**"कहाँ दातव्यवस्तुहरू दिने ? कहाँ दानदिँदा महत्फल हुन्छ ? कसरी दानदिँदा दानको फल महान हुन्छ ?"**

**(बुद्ध—)**

१. "पुब्बेनिवासं यो वेदी[1], सग्गापायं च पस्सति ।
अथो जातिक्खयं पत्तो, अभिञ्ञावोसितो मुनि ।।

२. "एत्थ दज्जा देय्य धम्मं, एत्थ दिन्नं महप्फलं ।
एवं[2] हि[2] यजमानस्स, एवं इज्झति दक्खिणा'ति ।।"

**अर्थ—**

**१—"जो पूर्वजन्मका कुराहरू जान्दछ, जो स्वर्ग र नरक दुवैलाई देख्दछ, जो जन्म मरणबाट मुक्त भई जान्नुपर्ने जम्मै जानेर अवसान प्राप्त भएको मुनि हो—**

**२—"यस्तालाई दातव्यवस्तुहरू दिनुपर्छ, यस्तालाई दानदिँदा**

---

१. स्याम र रोमनमा: 'वेदि' ।

२—२. सिंहलमा 'एवञ्हि' ।

Downloaded from http://www.dhamma.digital

महत्फल हुन्छ; यसरी अरहन्त विषयमा दानदिनेको दानको फल सफल हुन्छ अर्थात् महान हुन्छ ।"

यस्तो भन्नुहुँदा देवहित ब्राह्मणले भगवान्लाई यस्तो भने—

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !!...[१] आजदेखि तपाइ गौतमले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३८० मा झैं दोहऱ्याइ पढ्नू ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १२. धनञ्जानी ब्राह्मण

## परिचय

धनञ्जानि वा धानञ्जानि भनेको गोत्रको नाम हो भनी संयुत्तनिकायट्ठकथाले[१] उल्लेख गरेको छ। गोत्रकै नामबाट यो ब्राह्मणलाई धनञ्जानि ब्राह्मण भनिएको हो। यिनी राजगृहवासी हुन्। राजगृहको तण्डुलपालि भन्ने ठाउँमा यिनी बस्दथे भन्ने कुरा अगाडि अनुदित मूल सूत्रमा उल्लेख भएको छ।

सारिपुत्र महास्थविर दक्षिणागिरिमा बसिरहनु भएको बेलामा, राजगृहबाट आएका एक भिक्षुसँग वहाँले धनञ्जानि ब्राह्मणको विषयमा विशेष अभिरुचि लिनुभई उनको सुस्वास्थ्यको बारेमा सोध-पूछ गर्नुभएको थियो। यसबाट यो अनुमान लगाउन सकिन्छ कि शायद यी ब्राह्मण सारिपुत्र महास्थविरका ज्ञातिबन्धु थिए अथवा विशेष परिचित थिए। अन्यथा वहाँले उनको बारेमा विशेष अभिरुचि लिई सोध्-पूछ गर्नुपर्ने कारण देखिन्न। अथवा बुद्धशासनप्रति विशेष श्रद्धा राख्ने कुल

१. I. पृ. १५५: धनञ्जानिसुत्तवण्णना, ब्राह्मणसंयुत्तं।

Downloaded from http://www.dhamma.digital

भएको हुनाले विशेष अभिरुचि लिनुभएको हुनुपर्छ। यिनकी पहिलेकी भार्या बुद्धशासनमाथि विशेष श्रद्धा राख्दथिइन् भन्ने कुरा अगाडिको मूल सूत्रबाट थाहा पाइन्छ। उनको मृत्यु भएपछि **धनञ्जानि ब्राह्मणले** अर्को भार्या ल्याएका थिए र उनी अश्रद्धालु थिए भन्ने कुरा पनि मूल सूत्रबाटै प्रष्ट बुझिन्छ। जसको कारणले गर्दा **धनञ्जानि ब्राह्मण** पछि-गएर प्रमादी हुनथालेको कुरा पनि सूत्रकै कुराहरूबाट प्रष्ट बुझिन्छ।

**बुद्धकालीन ब्राह्मण** भाग–१, पृ. ६० मा उल्लेख भएका **धनञ्जानी** भन्ने ब्राह्मणी सम्भवत यिनै धनञ्जानि ब्राह्मणकी पहिलेकी श्रद्धालु भार्याबाट पाएकी छोरी हुन सक्छिन्।

जस्तै **सारिपुत्र** महास्थविरको मनमा **धनञ्जानि ब्राह्मण** प्रति विशेष ध्यान थियो, त्यस्तैगरी धनञ्जानि ब्राह्मणको मनमा पनि वहाँप्रति विशेष आदर र सम्मान रहेको कुरा सूत्रबाट थाहा पाइन्छ। अरू कुराहरू तलको मूल सूत्रबाटै प्रष्ट भएका छन्।

त्रिपिटक पालि साहित्यमा धनञ्जानि नामक दुइ सूत्रहरू छन्—

(१) **धनञ्जानि (सुत्तं)**—सं. नि. I. पृ. १६०: ब्राह्मणसंयुत्त, अ. क. I. पृ. १७५; यसको अनुवाद बु. ब्रा. भा–१, पृ. ६६ मा भएको छ।

(२) **धनञ्जानि (सुत्तं)**—म. नि. II. पृ. ४४९, अ. क. पृ. २९५; यस सूत्रको अनुवाद अगाडि छ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–धनञ्जानि ब्राह्मणसँग सारिपुत्र

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बसिरहनु भएको थियो। त्यस समय आयुष्मान् सारिपुत्र धेरै भिक्षुसङ्घका साथ दक्षिणागिरिमा[२] चारिका गर्दै हुनुहुन्थ्यो । अनि एक भिक्षु राजगृहमा वर्षावास गरिसकेपछि जहाँ दक्षिणागिरि हो, जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सो भिक्षुसँग आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो –

---

१. म. नि. II. पृ. ४८९: धनञ्जानिसुत्तं, अ. क. III. पृ. २९५; सिंहल, स्याम र रोमनमा 'धानञ्जानिसुत्तं' उल्लेख भएका छन् ।

२. 'दक्षिणागिरि' भनेको एक जनपदको नाउँ हो । यो जनपद पर्वत-हरूले घेरिएको राजगृहको एक पर्वतको दक्षिणदिशातिर पर्छ । पपं. सू. III. पृ. २९५: धानञ्जानिसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

"आवुसो! भगवान् निरोगीत हुनुहुन्छ, वलवान् त हुनुहुन्छ?"

"आवुसो! भगवान् निरोगी पनि हुनुहुन्छ वलवान् पनि हुनुहुन्छ।"

"आवुसो! भिक्षुसङ्घ निरोगी त छन्, वलवान् त छन्?"

"आवुसो! भिक्षुसङ्घ निरोगी पनि छन् वलवान् पनि छन्।"

"आवुसो! त्यहाँ, तण्डुलपालि[1] द्वारमा धनञ्जानि भन्ने ब्राह्मण बस्दछन्। धनञ्जानि ब्राह्मण पनि निरोगी र वलवान् छन् होइन?"

"आवुसो! धनञ्जानि ब्राह्मण पनि निरोगी र वलवान् नै छन्।"

"आवुसो! धनञ्जानि ब्राह्मण अप्रमादी त छन्?"

"आवुसो! कहाँबाट धनञ्जानि ब्राह्मण अप्रमादी हुनसक्लान् र! आवुसो धनञ्जानि ब्राह्मणले राजाको कारणबाट ब्राह्मण गृहपति-

---

१. सिंहल, स्याम र रोमनमा: 'तण्डुलपाल'; अट्ठकथामा पनि 'तण्डुलपाल'।

यहि तण्डुलपालि वा तण्डुलपाल नामक द्वारको आसपासमा धनञ्जानि ब्राह्मण बस्दथे। राजगृहमा बत्तीस (३२) वटा ठूला ठूला द्वारहरू र चौसट्ठी (६४) वटा साना साना द्वारहरू थिए। त्यसमध्ये एउटाको नाम 'तण्डुपाल वा तण्डुलपालि' थियो। पपं. सू. III. पृ. २९५: धानञ्जानिसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

हरूलाई लुट्छन्, (विलुम्पति) ब्राह्मण गृहपतिहरूको कारणबाट राजालाई पनि लुट्छन्[१]। उनकी श्रद्धालु कुलकी जो श्रद्धालु भार्या थिइन् सो पनि मरिसकिन्। (अब उनले) अश्रद्धालु कुलबाट अर्की अश्रद्धालु भार्या ल्याइसके।"

---

१. सो ब्राह्मणलाई राजाले "आऊ, मानिसहरूलाई पीडा नहुनेगरी, हजार भागको एक भाग मालपोत उठाएर ल्याऊ" (अपीलेत्वा सहस्सभागं गण्हाहि) भनी पठाउँदा उनले सबैका सबै धान्यहरू लिन्छन्। अनि किसानहरूले "भन्ते! हामीहरूलाई विनाश नपार्नु होस्" भनी भन्दा "राजकुलमा आम्दानी (वट्टं) थोरै छ, म यहाँ आउन लाग्दा राजाले मलाई यस्तै हुकुम भएको थियो, के गरूँ, नरोऊ" भनी ब्राह्मण भन्छन्। यसरी राजाको कारणबाट ब्राह्मण गृहपतिहरूलाई लुट्छन् (विलुम्पति)। अनि त्यसबाट धेरैजसो धान्यवर्गहरू आफ्नो घरमा राखी थोरै मात्र राजदरबारमा भित्र्याउँछन्। "हे ब्राह्मण! ब्राह्मण गृहपतिहरूलाई पीडा त दिएनौ?" भनी सोध्दा उनले "महाराज! दिएको छैन। यसपालि खेतमा थोरै धान भएकोले, उनीहरूलाई पीडा नहुनेगरिकन उठाइएको हुनाले धेरै धान भएन" भनी भन्दछन्। यसरी ब्राह्मणले गृहपतिहरूको कारणबाट राजालाई लुट्छन्। यसै कुरालाई लक्षगरी सूत्रमा 'राजाको कारणबाट ब्राह्मण गृहपतिहरूलाई र ब्राह्मण गृहपतिहरूको कारणबाट राजालाई लुट्छन्' भनिएको हो। पपं. सू. III. पृ. २९५: धानञ्जानिसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

"आवुसो ! धनञ्जानि ब्राह्मण प्रमत्तछन् भन्ने जुन कुरो सुन्नपऱ्यो त्यो सुन्न अयोग्य कुरो हामीले सुन्नपऱ्यो ! आवुसो ! सुन्न अयोग्य कुरो सुन्नपऱ्यो !! शायद कुनैवखत धनञ्जानि ब्राह्मणसँग हाम्रो समागम हुनसक्छ, त्यसवेला शायद (उनीसँग) कुनै कथावार्ता पनि हुनसक्छ ।"

अनि, आयुष्मान् सारिपुत्र इच्छानुसार दक्षिणागिरिमा विहार गर्नु भई, त्यसपछि जहाँ राजगृह हो त्यहाँ जानुभयो । त्यहाँ, आयुष्मान् सारिपुत्र राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बस्नुभयो । अनि आयुष्मान् सारिपुत्र पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर धारण गरी राजगृहमा भिक्षाटनार्थ जानुभयो । त्यस समय, धनञ्जानि ब्राह्मण नगर बाहिर गाईको गोठमा दूध दुहाइरहेका थिए । अनि, आयुष्मान् सारिपुत्र राजगृहमा भिक्षाटन् गरिसकेपछि भोजनो-परान्त जहाँ धनञ्जानि ब्राह्मण थिए त्यहाँ जानुभयो । धनञ्जानि ब्राह्मणले आयुष्मान् सारिपुत्रलाई टाढैदेखि आइरहनु भएको देखे । देखेपछि जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई यस्तो भने—

"भो सारिपुत्र ! यसबाट तातो दूध पिउनुहोस्; त्यतिञ्जेलसम्म भोजनको समय पनि हुनेछ[१] ।"

---

१. "भो सारिपुत्र ! यस ठाउँमा बसेर भरखर दुहेको यो तातो दूध पिउनुहोस्; अनि भोजनको समय भएपछि प्रातःकालिक भोजन पनि ल्याउनेछु" भन्ने अभिप्रायले सूत्रमा 'त्यतिञ्जेलसम्म भोजनको समय पनि हुनेछ' भनी उल्लेख गरिएको हो । पपं. सू. III. पृ. २९६: धानञ्जानिसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

"ब्राह्मण ! भइहाल्यो । आजको भोजन कृत्य गरिसकें । अमुक रुखमनि मेरो विहार हुनेछ । वहाँ आउनू ।"

"हवस्, भो" भनी धनञ्जानि ब्राह्मणले आयुष्मान् सारिपुत्र-लाई प्रत्युत्तर दिए । त्यसपछि, प्रातःकालिक भोजन सिद्धिएपछि धनञ्जानि ब्राह्मण जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका धनञ्जानि ब्राह्मणलाई आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

"हे धनञ्जानि ! अप्रमत्त त छौ होइन ?"

"भो सारिपुत्र ! (१) आमा-बाबुहरू पोषण गर्नुपर्ने, (२) पुत्र-दारहरू पोषण गर्नुपर्ने, (३) दाश-कामदारहरू पोषण गर्नुपर्ने, (४) मित्र-अमात्यहरू प्रति मित्र-अमात्यको कर्तव्य पालन गर्नुपर्ने, (५) रगत सम्बन्धी ज्ञातिहरू प्रति रगत सम्बन्धी ज्ञातिहरूको कर्तव्य पालन गर्नुपर्ने, (६) अतिथीहरू प्रति अतिथीहरूको कर्तव्य पालन गर्नुपर्ने, (७) पूर्वप्रेतहरू प्रति पूर्वप्रेतहरूको कर्तव्य पालन गर्नुपर्ने, (८) देवताहरू प्रति देवताहरूको कर्तव्य पालन गर्नुपर्ने, (९) राजा प्रति राजकर्तव्य पालन गर्नुपर्ने तथा (१०) आफ्नो यस शरीरलाई पनि सुखित पार्नुपर्ने र वृद्धि गर्नुपर्ने हामीहरूलाई कहाँको अप्रमाद !"

## अधर्मचारी नरकबाट मुक्त हुन सक्तैन

(१) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) आमा-

Downloaded from http://www.dhamma.digital

बाबुहरूको कारणमा अधर्मचारी, विषमचारी[1] हुन्छ; अनि सोही अधर्मचारी, विषमचारिताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ (= उपकड्ढेय्युं); यस्तो बेलामा 'म आमा-बाबुहरूको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले मलाई नरकमा तानेर नलैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका आमा-बाबुहरूले 'हे नरकपाल ! हाम्रो कारणमा यो (पुरुष) अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाइँदैन । बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याँकिदिन्छ ( = पक्खिपेय्युं ) ।"

(२) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) पुत्र-दारहरूको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो बेलामा 'म पुत्र-दारहरूको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका पुत्र-दारहरूले 'हे नरकपाल ! हाम्रो कारणमा यो (पुरुष) अधर्मचारी,

---

१. पञ्चदुश्शील्य कर्महरू वा दशदुश्शील्य कर्महरू गर्नेलाई यहाँ 'अधर्मचारी' र 'विषम चारी' भनिएको हो । पपं. सू. III. पृ. २९६.

Downloaded from http://www.dhamma.digital

विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाइँदैन । बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ ।"

(३) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) दाश-कामदारहरूको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म दाश-कामदारहरूको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका दाश-कामदारहरूले 'हे नरकपाल ! हाम्रो कारणमा यो (पुरुष) अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाइँदैन । बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ ।"

(४) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) मित्र-अमात्यहरूको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म मित्र-अमात्यहरूको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले

Downloaded from http://www.dhamma.digital

मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका मित्र-अमात्यहरूले 'हे नरकपाल ! हाम्रो कारणले यो (पुरुष) अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाइँदैन । बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ ।"

(५) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) रगत सम्बन्धी ज्ञातिहरूको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म रगतसम्बन्धी ज्ञातिहरूको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका रगत सम्बन्धी ज्ञातिहरूले 'हे नरकपाल ! हाम्रो कारणले यो (पुरुष) अधर्मचारी विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाइँदैन । बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ ।"

(६) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) अतिथीहरूको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही

Downloaded from http://www.dhamma.digital

अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म अतिथीहरूको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका अतिथीहरूले 'हे नरकपाल ! हाम्रो कारणमा यो (पुरुष) अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाईंदैन। बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ।"

(७) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) पूर्वप्रेतहरूको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म पूर्वप्रेतहरूको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका पूर्वप्रेतहरूले 'हे नरकपाल ! हाम्रो कारणमा यो (पुरुष) अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाईंदैन। बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ।"

(८) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) देवता-

Downloaded from http://www.dhamma.digital

हरूको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म देवताहरूको कारणमा अधर्मचारी, विषमचारी थिएँ, हे नरकपाल! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका देवताहरूले 'हे नरकपाल! हाम्रो कारणमा यो (पुरुष) अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र! पाइँदैन। बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ।"

(९) "धनञ्जानि! (भनौं कि) यहाँ, कुनै (पुरुष) राजाको कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म राजाको कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा उसका राजाले 'हे नरकपाल! मेरो कारणमा यो (पुरुष) अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र! पाइँदैन। बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ।"

Downloaded from http://www.dhamma.digital

(१०) "धनञ्जानि ! (भनौं कि) यहाँ, कुनै (पुरुष) शरीर सुखित पार्ने र बृद्धि पार्ने कारणमा अधर्मचारी, विषमचारी हुन्छ; अनि सोही अधर्मचारी, विषमचारीताको कारणले गर्दा उसलाई नरकपालले नरकमा तानेर लैजान्छ; यस्तो वेलामा 'म शरीर सुखि पार्ने र वृद्धि पार्ने कारणमा अधर्मचारी, विषमचारी भएको थिएँ, हे नरकपाल ! त्यसैले मलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? अथवा अरूले 'हे नरकपाल ! यो (पुरुष) शरीर सुखित पार्ने र वृद्धि पार्ने कारणमा अधर्मचारी, विषमचारी भएको थियो, त्यसैले यसलाई नरकमा तानेर न लैजाऊ' भनी भन्न पाइएला के ? यस सम्बन्धमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! पाइँदैन। बरू कराइरहेको उसलाई नरकपालले नरकमै फ्याकिदिन्छ।"

## अधर्मचारी र धर्मचारीमध्ये कुन उत्तम ?

(१) "धनञ्जानि ! जो आमा-बाबुहरूको कारणमा अधर्मचारी, बिषमचारी रहन्छ अथवा जो आमा-बाबुहरूको कारणमा धर्मचारी, समचारी[1] रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

१. यहाँ धर्मचारी, समचारी भनी धार्मिक कृषि वाणिज्य काम गर्नेलाई भनिएको हो। पपं. सू. III. पृ. २१९: धानञ्जानिसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

"भो सारिपुत्र ! जो आमा-बाबुहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो आमा-बाबुहरूको कारणमा धर्मचारी, समचारी रहन्छ – यही नै श्रेष्ठ छ । भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी, समचारी नै श्रेष्ठ छ ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज (=रोजगारी) पनि छ—जसद्वारा आमा-बाबुहरूको पनि पोषण गर्न सकिन्छ । परन्तु पापकर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ) ।

(२) "धनञ्जानि ! जो पुत्र दारहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ अथवा जो पुत्र-दारहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो पुत्र-दारहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो पुत्र-दारहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यही नै श्रेष्ठ छ । भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी, समचारी नै श्रेष्ठ छ ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा पुत्र-दारहरूको पनि पोषण गर्न सकिन्छ । परन्तु पापकर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ) ।

(३) "धनञ्जानि ! जो दाश-कामदारहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ अथवा जो दाश-कामदारहरूको

Downloaded from http://www.dhamma.digital

कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो दाश-कामदारहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो दाश-कामदारहरूको कारणमा धर्मचारी, समचारी रहन्छ – यही नै श्रेष्ठ छ । भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी, समचारी नै श्रेष्ठ छ ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा दाश-कामदारहरूको पनि पोषण गर्न सकिन्छ । परन्तु पापकर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ) ।

(४) "धनञ्जानि ! जो मित्र-अमात्यहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ अथवा जो मित्र-अमात्यहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो मित्र-अमात्यहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो मित्र-अमात्यहरूको कारणमा धर्मचारी, समचारी रहन्छ – यही नै श्रेष्ठ छ । भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी, समचारी नै श्रेष्ठ छ ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा मित्र-अमात्यहरूको पनि पोषण गर्न सकिन्छ । परन्तु पापकर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ) ।

Downloaded from http://www.dhamma.digital

(५) "धनञ्जानि ! जो रगत सम्बन्धी ज्ञातिहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ अथवा जो रगत सम्बन्धी ज्ञातिहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो रगत सम्बन्धी ज्ञातिहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो रगत सम्बन्धी ज्ञातिहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यही नै श्रेष्ठ छ। भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी समचारी नै श्रेष्ठ छ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा रगत सम्बन्धी ज्ञातिहरूको पनि पोषण गर्न सकिन्छ। परन्तु पापकर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ)।

(६) "धनञ्जानि ! जो अतिथीहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ अथवा जो अतिथीहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो अतिथीहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो अतिथीहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यही नै श्रेष्ठ छ। भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी, समचारी नै श्रेष्ठ छ।"

Downloaded from http://www.dhamma.digital

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा अतिथीहरूको पनि पोषण गर्न सकिन्छ। परन्तु पाप-कर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ)।

(७) "धनञ्जानि ! जो पूर्वप्रेतहरूको कारणमा अधर्म-चारी, विषमचारी रहन्छ अथवा जो पूर्वप्रेतहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो पूर्वप्रेतहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो पूर्वप्रेतहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यही नै श्रेष्ठ छ। भो सारिपुत्र ! अधर्मचारी विषमचारीभन्दा धर्मचारी समचारी नै श्रेष्ठ छ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा पूर्वप्रेतहरूको पनि पोषण गर्न सकिन्छ। परन्तु पाप-कर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ)।

(८) "धनञ्जानि ! जो देवताहरूको कारणमा अधर्म-चारी, विषमचारी रहन्छ अथवा जो देवताहरूको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो देवताहरूको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो देवताहरूको कारणमा धर्मचारी,

Downloaded from http://www.dhamma.digital

समचारी रहन्छ—यही नै श्रेष्ठ छ ! भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी, समचारी नै श्रेष्ठ छ ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा देवताहरूको पनि पोषण गर्न सकिन्छ । परन्तु पाप-कर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ) ।

(९) "धनञ्जानि ! जो राजाको कारणमा अधर्मचारी, विषमचारी रहन्छ अथवा जो राजाको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

"भो सारिपुत्र ! जो राजाको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो राजाको कारणमा धर्मचारी, समचारी रहन्छ—यही नै श्रेष्ठ छ । भो सारिपुत्र ! अधर्मचारी, विषमचारी-भन्दा धर्मचारी, समचारी नै श्रेष्ठ छ ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा राजाको पनि पोषण गर्न सकिन्छ । परन्तु पापकर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ) ।

(१०) "धनञ्जानि ! जो शरीर सुखी र वृद्धि राख्नाको कारणमा अधर्मचारी, विषमचारी रहन्छ अथवा जो शरीर सुखी र वृद्धि राख्नाको कारणमा धर्मचारी, समचारी रहन्छ—यी मध्ये कुनचाहिं श्रेष्ठ छ ? यस सम्बन्धमा तिमी के भन्दछौ त ?"

Downloaded from http://www.dhamma.digital

"सारिपुत्र ! जो शरीर सुखी र वृद्धि राख्नाको कारणमा अधर्मचारी, विषमचारी रहन्छ—यो श्रेष्ठ छैन; जो शरीर सुखी र वृद्धि राख्नाको कारणमा धर्मचारी, समचारी रहन्छ—यही नै श्रेष्ठ छ। भो सारिपुत्र ! अधर्मचारी, विषमचारीभन्दा धर्मचारी समचारी नै श्रेष्ठ छ।"

"धनञ्जानि ! अर्काको कारणमा (गरिने) धार्मिक कामकाज पनि छ—जसद्वारा शरीरलाई सुखी पनि वृद्धि पनि गर्न सकिन्छ। परन्तु पापकर्म नगर्नू, पुण्यपथमा लाग्नू (पर्छ)।"

अनि आयुष्मान् सारिपुत्रको भाषणलाई अभिनन्दन गरी, अनुमोदन गरी धनञ्जानि ब्राह्मण आसनबाट उठी फर्केर गए।

## बिरामी धनञ्जानिकहाँ सारिपुत्र

अनि, धनञ्जानि ब्राह्मण अर्को समयमा रोगले पीडित भए, दुःखी भए, सारै बिरामी भए। अनि धनञ्जानि ब्राह्मणले एक पुरुषलाई बोलाई—"हे पुरुष ! यहाँ आऊ, तिमी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऊ। त्यहाँ गएर मेरो वचनले भगवान्को चरणकमलमा शीरले ढोग—'भन्ते ! धनञ्जानि ब्राह्मण रोगले पीडित छ, दुःखी छ, सारै बिरामी छ। उ भगवान्को चरणकमलमा शीरले ढोग्दछ' भनी भन। अनि जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्छ त्यहाँ पनि जाऊ। त्यहाँ गएर मेरो वचनले आयुष्मान् सारिपुत्रको चरणकमलमा शीरले ढोग—'भन्ते !

Downloaded from http://www.dhamma.digital

धनञ्जानि ब्राह्मण रोगले पीडित छ, दुःखी छ, सारै बिरामी छ। उ आयुष्मान् सारिपुत्रको चरणकमलमा शीरले ढोग्दछ' भनी भन। यस्तो पनि भन कि—'भन्ते ! अनुकम्पा राखी आयुष्मान् सारिपुत्र जहाँ धनञ्जानि ब्राह्मणको निवासस्थान हो त्यहाँ जानु भए बेश हुने छ।"

"हवस्, भन्ते" भनी धनञ्जानि ब्राह्मणलाई प्रत्युत्तर दिई सो पुरुष जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्यो। एक छेउमा बसेको सो पुरुषले भगवानलाई यस्तो भन्यो—

"भन्ते ! धनञ्जानि ब्राह्मण रोगले पीडित छन्, दुःखी छन्, सारै बिरामी छन्। उनी भगवान्को चरणकमलमा शीरले ढोग्दछन्।"

त्यसपछि उ जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ पुगेपछि आयुष्मान् सारिपुत्रलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेको सो पुरुषले आयुष्मान् सारिपुत्रलाई यस्तो भन्यो—

"भन्ते ! धनञ्जानि ब्राह्मण रोगले पीडित छन्, दुःखी छन्, सारै बिरामी छन्। उनी आयुष्मान् सारिपुत्रको चरणकमलमा शीरले ढोग्दछन्। यस्तो पनि भन्दछन् कि—'भन्ते ! अनुकम्पाराखी आयुष्मान् सारिपुत्र जहाँ धनञ्जानि ब्राह्मणको निवासस्थान हो त्यहाँ जानुभए बेश हुने छ'।"

अनि आयुष्मान् सारिपुत्रले तूष्णीभावद्वारा (निम्तो) स्वीकार गर्नुभयो।

Downloaded from http://www.dhamma.digital

त्यसपछि आयुष्मान् सारिपुत्र चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ धनञ्जानि ब्राह्मणको निवासस्थान हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइ राखेको आसनमा बस्नुभयो। बस्नुभएका आयुष्मान् सारिपुत्रले धनञ्जानि ब्राह्मणलाई यस्तो भन्नुभयो—

"धनञ्जानि तिमीलाई क्षमनीय यापनीय छैन के? दुःख वेदना घटेर गएको छ कि बढेर आएको छ? घटेर गएको देखिन्न बढेर आएको मात्र देखिन्छ के?"

"भो सारिपुत्र! मलाई क्षमनीय यापनीय छैन। मेरो दुःख वेदना बढेकै छ घटेको छैन; बढेकै धेरै देखिन्छ घटेको देखिन्दैन।

दृष्टान्त—(१) "भो सारिपुत्र! जस्तै कुनै बलवान् पुरुषले तीखो शिखरले (=कुनै फलामको वा काठको तीखो परेकोले) शीरमा मन्थन गर्छ (=खोस्छ) त्यस्तैगरी, भो सारिपुत्र! मेरो शरीरमा वायुले अधिक घोंच्छ (ऊहनन्ति)। भो सारिपुत्र! (अतः) मलाई क्षमनीय र यापनीय छैन। धेरै दुःख वेदना बढेरै आएको छ घटेको छैन; धेरै दुःख वेदना बढेकै देख्दछु घटेको देखिदन।

(२) "भो सारिपुत्र! जस्तै कुनै बलवान् पुरुषले बलियो डोरीले टाउकोमा बेस्करी कसेर बेरिदिन्छ, त्यस्तैगरी, भो सारिपुत्र! मेरो शीरमा अधिक वेदना छ। भो सारिपुत्र! (अतः) मलाई क्षमनीय र यापनीय छैन। धेरै दुःख वेदना बढेरै आएको छ। घटेको छैन; धेरै दुःख वेदना बढेकै देख्दछु घटेको देखिदन।

Downloaded from http://www.dhamma.digital

(३) "भो सारिपुत्र ! जस्तै कुनै सिपालु गोघातक वा उसको अन्तेवासीले तीखोधार भएको चूपिले पेट चीर्छ, त्यस्तैगरी, भो सारिपुत्र ! मेरो पेटमा वायुले शोला हान्छ। भो सारिपुत्र (अतः) मलाई क्षमनीय र यापनीय छैन। धेरै दुःखवेदना बढेरै आएको छ घटेको छैन; धेरै दुःखवेदना बढेकै देख्दछु घटेको देखिदन।

(४) "भो सारिपुत्र ! जस्तै कुनै बलवान् दुइजना पुरुषहरूले दुर्बल पुरुषलाई हातखुट्टा समाती भुङ्ग्रोमा वल्टाई पल्टाई पिलस्याउँछन् त्यस्तैगरी, भो सारिपुत्र ! मेरो शरीरमा अधिक दाह हुन्छ। भो सारिपुत्र ! (अतः) मलाई क्षमनीय र यापनीय छैन। धेरै दुःखवेदना बढेरै आएको छ घटेको छैन; धेरै दुःखवेदना बढेकै देख्दछु घटेको देखिदन।"

Dhamma.Digital

## ब्रह्मयानको उपदेश

(१) "धनञ्जानि ! नरक र तिरश्चीनयोनिमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! नरकभन्दा तिरश्चीनयोनि श्रेष्ठ छ।"

(२) "धनञ्जानि ! तिरश्चीनयोनि र प्रेतविषयमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! तिरश्चीनयोनिभन्दा प्रेतविषय श्रेष्ठ छ।"

Downloaded from http://www.dhamma.digital

(३) "धनञ्जानि ! प्रेतविषय र मनुष्यमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! प्रेतविषयभन्दा मनुष्य श्रेष्ठ छ ।"

(४) "धनञ्जानि ! मनुष्य र चातुर्महाराजिक देवताहरूमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! मनुष्यभन्दा चातुर्महाराजिक देवताहरू श्रेष्ठ छ ।"

(५) "धनञ्जानि ! चातुर्महाराजिक देवताहरू र त्रयस्त्रिंश देवताहरूमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! चातुर्महाराजिक देवताहरूभन्दा त्रयस्त्रिंश देवताहरू श्रेष्ठ छ ।"

(६) "धनञ्जानि ! त्रयस्त्रिंश देवताहरू र यामा देवताहरू-मध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! त्रयस्त्रिंश देवताहरूभन्दा यामा देवताहरू श्रेष्ठ छ ।"

(७) "धनञ्जानि ! यामा देवताहरू र तुषित देवताहरूमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! यामा देवताहरूभन्दा तुषित देवताहरू श्रेष्ठ छ ।"

Downloaded from http://www.dhamma.digital

(८) "धनञ्जानि ! तुषित देवताहरू र निर्माणरति देवता-हरूमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! तुषित देवताहरूभन्दा निर्माणरति देवताहरू श्रेष्ठ छ ।"

(९) "धनञ्जानि ! निर्माणरति देवताहरू र परनिर्मित-वशवर्ती देवताहरूमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"भो सारिपुत्र ! निर्माणरति देवताहरूभन्दा परनिर्मित वशवर्ती देवताहरू श्रेष्ठ छ ।"

(१०) "धनञ्जानि ! परनिर्मित वशवर्ती देवताहरू र ब्रह्मलोकमध्ये कुनचाहिं श्रेष्ठ छ ? यसमा तिमी के भन्दछौ ?"

"ब्रह्मलोक भनी तपाइ सारिपुत्र भन्दै हुनुहुन्छ, ब्रह्मलोक भनी तपाइ सारिपुत्र भन्दै हुनुहुन्छ ।"

अनि आयुष्मान् सारिपुत्रलाई यस्तो लाग्यो—

"यी ब्राह्मणहरू ब्रह्मलोकमा श्रद्धा राख्छन् । अतः किन मैले धनञ्जानि ब्राह्मणलाई ब्रह्माहरूको सहवासमा पुग्ने मार्ग न बताऊँ ?

"धनञ्जानि ! तिमीलाई ब्रह्माहरूको सहवासमा पुग्ने मार्गको उपदेश गर्नेछु । त्यसलाई सुन, राम्ररी मनमा राख, भन्नेछु ।"

"हवस्, भो" भनी धनञ्जानि ब्राह्मणले आयुष्मान् सारिपुत्र-लाई प्रत्युत्तर दिए । अनि आयुष्मान् सारिपुत्रले यस्तो भन्नुभयो—

Downloaded from http://www.dhamma.digital

**ब्रह्मविहार**--"धनञ्जानि ! ब्रह्माहरूको सहवासमा पुग्नसक्ने त्यो मार्ग (=उपाय) कुन हो ?—धनञ्जानि ! यहाँ भिक्षु, **मैत्रीयुक्त चित्तलाई**—एक दिशामा, दुइ दिशामा, तीन दिशामा, चार दिशामा—फैलाई बस्छ; माथि, तल, तेर्सो, सबै ठाउँमा, सबैतिर, सबै चक्रवाड-लोकमा मैत्रीयुक्त चित्त फैलाई बस्छ; त्यस्तैगरी विपुल-मैत्रीचित्त, महान-मैत्रीचित्त, अप्रमाण-मैत्रीचित्त फैलाई बस्छ; अवैर, अब्यापदच (=अद्वेष) चित्त फैलाई बस्छ। धनञ्जानि ! **यही नै ब्रह्माहरूको सहवासमा पुग्ने मार्ग (=उपाय) हो।**

"धनञ्जानि ! फेरि भिक्षु, **करुणा युक्त चित्तलाई**—एक दिशामा, ..चार दिशामा—फैलाई बस्छ; माथि, तल,...सबै चक्रवाड-लोकमा करुणायुक्त चित्त फैलाई बस्छ; त्यस्तैगरी विपुल-करुणाचित्त, महान-करुणाचित्त, अप्रमाण-करुणाचित्त फैलाई बस्छ; अवैर, अब्यापदच चित्त फैलाई बस्छ। धनञ्जानि **यही नै ब्रह्माहरूको सहवासमा पुग्ने मार्ग हो।**

"धनञ्जानि ! फेरि भिक्षु, **मुदिता युक्त चित्तलाई**—एक दिशामा,...चार दिशामा—फैलाई बस्छ; माथि, तल,...सबै चक्रवाड-लोकमा मुदिता युक्त चित्त फैलाई बस्छ; त्यस्तैगरी विपुल-मुदिता चित्त, महान-मुदिता चित्त, अप्रमाण-मुदिता चित्त फैलाई बस्छ; अवैर, अब्यापदच चित्त फैलाई बस्छ। धनञ्जानि ! **यही नै ब्रह्माहरूको सहवासमा पुग्ने मार्ग हो।**

"धनञ्जानि ! फेरि भिक्षु, **उपेक्षा युक्त चित्तलाई**—एक दिशामा,...चार दिशामा—फैलाई बस्छ; माथि, तल,...सबै चक्रवाड-

Downloaded from http://www.dhamma.digital

लोकमा उपेक्षा युक्त चित्त फैलाई बस्छ; त्यस्तैगरी विपुल-उपेक्षा चित्त, महान-उपेक्षा चित्त, अप्रमाण-उपेक्षा चित्त फैलाई बस्छ; अवैर, अव्यापद्य चित्त फैलाई बस्छ। धनञ्जानि! यही नै ब्रह्माहरूको सहवासमा पुग्ने मार्ग हो।"

"त्यसोभए, भो सारिपुत्र! मेरो वचनले भगवान्को चरण-कमलमा शीरले ढोगिदिनु होस्—'भन्ते! धनञ्जानि ब्राह्मण रोगले पीडित छ, दु:खी छ, सारै बिरामी छ। उ भगवान्को चरणकमलमा शीरले ढोग्दछ'।"

## धनञ्जानि ब्राह्मण ब्रह्मलोकमा उत्पन्न भए

अनि, धनञ्जानि ब्राह्मणलाई स-करणीय (=ब्रह्मलोकमा पुगेर मोक्षकोनिमित्त अझै कर्तव्य गर्न बाँकी) हीन ब्रह्मलोकमा (=तल्लो ब्रह्मलोकमा) प्रतिष्ठित गराई[१] आयुष्मान् सारिपुत्र आसनबाट उठी फर्केर जानुभयो। आयुष्मान् सारिपुत्र गइसकेर केही-छिनपछि नै धनञ्जानि ब्राह्मणको मृत्यु भयो; मृत्यु भएपछि धनञ्जानि ब्राह्मण ब्रह्मलोकमै उत्पन्न भए।

त्यसवखत, भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षु हो! यी सारिपुत्र, धनञ्जानि ब्राह्मणलाई स-करणीय हीन ब्रह्मलोकमा प्रतिष्ठित गराई आसनबाट उठी फर्केर गए।"

---

१. "सति उत्तरिकरणीये हीने ब्रह्मलोके पतिट्ठापेत्वा" म. नि. II. पृ. ४६१: धनञ्जानिसुत्तं।

Downloaded from http://www.dhamma.digital

अनि, आयुष्मान् सारिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो भन्नुभयो—

"भन्ते ! धनञ्जानि ब्राह्मण रोगले पीडित छन्, दुःखी छन्, सारै बिरामी छन्। उनी भगवान्को चरणकमलमा शीरले ढोग्दछन्।"

"सारिपुत्र ! तिमी, धनञ्जानि ब्राह्मणलाई स-करणीय हीन ब्रह्मलोकमा प्रतिष्ठित गराई आएका होइनौ के ?"

"भन्ते ! मलाई यस्तो लागेको थियो कि—'यी ब्राह्मणहरू ब्रह्मलोकमा श्रद्धा राख्छन्। अतः किन मैले धनञ्जानि ब्राह्मणलाई ब्रह्माहरूको सहवासमा पुग्ने मार्ग न बताऊँ' ?"

"सारिपुत्र ! धनञ्जानि ब्राह्मणको मृत्यु भइसक्यो, मृत्यु भएर पनि ब्रह्मलोकमा उत्पन्न भइसके[१]।"

---

१. भगवान्ले यस्तो भन्नाको कारण स्पष्ट पार्दै पपं. सू. III. पृ. २९६: धानञ्जानिसुत्तवण्णनाले यस्तो उल्लेख गरेको छ—

"सारिपुत्र ! धनञ्जानि ब्राह्मणको मृत्यु भइसक्यो, मृत्यु भएर पनि ब्रह्मलोकमा उत्पन्न भइसके" भनी भन्नुको अभिप्राय— आयुष्मान् सारिपुत्रलाई फेरि ब्रह्मलोकमा गई उनलाई उपदेश गर्न जाऊ भनी भनिएको हो। त्यसपछि स्थविर पनि ब्रह्मलोकमा गई उनलाई उपदेश गर्नुभएको कुरा उहीं उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

# १३. नगरविन्देय्यक ब्राह्मणहरू

## प रि च य

अगाडि अनुदित सूत्रानुसार नगरविन्द भन्ने गाउँ कोशल राज्यभित्र पर्छ । यस गाउँमा ब्राह्मणहरू बस्दछन् । त्यसैले यस गाउँका ब्राह्मणहरूलाई अगाडिको सूत्रमा 'नगरविन्देय्यक ब्राह्मणहरू' भनिएको हो ।

एक समय भगवान् बुद्ध यस गाउँमा जानु भएको थियो । त्यसवखत, त्यस गाउँका ब्राह्मणहरु बुद्धकहाँ गए । अनि बुद्धले उनीहरूलाई सत्कारयोग्य पुरुषहरूको सम्बन्धमा उपदेश सुनाउनु भएको थियो । यी उपदेशका कुराहरू अगाडिको मूल सूत्रमा उल्लेख भएका छन् । उपदेश सुनिसकेपछि नगरविन्देय्यक ब्राह्मण गृहपतिहरू बुद्धको शरणमा गए ।

× × ×

Downloaded from http://www.dhamma.digital

मूल सूत्र—

## १–कस्ता श्रमण ब्राह्मणहरूको सत्कार गर्नु पर्दैन ?

यस्तो मैले सुनें[१] ।

एक समय भगवान्, महत् भिक्षुसङ्घका साथ कोशलमा चारिका गर्नुहुँदै जहाँ नगरविन्द नामक कोशलवासी ब्राह्मणहरूको गाउँ हो त्यहाँ पुग्नुभयो ।

अनि, नगरविन्देय्यक ब्राह्मण गृहपतिहरूले यस्तो सुने— "भो ! शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भई महत् भिक्षुसङ्घका साथ कोशलमा चारिका गर्दै नगरविन्दमा आइपुग्नु भएको छ। वहाँ आदरणीय गौतमको यस्तो कल्याण-कीर्ति शब्द गुञ्जायमान भएको छ 'वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध विद्या-चरण सम्पन्न सुगत लोकविद् अनुपम पुरुषदम्य सारथी देवमनुष्यहरूका शास्ता बुद्ध भगवान हुनुहुन्छ। वहाँले यो लोकका देवसहित-मारसहित-ब्रह्मसहित-श्रमण ब्राह्मण सहित प्रजा र देवमनुष्यहरूलाई स्वयं अभिज्ञा-द्वारा साक्षात्कार गर्नुभएको (धर्म) बताउनु हुन्छ। वहाँले—आदिकल्याण,

१. म. नि. III. पृ. ३९४: नगरविन्देय्यसुत्तं, अ. क. IV. पृ. २२१.

Downloaded from http://www.dhamma.digital

मध्यकल्याण, पर्यवशानकल्याण हुने धर्मोपदेश गर्नुहुन्छ। वहाँले - परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ। त्यस्ता अरहत्‌को दर्शनगर्नु मङ्गल हो'।"

अनि, नगरविन्देय्यक ब्राह्मण गृहपतिहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि केही भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। केहीले भगवान्‌सँग सम्मोदन गरे; सम्मोदनीय कुशल-वार्ता गरिसकेपछि एक छेउमा बसे। केही जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ दुइहात जोरी नमस्कार गरी एक छेउमा बसे। केही (आ-आफ्ना) नाम र गोत्र सुनाई एक छेउमा बसे। केही तूष्णीभाव लिई एक छेउमा बसे। अनि, एक छेउमा बसेका नगरविन्देय्यक ब्राह्मण गृहपतिहरूलाई भगवान्‌ले यस्तो भन्नुभयो —

(क) "गृहपति हो! यदि तिमीहरूसँग अन्य तीर्थीय परिव्राजकहरूले यस्तो सोध्दछन् भने — 'गृहपति हो! कस्ता श्रमण ब्राह्मणहरूको सत्कार गर्नु पर्दैन, गौरव गर्नु पर्दैन, मान गर्नु पर्दैन, पूजा गर्नु पर्दैन ?'

"गृहपति हो! यस्तो सोध्दा तिमीहरूले ती अन्य तीर्थीय परिव्राजकहरूलाई यस्तो बताउनू — 'जो ती श्रमण ब्राह्मणहरू चक्षुविज्ञेय-रूपहरूमा अवीतरागी, अवीतद्वेषी, अवीतमोही छन्; अभ्यन्तरमा उपशान्त चित्त छैन; काय-वाक्-चित्तद्वारा सम-विसम चर्या गर्छन्[१] —

१. कहीले कुशल र कहीले अकुशल चर्या गर्छन्। पपं. सू. IV. पृ. २२१: नगरविन्देय्यकसुत्तवण्णना।

Downloaded from http://www.dhamma.digital

त्यस्ता श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्दैन, गौरव गर्नुपर्दैन, मान गर्नुपर्दैन, पूजा गर्नुपर्दैन । किनभने ?—हामी पनि चक्षुविज्ञेय-रूपहरूमा अवीतरागी छौं, अवीतद्वेषी छौं, अवीतमोही छौं; अभ्यन्तरमा उपशान्त चित्त छैन; काय-वाक्-चित्तद्वारा सम-विसम-चर्या गर्छौं; हामीहरूभन्दा उत्तरोत्तर समचर्या पनि उनीहरूमा देखिंदैन । त्यसैले ती श्रद्धेय श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्दैन, गौरव गर्नुपर्दैन, मान गर्नुपर्दैन, पूजा गर्नुपर्दैन । जो ती श्रमण ब्राह्मणहरू श्रोतविज्ञेय-शब्दहरूमा ..घ्राणविज्ञेय-गन्धहरूमा... जिह्वाविज्ञेय-रसहरूमा ... कायविज्ञेय-स्पर्शहरूमा... मन-विज्ञेय-धर्महरूमा अवीतरागी, अवीतद्वेषी, अवीतमोही छन्; अभ्यन्तरमा उपशान्तचित्त छैन; काय-वाक्-चित्तद्वारा सम-विसमचर्या गर्छन् – त्यस्ता श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्दैन, गौरव गर्नुपर्दैन, मान गर्नुपर्दैन, पूजा गर्नुपर्दैन । किनभने ?—हामी पनि श्रोतविज्ञेय-शब्दहरूमा ..घ्राण-विज्ञेय-गन्धहरूमा...जिह्वाविज्ञेय-रसहरूमा ... कायविज्ञेय-स्पर्शहरूमा... मनविज्ञेय-धर्महरूमा अवीतरागी छौं, अवीतद्वेषी छौं, अवीतमोही छौं; अभ्यन्तरमा उपशान्त चित्त छैन; काय-वाक्-चित्तद्वारा सम-विसमचर्या गर्छौं; हामीहरूभन्दा उत्तरोत्तर समचर्या पनि उनीहरूमा देखिंदैन । त्यसैले ती श्रद्धेय श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्दैन, गौरव गर्नुपर्दैन, मान गर्नुपर्दैन, पूजा गर्नुपर्दैन ।

"गृहपति हो ! यस्तो सोध्दा तिमीहरूले ती अन्य तीर्थीय परिव्राजकहरूलाई यस्तो (उपरोक्त कुरा) बताउनू ।"

Downloaded from http://www.dhamma.digital

## कस्ता श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्छ ?

(ख) "गृहपति हो ! यदि तिमीहरूसँग अन्य तीर्थीय परिव्राजकहरूले यस्तो सोध्दछन् भने—'गृहपति हो ! कस्ता श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्छ, गौरव गर्नुपर्छ, मान गर्नुपर्छ, पूजा गर्नुपर्छ ?'

"गृहपति हो ! यस्तो सोध्दा तिमीहरूले ती अन्य तीर्थीय परिव्राजकहरूलाई यस्तो बताउनू—'जो ती श्रमण ब्राह्मणहरू चक्षुविज्ञेय-रूपहरूमा वीतरागी, वीतद्वेषी, वीतमोही छन्; अभ्यन्तरमा उपशान्त चित्त छ; काय-वाक्-चित्तद्वारा समचर्या गर्छन्—त्यस्ता श्रमण ब्राह्मण-हरूको सत्कार गर्नुपर्छ, गौरव गर्नुपर्छ, मान गर्नुपर्छ, पूजा गर्नुपर्छ। किनभने ?—हामी त चक्षुविज्ञेय-रूपहरूमा अवीतरागी, अवीतद्वेषी, अवीतमोही छौं; अभ्यन्तरमा उपशान्त चित्त छैन; काय-वाक्-चित्तद्वारा सम-विसमचर्या पनि गर्छौं; तर उनीहरूमा हामीहरूभन्दा उत्तरोत्तर समचर्या देखिन्छ। त्यसैले ती श्रद्धेय श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्छ, गौरव गर्नुपर्छ, मान गर्नुपर्छ, पूजा गर्नुपर्छ। जो ती श्रमण ब्राह्मणहरू श्रोत-विज्ञेय-शब्दहरूमा ... घ्राणविज्ञेय-गन्धहरूमा ... जिह्वाविज्ञेय-रस-हरूमा ... कायविज्ञेय-स्पर्शहरूमा ... मनविज्ञेय-धर्महरूमा वीतरागी, वीतद्वेषी, वीतमोही छन्; अभ्यन्तरमा उपशान्त चित्त छ; काय-वाक्-चित्तद्वारा समचर्या गर्छन्—त्यस्ता श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्छ, गौरव गर्नुपर्छ, मान गर्नुपर्छ, पूजा गर्नुपर्छ। किनभने ?—हामी त श्रोतविज्ञेय-शब्दहरूमा...घ्राणविज्ञेय-गन्धहरूमा...जिह्वाविज्ञेय-रसहरूमा

Downloaded from http://www.dhamma.digital

...कायविज्ञेय-स्पर्शहरूमा...मनविज्ञेय-धर्महरूमा अवीतरागी, अवीतद्वेषी, अवीतमोही छौं, काय वाक्-चित्तद्वारा सम-विसमचर्या पनि गर्छौं; तर उनीहरूमा हामीहरूभन्दा उत्तरोत्तर समचर्या देखिन्छ। त्यसैले ती श्रद्धेय श्रमण ब्राह्मणहरूको सत्कार गर्नुपर्छ, गौरव गर्नुपर्छ, मान गर्नुपर्छ, पूजा गर्नुपर्छ।

"गृहपति हो! यस्तो सोध्दा तिमीहरूले ती अन्य तीर्थीय परिव्राजकहरूलाई यस्तो (उपरोक्त कुरा) बताउनू।

(ग) "गृहपति हो! यदि तिमीहरूसँग अन्य तीर्थीय परिव्राजकहरूले यस्तो सोध्दछन् भने—'ती आयुष्मान्हरूको के आकार छ त? के अन्वय छ त?—जुन कारणद्वारा ती आयुष्मान्हरूको सम्बन्धमा तिमीहरू यसो भन्दछौ कि—निश्चय नै ती आयुष्मान्हरू वीतरागी वा वीतरागी मार्गमा प्रतिपन्न छन्, वीतद्वेषी वा वीतद्वेषी मार्गमा प्रतिपन्न छन्, वीतमोही वा वीतमोही मार्गमा प्रतिपन्न छन्?'

"गृहपति हो! यस्तो सोध्दा ती अन्य तीर्थीय परिव्राजकहरूलाई यस्तो बताउनू—'किनकि—ती आयुष्मान्हरूले अरण्यवनखण्डको एकान्त शयनासनको सेवन गर्छन्। त्यहाँ त्यस्ता चक्षुविज्ञेय-रूपहरू छैनन्[1]—जुन रूपहरू हेरी हेरी अभिरमण गर्नसकून्। त्यहाँ त्यस्ता

१. के त जङ्गलमा हराभरा मनोरम्य चक्षुविज्ञेय पञ्चकामगुणिक रूपहरू छैनन्? छन्; नभएका होइनन्। किन्तु यहाँ 'चक्षुविज्ञेय-रूपहरू' भनी स्त्री-रूपलाई लक्षगरी भनिएको हो। स्त्री-रूपद्वारा नै पुरुषको

Downloaded from http://www.dhamma.digital

श्रोतविज्ञेय-शब्दहरू छैनन्— जुन शब्दहरू सुनी सुनी अभिरमण गर्नसकून्। त्यहाँ त्यस्ता घ्राणविज्ञेय-गन्धहरू छैनन्—जुन गन्धहरू सूँघी सूँघी अभिरमण गर्नसकून्। त्यहाँ त्यस्ता जिह्वाविज्ञेय-रसहरू छैनन्—जुन रसहरू लिई लिई अभिरमण गर्नसकून्। त्यहाँ त्यस्ता कायविज्ञेय-स्पर्शहरू छैनन्—जुन स्पर्शहरू गरी गरी अभिरमण गर्नसकून्। आवुसो! यही आकार हो, यही अन्वय हो—जुन कारणद्वारा हामी यस्तो भन्दछौं कि—निश्चय नै ती आयुष्मान्हरू वीतरागी वा वीतरागी मार्गमा प्रतिपन्न छन्, वीतद्वेषी वा वीतद्वेषी मार्गमा प्रतिपन्न छन्, वीतमोही वा वीतमोही मार्गमा प्रतिपन्न छन्।'

"गृहपति हो! यस्तो सोध्दा ती अन्य तीर्थीय परिव्राजकहरूलाई यस्तो (उपरोक्त कुरा) बताउनू।"

यस्तो भन्नुहुँदा, नगरविन्देय्यक ब्राह्मण गृहपतिहरूले भगवान्लाई यस्तो भने—

---

चित्तलाई आकर्षण गर्दछ। त्यस्तै स्त्री-शब्द, स्त्री-गन्ध, स्त्री-रस, स्त्री-स्पर्शहरूद्वारा पुरुषको चित्तलाई आकर्षण गर्दछ। त्यसैले बुद्ध भगवान्ले अङ्गुत्तरनिकायको पहिलो सूत्रमा "भिक्षु हो! स्त्री-रूप जस्तो रूप अरू छैन जसले पुरुषको चित्तलाई आकर्षण गर्दछ…" भनी भन्नुभएको हो। पपं. सू. IV. पृ. २२१: नगरविन्देय्यसुत्त-वण्णना।

Downloaded from http://www.dhamma.digital

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !! ...हामीहरू तपाइ गौतमको शरणमा पर्दछौं, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि आजीवन शरणमा आएका उपासकहरू हुन् भनी तपाइ गौतमले हामी-हरूलाई स्वीकार गर्नुहोस् ।"

---

Downloaded from http://www.dhamma.digital

# १४. नन्द माणव

## प रि च य

यिनी पनि माथि उल्लेख भएका अजित माणव (पृ. १) जस्तै बावरी ब्राह्मणका सोह्र शिष्यहरूमध्येका एक हुन् ।

पाशाणक चैत्यमा जब बुद्ध भगवान्ले अजित माणवलाई 'जे चाहन्छौ सोध' भनी भन्नुभयो तब नन्द माणवको पालो आएपछि यिनले बुद्धसँग "यो लोकमा मुनिहरू छन् भनी लोकजनहरू भन्दछन्..." भनी प्रश्न सोधेका थिए । प्रश्नको उत्तरमा भगवान्को उपदेश सुनेर आफ्ना एकहजार शिष्यहरूका साथ यिनले पनि अरहत्फल साक्षात्कार गरेका थिए[1] ।

पालिसाहित्यमा नन्द नामक कति व्यक्तिहरू छन् भन्ने कुरा बुद्धकालीन ब्रह्मादिदेव भाग–१, पृ. ३०३–०९ मा लेखिसकेको छु ।

अरू कुराहरू अगाडिको मूल सूत्रमै प्रष्ट भएका छन् ।

× × ×

१. सुत्त. नि. अ. क. पृ. ४७४: नन्दसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

**मूल सूत्र—**

## १–नन्द माणवको प्रश्न

**नन्द माणव—**

१. "सन्ति लोके मुनयो, (इच्चायस्मा नन्दो)
जना वदन्ति तयिदं कथंसु ।
ञाणूपपन्नं नो[1] मुनिं[1] वदन्ति,
उदाहु वे जीवितेनूपपन्नं[2] ।।"

**अर्थ—**

**१–"यो लोकमा मुनिहरू छन् भनी लोकजनहरू भन्दछन्, ज्ञानको कारणले मुनि भन्दछन् वा दुष्करजीवनको कारणले मुनि भन्दछन्; कसरी मुनि भन्दछन् ?"**

---

१–१. स्याममाः 'मुनि नो' ।

२. सुत्त. नि. पृ. ४३१: नन्दमाणवपुच्छा, पारायणवग्गो, अ. क. पृ. ४७३, अट्ठकथामा चाहिं यसलाई 'नन्दसुत्तवण्णना' भनी उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

**बुद्ध—**

२. "न दिट्ठिया न सुतिया न ञाणेन (न सीलब्बतेन[१])
मुनीध नन्द कुसला वदन्ति ।
विसेनिकत्वा[२] अनीघा[३] निरासा,
चरन्ति[४] ये ते मुनयो ति ब्रूमि ॥"

**अर्थ—**

**२–"हे नन्द ! विद्वत्‌हरू, दृष्टिको कारणले, श्रुतिको कारणले अथवा ज्ञानको कारणले (शीलव्रतको कारणले) मुनि भन्दैनन् । मार-सैन्यलाई[५] हटाई, क्लेश-क्षोभबाट टाढा भई जो आशाबाट उत्तीर्ण भई विचरण गर्छन् — तिनीहरूलाई म मुनि भन्दछु ।"**

---

१. सिहल र रोमनमा छैन ।

२. सिहलमा: 'विसेतिकत्वा' ।

३. स्याम र रोमनमा: 'अनिघा' ।

४. स्याममा: 'वदन्ति' ।

५. यहाँ 'मार-सैन्य' भनी महा. नि. पा. पृ. १४६: पसूरसुत्तनिद्देसले दिएको स्पष्टिकरण जस्तै सबैप्रकारका अकुशलाभिसंस्कारहरूलाई 'मार-सैन्य' भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ ।

जस्तै—कायदुश्चरित मारसेना हो, वचीदुश्चरित मारसेना हो, मन:दुश्चरित मारसेना हो; लोभ, द्वेष, मोह, क्रोध, मक्ख

Downloaded from http://www.dhamma.digital

(=मक्ष), पलास, ईर्ष्या, मात्सर्य, माया, सठ, हिंसा, मान, अतिमान, मद, प्रमाद आदि सबै क्लेशहरू, सबै दुश्चरितहरू, सबै दुःखहरू, सबै परिडाहरू, सबै सन्तापहरू, सबै अकुशलाभिसंस्कारहरू मारसेन हुन् ।

भगवान्ले पनि सुत्त. नि. पृ. ३३१: पधानसुत्तमा निम्न दश कारणहरूलाई 'मारसेना' भनी बताउनु भएको छ—

"कामा ते पठमा सेना, दुतिया अरति वुच्चति ।
ततिया खुप्पिपासा ते, चतुत्थी तण्हा पवुच्चति ।।
पञ्चमं थीनमिद्धं ते, छट्ठा भीरु पवुच्चति ।
सत्तमी विचिकिच्छा ते, मक्खो थम्भो ते अट्ठमो ।।
लाभो सिलोको सक्कारो, मिच्छालद्धो च यो यसो ।
यो चत्तानं समुक्कंसे, परे च अवजानति ।।" आदि

अर्थात्—"तिम्रो प्रथम सेना 'काम' हो, दोश्रो हो 'अरति', तेश्रो 'प्यास' र चौथो हो 'तृष्णा' पाँचौ 'आलस्यपन' र छैटौं 'भय' हो, अनि सातौं हो 'शंका' आठौं हो 'मक्षरस्तम्भ'; 'मिथ्या लाभसत्कार' नवौं हो र 'आफ्नो प्रशंसा र अर्काको निन्दा' दशौं हो। यिनै तिम्रा सेनाहरू हुन् ।"

मारलाई 'नमुचि मार' पनि भन्दछन् । किन नमुचि भनिएको हो भन्ने कुराको अर्थ दिंदै सुत्त. नि. अ. क. पृ. ३२८: पधानसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ—

Downloaded from http://www.dhamma.digital

**नन्द माणव –**

३. "ये केचिमे समणब्राह्मणासे, (इच्चायस्मा नन्दो)
दिट्ठसुतेना[1] पि[1] वदन्ति सुद्धिं ।
सीलब्बतेना पि वदन्ति सुद्धिं,
अनेकरूपेन वदन्ति सुद्धिं ।
कच्चिस्सु ते भगवा तत्थ यता चरन्ता,
अतारु जातिं च जरं च मारिस ।
पुच्छामि तं भगवा ब्रूहि मे तं ॥"

---

"सो हि अत्तनो विसया निक्खमितुकामे देवमनुस्से न मुञ्चति अन्तरायं तेसं करोति तस्मा 'नमुचि' ति वुच्चति"

अर्थ—"आफ्नो विषयबाट निस्कन चाहने देवमनुष्यहरू-लाई उसले मुक्त हुन दिन्न, बाधा पुऱ्याउँछ भन्ने अर्थले नमुचि भनिएको हो।" (सुत्त. नि. अ. क. पृ. ३३१–३३२)

अतः यस्ता मारसेनालाई हटाउनेलाई यहाँ सूत्रमा 'मारसैन्यलाई हटाई' भनिएको हो ।

१–१. सिंहल र रोमनमाः 'दिट्ठेनसुतेना पि'; स्याममाः 'दिट्ठे सुतेनापि' ।

Downloaded from http://www.dhamma.digital

**अर्थ –**

**३–"यहाँ, केही श्रमण ब्राह्मणहरू छन् जो दृष्टि[१]-श्रुतिद्वारा[२] पनि, शील[३]-व्रतद्वारा[४] पनि शुद्धि बताउँछन्; अरू उनीहरू अनेक रूपद्वारा पनि शुद्धि बताउँछन्। हे भगवान् ! आ-आफ्ना विश्वास अनुसार उनीहरू जन्मजरा रूपी स्रोतबाट पारतरे के ? हे भगवान् ! यो मेरो प्रश्नको उत्तर दिनुहोस् ।"**

---

१. यहाँ, 'दृष्टि' भनी हेराई, देखाई अथवा धारणालाई 'दृष्टि' भनिएको हो ।

केही श्रमण ब्राह्मणहरू दृष्टि अर्थात् देखाइद्वारा सुद्धि हुइन्छ भनी विश्वास गर्ने छन् । उनीहरू केही रूपको देखाइलाई 'मङ्गल' र केही रूपको देखाइलाई 'अमङ्गल' सम्झन्छन् । यस्ता देखाइद्वारा शुद्धि हुइन्छ भन्ने विश्वास पनि उनीहरू गर्दछन् ।

कस्ता रूपहरूको देखाइलाई उनीहरू 'मङ्गल' ठान्दछन् त ?

बिहान सबेरै उठेर आउँदा उनीहरूले मङ्गल ठानेका रूपहरू देख्दछन् । जस्तै—भनेरी, पुष्यवेणुको लट्ठी (=फुस्स वेलुवलट्ठि), गर्भिणी, वालक बोकेर गइरहेको, पूर्णघट, रातामाछा, आजानेय्य (=कुलीन घोडा), आजानेय युक्तरथ, वृषभ, गाईको बाछो आदि। यस्ता रूपहरू देख्नु मङ्गल सम्झन्छन् । यस्ता रूपहरूको देखाइद्वारा शुद्ध हुइन्छ भनी विश्वास गर्छन् । यिनीहरूनै हुन् 'दृष्टि शुद्धि' भन्ने श्रमण ब्राह्मणहरू ।

Downloaded from http://www.dhamma.digital

कस्ता रूपहरूको देखाइलाई 'अमङ्गल' ठान्दछन् त ?

परालको थुप्रो, घिउको ठेकी, रित्तो गाग्रो, नर्तकीहरू, नाङ्गासाधु, गदाहा, गदाहाको रथ, एकवटा धुर भएको रथ (=एक्का), काना, डुँडे, लङ्गडा, पक्खहतं (=पक्षपात भएको अथवा हिड्न नसक्ने), बुढो, रोगी आदि। यस्ता रूपहरूको देखाइलाई 'अमङ्गल' सम्झन्छन्। यस्ता रूपहरूको देखाइद्वारा शुद्धि हुइन्न भनी विश्वास गर्छन्। (महा. नि. पा. पृ. ७३: सुद्धट्ठकसुत्त-निद्देस)

२. श्रुतिद्वारा शुद्धि बताउने श्रमण ब्राह्मणहरू यी हुन्—

यहाँ केही श्रमण ब्राह्मणहरू सुनाइद्वारा शुद्धि हुइन्छ (सुतसुद्धि) भनी विश्वास गर्छन्। उनीहरू केही शब्दको सुनाइलाई मङ्गल र केहीलाई अमङ्गल सम्झन्छन्।

कस्ता शब्दहरूको सुनाइलाई मङ्गल ठान्दछन् त ?

बिहान सबेरै उठेर आउँदा उनीहरूले मङ्गल ठानेका शब्दहरू सुन्दछन्। जस्तै—वृद्धि भन्ने शब्द, अभिवृद्धि भन्ने शब्द, पूर्ण भन्ने शब्द, पुष्य भन्ने शब्द, अशोक भन्ने शब्द, सुमन भन्ने शब्द, सुनक्षत्र भन्ने शब्द, सुमङ्गल भन्ने शब्द, श्री भन्ने शब्द, श्री वृद्धि भन्ने शब्द आदि। यस्ता शब्दहरूको सुनाइलाई मङ्गल सम्झन्छन्। यस्ता शब्दहरूको सुनाइद्वारा शुद्ध हुइन्छ भनी विश्वास पनि गर्छन्। यिनीहरूनै हुन् 'श्रुतिशुद्धि' भन्ने श्रमण ब्राह्मणहरू।

कस्ता शब्दहरूको सुनाइलाई अमङ्गल ठान्दछन् त ?

Downloaded from http://www.dhamma.digital

कानो भन्ने शब्द, डुँडे भन्ने शब्द, लङ्गडो भन्ने शब्द, पक्षपात भन्ने शब्द, बुढो भन्ने शब्द, रोगी भन्ने शब्द, मृत भन्ने शब्द, छेदन भन्ने शब्द, टुक्रा भन्ने शब्द, डढेको भन्ने शब्द, नाश भन्ने शब्द, छैन भन्ने शब्द आदि। यस्ता शब्दहरूको सुनाइलाई 'अमङ्गल' सम्झन्छन्। यस्ता शब्दहरूको सुनाइद्वारा शुद्धि हुइन्न भनी विश्वास गर्छन्। (महा. नि. पा पृ. ७३: सुद्धट्ठकसुत्तनिद्देस)

३. 'शील-व्रतद्वारा पनि शुद्धि बताउँछन्' भन्ने ठाउँमा निम्नप्रकारका 'शील र व्रतद्वारा' शुद्धि हुइन्छ भनी भनेका हुन्।

शील-व्रतद्वारा शुद्धि हुइन्छ भन्ने श्रमण ब्राह्मणहरू केवल शील मात्रले शुद्धि हुन सक्छन् भनी भन्दछन्। त्यस्ता श्रमण ब्राह्मणहरूलाई 'शील शुद्धि' भनिएको हो।

शील मात्रले, संयम मात्रले, अ-व्यतिक्रम मात्रले शुद्धि, विशुद्धि, परिशुद्धि तथा मुक्ति, विमुक्ति, परिमुक्ति हुन्छ भनी उनीहरू विश्वास गर्छन्। (महा. नि. पा. पृ. ७४: सुद्धट्ठकसुत्तनिद्देस)

(यस कुराको मूल पाठ दर्शाउँदै महा. नि. पा. ले समण-मुण्डिकसुत्तंको कुरा यसरी उद्धृत गरेको छ—)

'श्रमणमुण्डिका पुत्र भन्दछन्—हे गृहपति ! चारधर्महरूले सम्पन्न भएको पुरुषलाई म सम्पन्न कुशल, उत्तमकुशल, उत्तमताप्राप्त श्रमण भनी भन्दछु। जो अपराजेय छ। कुन चार ? गृहपति ! यहाँ (१) शरीरले पापकर्म गर्दैन, (२) पापक वाचा बोल्दैन, (३) पापक संकल्प गर्दैन तथा (४) पापक जीविका गर्दैन।

Downloaded from http://www.dhamma.digital

गृहपति ! यिनै चार धर्महरूले सम्पन्न पुरुषलाई म सम्पन्न कुशल, उत्तम कुशल, उत्तमता प्राप्त श्रमण भनी भन्दछु। जो अपराजेय छ' (यी कुराहरू श्रमण मुण्डिका पुत्र परिव्राजकले पञ्चकङ्ग थपतिलाई भनेका हुन् । म. नि. II. पृ. २४८: समणमुण्डिकासुत्तं)

यस प्रकारका शीलद्वारा शुद्धि हुइन्छ भनी विश्वास गर्ने श्रमण ब्राह्मणहरूलाई यहाँ 'शील शुद्धि' भनिएको हो (महा. नि. पा. पृ. ७४: सुद्धट्ठकसुत्तनिद्देस । )

४. 'व्रतद्वारा पनि शुद्धि बताउँछन्' भन्ने ठाउँमा निम्नप्रकारका व्रतहरूद्वारा शुद्धि हुइन्छ भनी विश्वास गर्नेहरूलाई भनिएको हो ।

कस्ता व्रतद्वारा भन्ने बारेमा महा. नि. पा. पृ. ७४: सुद्धट्ठकसुत्तनिद्देसले यसरी उल्लेख गरेको छ—

केही श्रमण ब्राह्मणहरू 'व्रतशुद्धि' भन्ने छन् । उनीहरू हात्ती-व्रत, घोडा-व्रत, गाई-व्रत, कुकुर-व्रत, कौवा-व्रत, वासुदेव-व्रत, बलदेव-व्रत, पूर्णभद्र-व्रत, मणिभद्र-व्रत, अग्नि-व्रत, नाग-व्रत, गरुड-व्रत, यक्ष-व्रत, असुर-व्रत, गन्धर्व-व्रत, महाराज-व्रत, चन्द्र-व्रत, सूर्य-व्रत, इन्द्र-व्रत, ब्रह्म-व्रत, देवव्रत तथा दिशा-व्रत आदि गर्छन् । उनीहरू यस्ता व्रतहरूद्वारा शुद्धि, विशुद्धि, परिशुद्धि तथा मुक्ति, विमुक्ति, परिमुक्ति हुइन्छ भन्ने विश्वास गर्छन् । यस्ता 'व्रत' लाई यहाँ 'व्रत' भनी भनिएको हो ।

(यस्ता व्रत सम्बन्धीका कुराहरू म. नि. II. पृ. ६१: कुक्कुरवतिक सुत्तमा, अ. क. III. ६९; दी. नि. III. पृ. ६: पाथिकसुत्तंमा र अ. क. II. पृ. ५९३ मा उल्लेख भएको पाइन्छ । )

Downloaded from http://www.dhamma.digital

**बुद्ध**—

४. "ये केचिमे समणब्राह्मणासे, (नन्दाति भगवा)
दिट्ठसुतेना पि वदन्ति सुद्धिं ।
सीलब्बतेना पि वदन्ति सुद्धिं,
अनेकरूपेन वदन्ति सुद्धिं ।
किञ्चा पि ते तत्थ यता चरन्ति,
न तरिंसु जातिजरं ति ब्रूमि ।।"

**अर्थ** —

**४–"हे नन्द ! यद्यपि यहाँ, केही श्रमण ब्राह्मणहरू छन् जो दृष्टि-श्रुतिद्वारा पनि, शील-व्रतद्वारा पनि शुद्धि बताउँछन्; अरु अनेक रूपद्वारा पनि उनीहरू शुद्धि बताउँछन् । यद्यपि उनीहरू आ-आफ्ना विश्वास अनुसार चर्या पालन गर्छन्, तैपनि उनीहरू जन्मजरारूपी स्रोत-बाट पार तरेका हुन्नन् भनी भन्दछु ।"**

**नन्द माणव**—

५. "ये केचिमे समणब्राह्मणासे, (इच्चा यस्मा नन्दो)
दिट्ठसुतेना पि वदन्ति सुद्धिं ।
सीलब्बतेना पि वदन्ति सुद्धिं,
अनेकरूपेन वदन्ति सुद्धिं ।
ते[1] चे मुनि ब्रूसि अनोघतिण्णो,

१. सिंहल र रोमनमाः 'स' ।

Downloaded from http://www.dhamma.digital

अथ को चरहि देवमनुस्सलोके ।
अतारि जातिं च जरं च मारिस,
पुच्छामि तं भगवा ब्रूहि मे तं ।।"

**अर्थ—**

"यहाँ, केही श्रमण ब्राह्मणहरू छन् जो दृष्टि-श्रुतिद्वारा पनि, शील-व्रतद्वारा पनि शुद्धि बताउँछन्; अरू उनीहरू अनेक रूपद्वारा पनि शुद्धि बताउँछन् । यदि तपाइ मुनि जन्मजरारूपी स्रोतबाट तिनीहरू अनुत्तीर्ण छन् भन्नुहुन्छ भने, हे **मारिष** ! त्यसोभए यो देवसहित मनुष्य लोकमा कसले जातिजरारूपी स्रोतलाई तऱ्यो त ? हे **भगवान्** ! यो मेरो प्रश्नको उत्तर दिनुहोस् ।"

**बुद्ध —**

६. "नाहं सब्बे समणब्राह्मणासे, (नन्दा ति भगवा)
जातिजराय निवुता ति ब्रूमि ।
ये सीध दिट्ठं व सुतं मुतं वा,
सीलब्बतं वा पि पहाय सब्बं ।
अनेकरूपं पि पहाय सब्बं,
तण्हं परिञ्ञाय अनासवासे[1] ।
ते वे नरा ओघतिण्णा ति ब्रूमि ।।"

---

१. स्याममा: 'अनासवाये' ।

Downloaded from http://www.dhamma.digital

अर्थ—

६–"हे नन्द ! सबैका सबै श्रमण ब्राह्मणहरू जन्मजरामा डुबेका छन् भनी म भन्दिन । जसले यहाँ, सबै देखेका, सुनेका, छोएका-लाई[1] र शीलव्रतहरू तथा अनेक रूपलाई समेत छाड्दछन्, जो तृष्णा-लाई यथार्थरूपले जानी अनास्रवी हुन्छन्, तिनीहरूनै जन्मजरारूपी स्रोतबाट उत्तीर्ण हुने नरहरू हुन् भनी म भन्दछु ।"

---

१. यस ठाउँमा जुन 'देखेका सुनेका, छोएका' भन्ने शब्दहरू उल्लेख भएका छन्, तिनीहरूमध्ये 'देखेका र सुनेका' भन्नेको अर्थ वा स्पष्टिकरण माथि पृ. ४३६ 'दृष्टि' को पादटिप्पणी र पृ. ४३७ 'श्रुति' को पादटिप्पणीमा लेखिए बमोजि हो । यहाँचाहिं 'छोएको' भन्नेको अर्थ उल्लेख गरिने छ । छुइनेलाई पालिले 'मुत' भन्दछ ।

जुन अरू सम्प्रदायमा दृष्टिद्वारा शुद्धि हुइन्छ भन्ने विश्वास गर्ने छन् त्यसरीनै छुवाइद्वारा मंगल हुइन्छ, शुद्धि हुइन्छ भनी विश्वास गर्नेहरू पनि छन् । अतः यस्तो विश्वासलाई छाड्नुपर्छ भनी सूत्रमा भनिएको हो । यसको स्पष्टिकरण दिंदै महा. नि. पालिले यसरी उल्लेख गरेको छ ।

यहाँ केही श्रमण ब्राह्मणहरू छन् जो छुवाइद्वारा शुद्धि हुइन्छ (मुतसुद्धि) भनी विश्वास गर्छन् । बिहान सबेरै उठेर आई उनी-हरूले पृथ्वी छुन्छन्, हरियो छुन्छन्, गोबर छुन्छन्, कछुवा छुन्छन्, फाली छुन्छन्, तीलको गाडा छुन्छन्, पुष्य तीलको तेल पिउँछन्,

Downloaded from http://www.dhamma.digital

**नन्द माणव—**

७. "एताभिनन्दामि वचो महेसिनो,
सुकित्तितं गोतमनूपधीकं ।
ये सीध दिट्ठं व सुतं मुतं वा,
सीलब्बतं वा पि पहाय सब्बं ।
अनेकरूपं पि पहाय सब्बं,
तण्हं परिञ्ञाय अनासवासे ।
अहं पि ते ओघतिण्णाति ब्रूमी'ति ॥"

---

पुष्य तीलको तेल घस्छन्, पुष्य दतिवनले दतिवन गर्छन्, पुष्यमाटो लगाई नुहाउँछन्, पुष्य कपडा पहिरन्छन्, पुष्य कपडाको फेटा बाँध्दछन् आदि । यिनीहरूनै 'छुवाइको शुद्धि' (मुतसुद्धि) भन्ने श्रमण ब्राह्मणहरू हुन् । उनीहरू छुवाइद्वारा शुद्धि, विशुद्धि, परिशुद्धि तथा मुक्ति, विमुक्ति, परिमुक्ति हुइन्छ भन्ने विश्वास गर्छन् । यसैलाई यहाँ 'छोएकोलाई छाड्छन्' भनिएको हो । (महा. नि. पा. पृ. ७४–७५: सुद्धट्ठकसुत्तनिद्देस)

(यो देखेका, सुनेका तथा छोएका भन्ने कुराहरू सुत्त. नि. अ. क. पृ. २४२: मङ्गलसुत्तवण्णनामा पनि उल्लेख भएका पाइन्छन् । )

Downloaded from http://www.dhamma.digital

अर्थ—

७–"महर्षिको यस वचनलाई म अभिनन्दन गर्दछु। जो यहाँ सबै देखेका, सुनेका, छोएकालाई र शीलव्रतहरूलाई तथा अनेक रूपलाई समेत् त्यागी, तृष्णालाई यथार्थरूपले जानी अनास्रवी हुने मुक्तिको कुरालाई (तपाइ) गौतमले सुकीर्तन गर्नुभयो—त्यस्तालाई जन्मजरारूपी स्रोतबाट उत्तीर्ण भएका भनी म पनि मान्दछु[१]।"

---

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"बुद्धकालीन ब्राह्मण" भाग-२

संग्रह–१२

---

१. सूत्रको अन्तमा नन्द माणव पनि आफ्ना एकहजार शिष्यहरूका साथ अरहत्वमा प्रतिष्ठित भए भनी सुत्त. नि. अ. क. पृ. ४७४: नन्दसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

# नामावली


अ

अङ्कुरविमानवत्थु १९४
अक्खणसुत्त ५०
अग्रश्रावकहरूले ३७२
अङ्गदेशको ८१
अङ्गदेशवासी २०६
अङ्गराजाले २०६, २४६
अङ्गुत्तरनिकायको पहिलो सूत्रमा ४२९
अजातशत्रु १८१, राजाका १७८, राजाका सेनापति १७८, राजाका वल्लभ १८३, को मनमा १८२, ले १८१
अजित २, ३, ११, १४, ले ६, त्थेर अपदानं १, २, त्थेरगाथा ६, त्थेरस्सगाथा वण्णना २, ३, ५, माणव १, २, ३, ४, ५, १०, ४३१, माणवपुच्छा ११, माणवहरू ४, माणवलाई ३, ४, ३८४, ४३१, माणवले ४, ५, माणव जस्तै ३८४, माणवका एकहजार शिष्यहरू ३, सुत्तवण्णना ३, ५, ६, १२, १३
अत्तन्तपसुत्तमा २११
अत्तन्तपसुत्तवण्णना २२७, २२९, २३०, २३१, २३२, २३४, २३५, २३९, २४०, ले २२७
अथर्ववेद २७६
अनाथपिण्डिक ३२५, उपासकहरू ३२५, का २२, को ३२२, ३४३, को जेतवनाराममा १८, ले १४५
अपदानपालि १, मा ६, ८, ३८५, ले १६, ३८४


Downloaded from http://www.dhamma.digital

अपदानट्ठकथाले १७
अपदानमा १७
अम्बट्ठसुत्तवण्णना १००, २५०, ले ८५
अम्बलट्ठिका ८४, ९६, को वर्णन ८४, भन्ने ठाउँ ८३, मा ८३, ८६, ९६, ११६, राहुलोवादसुत्तं ८४, राहु-लवादसुत्तवण्णना ८४
अभयसुत्तं २८६
अभिञ्ञानिद्देस ३७२, ३७३, वण्णना २८२, २९९
अभिधम्मत्थसङ्गह १९३
अभिसन्दन सूत्रमा १५४
अरियपरिएसणसुत्तं १५९
अरियवंससुत्त २३९, वण्णना २३७, २३८
अरूपलोकमा २८१
अरूपावचर ७८, १९६, १९७, लोकलाई ८७, २२३, लोकमा २८१
अलक देशको राजधानि ४
अश्वलायन १६, १९, ३६
असञ्ञलोक २८१
असञ्ञसत्वमा २८१
अस्सलायन १६, १९, २०, २१, २२, २´, २५, २६, २७, २९, ३०, ३१, ३२, ३३, ३४, ३६, माणव १६, १७, १९, २१, ३२, ३६, माणवलाई १९, २०, ३२, माणवले १९, २०, २१, ३७
अस्सलायनसुत्तवण्णना १८, २३, २४, २६, २८, ३१, ३२, ले २०, २१, २२
अस्सलायनसुत्तं १८
असित ३२
असित देवल ३२, सँग ३६, ऋषि ३३, ३४, ऋषिका कुरा ३२, ऋषिद्वारा सोधिएका ३६, ऋषिले ३३, ३४
असीति महाश्रावकहरूले ३७२
असुरेन्द्र १०८

## आ

आनन्द ३८, १८२, १८३, १८४, १८५, १८६, १८८, १८९, १९०, २०१, २६०, २६१, २६२, २६३, को भाषण-

Downloaded from http://www.dhamma.digital

लाई अभिनन्दन गरी २०४, स्थविरले २०१, त्थेरगाथा १७९, त्थेर-गाथावण्णना १७९, महा-स्थविरका बीच १८०, महास्थविरको बीच १७८, महास्थविर देशित सूत्र हो १८०, महास्थविरले १७८, १७९, महास्थविर-सँग १७८, लाई १८२, १८३, २००, २०४, लाई बोलाई १०८, ले ३९, २०२, २६०, २६१, सँग ४०, १८३, १८४, २०४, सँग सोध्दा ३९

आलवकसुत्तं ६३

आलवकसुत्तवण्णना ८८

आलारकालामको मृत्यु भएको ज्ञान १५८

आहारवग्गो २९९

आहारसुत्तं २९९

**ई, उ, ऋ, ए, ओ**

ईरानलाई २३

उक्कट्ठ २५०

उक्कट्ठानगर २५०

उज्जैन ४

उवायी ३८, ३९, को बीचमा ३९, (लाल) लाई ४०, ले ३९, चूपलागेर बसे ३९, ब्राह्मण ४१, ब्राह्मणले ३८, ४१, सुत्तं ३८, ३९, ४१

उदेन २०८, २०९, २१२, २१३, २१५, २४५, २४६, को कुरालाई २१०, लाई २०९, २१६, २४४, २४६, सँग २१०, महास्थविरको पालामा २०७, महास्थ-विरको सत्संगत गर्दा २०६, महास्थविरले २०७, ले २१०, २१५, २१६, २४४

उपनन्द सेनापतिलाई सम्बोधन गरे १९९

उत्पलवर्णा स्थविरादि महाश्रावि-काहरू ३२५

उपवाण ३८८, ३८९, ३९०, ३९१, ३९२, स्थविर ३८८, लाई ३९१, लाई प्रदान गरे ३९२

Downloaded from http://www.dhamma.digital

उपवानत्थेरस्सगाथावण्णना ३८८
ऋगवेद ९९, २७६
एकनाल ४४, ५६, ब्राह्मण गाउँमा ५७, भन्ने ब्राह्मण गाउँमा ५६
ओक्काक कुलमा २
ओकासलोक ७८
ओपसाव २४९

क

कणवेर फूल १८०
कणवेर पुप्फियत्थेरअपदानं १८०
कणेरुका भन्ने हात्तिनीहरू ३३४
कन्दर परिव्राजकलाई २११
कन्दरसुत्तमा २११
कपिलवस्तु ४, मा १८०
कपित्थतीर्थाराम ३
कपित्थफल २
कम्बोज २२, २३, २४
कलन्दकनिवापको आसपासमै छ ८४
कलन्दक निवापमा १८१
कसिभारद्वाज ४४, ५३, को रोपाईमा गएको खण्डमा ५३, की ब्राह्मणी ४६, ब्राह्मण ४९, ब्राह्मणको ५६, ५८, ब्राह्मणले ४६, ५२, ५५, ५८, ६१, ७५, ७९, सुत्तं ५६, ७५, सुत्तंमा ७९, ८०, सुत्तवण्णना ४४, ४७, ४९, ५२, ५५, ५७, ५८, ६६, ६७, ६८, ६९, ७०, ७२, ७३, ८०, सुत्तवण्णनाले ५९, ६०, ७५, ७७, ७९, ८०
कालदेवल ३२, ३३
कालारिका भन्ने हात्तिनीहरू ३३३
किरात २२५
कीटागिरिसुत्तं ६६, मा २३०
कीटागिरिसुत्तवण्णना २३१, ले २३०
कुक्कुटाराम १८०
कुक्कुरवतिकसुत्तमा ४३९
कुशीनगर ४
कूटदन्त ९८, ९९, १००, १०१, ब्राह्मण ८१, ९६, ९७, ११७, ११८, १६२, ब्राह्मण बुद्धकहाँ गए ११७, ब्राह्मण खाणुमतमा बस्दथे ८५, ब्राह्मण चाहिं १४३, ब्राह्मणको उपासकत्व ग्रहण

Downloaded from http://www.dhamma.digital

१६०, ब्राह्मणको चित्त १६१, ब्राह्मणको यज्ञस्थल १६२, ब्राह्मणको मनमा यस्तो लाग्यो ९६, ब्राह्मणलाई ८१, ११७, १६१, १६३, ब्राह्मणलाई यस्तो भने ९७, ब्राह्मणले ९७, १०३, ११७, ११८, १६०, १६१, १६२, ब्राह्मणद्वारा बुद्धको वर्णन १०३, श्रमण गौतमको दर्शनार्थ जान योग्य छैन १०२, सुत्तं ८३, सुत्तवण्णना ८४, ८६, ११९, १२०, १२१, १२२, १२५, १२६, १२७, १४५, १५१, १५२, १५५, १५७, १६०, १६१, सुत्तवण्णनाले १४८, १५४

कूटागार शालामा २०१
कृषिभारद्वाज ४४
केटुभ १९
कोशल राजालाई १४५
कोशल राज्यभित्र पर्छ ४२३
कौस्तुभ १९, ९९, २७६
कौशम्बी ४

ख

खत्तियसुत्तं ३०८
खाणुमत ८४, मा ८६, ९६, ९७, ११६, मा बस्नु हुन्छ १०२, भन्ने मगध ब्राह्मणहरूको गाउँ ८३, नामक ब्राह्मण गाउँ ८१, का ब्राह्मण गृहपतिहरू ९६, ९७, का ब्राह्मण गृहपतिहरूलाई ९७
खेत्तुपमपेतवत्थु ३००
खेमीय आम्रवन २०८, मा बस्दै हुनुहुन्थ्यो २०८

ग

गणक मोग्गल्लान १६४, १६५, १७५, ब्राह्मण १६४, ब्राह्मणले १७२, ले १७६
गणकमोग्गल्लानसुत्तं १६५
गणकमोग्गल्लानसुत्तवण्णना १६६
गणकमोग्गल्लान सूत्रमा १६४
गणकमौद्गल्यायन १६४, १७५
गन्धकुटीको दैलो ५३
गन्धकुटीको प्राङ्गणमा १०८

Downloaded from http://www.dhamma.digital

गन्धकुटी भित्र ४९
गन्धर्व ३५, ३६
गृद्धकूटपर्वतबाट २००
गोदावरीको तीरमा ३, ८
गोनङ्गुट्ठमक्कटो २००
गोनद्धपुर ४
गोपक मोग्गल्लान १७८, १८०, १८२, १८३, मा २४२, ब्राह्मण १७८, १८३, ब्राह्मणलाई १८५, ब्राह्मणले १७९, १८३, १८५, २०४, ब्राह्मणसँग १८५, को मनमा १७९, ब्राह्मणको बीचमा १८४, ब्राह्मणको कर्मान्त हो १८३, सुत्तवण्णना १७८, १८१, १८२, २०२, सुत्तवण्णनाले १८२, १८३, १८७, २००, सुत्तं १८०, १८१, सूत्रमा १७८
गोपकमौद्गल्यायन १७८, १८२, ब्राह्मणको मनमा २०४
गोपक (देवपुत्र) १८०, (भिक्षु) १८०, (राजा) १८०
गोपिका १८०
गौतम २१, २२, २५, २६, २७, २९, ३०, ३१, ४१, ७७, १०४, ११३, ११८, १४४, १४६, १८३, १८५, २४५, २६६, २६७, २७०, २७१, २७५, २७६, २८५, २८६, २९१, २९६, २९७, ३०१, ३०८, ३०९, ३१०, ३१३, ३१८, ३२०, कहाँ जान्छन् ३२९, का श्रावकहरूले १७२, बुद्धको पालामा १८६, को अतिबुद्धि सर्वश्रेष्ठ छ १७६, को दर्शनार्थ ११३, ११४, ११५, ११६, को दर्शनार्थ जान योग्य छ ६, १०३, १०४ १०५, १०६, १०९, ११०, ११ , ११२, को खेतीको फल ७५, को पीडा ३९३, ले १६०, १६१, १२२, १७३, १७७, २०१, २०४, २६७, २९२, ३२१, ३८०, ४४४, सँग प्रश्न सोध्दैनन् ३२९, सँग १६, हुनुहुन्थ्यो त्यहाँ गए २०१, गोत्र २

Downloaded from http://www.dhamma.digital

घ

घोटमुख देवपुत्र २४७
घोटमुख ब्राह्मण २०६, २०८, २०९, लाई २०९, हुँ २४७, एकजना बाहेक २०६, को कुरामा १५६, को मृत्यु भयो २४७, को शरणागमन २४४, को मनमा २१०, को मुखबाट २१५, ले २०९, २१५, २१६, २४४, २४७
घोटमुखसुत्तं २०८
घोटमुखसुत्तवण्णना २०६, २०७, २१५, २४८, ले २१५
घोटमुखी २४७
घोषिताराम ३९

च

चङ्की २४९, ब्राह्मणलाई २४९, आदि ब्राह्मणहरू ३२५, सुत्तं ६६, सुत्तवण्णना ११०, २४९
चन्द्रप्रद्योत १८२, राजा १८१
चम्पाको मालिक २५६
चम्पालाई ८१
चातुर्महाराजिक ४१८, भवनमा ५०
चुन्दसमणुद्देस ३९०
चुन्दसुत्तवण्णना ८८
चुतूपपातञाणकथा ३७३
चुल्लकम्मविभङ्ग सुत्तवण्णना २५०, २५२, २५५, २६१, ३२३
चूलगोसिङ्गसुत्तं १५८
चूलहत्थिपदोपमसुत्तवण्णना ८८, ८९, ९१, ३२२, ३२८, ३३३, ३३५
चेतोपरियञाणनिद्देसवण्णना १९८

ज

जम्बुद्वीपमा १८७
जाणुस्सोणि २४९, २५०, गइरहेको रथ २६१, ब्राह्मण २४९, २५०, २५१, २५२, २५३, २५४, २५५, २६५, २७०, २७५, २८६, २९१, २९६, ३०८, ३१२, ३१९, ३२२, ३३१, ३३२, ३४३, ३४४,


Downloaded from http://www.dhamma.digital

३४८, ३८१, को २५२, को मनमा २५३, को सम्बन्धमा २५८, ब्राह्मण-लाई २५०, २५३, २५५, २६१, २६५, २७०, ३३२, ३६६, ३६९, ३७८, ३८१, ब्राह्मणले २५४, २५६, २५८, २६७, २७१, २७५, २७६, २८६, २९१, २९२, २९६, ३०८, ३१२, ३१९, ३२०, ३३२, ३४२, ३४३, ३४६, ३६६, ३७८, ३८१, वग्गो २५९, २६५, २९६, २९७, २९८, २९९, (सुत्तं) २५८, २५९, २७५, २९६, ३१९, सुत्त-वण्णना २५०, २९७, २९८, २९९, ३००, ३०१, सुत्तवण्णनाले ३०१, ३०२, (ब्राह्मणसुत्तं) २५९, २६०, ब्राह्मणसुत्तवण्णना २५२, २६१

जीवक वैद्यलाई पठाई १८१

जेठियन ५७

जेतवनाराममा ३२२, ३४३

त

तण्डुलपाल ३९९

तण्डुलपालि ३९६, ३९९, द्वारमा ३९९

तथागत अरहत् सम्यक्सम्बुद्ध १५६

तथागत उत्पन्न १५६, २२१, ३३५

तथागत कहाँ गए १०८

तथागतको चिह्न ३३९, ३४० ३४२

तथागतले १६७, १६८, १६९

तथागत त मार्ग देशक मात्र हुन् १७२, १७५

त्रयस्त्रिंश देवता श्रेष्ठ छ ४१८

तारुक्ख २४९

तारुक्ष २४९

तिकण्णकसुत्तवण्णना २७६, २७७, २७८, २७९, २८०, २८१, २८२, २८३

तित्तिरजातकं ९४

तिस्समेत्तेय्य ३८४, ३८६, ले ३८४, माणव ३८४, ३८७, त्थेरअपदानं ३८४, माणवको पालो आएपछि ३८४, माणवपुच्छा ३८६,

Downloaded from http://www.dhamma.digital

सुत्तं ३८६, सुत्तवण्णना ३८४, सुत्तवण्णनाले ३८३
त्रिपिटक पालि साहित्यमा २५८
तुषित देवताहरू श्रेष्ठ छन् ४१८
तुषित लोकबाट ८
तुषितलोकमा ३७१
तेविज्जसुत्तवण्णना २४९
तोदेय्य २४९, ब्राह्मणका पुत्र २५४, ब्राह्मणलाई २५०

## थ

थेरगाथा अट्ठकथामा ५, ३८८
थेरगाथा अट्ठकथाले २, १७९
थेरगाथा पालिमा ६, १७९

## द

दखिनाऊ ५७
दमिल २२५
दक्षिणागिरि ५६, ५७, ३९८, स्थित ५६, को ४८, महाविहारमा ५७, मा ३९६, ३९८, ४०१
दानसुत्तं १४७
दीघनिकाय १२७
दीपङ्कर १, बुद्धको पालादेखि ७४, दशबलको पालादेखि ७३
दुतिय अरियवाससुत्तं ७०
दुतियसुत्तं ६३
दुतियमारसुत्तवण्णना ८९
देवदत्तको कुमन्त्रणा सुनी १८१
देवतावग्गो चतुत्थो १४७
देवल ३२
देवहित ब्राह्मण ३८८, ३९३, को ३८९, ले ३९१, ३९२, ३९३, ३९५
देवहितसुत्तं ३८८, ३८९
देवहितसुत्तवण्णना ३९०, ३९१, ३९३, ले ३९०, ३९३

## ध

धनञ्जानि ३९६, ३९७, ३९९, ४०२, ४०४, ४०५, ४०६, ४०७, ४०८, ४०९, ४१०, ४११, ४१२, ४१३, ४१४, ४१७, ४१८, ४१९, ४२०, ब्राह्मण ३९६, ३९७, ४०१, ४०२, ४१४, ४१५, ४२१, ४२२, ब्राह्मणको ३९७, ब्राह्मणको निवास-

Downloaded from http://www.dhamma.digital

स्थान ४१५, ४१६, ब्राह्मणको मृत्युभयो ४२१, ब्राह्मणको मृत्यु भइसक्यो ४२२, ब्राह्मणको विषयमा ३९६, ब्राह्मण प्रति ३९७, ब्राह्मणलाई ४०२, ४१५, ४१६, ४१९, ४२१, ४२२, ब्राह्मणले ३९७, ४०१, ४०२, ४१४, ४१९, ब्राह्मण ब्रह्मलोकमै उत्पन्न भए ४२१, ब्राह्मण रोगले पीडित छ ४१४, ब्राह्मण-सँग ४०१, (सुत्तं) ३९७, ३९८, सुत्तवण्णना ३९६

धम्मिकवग्गो ३०८

धर्मसेनापति १७९

धानञ्जानि ३९६, सुत्तं ३९८, सुत्तवण्णना ३९८, ३९९, ४००, ४०१, ४०८, सुत्तवण्णनाले ४२२

न

नगरविन्द ४२३, ४२४, मा ४२४

नगरविन्देय्यक ब्राह्मणहरू ४२३

नगरविन्देय्यक ब्राह्मण गृहपतिहरू ४२३, ४२५, ले ४२४, ४२९

नगरविन्देय्यसुत्तं ४२४, ४२५

नगरविन्देय्यकसुत्तवण्णना ४२९

नन्द ४३३, ४४०, ४४१, माणव ४३५ ४४०, ४४३, ४४४, माणवपुच्छा ४३२, माण-वको पालो आएपछि ४३१, सुत्तवण्णना ४३१, ४३२, सुत्तवण्णनाले ४४४

नमुचि ४३५, मार ४३४

नवनीतटीका १९३

नागसमाला ३९०

नागसुत्तं ६४

नालन्दाका बीच बाटामा ८३

निघण्टु १९, ९९, २७६

निदानसंयुत्तं २५८, ३१९

निब्बुतसुत्तं ३८१

निर्माणरति देवताहरू श्रेष्ठ छन् ४१९

निमिजातकं ९५

नीलवासी १८०

नेवसंज्ञानासंज्ञालोक २८१

Downloaded from http://www.dhamma.digital

## प, फ

पञ्चवग्गियकथा १५९
